Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रजत जयन्ती प्रकाशनमाला : २८

रजत जयन्ती
२०३६

धिमाल लोक-धर्म र संस्कृति

तुलसी दिवस

५४९६
धि

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America: HHFA(USA)

रजत जयन्ती प्रकाशनमाला : २४

धिमाल लोकधर्म र संस्कृति

तुलसी दिवस

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशक :
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं (नेपाल) ।

G. NO
765
काठमाण्डौ, नेपाल

प्रथम संस्करण : २०३६

मुद्रक :
साझा प्रकाशनको छापाखाना
पुलचोक, ललितपुर ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रजत जयन्ती

२०३९

आजभन्दा पच्चीस वर्षअघि स्व. श्री ५ महेन्द्रबाट २०१४ साल, आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनको लागि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो । प्रज्ञा-प्रतिष्ठानको स्थापना भएको पच्चीस वर्षको शुभ-अवसरमा यसले आफ्नो रजत-जयन्ती मनाउन लागेको छ ।

आज राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको असीम निगाहबाट प्रज्ञा-प्रतिष्ठानले कृपापूर्ण संरक्षण पाएको छ । नेपाली भाषा, साहित्य, कला, संस्कृति र ज्ञान-विज्ञानका क्षेत्रमा अग्रसर भई काम गर्ने प्रतिभाशाली कवि, लेखक, कलाकार र विद्वान्हरूको उचित कदर र प्रोत्साहनको लागि राष्ट्रनायकबाट विभिन्न पुरस्कारहरूको व्यवस्था गरिबक्सेको कुरा सबैलाई थाहै छ । यसरी श्री ५ महाराजाधिराज सरकारको वात्सल्यपूर्ण नेतृत्वमा हामीले आ-आफ्ना क्षेत्रमा युगानुकूल विकास गर्ने अवसर पाएका छौं तथा सिर्जनात्मक प्रतिभाहरूद्वारा नेपालका कला र संस्कृतिको सुनौला इतिहासलाई अझ गौरवमय बनाउने प्रयास गर्दैछौं ।

साहित्यिक, कला र संस्कृतिका क्षेत्रमा गरिएका कार्य र अन्वेषणको फल तथा प्रभाव तत्कालै देखिंदैन, तिनको प्रभाव ता पछि आउने युगहरू र भावी सन्तानहरूमा पर्दछ । त्यसैले, पच्चीस वर्षअघि नेपाली साहित्य, कला र संस्कृतिको के अवस्था थियो, आज के छ र अब आउने पच्चीस वर्षमा कस्तो हुनेछ विचारणीय कुरा छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रज्ञा-प्रतिष्ठानको रजतजयन्ती मनाउन लागेको यस महत्त्वपूर्ण अवसरमा प्रातः स्मरणीय स्व. श्री ५ महेन्द्रप्रति हाम्रो हृदय श्रद्धा र भक्तिले परिपूर्ण हुनुका साथै दिवंगत प्राज्ञहरूको संझना हुनु पनि स्वाभाविकै हो। उहाँहरूले दिनुभएको देनको लागि नेपाली जाति सदा उहाँहरूको ऋणी हुनेछ। अबको पच्चीस वर्षपछि मनाइने स्वर्ण जयन्तीमा पनि यिनै कुराहरू पुनः स्मरण गरिएलान्।

रजतजयन्ती प्रकाशनका सम्बन्धमा प्रज्ञा-प्रतिष्ठानलाई सहयोग दिनुहुने सबै महानुभावहरूलाई प्रज्ञा-प्रतिष्ठानका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

लैनसिंह बाङ्देल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रजतजयंन्ती-वर्षः २०३६

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशकीय

लोकधर्म सहज विश्वासमा आधारित हुन्छ र भावनाशील हुन्छ। विशिष्ट धर्मको मूल आधार पनि विश्वास हो, तर त्यो चिन्तनशील हुन्छ। विराट्को उपस्थितिको अनुभूति गर्नु र त्यसका आशीष्‌बाट मनुष्य आश्वस्त रहनु—यहीनै सारा धर्मको विशेषता हो। लोकले विराट् सत्ताको आभासलाई आफ्नै प्राकृतिक परिवेश र आफ्नै दैनिक जीवनको सीमाभित्रै सीमित राख्छ र त्यसलाई जीवनमुखी बनाउँछ। तर विशिष्ट धर्मले त्यो विराट् सत्ताको आभासलाई दर्शनमा ढाल्छ र त्यसलाई लोकोत्तर बनाउँछ। एक वाक्यमा भन्ने हो भने-विशिष्ट धर्म निःश्रेयस् प्रधान हुन्छ र लोकधर्म अभ्युदय प्रधान हुन्छ। लोकधर्म पनि वृक्षमा उसको हंस रहेको मान्दछ र विशिष्ट धर्म पनि वृक्षमा उसको आत्मा रहेको मान्दछ; यति हुँदा हुँदै पनि लोकजनले वृक्षलाई उसकै सम्पूर्णतामा सोच्छ भने, विशिष्ट धर्मले वृक्षलाई प्रतीकको रूपमा मात्र सोच्छ र संपूर्ण विश्वजीवनमा व्याप्त तत्त्वको दर्शन गर्छ। धर्ती पार्वती हो भने वृक्ष शिव हो र त्यो सृजनशील ऊर्ध्व लिङ्गबाट सहस्र बीज धर्तीमा बर्सिरहन्छन्। विशिष्ट धर्मको विकास पनि लोकधर्मबाट भएको हो र लोकधर्ममा पाइने दैवी कोप र मानवी भयका भावनाहरू नै विशिष्ट धर्ममा देवताका हातका वर र अभयका मुद्रामा परिवर्तित भएका हुन्। भविष्यको विश्वधर्मको विकासमा लोकधर्मबाट प्रशस्त प्रेरणा लिन सकिन्छ।

धिमालहरू झापा र मोरङ्गको चारकोशे झाडीमा चुरेको काखमा बस्छन्। त्यो भावर प्रदेश तिनीहरूको विकासको थलो मात्र ह्वैन, संस्कृतिको थलो पनि हो। तिनीहरूका संस्कृतिमा त्यही देशको रंग र संगीत छ। तिनीहरू वर्षामा खेती गर्नुभन्दा अगाडि त्यहांको धर्तीलाई पूजा गर्दछन् र अनि मात्र जोत्छन्, तिनको निधारमा त्यहींको माटोको तिलक हुन्छ। नववर्षको प्रारम्भको दिनमा वनका देवताहरू तिनीहरूको निम्ति शिकारका पशुपंछीहरू छोड्दिन्छन् र नदीकी देवता प्रशस्त माछा दिन्छिन्। पर्वका दिनमा वनप्रान्तमा विनागीत नै रातभरि ढोलक वजाएर वस्ने धिमालहरू दुष्टात्मालाई प्रवेश गर्न नदिएर आफ्नो जन्मथलोको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
प्रहरी बनिरहेका हुन्छन् । त्यहाँका वनपवनको मृदुस्पन्दनमा धिमाल युवकहरू उर्नी बजाएर आफ्नी प्रियालाई रिझाउँछन्– जब फलेता र सिमलमा रातोफूल लाग्छन् र वैंसका गालामा रातै लाली चढ्छ । तिनीहरूका आदि पुर्खा स्वर्गमा इन्द्रको संगीत सभामा नाच्ने दुई अप्सरा र मृदङ्ग बजाउने दुई गन्धर्व थिए । नाच्ता नाच्तै अप्सराका दृष्टि गन्धर्वको मुहारमा अडियो र नृत्यको ताल चुक्यो । त्यही चूकले गर्दा उनीहरू धर्तीमा ओर्लिए र हीरा र मोती सुखनु र दुखनु नामले प्रसिद्ध भए । त्यो बेला धर्तीमा हरिया वन थिए र चन्द्र तारा पनि रूखको टुप्पामा बसेर मुस्कुराउँथे । धिमाल्नीले धान कुट्ता हाते मुसलले लाग्छ भन्ने डरले चन्द्र तारा अकाशिंदै गए । आज पनि चन्द्र तारालाई धर्तीको नजीक ल्याउने कल्पना छँदै छ र धिमालहरूलाई हामी प्रकाशप्रार्थी जाति भन्न सक्तछौं ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान पच्चीस वर्ष पूरा गर्दछ । यस अवसरमा प्रकाशित हुने पच्चीस पुस्तकमध्ये यो धिमाल लोकधर्म र संस्कृति पनि एक हो । यसका लेखक हुनुहुन्छ,– विद्वान्, कवि श्रीतुलसी दिवस । दिवसजी नेपालको लोकसंस्कृतिको अन्वेषण र अनुसन्धानको निम्ति लागी पर्ने व्यक्ति हुनुहुन्छ । धिमाल जातिको अध्ययनमा उहाँ धेरै वर्षदेखि लागिरहनु भएको छ र यस विषयमा उहाँले प्रशस्त सामग्री र विपुल अनुभव प्राप्त गर्नुभएको छ । प्रस्तुत पुस्तक त्यसको एक परिणाम हो । आजभोलि यातायात, संचार र जनसंपर्कको सुलभताले जनजीवन र लोकसंस्कृतिमा परिवर्तन आइरहेछ । यस्तो बेला यस्ता अध्ययनहरूले संस्कृतिको संरक्षणमा सघाउ त पुऱ्याउँछन् नै; यसको साथै विभिन्न संस्कृतिका फूललाई एउटै राष्ट्रिय संस्कृतिको मालामा उन्नको निम्ति मांगलिक कार्य पनि गर्दछन् । एक समयका आफ्ना सदस्य तुलसी दिवसजीलाई यस्तो अनुकरणीय कार्यको निम्ति प्रज्ञा-प्रतिष्ठानको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

रजतजयन्ती वर्ष:
२०३९

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भूमिका

नेपाल "चार वर्ण छत्तीस जातका" नेपालीहरूको साझा फूलवारी हो। यहाँका विविध भौगोलिक क्षेत्रमा बसोबास गर्ने विविध जातिको आफ-आफ्नै लोक सांस्कृतिक मान्यता र विशेषताहरू छन्। तिनीहरूको संमिश्रण र समन्वयबाटै नेपाली राष्ट्रिय संस्कृतिको निर्माण र विकास भएको हो। त्यसैले तिनीहरूको वैज्ञानिक संकलन, तथा विश्लेषणात्मक अध्ययन गरी प्रकाशमा ल्याउन आजको विकासोन्मुख नेपाल अधिराज्यको सन्दर्भमा समसामयिक मात्र होइन अति आवश्यक पनि छ। यस क्रममा लोक-संस्कृतिको कुनै एक पक्षमा मात्र सीमित नभई अधिराज्यको विभिन्न भेकमा बसोवास गर्ने कुनै एक निश्चित स्थान या जातिको डक्कै लोक जीवन या संस्कृति अध्ययन तथा अन्वेषण गर्ने लक्ष्य तथा योजना अनुरूप धिमाल-जातिको लोक जीवन अध्ययन गरिएको हो। यो अध्ययनमा जातीय र राष्ट्रिय दुइ दृष्टिकोण राखिएको छ। यी दृष्टिकोणहरू साझा नेपाली हित सांस्कृतिक समन्वय, राष्ट्रिय एकता, विभिन्न सांस्कृतिक तह, जातीय स्थिति र अवस्थालाई ध्यानमा राखी अपनाइएका हुन्।

अध्ययनलाई सुनियोजित र वैज्ञानिक तुल्याउन डक्कै धिमाल जातिको लोक-जीवनको विविध पक्षलाई विभिन्न विषयहरू क्रमशः भौतिक तथा सामाजिक मानवशास्त्र, मानव भूगोल, भाषा, लोकवार्ता तथा संस्कृति अन्तर्गत पारी लेखक लगायत पाँच विशेषज्ञहरूले अध्ययन गरेका छन्। यस क्रममा लेखकले अध्ययन गरेको क्षेत्र लोकवार्ता तथा संस्कृति भएकोले प्रस्तुत पुस्तकमा धिमालहरूको विशेषतः लोक संस्कृति तथा धर्म अन्तर्गत उनीहरूको सामान्य परिचय पुर्ख्यौली इतिहास, मौखिकवंशावली, प्रजातीय लक्षण, भ्रमण-शील प्रकृति, जातीय सम्बन्ध, थर तथा उपथर, गाउँ-घर, घरको बनौट र विशेषता, वेश-भूषा, गरगहना, शृङ्गारका साधन, लोकखेल तथा मनोरञ्जन, खाना र खानासँग सम्बन्धित विश्वास, लोकचाड पर्व, तिनको संरचना र उपयोगिता, सम्बद्ध विविध लोकगीत र लोकनृत्य, तिनीहरूको विशेषता र प्रकार, धामी तथा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
ओझा परंपरा, रोगब्याध र लोकऔषधोपचारका साथै स्वप्न-विश्वास, निषेध तथा विभिन्न लोक-विश्वासहरू परेका छन् ।

उपर उल्लिखित अध्ययनको उद्देश्य र परिधि स्पष्ट गरिसकेपछि भूमिकाको क्रममा प्रस्तुत पुस्तक तयार गर्दा कहाँ-कहिले-कसरी कार्यक्षेत्रमा अध्ययन गरिएको थियो, कसरी संकलित तथ्याङ्कहरू संयोजन गरिएका छन् आदिका विषयमा केही जानकारी दिनु प्रासंगिक हुने हुनाले तिनीहरूको उल्लेख गरिएको छ ।

लोकजीवन अध्ययन योजना अन्तर्गत संबन्धित व्यक्ति, तथा स्थानबाट प्रारंभिक आवश्यक जानकारी सरसल्लाह सुझावहरू उपलब्ध गरी कोशी तथा मेची अञ्चलको मोरङ र झापा जिल्लाको चारकोशे झाडीको घाँच-घाँचमा छरिएर बसोबास गर्ने अल्पसंख्यक 'मदेशका किराती' भनिने धिमाल जातिलाई दमक पञ्चायतको ३ र ४ वडामा पर्ने उनीहरूको पुरानो गाउँहरू क्रमशः दोघरे, जम्बुझार, वुट्टाबारी, दावगाछी, फगुवा, ढुकुरे, ताराबारी आदिलाई मुख्य केन्द्र बनाएर धिमाल लोक संस्कृति र धर्मको विविध पक्ष अध्ययन गरिएको छ ।

दमकलाई मुख्य अध्ययन क्षेत्र बनाउनुका केही कारणहरू छन् । पहिलो, दमक पञ्चायतका केही धिमाल गाउँहरू, पुराना धिमाल गाउँ हुन् भन्ने बुझिएकोले त्यहाँ सम्बन्धित विषयको पुराना वस्तु र तथ्य प्राप्त हुने र बुझ्न सकिने संभावना थियो। दोस्रो, दमक पञ्चायत झापा जिल्लामा पर्ने भए पनि मोरङ जिल्लाको सीमाना छोएको पञ्चायत भएकोले मोरङ र झापा दुवै जिल्लाका धिमालहरूको अध्ययन गर्न सजिलो पर्ने, केन्द्रस्थल पनि थियो। तेस्रो, यस क्षेत्रका गाउँहरूमा धिमालहरूका घना आवादी थियो। चौथो, अन्य धिमाल गाउँको तुलनामा यस पंचायतका गाउँहरूमा धेरै बूढापाका व्यक्ति तथा परिपक्व दिग्दर्शक तथा सूचकहरू उपलब्ध थिए। पाँचौं, यस क्षेत्रका गाउँहरूमा पुरानो र नयाँ वस्तुहरूको विभिन्न तहमा समागम हुन थालेकोले सामाजिक सांस्कृतिक परिवर्तनहरूको अध्ययन गर्न पनि उचित स्थान थियो ।

धिमालहरू कनकाइलाई आधार बनाई आफूलाई, पूर्वेली र पश्चिमेली भनी चिनाउँछन् । धिमाल जातिको विषयमा योभन्दा अगाडि यति बृहत रूपमा अध्ययन नगरिएको र सम्वन्धित जातिका विषयमा जान्ने अरू आधारहरू नभएकाले अध्ययन गर्दा पूर्व र पश्चिमका धिमालहरूको समानता, असमानता, वसाइ-सराइको दिशा, कारणहरू, पत्ता लगाउनु जरूरी भएको र फेरि वहुसंख्यक धिमाल आफ्नो सही नाम, उमेर, थर समेत वताउन नसक्ने पाइएकाले धिमालको विभिन्न थर, पूर्व र पश्चिमको भाषिक भिन्नता, रहन-सहन, रीति-रिवाजको समानता-असमानता तुलनात्मक रूपमा अध्ययन नगरे पनि केही थाह पाउन आवश्यक भएकोले आफ्नो अध्ययन तथा अन्वेषणलाई पुष्टचाइँ गर्न धिमाल गाउँहरूको अरू विस्तृत सर्वेक्षण

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गरिएको थियो। यस क्रममा मोरङ्ग जिल्ला अन्तर्गत हरैचा, कसैनी, डागी हाट, वाहुनी, केरोन, वयर वना, अमरदह, राजघाट, लेटाङ, मधुमल्ला, ववियाबिर्ता, गोविन्दपुर आदि जम्मा १४ पंचायत र झापा जिल्ला अन्तर्गत दमक, गौरादह, तोपगाछी, पाराखोपी, अनारमनी, शनिश्चरे, धाइजन, दुहागडी, शान्तिनगर, नकलबन्दा, वाहुनडागी, ज्यामिर गढी, धुलाबारी आदि १३ पंचायतमा धिमाल-हरूको बसोबास भएको तथ्य यस विस्तृत सर्वेक्षणबाट पत्ता लागेको छ।

विभिन्न धिमाल गाउँको सर्वेक्षणको क्रममा धिमाल धुरा, नगरा डुवा, राजारानी पोखरी, लेटाङहरू धिमालहरूको ऐतिहासिक स्थल भएको तथ्य पनि बुझिएको छ।

कार्य क्षेत्रको यो अध्ययन सर्वेक्षण मूलतः २०२९।३० को माघ, फागुन, चैत र वैसाखमा गरिएको थियो। तर यस अघि २०२५।२६ सालमा पनि ६ हप्ता जति लोक सांस्कृतिक सर्वेक्षण गर्दा पनि लेखकले यस क्षेत्रका विभिन्न धिमाल गाउँहरू, घुमेर केही तथ्याङ्क संकलित गरिसकेको थियो।

अध्ययन तथा अनुसन्धानलाई व्यवस्थित तथा वैज्ञानिक तुल्याउने क्रममा अध्ययन क्षेत्र र जातिलाई ध्यानमा राखी अपनाइएका प्रचलित विभिन्न अध्ययन विधि तथा प्रविधिहरूमा सहभागी अवलोकन, वंशावली प्रविधि, घटना विवरण, सांख्यिक खोज, अन्तरवार्ता तथा प्रश्नावली आदि मुख्य छन्। यी विभिन्न प्रविधिहरू वाहेक आवश्यकतानुसार विभिन्न उमेर समूहका प्रत्येक व्यक्तिसँग वेग्ला वेग्लै र अनुकूल पर्दा सामूहिक अन्तरवार्ता, छल-फलसमेत गरी तथ्याङ्कहरू सङ्कलित गरिएका छन्।

यति हुँदाहुँदै पनि कार्य क्षेत्रमा अनेक ज्ञात र अज्ञात कठिनाइ र अप्ठ्याराहरू देखा परेका थिए।

स्थानीय क्षेत्रमा भात-भान्साका घरेलु काम गरिदिने मान्छे उपलब्ध गर्न कठिनाइ परेकोले निकै समय दैनिक खाना बटुल्न र तयार गर्नमा खर्च हुन गएको थियो। अर्कोतिर कार्यक्षेत्रमा अन्दाज गरे भन्दा अगावै फागुन महिनाको पहिलो हप्तादेखि नै गर्मी चढ्न शुरू भएकोले तथ्याङ्क संकलन तथा कार्य क्षेत्रीय अध्ययनको गतिलाई केही प्रभाव नपारी छोडेन। फेरि अध्ययनको प्राथमिक चरणमा धेरै जसो ग्रामीण व्यक्तिलाई अध्ययनको उद्देश्य शंकाको विषय भएकोले सर-सहयोग प्राप्त गर्न अन्य काममा लगाउन सकिने समय र परिश्रम खर्च नगरी धर पाइएन। यसैगरी बहुसंख्यक धिमालहरू नेपाली भाषामा साधारणतः कुराकानी गर्न समर्थ छन्; तैपनि उनीहरूको सांस्कृतिक मूल्य, तह, धार्मिक विश्वास, रीति-रिवाज एवं प्रचलनलाई उनीहरूकै वोलचालको धिमाली भाषाको माध्यमबाट वुझ्न र सिक्न पनि केही समय खर्चिनु परेको थियो। सूचक तथा दिग्दर्शकहरूले प्रदान गरेको जानकारी तथा विवरणलाई आफैंले सामाजिक-सांस्कृतिक विभिन्न

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
संस्कार तथा अनुष्ठानमा भाग लिएर छुटेको तथ्य टिप्न या भनिएका कुराहरूलाई पुष्टि गर्न र दाँज्न अध्ययनको अवधि कम अनुभव भएको छ। यसमाथि केही प्रामाणिक कागजात, वंशावली, लालमोहर आदि लिखित रूपमा धिमालहरूसँग छैनन्। उनीहरूको आफ्नो लिपि नभएको, एकठाउँबाट अर्को ठाउँ बसाइ सरिरहने बानी, मृतात्मा प्रतिको डर, त्रास या मायाले मानिस मरेपछि, उसले चलाएको लुगा-फाटा, भाँडा-कुँडा साथको कागजात सबै फ्याँक्नु, जलाउनुका साथै गाउँ-घर र जङ्गलमा प्रायशः आगो लागिरहने भएकोले ऐतिहासिक महत्त्वका सामानहरू उनीहरूसँग सुरक्षित भेटिएनन्। त्यसैले उनीहरूको मौखिक परंपरालाई विशेष रूपले ध्यान दिएर तथ्याङ्कहरू संकलित र अध्ययन गरिएका छन्।

प्रस्तुत पुस्तकको उद्देश्य धिमालहरू सम्बन्धी आवश्यक झर्रो तथ्याङ्कहरू उपलब्ध गराउनु पनि हो, किनभने स्वदेशी तथा विदेशी विषयगत विद्वानहरूको ध्यान नेपालको तराइ क्षेत्रमा उति गएको छैन। यस सन्दर्भमा, नेपाल तराइमा वसोवास गर्ने विविध जातिको अध्ययनको क्रम अत्यन्त प्रारंभिक चरणमा रहेको देखिन्छ। धिमालहरूको विषयमा यसअघि फाट्ट-फुट्ट केही लेख र रचनाहरू प्रकाशित भए पनि यसरी डक्कै अध्ययन नगरिएको तथ्य यस अगि उल्लेख गरिसकिएको छ।

यस पुस्तकको निर्माणमा कार्य क्षेत्रमा संकलन गरिएका प्रशस्त तथ्याङ्कहरूको प्रयोग गरिएका छन्। ती धेरै जसो लेखक आफैं बाट संकलन गरिएका छन्। तर यस प्रसङ्गमा लेखकसँग कार्यक्षेत्रमा जाने अन्य सहभागीहरू क्रमशः डा. सुभद्रा सुब्बा, श्री डिल्लीराम दाहाल, श्री नवीन राई तथा श्री आशारत्न शाक्यहरूको प्रतिवेदनहरूमा उल्लेख गरिएका र नगरिएका केही आवश्यक तथ्याङ्क पनि उपयोगमा ल्याइएका छन्। यसका निमित्त लेखक उहाँहरूप्रति ऋणी छ। संकलित तथ्याङ्कहरूलाई एकत्रित गरी सम्बन्धित विविध विषय र क्षेत्रहरू अन्तर्गत पारी स्वाभाविक रूपले एकीकृत गरी तिनीहरूमाथि टीका टिप्पणी गरी गरिएका छन्। तर आवश्यक स्थानमा वस्तुगत तथ्याङ्कलाई यथावत प्रस्तुत गरी आफ्नो दृष्टिकोण विचार समेत छुट्याई राख्ने प्रयत्न पनि उत्तिकै गरिएको छ।

प्रस्तुत पुस्तकका विभिन्न परिच्छेदमा धिमाल वसोवासित क्षेत्रका स्थानका साथै स्थानीय धिमाल शब्दावलीलाई स्तरीकरण गरेर राखिएका छैनन्। तिनलाई यथास्थान जे जस्तो उच्चारण गरिएको भनिएको भेटिएको छ त्यसैलाई कायम गरिएको छ। तर यसोगर्दा उत्पन्न हुन सक्ने भ्रमहरूलाई भने भरसक हटाउने हर संभव प्रयत्न गरिएको छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल लोक जीवनको सम्पूर्णतालाई समेट्न अरू अध्ययनको आवश्यकता छ । यस प्रकारको अध्ययन अन्वेषण आफैंमा एउटा थालनी हो । यस अध्ययनको आधारमा केही सर सल्लाह सुझावहरू तयार गरिएका छन्, जसवाट भविष्यमा गरिने यस्तो अनुसन्धानमा टेवा मिल्ने छ ।

कुनै पनि अध्ययन या सर्वेक्षण टोलीले अध्ययन गरिने जाति या स्थानमा प्रारंभिक सर्भेक्षण गर्न अत्यन्त आवश्यक देखिन्छ । यसो गर्दा समय र अर्थ वचत हुनाको साथै कार्य संचालनमा सुविधा र गतिशीलता प्राप्त हुन्छ । पूर्वेली र पश्चिमेली धिमालहरूमा विभिन्न सामाजिक, सांस्कृतिक, भाषिक पक्ष र तहको तुलनात्मक अध्ययन चाखलाग्दो साथै महत्त्वपूर्ण देखिन्छ । यसैगरी पहाडका राई तथा लिम्वु र मदेशका थारू, कोचे, मेचे आदि जातिहरूको विभिन्न सामाजिक सांस्कृतिक र मूल्यको तुलनात्मक अध्ययन पनि आवश्यक र महत्त्वपूर्ण भएको छ । धिमाल र आठपरिया राईको प्राचीन वियोगको कथामा समानता पाइनुको साथै आठपरिया राईको एउटा थर, किमदाङ उनीहरूको भनाइअनुसार दक्षिणबाट आएका धिमाल हो भन्ने छ । अतः यिनीहरूको तुलनात्मक अध्ययन गर्नु आवश्यक देखिन्छ ।

यस प्रकारको अध्ययनले अवश्यमेव नेपाली जातीय अध्ययनको क्रममा महत्त्वपूर्ण स्थान लिई र विभिन्न जातिको लोक संस्कृतिलाई एक सूत्रमा उनेर राष्ट्रिय विकास योजनाहरूलाई सघाउ पुर्‍याई सही र स्थायी परिणाम उपलब्ध गराउने छ भन्ने विश्वास लेखकलाई छ । किनभने यस्तो कार्यले निश्चय नै एकातिर हाम्रो परंपरागत जातीय लोकसंस्कृतिको वैज्ञानिक संकलन र संरक्षण हुन्छ भने अर्कोतिर साझा राष्ट्रिय भावनाको अभिवृद्धि र सुदृढीकरण पनि हुँदै जान्छ ।

अन्तमा कार्यक्षेत्रमा संकलन र अध्ययन तथा पुस्तक प्रकाशनको क्रममा आवश्यक सूचना, तथ्याङ्क एवं सहयोग प्रदान गर्ने विशेष धिमाल सूचक सहयोगी शुभचिन्तक तथा संवद्ध सबै पदाधिकारी र व्यक्तिहरूमा लेखक हार्दिक कृतज्ञता ज्ञापन गर्दै आफ्नो विषयको विशेष प्रकारको यो पुस्तकले सबैको माया र सद्भावना पाउने नै छ भन्ने आशा प्रकट गर्दछ ।

२०३९।३।५

तुलसी दिवस

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विषय-सूची

सन्देश
प्रकाशकीय
भूमिका क–ङ

१. जाति परिचय १–१५

नामकरण, जनसंख्या, बसोबासित क्षेत्र, पूर्व र पश्चिमका धिमालहरू, उत्पत्तिको जातीय इतिहास, पुर्ख्यौली र प्रजातीय लक्षण, जनश्रुतिमा आधारित मंगोल वंशावली र धिमाल जाति, भ्रमणशील प्रकृति र स्थायित्व

२. गाउँ तथा घर १६–२७

धिमाल गाउँः परिचय, विशेषता, नामकरण; धिमाल घर घरको प्रकार, घडेरी हेर्ने उपायहरूः सपना, अक्षता, तुलसी पत्ता, काँचो धागो

३. थर र उपथर २८–४०

दोङ्गे, दिङ, तेग्रे (अघोनिया), तालिपा, हर्दिया (योङ-याङ), नुनिया, हर्दियानुनिया, लेम्बाङ, वंगलायती, राथुम, कस्यार या काँसे, जोगी, मुलिङ, थारू, लातेर (माखिम)

४. वेश-भूषा तथा रूपसज्जा ४१–५३

पोशाक, पुरुषवस्त्र : तुम्री, पाकुटा, लोखोन, चाकाचेउता, धारी; स्त्री वस्त्र : बोना, बोनाका प्रकार, आल्गी धावाका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकार, नोसोइ, तेपाना; वेदा र खराउ, धिमाल लुगाको तयारी र रँगाइ; गर-गहना: पुरुषगहना, स्त्री-गहना; केश-विन्यास र रूपसज्जा: ह्लाका खोपा, लोताङ खोपा, साइतर खोपा, ढिकाउरी खोपा, विन्दा खोपा, जुर खोपा, लुढाइका; चोका, चोका र लोक-विश्वास

५. खाना र यससंग सम्वन्धित प्रचलन ५४–६४

सामान्य परिचय, भाका, चिचिरी, वागिया तोलेलुङ, वावर छेली, मुन, लावा र कुरूङ्ग, कालाइ, सार एवं सार्रसि, कुरूङ गुण्डा र सार, सिकौती र सिकौती सार, लेउ, माछा-मासु, सिदला, सिदला छेना, सिदलासार, हायाछेना, ब्याको प्रकार, सुर्ती पान सुपारी, जाँडरक्सी : घ्याङ सिं गोरा, भात्या र ताराबाम्बा

६. लोक खेल र मनोरञ्जन ६५–७३

परिचय, वयस्कहरूको खेल: डण्डी-बियो (गुलि डण्डा), बाघचाल; बालबालिकाहरूको खेल: घंगौरा, कपर्दी, डोलाइ मोलाइ घाका, आइथिरी-बाइथिरी घाका, शिकारी घाका, छासा, भोतेंग-भोतेंग घाका, डोम-घाका, ढकुमुकु र पिन्से घाका; उपसंहार

७. लोक देवी-देवताहरू ७४–१०३

शाको दिर : काली, देवी, मसान, चाम्सारी; विशेष थरका शाली, ग्राम-दिर, ग्राम-देवता मान्नाका कारणहरू, ग्रामथान, ग्राम-देवताको पूजा, ग्रामदेवताका समूह: महाराज, रासती महाराज, राजाहरू, राधरम, राधम्पाल, राजा थुप्री सिं, राजा जोला, राजा रूमाल, राजा भण्डार, वहादुर चौधरी, वूढा ठाकुर, चौमाझी, लक्ष्मी, दन्तराजा, जाउरागेलाइ, देरागेलाई, धामीहरू, शिकारी, माई वेराङ्ग तथा अन्य बेराङ्गहरू, गैयाहरू, संसारी, धरती, द्वारे, मूलीदेउ, ग्वाल राजा-रानी, बाट-बटुवार, कुप-कुपेनी, घार्नी वाराङ्ग-वेराङ्ग, मिस्त्री वारांग-वेराङ्ग, घाट-घटुवार; अन्य हिन्दू देवीदेवताहरू, उपसंहार

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

८. पूजा-आजा १०४–११०

पशु-पूजा, पृथ्वी-पूजा, वृक्ष-पूजा, नदी-पूजा, पितृ-पूजा, वान्धा-पूजा वा बाँध-पूजा, गुठीसेंका पूजा, गावा-पूजा, उम्चेका जात्रा, उम पूंजी-पूजा या मैझारपूजा, न्वागी-पूजा नावा उम्चाका, बयर-पूजा

९. लोक चाडपर्वहरू १११–१३०

सामूहिक चाड : सिरिजात र न्वांगी, सिरिजातका विविध नाम, चाडको अवधि र स्थान, नारिया-वयापूजा, जागवान; धारीचुर्का, जातिरी, ढोल-प्रतियोगिता, पूजा-पाका, चे-चे बे-बे, चिजुराइका; पुरिचाका, बान्साघाका, देरा घुराइका, विन्दा-हेर्का, सिरिजातका वेला ग्राम-थानमा बनाइने विविध निर्माणका कारण; पारिवारिक चाडः पार्वाः आउँसी, पूजा-पाका, पिया-वाखर, भाकार-पूजाः अन्य चाडहरूः सिरूवा, साउने संक्रान्ति, दशैं, माघे-संक्रान्ति, होली या फगुवा; उपसंहार

१०. लोकगीत १३१–१६५

फुटकर लोक-गीतः वालगीतः घाकालेह, चानदोईका; वयस्कहरूको लोकगीतः चे चे बे वे, भोका, तुरिया, पोटोका, शाल्वो शायशाय, लाम्फे पारा; अन्य फुटकर गीतहरूः शोनाकांको, काटुवा; फुटकर गीतको रूपमा धिमालहरूले गाउने अन्य भाषाका गीतहरूः पहाडी केटी र धिमाल केटाको जुहारी; जारी-सोनाःधिमाल-प्रबन्धगीतःसरस्वती, (हे देवीदुर्गा), पितामाता-वालिबच्चा, दादा-ग्रोने, ज्वाइँ-ससुरा राजा

११. लोकनृत्य १६६–१७८

धिमाल ह्लाकाको उत्पत्तिको कथा, धिमाल लोकनाचका प्रकारहरूः सिरिजातमा नाचिने नाचहरूः दिरह्लाका, ढोलह्लाका, चे चे वे वे ह्लाका, विन्दा हेर्का ह्लाका; तिहारमा नाचिने नाचहरूः वोनावोका ह्लाका, पोयामारी अथवा पोयावोका ह्लाका, तोङ्का ह्लाका, खाइलो ह्लाका, राथुम

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ह्लाका, तिरेउ ठोका ह्लाका, धाउधाउका ह्लाका, चोर धाका ह्लाका, देउसे ह्लाका; विवाह्मा नाचिने नाचह्रू: ह्लाकालाई ह्लाका, वाजालाई ह्लाका, वाराङ्गेलाई ह्लाका, वेदाङ्गी ह्लाका; धिमाल लोकनाचका केही विशेषताहरू, धिमाल नाचका क्षेत्रमा आएको परिवर्तन

१२. धामी एवं ओझा परंपरा १७९–१९६

धिमाल धामी र ओझामा अन्तर, धामी-कर्म, धामीको स्थान, हान्वा: धामीको सहयोगी, धामीका प्रकार, राज-धामी हुनाको कारण, राजधामीहरूको विशेषता र शक्ति, धामी लगाउने उद्देश्यहरू, ग्राम-बन्धन, निषेध र वर्जनहरू, अरूलाई कमाउने धामी, धामी खन, ओझा, झाँक्री, विजुवा, ओझाका प्रकार, ओझा-भोका, रोग पैल्याउने जोखना: खोरी खान्का: सिन्टाका खोरी खान्का, उँखु आंउ खोरी खान्का, माटिया खोरी खान्का, तुलसी पत्ता खोरी खान्का; ओझा-भोका: थप परिचय, ओझा-भोका एक प्रत्यक्ष, रोग छुट्याउन अनुभव पनि सहायक, ओझा-भोकाको विशेष प्रकारको साधन: जावी, धिमाल ओझा-हरूको ढाल र हतियार: धर्मगुन र पाप गुन, ओझा-ओझाको प्रतिस्पर्धा, ओझा र बोक्सीको प्रतिस्पर्धा, बन्धन: आत्म-सुरक्षाको साधन, शरीर-बन्धन, घर बाँध, टाकाबान्धा, ओझा कर्मको प्रशिक्षण र ओझा पदप्राप्ति, ओझा-कर्मसँग सम्वन्धित विशेष शासन र निषेध

१३. रोगव्याध र लोक औषधोपचार १९७–२१८

देवी-देवताको कोप: ग्रामीण देवीदेवता, घरेलु देवीदेवता, दुष्ट शक्तिहरू: सानवीय प्रेतात्माहरू, गति परेका, अगति परेका, अतिमानवीय शक्तिहरू; टुना-मुना तथा पाप-पुण्य: वस्तु आरोपण र लगानी, जिउखाका, बोक्सी-विद्या, निषेध भङ्ग; धिमाल जातिमा प्रचलित विशेष रोगव्याध र तिनको निराकरण-विधि: लगानी, नुइपिका, डाकिनी, स्येँ-जागिन्न-वायु, जिउखाका, शिकारी, वनको, बुढेनी र नौलु; मसान, फान या फाँसी, मोच, मोच सार्ने विधि, मोच मार्ने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विधि, मोच जन्तर, विविध देवी-देवता र तिनको प्रशमन, औषधीमूलो, उपसंहार

१४. लोक विश्वास २१९–२४२

कल्याणको निमित्त गरिने कर्मकाण्डी विश्वासहरू: संवृद्धि, सफलता र संरक्षासँग सम्बन्धित; पशु-पक्षी विषयक, आंगिक-क्रिया विषयक, शारीरिक चिह्न विषयक, साइत-विसाइत वस्तुको निर्माण र उपयोग विषयक, भविष्य सूचना विषयक, स्वप्न-विश्वास: आगो-पानी, रूख-बिरुवा, फल-फूल, पशु-पक्षी, दही-दूध, माछामासु, व्यक्ति तथा जाति, अन्य निषेध: घरेलु वस्तु तथा कार्य, खाद्य वस्तु, पेय वस्तु, लवाइ, बसाइ, आगो, प्रयोगमा आउने साधन, व्यवसाय तथा तथा विशेष काम र अन्य सम्बन्धी; संस्कार, सामाजिक सम्वन्ध, समय तथा बार, थर विशेष, विविध, उपसंहार

परिशिष्ट २४३

क. चित्र-सूची
ख. विशेष सन्दर्भ ग्रन्थहरू
ग. विशेष धिमाल सूचकहरू
घ. धिमाल शव्दावली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल बसोबासित क्षेत्र



Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जाति परिचय

धिमालहरू किन धिमाल भनिए ? ती कहाँबाट कहिले नेपाल पसे ? तिनको उत्पत्तिको इतिहास र नामकरणको सम्बन्धमा कस्तो पृष्ठभूमि छ ? ती नेपालमा विद्यमान कुनै मूल जातिसँग सम्बन्धित छन् ? आदि प्रश्नका विषयमा यसै हो भनी सम्बन्धित क्षेत्रका विद्वान्‌हरू बीच अझै एकमत भई निश्चित धारणा निर्मित हुनसकेको छैन । यसैगरी धिमाल सूचकहरूका सूचनाहरू पनि फरक-फरक छन् । तथापि धिमालहरूमा प्रचलित दन्त्य-कथा एवं अनुश्रुतिका साथै धिमाल शब्दको शाब्दिक अर्थ, धिमाल भाषाको अन्य भाषाहरूसँगको सम्बन्ध, पुख्यौंली इतिहास, बसोबासित क्षेत्र, प्रजातीय लक्षण र शारीरिक विशेपता आदिका आधारमा धिमालहरूको परिचय प्रस्तुत गरिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नामकरण

धिमालहरूको नामकरण तथा उत्पत्तिको प्रसंगलाई धिमाल जातिका विषयमा अध्ययन गर्ने केही विद्वान्हरूले व्युत्पत्तिमूलक रोचक प्रसंग उठाएका छन् । कछाडी र मेचे भाषामा "दि" को अर्थ पानी र नदी हुन्छ । दिसंग संयुक्त भएर बनेको "दिहोङ" "दिगारो" आदि शब्दावलीहरू आसामतिर प्रचलित छन् । "दिमाल" हुँदा-हुँदै धिमाल हुन धेरै सम्भव छ । यसैगरी अर्को तर्कअनुसार "धि"-को अर्थ नदीको छेउमा, "मालो" को अर्थ "वेपत्ता" हुनेबाट बनेको धिमालोबाट धिमाल भयो कि भन्ने पनि छ ।[1] कोही त धिमालहरू उत्तर पूर्वबाट आएको कुरा बताउँदै "हिमाल" शब्दबाटै धिमाल बनेको (अडकलबाजीको आधारहीन) कुरा पनि गर्छन् ।[2] छिमेकी अन्य जाति विशेषगरी थारू तथा राजवंशीहरू धिमाललाई "ढेमाल" भन्दछन् । ढेमाल शब्द ढीमालोबाटै ढेमालो भई, "ढेमाल" भएको पनि हुन सक्तछ । धिमाल भाषामा ढेमाल शब्दको अर्थ खोज्ने हो भने "ढे" (धे) को अर्थ छुट्टिएको र "माल" भनेको मधेस भन्ने हुन्छ । ढेमाल शब्दको धिमाली भाषाको यो अर्थ बहुसंख्यक धिमालहरूले किराँत शाखाका लिम्बू या राई दाजुहरूसँग छुट्टिई मधेसमा बस्न थालेको प्रसंगसँग मिल्दछ । यस प्रसंगमा ढेमाल, धेमाल भई धिमाल हुन सक्ने तर्क पत्यारिलो लाग्दछ । स्थानविशेषको उच्चारण विभेदले धिमालहरू स्वयं पनि आफूलाई धेमाल, ढेमाल, धिमाल शब्दको समान-रूपले प्रयोग गर्ने गर्दछन् ।

तथापि धिमाल भाषामा धिमाल शब्दको चित्तबुझ्दो कुनै स्पष्ट अर्थ खुल्दैन । त्यसैले "धिमाल" शब्दको प्रयोग र व्युत्पतिको खोजगर्दा धिमाल भाषामा र धिमाल-हरूको सम्पर्कमा आएका छिमेकी जातिहरू विशेषतः राजवंशी थारू तथा मेचेलगायत पहाडका लिम्बू, राई आदि किराँती भाषा-भाषिकाको आधारमा खोज्नुपर्ने देखिन्छ । किनभने धिमाल भाषालाई बहुसंख्यक भाषाविद्हरू भोट-बर्मेली परिवारको हिमाली समूहको मान्दछन् ।

यस प्रसंगमा केही विचारणीय अरू प्रसंगहरू छन् । माइ-खोला पूर्वका धिमाल-हरू आफूलाईं "मल्लिक" भनेर चिनाउने गर्दछन् । धिमालहरू आफूहरूलाई "धिमालाइ" र राजवंशीहरूलाई "कमलाई" भनी छुट्ट्याउँछन् । अर्का छिमेकी जाति मेचेहरू भने धिमाललाई धिमाल नभनी "हाइको" भन्दछन् । पहाडका पर्वते क्षेत्री-वाहुन जातिमा पनि "धिमाल" तथा "धमला" थर भएको कुरा थाहा

---

(१) श्रेष्ठ, २०२८–४७

(२) रेग्मी, १९७१–२२–२३

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भएको छ। अर्को उल्लेखनीय कुरा लामो समयदेखि मदेसमा बसेर पनि धिमालहरू आफूहरूलाई "मदिसे" भनिमाग्न चाहँदैनन्। उनीहरू मदेसेले झैं टाउकोमा भारी नबोकी पहाडेले झैं पिठ्यूँमा कुम्लो झुण्ड्याउँछन् र परापूर्वकाल-देखि नै आफूहरूले टोपी लगाउने गरेको कुरा सगौरव बताउँछन्। तर ती पहाडबाट मैदानमा ओर्लेका अन्य जातिका सदस्यहरूलाई "पहाडे", राजवंशी तथा थारू-हरूलाई "मदिसे" र दक्षिणतिरको सीमापारिबाट पछि भित्रिएका अन्य जातिहरू विशेषतः सतार, मुसहर, बाँतर, हारी आदिलाई "देशी" भनी सम्वोधन गर्ने गर्दछन्।

जनसंख्या

हाल धिमालहरूको कुल जनसंख्या के कति छ, किटान गरेर भन्न सकिने स्थिति छैन। ई. सं. १९२१ को भारतीय जनगणनाअनुसार ब्रिटिश उप-महाद्वीपमा जम्म ५०५ धिमालहरू फेला परेको तथ्य उल्लिखित छ।[३] तर २००९ सालमा नेपाला सरकारबाट मातृभाषाको आधारमा लिइएको जनसंख्या विवरणमा धिमालहरूको संख्या ५६७१ देखाइएको छ भने वि. सं. २०१८ सालको मातृभाषाकै आधारमा लिइएको राष्ट्रिय जनगणनाअनुसार तत्कालीन विराटनगर तर हालको मोरंग जिल्लामा ४६५९ र झापा जिल्लामा ३५२९ गरी जम्मा ८१८८ देखाइएको छ। यसरी धिमालहरूको जनसंख्या तत्कालीन नेपालको कुल जनसंख्याको १ प्रतिशत-भन्दा पनि कम हुन आउँछ। तर २०२८ सालमा पुनः केन्द्रीय तथ्याङ्क विभागले लिएको जनसंख्या तथ्याङ्कमा धिमालहरूलाई बेग्लै छुट्याएर देखाइएको छैन। त्यसैले २०२८ सालमा उनीहरूको जनसंख्या के कति पुगेको थियो, आवश्यक तथ्याङ्कको अभावमा भन्न सकिदैन। तर २०२८ सालमा प्रकाशित अन्य स्रोतहरू-अनुसार उनीहरूको जनसंख्या १५ देखि २० हजारसम्म भएको अनुमान गरिएको पाइन्छ।[४] नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, लोकसंस्कृति-विभागको धिमाल लोक-जीवन अध्ययन टोली (२०२९–३०) को अनुमानअनुसार भने करीव २० हजार देखिन आउँछ। यस्तैगरी "मोरङ्ग जिल्ला परिचय" मा उल्लेख गरिएको १२३१५ धिमालहरूको जनसंख्याको आधारमा दुवै जिल्लामा गरी २०३० सालसम्ममा

---

(३) ग्रियर्सन्, १९२७–३९२

(४) श्रेष्ठ, २०२८–४६

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२० हजार हुने अनुमान गरिएको छ।[५] २०३४ सालमा दमक गाउँ पञ्चायत-भित्र मात्र पनि धिमालहरूको संख्या ४७०० जति पुग्ने एकीन गरिएको आधा-रमा[६] दुवै जिल्लाका जम्मा २७ पञ्चायतमा छरिएको धिमाल-बस्तीहरूमा-धिमाल-हरूको जनसंख्या ४० देखि ५० हजारसम्म पुग्ने सहजै अनुमान गरिएको छ।[७]

बसोबासित क्षेत्र

"मदेसका किराँती" भनिने धिमाल जाति अधिराज्यमा पूर्वाञ्चल विकास क्षेत्रको कोशी तथा मेची अंचलमा पर्ने क्रमशः मोरङ्ग र झापा जिल्लामा मात्र बसोबास गर्दछन्। आफ्नो बसोवास क्षेत्रको चारकिल्ला बाँढ्दा उनीहरू चिसाङ (लोहोद्रा) खोला पूर्व, मेची खोला पश्चिम, बबिया विर्तालिती गोविन्दपुर उत्तर र माल-लाख सीमाना दक्षिण बताउँछन्। उनीहरूले बाँधेको यो चारकिल्लाको क्षेत्रभित्र धिमालहरू मोरङ्ग जिल्लाअन्तर्गत हरैंचा, कर्सैनी, डागीहाट, बाहुनी, केरौन, बयरवना, अमरदह, राजघाट, लेटाङ, मधुमल्ला, बबिया बिर्ता, गोविन्दपुर आदि १४ पञ्चायत र झापा जिल्लाअन्तर्गत दमक, गौरादह, तोपगाछी, पाराखोपी, अनारमनी, शनिश्चरे, धाइजन, दुहागडी, शान्तिनगर, नकलवन्दा, बाहुनडागी, ज्यामिरगढी, धुलावारी आदि १३ पंचायत गरी जम्मा २७ पंचायतमा छरिएर बसेका छन्। उनीहरूको अर्को सघन बसोबासित क्षेत्र खुट्ट्याउनुपर्दा मोरङ्ग जिल्लाको लोहोन्द्रा खोलादेखि पूर्व तथा झापा जिल्लाको रतुवा खोलाको पश्चिम-तिरको भू-खण्डलाई औंल्याउनुपर्ने हुन्छ।

माथि उल्लिखित स्थानदेखि बाहेक अधिराज्यका अन्य भागमा धिमालहरू भेटि-एका छैनन्। तर ती, नेपालको सीमानादेखि वाहिर पूर्वतिर पश्चिम बंगालको सिल-गुडी, जलपाइगुडी क्षेत्रको मालावारी, पाटाजोत, वाँदर बस्ती, चेंगाधारी, चोखुजोत गाउँहरूमा र केही घर आसामसम्म पुगेको कुरा थाहा भएको छ। भनिन्छ, धिमालहरू वोडो जातिको एक उपजाति हो र तिनीहरूको वृहत् बसोबासित क्षेत्र हिमालय शृंखलाको तल्लो फेदी आसामदेखि नेपालको तराई भूखण्डसम्म विस्तारित छ।

नेपाल अधिराज्यभित्रको माथि उल्लिखित धिमाल बसोबासित क्षेत्र न पहाड, न तराई बीचको कछाडमा मूलतः प्रसिद्ध चारकोसे झाडीवरिपरि पूर्व पश्चिम भएर फैलिएको छ। त्यसैले यो क्षेत्र विशेषतः चुरे पर्वतमालाको फेदीको

---

(५) महतो,–अप्रकाशित
(६) उर्नी, २०३४–३६
(७) नेपाली, २०३५–५

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भावर इलाकामा पर्दछ । यो इलाकाभित्र पनि धिमाल वस्तीहरू मुख्यतया पहाडको फेदी जङ्गलको वरिपरि र नदी किनारको छेउ-छाउमा वढी केन्द्रित छन् । धिमाल वसोवास भएका इलाका समुद्रतलबाट करीव ४०० देखि १००० फिटसम्मको उचाइबीचमा सीमित देखिन्छन् ।

प्राकृतिक बनौटअनुसार धिमालहरूको बसोबास भएको क्षेत्र समतल मैदानी भागमा पर्दछ । तथापि यसको ढाल उत्तर दक्षिण परेकोले उचाइ क्रमशः दक्षिणतर्फ लाग्दा थाहा नहुने रूपले घट्दै जान्छ । त्यसैले यस क्षेत्रका नदीनालाहरू चुरेपर्वत-मालाबाट निस्केर उत्तरबाट दक्षिणतर्फ बगेका छन् । भौगोलिक दृष्टिले पनि यो क्षेत्र गंगा-मैदानको फैलावटको उत्तर-पूर्वी सीमानामा पर्दछ । यहाँको जमीन नदीले बगाइल्याएको पाँगो माटो थुप्रिएर बनेको हुनाले अत्यन्त उर्वर छ ।

यस क्षेत्रको माटोलाई साधारणतः पाँगो माटो भन्न सकिन्छ । तर यसमा आल्कालीको मात्रा बढी मिसिएको बुझिन्छ । यहाँका अन्य विविध प्रकारका माटाहरूमा विशेषतः रातो माटो, कालो माटो, चिप्लो माटो, फस्को माटो, लिसाइलो माटो, बालुवा आदि प्रमुख देखिन्छन् ।

धिमालहरू आफ्नो जग्गालाई भीट र धरोहर भनी पाखोबारी र खेतलाई छुट्याउँछन् । यी शब्दावलीहरू केवल धिमाल बसोवासित क्षेत्रमा मात्र सीमित छैनन्, ती सम्पूर्ण पूर्वी तराई क्षेत्रमै प्रचलित छन् ।

धिमाल बसोबाासित क्षेत्रको हावा-पानीलाई अर्धोष्णआर्द्र भन्न सकिन्छ । यहाँ ग्रीष्ममा विशेष गर्मी हुनुको साथै वर्षातमा प्रशस्त पानी पर्दछ । यहाँ बंगालको खाडीबाट उठेर आउने दक्षिण-पूर्वी मनसूनले वर्षा गराउँछ । गर्मीमा यहाँको तापक्रम बढेर करीब ३७ डिग्री सेण्टिग्रेटसम्म पुग्दछ भने जाडोमा त्यो घटेर ४ डिग्री सेण्टिग्रेटमा ग्रोर्लन्छ । यहाँ सालाखाला वार्षिक वर्षा २८.३४ मि. मि. हुने गर्दछ ।

अर्धोष्ण हावापानीअनुरूप यस क्षेत्रमा उष्णप्रदेशीय, सदावहार जङ्गल छन् । यी जङ्गलका काठपात आर्थिक दृष्टिले लाभदायक र मूल्यवान् छन् । यहाँको उल्लेखनीय जङ्गल अधिराज्यको तराई क्षेत्रमा मेचीदेखि महाकालीसम्म विस्तारित प्रसिद्ध चारकोसे झाडी नै हो । यस क्षेत्रको चारकोसे झाडीमा मूल्यवान् साल, सिसौ, खयर, सिमल, कालिकाठ, बाँस आदि प्रशस्त भेटिन्छन् । तर यता केही वर्षदेखि जथाभावी रूपले फडानी भई वस्ती वस्न थालेको र खेती विराउन थालिए-कोले जङ्गल नष्टप्रायः हुँदै छ । यस्तै अनियन्त्रित तथा अनियोजित जङ्गल फडानी हुँदै जाने हो भने जङ्गलबाट आर्थिक लाभ हुने त परै जावस्, घरमा खाना बनाउन आवश्यक काठपातको पनि अभाव हुने स्थिति देखिन्छ । अघि बाक्लो जङ्गल हुँदा यहाँ बाघ, भालू, चितुवा आदि मांसाहारी जन्तु र हात्ती, घोरल, मृग,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बनेल, हरिण आदि तृणहारी जन्तु प्रशस्त मात्रामा थिए, तर आजकल जङ्गल मासिएर गएको हुनाले ती पनि मासिंदै कम भइसकेका छन् ।

पूर्व र पश्चिमका धिमालहरू

धिमालहरू नेपाल अधिराज्यभित्र सुदूर पूर्व नेपालको तराई क्षेत्रमा पर्ने झापा र मोरङ्ग दुइ भिन्न प्रशासनिक जिल्लामा बाँडिएर बसे पनि प्रशासनिक जिल्लाको अन्तरले उनीहरूको लोकजीवनको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा खास भूमिका खेलेर प्रभावित पारेको भेटिंदैन । उनीहरूले आफूहरूलाई आपसमा छुट्याउँदा आफ्नै प्राकृतिक सीमा निर्धारित गरेका छन् । यस्तो सीमा विभाजनको क्रममा उनीहरूले उत्तर-दक्षिणलाई भन्दा पूर्व र पश्चिमलाई महत्त्व दिएका छन् । पूर्व र पश्चिम छुट्याउने महत्त्वपूर्ण सीमा-विभाजन कार्य उनीहरू झापा जिल्लामा पर्ने माइखोलाको आधारमा गर्दछन् । त्यसैले माइखोला पूर्व केवल झापा जिल्लामा मात्र वसोवास गर्ने धिमालहरूलाई "पूर्वेली धिमाल" र माइखोला पश्चिम झापा तथा मोरङ्ग दुवै जिल्लामा वसोवास गर्ने धिमालहरूलाई "पश्चिमेली धिमाल" भन्ने गर्दछन् ।

पूर्वेली र पश्चिमेली धिमालहरू बीच सामान्य भाषिक भिन्नता मात्र होइन, रहनसहन तथा लोकविश्वासमा पनि केही भिन्नता मेटिन्छ । यो भिन्नतालाई केवल भौगोलिक वातावरणले मात्र निश्चित गरेको छैन, मुख्य अन्य छिमेकी जातिसँगको संसर्ग र घनिष्टताले पनि प्रभावित पारेको छ । अतः पूर्वेली धिमालहरूको भौतिक तथा मानसिक संस्कृति र लोकजीवनमा संसर्गमा आउने छिमेकी राजवंशी जातिको प्रभाव टड्कारो दृष्टिगोचर हुन्छ भने पश्चिमेली धिमालहरूको लोक-जीवनमा केही राजवंशीहरूको साथै थारूहरूको प्रभाव पनि भेटिन्छ । तर धिमालहरूको मौलिक जातीय संस्कृतिको स्वरूप, मूल्य र प्रकृति भने पश्चिमेली धिमालहरूसँगै बढी सुरक्षित रहेको कुरा बूढा-पाका धिमालहरू भन्दछन् ।

उत्पत्तिको जातीय इतिहास, पुर्ख्यौली र प्रजातीय लक्षण

कुनै पनि जातिको जातीय इतिहास क्रमबद्ध रूपले स्थिर गर्न वंशावली, अभिलेख, ऐतिहासिक विवरणजस्ता केही प्रामाणिक लिखौटहरू आवश्यक हुन्छन् । तर यी लिखित विश्वसनीय आधारहरू धिमाल जातिका कसैसँग पनि छैनन् । यसको प्रमुख कारण धिमालहरूसँग आफ्नो धिमाली भाषा भए पनि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
लिपिबद्ध गर्ने आफ्नो लिपि नहुनु हो । अन्य कारणहरूमा उनीहरूको भ्रमणशील प्रवृत्ति, मृतात्माप्रतिको डर र त्रासले व्यक्ति मरेपछि उसले चलाएको लुगाफाटा, भाँडाकुँडा, साथमा भएका केही कागजात सबै लाशसँग गाड्नु या जलाउनु र समय-समयमा जङ्गल तथा वस्तीहरूमा आगो लाग्नु र भएका केही कागजपत्रहरू पनि आगोले खानु आदि हुन् । यसले गर्दा धिमालहरूको उत्पत्तिको इतिहास पत्ता लगाउन अत्यन्त कठिन कार्य देखिन्छ ।

तर धिमालहरू बीच प्रचलित श्रुतिपरम्पराका किंवदन्ती, दन्त्य-कथा तथा अनुश्रुतिहरू छन् । तिनीहरू भनिँदा सत्य-कथाको रूपमा भन्ने र सुन्ने गरिए पनि ती पूर्ण सत्य-कथा होइनन् । तर तिनमा सन्निहित सामाजिक, सांस्कृतिक पक्ष र ऐतिहासिकतालाई नकार्न सकिन्न । अर्को कुरा लिखित परम्पराको अभावमा कुनै पनि जातिको पुर्ख्यौली या जातीय उत्पत्तिको इतिहास मौखिक परम्परामा खोज्नुपर्ने देखिन्छ । त्यसैले धिमाल लोक-जीवनको अध्ययनका क्रममा खुदै धिमाल-सूचकहरूबाट संकलित र केही अन्य लेखकहरूबाट प्रकाशमा ल्याइएका उत्पत्ति-मूलक सामाजिक, सांस्कृतिक, लोककथा तथा श्रुतिपरम्पराको उल्लेख हामी गर्दछौं ।

एउटा प्रचलित श्रुतिपरम्पराअनुसार इन्द्रको राज्य स्वर्गमा केरकोइ र नेरकोइ नामका दुइ सुन्दर परीहरू थिए । तिनीहरू नाच्न अत्यन्त सिपालु थिए । यिनीहरूलाई नाच्दा वादनमा साथ दिने साँकु र माँकु नामका दुइ प्रसिद्ध वादकहरू पनि थिए । एकदिन नाच्दा-नाच्दै संजोगवश ती दुवै युवतीहरूको आँखा वादकहरूको आँखासँग जुध्न पुग्यो र नृत्यमा ताल चुक्यो, यस कुराले इन्द्रलाई साह्रै रिस उठ्यो । उनले ती सबैलाई मर्त्यलोकमा झर्नुपर्ने सराप दिए ।

इन्द्रको सरापले ती वादक र परीहरू मर्त्यलोकमा झरे । तर पृथ्वीमा झरेपछि साँकु र माँकु क्रमशः सुखनु र दुखनु भए भने केरकोइ र नेरकोइ क्रमशः हीरा र मोती नामका हुन पुगे । । श्राप मोचनका लागि विभिन्न स्थानमा घुम्दा-घुम्दै उनीहरूबाट सन्तान जन्मिए । तिनै सतानमध्ये हीराका सन्तान धिमाल र मोतीका सन्तान लिम्बू भएका हुन् ।

यो कथनअनुसार धिमालहरू 'हीरा मोती कोहिना' भनेर केवल कथामात्र हाल्दैनन्, पूजाआजाको वेला जाउरा-गेलाइको रूपमा कतैकतै पूजा पनि गर्दछन् ।[८] यो कथानुसार धिमालहरूको उत्पत्ति स्वर्गका परी र वादकहरूसँग जोड्ने प्रयत्न गरिएको देखिन्छ, तर यो कथा धिमाल समाजमा उति प्रचलित र प्रसिद्ध छैन । यस्तै अर्को जनश्रुतिअनुसार परापूर्वकालमा उत्तर-पूर्वी पहाडबाट धौले राजा

---

(८) दाहाल २०३८–११

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
मदेस हान्न आफ्ना फौज लिएर आएका थिए। उनले कतै जित्दै, कतै हार्दै फर्कन लाग्दा मदेसको फौजले आक्रमण गरी लखेटेकोले कोही बाटो बिर्सेर तल तराईमै अलमलिए। तिनै अलमलिएका धौले राजाका फौजका सन्तान नै पछि गएर धिमाल भएका हुन्।[९] कोहीकोही त यही धौले शब्दबाटै पछि धिमाल भएका हुन् पनि भन्ने गर्दछन्।[१०]

एकअर्को जनश्रुतिअनुसार धिमालहरू पहिले काशीका निवासी थिए। एकदिन परशुरामले अचानक आफ्नो हलो नदीमा फालिएको भेटे। छानबीन गर्दा धिमालहरूले नै मिलेर हलो नदीमा फालेको कुरो पत्तो लाग्यो। परशुराम अत्यन्त रिसाहा र क्रोधी थिए, त्यसैले धिमालहरू डरले काशी छोडी यतातिर लागे[११] भनिन्छ। त्यसैले धिमालहरूको गोत्र काशी हुन गएको हो। किराँती राई, लिम्बूहरूको प्रचलनमा दक्षिणतिर (भारत) बाट आएकालाई काशी गोत्र र उत्तर तिरबाट आएकाहरूलाई ल्हासा गोत्र भन्ने चलन देखिन्छ। यही चलनअनुसार आफ्ना पुर्खाहरू काशीबाट आएका भन्ठानी एक समूह धिमालहरूले आफूहरूलाई पनि काशी गोत्रका भन्ठानेका होलान्।

धिमाल लोक-जीवन[१२] अनुसार धिमाल जाति आफूलाई किराँती मान्दछन्। इसापूर्व १००० वर्षभन्दा धेरै पहिले संभवतः आर्यहरूको आगमनभन्दा निकै अघि भारतीय उपमहाद्वीपको उत्तरी र उत्तर पूर्वी हिमालय क्षेत्रमा आएर बसेका किराँतीहरूको एक शाखाभित्र धिमालहरू पर्दछन्। जनश्रुतिमा आधारित वंशावलीमा धिमालहरू किरातङ्वाका दश भाइ छोराहरूमध्ये कान्छा थाङदावाका जेठा छोरा धिकोकपाका सन्तान भनिएका छन्। धिमालहरू किराँतीहरूमा पनि लिम्बूलाई सबैभन्दा नजीकका दाजु-भाइ ठान्दछन्। यस विषयमा एउटा प्रसिद्ध किंवदन्ती छः–

"कुनै समयमा दुइ दाजुभाइ तीर्थ गर्न काशी गएर फर्कंदा कुनै कारणवश भाइ पछाडि परेछ, दाजुले भाइलाई बाटोको चिह्नस्वरूप केराको बोट र बोहरीको रूख काट्दै अगि बढेछ र पहाडमा आई लिम्बू भएछ। भाइ केराको टुसो पलाइसकेको र बोहरीको रूख कालो भइसकेको देखी हतास भएर तराईमै बसी धिमाल भएछ। यसका विभिन्न पाठहरू उपलब्ध छन्। कसैमा दुइ दाजुभाइ नभएर तीन दाजुभाइको प्रसंग छ। ती तीर्थ नगरी काशीमा लडाइँ लडी फर्केका छन्!

---

(९) श्रेष्ठ, २०२८–४६
(१०) दाहाल, २०३७–११
(११) महतो, अप्रकाशित कृति
(१२) दिवस र अन्य लेखकहरू, २०३०–१४ मा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जेठा र माइला पहाड लागी लिम्बू र राई भएका छन् भने कान्छो माथि उल्लेख भए झैं जङ्गलमा बाटो अलमलिई तराईमै बसी धिमाल भएको छ। यसको पृष्ठभूमिमा कतै ती लडाईं हारेर फर्कंदा बाँसको झ्याङमुनि भात पकाई खान खोज्दा बाँसको जरा पड्की या मटयाङग्रो लागी भाँडो घोप्टिएको र आफूहरू फेदीमा भएको संकेत बाँसले नुहेर "यहीँ छ" भनी शत्रुलाई जानकारी दिएको भन्ठानी त्यहाँबाट भागेको र केराको झ्याङको फेदमा आई सास बिसाउँदा केराको पातले हल्लेर 'छैन-छैन' भनिरहेको ठानी त्यहीं भात पकाई, खाई हिंडेको प्रसंग जोडिएको छ। धिमालहरू त्यसैकारण आफ्नो घर वरिपरि बाँस रोप्न नरुचाउने मात्र होइन, वर्जित नै ठान्दछन्। तिनीहरू बाँस रोपे जीउ-ज्यानको नोक्सानी हुने कुरा बताउँछन् भने केरा लगाउँदा भलो-राम्रो हुने विश्वास गर्दछन्। यो कथाको अर्को पृष्ठभूमि अनुसार नेपालमा मुसलमानको आक्रमणपछि किराँतीहरू माझ-किराँतमा आएर बसेका थिए। उसवेला त्यहाँका रजौटा सुब्बाहाङ थिए। उनीहरूकी पुर्खौली कुलदेवी युमा थिइन्। तिनले लडाइँबाट मासिन खोजेको किराँती वंशलाई बचाउन एउटी दुइ जीउकी स्वास्नीमान्छेलाई सहयोग दिएर नदी तारिदिइन्। उनबाट दुइ छोरा भए। उनीहरू हिमालय छेउमा गएर बसेका थिए। पछि लडाईं हुँदा दुवै भाइ गएका थिए। यसपछि दाजुभाइ छुट्टिन्छन् र उही केराको बोट र बोहरीको बोटको घटना दोहरिन्छ। यसबाट धिमालहरू पहिले पहाडमा थिए, पछि मदेसमा झरेका हुन् भन्ने देखिन्छ।

यो लोककथा धिमाल जातिमा अत्यन्त प्रचलित र प्रसिद्ध छ। धिमालहरूको उत्पत्तिको विषयमा बूढा-बूढी, युवा-युवती जसलाई सोधे पनि यही कथालाई तलमाथि पारेर ती बताउँछन्। धिमाल जातिमा पाइने यो केराको बोट र बोहरीको रूखको आधारमा दाजुभाइ छुट्टिएको र बेग्लाबेग्लै क्षेत्रमा बस्न थालेको लोककथा नेपालको पहाड र तराईमा बसोबास गर्ने अन्य जातिदेखि लिएर आसाम, बर्मा तथा श्यामसम्मका किराँती जातिमा समेत एक अर्को रूपमा प्रचलित छन्। धनकुटा बजार वरिपरि बस्ने आठपहरिया राईका किमदाङ थरका प्रचलित कथाअनुसार ती साख्खै दाजुभाइ हुन्। धिमालहरूले भनेको कथा नै राईहरू पनि बताउँछन्। धिमालहरू दाइले छोडी गएको कुरा गर्दछन् भने राईहरू भाइ मदेशमै छोडिएको कुरा भन्दछन्। यिनीहरूको कथनअनुसार दुइ दाजुभाइ केही काललाई परदेश लागेर घर फर्कंदा संजोगले अलमलिएर भाइ छुटी मदेशमै रह्यो र धिमाल भयो, तर दाजु भने पहाड उक्ली आठपहरिया राईसँग मिसिई आठ पहरिया राई भयो भन्ने छ। आठपहरिया राईहरूमा अझै पानी चल्ने जातका सदस्यहरूलाई चोख्याएर थर दिई आफ्नो समूहभित्र समावेश गर्ने चलन विद्यमान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
भएकोले यस प्रसंगलाई गंभीरतापूर्वक विचार गर्नुपर्ने देखिन्छ।[१३]

माथि उल्लिखित विभिन्न कथाहरूको सर्वेक्षणले धिमालहरूको जातीय सम्बन्ध किराँतीहरूसँग नजीकको भएको तथ्यलाई पुष्टि गर्दछ। उनीहरू पनि कोचे-मोचे, लिम्बू, राई, थारू, दनुवारलाई नै आपना दाजुभाइ भनी दावी गर्दछन्। इमानसिंह चेंमजुङले पनि वंशावली तथा मिल्दो रीतिरिवाजका आधारमा धिमालहरूलाई किराँती शाखाबाटै विकसित भएको मानेका छन्। भाषाको पारिवारिक वर्गीकरण गर्दा ग्रिहर्सन् र कोनोले धिमालहरूको भाषालाई भोट-बर्मेली परिवारको जटिल सार्वनामिक समूहमा पारेका छन् भने शेफरले चीन-तिब्बती परिवारको बोधिक विभाजनमा समावेश गरेका छन्। डा. सुनीतिकुमार चटर्जीले पनि यो भाषालाई भोट-बर्मेली समूहमै पारेका छन्, तर पर्ल के. वेनेडिकोले भने यसलाई चीन-तिब्वतीं परिवारको भोट-वर्मेली शाखाको अबोरमिरी डाफ्ला समूहको मानेका छन्। अर्कोतिर भोट-वर्मेली शाखामा पर्ने यही धिमाल भाषामा देखा पर्ने आग्नेय (Astric) भाषाको असर र प्रभाव तथा पहाडका अन्य किराँती जातिमा नपाइने केही प्रजातीय लक्षण धिमाल जातिमा पाइएकोले इतिहासको कुनै वेला भारतीय उपमहाद्वीपमा बस्ने आग्नेय जातिसँग यिनीहरूको सम्बन्ध रहेको अनुमान गर्नुपर्ने हुन्छ। धिमाल भाषामा, प्राचीन मुण्डा जातिको भाषाको केही प्रभाव रहेको आशंका पनि स्वयं भाषा शास्त्रीहरूले गरेका छन्।[१४]

नेपालमा मंगोल जातिका मान्छेहरू भोट मंगोल-शाखा र हिन्द-मंगोल शाखा गरी दुइ थरीका छन्। भोट-मंगोल शाखाका जातिहरू नेपालमा उत्तर भोटवाट सीधैं पसेका हुन्। धेरैजसो उनीहरूको बस्ती हिमाली भेकमा पर्दछ। तर हिन्द-मङ्गोल शाखाका मान्छेहरू हिन्दुस्तान भएर नेपाल भित्रिएका छन्। उनीहरू पहाड र तराईमा छरिएका छन्। त्यसैले धिमालहरू यस इलाकामा कहिले कहाँवाट आए ? यिनका पुर्खा को थिए ? भन्ने अनेक महत्त्वपूर्ण प्रश्नहरुको उत्तर खोज्न हामीले उत्तर-पूर्वी हिमालयबाट आएका किरातीहरूको इतिहास सावधानीपूर्वक अध्ययन गर्नुपर्ने देखिन्छ। १० सौं शताव्दी ईसापूर्वतिर किराँत र आर्य जातिका विभिन्न शाखाहरूको बीचमा सम्पर्क रहेको उल्लेख अनेक प्राचीन संस्कृत ग्रन्थहरूमा भेटिन्छ। किराँतीहरूकै शाखामा पर्ने तराईवासी कोचे, मेचे, थारू आदि जाति झैं धिमालहरूले पनि तराईमा आदि-कालदेखि नै बसोबास गर्न थालेको सहज अनुमान हुन्छ, उनीहरू पनि यही भन्छन्।

कुनै पनि जातिको जातीय इतिहासको खोजी उनीहरूको आदिकालीन जीवनका

---

(१३) दाहाल, २०३६–२४
(१४) ग्रियर्सन, १९२७–५७

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
सामाजिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक जीवन तथा पर्वहरूको तुलनात्मक अध्ययन-अनुसन्धानले निकै भरपर्दो हुन सक्छ । तर कुनै एउटा जाति, कुन सम्बन्ध र कुन प्रजातिको भनी छुट्याउन शारीरिक अवस्थाहरू र प्रजातीय लक्षणहरूलाई अचुक मानिएको छ । कालक्रमानुसार विशेष परिस्थिति र घटनाहरूले सामाजिक रीति, रिवाज, भाषा, धर्म, रहनसहन, वेषभूषा आदि बदलिन र हराउन सक्तछन् । त्यसैले यस्तो स्थितिमा भाषा, सामाजिक , सांस्कृतिक अवस्थाहरूको आधारमा मात्र गरिएको जातीय अध्ययनलाई शारीरिक पृष्ठभूमिको कसीमा घोटेर हेर्नुपर्ने हुन्छ । शारीरिक अवस्थाको मुख्य आधार वंशानुक्रमण नै हो । विभिन्न दैविक एवं भौगोलिक पर्यावरणमा बसेका जातिहरूमा आउने सूक्ष्म विकास र यसपछि हुने असमानता र अपसार तथा विभिन्न ऐतिहासिक पृष्ठभूमि भएका जातिहरू धेरै कालसम्म एकै वातावरणमा वस्दा उनीहरूमा क्रमशः देखिने समानता र अभिसारलाई अन्य वैवाहिक सम्बन्धले पनि ठूलो प्रभाव पार्ने गर्दछ ।"[१५]

शारीरिक बनौटको दृष्टिले पनि धिमालहरू मंगोल स्कन्धको हिन्दू-मंगोल शाखामै पर्दछन् । उनीहरूको अनुहार शारीरिक बनावट नेपालका अन्य हिन्दू-मंगोल शाखाका जातिहरूसँग काटी-कुटी मेल खान्छ । किरांत शब्दावलीको फराकिलो अर्थ भएपनि आज भोलि त्यो खुम्चिदै लिम्बू–राईमा केन्द्रित हुँदैछ। यिनीहरूसँग मिल्ने हुनाले नै धिमालहरूलाई अन्य जातिका मान्छेहरूले "मदेसका किराँती" या "मदेसका लिम्बू" भनेका हुन् । जैविक तथा भौगोलिक पर्यावरणको असरले शारीरिक तथा वंशात्मक गुणहरूमा केही परिवर्तन आएको भएपनि धिमाल जातिमा हिन्द-मंगोल प्रजातिमा पाइने सवैजसो जातीय गुणहरू भेटिन्छन् । झ्वाट्ट हेर्दा देखिने धिमालहरूका आकृतिमूलक परिचयात्मक चिह्नहरू सामान्यतया सामान्य ठिकैको कद, साँवलो वर्ण, चौडा मुखाकृति, मोटोघाटो शरीर र केही नेप्टो फुकेको नाक नै हुन् । धिमाल लोकजीवनअनुसार भने गाढा खैरो शरीरको रंग, कालो तर खस्रो र वाक्लो केश, दाह्री, जुंगा र शरीरको रौं कम भएको, साना-साना आँखा, पातला आँखीभौं र परेला आँखाका माथिल्लो ढकनीमा मंगोल पत्र भएको, छोटो, होचो र तल केही फुकेको नाक, नाकका ठूल-ठूला प्वालहरू, मध्यम वा केही मोटो ओठ, प्रायः लामा र पातला कान, गोलो चिउँडो, वोसो भएका गाला, टम्म कसिएको शरीर र औसत राई-लिम्बूभन्दा केही अग्लो कद आदि नै धिमालहरूका शारीरिक बनावटका संक्षिप्त विवरण हुन् ।

वंशात्मक गुणहरूकै आधारमा पनि धिमाल-जाति माथि उल्लिखित भारतीय उपमहाद्वीपको उत्तरी तथा उत्तर-पूर्वी हिमाली क्षेत्रमा पाइने मङ्गोल-स्कन्धका

---

(१५) राई, २०३०–३

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
अन्य जातिहरूसँग मिल्दछन् । उनीहरूका हत्केलामा पाइने अनुप्रस्थ रेखा एकातिर यस जातिमा पनि निकै प्रतिशतमा पाइन्छ भने, अर्कोतिर कानमा उम्रने कालो रौं चाहिं अन्य मङ्गोल जातिका जस्तै नगण्यरूपमा भेटिन्छन् । यसरी नै धिमालहरूको जिब्रो चलाउने, हात जोड्ने र बाँध्ने क्रिया पनि उनीहरूसँगै मिलेको भेटिएको छ । [१६]

सबैजसो धिमाल किंवदन्ती र लोककथाहरूका आधारमा ती पहिले पहाडतिर बस्दथे र पछि मदेस झरेका हुन् भन्ने अनुमान हुन्छ, तर तिनको मूल पुर्ख्यौली बस्ती कहाँ थियो एकिन गरेर भन्न अप्ठेरो छ । ई. सं. १७८२ अघि कामरूपको पूर्वी इलाकाको कन्काई नदी र महानन्दाको वीचमा पर्ने तल्लो पहाडी भेकमा दिमालीहरू (धिमालीहरू) मेचेहरूसँग मिलेर बसोबास गरेको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् । त्यसवेला कन्काईसम्मको इलाका सिक्किमका राजाको अधीनमा थियो ।[१७] तर भारतीय सम्राट् समुद्र गुप्तको पालामा तत्कालीन नेपालको पूर्वी सीमाना कामरूपसम्म र पश्चिमी सीमाना फत्तेपुरसम्म पुगेको प्रसंग यस क्रममा विचारणीय देखिन्छ । यसरी हेर्दा आसामको कछारमा बसेको दिमापुर (धिमापुर) नामक प्राचीन शहर धिमालहरूको प्राचीन बस्ती हुन सक्तछ । तर यस प्रसंगमा झापाको 'धिमाल धुरा' बस्ती पनि कम विचारणीय छैन ।

हालमा धिमालहरू मेचीदेखि पूर्व आसामसम्म नै फैलिएको संकेत पाइए पनि यिनीहरू पहिले माइखोला पश्चिममै केन्द्रित थिए भन्ने कुरा स्वयं जान्नेसुन्ने धिमाल बूढापाकाको भनाइ छ । आजकल लोहोन्द्रा खोलादेखि पश्चिममा धिमाल बस्ती तथा गाउँ भेटिंदैनन्, तर उनीहरूको भनाइअनुसार पहिले यसभन्दा पश्चिम कोशी नदीसम्म धिमालहरू थिए । यस्तै वि. सं. १९९४ सालसम्म पनि धिमालहरूको बस्ती मोरङ्गको पहाडी इलाका लेटांग पञ्चायतको राजारानीमा थियो भन्ने कुरा ज्ञात भएको छ । उनीहरू त्यसैसाल कीर्तिमान फडानी खुलेपछि क्रमशः दक्षिणतिरको रिंगवा सनपकुवा, कारेकोशी आदि स्थानमा झरिएर बस्न थालेका रहेछन् । अर्को भनाइअनुसार धिमालहरू पहाडवाट अरुणगढतिर हुँदै आउँदा पहिला सप्तकोशी पारि बसेर छुट्टिएर यता मोरङ्गतिर आए । दाजु-भाइको अंशबण्डामा धिमालहरूलाई सप्तकोशी ननाघ्नु भन्ने सत्यवाचा भएकोले बूढापाकाहरू अझैसम्म सप्तकोशी पारि तर्दैनन् । धिमाल्नीहरूले पनि सप्तकोशी तरे ती मर्छन् भन्ने भनाइ छ । यथार्थमा सप्तकोशी पश्चिम धिमालहरू भेटिंदैनन् । ती पहाडवाट झरिंदा दशमझिया परम्परा लिएर आएका थिए । त्यसैले धिमालहरू बीच अझैपनि दश माझी भन्ने चलन छ । कोही त दश लिम्बूवान र दश धिमाल पनि भन्दछन् । यस

(१६) दिवस र अन्य लेखकहरू, २०३०–१६–१७
(१७) आचार्य, ६०५–१२

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
भनाइमा कति प्रामाणिकता छ, यसै हो भन्न सकिँदैन, तर माथिको विवरणबाट धिमालहरू उत्तरबाट दक्षिण हुँदै क्रमशः पश्चिमबाट पूर्वतिर बसाइँ सर्दै गरेको र अझै जाँदै गरेको क्रम भने देखिन्छ।

जनश्रुतिमा आधारित मंगोल-वंशावली र धिमाल-जाति

कार्यक्षेत्रमा गई धिमाल लोक-जीवन तथा संस्कृतिको अध्ययन गर्दा संकलित जनश्रुतिमा आधारित मंगोल जातिको वंशावलीमा धिमाल जातिको स्थान कहाँ छ भन्ने कुरा पत्ता लागेको छ। मौखिक वंशावली अनुसार "मङ्गोल" लाई "स्वयम्भू मनु" र सतरूपाका सन्तान भनिएको छ। उनी मंगोल जातिका उत्पत्तिस्थल हेमन्तभूमि (मंगोलिया)मा बसोबास गर्ने मंगोल-स्कन्धका जातिहरूका आदिपूर्वज हुन्। उनका तीन भाइ छोराहरूमा जेठाको नाम मुनाइङ्वा, माइलोको नाम थोवोइङ्वा र कान्छोको नाम योवोइङ्वा थियो। यिनका सन्तान मङ्गोल शाखाका चन्द्रवंशी मनुष्य जातिहरू धेरै कालसम्म हेमन्त-भूमिमै बसेका थिए। तर तप्तगिरिको प्रभावले हेमन्त भूमिमा तिनीहरुका सन्तान एकातिर बढ्न र फैलन सकेनन् भने अर्कातिर उनीहरूले तत्प्तगिरिको ताप पनि खप्न सकेनन्। त्यसैले अन्य देशमा सर्ने विचार गरी मङ्गोलपुत्र, तीन भाइका सन्तान तीन पक्ष भई फुटेर छुट्टिए। योवोइङ्वाका सन्तान हेमन्त गिरिदेखि दक्षिणको ज्वालामुखी गिरि नाघी मङ्गोलिया दक्षिण र सुदूरपूर्वतिर लागे, र जापान, वर्मा, श्याम, कोचिन आदिमा बसोबास गर्ने सुदूरपूर्वी मङ्गोल जातिका पूर्वज हुन पुगे। थोवोइङ्वाका सन्तानहरू भने उत्तर हिमालगिरि नाघी चीन र ल्हासामा गई उत्तर मङ्गोलियातर्फ लागे, उनैका वंशज चीन, तिब्बत, मङ्गोलियामा बसोबास गर्ने तिब्बत-मङ्गोलियाली र चीनिया मङ्गोलहरूका पूर्वज भए। आजकाल सुनिने थावा, लोक्पा र भोटिया जातका मान्छेहरू तिनै हुन्। स्वयम्भू मनुका पौत्र मुनाइङ्वाका पुत्रको नाम किरातइङ्वा हो। किरातइङ्वा भारतीय उपमहाद्वीपको उतरी र पूर्वी हिमालय विशेषतः नेपाल र आसाममा बसोवास गर्ने लामो कपाल भएका आदिम किराँत जातिका पूर्वज हुन्। उनका सन्तानहरू हेमन्त भूमि[१८] देखि सीमन्तभूमिमा आई, वासस्थान बनाई बसाइँ सरे। सीमन्तभूमि भन्नाले यहाँ हामीले भारतीय उपमहाद्वीपको उत्तर र उत्तर-पूर्व हिमालय भेक भनी बुझ्नुपर्दछ। यिनै किरातइङ्वाका १० भाइ छोराहरूमध्ये लिम्बूका पूर्वज योकतुम्वा आठ पहरियाका पूर्वज अपलिबा, याखाका पूर्वज व याकखोवा, किराँती राईका पूर्वज

---

(१८) पश्चिम चीन हिन्द महासागर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
लुङफेवा, याङफूका पूर्वज याङफेवा, सुनुवार, हायु, चेपाङका पूर्वज सुहा चेप्पा, गुरुंगका पूर्वज गुरूकपा, मगरका पूर्वज भंगोकपा, थाकल थोकल, पुनेल, थिनेलका पूर्वज थोकतोक्पा र कोचे, मेचे, धिमाल, थारू, दनुवारका पूर्वज थाङदावा मानिन्छन् ।

वंशावली अनुसार थाङदावाका पनि तीन भाइ छोराहरू थिए । तिनमा सबैभन्दा कान्छा थिरूकपा र जेठा धिकोकपा हुन् । माइलाको नाम भने थाह लाग्न सकेन । तर शाखा बढ्दै जाँदा विभिन्न शाखाको आफ्-आफ्नै नाम राखी दाजुभाइ छुट्टिए । यसरी छुट्टिदा धिकोकपा किराँतका सन्तानले धिमाल शाखा लिए भने थिरूकपाका सन्तानले थारू र दनुवार शाखा लिए । माइलाका सन्तानले संभवतः मेचे शाखा लिए । यसरी शाखा छुट्टिनु अगावै बाबु थाङदावाको अचानक देहान्त भएकाले घरको जेठो छोरोले कामको अभिभारा लिई कुलकुलैन मनाउने गर्न परेकोले जेठो धिकोकपाले किराँती कुल नै कायम राखे, तर दाजुभाइ छुट्टिदा थिरूकपाले आफ्ना किराँत कुल-कुलैनको याद गर्न नपाई, उनले केही नजानेकोले किराँतकुल बिर्सी बिस्तारै आर्य मततिरै गए ।

यो वंशावलीले अरूहरूले भनेझैं धिमालहरूको किराँतीहरूसँग एकातिर-घनिष्ठ सम्वन्ध देखाउँछ भने अर्कोतिर किराँत शब्दको व्युत्पत्ति र प्रयोगको क्रममा किराँत हाङ्गवा माथि सोच्न पनि लगाउँछ । धिमाल वंशावलीले पनि धिमाल किम्वदन्ती र कथाहरूमा उल्लेख भएको तथ्य र प्रजातीय लक्षणले स्थिर गरेको मङ्गोल-स्कन्धको किराँती-शाखामा नै धिमालहरूलाई पारेको देखिन्छ । किराँतीहरूका विविध शाखा-प्रशाखामा पनि लेम्बाङ लिम्बूहरू, किमदाङ आठपहरिया राई र वान्तवा याख्खाहरूसँग , क्रमशः थरको समान नाम, छुट्टिएको कथा र केही मिल्दो रीतिरिवाजका आधारमा निकट सम्बन्धित रहेको देखिएकाले तुलनात्मक अध्ययन गर्नुपर्ने देखिन्छ ।

भ्रमणशील प्रकृति र स्थायित्व

धिमालहरू आसामतिरका गारो जाति झैं पहिलेदेखि नै खेती गर्दथे भन्ने भनाइ छ ।[१९] आजपनि तिनीहरूको सामूहिक जीविकाको साधन खेतीपाती नै हो । तर ती नेपालमा पहिले उत्तरवाट दक्षिणतिर र पश्चिमबाट पूर्वतिर बिस्तार बसाइँ सरि-रहेका मात्र थिएनन् , एक प्रकारले अर्ध भ्रमणशील जीवन नै व्यतीत गरिरहेका थिए । उनीहरूले स्थायीरूपले वसोवास शुरू गरेको वि. सं. १९७० पछि नै हो ।

(१९) हेमिल्टन, १८१९–१२५

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उनीहरू एक स्थानमा ४–५ वर्षभन्दा बढ्ता बस्दैनथे। किनभने एक स्थानमा जग्गा कमाएर २–४ वर्षपछि अति रूखो हुन थालेपछि उनीहरू पुनः जङ्गल फाँड्दै मलिलो र नयाँ जग्गामा सरेर बस्न जान्थे। जङ्गल प्रशस्त भएको र जनसंख्याको घनत्व पनि कम भएकाले उसवेला यसरी स्थान बदलिरहनु संभव थियो। यस बाहेक उनीहरूले भ्रमणशील हुनुपर्ने अन्य कारणहरू पनि छन्, ती हुन्ः– रोगलाग्नु र बसेको जग्गा अफाप हुनु, जग्गा रूखो हुँदै जानु, जङ्गली पशुको डर र त्रास हुनु, जनसंख्यामा वृद्धि हुनु, आगोलाग्नु तथा आफ्नै स्वेच्छाले बसोवास बदल्न चाहनु आदि। वि.सं. १९७० सालपछि तराईका जङ्गल विस्तारै आवाद हुन थाले, औलो कम भयो र वस्तीहरू बस्न थाले, विभिन्न क्षेत्रबाट विशेष गरी पहाडबाट मानिसहरू तराईमा झोर्लन थाले। तराई र पहाडका मान्छेहरू बीच प्रत्यक्ष सम्पर्क स्थापना भई अन्तर-प्रक्रिया शुरू भयो। स्वयं धिमालहरू पनि एक स्थानमा स्थायी रूपले खेती गरी बसोवास गर्न बाध्य भए। यो प्रक्रियाको चाप २००७ सालपछि बढी हुन थालेको कुरा धिमालहरू स्वीकार गर्दछन्। वास्तवमा उनीहरूले स्थायी बसोवास गर्न थालेका कारणहरू हुन्ः– जग्गा-नापी व्यवस्थाले जग्गा-वितरण हुनु, निश्चित व्यक्ति जग्गा धनी भनेर किटिनु, जङ्गल जथाभावी फाँड्ने कार्य रोकिनु, जनसंख्याको चाप बढ्नु। यसबाहेक २०२१ सालतिर औलो उन्मूलन-योजना यस भेकमा लागू गरिएपछि र राष्ट्रिय स्तरमा भूमिसुधार कार्यक्रम लागू भएपछि तराईको जनसंख्य झन् अप्रत्याशित रूपले बढेको छ। अझ पूर्व-पश्चिम महेन्द्र-राजमार्ग खुलेपछि त धिमाल जातिका जीवनमा ठूल-ठूला क्रान्तिकारी परिवर्तनहरू देखिन थालेका छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाउँ तथा घर

धिमालहरूको वसोवासित क्षेत्र तराईको मैदानी इलाकामा पर्दछ । तर धिमाल वस्तीहरू विशेषतः पहाडका फेदी, जङ्गलको आासपास र नदी किनारका छेउछाउमा वढी केन्द्रित छन् । उनीहरू गाउँलाई आफ्नो भाषामा "देरा" भन्दछन् र नयाँ र पुरानो भनी छुट्ट्याउँछन् । उनीहरू पितापूर्खादेखि नै वसेको पुर्ख्यौली गाउँलाई पुरानो र नयाँ आवाद गरी वनाएकोलाई नयाँ-गाउँ या वस्ती भन्ने गर्दछन् । तर धेरैजसो धिमाल गाउँहरू नयाँ नै भेटिन्छन् । यसको कारण, धिमालहरू धेरै पछिसम्म फिरन्ता जीवन बिताउँदथे ।

धिमाल-गाउँ

धिमाल गाउँलाई तराईका अन्य धेरै गाउँहरूसँग समानता भएपनि देख्ने-वित्तिकै "यो धिमाल गाउँ हो" भनेर अलग्गै छुट्ट्याउन सकिन्छ । यसको मूल-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
कारण चाहिँ खास धिमाल गाउँहरूमा अन्य जातिका मान्छेहरूको बसोवास उति नभेटिनु हो । त्यहाँ आफ्नै नाता-कुटुम्बका व्यक्तिहरू एकत्रित भई बसेका हुन्छन्। धिमाल गाउँका विभिन्न घर र विभिन्न व्यक्तिहरू बीच सामाजिक तथा आर्थिक दृष्टिकोणले एकअर्काको पूरक र सहयोगी सम्बन्ध हुन्छ । वास्तवमा धिमाल गाउँ स्वजातीय आफन्तहरूको सामूहिक थलो हो । धिमाल गाउँमा प्रायशः धेरै घरहरू एकै स्थानमा झुरूप्प भएर थुप्रिएर बसेका हुन्छन् । तर तिनले ठूलठलो र धेरै परिधि समेटेका हुँदैनन् । धिमाल गाउँहरू कम्तीमा २।३ घरदेखि लिएर बढीमा २५।३० वटा घरसम्म भएका भेटिएका छन् ।

साधारणतया धिमाल गाउँ तथा घर प्रायशः नै जङ्गल छेउछाउमा हुने हुनाले तिनका वरिपरि वर-बगैंचा तथा फलफूल लगाई सिंगारिएको उति भेटिंदैन । तर गाउँका छेउछाउ, घर अगाडि या पछाडि रूख-कटहर, आँपका तथा सजिवनका झ्याम्म परेका ठूलठूला रूखहरू देखिन्छन् भने अलि पर खेत तथा वारीका डील तथा किनारहरूमा अग्लाअग्ला सिमलका रूखहरू ठिंग उभिएका हुन्छन् । सिमलको रूखलाई दोंगे थरका धिमालहरू आपनो जातिको टोटमको प्रतीक मान्दछन् । फागुन, चैततिर रातै फुलेर सिमलको रूखले धिमाल युवा-युवतीको मन-प्राणलाई कुतकुत्याउँछ भने अर्कातिर छहारीदिने रूखका मुनि वयस्क तथा उमेर पुगेका धिमाल लोग्नेमान्छेहरू घामले खाएका जीउ देखाएर कतै हलो ताछ्दै गरेका, कतै सानो डोरीको झोलुंगे खाटै लगाएर स्वप्न प्रदेशको विहार गरिरहेका, कतै बाँसको लामो हुक्का तानिरहेका देखिन्छन् ।

धिमाल गाउँलाई सामान्य गोरेटो, खोल्सा, ढिस्को, विशेष रूख आदिले छुटयाउने र जोड्ने गर्दछन् । त्यहीअनुसार धिमालहरू गाउँमा वारि र पारि अथवा फलानो ठाउँ भनी छुटयाउँछन् र गाउँको नाम पनि राख्छन् । धिमाल गाउँहरू र घरहरूलाई जोड्ने सानसाना गोरेटाहरू वर्षातमा स्वतः विलाउने र हराउने मात्र होइनन्, हिउँदमा खेतको आली सम्याएर बनाइएका गोरु-गाडा चलाउने फराकिला बाटा पनि काम नलाग्ने भई बन्द हुन्छन् । घरअगाडि बाटाका एक वा दुवै छेउमा बग्ने सानासाना पैनीहरूमा कतै नांगाभुतुङ्गा धिमाल बच्चा-बच्चीहरूले पानी खेलिरहेको, कतै धिमाल स्वास्नीमान्छेहरूले भाँडा पखाल्दै गरेको, कतै कपडा धुदै गरेको देख्नु र भेटिनु धिमाल गाउँका दैनिक स्वाभाविक दृश्यहरू हुन् । यसै गरी कहिले धिमाल स्वास्नीमान्छेहरूको हूल विभिन्न उमेर समूहका केटाकेटीहरूसहित सामूहिक माछा मार्नमा व्यस्त भेटिन्छन् भने कहिले तिनीहरू धागो कातिरहेका या तान बुनिरहेका भेटिन्छन् । विहानै धिमाल गाउँको छेउछाउ पुग्दा अझै पनि ओखली कुटिरहेको आवाजले धिमाल गाउँको परिचय दिन्छ । धिमाल गाउँको चिनारी कहिलेकाहीं गाउँका कुकुरहरूले संयुक्त

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
रूपमा भुकेर पनि दिने गर्छन्। अझ साँझ र रातमा ती उफरमाउलो नै गर्छन्। कुकुरहरू खासगरी धिमाल गाउँका "विना तलवका चौकीदार नै मानिन्छन्। तिनले" धिमालहरूलाई शिकार खेल्न जाँदा जङ्गलमा समेत साथ दिन्छन्।

धिमाल गाउँको हिउँदको साँझ अत्यन्त मनमोहक र मनोरम हुन्छ। खाइपिई सकेर कामबाट फुर्सद भएपछि परिवारका सबैजसो सदस्य आँगनको एक कुनामा ठूला ठूला मूढा लडाइएको आगोको धुनी वरिपरि एकत्रित हुन्छन् र कोही निंका (कथा) हाल्छन् त कोही नालचापाका (गाउँखाने कथा) भन्न थाल्छन्। यस्तो वेलामा विभिन्न उमेरसमूह तथा लिंग भेदको कुनै अर्थ हुँदैन।

धिमाल गाउँहरूको नाउँ ऐतिहासिक तथा सांस्कृतिक व्यक्तिहरू र सामान्य व्यक्तिहरूसँग सम्बन्धित केही छन्, तर बहुधा रूख, बिरुवा, खोला-नाला, पशु-पक्षी आदिका आधारमा राखिएका बढी भेटिएका छन्। मूलअध्ययन क्षेत्र र बाहिर परेका केही धिमाल गाउँका नाउँहरू सूचकहरूले भनेका आधारमा उत्पत्तिको कारण सहित केही उदाहरणहरू निम्न प्रकारका छन् :

वएरवना (वयरको बन भएकोले)
आर्ना खाडी (पहिले अर्ना आहाल बस्ने खाडी भएकोले)
चरपाडा (चपरा माछा धेरै पाइने हुनाले)
आढियामाल (आन्ढे राजाको राज अघि पहिले भएकोले, आन्ढे भन्ने धिमालको बसोबास भएकोले)
दाबगाछी (वडहरको रूखहरू धेरै भएकोले)
जाम्बुझार (जमुनाको जङ्गल भएकोले)
बुट्टावारी (बुट्टैवुट्टा धेरै भएकोले)
खरखरे (खोलाको नाउँको आधारमा)
डाकिनी (डाकिनी खोलाको नाउँको आधारमा)
आढ्यावारी (आढ्या भन्ने धिमालले सबैभन्दा पहिले बस्ती बसालेकोले)
कुच्यामारी (कच्या प्रशस्त हुने भएकोले)
जुरा (ठण्डा पानी भएको जुरा नदीको ग्राधारमा)
सालबारी (सालको जङ्गल भएको)
संझर (संझर खोलाको नाउँको आधारमा)
पाथरी (पत्थरिलो जमीनको भएकोले)
मैना घोपा (मैनाको गुँड प्रशस्त हुने हुनाले)
वालुवाही (बालुवा भएकोले)
जाहादा (पानी जम्ने भएकोले)

. Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कति धिमाल गाउँको नामकरणको कारण र नाउँको अर्थ उनीहरूलाई पनि ज्ञान छैन । त्यस्ता केही गाउँहरू सामपुका, मुसी, रिङगुवा, कुस्याचौर, झारकाहा, डिमौठा, जोगीचौन, पाङग्रेझालास, भातेगौंडा, क़ारेकुशी, मातीगाउँ, काकोम, पोर्ताघारी, झुमरा आदि हुन् ।

धिमाल-घर

धिमालका घरहरू नदीका छेउछाउमा भएपनि नदीको किनारभन्दा केही टाढा र समतल जमीनभन्दा केही उठाएर बनाइएका देखिन्छन् । यसरी घर बनाएर बस्नाले वर्षातको समयमा नदीमा बाढी आउँदा र समतल मैदानमा पानीको लेभल बढेर उठ्दा घरभित्र पस्न पाउँदैन । धिमाल-घरको अगाडि एउटा चोक जस्तो सामूहिक शालिङ (आँगन) हुन्छ । यो आँगनले धिमालहरूको पारिवारिक जीवनमा मात्र होइन, सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवनमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । किनभने यही आँगनमा धिमाल बूढाबूढी, युवा-युवती, केटाकेटी सबै हिउँदमा बिहान-बेलुका ठूलठूला मूढा लडाएर मेपोन्दो (आगोको धुनी) ताप्दछन् र कति अनेकथरीका गफ हाँक्दै नालचापाका (गाउँखाने कथा) खेल्छन् भने अर्कोतिर आवश्यकतानुसार विभिन्न अन्न धान, गहुँ, तोरी आदि थुपार्ने र सुकाउने काम हुन्छ । अनि कहिलेकहीं इष्टमित्रहरूलाई चाड-पर्वमा बोलाई भोज-भत्यार पनि हुने गर्दछ । विवाह-उत्सव, भोजभत्यार, पूजा-आजा, नाचगान आदि सम्पन्न हुने धामीझाँक्री देखाउने काम पनि यहीं हुन्छ । यहीं धिमाल केटाकेटीहरू आफ्ना परम्परागत खेलहरू खेल्छन् । यही आँगनको एक छेउमा प्रायशः तानबुन्ने एक ठाउँ पनि बनाइएको हुन्छ । शालिंगबाट धा (सिकुवा) पुग्न एउटा व्यक्तिले जहिले पनि पाइरो (लिस्नु)को सहयोग लिनुपर्ने हुन्छ । पाइरो घर हेरी लामा-छोटा र केही सिंढीहरू सहितका हुन्छन् । धिमाल-घरहरू प्रायशः जमीनबाट केही उठाई बनाइने हुनाले सिकुवामा उक्लन पाइरो (लिस्नु या भऱ्याङ) अनिवार्य नै हुन्छ । दलानमा उक्ली सकेपछि घरमा पस्ने फिनु (दैलो) बीचमा एउटा हुन्छ । दैलो घरअनुसार सानोठूलो भएपनि प्रायशः एउटै हुन्छ । यस्तो दैलो धेरैजसो बाँसका भाटालाई टाटी पारेर बनाइएको हुन्छ । तर आजकाल राम्रा-राम्रा काठका बुट्टा राखेर बनाइएका काठका पनि भेटिन्छन् । यही मूल ढोकाको चारैतिर रंगविरंगका खास गरेर सूर्य, चन्द्र, चराचुरुंगी तथा विभिन्न फूलहरूको बुट्टा माटामा कुँदेर सिंगारिएको हुन्छ । यसलाई 'मुख मारिका' भनिन्छ । यस्ता बुट्टाहरू सिकुवाको बाहिरपट्टिको भित्तामा पनि कोरिएका हुन्छन् । त्यहाँ पशुपक्षीमा हात्ती, मृग, मुजुर, सुगा आदिका बुट्टाहरू पनि हुन्छन् । धिमालहरू घरमा सबैभन्दा बढ्ता महत्त्व मुलिंग (मूलखाँवा) लाई दिन्छन् । खाँवाहरूमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
मिलाएर चिटिक्क पारेर माटाका चाकी (खोपा) बनाइएका हुन्छन् । चाकीमा उनीहरू काँगियो, तेल, ऐना, टुकी आदि सानसाना घरेलु वस्तुहरू सुरक्षित रूपले राख्ने गर्दछन् ।

धिमाल-घरको मध्यभागमा उभिने एक खाँवो केही अलगो भएपनि दुइतिरका खुन्ती (कुमको खाँबा) केही छोटा हुन्छन् । उनीहरू धुरीको बलो र कुमको बलोलाई आफ्नो भाषामा 'दिग्री' र 'मान्दल' भन्दछन् भने डाँडा, भाटा र बातालाई क्रमशः कोरा, बाती र छेउका भन्दछन् । यसैगरी ती छाउने पराल तथा खरलाईसिका भन्द-छन् । बेरेम् (भित्ता) मलवाँसको चीममा भित्र बाहिर दुवैतिरबाट माटोले सपक्क लिपेर चिल्लो पारी बनाइएको हुन्छ । धिमाल-घरमा झ्याल हुँदैन, केवल मूलढोका-माथि बाँसको भाटा मिलाएर चारपाटे सानो आँखीझ्याल जस्तो "झन्ग्रौरी" हुन्छ । धिमाल-घरमा हावा-आउने जाने र उज्यालो पस्ने यही एउटा बाटो मात्र खुल्ला हुन्छ । त्यसले घरभित्र प्रायशः अँध्यारो हुन्छ । धिमाल-घरको सरदर लम्बाइ १०।१२ हात र चौडाइ ८।१० हातसम्मको हुन्छ । घर त्यति अग्लो नभएर सामान्यतया होचो भएपनि केही मान्छे घरभित्र सजिलै उभिन र हिंडडुल गर्न सक्तछन् । धिमालहरूसँग परम्परागत बाकस छैनन्, ती आफ्ना लुगाफाटा पट्चाएर रोटी तथा राम (माटाका हाँडी तथा घ्याम्पा)मा राख्तछन् ।

धिमाल-घर एक्लो भए, दायाँ बायाँ सहित नभए, केवल पछाडि मात्र भएपनि आलु, गोलभेंडा, प्याज, खोर्सानी आदि रोप्ने सानो कोठेबारी पनि हुन्छ । कतैकतै केही धनीमानी धिमालहरूको घरमा टिन र सिमेन्ट प्रयोग भएको देखिएपनि बहुसंख्यक धिमालहरू परम्परागत रूपमा घरबनाउँदा स्थानीय सामग्री वा विशेषतः बाँस, पटुवा, काठ, खर, पराल आदिको नै प्रयोग गर्दछन् । धिमाल-घरको बनौट र निर्माण-सामग्रीहरूलाई ध्यानमा राख्दा ती मदेशको अति गर्मी र अति वर्षाबाट केही बच्ने र बचाउने उद्देश्यले बनेका देखिन्छन् । सूर्यको किरणलाई सीधा पस्न नदिन गर्मीलाई संग्रहित हुन नदिन नै धिमालहरू घरका भित्तामा तथा भूइँमा माटो लिप्तछन् भने घरको छानोलाई भिरालो पारेर तलसम्म ओरालदछन् र प्रायशःती फुसका हुन्छन् । छाना छाउनुपर्दा उनीहरू खरलाई नै प्राथमिकता दिन्छन्, तर आवश्यक खर समयमा संकलित हुन नसके मूलघर बाहेक अन्य घरहरू छाप्न ती उमनारा (पराल) पनि प्रयोग गर्दछन् । धिमालहरूले घर छाउन प्रयोगमा ल्याउने खर पनि तीन प्रकारका छन्:– सिरूको खर, काँसको खर र लामे खर । यी खर तथा परालले फुसका घरहरू अति गर्मी र अति वर्षाको दृष्टिले सुरक्षित भएपनि फागुन चैतको बेला मदेशमा प्रतिवर्ष जस्तो लागिरहने आगलागीको दृष्टिले अत्यन्त खतरापूर्ण र असुरक्षित छन् ।

धिमाल-घरका छाना चारपाखे हुन्छन् र ती सबै पाखाहरू घरको धुरीबाट

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
क्रमशः भिरालो पर्दै ओर्लिन्छन्, तर तिनको आकार केवल दुइ प्रकारको हुन्छ । अगाडि र पछाडिको पाखो समकोण चतुर्भुजीय हुन्छ भने तिनलाई जोड्ने दुइ छेउको पाखा त्रिकोणीय हुन्छ र ओर्लिदै जाँदा फुक्दै जान्छन्। अगाडिको पाखो सधैं नै सिकुवामाथिको अर्को तेर्सो पाखोसँग गाँसिएको हुन्छ । धिमाल-घरको छानाको यो शैली अधिराज्यको मध्य-पहाडी भेकका घरको शैलीसँग मिल्दछ। तर पहाडी फुसका घरका तुलनामा धिमाल घर आकारमा निकै साना हुन्छन् । कहिले कहीं केही ठूला घरमा दुइटासम्म कोठाहरू भएपनि धेरैजसोमा एउटा मात्र कोठा हुन्छ। धिमाल-घरमा पहाडका घरहरूमा जस्तो छुट्टै अगेनो हुँदैन, केवल आखा (चुलो) मात्र हुन्छ। यस्तो चुलो विशेषतः देउता रहने मूलघरको एउटा कुनामा वनेको हुन्छ, जहाँ ती आफ्ना दैनिक खाना दाल, भात, तरकारी आदि बनाउँछन्।

धिमालहरू अगेनाको काम माथि उल्लेख भएको शालिङ्को मेपोन्दो (अगेना) बाटै लिन्छन्। आँगन तथा सिकुवा वास्तवमा धिमाल पारिवारिक जीवनका केन्द्र हुन्, किनभने बिहान-बेलुकी परिवारका सदस्य र नाता कुटुम्वका साथै साथी-भाइ भेला भएर सन्चो-सुविस्ता र दुःख-सुखका कुराकानी गर्ने स्थान यिनै हुन्। विहान-बेलुकी आँगनमा मेपोन्दो नभए ती आफ्ना पाहुना तथा मान्यजनलाई सिकुवामा गुन्द्री विछ्याएर स्वागत सत्कार गरी खानपान गराउँदछन्।

धिमालहरू खाना खाँदा काठको चारपाटे पिरामा बसेर खान्छन्। उनीहरूको खाना खान बस्दाको आफ्नै परम्परागत बसाइको व्यवस्था हुन्छ। ती नाता तथा उमेरको ज्येष्ठताको क्रमलाई मान्यता र प्राथमिकता दिएर लहरै बस्दछन् । लोग्नेमान्छेहरूले खाइसकेपछि मात्र स्वास्नीमान्छेहरूको पालो आउँछ। यसको कारण सोद्धा स्वास्नीमान्छेहरूले खाना बनाउने हुनाले हो भन्दछन्। बसाइको यो क्रमलाई अरूवेला त्यति वास्ता नगरिएपनि विशेष चाडपर्व र भोज-भत्यारमा भने निकै नै ध्यानमा राख्ने कुरा बताउँछन्।

धिमालहरू खाना खाइसकेपछि भान्साघर या चुलामा बेलुकी जहिले पनि दालभात पकाएका जूठा भाँडाहरू नधोई राख्ने गर्दछन्, किनभने उनीहरूको विश्वासमा राति पितृ आएर खाना खान्छन्।

कहीं कहीं एक वा दुइतले घर भेटिएपनि वहुसंख्यक धिमाल-घर भुइंतले-हुन्छन्। तर सबैजसो यस्ता घरमा जहाँ पनि अगाडिपट्टि सिकुवा र आवश्यकतानु-सार पछाडिपट्टि पाली पनि जोडिएको हुन्छ। ती पालीमा गाईवस्तु बाँद्धछन् भने सिकुवामा विस्कुन सुकाउने तथा चामल केलाउने कार्य पनि गर्दछन्।

वनौटको दृष्टिकोणले भने धिमाल-घरहरू दुइ प्रकारका हुन्छन् । यिनलाई ती क्रमशः "थारनचासा" र "पुराइकासा" भन्ने गर्दछन्। काठ वा बाँसका खम्वा गाडी टाँड उठाई बनाइएका घरहरू "थारनचासा" हुन् भने माटो उठाई बनाइएका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
घरहरू "पुराइकासा" हुन् । टाँडपारेर बनेको होस् या माटो उठाएर बनेको होस्, धिमाल-घरहरू जहिले पनि जमीनमाथि केही उठाएर बनाइएका हुन्छन् । तराईमा यसरी उठाएर घर बनाउनका आफ्नै फाइदाहरू छन् । एकत वर्षातमा जलामय भएपनि घरभित्र पानी आउँदैन, दोस्रो घरभित्र विविध प्रकारका विषालु, फोहरी कीराहरू पस्न पाउँदैनन् ।

सबैजसो धिमाल गाउँहरूमा माटो उठाएर बनाइएका घरहरू नै बढी भेटिएका छन् । यस्ता घरलाई उनीहरू "पुराइकासा" मात्र नभनी कहिलेकहीं "गीला-भेकासा" अर्थात् गीलो माटोको घर पनि भन्ने गर्दछन् । हुन पनि "पुराइकासा" बनाउँदा धिमालहरू सुकेका तोरीका डाँठ गीलोमाटोमा मिसाएर डल्ला पार्दै एकमाथि अर्को थप्दै पर्खाल लगाएझैं गरी घरले ओगट्ने चारैतिरको भाग जमीनबाट आवश्यकतानुसार उठाउँछन्, र बाहिरपट्टिबाट पनि माटोले नै लिपेर चिल्याउँछन् यसरी उठेको भागको बीचको खाली भाग पनि भए गीलो माटोकै डल्ला, नभए फुका माटोले भए पनि पुर्दछन् ।

टाढाबाट देखिदा पुराइकासा र थारनचासा झण्डै एकै देखिएपनि "थारनचासा-को जमीनबाट उठाउने निर्माण-विधिमा भिन्नता पाइन्छ । थारनचासा बनाउँदा माटोका डल्ला थपेर उठाउनुको साटो जमीनदेखि माथि आवश्यकतानुसार पहिले २/२½ फिटदेखि ४/५ फिटसम्म अग्लो काठको टाँड बनाइन्छ। यसपछि बनाइने क्रमशः सिकुवा तथा घरका अन्य भागको निर्माण-विधिमा खास अन्तर छैन । ती समान विधि र सामग्रीले बनाइन्छन् । थारनचासाको नाममा आजकल धिमालहरू खाँवा गाडी अग्ला घर पनि बनाउने गर्छन् । तर पनि धिमालहरू पुराइकासा नै तराईको हावापानी एवं पर्यावरणलाई ध्यानमा राखी बस्न सजिलो र सुविधाजनक हुने कुरामा विश्वस्त छन् । उनीहरूको भनाइमा यस्ता घरहरू सर्दी-गर्मी दुवै वेला उपयुक्त हुन्छन्, किनभने तोरीको डाँठले माटोमा मिसिएर घरमा चिसो या सर्दी लाग्न र सर्नबाट रोक्दछ ।

आवश्यकतानुसार धिमालहरू साना-साना घर पनि बनाउने गर्छन् । धिमालहरूको घरको धारणाले मूल घर वरिपरिका अन्य ससाना घर समूहलाई-समेत जनाउँदछ । धिमालहरूसँग तिनको उपयोगिता अनुसारका छुट्टा-छुट्टै नामहरू पनि छन् , ती हुन्ः–"उमगाकासा"(भान्साघर), भकारसा (गोदाम), चिताकासा (पानीघर), बासघोरासा (हावाघर), पिशाल (गोठ) कियाखोतार (कुखुराको खोर), पायाखोतार (सुँगुरको खोर) र मेशाको खोतार (बाख्राको खोर) । साधारणतया एउटा सम्पन्न धिमाल या माझी (मुखिया) या वृहत् परिवार भएका व्यक्तिसंग यस्ता घर-समूह हुने गर्दछन् ।

धिमालहरू साकोदिर (घरेलु देवी-देवता) भएको घरलाई मूलघर मान्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यस्तो घरमा आफ्ना कुलका पितृहरू निवास गर्दछन् भन्ने उनीहरूको धारणा छ। त्यसैले ती मूलघरलाई वाडासा (ठूलोघर) भन्दछन्। यो घरको उत्तर कुनामा केही माटाको ढिस्को उठाएर शाकोदिर अथवा शाली राखिएका हुन्छन्। देवता भएको हुनाले यो घर जहिले पनि पूर्वतिर फर्केको हुन्छ। त्यसैले "वडासा" लाई व्यवहारमा पश्चिमघर पनि भन्ने गरिन्छ।

धिमालहरू प्रायशः लहरै एकै स्थानमा सुत्ने गर्दछन्। उनीहरूकहाँ परिवारका सदस्य सुत्ने निश्चित स्थान स्थिर हुँदैनन्। एकात्मक परिवारका सबै सदस्यहरू मूलघरमै मिलेर सुत्दछन् भने संयुक्त परिवारका सदस्य भान्साघर र मूलघरमा बाँडिएर सुत्दछन्। सम्पन्न धिमाल परिवारका छोरीहरू एक कोठामा, छोराहरू अर्को कोठामा र बाबुआमा फरक कोठामा सुत्ने गर्दछन्। यस्तो तबमात्र संभव हुन्छ, जब उनीहरूसँग विभिन्न कोठा भएको ठूलो र तला भएको घर हुन्छ। तर भुइँतला भएको घरमा परिवारका सबै सदस्यहरू मात्र होइन, नजीकको नातेदार पाउना भए उसलाई पनि घरभित्रै सुत्न दिने चाँजो मिलाइएको हुन्छ।

भान्सा घरको घरदेखि अलग वेग्लै व्यवस्था हुन नसके मूलघरमा घरका देवता राखेको स्थानदेखि अलि टाढा कुनै एक ठाउँमा चूलो बनाइएको हुन्छ। तर प्रायशः भान्साघर मूलघरदेखि अलग हुने गर्छन्। अलग बनाउन नसके धिमालहरू मूलघरमा पाली गाँसेर पनि भान्सा घरको काम लिने गर्छन्। भान्साघरमा आवश्यकतानुसार १ देखि ३ वटासम्म चूल्हाहरू बनाइएका हुन्छन्। पानी राख्ने स्थान धिमाल घरमा अक्सर भान्सा घरकै एक कुनामा हुन्छ। तर कहिले कहीं धिमालहरू पानी राख्ने चिताकासा (पानीघर) अलग्गै बनाउने गर्दछन्। यो स्थान पानी चल्ने सबैजातका सदस्यहरूका निमित्त खुला रहन्छ। तर यो धेरैजसो भान्सा घरको नजीकै जमीनबाट केही उठाई बनाइन्छ। पानीलाई चर्को घाम र बाक्लो धूलोबाट बचाउन छानो लगाएर छोपिएको हुन्छ।

धिमालहरू धनसारलाई आफ्नो भाषामा भकारसा भन्दछन्। आकार अनुसार भकारसा गोलो र चारकुने दुइ प्रकारको हुन्छ। यिनीहरूलाई क्रमशः चेवारी र भकार भनिन्छ। यी पनि टाँड उठाएर बनाइएका हुन्छन्। त्यसैले ती जमीनदेखि केही माथि उठ्ने गर्दछन्, बीचमा पाईरो पनि जोडिएका हुन्छन्। यिनमा आवश्यकतानुसार भित्र मान्छे पस्न हुने र ढोका लाउन मिल्ने एउटा सानो झ्याल पनि राखिएको हुन्छ। धनसारबाट पहिलो पल्ट धान बाहिर निकाल्दा भकारपूजा गर्नु आवश्यक हुन्छ, तर थन्क्याउँदा भने खास केही गरिरहन पर्दैन।

धिमालहरू भकारदेखि बाहेक खाडल खनेर पनि धान सुरक्षित राख्ने गर्दछन्। यो चलन धिमालहरूसँग निक्कै पहिलेदेखि नै थियो। धिमालहरू घरमा घरेलु

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पशुपक्षी पनि पाल्दछन् । त्यसैले सुँगुर, कुखुरा र खसी बोकाका आफ-आफ्नै खोर पायाखोतार, कियाखोतार र मेखाकोखोतार हुन्छन् । ती मूलघर तथा भान्सा घरभन्दा केही पर छुट्टै बनाइएका हुन्छन् । उनीहरू हाँस र कुखुरालाई थोरै भएमा एउटै खोरमा थुन्ने र पाल्ने गर्दछन् । उसैगरी ती गाईवस्तु बाँध्ने तथा पाल्ने पिशाल (गोठ) पनि भरसक छुट्टै बनाउने गर्दछन् । तर अन्य पशुपक्षीहरू थोरै भएमा "थारनचासाको" टाँडमुनि राखेर पनि पाल्ने गर्दछन् ।

धिमालहरू खाने-पानी तराईका अन्य जातिले झैं इनारबाट बाल्टिन र डोरीको सहायताले निकाल्दछन् । यस्ता इनारहरू पनि सारा गाउँले चलाउने सामूहिक र कुनै एक घरले मात्र चलाउने पारिवारिक हुन्छन् । सामूहिक इनार गाउँमा बाटाका छेउछाउमा बनाइएका हुन्छन् भने पारिवारिक इनार घर-घडेरीभित्र बनाइन्छन् । धिमालहरूको इनार बनाउने तरीका पनि आफ्नै प्रकारको र विशेष ढङ्गको छ । इँट-ढुंगाबाट बनेका इनार धिमाल गाउँमा उति पाइँदैनन् । इनार बनाउँदा उनीहरू गोलो काठलाई भित्रबाट ताछेर पातलो बनाई जमीनभित्र बढी भाग गाडेर करीब ३।४ फिट जति जमीनको सतहमाथि निकाल्दछन् । यस्तो इनारको सरदर लम्बाइ १५।१६ फिटसम्म भएपनि चौडाइ भने केवल ४।५ फिटको मात्र हुन्छ ।

"बासघोरासा" (हावाघर) सबैकहाँ हुँदैन, तर धिमाल-समाजमा यसको आफ्नै महत्त्व र उपयोगिता छ । बासघोरासा एक प्रकारले छरछिमेकी र इष्टमित्रहरू भेला भएर गर्मीमा हावा खाँदै गफगाफ र कुराकानी गर्ने सामूहिक स्थल हो, यसले गर्मीमा हिउँदको बेलाको मेपोन्दोले झैं काम गर्दछ । धिमालहरूका अन्य घरहरू झैं यो पनि जमीनबाट उठाई बनाइएको हुन्छ, तर हावाघर भएकाले यसका चारैतिर पर्खाल हुँदैन, खुला हुन्छ । फलस्वरूप वर्षा र हिउँदमा बाछिटा र जाडोले गर्दा सामान्यतया यस्ता घरहरू काम नलाग्ने हुन्छन् ।

दिसा-पिसाप गर्न पर्दा ती प्रायशः खोला-खोल्सी, पोग्रा-पोग्री तथा ढिस्को पछाडि जान्थे । यसलाई उनीहरू जङ्गल पस्नु र मैदान जानु पनि भन्दथे । यसैगरी आजकल पनि बहुसंख्यक धिमालहरू मैदान जान्छन्, तर तिनीहरूसँग मूलघरभन्दा केही टाढा जमीनमा खाल्डो पारेर कतै बोराले, कतै सण्ठीको सिटाले तीनतिर बारी एकतिर ढोका राखिएका चर्पी हुन्छन् । खेतबारी र कान्लामा दिसा-पिसाब गरिसकेपछि माटाले पुर्ने चलन पनि उनीहरूसँग थियो भन्ने भनाइ छ ।

हुनेखाने धिमालहरूले आजकल डकर्मी, सिकर्मीलाई रोजगारीमा लगाएर घर बनाउन थालिसकेका छन् । तर धिमालहरू अझै पनि आफ्नो घर आफैं बनाउँछन् । गृह-निर्माणको यो क्रममा धिमाल पुरुषहरू खाँबा उभ्याउने, छाना छाउने, भित्ता उठाउने काम गर्छन् भने धिमाल महिलाहरू घर लिपपोत र सिंगारपटार गर्ने कार्य गर्दछन् । धिमाल-घरको "मुखमारिका" र अगाडिको भित्ता भित्ते चित्रहरूले

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सिगार्ने काममा प्रायशः महिलाहरू नै अगि सर्दछन् । धिमाल गाउँको कुनै एक व्यक्तिको घर बनाउँदा घरको जनले नभ्याउने र नसक्ने भएमा छिमेकीहरू मिली सामूहिक सर-सहयोग लिने-दिने गरी बनाउँछन् । यसरी सामुदायिक श्रम लगाउने कार्यलाई ती "हौली" गर्नु भन्दछन् । हौली गर्दा छर-छिमेकीले आवश्यकतानुसार जङ्गलबाट खर काटी ल्याएर नयाँ घरको छाना छाउने र पुरानो घरको छाना फेर्ने कार्य पनि सम्पन्न हुन्छ ।

धिमालहरू घडेरी हेरी घर बनाउने स्थान निश्चित गरेपछि उक्त ठाउँमा घर बनाउन उचित छ-छैन थाह पाउन विभिन्न उपायहरू अपनाउँदछन् । यस्तो उपाय अपनाउँदा ती मुख्यतया निम्न वस्तुहरूलाई माध्यमका रूपमा प्रयोग गर्दछन्ः—

(क) सपना
(ख) अक्षता
(ग) तुलसी-पत्ता
(घ) तामाको पैसा
(ङ) काँचो धागो

(क) **सपना**

सबैभन्दा पहिले घरको मूली या पुरोहितद्वारा घर बनाउने ठाउँको माटो ल्याएर सिरानीमुनि राखिन्छ र धरती, माई, लक्ष्मी, वेरांग, ग्राम ठाकुर आदि गाउँका ठूला देवी-देवताहरूको स्मरण गरेर यो ठाउँको जग्गा जमीन के कस्तो छ, सत्य-असत्य उचित अनुचित देखाइदेऊ भनी सपना मागिन्छ । देखाएको परिश्रम (कृपा) को निमित्त यस्तो उस्तो चीज दिन्छु भनेर निउता (निम्ता) गरेर मानता (भाकल) पनि गर्दछन्, निउता दिंदा अक्सर सुपारी राख्ने चलन छ ।

मागेको सपनामा केरा ढलेको, दाँत फुक्लेको, रूख लडेको, खोलामा बाढी आएको, गाग्रो फुटेको, फर्सी छानाबाट खसेको, आफ्नो घरको वस्तु निस्केर भागेको देखे नराम्रो मानिन्छ र सो ठाउँमा घर बनाइँदैन ।

तर चारखुट्टे वस्तुभाउमा गाई आइबसेको, आफूभन्दा ठूला मान्यजन या बूढापाका आइबसेको, पितृहरू आइबसेको, भेला भएको मान्छेले दूध-दही, रक्सी-जाँड तथा माछा-मासु जीउँदै या पकाएको ल्याएको देखे राम्रो मानी घर बनाउने काम थालिन्छ ।

(ख) **अक्षता**

पहाडतिर धामीले थालमा अक्षता राखेर जोखना हेर्दा झैं चामल जोर-जोर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
पारी गनेर या छुट्टा-छुट्टै केही थुप्रो लगाएर घर बनाउने जग्गामा अरूलाई थाह नदिई अगिल्लो साँझ एक ठाउँमा राखिन्छ र भोलिपल्ट गएर जाँच्ने काम हुन्छ । यसरी थपक्क राखिएका अक्षता केही हराए, छरिए या तितर-बितर भएको भेटिए अशुभ मानिन्छ र उक्त स्थानमा घर बनाउन अनुपयुक्त ठानिन्छ । तर राखेको चामलको थुप्रो या संख्या बढेमा खूब शुभ मानिन्छ । यसैगरी थप-घट केही नभई यथास्थानमा यथास्थितिमा भेटिए पनि ठीकै मानिन्छ र घर बनाउने काम शुरू हुन्छ ।

(ग) तुलसी-पत्ता

घर बनाउने स्थानको उपयुक्तता र अनुयुक्तता कहिलेकहीं अक्षताको साटो तुलसीको पत्ताद्वारा पनि जाँचिन्छ । यसरी राख्दा जहिले पनि एकजोर तुलसीको पत्ता घडेरीको कुनै स्थानमा पोट पारेर राखिन्छ । उक्त घोप्टाइएका पातहरू अर्को दिन दुइटै चीत परेको उत्तानो भेटिए अत्यन्त उपयुक्त र राम्रो मानिन्छ र एउटा मात्र भएमा सुख-दुःख बराबर हुने अन्दाज काटिन्छ । राखिएका दुबै पात यथास्थानमा नभई हराएमा अत्यन्त नराम्रो मानिन्छ, त्यसैले एउटा मात्र हराए पनि उक्त स्थानमा घर बनाउने काम गरिंदैन ।

धिमालहरू तुलसी-पत्ताको प्रयोगले घर बनाउन हुने र नहुने कुरा मात्र पत्तो लगाउँदैनन्, बनेको नयाँ घरमा सर्न हुने र नहुने पनि उसै गरी छुट्याउने गर्दछन् ।

(घ) तामाको पैसा

घर बनाउन चाहेको स्थानमा कुनै साँझ तामाको पैसा लगी इच्छाअनुसार चीत या पोट पारेर राखिन्छ र चीतको पोट र पोटको चीत होस् भ ेर मनमनै इच्छा जाहेर गरिन्छ । भोलिपल्ट पैसा भनेको जस्तो भेटिए उक्त स्थान घर बनाउनको निमित्त अत्यन्त राम्रो मानिन्छ, तर जस्ताको तस्तै भए साधारणतः ठीकै र हराएमा एकदमै नराम्रो मानिन्छ र बनाइँदैन ।

(ङ) काँचो धागो

काँचो धागोले घर बनाउन चाहेको ठाउँ हेर्न खोज्दा पहिले सो स्थानको चारै सुरमा काँचो धागो टाँगेर सुर-सुरमा अक्षता राखी गाड्ने काम हुन्छ । यसो गर्दा धागो जस्ताको तस्तै यथावत् भए राम्रो, तर अलमलिए या चुँडिए नराम्रो मानिन्छ र साइत ननिस्केको ठानिन्छ ।

यस्ता विविध विधि तथा रीति गर्नुको मूल कारण त्यस जग्गाको देउतासँग स्वीकृति लिनुको साथै त्यहाँ ओहोर-दोहोर गर्ने भूत-प्रेत, स्ये-जागिन्न आदिलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पन्साउन र मन्साउन गरिएको मानिन्छ। धिमालहरू जग्गा जमीनको खरीद बिक्री गर्दा त्यहाँका देवी-देवता समेत आउने-जाने कुरामा विश्वस्त छन्। यसरी विचार गरी राम्रो र ठीक ठहरिएको स्थानमा सबैभन्दा पहिले घरको मूलिङ (मूलखम्वा) उभ्याइन्छ। तर यस्तो घर बनाउने शुभ-कार्यको थालनी उनीहरू शनिवार र मङ्गलवार गर्न मान्दैनन्। मूल खाँवा उभ्याउन तयार गरिएको खाडलमा पहिले नै दूवो, तामाको पैसा, अक्षता, फलामको एक टुक्रा राखी एक लोहोटा चोखो पानी (विशेष गरेर कन्ने केटीले भोको पेटमा ल्याएको) खन्याइएको हुन्छ। उभ्याइने मूल खाँबाको टुप्पामा पनि पीपल, वेल, आँप, सखुवा आदिका पात उनिएको हुन्छन् र शुद्ध र काँचो धागोले त्यसलाई ७ पल्ट फनफनी घुमाएर बेरिएको हुन्छ। यी सबै विशेष आनुष्ठानिक विधि पुऱ्याएर उभ्याइएको मूल खाँवो अरू दुइ कुमका खाँबाभन्दा कदाचित् अग्लो-होचो भइहाले सामान्यतया चलाइँदैन। अग्लो भए त्यसलाई होचो गराउने काम गर्दै गरिंदैन, वरु होचो भएमा चाहिं अग्लो बनाउने काम गराइन्छ। मूल खाँबो ठीक भएमा सबै ठीक हुन्छ भन्ने विश्वास धिमाल-समाजमा प्रबल र जीवन्त छ। मूलिङ थरका धिमालहरू त मूलिङ (मूल खाँवो) लाई नै केन्द्र बनाएर यसकै वरिपरि विवाहका विविध रिवाजहरू सम्पन्न गर्ने गर्दछन्। मूल खाँबो गाडिसकेपछि घर बनाउँदाको अर्को महत्त्वपूर्ण कार्य धिमालहरूको भनाइअनुसार छाना छाउने काम हो। छाना छाउने कार्य पनि मूल खम्वा उभ्याउँदाजस्तै तिनीहरू मङ्गलवार र शनिवार गर्दैनन्।

घर बनाउन अगि कुखुरा, रक्सी आदि चढाएर घडेरीमा धूप-धूवाँर र पूजा-आजा गर्ने गर्छन्। तर घर बनाइसकेपछि पहिलो पल्ट घर-प्रवेश गर्दाको अनुष्ठान झन् विशेष र महत्त्वपूर्ण हुन्छ। यस वेलामा धिमालहरू आफ्ना कुल-कुलायनलाई मान-मनितो गरी आफ्ना इष्ट-मित्र, नाता-कुटुम्व तथा घर-हौलीका सहभागीहरू सबैलाई वोलाएर गच्छेअनुसार भोज-भतेर पनि गर्दछन्। भोजमा उनीहरू प्रायशः चुहाइका गोरा (रक्सी), मुन (चिउरा) तथा पाया (सुँगुर) को मासु चलाउँदछन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

थर र उपथर

धिमाल भर्खरै देखापरेको या विकसित भएको नयाँ जातिको नाम होइन । यिनीहरूको उत्पत्ति र विकासको इतिहास पुरानो र लामो छ, तर कुनै प्राचीन पुस्तक-पुस्तिका तथा लिखित वंशावलीहरूमा उनीहरूको उल्लेख भएको प्रसंग अहिलेसम्म भेटिएको छैन । धिमालहरू जातीय दृष्टिले मंगोल स्कन्धको हिन्द-मंगोल शाखामा पर्ने विषयको चर्चा जाति-परिचयको सिलसिलामा भइसकेको छ। तिनीहरू आफैं पनि विविध कारणले पहाडका राई-लिम्बुहरू र मदेशका थारू-कोचे-मेचेहरूसँग जातीय रूपले नजीकको सम्बन्ध भएको कुरा स्वीकार्दछन् र आफूहरूलाई उनीहरूकै तहमा राख्न रुचाउँछन् । तर कालक्रमानुसार ती विविध हिन्दू जातिहरूको संपर्कमा आएर हिन्दू-संस्कृतिकरणको लपेटामा पर्दै गइरहेछन् । यस क्रममा उनीहरूले अनेक हिन्दू, देव-देवता, रीति-रिवाज, संस्कार एवं मान्यता-हरू स्वीकार गर्दै गइरहेछन् । तर हिन्दू-समाजमा प्रचलित-वर्ण व्यवस्थामा जस्तो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
जातीय श्रेणीबद्धता धिमाल समाजमा भेटिंदैन।

गोत्र सोद्धा उनीहरू हिन्दू-जातिका अन्य सदस्यहरूले झैं आफ्ना आदि पुर्खाका रूपमा कुनै सृष्टि या व्यक्तिको नाम लिंदैनन् बरु काशी गोत्र या लासा गोत्र भनी स्थानविशेषलाई संकेत गर्दछन्। यसबाट धिमालका पूर्वजहरू कोही काशीतिरबाट र कोही लासातिरबाट आएर क्रमशः बसाइँ सर्दै नेपाल अधिराज्यमा पसेको अनुमान गर्ने आधार प्राप्त हुन्छ। तर धिमाल-जातिमा सगोत्री विवाह वर्जित छैन, प्रचलित छ। अतः गोत्र शब्दले साझा वंशानुक्रमलाई जनाउँदैन। वास्तवमा धिमाल-समाजमा प्रचलित गोत्र-परंपराको कुनै सामाजिक उपयोगिता भेटिंदैन र गोत्रको यो धारणा उनीहरूकहाँ नेपालका अन्य हिन्दमङ्गोलसमूहका विशेष गरेर राई-लिम्बू समुदायको प्रभावले भित्रिएको र विकसित भएको अनुमान हुन्छ।

सामान्यतया माईखोलालाई साँध मानेर धिमालहरू पूर्वेली र पश्चिमेली भनी आफूहरूलाई छुट्याउँछन्। तर यो जातीय तथा उपजातीय विभेद नभएर केवल भौगोलिक विभेद मात्र हो। यी दुइ समुहहरूमा केही भाषिक, धार्मिक तथा सांस्कृतिक भिन्नता प्रष्ट खुटचाउन सकिन्छन्। यसको मूल कारण उनी-हरूको संपर्कमा आउने त्यस क्षेत्रको अन्य जातिका सामाजिक-सांस्कृतिक प्रभाव र सांस्कृतिकरणको प्रक्रिया नै हो। यसले उनीहरूको विविध थरले मान्ने गरेको विधि-निषेध तथा मृत्यु-संस्कारको विशेष रिवाजहरूमा विशेष असर पारेको देखिएको छैन। त्यसैले धिमाल-समाजको जातीय स्वरूपलाई स्पष्ट गर्न पर्दा हामीले उनीहरूको थर र उपथरको चर्चा गर्नुपर्ने हुन्छ। तर धिमालहरूका विविध थर तथा उपथरहरू बीचमा कुनै किसिमको सामाजिक वर्गीकरण भेटिंदैन। सबैको सामाजिक प्रतिष्ठा थरको आधारमा समान देखिन्छ। यसरी धिमाल समाजमा थर तथा जातको निर्माण पेशाअनुसार वर्गीकृत छैन। तिनमा पानी चल्ने र नचल्ने भनी ठूलो र सानो जातको विभेद गरिएको पनि भेटिन्न। धिमाल भाषामा उनीहरूको थर तथा उपथरलाई जनाउने विशेष शब्दावली पनि भेटिएको छैन। ती एकै थरका सदस्यहरूलाई संकेत गर्न पर्दा "हारा" भन्ने गर्दछन्। अर्को शब्दमा "हारा" भनेको हकवाला हो। एक थरका सदस्यहरू एक कुलका सन्तान हुन् भन्ने प्रबल धारणाले गर्दा नै एक थरका सबैलाई "हारा" वा "हकवाला" भनिएको हो। हकवालाहरू विवाह, मृत्यु, आदि संस्कारहरूमा आउने-जाने गर्दछन्। अन्यथा ती थरको समूहबाट एक्लिने र दण्डित हुने हुन्छन्। यसै गरी एक थरका सदस्यहरू बीच वैवाहिक सम्बन्ध पनि गाँसिनु हुँदैन भन्ने उनीहरूको भनाइ छ। त्यसैले थर धिमाल-समाजमा एउटा न्यूनतम बाह्य वैवाहिक एकाइको रूपमा देखिन्छ तर व्यवहारमा यस्तो चलनमा ती पूर्णतः बाँधिएका भेटिंदैनन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पितृसत्तात्मक समाज भएकोले धिमाल-जातिमा थर पिताबाट पुत्रमा सर्दै जान्छ । केही अपवाद थाह लागे पनि सामान्यतथा बाबुबाटै छोराको थर स्थिर हुन्छ । तथापि बहुसंख्यक धिमालहरू आफ्नो थर तथा उप-थरप्रति सचेत र संवेदनशील भेटिंदैनन् । ती आफ्नो थरलाई नामसँग जोडेर पनि उति प्रयोग गर्दैनन् । केवल धिमाल भन्छन् र पुऱ्याउँछन् । तर धिमालहरूका विभिन्न थर र उपथरहरू छन् । निश्चित थरका धिमालहरूले निश्चित बसोबासित क्षेत्र ओगटेको पनि पाइँदैन ।

एउटा थरका धिमालहरू सबै "हारा" मानिएकोले उनीहरूको एउटै जाउटागेलाई (पितृ) हो भन्ने विश्वास उनीहरूमा बलियो छ । तर ती आफ्ना पूर्वज एवं पितृहरूका विषयमा जानकारी उति राख्दैनन् । ती प्रतिवर्ष चाडबाडमा पितृपूजा गर्न चुक्दैनन् । तर दुई तीन पुस्ताभन्दा माथिका व्यक्तिको नाम पनि लि ा सक्तैनन् । यसरी बहुसंख्यक धिमालहरू थर तथा उपथरको सम्बन्ध, पुर्ख्यौली तथा उत्पत्तिका कारणहरूसँग परिचित छैनन् । तर कति थरहरूको निर्माण कसरी भए भन्ने विषयमा उनीहरूसँग केही चाखलाग्दा जनश्रुति छन् । यसदेखिबाहेक प्रत्येक धिमाल थरका आआफ्ना विधि-निषेधहरू पनि छन् । प्रायः थरहरू एक अर्कोसँग मृत्युसंस्कारको कर्ममा छुट्टिन्छन् । त्यसैले उपलब्ध यिनै धिमालहरूमा प्रचलित जनश्रुति र विधि-निषेधको आधारमा विभिन्न धिमाल थरहरूको उल्लेख गरी तिनको विवरण अब क्रमशः प्रस्तुत हुन्छः

(१) दोङ्गे
(२) दिङ
(३) तेंग्रे (अधोनिया)
(४) तालिपा
(५) हर्दिया (योङ्याङ)
(६) नुनिया
(७) हर्दियानुनिया
(८) लेम्बाङ
(९) वंगलायती
(१०) राथुम
(११) कस्यार या कांसे
(१२) जोगी
(१३) मुलिङ
(१४) थारू
(१५) लातेर (माखिम)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

१. दोङ्गे

दोङ्गे थरका धिमालहरूको भनाइअनुसार ती पहिले तागाधारी थिए र जनै पनि लगाउँदथे । तर जाँड-रक्सी खान थालेपछि ती जातबाट खसेर दोङ्गे भए । अझै पनि ती आफूहरूलाई क्षेत्री भनेर चिनाउँछन् र अरू थरका धिमालहरू भन्दा माथिल्लो तहका मान्दछन् । तर व्यवहारमा धिमाल-समाजमा थरको आधारमा ठूलो-सानो भन्ने तह छैन । दोङ्गे थरका मानिसहरूले आफूलाई छेत्री भनेर चिनाउन थालेको उनीहरू हिन्दू-जाति-व्यवस्थाका चपेटामा परेपछिको प्रभाव नै हो ।

दोङ्गे थरको धिमाल मर्दा लासलाई काठको डोड खोपेर वनाइएको बाकसमा राखी गाड्न लाने चलन छ । त्यो बाकस डुङ्गाजस्तो हुन्छ । यसरी मरेको व्यक्तिलाई डुङ्गाजस्तो बाकसमा राखेर लाने चलनबाटै "दोङ्गे" थर उत्पत्ति भएको भन्ने भनाइ छ । दोङ्गे थरभित्र पनि अनेक उपथरहरू छन् । ती हुन्– सिमल दोङ्गे लक्ष्मी दोङगे, चुनिया दोङगे, हर्दिया दोङगे र राजदोङ्गे ।

सिमलको डोड खोपेर लाश गाडन लानेहरू सिमल दोङ्गे, लक्ष्मीलाई कुलदेवी मान्नेहरू लक्ष्मी दोङ्गे, डोडमा राखेर लाश लाँदा नून राखेर लानेहरू नुनिय दोङ्गे र बेसार राखेर लानेहरू हर्दिया दोङ्गे हुन् । तर आजकाल काठको बाकस बनाएर लाश लाने चलन एकदमै घटिसकेको छ । यो चलन पुरानो हो । लाश लाँदा तथापि ती सिमलको बोक्रा, नून, तथा बेसार राख्न आवश्यक ठान्दछन् । धिमालहरूमा "राज" शब्द जोडेर वस्तु वा व्यक्तिको गरिमा बढाउने र सामान्यबाट विशेष भनेर छुट्याउने प्रचलन छ । त्यसैले ती "राज धामी" राजभाकाका साथै "राज दोङ्गे" पनि भन्ने गर्दछन् । राजदोङ्गेहरू आफूलाई केही माथिका भनी गौरव गर्दछन् । यिनीहरू प्रत्येक वर्ष पार्वा (तिहार)मा कुभिण्डो चढाई मार हानेर टुक्र्याउँछन् र मात्र चलाउँछन् । राज दोङ्गेहरूले राजभाका (पीठोवाट ल्याएको धिमाल-खानाको एक प्रकार) बनाउन र चलाउन नहुने विश्वास छ । दिङ-दोङ्गे दिङ र दोङ्गे दुवै धिमाल थर मिलेर बनेको छ ।

यसदेखिबाहेक दोङ्गे थरका अन्य उपथरहरू पनि भएको उल्लेख केही लेखकहरूले गरेका छन् । ती हुन्–आवल दोङ्गे, काशिया दोङ्गे, वाइस दोङ्गे र सूर्य दोङ्गे । तर धिमाल लोकजीवन अध्ययनको क्रममा भने ती फेला परेका थिएनन् । त्यसैले यहाँ यिनीहरूको विषयमा अन्य परिचय प्रस्तुत गरिएको छैन ।

२. दिङ

धिमाल भाषामा "दिहे" भनेको पश्चिम दिशा हो । धिमालहरूको भनाइमा पश्चिमबाट वसाइँ सर्दै पूर्वतिर आएका समूहलाई नै पहिले'दिहे' भनिन्थ्यो । यसैबाट

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पछि दिङ भएका हुन् । यिनीहरूमध्ये कोही पछि आफूहरूलाई विशेष देखाउन दोङ्गेहरूले झैं "राज" थपेर राजदोङ्गे भए झैं कोही पछाडि दोङ्गे थपेर दिङदोङ्गे भए । दिङहरू पनि मुर्दा गाड्न लाँदा दोङ्गेहरूले झैं नै गर्दछन् ।

३. तेग्रे

तेग्रे थरका धिमालहरूलाई "अधोनिया" पनि भनिन्छ । यो प्रचलन विशेषत: पूर्वतिर बढी छ । दोङ्गे थरकाहरूले आफूहरूलाई छेत्री भने झैं तेग्रेहरू पनि पहिलेका वाहुन हुन् भन्ने भनाइ छ । उनीहरू जनै पनि लगाउने गर्दथे रे । कथनअनुसार बाहुन भएकै कारणले गर्दा ती बिहे-भतेरमा गएर भात पकाउने भान्से तथा काज-क्रिया गर्ने-गराउने गर्दथे । कोहीकोही त यिनीहरू सप्रेका भुसतिग्रे भएकोले तेग्रे भनिएका हुन् पनि भन्दछन् ।

तेग्रेहरूको अन्य थरका धिमालहरूसँग विहेवारी कसरी चल्यो भन्ने विषयमा एउटा रोचक कथा धिमाल-समाजमा प्रचलित छ । कथनअनुसार पहिलेपहिले तेग्रे थर भएकालाई कोही पनि छोरी दिंदैनथे । त्यसै समयमा एउटा तेग्रे ज्यादै धनी थियो । उसका आफ्ना ५ भाइ छोराहरू थिए । ती पाँचै भाइ खूब सप्रेका हट्टा-कट्टा थिए । उनीहरूको मेहनतले गर्दा उसको खेतबारीमा खूव उब्जाउ हुन्थ्यो । एक वर्ष उनीहरूले धेरै तिल उब्जाएका थिए । उनको घरनजिकै एउटा दोङ्गे थरको मान्छे थियो । उसका पाँच बहिनी छोरीहरू थिए । त्यही वर्ष उसले घरछेउको खोलामा बाँध बाँध्ने विचार गऱ्यो । उसले धेरै खर्च गऱ्यो तर बाँध पक्का नभएर फेरिफेरि भत्की नै रह्यो ।

तेग्रेले दोङ्गेलाई भन्यो–'म यो बाँध तिलले नै बाँधिदिन सक्छु ।' यो सुनी दोङ्गेले भन्यो–मैले कति खर्च गरिसकें तैपनि राम्रो बाँध बाँधिएको छैन,तिमी कसरी तिलले बाँध बाँध्छौ । यो सुनेर तेग्रेले भन्यो "लौ त बाजी नै भयो, यदि मैले तिलले बाँध बान्न सकें भने तिमीले मेरा छोराहरूसँग तिम्री छोरीहरूको विवाह गरिदिनुपर्छ ।" यो शर्तलाई दोङ्गेले पनि मान्यो । तेग्रे दाजुभाइहरूले धेरै तिल उब्जेकोले वोरामा तिल भरेर लगी एकमाथि अर्को राख्दै बाँध बाँधे । बाँध पक्का भयो,भत्किएन । यो बहादुरी देखेर दोङ्गेले आफ्नी छोरीहरूको विवाह तिनीहरूसँग गरिदिए । त्यसै समयदेखि नै तेग्रेहरूको विवाहारी अन्य धिमाल-थरहरूसँग पनि चलेको हो ।

आगोको छेउ काम गर्ने र विहे-भतेरमा भान्से हुने भएकोले आजकल पनि तेग्रेहरूलाई पहिले नै खाना दिने चलन धिमाल-समाजमा छ । धिमालहरू तेग्रेलाई प्रमुख थरमध्ये एक मान्दछन् । तेग्रे थर भएका व्यक्तिलाई मरेपछि अनिवार्य रूपले जलाउनै पर्दछ । उनीहरू कर्म नचलेको सानसाना बच्चा-बच्चीलाई मात्र

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाड्दछन् । आजकल दाउराको अभाव तथा अन्य आर्थिक कारणले गर्दा जलाउन नसकी मरेको लाश गाड्न पर्ने भए पनि ती शरीरको अन्य भाग नजलाए पनि दाह्री जुङ्गा, परेला, आँखीभौं जलाउन अनिवार्य मान्दछन् र जलाउँदछन् । यो चलन अद्यावधि जीवितै छ ।

तेग्रेहरू आफ्ना कुलदेवतालाई हाँडीमा राखेर प्रायशः सखुवाको रूखमा झुण्ड्याउने पनि गर्दछन् । उनीहरूले कुनै पनि नृत्य-टोलीलाई निम्त्याएर आफ्नो आँगनमा नाच नचाउन हुँदैन । घरको कुनै न कुनै सदस्यलाई विगार परिहाल्दछ तर टोली आफै आएर नाच लगाएमा केही हुँदैन भन्ने विश्वास छ ।

४. ताःलिपा

धिमाल भाषामा "ताली" भनेको चन्द्रमा हो । चन्द्रमा भेट्न जानेका सन्तानहरू तालिपा हुन् । यो कसरी भयो भन्ने विषयमा धिमालहरूसँग एउटा प्रसिद्ध जनश्रुति छ :

"धेरै पहिलेको कुरा हो। उसबेला आकाश पृथ्वीबाट टाढा थिएन। नजीक थियो। रात-साँझमा मान्छेलाई बत्ती बालिरहन पर्ने अ।वश्यकता पनि थिएन । तारा र जूनहरू नजीकै भएकोले उनीहरूबाटै ती बत्तीको काम लिन्थे तर एक जना धिमाल्नी बूढी सँधै ओखलीमा धान कुट्ने गर्थी । प्रतिदिन उसले चलाएको मुसलीको धक्काले आकाश पृथ्वीबाट बिस्तार बिस्तार टाढा हुँदै गयो । ताराहरू र जून पनि आकाशसँगै टाढिएर गयो र रातमा स्पष्ट रूपले देख्न नसकिने भयो । त्यसैले केही धिमालहरू मिलेर उज्यालोको लागि जून टिपेर ल्याउने सल्लाह गरे ।

सल्लाहअनुसार उनीहरूमध्ये कोही बाँसको लिङ्गोमाथि लिङ्गो थप्दै आकाशतिर माथि चढ्न थाले । यही रीतले चढेर जाँदा जाँदा जूनमा पुग्न एक बाँस मात्र बाँकी रहेको थियो । खुशी भएर बाँसमाथि चढेकोले "छिटो बाँस देऊ" भनेछ तर तलका लिङ्गो समाती बाँस दिनेहरूले ताली देऊ भनेको सुनी "जून भेटिएछ" भन्ठानी ताली दिएछन् । लिङ्गो नसमाती सबैले ताली दिंदा बाँस जोडी बनेको लामो लिङ्गो ढलेछ र सबै भाद्राकभुद्रुक भूइँमा खसेछन् । योसँग मिल्दोजुल्दो कथा लेप्चा जातिमा पनि प्रचलित छ तर लेप्चाहरूको कथामा भने माटाको भाँडामाथि भाँडा थप्दै स्वर्ग पुग्न खोजेको प्रसंग आउँछ ।

यिनै "ताली लोपालका दयाङ" (जून लिन जानेमान्छे) का सन्तान नै "तालिपा" थरका धिमाल हुन् । तालिपा थरका धिमालहरूले त्यसै बेलादेखि नै टोपी लाउन छाडेको हो । उनीहरू पहिले टोपी लगाउँथे रे तर चढेका मान्छेलाई हेर्न माथि आकाशतिर टाउको फर्काउँदा लाएको टोपी झरेकोले तिनका सन्तानले टोपी नै लाउन छाडेको हो भन्ने भनाइ छ । हुन पनि आजसम्म पनि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
तालिपा थरका धिमालहरू टोपी लाउँदैनन् । बार्दछन् । उनीहरू फेटा पनि लाउँदैनन् ।

तालिपाहरू मर्दा लाशलाई प्रायशः गाड्दैनन्, जलाउँछन् । ती चिता बनाउँदा तलातला पारी चौध तलासम्म पनि बनाउने गर्दथे । आजकल यो चलन हराएर गैसकेको छ ।

५. हर्दिया अथवा योङ्याङ

हर्दिया थरका धिमालहरू मर्दा लाशलाई सिमलको बोक्रामा हर्दी दलेर लाने र गाड्ने गर्दछन् । त्यसैले उनीहरूको थर हर्दिया हुन गएको भन्ने भनाइ छ । हर्दीलाई धिमालहरू आफ्नो भाषामा योङ्याङ भन्दछन् । यसैकारण हर्दिया थरका धिमालहरूलाई योङ्याङ पनि भन्ने चलन छ । योङ्याङ थर लिम्बू-जातिमा पनि छ भन्ने सुनिएको छ । तर धिमाल योङ्याङ र लिम्बू योङ्याङ थरको बीचमा के-कस्तो सम्पर्क र संबन्ध छ स्पष्ट रूपले थाहा पाउन सकिएको छैन ।

हर्दिया धिमालहरू नया बेसार चलाउँदैनन् । एक वर्ष पुरानो भइसकेपछि मात्र चलाउँछन् । अझ ती पार्वामा कुलदेवतालगायत अन्य देवीदेवताहरूलाई नया बेसार चढाउन अति आवश्यक ठान्दछन् ।

६. नूनिया

हर्दिया धिमालहरूको सम्बन्ध हर्दीसँग गाँसिए झैं नूनिया धिमालहरूको सम्बन्ध नूनसँग गाँसिएको कुरा बुझिएको छ । उनीहरू मर्दा मुर्दालाई लाँदा सिमलको बोक्रामा नून दलेर या माथिबाट छर्केर मात्र गाड्ने गर्दछन् ।

७. हर्दिया नूनिया

धिमालहरूका हर्दिया-नूनिया थर हर्दिया र नूनिया दुइ थर मिलेर बनेको अनुमान हुन्छ । किनभने हर्दिया नूनिया थरका धिमालहरू हर्दियाले तथा नूनियाले झैं केवल हर्दी र नून मात्र नदली नछर्की हर्दी र नून दुवै छर्केर मुर्दालाई गाड्न लैजाने गर्दछन् ।

८. लेम्बाङ

धिमालहरूको विविध थरमा लेम्बाङ थर कसरी रह्यो यसै हो भन्न मिल्ने आधार भेट्न सकिएन । लेम्बाङ भन्ने थर लिम्बू-जातिमा पनि हुन्छ । त्यसैले धिमालहरू लेम्बाङ्ग लिम्बु थरसँग लेम्बाङ धिमाल थरको घनिष्ठ सम्बन्ध भएको कुरा बताउँछन् । तर यो घनिष्ठ सम्बन्ध कसरी स्थापित हुन गयो यस सम्बन्धमा धिमालहरू अनभिज्ञ भेटिएका छन् । यस प्रसंगमा कोहीकोही लेम्बाङ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लिम्बूसँग धिमाल्नीको विहे भएपछि तिनका सन्तान लेम्बाङ भएका हुन् पनि भन्दछन् ।

९. वंगलायती

धिमाल भाषामा वंगलायती भनेको जूनकीरी हुन्छ । जूनकीरीको सहायताले रात-विरात हिंडडुल गर्ने धिमालहरूका सन्तान नै वंगलायती भएका हुन् भन्ने धिमालहरूको भनाइ छ । वंगलायतीहरूले जूनकीरीको हानि-नोक्सानी गर्ने कार्य गर्न हुँदैन अन्यथा बिगार पर्ने डर हुन्छ ।

१०. राथूम

राथुम थरका धिमालहरू मर्दा नाङ्गलो ठट्टाउनुपर्ने हुन्छ । उनीहरूका परिवारमा पार्वाको वेला जेठाजूले नाङ्गलो ठटाएर बजाउने र बुहारीले नाच्नुपर्ने पनि हुन्छ। धिमाल भाषामा "रा"' भनेको नाङलो हो । नाङलो बजाएर नाच्ने भएकैले यिनीहरू राथुम थरका भएका हुन् भन्ने विश्वास छ, तर हिजोआज यिनीहरू नाङलो ठट्टाउने काम गर्दैनन् । छोड्दै गएका छन् ।

११. काँसे या कस्थार

काँसे भनेको धिमाल भाषामा टाटारीको रूख हो । काँसे थरका मान्छे मर्दा टाटारी (काँसे) रूखको बोक्रा या पात अति आवश्यक हुन्छ । त्यसैले उनीहरूको थर काँसे या कस्यार भएको हो भन्ने कथन छ । यस प्रसंगमा काँसे धिमाल थरको उत्पत्तिसँग सम्बन्धित धिमालहरूमा प्रचलित जनश्रुतिको उल्लेख गर्नु उपयुक्त होला –

उहिल्यै एउटा धिमाल थियो । उसकी स्वास्नीभन्दा उसकी जेठी सासू धेरै राम्री थिई । ऊ जेठी सासूप्रति आसक थियो । उसको मनले पाप चितायो र ऊ एकदिन जेठी सासूकहाँ गई तपाईंकी बैनी ज्यादै बिरामी भएकी छ, ऊ तपाईंलाई भेट्न चाहन्छे त्यसैले म तपाईंलाई बोलाउन आएको भन्यो । जेठी सासूले पनि साँच्चै होला भन्ने संझी विश्वास गरी बैनी-ज्वाइँसित बैनीको घर हिंडी । तर बैनी-ज्वाइँको मन अर्कै भएकोले उसले जेठीसासूलाई सिधा बाटो नलगेर जङ्गलवाट जाने लामो बाटो लग्यो ।

जङ्गलमा जाँदाजाँदै बाटोमै रात पऱ्यो । त्यहाँ वरपर कतै कुनै गाउँ वा घर थिएन । त्यसैले रात छिप्पिएपछि उनीहरू काँसेको ठूलो पात देखी त्यही ओछ्याएर भोकै अलगअलग सुते । केही रात बितेपछि एउटा चरा आएर 'भिरभिर' भनेर कराउन थाल्यो । त्यो मान्छेले मौका पारी चराले भिरिभिर भन्दैछ त्यसैले

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एक ठाउँमा सुतौं भन्यो र ती दुवै एकै ठाउँमा सुते । तिनै काँसेको पातमा सुत्नेका सन्तान नै पछि गएर काँसे थरका भए ।

यसबाट काँसे थरका धिमालहरूको सम्बन्ध "काँसे" (टाटारी) को रूख तथा पातसँग रहेको कुरा पुष्टिन्छ । काँसे थरका धिमालहरू "काँसे" को पातमा केही खाँदैनन् र बार्दछन् । यसै गरी उनीहरू "काँसे" को दाउरा पनि प्रयोगमा ल्याउँदैनन् ।

१२. जोगी

जोगी थरको उत्पत्तिको विषयमा निश्चित रूपले केही थाहा पाउन सकिएको छैन । तर जोगीजस्तो मागेर हिंड्ने धिमालका सन्तान नै जोगी थरका भएका होलान् भन्ने अडकल धिमाल काट्दछन् ।

जोगी थरका धिमालहरूको भनाइअनुसार उनीहरूले लौका-फर्सी आफैंले वारीमा रोप्न हुँदैन । अरूलाई ल्याएर रोपाउनपर्छ । तर खान चलाउन भने हुन्छ । मरेको लाश गाड्ने उनीहरूको चलन छ । तर पुरिसकेपछि चिहानमाथि लौका या लौकाको पात जे भए पनि राख्ने चलन छ ।

१३. मुलिङ्ग

धिमालहरू घर बनाउँदा सवैभन्दा बढ्ता महत्त्व घरको मूल खाँवालाई दिन्छन् । त्यसैले उनीहरू मूल खाँवालाई चलाउने, सार्ने, छोट्याउने र लम्ब्याउने गर्दैनन् । उनीहरूमध्ये एकथरी मूल खाँवालाई विशेष पूजाआजा मात्र गर्दैनन्, विवाहको बेला नवदम्पतिलाई मूल खाँवामा राखेर वैवाहिक अनुष्ठानहरू समेत गर्दछन् । यसो नगरेमा मूल खम्बा ढलेर घरमा केही बिगार पर्न सक्तछ भन्ने विश्वास छ ।

धिमालहरू मूल खम्बालाई आफ्नो भाषामा मुलिङ्ग भन्दछन् । मुलिङ्गलाई मान्ने धिमालहरू नै मुलिङ्ग थरका भए । यी थरका धिमालहरू विशेष गरी माइपारी वेशी भेटिएका छन् ।

१४. थारू

धिमालहरूका विभिन्न थरहरूमा एउटा थर थारू पनि छ । तराइमा पूर्वदेखि पश्चिमसम्म फैलिएका थारू नामको एउटा जाति छ । यिनै थारू-जाति र थारू धिमाल थरको बीचमा कुनै सम्पर्क र सम्बन्ध रहेको अनुमान स्वयम् धिमालहरू गर्दछन् । उनीहरूको भनाइअनुसार थारू-जातिको लोग्नेमान्छेले धिमालस्त्री विवाह गरेपछि ऊ आफ्नो जातबाट अलग्गियो र धिमालहरूसँग बस्न थाल्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पछि धिमालहरूले उसलाई आफ्नो जातमा स्वीकारे र उनका सन्तान थारू धिमाल भए। अर्को भनाइअनुसार एउटा धिमालले थारू-जातिको स्वास्नी-मान्छे विवाह गऱ्यो र उ घरज्वाइँ भएर या आफ्नो कुल डुबाएर स्वास्नीको कुल लिने "कोलडुवा" भयो। त्यसैले उनीहरूको सन्तान आमाको थरअनुसार थारू धिमाल भए।

थारू थरका साथसाथै कोचेला थारू थरका धिमालहरू पनि भेटिएका छन्। कोचेला थारू थर भने आमा र वावु दुवैको मिश्रित थर मानिएको छ। उनीहरूको विश्वासअनुसार आमा कोचेनी (राजवंशी) र वावु थारू धिमाल भएकोले उनीहरूको सन्तान कोचेला थारू भएको हो भन्ने छ।

अघि थारू थरका धिमालहरू रङ्गीविरङ्गी लुगा लगाउँदैन थिए, केवल सेतो रङ्गका साधा लुगा मात्र लगाउँथे। यसै गरी उनीहरू छाला पनि चलाउँदैनथे। यसको कारण उनीहरू धामीका सन्तान मानिन्थे; तर आजकल यस्तो प्रचलन हटिसकेको छ।

१५. लातेर (माखिम)

लातेर थरका धिमालहरूलाई माखिम पनि भन्ने गरिन्छ। 'माखी' भनेको धिमाल भाषामा मौरीको चाकाको कुट हो। एकथरी धिमालका पूर्वजहरूले एकपल्ट थाह नपाई लिसी (दिसा) खाएकाले उनका सन्तान माखिम भएका हुन् भन्ने भनाइ छ। धिमालहरूमा प्रचलित विविध थरको उत्पत्तिसम्बन्धी जनश्रुतिहरूमा माखिम थरका उत्पत्तिको कथा चाखलाग्दो मात्र होइन विशेष प्रकारको पनि छ। कथाको एकथरी पाठ निम्नअनुसारको छ :

एकदिन केही धिमालहरू मिलेर जङ्गल जाँदा उनीहरूले पानीमा मौरीको चाका देखे। तर त्यो खासमा पोखरीको छेउको तेङसिरूखको हाँगामा झुण्डिएको मौरीको चाकाको छाया थियो। त्यो नबुझी तिनीहरूमध्ये एकजना चाका लिन भनेर पोखरीमा हामफाली हाल्यो। तर पोखरी गहीरो र ठूलो भएकोले त्यहीं डुब्यो। निकै बेरपछि मौरीको चाकाको कुटजस्तो केही कुरा पानीको सतहमा तर लाग्यो। बाहिर बसेर पर्खनेहरूले साथीले आफूले मह खाई हामीलाई भने 'माखी' पठाएछ भन्ठानी त्यो खाए। तर त्यो पोखरीमा डुब्ने साथीको दिसा थियो। भरे यो कुरा सबैलाई थाहा भयो। यसै दिनदेखि उनीहरू माखिम भनिए।

दोस्रो थरीको पाठअनुसार एकपल्ट तीन जना धिमालहरू शिकार खेल्न जङ्गल गएछन्। त्यस जङ्गलको एउटा तेङसिङ (खमारी) को रूखमा मौरी गोला वनाएर वसेका रहेछन्। त्यो रूख खोलाको छेउमा रहेछ। उनीहरूले मह काढ्ने विचार गरी धूवाँ लगाउन घुन्ती वनाएछन् अनि एक जना पानीमा पसेछ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उसले पटक-पटक भित्र-बाहिर गरिरहेको हुनाले उसलाई मौरीले चिलेर मार्छ भन्ठानी पानीबाहिर बस्नेहरूले एउटा काठको मुढोले उसलाई थिचेछन् । यसरी थिच्दा ऊ त्यहीं ठहरै भएर डुबेछ । निकै बेर भएपछि पनि पानीमा पस्ने मानिस बाहिर निस्केन तर उसको दिसा भने पानीमा तर लागेछ । यो देखी बाहिरका साथीहरूले आफूले चाहिं मह खाएर हामीलाई भने माखी पठाएछ भन्ठानी दिसा पनि खाएछन् । तिनै माखी भनेर दिसा खानेहरू नै पछि गएर माखिम या लातेर भए ।

यसै कथाअनुसार जो तेङसिङको रूखमा मह काडन गयो र पानीमा डुबेर मऱ्यो उसको सन्तान भने तेङमाली भयो । त्यसैले अझै पनि लातेर थरका धिमालहरू पार्वा (विहार) मा एउटा कुखुराको फुल तिनै मरेका मान्छेलाई भनी कसैसँग नबोली एकाविहानै अरूलाई थाह नै नदिई पानीभित्र डुबेर दिने गर्दैछन् । यो चलन अद्यावधि छँदै छ ।

तर माखिमहरू माखिम भनिमाग्न चाहँदैनन् । ती आफूहरूलाई लातेर भनेर चिनाउँछन् र उल्लेखित जनश्रुतिलाई मान्दैनन् । ती यी कथाहरू उनीहरूलाई होच्याउन भनिएको हो भन्ठान्दछन् । लातेर थरका धिमालहरू हर्रा, बर्रा, अमला, अदुवा, पिंडालु आदि पार्वामा देवतालाई नचढाई खाने चलाउने गर्दैनन् । लातेर-हरूको पनि तीन उपथरहरू हुन्छन् :

(क) तेङमाली (ख) वाङमाली र (ग) चोइमाली

(क) तेङमाली उपथरका लातेरहरूको सम्बन्ध तेङसिंङ (खमारी काठ)-सँग छ । उनीहरूले तेङसिंको काठ-पात चलाउन हुँदैन । तर मरेर लाश गाड्न लाँदा भने यसको बोक्रा अनिवार्य रूपले आवश्यक मानिन्छ ।

(ख) वाङमाली र (ग) चोइमाली उपथरहरू कसरी निर्मित भए स्पष्ट थाह हुन सकेन । तर यिनीहरूको मृत्यु-संस्कार भने दोङ्गे थरका धिमालहरूसँग मिल्दछ ।

तेङमाली, वाङमाली र चोइमाली आदि लातेर थरका सबैले असार लागे-पछि कार्तिक महीनामा पर्ने पार्वामा आफ्ना कुलदेवतालाई नचढाई बारीको कुनै पनि फलफूल खान नहुने निषेध छ ।

तेङमालीहरू पहिले-पहिले मृत व्यक्तिको लाश फाल्ने र जलाउने गर्दथे । तर तिनले आजकल व्यवहारमा यस्तो कर्म गरेको भेटिंदैन ।

उपर उल्लिखित धिमालहरूको विभिन्न थर उपथरका उत्पत्तिका कारणहरू गहिरिएर अध्ययन गर्दा ती सबै चित्तबुझ्दो नभए पनि तिनले धिमालहरूको विभिन्न सामाजिक-सांस्कृतिक मूल्य तथा मान्यताहरूलाई स्पष्ट गर्दछन् । धिमालहरू आफ्ना देवी-देवताहरूलाई तागाधारी र मतवाली भनेर छुट्टयाई उनीहरूको सोहीअनुसार मान-मनितो गर्दछन् । यसैगरी तिनीहरूले विभिन्न थरलाई पनि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विभिन्न वर्ण र जातमा राख्न खोजेको मानसिकता पनि फेला पर्दछ। तर यो मानसिकताको कुनै पनि सामाजिक पक्ष व्यवहारमा भेटिंदैन । उनीहरूको बीचमा विहेवारी, भोजभतेर, चाड-पर्व आदिमा थरलाई लिएर ठूलो-सानो र चोखो-विटुलो भन्ने भावना पाइँदैन। विभिन्न थरहरूको बीचमा खाना, पानी तथा विवाह समान रूपले चल्दछ । यसरी हेर्दा धिमाल थरहरू न्यूनतम वाह्य वैवाहिक एकाइ मात्र नभई अन्य सामाजिक-सांस्कृतिक गतिविधि एवं क्रियाकलापको निमित्त आवश्यक माध्यमका रूपमा पनि रहेको भेटिन्छ ।

वास्तवमा धिमालका विभिन्न थरहरू विशेष गरी विवाह-सम्वन्ध, मृत्युकर्म तथा अन्त्येष्टि-क्रियामा गरिने विधि र तिनले मान्ने गरेको निषेधहरूले गर्दा नै छुटिन्छन् ।

बहुसंख्यक धिमालहरूले मरेर लाँश गाडन लाँदा या जलाउँदा सिमलको बोक्रा अति आवश्यक वस्तु मानी प्रयोग गरेको देखिन्छ । दोंगे र दिङ थरका धिमालहरूलाई सिमलको बोक्रा भएपछि पुग्छ । तर हर्दियालाई भने हर्दी पनि दलिदिन पर्ने हुन्छ । कति हर्दियाहरू त लाश गाडिसकेपछि चिहानमा शिरतिर हर्दीको एउटा बोट रोपेर या काँचो हर्दी काटेर राखिदिने पनि गर्दछन् । नूनिया दोगेलाई सिमलको बोक्रासहित नून छर्किदिन पर्छ भने नूनियाहरूलाई केवल नून मात्रै छर्किदिए हुन्छ। यसैगरी हर्दिया नूनियालाई हर्दी र नून दुवै दलेर छर्कने गर्नुपर्छ । तेंगमालीलाई मर्दा तेंग सिको बोक्रा आवश्यक मानिन्छ भने काँसे थरकालाई काँसेको बोक्रा या पात चाहिने हुन्छ। जोगी थरकालाई मरेपछि लाश उठाउनुकासाथै गाडिसकेपछि चिहानमा छोड्न चिण्डो या लौका नभई हुँदैन भने लेम्वाङहरूलाई पनि चिहानमा धनुकाँड राखिदिने चलन छ। यसैगरी तेग्रेहरूलाई मरेपछि नजलाई हुँदैन भने तालिपालाई मर्नलाग्दा उत्तानो पारेर आकाशतिर फर्काउन पर्छ र चितामा धेरै तह दाउरा राखेर जलाउन पर्छ। राथुम थरका धिमालहरूले लाश निकाल्दा घरमा नांग्लो ठटाएर निकाल्ने गर्दछन्।

विविध थरका मृत्यु-संस्कार गरिंदा गरिने उल्लिखित विधिहरू वाहेक आ-आफ्ना सामाजिक र थरगत निषेधहरू पनि भएको कुरा प्रत्येक थरको परिचयबाट पनि प्रष्ट भैसकेको छ । यी निषेधहरू लुगाफाटा, खानेपिउने नाचगानसँग संवन्धित छन् तापनि वढी रूख विरुवासँग संवन्धित देखिन्छन्। जोगी थरकाले लौका, फर्सी रोप्न नहुने, सिमल दोंगेले सिमलको काठपात चलाउन नहुने, तेंगमालीले तेंग सिं प्रयोगमा ल्याउन नहुने, काँसेले "काँसे" को काठपात केही उपयोग गर्न नहुने र नूनियाले बाँस रोप्न नहुने आदि यसका उदाहरण हुन् । यसैगरी लातेर थरका धिमालहरूले अदुवा, हर्राबर्रा, पिंडालु, बेसार आदि फलफूलहरू असार लागेपछि देवी-देवतालाई नचढाई खान नहुने चलन पनि यसैका दृष्टान्त हुन् । नृतत्त्वविद्‌हरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
यस्ता जातीय विधि-निषेधसँग सम्बन्धित वस्तु, जीवजन्तु तथा रूख-बिरुवालाई त्यस जातिको या थरको उत्पत्तिसँग गाँसेर 'टोटेम'' भन्ने गर्दछन्। यसरी हेर्दा कति रूख बिरुवाहरू धिमालहरूका विभिन्न थरका उत्पत्तिसँग गाँसिएका भेटिन्छन्। तथापि ती पुर्खाका रूपमा देखिंदैनन् र स्वीकृत पनि छैनन्।

धिमालहरूले थरलाई मृत्युसंस्कारविधि र अन्य निषेधहरूबाहेक वैवाहिक सम्बन्धमा पनि केही मान्यता दिने गरेको देखिन्छ। उनीहरूको भनाइमा एकै थरका धिमालहरू बीच वैवाहिक सम्बन्ध स्थापना गर्न हुँदैन। किनभने एक थरका सदस्यहरू एकै कुल तथा वंशका मानिन्छन्। त्यसैले ती विवाहको रीत बुझाउँदा ''साइनो केराउनु'' (साइनो केलाउने) भन्ने रीत पनि गर्दछन्। तर ती अगाडि केटी मागेर विवाह गर्ने चलन नभएको र आफैंले मन पराएर सुपारी दिएर गर्ने चलन भएकोले ती थर केलाउँदैनथे। आजकल पनि एक थरका उपथरहरू बीचमा मात्र होइन एकै थरका सदस्यहरू बीच पनि वैवाहिक सम्बन्ध स्थापना भएको भेटिएका छन्। तर धिमालहरू एक थरका सदस्यहरू बीच वैवाहिक गठबन्धन हुन हुँदैन भन्ने पक्षमै देखिन्छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
1997
Kathmandu, Nepal
काठमाण्डौं, नेपाल

वेशभूषा तथा रूपसज्जा

(१) पोशाक

भौगोलिक आवहवा र बनौटले कुनै पनि जातिको वेश-भूषा र लुगाफाटामा गहिरो प्रभाव पार्दछ। यसैअनुसार गरम स्थानमा बस्ने धिमाल जातिका लुगा-फाटाहरू लेकमा बस्ने भोटे-शेर्पाहरूको लुगाको तुलनामा केही पातला र शरीरका आंशिक अङ्गमात्र ढाक्ने खालका हुन्छन्। ६/८ वर्षसम्मका धिमाल केटाकेटीहरू त बहुधा लुगा लाउँदैनन्, नांगै हुन्छन्। वयस्कहरूका अंगका पनि धेरैजसो भाग लुगा लगाउँदा खुलै रहन्छन्। उनीहरूका परंपरागत लुगाहरू बाक्ला ऊनीका नभएर पातला रूवाबाट बनेका हुन्छन्।

धिमाल जातिका उत्सव, चाड, पर्वमा लाउने, दैनिक घरमा लाउने र काम गर्दा लाउने फरक-फरक लुगाहरू परंपरागतरूपमा छैनन्। त्यसैले विभिन्न सामाजिक

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अवसर, घर परिवार र खेतमा कामगर्दा लाउने आधारमा उनीहरूका लुगाहरूको विवरण प्रस्तुत गर्न सकिंदैन । उमेर समूहको दृष्टिले हेर्दा पनि ती फरक छैनन् । अरू बाल-बालिका, तरूना-तन्नेरी, बूढाबूढीले लाउने लुगाको ढाँचामा पनि खास अन्तर दृष्टिगोचर हुँदैन । तर लिंगभेदको दृष्टिले भने ती फरक-फरक छन् । एतदर्थ : यहाँ धिमाल जातिले उपयोगमा ल्याउने वस्त्रलाई (क) पुरुष-वस्त्र र (ख) स्त्री-वस्त्र गरी दुई वर्गमा बाँडेर चिनाउने काम हुन्छ ।

(क) पुरुषवस्त्र

तुप्री

नेपाल तराईका अन्य जातिहरू कपालमा टोपी कम लाउँछन्, तर धिमालहरू भने परम्परागत रूपमा बालककालदेखि नै सबैले टोपी लाउने गरेको कुरा बताउँछन् र लाउँछन् पनि । टोपीलाई धिमालहरू आफ्नो भाषामा 'तुप्री' भन्दछन् । धिमालहरूका विविध थरहरूमध्ये एउटा 'तुप्री' नलाउने थर पनि छ, त्यसलाई "तालिपा" भनिन्छ । सांच्चै "तालिपा" थरका धिमालहरू आफूहरूले 'तुप्री' लाउन नहुने, निषेध भएको कुरा भन्दछन् । त्यसको खास कारण सोद्धा 'तालिपा' थरको उत्पत्तिको लोक कथाको प्रसंगमा चन्द्रमा लिन जाँदा कुनै एक पूर्वजको टोपी खसेकोले हो भन्दछन् ।

पाकुटा

टोपी नलाउने धिमालहरू कोही कोही फेटा पनि लाउने गर्छन् । पाकुटा रंगीन नभएर सदा नै सेतो हुने गर्दछ । पाकुटा विशेषतः विहे-बटुलो, भोज (शुध्याइँ) र भत्यारमा मूल मान्छेले लाउँछन् । मराउ-पराउको वेला शुध्याइँको दिन 'केरा भागेका' ले भने पाकुटा अनिवार्य रूपले लाउनुपर्ने हुन्छ ।

लोखोन

कम्मरमाथि जीउमा लाउने लुगालाई सामान्यतया धिमालहरू लोखोन भन्दछन् । "लोखोन" भन्नाले परंपरागतरूपमा धिमालहरू भोटो र आस्कोट भन्ने बुझ्दछन् । तर आजभोलि यसले कुर्ता, कमीज, दौरा आदिलाई पनि संकेत गर्दछ । धिमाल बूढापाकाहरूको भनाइअनुसार अघि-अघि उनीहरू तनेभोटो पनि लाउने गर्दथे । आजकल यसको प्रचलन केही घट्दै जान थालेको छ ।

चाकाचेउता

जाडोमा धिमालहरू घरबुनाको साधा र चारखाने बर्को ओढ्दछन् र यसलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चाकाचेउता भनिन्छ । कसै-कसैले चाकाधारी र घंगोरीको नाम पनि लिएका थिए, तर ती कस्ता हुन्छन्, कहिले लगाइन्छ भन्ने बारे केही सूचना संकलन हुन सकेन, स्वयं बूढापाका धिमालहरू पनि यिनीहरूको विषयमा यकिन गरेर भन्न धक मान्दछन्; सक्तैनन् ।

धारी

कम्मरमा कसेर लाउने लुगालाई धिमालहरू 'धारी' भन्दछन्, धारी यथार्थमा लगौंटी नै हो । यो एक हात चौडा र आठ-दश हातसम्म लामो हुन्छ । यसलाई धोती झैं लाएर पटुका कसी खुकुरी समेत भिर्ने हुने हुन्छ । यसका दुवै छेउमा कम्पौरा या झुम्का हुनुको साथै पृष्ठभूमि अनुसार कालो र सेतो पारी हुने गर्छ । धारीको पारीका दुवैतिर तीन-तीन रेखाहरू पनि हुन्छन् । धारीहरू रंग र बुट्टा अनुसार जम्मा चार प्रकारका हुन्छन्:–

(१) दाका धारी (२) जेका धारी (३) इका धारी (४) काब्रा धारी ।

रातो पारी भएको दाका धारी कालो हुन्छ भने कालो पारी भएका जेका धारी सेतो हुन्छ र कालो पारी भएको इकाधारी भने रातो हुन्छ । यी तीनै धारीहरूको नाम रंग अनुसारको छ । किनभने धिमाल भाषामा दाका भनेको कालो, जेका भनेको सेतो र इका भनेको रातो हुन्छ । यी धारीहरूमा यस्तै रङ्गको पारी हुनुपर्छ भन्ने नियम तथा धारणा धिमालहरूमा बलियो छ । तर गानगोला सर्पको जीउमा भएको बुट्टा झैं बहुरङ्गी पृष्ठभूमि भएको काब्रा धारीमा भने कालोमा रातो या सेतो जे रङ्गको पारी भए पनि हुन्छ । धिमालहरू मृगलाई काब्रा भन्दछन् । त्यसैले मृगको जीउको बुट्टासँग मिल्ने बुट्टा भएको धारीलाई काब्रा धारी भनिएको हो ।

धिमालहरूको परंपरागत मुख्य दैनिक पोशाक तुम्री, लोखोन र धारी नै हो । अगि अगि धिमालहरू यिनै बुनेका लुगा लगाउँदथे । कतै-कतै यी लुगाहरू लगाएका धिमालहरू अझै पनि फाट्ट-फुट्ट गाउँघरमा भेटिन्छन्, तापनि बहुसंख्यक धिमालहरू आजकल हाटबजार, मेलापात, सभा-सम्मेलनहरूमा आवश्यकतानुसार मात्र होइन, प्रायः नै दौरा सुरुवाल, कोट-कमीज, धोती-कछाड, पाइजामा र गंछा आदि लगाएकै भेटिन्छन् र देखिन्छन् । तर वर्षातको वेला खेतीपातीको काममा संलग्न रहन पर्दा भने अझै पनि उनीहरू विशेषतः धारी नै लाउने गर्दछन् । आजकल केही पढे-लेखेका धिमाल विद्यार्थीहरू सुट पेन्टमा पनि हिंड्दछन् ।

(ख) स्त्रीवस्त्र

धिमालहरूले लाउने मुख्य लुगाहरू 'वोना' र 'आल्गी धावा' हो । वेला-बखत

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
तथा अवसर अनुसार उनीहरू "नोसोइ" र "तेपाना" पनि लाउने गर्दछन् । धिमाल स्वास्नी मान्छेहरू लोग्ने मान्छेहरूको तुलनामा अझै पनि आफैंले बुनेका लुगाहरू नै बढता लाउँदै छन् ।

बोना

बोना धिमाल्नीहरूको जीउ छोप्ने सबैभन्दा मुख्य लुगा हो । यो करीब ५।६ हातको छातीदेखि घुंडा या पिंडुलासम्म छोप्ने एकसरो आफैंले तानमा बुनेको हुन्छ । यसलाई पेटानी पनि भनिन्छ । यो लुङ्गी लाएजस्तै ढङ्गले तर पहाडमा स्वास्नीमान्छेहरूले नुहाउँदा छाती छोपेर लाए झैं गरी बिनागाँठो कसेर बेरिन्छ । धिमाल्नीहरू परंपरागतरूपमा बोनासंग चोली या ब्लाउज लाउने गर्दैनन् ।

बोनाका प्रकार

राता या पहेंला रंगका सानासाना धर्काहरूले सिंगारिएको सबैजसो बुनिएको बोनाको पृष्ठभूमि कालो हुन्छ । धर्के बोनामा ठाडो र तेर्सो धर्काले बनाउन सकिने चार खाने र धर्के बुट्टादेखि बाहेक अन्य बुट्टाहरू हुँदैनन् । बोनाहरू यिनै बुट्टा अनुसार छामुठी (सामुठी) इतांगी, पातलोइ र दावोना गरेर जम्मा चार प्रकारका हुन्छन् । छामुठी ठूलो र सानो धर्का भएको कोठे हुन्छ भने, इतांगी ठूलो धर्काको धर्के हुन्छ । यसैगरी पातलोइ सानो धर्काको कोठे हुन्छ भने दाबोना माझमा पारी जस्तो तेर्सो पाटा भएको हुन्छ । यिनीहरू मध्ये अगिल्ला तीन प्रकारका बोनाहरू विशेषतः उमेर ढल्किसकेका धिमाल्नीहरूले लाउँदछन् भने दावोना चाहिं विशेषतः किशोरी र नवयौवना तरूनीहरूले रुचाउने र लाउने गर्दछन् । दावोना 'दाकावोना' शब्द खुम्चिएर बनेको शब्द हो । यो लाउँदा रातो तेर्सो पाटा जहिले पनि ठीक उठेको नितम्बमा पर्ने गर्दछ र अत्यन्त आकर्षक देखिन्छ ।

आफैंले बुन्ने यी खास बोनाहरूदेखि बाहेक धिमाल्नीहरू कहिले-काहीं हाटवजारमा किन्न पाइने राजवंशी (कोचेनी) स्वास्नीमान्छेहरूले लाउने कोचेनी बोना पनि लाउँदछन् । कोचेनी बोनालाई धिमाल्नीहरू ढाला बोनो पनि भन्दछन् । धिमाल्नीहरू कोचेनी बोना केही हलुका र सस्तो भएको बताउँदछन् ।

पूर्वेली धिमाल्नीहरूले लाउने बोनाका प्रकार अनेक छन् । यिनीहरू मध्ये मुख्य चौतारी, निम्सुती, झोलिया, भूमि, खेर्का जाली, ढालाबोना, खुदीबोना, मालधोइ, पेर्काढाला, घोन्सारठेङझारी, काइना, लुङगीवोना र तोपन (चारखाने) आदि प्रमुख छन् ।

आल्गी-धावाको प्रकार

धिमाल्नीहरू जाडोमा ओढ्ने आफैंले बुनेको बर्कीलाई आल्गी धावा भन्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
आल्गी सबै पिठ्यूं छोपेर दुवै छेउलाई छातीको मध्यभागमा गाँठो पारेर ओढ्ने गरिन्छ। आल्गी पनि बोना झैं बुट्टा अनुसार तीन प्रकारका हुन्छन्–(१) चारखान्या (चारखाने) (२) गेन्द्रुपिका (धर्के) र (३) जेका (विना बुट्टाको सादा सेतो)। यी सबै आल्गीको पृष्ठभूमि बोनाको ठीक उल्टो सेतो हुन्छ। तिनका धर्काहरू पनि राता र पहेंला नभएर हरिया र काला हुन्छन्। धावाको प्रसंगमा चोञ्चिका धावाको पनि उल्लेख गर्नु उपयुक्त हुन्छ। चोञ्चिका धावा केटीहरूले नै ओढ्ने गर्दछन्। त्यसैजसो स्वास्नीमान्छेहरूले जाडो छेक्न ओढ्ने आल्गी कहिलेकहीं लोग्ने मान्छे-हरूले पनि ओढ्ने गर्दछन्। तर लोग्नेमान्छेहरूले आल्गी ओढ्ने शैली एकदमै फरक छ। उनीहरू छातीको माझमा गाँठो नपारी सबै जीउ छोपी खापेर ओढ्दछन्। धिमाल लोकनाचमा यही आल्गीले मुख छोपेर नाच्ने गरिन्छ।

नोसोइ

धिमाल्नीहरू कहिले-कहीं सादा आल्गी बाहेक हाटबजारमा किन्न पाइने झिलिमिली रंगीन बुट्टे बर्को पनि ओढ्दछन्। यसलाई उनीहरू 'नोसोइ' भन्दछन्। 'नोसोइ' अधिकांश किशोरी युवतीहरूले मन पराउने र लाउने गर्दछन्। यो आल्गी भन्दा केही छोटो र पातलो हुने हुनाले बर्खामा औपचारिक रूपले पनि ओढ्ने गरिन्छ

तेपाना

धिमाल्नीहरूको विशेष अवसरमा लाउने विशेष लुगा नभएको तथ्य प्रारंभमा नै उल्लेख गरिसकिएको छ। तर बिहे-बटुलो र यस्तै अन्य सामाजिक अवसरहरूमा केही फरक विशेषता जनाउन भात-भान्सामा सक्रिय गाउँका तरूनी धिमाल्नी केटीहरूले एउटा सेतो टुक्रा एप्रोन झैं लाउने गर्दछन्। यसलाई उनीहरू 'तेपाना' भन्दछन्। 'तेपाना' नवविवाहिता दुलहीले पहिलोपल्ट दुलहाको कुलमा भित्र्याइने रीतिका रूपमा कालो दाल बाँड्दा पनि लाउने प्रचलन छ।

धिमाल्नीहरू बोनामाथि एकसरो पटुका पनि लाउँछन्। यो पटुका घरमा बस्दाभन्दा बाहिरफेरो जाँदा, कामगर्दा या विशेष अवसरमा बढी लाउने चलन छ। त्यसैले पटुकालाई जनाउन पनि धिमालहरू 'तेपाना' शव्द नै प्रयोग गर्दछन्।

धिमाल्नीहरू अझै पनि आफैंले तानमा बुनेको लुगा दैनन्दिन जीवनमा लाउँदैछन् तापनि आजभोलि उनीहरूले जातिरी, बिहे-बटुलो आदि विशेष अवसरमा सारी-चोलोहरू पनि लाउन थालेका छन्। साना-साना स्कूल जाने केटीहरूले भने कतै-कतै फ्रकहरू पनि लगाएको देखिन्छ।

बेदा र खराउ

बहुसंख्यक धिमालहरू खाली खुट्टा हिंड्छन्, जुत्ता लाउँदैनन्। अघि-अघि त

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
उनीहरू काठमाडौं उपत्यकाका ज्यापूहरूले झैं आफैंले बुनेको नलको 'बेदा' भन्ने जुत्ता लगाउने गर्दथे, तर आजकल बेदाको प्रचलन हराइसकेको छ । धिमालहरू आफैंले बनाएको काठको खराउलाई पनि 'बेदा' नै भन्दछन्, तर मिस्त्रीले बनाएका लाई भने 'खराउ' शब्द नै प्रयोग गर्दछन् । धिमाल सूचकको भनाइअनुसार 'बेदा' अघि-अघि विशेषतः धामीहरूले लाउने गर्दथे ।

धिमाल लुगाको तयारी र रंगाइ

धिमाल गाउँमा धनी या गरीब कुनै पनि धिमालको घर आफैंले निर्माण गरेको तान बिनाको हुँदैन । कपासलाई धिमालहरू 'कापाइ' भन्दछन् । अघि-अघि धिमालहरू आफैं नै कापाइ-खेती गर्दथे, तर आजकल भने उनीहरू कपासको खेती नगरेर आवश्यकतानुसार सीधै काँचो धागो किन्ने गर्दछन् । काँचो धागो बेच्न थारू र राजवंशी जातिका मान्छेहरू धिमाल गाउँमै पुग्दछन् । उनीहरू काँचो धागो पैसामा बेच्नभन्दा माल-सामानसँग साट्न अधिक रुचि लिन्छन् ।

धिमाल्नीहरू काँचो धागोलाई आफ्नो आवश्यकताअनुसार स्थानीय वस्तु र साधनबाट अनेक रंगमा आफैं रँगाउँदछन् । उनीहरू पीपलको बोक्राबाट खाकी या कोगटी रंग तयार गर्दछन् भने हर्राबाट फुस्रो रङ्ग तयार गर्दछन् । यसै गरी उनीहरू सोलाइ या छोलाइको पोथ्रा या पातबाट कालो रङ्ग तयार गर्दछन् भने 'माझान्ती' र पहाडबाट ल्याउने लुइदाबाट क्रमशः रातो र पहेंलो रङ्ग बनाउँदछन् । स्थानीय रङ्गविधिबाट धिमाल्नीहरूले रँगाएको रङ्ग एकदम पक्का, नउड्ने खालको हुन्छ ।

धिमाल समाजमा तानबुन्ने काम स्वास्नीमान्छेको पेवाजस्तो छ । दुवै लोग्ने-मान्छे र स्वास्नी-मान्छेहरूका लुगा धिमाल्नीहरू नै बुन्दछन् । धिमालहरूका अधिकांश लुगा सिउन नपर्ने, तानबाट झिकेर सोझै लाउन हुने खालका हुन्छन् । अतःधिमाल समाजमा लुगा सिएर लाउने परंपरा धेरै पछिको हो ।

(२) गरगहना -

धिमाल जातिमा शरीरका विविध अङ्गमा लाउने विविध प्रकारका गरगहना-हरू प्रचलित छन् । यी गरगहनाहरू, प्वालो, मुगा, शंखदेखि लिएर धातुमा गिल्टी, चाँदी र सुनसम्मका हुन्छन् । बहुसंख्यक धिमाल गरगहनाहरू चाँदीकै हुन्छन् । सुनका गहना लाउने उनीहरूको प्रचलन निकै पछिको हो ।

(क) पुरुष-गहना

धिमाल लोग्नेमान्छेहरू आंखुटी (औंठी) देखि बाहेक अन्य खास गरगहना

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
लाउँदैनन्। अघि-अघि त धिमाल युवकहरू गिल्टी या चाँदीको गोटा ठोका (चुरा) गाकुली (कुण्डल) पनि लाउने गर्थे। धिमालहरूका आंखुटी विविध प्रकारका हुन्छन्। उनीहरू वेरूवा औंठीलाई वेरेका, आपनो या अन्य देवी देवताहरूको नाम भएकोलाई छापवाला, रूपियाँ भएकोलाई छापिका टाका, फूलीको फूल भएकोलाई नाखामुन्दी योम्पाका, पत्थर भएकोलाई उण्ठुइपिका या पोट र आंखा भएकोलाई मिका आंखुटी भन्दछन्। धिमाल लोग्नेमान्छे र स्वास्नी-मान्छेहरू सबै प्रकारका औंठीहरू समान रूपले लाउँदछन्। धिमालहरू औंठी विशेषतः चाँदी, फलाम, तामा र पितलको लाउँछन्, सुनको उति बनाउँदैनन्। धिमालहरूको लोक-विश्वास अनुसार माइली अम्लामा औंठी लाउन निषेध छ, लाएमा कुकुरले टोक्ने हुनाले माइली अम्लालाई उनीहरू खियाऔंली अर्थात् कुकुर औंला भन्दछन्।

(ख) स्त्रीगहना

धिमाल स्वास्नी मान्छेहरूले लाउने गरगहनाहरू प्रशस्त छन्। उनीहरूले नाक र कानमा लगाउने मुख्य गहनाहरू नादोइ, खुण्टिला, कानैला, नांको या सोना र नाखा मुन्दी हुन्। नादोइ पूर्ण टाका (कंपनी या डबल मोहर) भएको कानमा लाउने कम्पनी टप हो। यसको प्रचलन पहाडतिर पनि पाइन्छ, तर धिमालहरूको माझमा भने यो हराउन थालेको छ। यसको वदलामा आजकल हुने-खाने धिमाल्नी-हरूले नांको या सोना नामको सुनको कुण्डल लाउन लागेका छन्। धिमाल जातिमा सोनाको प्रचलन राजवंशी अर्थात् कोचेहरूको सर-सङ्गत र प्रभावले गर्दा चलेको हो भन्ने भनाइ छ। खुण्टिला कानको माथिल्लो भागमा लाउने केही उठेको मुन्द्री हो। यसको आकार सांगुरिंदै गएको छाताको जस्तो हुन्छ र यो सदा चाँदीको बनाइन्छ। यो धिमाल्नीहरूको पुरानो गहना हो, तर आजकल प्रचलनबाट हराउँदै गएकोले उति देख्न पाइँदैन। नादोइ र खुण्टिलाको तुलनामा कानैला केही पछिको गहना हो। कानैला कानको माथिल्लो भागमा लाउने सानो मुन्द्री हो, र यो सुनको बनाइएको हुन्छ। कानैला विशेषतः शुरूमा केटाकेटीहरू खेर गएमा खतलाएर दोखी बनाई बचाउन लाउने अभिप्रायले बाबु-आमाले आपनो जीवित छोराछोरी दुवैलाई लिङ्ग-भेद विनालाइदिने गर्दछन्। यो ठूलो हउन्जेलसम्म पनि लाइराख्ने चलन छ। यस्तो चलन नेवारहरू र नेपालका अन्य जातिहरूमा पनि पाइन्छ। कानैलाको महत्त्व यथार्थमा गहनाको रूपमा भन्दा दोख मेटेर जीवन लम्ब्याउने साधनको रूपमा बढी छ। यो आजपर्यन्त प्रचलनमा देखिन्छ।

नाकमा लाउने फूलीलाई धिमालहरू नाखामुन्दी भन्दछन्। धिमाल समाजमा यसको प्रचलन त्यति पुरानो नभए पनि यो आजभोलि व्यापक रूपमा प्रचलित भेटिन्छ। नाखामुन्दी पहिले चाँदीको मात्रै बनाइन्थ्यो तर आजभोलि भने सुनको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धन बनाइन्छ। धिमाल्नीहरू अगाडि नथिया लाउने चलन भएकोले इच्छाअनुसार नथिया र फूलीमा कुनै एक लाउने गरेको कुरा बताउँछन्। पूर्वेली धिमाल्नीहरूमा जस्तो बुलाखी लाउने चलन पश्चिमेली धिमाल्नीहरूमा पाइँदैन। नाखामुन्दी एक फूलीदेखि ५ फूली सम्मको हुन्छ, जसलाई संख्या अनुसार क्रमैसँग एगराइका, दयागेराइका, नागेराइका नाखामुन्दी भन्ने गरिन्छ। नाखामुन्दीको यो फूली पत्थर अथवा उही धातुको बनाइएको हुन्छ।

धिमाल्नीहरूले गलामा लाउने मालाहरू संख्यात्मक दृष्टिले निकै छन्। तिनीहरू मुगातिसे,हारी,टाकामाला, अधलीसुकी टाकामाला, दयानी सुकी टाकामाला, न्यानी सुकी टाकामाला, सिंकिली, गोठ या गोज माला, गोली काठी, विषमाला, चोन्द्रोहार र हासुली आदि हुन्।

मुगा तिसे प्वाँलोको माला हो। कालो र रातो प्वाँलाको माला लगाउने चलन धिमाल जातिमा अघि निकै थियो, तर आजभोलि यसको प्रचलन एकदमै कम हुँदै गइरहेछ र त्यसैले प्वाँलाको माला सहितका धिमाल्नीहरू विरलै देख्न पाइन्छन्।

धिमालहरू सिक्रीमा गाँसिएको रूपियाँको मालालाई सामान्यतया हारी भन्ने गर्दछन्। हारीको प्रचलन तराईका थारू, राजवंशीबाहेक पहाडका राई-लिम्बू, गुरूङ मगरहरूमा पनि देखिन्छ। ज्यादै पुरानो रूपियाँको मालालाई धिमालहरू हारी मात्र नभनेर "सतिसार हारी" भन्दछन्।

रूपियाँकै माला तर सिक्रीमा नउनेर धागोमा उनेकोलाई भने टाकामाला भनिन्छ। हारी र टाकामालामा खास भिन्नता उन्ने साधनदेखि बाहेक अरूको छैन। दुवैमा मोहर होइन, कम्पनी उन्ने गरिन्छ। टाकामाला आठानी, सुकी र दुइआनीको पनि हुन्छ, जसलाई क्रमैसँग अधली सुकी टाकामाला, दयानी सुकी टाकामाला र न्यानीसुकी टाकामाला भनिन्छ।

धिमाल्नीहरूले लाउने सिंकिली (सिक्री) केही मोटो चाँदीको हुन्छ। यसलाई उनीहरू सधैंजसो लगाउँदछन्। गोंछमाला १ देखि ५ धाइ (लर्का)सम्मको हुन्छ, गोंछमाला लाउँदा छातीको मध्यभागमा पर्ने चेप्टो बुट्टे गोला 'तोपर' को दुवै छेउको आंखुटीमा सिक्रीका लर्काहरू अड्काइएका हुन्छन्। मध्यभागमा सूर्य रूपको बुट्टा भएका तोपरको तल्लो छेउको माझको सानो आंखुटीमा उही धातुको घुघरी पनि हुन्छ। धिमाल्नीहरू चाँदीको गोछेमाला १०० तोलासम्मको हुने कुरा बताउँछन्।

गोलकाठीलाई काठीमाला पनि भनिन्छ। मालामा 'काठी' दुवैतिर २,२ फिर्की राखेर धागोमा उन्ने हुनाले चाँदीको जम्मा २२ काठी र ४४ फिर्की हुने गर्दछ। प्रत्येक काठीमा चारकुने पाटा ६ वटा र तीनकुने पाटा ८ वटा हुन्छन् भने प्रत्येक फिर्की वरिपरि आठवटा गोली (कुली) हुन्छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विषमाला पनि चाँदीकै सिक्री हो, तर यो 'सिंकिली' भन्दा केही पातलो अक्सर दुइ लर्काले हुन्छ ।

गोछेंमाला र काठीमाला धिमाल्नीहरूले निकै पछि लाउन थालेका गहनाहरू हुन्, अझ पछिको गहना त विषमाला हो । गोंछमाला र काठीमाला तौलले गर्दा दैनिक लाइँदैनन्, त्यसैले ती विशेष सामाजिक अवसर जातिरी मेला आदिमा देखिन्छन् । विषमाला भने सिंकिली झैं दैनिक रूपमा प्रयोग हुन्छ ।

यिनीहरूदेखि वाहेक कोही-कोही चोन्द्रोहार र हांसुली पनि लाउने गर्दछन् । तर धिमाल्नीहरूका यी लोकप्रिय गहना होइनन् । धिमाल्नीहरूले गलामा लाउने सम्पूर्ण गहना चांदीका हुन्छन् । उनीहरू आजकल पनि चाँदीकै गहना बढी प्रचलनमा ल्याउँदछन् । अन्य धातुको माला नहुँदा भने आजकल प्वाँलो लगाउने चलन पनि छ ।

धिमाल्नीहरूले हातपाखुरामा लाउने गहनाहरू पात, खारूङ्ग, संखाइ, ठोका आदि हुन् ।

पात भरखरै लाउन थालिएको गहना हो । पूर्वतिर भने यसलाई नास्तारी भनिन्छ । धिमाल्नीहरू बीच, यो त्यति लोकप्रिय भइसकेको छैन । नारीमा लाइने धातु या काँचको पाटे चुरा खारूङ्ग हो । संखाइ (संख) चुराको रूपमा लाउने चलन पूर्वतिर मात्रै छ । उतातिर संखाइ विवाहिता नारीको चिह्न मानिन्छ, त्यसैले लोग्ने मरेपछि लाएको शंख फुटाउनु अनिवार्य मानिन्छ ।

६ पाटे चाँदीको ठोका (बाला) धिमाल्नीहरूको मन पर्ने गहना हो । यो साधा र कोलवाला समेत गरी दुई प्रकारको हुन्छ । साधा ठोका बीचमा जोर्नी नभएको दुवै छेउमा अगाडिपट्टि तीन पाटामा बुट्टा भएको हुन्छ । दुई हातमा दुइटा ठोकामा १०० तोलासम्म चाँदी हुन्छ । धिमाल्नीहरूको भनाइमा यसलाई साबुन लगाएर लाउनुपर्छ । कोलवाला ठोका कोल (सांचो) भएको ठोका हो । त्यसैले यो खोलेर सजिलै लाउन हुन्छ । यसमा अक्सर बुट्टा कोरिंदैन र साधा हुन्छ । कोलवाला ठोका पनि साधा ठोका झैं निकै गन्हुँगो १०० तोलासम्मको हुन्छ । हुनेखाने धिमाल्नीहरू त दुई जोर पनि लाउने गर्दछन् ।

धिमाल्नीहरूका पाउमा लाउने गहनाहरू कोल्ली (कल्ली), नेपुर र पैरी हुन् । यी सबै नै जोर-जोर दुवै पाउमा लाइने गरिन्छन् । धिमाल्नीहरूसँग सोधपुछ गर्दा उनीहरूले कोल्लीको उल्लेख गरे पनि 'कोल्ली' लाएका धिमाल्नीहरूचाहिं देखिएनन् । कल्लीको प्रचलन धिमाल जातिमा खास रूपमा देखिंदैन । नेपुर या पैरी भने उनीहरूको पुरानो गहना हो । नेपुर र पैरी दुई भिन्न गहना होइनन्, एउटै हुन् । एउटै गहनालाई धिमालहरू नेपुर भन्दछन् भने राजवंशीहरू पैरी भन्दछन्, तर प्रचलनमा विवाहिताहरूले लाउनेलाई पैरी र कुमारीहरूले लाउनेलाई नेपुर भन्ने चलन छ । धिमाल्नीहरूले आजकल पैरी या नेपुर लाउन छोडिसकेका छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
अघि-अघि धिमाल्नीहरू यही लाएर नाच्ने पनि गर्दथे ।

माथि उल्लेख गरिएका गहनाहरूको चर्चा प्रायः पश्चिमेली धिमाल्नीहरूलाई ध्यानमा राखेर गरिएको छ । पूर्वका धिमाल्नीहरूबीच हाल प्रचलित प्रमुख गहनाहरूको नामावली भने निम्न बमोजिम प्रस्तुत गर्न सकिन्छः–

शिदवन, न्हातोङ्गको सोना, शिशा, चाकी शिशे, नाक बुली-बुली, नाका, छत्तिया, नथी, टाकामाला, चोन्द्रोहार, हासुली, गोठ, विसे, विषमाला, नास्तारी, चुरी, साखाइ, ठोका, गठिया (चाँदीको चारपाटे चुरा) ठिङगारू र खारूङ्ग आदि ।

धिमाल जातिका परंपरागत प्राचीन गहनाहरू क्रमशः प्रचलनबाट हराउँदै छन् । आजभोलि यिनीहरूले तराईका अन्य जातिहरूको सम्पर्क र प्रभावमा आएकाले तिनीहरूले लाउने गरेका जस्तै गरगहनाहरूलाई अपनाउँदै-लाउँदै आएका छन् । तराईका अन्य जाति, विशेषतः राजवंशी र थारूहरूको संसर्गले गर्दा नै धिमाल्नीहरूले चोन्द्रोहार, हांसुली, गोछमाला, विषमाला, काठीमाला आदि पछिबाट लाउन थालेका हुन् । यी मालाहरू प्रायः सबै नै केही गन्हुङ्गा हुने हुनाले सँधै नलाएर विहे, जातिरी, मेला आदि विशेष पर्वहरूमा लाउने गरिएको पाइन्छ । यस्तैबेलामा अघि-अघि हुने-खाने धिमाल्नीहरू १०००–१५०० तोलासम्मका गहना लाउँदथे, तर अचेल यसरी गहना लाउने चलन एकदमै घटिसकेको छ । धिमालहरूमा सुनको प्रचलन कम देखिन्छ । उनीहरूका आ-आफ्ना गर-गहना विशेषतः चाँदीकै हुन्छन् । धिमालहरूका गरगहनालाई अलंकरण या श्रृंगारका साथ-साथै सम्पत्ति-संकलनको दृष्टिकोणले हेर्न पनि उपयुक्त हुन्छ । यथार्थमा त्यस्ता गर-गहनालाई धिमालहरूको संवर्धित, संकलित र संरक्षित अचल संपत्तिका रूपमा लिन सकिन्छ ।

(३) केश-विन्यास र रूपसज्जा

धिमाल आइमाईहरू आफ्नो केश-विन्यासमा विशेष रुचि राख्दछन्। यिनीहरूको कपाल कोराइबाट तराईका अन्य जातिका आइमाईहरू र यिनीहरूलाई सजिलै छुट्ट्याउन सकिन्छ । धिमाल आइमाईहरू कपाल कोर्दा सकभर सिउर काट्दैनन्, काडिहाले पनि सिउरको दुईतिर केश नफर्काई सपक्क मास्तिर फर्काउने गर्दछन् । उनीहरू कपालमा तोरी या नरिवलको तेल लाएर चिल्ल्याउने सम्याउने गर्दछन् र पूजाती (फुर्का) तथा रिवनको अत्यन्त कम प्रयोग गर्ने भए तापनि कपाल फुकै छाड्दैनन् ।

यिनीहरू साधारणतः जहिले पनि कि कपाल बाट्दछन्, कि जूरो बनाउँदछन् । धिमाल भाषामा बाटेको कपाललाई 'चेवारी' र जूरोलाई 'खोपा' भनिन्छ । धिमाल्नीहरू कपाल उति बाट्दैनन्, वढी 'खोपा' नै बनाउँछन् । उमेर र अवसर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अनुसार खोपा निकै प्रकारका बनाइन्छन् । ती मध्ये उल्लेखनीय प्रचलित खोपाहरू हुन्—नाँका खोपा, लोताङ खोपा, साइतर खोपा, ढिकाउरी खोपा, पेल्टाङ खोपा, बिन्दा खोपा र जुर खोपा ।

नाँकाखोपा-नाँका खोपाको नाम नाँका अर्थात् नाचमा मारुनीहरूले प्रायः बनाउने खालको हुने हुनाले रहन गएको भन्ने अनुमान हुन्छ, तर यो नाम केश बढ्ता नाच्ने भएकोले पनि रहन गएको हुन संभव छ । नाँका खोपा बनाउँदा धिमाल्नी-हरू पूजाती (फुर्का) या सानो डोरीले शिरको पछाडि, मध्य भागमा घुच्चुकनेर सम्पूर्ण केशलाई एकत्रित गरेर एकै मूठा पारी पल्टाएर या फर्काएर बाँद्धछन् र बाँधेर बाँकी रहेको केशराशिलाई सीधा फुकै छाडिदिन्छन् । झट्ट हेर्दा यो पनि 'टेल' जस्तो पनि देखिन्छ । 'वेराङ्गेलाई' (बूढीहरू) र 'धानीगेलाई' (तरूनीहरू) धिमाल्नी हरू, नाँकाखोपा उति बनाउँदैनन् । यो खोपा सामान्यतया छोटो केश हुनेहरू र साना-साना केटीहरूले मात्र बनाउँदछन् ।

लोताङ खोपा—लोताङ खोपा बनाउँदा केश सबै पछाडि एक मूठा पारी इँजार बाँधे झैं सुर्केनो पारेर बाँधिन्छ र केशको बाँकी भाग, अर्थात् टुप्पा-टुप्पा सुर्केनी पारेको गाँठोबाट निकालिन्छ । यसलाई कोही कोही 'साइतर खोपा' पनि भन्दछन्, तर साइतर खोपा लोताङ खोपाभन्दा केही फरक हुन्छ ।

साइतर खोपा—'साइतर खोपा' लोताङ खोपा जस्तै ढङ्गले बनाइन्छ, तर यसमा केशको टुप्पा ननिकाली भित्रै दबाएर राख्ने गरिन्छ । विशेषतः सतार्नीहरूले बनाउने जूरो भएकोले धिमाल्नीहरूले पनि यसलाई साइतर खोपा भनी उनीहरूबाटै अपनाएको बुझिन्छ ।

ढिकाउरी खोपा— माटोको ढिस्को झैं केही फुकाई उठाएर बनाइने खोपालाई 'ढिकाउरी खोपा' भनिन्छ । किनभने ढिस्कोलाई धिमालहरू आफ्नो भाषामा ढिकाउरी भन्ने गर्दछन् । ढिकाउरी खोपा धिमाल्नी बूढीहरूले बनाउँदैनन्, केवल केही पढे-लेखेका र जान्ने-बुझ्नेको सङ्गत पाएका धिमाल तरूनीहरूले मात्र बनाउन गर्दछन् ।

बिन्दाखोपा—पराल या कपडाको, पानीको गाग्रो अड्याउने वाटुलो बींडलाई धिमालहरू आफ्नो भाषामा बिन्दा भन्दछन् । बिन्दाखोपा बनाउँदा त्यस्तै कपडाको सानो बिन्दाको प्रयोग गरी केशहरू सबै उल्टाएर पल्टाइन्छ । बिन्दाखोपामा बिन्दा लाउनुअघि सबै केश मूठा पारेर एकै ठाउँमा बाँधिन्छ र बिन्दा प्रयोग गरिसकेपछि सबै केश मिलाएर उल्टाइन्छ । त्यसैले धिमाल्नीहरू बिन्दा खोपालाई पेल्टाङखोप पनि भन्ने गर्दछन् ।

जुरखोपा—धिमाल्नीहरूमा अत्यन्त प्रचलित प्रसिद्ध र लोकप्रिय खोपा 'जुर खोपा' हो । जुरखोपा बनाउँदा यिनीहरू सबै केशलाई पछाडि एकत्रित गरी टुप्पो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
नांनिकालो भरसक दबाएर तल र माथि दुवैतिर सुर्कानो पारी केशको गुच्छा निकाली बनाउने गर्दछन् । जुरखोपा कुनै उमेरविशेष या वर्गविशेषका धिमाल्नीहरूसँग मात्र सम्बन्धित छैन, समान रूपमा सबैले उत्तिकै मन पराएर यसको प्रयोग गर्दछन् । धिमालहरूले बनाएका जुरखोपासँग सम्बन्धित केही गाउँ-खाने कथा पनि संकलित गरिएका छन् ।

लुढाइका–लुढाइका कुनै खास खोपा होइन । कपाल केही मैलो हुँदा धिमाल्नीहरू खोपा नबनाई केवल थोरै उठाई कस्ने गर्दछन्, यसैलाई लुढाइका भनिन्छ ।

धिमालहरू भने कपाल नपालेर टुपी पाल्दछन् । लामो टुपीका कारणले नायकनायिकाको भेट भएको प्रसंग पनि धिमाल लोक-कथाहरूमा भेटिन्छ । उनीहरू घुंगुरिएको कैलो केशलाई अलच्छिन ठान्दछन् र कालो लामो केशलाई महत्त्व दिएर मन पराउँछन् । धिमाल्नीहरू रूप- सज्जाका अन्य साधनहरूमा कम ध्यान दिन्छन्, तर खोपा बनाउनमा भने खूबै मन दिन्छन् । यसो हुनाको कारण चाहिं उनीहरूको शिरमा कुनै गहना नभई खाली रहनु पनि हुन सक्तछ ।

धिमाल आइमाईहरू बेलाबेलामा नुवाइ-धुवाइ र सफा-सुग्घर गर्दछन्, तर आफ्नो सिंगार-पटारका निमित्त उनीहरू विशेष रङ्ग-रोगनको प्रयोग गर्दनन् । कहिलेकहीं देखासिकीले उनीहरूले आंखामा सुरमा (गाजल) लाइहाले पनि निधारमा सिंगारको टीका लगाउँदैनन् । कपालमा फूल पनि उनीहरू उति लाउँदैनन् तर जुरखोपा बनाउँदा कहिलेकहीं फूल सिउरिहाले पनि उनीहरू विशेषतः रमाइला सामाजिक अवसर– विहे बटुलामा बोजोको पात उँभो फर्काएर लाउने गर्दछन् ।

(४) चोका

धिमाल्नीहरू गरगहनाका अतिरिक्त गहनाकै परिपूर्ति गर्ने हिसाबले आपना नाङ्गा पाखुरा, हात, खुट्टा र छातीमा चोका (गोदना) खोप्दछन् । चोका खोप्ने मान्छे धिमाल-गाउँमा बाहिरबाट आउने गर्दछ । धिमाल्नीहरूले आपनो जीउमा खोपाउने चोकामा विभिन्न अभिप्रायका बुट्टाहरू हुन्छन् , तिनीहरूमध्ये केही ज्यामितीय आकारका बुट्टाहरू हुन्छन् भने केही नेपालका तराई भेकतिर प्रचलित रूखपात र फलफूल–विशेषतः सुपारी, नरिवल आदि रूखका बुट्टाहरू हुन्छन् । चोकाको डोबको रङ्ग अक्सर रातो, नीलो र कालो हुन्छ तापनि धिमालहरूले नीलो या कालो रङ्ग मात्रै प्रयोग गरेको देखिन्छ ।

चोका र लोक-विश्वास–धिमालहरूमा प्रचलित चोकाको प्रयोगमा केवल सौन्दर्यानुभूति मात्र नभएर, लोक-विश्वास पनि निहित छ । धिमाल लोग्नेमान्छेहरू प्रायशः चोका खोपाउँदैनन् । कसै-कसैले खोपाइहाले पनि आपनो नाम या देवी-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

देवताको नाम वा मूर्ति (चित्र) मात्र खोपाउँदछन्, तर धिमाल जातिमा प्रचलित विश्वासअनुसार त्यस्ताका हातको पूजा चल्दैन। देवी-देवता सम्बन्धी कार्यमा उनीहरू दोषी मानिन्छन्। धिमाल स्वास्नीमान्छेहरू पनि माइतमा चोका खोपाउँदैनन्। माइतमा खोपाए माइती पिर्ने हुन्छ भन्ने उनीहरूको विश्वास छ। चोका अक्सर विवाह भइसकेपछि आफ्नो श्रीमान्‌को घरमा खोपाउने चलन छ। यसो गर्दा नवविवाहिता दुलहीको जीवन सुखी हुने, सौभाग्य सँधै रहने लोकविश्वास छ। मर्दा सबै चीज छोडेर जानु परे पनि चोका भने आफ्नो साथमा जान्छ भन्ने विश्वासले उनीहरूको हृदयमा ठूलो ठाउँ ओगटेको पाइन्छ।

कुनै पनि जातिले लाउने लुगाफाटो, गरगहना तथा अपनाउने रूपसज्जाको विधिले केवल उनीहरू बसोबास गर्ने क्षेत्रको उचाइ र हावापानीलाई मात्र संकेत नगरी उनीहरूको सांस्कृतिक मान्यता र रंग-प्रतीकका साथै रुचि-परिष्कारलाई समेत जनाउँछ। धिमाल जातिमा प्रचलित लुगाफाटाहरू हिमाली शेर्पाहरूका तुलनामा पातला र सूतीका मात्र नभई रङ्गमा पनि ती अपेक्षाकृत साधा र सामान्य हुन्छन्। तराईको प्रसिद्ध चारकोसे झाडीको छेउछाउमा बस्ने धिमालहरूका लुगाको पृष्ठभूमि थारूहरूको झैं सेतो नभएर कालो हुन्छ। वास्तवमा गर्मी ठाउँमा सेता लुगाले तातोलाई एकत्रित गरी गर्मी हुन दिँदैन, त्यसैले पनि तराईका,अर्थात्, प्रर्मी स्थानका बहुसंख्यक मान्छेहरू विशेषतः सेता लुगा लगाउने गर्दछन्, तर यसै प्रसङ्गमा विशेषतः कालो पृष्ठभूमि भएका धिमाल-लुगाहरू तराईको गर्मीलाई ध्यानमा राख्दा व्यावहारिक दृष्टिले अवैज्ञानिक र अपवाद जस्ता देखिए पनि सांस्कृतिक रूपले चाहिं ती विशेष महत्त्वका छन्। तिनका लुगाका पृष्ठभूमि र रंगविधि आदि कोशी, मेची तथा सगरमाथा अञ्चलका पहाडी भेगमा बसोवास गर्ने लिम्बू तथा राईबीच प्रचलित कोगटी र छिटका लुगाहरूसँग निकै मेल खाने खालका देखिन्छन्। यसै गरी उनीहरूले लाउने परंपरागत पुराना गरगहनाहरू पनि लिम्बू-राईहरूका गरगहनाहरूसँग निकै मेल खाने खालका छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खाना र त्यससँग सम्बन्धित प्रचलन

सामान्य परिचय

बहुसंख्यक धिमालहरू तराईका उर्वर जमीनमा धान खेती गर्दछन्। त्यसैले धिमालहरूको मुख्य खाना भातै हो। धानदेखि बाहेक उनीहरूले प्रयोग गर्ने अन्य मुख्य अन्नहरू मकै, कोदो, तोरी, दाल, हुन्। आजभोलि त उनीहरूले गहुँ पनि उमार्न थालेका छन् तर गहुँका खानाहरू बनाउनमा उनीहरू उति रुचि लिंदैनन्। अन्नका साथसाथै तरूल, सुठुनी, आलु आदिको पनि प्रशस्त उपयोग उनीहरू गर्दछन्।

सबै मिलाएर हेर्ने हो भने धिमालहरूको खाना सामान्य र साधारण छ। उनीहरूको दैनिक खाना सामान्यतया दाल-भात र तरकारी हो। अचार या चटनी बनाएर खाने चलन धिमालहरूमा अत्यन्त कम छ। त्यसका सट्टामा उनीहरू नून र खोर्सानी बेसी चलाउँछन् र बहुसंख्यक धिमालहरू निस्तो भात केवल नून खोर्सानी-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सँग मात्र पनि खान्छन् । जूठो खुवाउन पाप मान्ने धिमालहरूमा वासी भात या खानाको प्रचलन पनि निकै देखिन्छ । उनीहरू अक्सर वासीभात पानीमा भिजाएर खोर्सानी राखेर या तताएर खान्छन् ।

चामलले धिमालहरूको खानामा मात्रै होइन सामाजिक जीवनमा पनि वडो महत्त्वपूर्ण स्थान ओगटेको छ। विशेष चाड-पर्व असारे र पार्वा एवं विहे-वटुलो आदि सुखद सामाजिक अवसरहरूमा चामलवाट विशेष प्रकारले तयार गरिएका विभिन्न परिकार भाका, चिचिरी, वागिया, तोलेलुङ्ग वावर, छेली (सेल) आदि चलाइन्छन् । चामलवाट निर्मित अन्य परिकारमा मून (चिउरा) लावा (मुरइ) कुरूङ्ग (भूजा) आदि उल्लेखनीय छन ।

भाका

'भाका' धिमालहरूको दैनिक जीवनमा प्रयोग गरिने खानाको परिकार होइन, यो विशेष उत्सव चाड-पर्वहरूमा चलाइन्छ र मेजवानी लाग्दा पनि लगिन्छ । भाका वनाउँदा चामल भिजाएर पीठो वनाइसकेपछि पुनः त्यसमा छम्केर मुछमाछ पारी माडेर चाल्नोमा चालिन्छ र पाउना (एक प्रकारको भाँडो)मा राखेर वाफले पकाइन्छ । तयार हुँदा यो कनिकाजस्तो सानो डल्ला भएर फरफराउँदो हुन्छ । यसमा नून, गुड, चिनी आदिको प्रयोग हुँदैन, वागिया तोलेलुङ जस्तो संधै नै साधा हुन्छ ।

धिमालहरूले चलाउने भाका दुईप्रकारको हुन्छ– मुराभाका र राजभाका । मुराभाका माथि उल्लेख गरिएअनुसार वनाइन्छ र फुरफुराउँदो हुन्छ। राजभाका भने फुरफुराउँदो नभएर डल्लो हुन्छ, यसलाई कुनै वटुकामा ठोकेर या रूमालमा पोको पारेर पकाइन्छ र अलग्गै निकालिन्छ।

धिमालहरू राजभाका दोङ्गे विशेष गरेर राजदोङ्गे थर भएकाहरूले वनाउन नहुने निषेध वताउँछन्, तर कारण थाह पाउँदैनन् ।

चिचिरी

चिचिरी वनाउन वोर्नी धानको चामल अनिवार्य हुन्छ । यो चामल रातभरि या दिनभरि भिजाएर वगिया जस्तै सिल्लाका (ताखाला)माथि पाउनामा राखेर बाफले पकाइन्छ । चिचिरी यथार्थमा वाफले पकाएको भात नै हो, तर यो अरू चामलको सामान्य भातभन्दा केही फरक लिसाइलो हुन्छ । चिचिरी निस्तो खाइन्छ, यसमा स्वादको निमित्त भाकामा जस्तै नून-गुड आदि राखिदैनन् । चिचिरी मेला,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
पात, जातिरी आदिमा बजारमा बेच्न पनि राखिन्छ ।

बागिबा तोलेलुङ्ग

बागिया तोलेलुङ चामल भिजाएर कुटी निकै मसिनो पारी मसिनो चाल्नीले चालिसकेपछि कराहीमा भुटेर तातो पानीमा मुछिन्छ र डल्ला पारी वाफमा पकाएर वनाइन्छ। धिमालहरू बहुधा एकसाथ वागिया तोलेलुङ भन्ने शव्दावलीको प्रयोग गर्दछन् तापनि बागिया र तोलेलुङमा केही अन्तर भएको कुरा बताउँछन्। धिमाल भाषामा "तोले" भनेको पीठो र "लुङ" भनेको डल्लो हुन्छ। अत: तोलेलुङको शाव्दिक अर्थ सीधै "पीठोको डल्लो" भन्ने लाग्दछ। त्यसैले तोलेलुङ यस्तै आकारको डल्लो हुनुपर्छ भन्ने छैन। त्यो आफ्नो खुशीअनुसार गोलो, च्याप्टो, लाम्चे, चारपाटे जस्तो पनि हुन सक्तछ, तर वागिया भने जहिले पनि दुवैतिर चुच्चो परी माझमा केही फुकेको हुन्छ र माझमा पनि बनाउनेको तीन औंलाका छाप हुन्छन्। बागियाको जस्तो यस्तो छाप आकारको अनिश्चितताले गर्दा तोलेलुङमा हुँदैन।

बागिया तोलेलुङ धिमालहरू विशेषत: मेजवानी आउँदा-जाँदा कोसेली या सौगातका रूपमा लिने-दिने गर्दछन्। बिहे गरेपछि पहिलोपल्ट ससुराली या माइत फर्कंदा 'वाम्साघाली' (मेजवानी)मा नव-विवाहित दुलाहा-दुलहीले बागिया तोले अनिवार्य रूपमा ल्याई आफ्ना नजीकका नातेदार इष्टमित्रहरूलाई बाँड्नुपर्दछ। आफ्ना आफन्तहरू वाबु-आमा, दाजु-भाइ दिदी-वहिनी, काका-काकी, मामा-माइजू, फुपू-फुपाजूहरू यस्तो वेलामा पीठोका डल्लाहरू खूव रमाएर जांड-रक्सीसँग खान्छन्। विवाहिता छोरी माइतबाट आफ्ना घर फर्कंदा पनि त्यसरी नै तोले-बागिया लिएर जान्छे र आफ्ना सासू-ससुरा, जेठाजु-जेठानी आदि घरका सदस्यहरूलाई हातको शोभा सौगातको रूपमा बाँड्दछे। तोले 'पियावाखर'को दिन वनाएर गाईबस्तुलाई पनि ख्वाउने चलन छ।

बागिया तोलेलुङ वास्तवमा सौगात मात्र नभएर दुई भिन्न-भिन्न परिवारका सदस्यहरूलाई एक अर्काका सम्बन्धित नातेदारहरूलाई वैवाहिक अनुष्ठानको एक अनिवार्य अङ्गका रूपमा परिचित गराउने साधनका रूपमा पनि धिमाल समाजमा प्रयोग भएको देखिन्छ। तोलेलुङको आदान-प्रदानले भिन्न-भिन्न परिवारका बीचमा सामाजिक सम्बन्ध स्थापना मात्र गर्ने होइन, स्पष्ट गरेर स्थायी पनि बनाउँछ।

बागिया तोलेलुङ बनाउँदा जहिले पनि पाउनाभित्र सिह्लाका (ताखाला)मा राखी बटुको थाल आदिले छोपेर बाफमा पकाइन्छ। यो आकार अनुसार वडबडका (ठूलो) र मुइ मुइका (सानो) गरी दुई प्रकारको हुन्छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बाबर-छेलो

बाबर धिमालहरूले अचेल सिरूवा (नयाँ वर्ष) फगुवा (फागु) मा विशेष गरेर बनाउने वाटुलो रोटो हो। यो ठूलो-सानो दुवै प्रकारको हुन्छ। यसलाई तेल या घ्यूमा तारेर पकाइन्छ। मन लाग्दा अरू वेला पनि यो बनाएर खाइन्छ, तर बाबर धिमालहरूको परंपरागत खानाको प्रकार होइन, अन्य जातिको संपर्कमा आएपछि उनीहरूले बनाउन थालेको खानाको प्रकार हो। बाबरलाई गुलियो बनाउन धिमालहरू दानागुर (गुड) को प्रयोग गर्दछन्। बाबर बनाउँदा उनीहरू तातो पानीमा गुड मिसाएर पीठो मल्दछन् र तेल अथवा घ्यू तताएर ताईमा तारेर पकाउँछन्। कोहीकोही बाबरमा केरा पनि हालेर मिसाउँछन्। केरा हाल्नुको मूल कारण रोटीलाई भुक्क फुलाउनु हो। गुड नपाए आजकल उनीहरू चीनी पनि चलाउँदछन्। छेली पहाडतिर बनाइने सेलकै स्थानीय रूप हो। धिमालहरू "स" र "छ" ध्वनि एक अर्काको सट्टामा समान रूपमा उच्चारण गर्दछन्। धिमालहरूले बनाउने सेल केही सानो र खिरिलो हुन्छ। छेली आजकल हाटबजारमा पकाएर बेच्न राखेको पनि देखिन्छ।

मुन, लावा र कुरूङ्ग

चामलबाट तयार गरिने अन्य खानाका प्रकारमा मुन (चिउरा) लावा (मुरइ) र कुरूङ्ग (भूजा) को नाम लिन सकिन्छ। धिमालहरू अनदी धानको चिउरा बनाउन रुचाउँछन्। लावा र कुरूङ्ग चामल भुटेर बनाइएका खानाका प्रकार हुन्। लावा बनाउन चामल बालुवामा तताएर भुटिन्छ भने कुरूङ्ग केवल कराहीमा फूल नउठाई भुटिन्छ। धिमालहरूका यी खाना धेरै दिनसम्म पनि जगेडा गरेर राख्न सकिने खालका हुन्छन्।

कालाइ-(कालोदाल)

धिमालहरू रहर, मुसुरी आदि उमार्छन् र खान्छन्। तर कालो दाल बेसी मनपराउँछन्। कालो दाल धिमाल-समाजमा दैनिक खानाको एक परिकारको रूपमा मात्र होइन, विशेष सामाजिक रिवाज र प्रचलनहरू संपन्न गर्दा चाहिने अनिवार्य विशेष खानाको रूपमा पनि प्रचलित छ। धिमालहरू कुनै पनि गल्तीबाट सामाजिक रूपले माफ पाउन, विशेषतः चौराशी (ठूलो भोज) गर्दा, कुलडोबा (आफ्नो कुल डुबाएर आउने व्यक्ति) लाई स्वीकार्दा कालो दालमा कौडी मिसाएर

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
सबैलाई बाँडेर ख्वाउँछन् र खान्छन् । यतिमात्र होइन, नवविवाहिता दुलहीले कुलको सदस्यको रूपमा स्वीकृति पाउन पनि दुलहापट्टिको विवाहको भतेरमा जन्तीहरूलाई कालो-दाल बाँड्नु अनिवार्य मानिन्छ । कालोदाल तराईका अन्य जातिहरूमा भने उति प्रचलित र लोकप्रिय देखिदैन ।

सार एवं सार्रांस

तरकारीलाई धिमालहरू आफ्नो भाषामा सार भन्दछन् । तर हरियो साग-सब्जीको तरकारीहरूलाई भने उनीहरू विशेषरूपमा सार्रसिं भन्दछन् र सबैमा खाका (चिरैंतो) नबिर्सी राख्दछन् । चिरैंतो नराखेको सागसब्जी धिमालहरूको निमित्त तिख्खर हुँदैन, लाटो हुन्छ । तैपनि उनीहरू चिरैंतो विशेष गरेर मूला, पाछाइ लाफा (साग) दावो, बोडवा (वेठु), पाते (पेटुको कलिलो मुन्टा), फारसी घोरे (फर्सीको मुन्टा), जिम्से (तोरी), सौजिनीको भार(फूल), फारसीको भार, कोपी, तोकराको घोरे (लौकाको मुन्टा) आदिको उसिनेको परिकारमा अनिवार्य रूपले राख्दछन् । उनीहरू अक्सर आलु, वैंगन, घिरौंला, लौका, फर्सी, वोडी, सिमी, केराउ, प्याज, कोपी आदिको तरकारी खान्छन् र खोर्सानी, लसुन अदुवा, वेसार आदि मर-मसलाको रूपमा चलाउँछन् ।

चिरैंतो प्रयोगको विशेष कारण खोतल्दा धिमालहरू जीउसाफ गर्ने,जूका मार्न जीउमा फूर्ति ल्याउन, औलो जरोवाट वच्न, आङ दुखेको निको पार्न औषधिकै रूपमा प्रयोग गरेको कुरा वताउँदछन् । त्यसैले सागपातमा मात्र होइन, कहिले-काहीं उनीहरू चिरैंतो चिया र दालमा समेत राख्ने गरेको कुरा वताउँछन् । तर आजकल क्रमशः चिरैंतो मिसाएर खाने चलन कम हुन लागिरहेछ । औले जरो उन्मूलन यसको मूल कारण हुन सक्तछ । अगि-अगि औले जरोवाट संरक्षा एवं त्राण पाउन पनि धिमालहरूले बढ्ता चिरैंतोको प्रयोग गरेका हुन् ।

धिमालहरूका आफ्ना परंपरागत मुख्य तरकारीहरू कुरूङ्ग गुण्डा, कुरूङ्ग सार सिकौती, सिकौसी सार र लेउ हुन् । तरकारीहरू पकाउँदा उनीहरू आजकल चिल्लोको निमित्त तोरीको तेल र सुंगुरको बोसो चलाउँदछन् । तर मरमसलाको प्रयोग दैनिक जीवनमा कम गर्दछन् ।

गाईबस्तु पाल्ने हुनाले धिमाल-समाजमा दूध, दही, मही, नौनी, घीउ आदिको चलन छ । तर उनीहरू ती त्यति मन पराउँदैनन्, त्यसैले कम चलाउँछन् । दही खाँदा प्रायशः खानाको अन्त्यमा मुछेर खाने गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुरूङ्ग गुण्डा र सार

कुरूङ्ग गुण्डा बनाउँदा धिमालहरू अनदी धानको चामल भिजाएर या नभिजाएर पनि भुट्दछन् । भुटेको चामललाई धिमाल-भाषामा कुरूङ्ग भनिन्छ । यही भुटेको चामल अर्थात् कुरूङ्ग कुटेपछि कुरूङ्ग गुण्डा बन्दछ । कहिले-कहीं धिमालहरू यसरी भुटेको कुरूङ्गबाट दाल बनाएर पनि खान्छन्, यस्तो दालमा सदा चुदुर (चिप्ले कीरा) मिसाइएको हुन्छ । यस्तो तयारीलाई कुरूङ्ग सार भनिन्छ । चुदुर यसै पनि दालमा मिसाएर खाने चलन धिमालहरूमा अत्यन्त प्रचलित छ । धिमालहरू चुदुर मिसाएकै दाल बढी मनपराउँछन् ।

सिकौती र सिकोती सार

सिकौती पटुवाको मुण्टा घाममा सुकाई माडेर तयार गरिन्छ । सुकिसकेपछि त्यसलाई जहिले मन लाग्यो, उहिले खाने गरिन्छ । सिकौती वढ्ताजसो मुन्ची (कनिका)मा मिसाएर दाल बनाएर खाइन्छ । यस्तो दालमा धिमालहरू लेउ (तोरीको डाँठबाट वनेको) पनि राख्दछन् जसलाई सिकौती सार भनिन्छ। सिकौती सारमा केही मरमसला पनि राखिन्छ । तर तेल र बेसार भने राखिदैन । सिकौती आफै तीतो हुने हुनाले यसमा खाका (चिरैतो) मिसाइँदैन ।

लेउ

लेउ तोरीको गट्टा (डाँठ) को बन्दछ । पाकेको तोरी सुकाएर माडिसकेपछि त्यसका डाँठलाई आगोमा डढाएर खरानी जम्मा गरिन्छ र वास्तवमा लेउ खान पर्दा या तरकारी आदिमा राख्न पर्दा त्यही खरानी पानीमा भिजाई, छानी निस्केको पानी चलाइन्छ । यसको प्रयोग खासगरी सिकौतीबाट तयार गरिएका खानाहरूमा मात्र हुन्छ । लेउ राखेपछि तरकारी या दाल जहिले पनि केही मात्रामा चिल्लो र लस्सादार हुन्छ, जसमा नूनको प्रयोग कम गर्नुपर्दछ । पहिले-पहिले त धिमालहरू नूनको वदलामा लेउ नै प्रयोग गर्ने गर्दथे ।

अर्को थरी लेउ केराको दाम्साबाट बन्दछ । यस्तो लेउ धिमालहरू 'कनिका' को तयारीहरूमा मात्र प्रयोग गर्दछन् । अघि-अघि त उनीहरू लेउलाई डल्ला-डल्ला पारी साँचेर पनि राख्ने गर्दथे ।

माछा-मासु

धिमालजाति शाकाहारी नभएर मांसाहारी जाति हो । उनीहरू माछा-मासु खूब

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
मन पराउँछन् । माछा-मासुमा उनीहरू घरेलु पशुपन्छी, सुंगुर, खसी, राँगा, भेडा, हाँस-कुखुराबाहेक जङ्गली मूसा, चुदुर, घोगी, कोशा (गोहोरा) लाई प्रमुखता दिन्छन् । यसरी नै उनीहरू जङ्गली जनावरमा मृग, हरिण, बनेल आदि पनि खाने गर्दछन् ।

धिमालहरू माछा र मासुबाट विविध परिकारहरू तयार गर्दछन् । यिनीहरूमा सिदला, सिदला छेना, सिदला सार, हाया सेना, हाया होंका सार, हाया सार, सेप्पाका व्या, बतेङ ब्या, खिङतेङ व्या, फुङतेङ व्या आदि विशेष छन् ।

सिदला

सिध्रालाई धिमालहरू सिदला भन्दछन् । सिदला बनाउँदा धिमालहरू- सान-साना पोथी माछालाई आगो या घाममा केही दिन सुकाएर, सुकिसकेपछि घुंसारको डालेङ (मानेको डाँठ) सँग सिमखोन्दी (ग्रोखली) मा कुटेर पीठो पार्छन् । माने राखेपछि धूलो केही लिसाइलो हुने हुनाले ठूलो डल्ला पारी केही दिनसम्म केराको पातमा पोको पारेर गुम्स्याएर राख्दछन् । यसरी राख्दा केही शीतल, घाम नलाग्ने ठाउँमा राखी निकाली फेरि ग्रोखलीबाट कुटेर सानो सानो पुवा या बाबरी रोटीजस्तो बनाइन्छ र अलि-अलि बेसार माथि-माथि मोलेर नांग्लोमा राखेर घाममा पुनः सुकाइन्छ । यसैलाई सिदला चानी भनिन्छ, जो वर्ष दुई वर्षसम्म पनि साँचेर सुरक्षित राख्न सकिन्छ। सिदला धिमालहरू अक्सर घेरा (तोरिया) मा मिसाएर खान्छन् ।

सिदला छेना

धिमालहरू "सिदला छेना" बनाउँदा सिदलाको सुकेको पीठो पानीमा पकाउँछन् पानी सुकाउँछन् या सीधै आगोमा पोलेर तेल, नून, खोर्सानी, लसुनसँग मुछ्दछन् र चखिलो चटनी या अचारको रूपमा खान्छन् । सिदला छेना खासमा धिमालहरू सबैले नै अति मन पराउँछन् ।

सिदला सार

"सिदला सार" पकाएर खान धिमालहरू सिदलालाई पानीमा मिसाएर धुन्छन् र तेलमा भुटेर मरमसला लगाई पकाउँछन् । सिदला सार धेरैजसो सुख्खा, विनाझोलको हुन्छ, अर्थात् भुटेको हुन्छ ।

सिदला धिमालहरू अत्यन्त मन पराउँछन्, त्यसैले मृतकहरूको नाममा पिण्ड दिंदा पनि अनिवार्य रूपले आवश्यक मानिन्छ । उनीहरू सिदला नभए विधि पुऱ्याउन माछाको सुकुटी पनि चलाउने गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हायाछेना

माछा आगोमा पोलेर पाकिसकेपछि निकालेर पीसी या खाली हातले मली नून, खोर्सानी, लसुन राखेर 'ह्रायाछेना' बनाइन्छ। माछाको परिकारमा धिमालहरू अदुवा राख्न हुँदैन भन्दछन्।

अदुवाबाहेक अरू सबैजसो आवश्यक मरमसला राखी भुटेर पकाएको माछाको तरकारीलाई धिमालहरू "हाया होंका सार" भन्दछन्। हाया होंका सारमा झोल राखिँदैन। झोल राखेको माछाको तरकारीलाई भने धिमालहरू 'हाया सार' मात्र भन्छन्।

व्याको प्रकार

धिमालहरूले खाने मासुका परिकार पनि विविध प्रकारका छन्। उनीहरू मासु, सुकाएर, पोलेर, पकाएर, अनेक गरेर खान्छन्। धिमालहरूआगोमा सुकाएको मासुलाई "सेम्पाका व्या" र पोलेको मासुलाई "फुङका व्या" भन्दछन् भने उसिनेको मासुलाई "वतेङ व्या" र उसिनेर पुनः पकाएकोलाई "वतेङ खङका व्या" र काँचै (सिधै) पकाएको मासुलाई "खिङतेङ व्या " भन्दछन्।

हिउँदमा धिमालहरू साधारणतया बिहान-बेलुका दिनको दुइ-पल्ट भात खान्छन्। दिउँसो खाजा खाने चलन उनीहरूमा कम छ। पुग्ने र हुनेले भने भुटेको मकै, मुरै, खट्टे आदिको प्रयोग खाजाको रूपमा गर्दछन्। बर्खामा भने खेतमा खटिएर काम गर्नुपर्ने हुनाले उनीहरू तीनपल्ट खाजा खाने गर्दछन्। बिहानको नास्तालाई उनीहरूले जलपान भने पनि पूरै पेटभरि खाने गर्दछन्। कामको बेलामा भने धिमालहरू बिहान पनि अनदी धानको भात खान रुचाउँछन्। धिमालहरूमा प्रचलित दैनिक खानाको मिनु "दाल-भात-तरकारी" नै हो। अचारको चलन उनीहरूमा अत्यन्त कम छ। अघि उनीहरू खानामा तेल, मरसमला आदि राख्दैनथे र नूनको रूपमा लेउ चलाउँदथे, तर अचेल यिनीहरूको प्रयोग खास-खास परिकारमा मात्र गरिन्छ। धान-खेती गर्ने धिमालहरूको खानाका प्रकार धेरैजसो चामलबाट बनेका देखिन्छन्। आर्थिक अवस्था हेरी खानाको परिमाणमा अलिकति फरक परे पनि खानाको परिकार र स्तर प्रायः सबै धिमाल-घरमा उस्तै पाइन्छ। उनीहरूको खानामा प्रशस्त मात्रामा प्रोटिन देखिँदैन। चीनी उनीहरू अत्यन्त कम चलाउँछन्; तेल, घ्यू आदि चिल्लो भरसक थोरै नै प्रयोग गर्दछन्।

सुर्ती-पान-सुपारी

धिमाल-जातिमा अघि-अघि चियाको चलन थिएन। उनीहरू खयरको चिया चलाउँदथे। शुरूशुरूमा नूने चिया पनि चलाइन्थ्यो। घरमा आएका पाहुनालाई

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
उनीहरू बेला-बखत हेरी बिडी-सुर्ती या जाँड-रक्सीले स्वागत-सत्कार गर्दछन् । चुरोट, पान, तमाखु, सुपारी आदि धिमाल स्त्री-पुरुष दुवैमा समान रूपले प्रचलित छन् । बिडी र सिगरेटभन्दा बढ्ता उनीहरू तमाखु र सुर्तीको प्रयोग गर्दछन् । अघि-अघि सालको पातमा सुर्ती बेरेर खाने चलन बढी थियो र अझै पनि धिमाल बूढाबूढीहरू सालकै पातमा सूर्ती खान मन पराउँदैछन् । अचेल कहिले-कहीं कोही-कोहीले मकैको खोसेल्टामा पनि सुर्ती बेरेर खाएको देखिन्छ । धिमालहरू बिंडी, चुरोट, पान सुपारीको वेसी प्रयोग बिहेको बेलामा र विशेषत: केटी हेर्न र माग्न जाँदा गर्दछन् । युवक केटाकेटीहरु वीच पनि यी वस्तुहरू सौगातको रूपमा आदान-प्रदान गर्ने चलन छ । अघिअघिको चोरी विहेमा त केटाहरू आफूलाई मन पर्ने केटीको घरमा गएर सुपारी-बिडी दिएर आफ्नो भावना नबोलीकन प्रतीकात्मक रूपमा व्यक्त गर्दथे । केटीले केटाले प्रदान गरेको सुपारी सकारेमा आफ्नो स्वीकृति दिएको मानिन्थ्यो ।

जाँड-रक्सी

धिमालहरू आफूलाई मतवाली भन्दछन् । त्यसैले जाँड-रक्सी प्रशस्त चलाउँदछन् । धिमालहरूको "गोरा" शब्दले जाँड र रक्सी दुवैलाई बुझाउँदछन् । तर जाँड र रक्सी छुट्ट्याएर भन्न परे उनीहरू क्रमश: ध्याङसिङ गोरा र चुहाइका गोरा भन्ने शब्दावली प्रयोग गर्दछन् । जाँड-रक्सी उनीहरू आफैंले घरमा बनाउँदछन् र प्रत्येक सामाजिक पर्व, उत्सव, मेजवानी, अतिथि-सत्कार आदिमा प्रशस्त उपयोग गर्दछन् । जाँड-रक्सी धिमालहरू आपसमा बेच-बिखन गर्दैनन्, बरू आवश्यक परेका बेला आफैंले घरमा बनाउन नसके ऐंचो-पैंचो गरेर चलाउँदछन् । धिमाल-जातिमा प्रचलित जाँड-रक्सीको विविध परिकारमा ध्याङसिङ गोरा, चुहाइका गोरा, भात्या र तारा वाम्वा आदि मुख्य हुन् ।

ध्याङसिं गोरा

ध्याङ सिं गोरा बनाउँदा धिमालहरू सबभन्दा पहिले धान एकसरो कुटेर भिजाई पाउनामा राखी बाफले उसिन्छन् । एकसरो कुटेर निकाल्दा जहिले पनि आधी चामल र आधी धान रहने गर्छ । पकाइसकेको यही धान-चामललाई चिसो पारेर मोहनी (मार्चा) साग्वा (भर्लाको गेडा) राखेर मुछिन्छ र सबै एउटा डालोमा राखेर गुम्स्याई जरो आउने बनाइन्छ । यसरी गुम्स्याइएको अन्नमा जरो ल्याउन गर्मीमा भए एकदिन र जाडोमा भए केही बढी दिन लाग्छ । जरो आइसकेपछि अन्नलाई एकरात फिंजाएर सेलाइन्छ र भोलिपल्ट टिन या माटोको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

घैंलामा राखेर भुस या परालको आगो या धूवाँ लगाइन्छ। गाग्रीको जाँड चीसो पानीमा सेलाएर फेरि गाग्रीमैं राखिन्छ र भरि पानी राखेर छोपिन्छ। गर्मीमा भए एक हप्ता र जाडामा भए केही अरू वढी दिनमा जाँड खानलायक हुन्छ। जाँड खाँदा धिमालहरू पानी थपेर घोलेर छोक्रा होइन, झोल खान्छन्। यसको रङ्ग कालो, हरियो र पहेंलो मिसिएको हुन्छ। साग्वा वढ्ता भए झोल वाक्लो भई कालो हुन्छ। यसै जाँडवाट धिमालहरू चुहाइका गोरा (रक्सी) पनि वनाउँदछन्। रक्सी पार्ने जाँडमा धिमालहरू चामलभन्दा धानको प्रतिशत वढ्ता राख्दछन्।

भात्या

धिमालहरू भातवाट वनाइने भाते जाँडलाई भात्या भन्दछन्। भात्या वर्नी या अन्य चामलको भात पकाई, सेलाई, मार्चा राखी घैंलामा वनाइन्छ। धिमालहरू मार्चा राखेको भातमा तोरीका गेडा पनि मिसाउने गर्दछन्। तोरी मिसाएको कारण सोद्धा उनीहरू जागित्र पितृहरू लागेर भात्या नविग्रोस् भनेर हो, भन्दछन् र हुन पनि तोरी मिसाएपछि भात्या नविग्रने कुरामा उनीहरू पूर्णतः विश्वस्त हुन्छन्।

घैंलामा राखेको भातमा पानी राखिंदैन। त्यो मार्चाले गर्दा आफैं गल्दछ र २,३ दिनभित्रै जरो आई खानलायक हुन्छ। भात्या खाँदा धिमालहरू झोल पिउने र छोक्रा खाने गर्दछन्। कोही-कोही छोक्रा भात पानीमा घोली छानेर पनि खान्छन्।

भात्या घैंलामा नवनाई डालोमा वनाउँदा धिमालहरू जागित्र लागेर नबिग्रोस् भनेर तोरी नमिसाई डालोमाथि कचिया र कुचो पनि राख्ने गर्दछन् र घैलामा वनाउँदा भने यसरी कुचो र कचिया राख्ने गरिंदैन।

ताराबाम्बा

तारावाम्वा एक प्रकारको भात्या नै हो, तर यो वनाउने विधि केही फरक हुन्छ र यसलाई धेरै दिनसम्म साँचेर खान पनि सकिन्छ।

तारावाम्वा वनाउँदा धिमालहरू वर्नी या अनदी धानको चामल एकरातभरि भिजाएर चिचिरी झैं वाफमा पकाउँछन् र नाङ्लोमा राखी केही सेलाएर मार्चा मिसाई माटोको घैलामा राख्दछन्। भात्या र ताराबाम्वामा साग्वा पटक्कै राखिंदैन। भात्यामा आवश्यकतानुसार पानी राख्न सकिन्छ, तर तारावाम्बामा भने त्यो पनि राखिंदैन। मार्चा मिसाएर घैलामा राखेपछि घैलाको मुखमा केराको वुजो लगाई हावा छिर्न नपाउने गरी माटाले सपक्क लिपिन्छ। तारावाम्वालाई खान हुने वनाउन कम्तीमा २ हप्ता लाग्दछ। धिमालहरू यसलाई दुई तीन महीनासम्म पनि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

राख्ने गर्दछन् । ताराबाम्बालाई बाहिर निकाल्दा हातले छुनु हुँदैन, छोएमा खरो हुने र धेरै दिनसम्म राख्न नसकिने हुन्छ । ताराबाम्बा खाँदा पानी नराखी भात-जस्तै फाँकी हालेर या पानी राखी घोलेर पनि खाइन्छ ।

धिमालहरूको सामाजिक जीवनमा सुर्ती, सुपारी, तथा जाँड-रक्सीको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। उनीहरूको कुनै पनि चाड-पर्व, समारोह र भेटघाट जाँड-रक्सीविना खल्लो हुन्छ । एकैसाथ रक्सी र जाँड खाएर धिमालहरू मन साट्ने र मन बाँड्ने मात्रै गर्दैनन्, गल्तीमा माफी लिनेदिने पनि गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोक-खेल र मनोरञ्जन

परिचय

आजकल खेलहरू दिनकटनी र मनोरञ्जनका विविध स्वरूप मानिन्छन्। तर हामीले बुझ्नुपर्ने कुरा के हो भने कुनै खास स्थान या कुनै समयको कार्यमूलक क्रिया-कलाप र गम्भीर खोज, अर्को स्थान र बेलामा केवल एउटा सामान्य खेल मात्रै पनि हुन सक्तछ।[1] खेलहरूलाई सही सन्दर्भमा हृदयंगम गर्न यस भनाइलाई हामीले उल्टाएर पनि हेर्नुपर्ने हुन्छ। किनभने कुनै एक स्थान र बेलाको खेल अर्को स्थान र बेलामा गंभीर, कार्यमूलक व्यावहारिक यथार्थ पनि हुन सक्तछ।

(१) कोफिन र काहेन, १९६६–७१

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुनै एक क्षेत्रमा बसोवास गर्ने कुनै जातिको खेलकूदमा उनीहरूको स्वभाव, साहस र शक्तिको प्रदर्शन मात्र होइन, तिनबाट उनीहरूको सामाजिक-सांस्कृतिक जीवनको महत्त्वपूर्ण पक्षहरू पनि उद्घाटित हुनुका साथै उनीहरूको जातीय अवस्था र मनोरञ्जनका साधनहरू पनि पत्ता लाग्दछन् । त्यसैले खेल एवं मनोरञ्जन लोक-जीवनको महत्त्वपूर्ण अङ्ग मानिन्छ ।[२]

खेलहरू प्रायशः नाटकीय (अभिनयात्मक) र परस्पर-प्रतिस्पर्धात्मक हुन्छन् । कुनै पनि खेलमा एक या एकभन्दा बढी खेलाडीहरू हुन्छन् । खेलाडीहरू बीच खेलमा जहिले पनि स्पर्धा र संघर्ष हुने गर्दछ । यो सदा नै टुंगो अर्थात् चरमसीमामा पुगेर नै टुंगिन्छ । तर कति यस्ता खेलहरू पनि छन्, जसले सामाजिक सहयोग, मेलमिलापको प्रवृत्ति एवं भावनालाई विकसित गर्न मद्दत गर्दछन् । यस्तो प्रवृत्ति अक्सर अभिनयात्मक खेलहरूमा बढी हुन्छ । प्रतिस्पर्धात्मक खेलमा दुई वा दुईभन्दा बढ्ता समूह हुने हुनाले हार-जीत अनिवार्य हुन्छ । यस्ता खेलहरूको निश्चित नियम या अनुशासन हुन्छ । यिनीहरूसँग सबै भागलिने खेलाडीहरू पूर्ण परिचित हुन्छन् । ती औपचारिक रूपले सिकाइँदैनन्–सिकिंदैनन् तर समाजको सदस्य भएको नाताले व्यक्तिले स्वाभाविक सहभागबाट ग्रहण गर्दछन् ।

प्रत्येक क्षेत्र वा जातिका आफ्-आफ्ना प्रकारका खेलहरू हुन्छन् । धिमाल-जातिका पनि आफ्ना केही परंपरागत विशेष खेलहरू छन् । उनीहरू खेललाई आफ्नो भाषामा "घाका" भन्दछन् । ती सबैजसो आमोद-प्रमोद र मनोरञ्जनका साधनका रूपमा बढी स्वीकृत छन् । वास्तवमा परम्परागत खेलहरू खेलाडीका निमित्त मनोरञ्जन मात्र भए पनि तिनले कुनै जातीय संस्कृतिको क्षेत्रमा गंभीर तथा महत्त्वपूर्ण कार्य-संपादन गरिरहेका हुन्छन् । धिमाल-जातिमा प्रचलित खलहरू-लाई घर र चौरमा खेलिने आधारमा भन्दा वयस्कहरूले र बालबालिका-हरूले खेलिने आधारमा मूलतः दुई समूहमा बाँडी चर्चा गर्न सकिन्छ ।

(क) वयस्कहरूको खेल

अघि-अघि धिमाल गोठालाहरू बीच "डण्डी-बियो" अत्यन्त प्रचलित थियो । उनीहरू बाघचाल पनि खेल्दथे । तर बाघचालभन्दा 'खोपी' विशेष प्रसिद्ध र लोकप्रिय थियो । खोपी खेल्दा ५ूलठूलो तामाको पाँच पैसे ढ्याकको प्रयोग हुने गर्थ्यो– घ्वाइँको निमित्त । उल्लिखित तीनै खेलहरू पहाडी भेगका अन्य जातिहरूमा पनि प्रचलित छन् । यीदेखि बाहेक धिमालहरू चाडपर्वमा लिंगेपीङ (बाइधोपिंग)

---

(२) स्मिथ, १९६८-१७९

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

र रोटेपीङ पनि थाप्दछन् । उनीहरू घरमा बसेर तास खेल्छन् भने चौरमा गएर 'कपर्दी' पनि खेल्दछन् । आजभोलि परम्परागत खेलहरू हराउँदैछन्, नयाँ खेलहरू विकसित हुँदैछन् ।

वयस्कहरूको खेलहरू अक्सर बहिरंगी हुन्छन् । अर्का शव्दमा भन्दा ती घरबाहिर चउरमा खेलिन्छन् । तिनमा गीतको प्रयोग अत्यन्त कम हुन्छ । तिनमा हिंड्ने-कुद्ने चाल बेसी हुने हुनाले पुरुषहरू वढी भाग लिन्छन् ।

धिमाल वयस्कहरूमा प्रचलित दुई उल्लेखनीय खेलहरू हुन्– डण्डीबियो र वाघ-चाल ।

डण्डी-बियो (गुलिडण्डा)

डण्डी-बियो खेल्दा खेलाडीहरू सर्वप्रथम दुई समूहमा विभाजित हुन्छन् र पालैसित बियोलाई डण्डीले हुत्याएर खेल्दछन् । बियो विरोधी पक्षकाले समातेमा हुत्याउने मान्छे मरेको या उसको मौका गुमेको ठहर्दछ । समात्न नसके हुत्याएको ठाउँमा फालेर जमीनमा तेर्स्याइएको डण्डीलाई मार्न सके या खोपीमा पसाउन सके पनि हुन्छ, दुवै हुन नसके हुत्याउनेले बियोलाई हावामा जतिपल्ट सक्यो, उतिपल्ट डण्डी हानेर खेलाई जति टाढा पुऱ्याउन सक्छ उति छिटो जित्ने हुन्छ। डण्डी-बियो खेलको नियम निकै विकसित छ । यो खेल नेपालका अन्य भागमा बसोबास गर्ने विभिन्न जातिमा पनि उत्तिकै प्रचलित र लोकप्रिय छ । धिमालहरू डण्डी-बियोलाई तराईका अन्य जातिहरूमा प्रचलित 'गुलिडण्डा' शव्द नै वढी प्रयोग गर्दछन् ।

बाघचाल

बाघचाल कुनै काठ, ढुंगा या जमीनमा घर कोरेर कोठाहरू बनाई खेलिन्छ । बाघचाल खेल्दा एउटाले बाघ र अर्काले बाख्राको प्रतीकका रूपमा स-साना ढुंगा या अन्नका दानाहरू कोठाका खास स्थानहरूमा चाल्दछन् । धिमालहरू विशेषतः बाख्राको प्रतीक निमित्त बाख्राकै बडकुलाहरू प्रयोग गर्दछन् भने बाघको निमित्त माटाका डल्ला या ढुङ्गाका टुक्राहरू उपयोग गर्दछन् । बाघको प्रतिनिधित्व गर्ने वस्तुहरू सदा नै बाख्राको प्रतिनिधित्व गर्ने वस्तुभन्दा केही ठूला हुन्छन् । खेलमा जम्मा बाघ चार र वाख्रा बीस हुन्छन्, बाघले बाख्रालाई खाने र बाख्राले बाघलाई खोर (कोठा) बनाई थुन्ने आधारमा यस खेलको जीत-हार हुन्छ । धिमालहरू बाघचाल खेलेर कहिले कहीं शुभ-अशुभ या साइत-असाइत छुट्ट्याउँछन् भने कैले चाहिं पैसा वाजीमा थापेर हारजीत पनि गर्दछन् ।

ठूला-बडा वयस्क धिमालहरूले खेल्ने अन्य मनोरञ्जनात्मक खेलहरूमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
तासको "ग्याम", विडी, पैसा र सलाईका काँटीको 'जोर ना बिजोर' र गुच्चा आदि छन्।

(ख) बालबालिकाहरूको खेल

केटा-केटीहरूको खेलमा प्रायः सबैजसोमा केही-न-केही गीत या वाणीको प्रयोग भएको हुन्छ। सानासाना बालकका खेलहरू विशेषतः घरैमा खेल्ने खालका हुन्छन्। लयात्मक गति एवं ध्वनि सानासाना बालबालिकाको निमित्त सुखद र आनन्ददायक हुन्छ। त्यसैले तिनीहरूको खेलका गीतमा अर्थभन्दा बेसी लय अर्थात् शव्दानुप्रासको प्रधानता हुन्छ। ५,६ वर्षसम्ममा शिशुहरूलाई व्यस्त राख्ने या रमाइलो गराउने एकमात्र साधन खेल हो। यी खेलहरूले उनीहरूलाई अरूहरूसँग मिसिने, अन्यमनस्कता हटाउने, उनीहरूको रुवाइ या असन्तुष्टिलाई बिर्साउने गर्दछन्। धिमाल बालबालिकाहरूमा प्रचलित केही खेलहरू हुन्:– डोलडोल घाका, धंगौरा, डोलाइ मोलाइ घाका, पिम्से लुकाइ घाका, आइथिरी-बाइथिरी घाका, ढुकमुक घाका, डोमडोम घाका, भोतेङ्ग-भोतेङ्ग घाका, शिकारी घाका, छासा र वारा हेर्लाङ्ग घाका।

धंगौरा

धंगौरा खेलमा केही केटा-केटीहरू प्रारम्भमा हातहात समातेर गोलाकार रूपमा उभिन्छन्। तिनीहरूमध्ये एकजना बाहिर बसेर कुर्जा (ढुकुर) बनेर बास्दछ र बिस्तारै उफ्रँदै भित्र पस्दछ। ऊ अलि-अलि गर्दै उठ्दै हातले इशारा गर्दै 'इति इति पानी' भन्दै क्रमशः कपालसम्म पुऱ्याएर भटचाउँदै सोद्धछ। अरूहरू 'धंगौरा' भन्दै समवेत स्वरमा जवाफ दिन्छन्।

अन्त्यमा ऊ–

हुताही (आकाश)

लेता ही (पाताल)–भन्दै सोद्धछ र आफू डुवेको या थुनिएको थाह पाएर आफूहरूले थाह पाएका विशेषतः आफ्ना गाउँका वरिपरिका गाउँहरू मङ्गलवारे, आयावारी, जिरखिम्ती, जाहदा, हरैंचा आदिको नाम लिएर डुल्न जान्छु भन्दछ। तर अरूहरू उसलाई जान दिंदैनन्। उसले बाँधेको हात खोलेर मात्र जान पाउने हुन्छ। ऊ बलले या आफ्नो चलाखीले हातमुनिबाट छिरेर या खोलेर बाहिर निस्की भाग्दछ। सब उसलाई खेद्छन् र कुदेर भेट्न कोशिश गर्दछन्। भेटेमा खाएजस्तो अभिनय गरी खेल समाप्त हुन्छ।

धिमाल बालबालिकाहरूले खेल्ने धंगौरा खेल नेपालका अन्य स्थानहरूमा प्रचलित यति यति पानीकै स्थानीय पाठजस्तो लाग्छ। यसमा एउटा व्यक्ति ढुकुर भएर वास्ने, भाग्ने र अरूहरूले उसलाई भेटेर खाने चलन मात्र केही फरक देखिन्छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कपर्दी

कपर्दी धिमालहरूको प्रिय खेल हो । यो खेल दुई दलमा बाँडिएर खेलिन्छ । कपर्दीको प्रत्येक दलले आफ्नो शक्ति, बल एवं बुद्धि कौशलले विपक्षी दललाई हराएर विजय हासिल गर्न चाहन्छ । खेलको प्रारम्भमा मूल मान्छेको चुनाव हुन्छ । खेल्न चाहने अरूहरू फूल नाम राखेर जोडी भई आउँछन् र मूलहरूलाई पालैसित छान्न आग्रह गर्दछन् । आफ्ना विशेषता जनाउन विविध नामहरू राखिन्छन् । मूलले आफ्नो निर्णय गरेर भरसक पराक्रमी बहादुर खेलाडीलाई छान्ने कोशिश गर्दछ र सबै विभक्त भइसकेपछि खेल शुरू हुन्छ । यसरी यो खेल एक साथ बुद्धि, कौशल तथा शक्ति-प्रदर्शनको खेल हो ।

डोलाइ मोलाइ धाका

डोलाइ मोलाइ धाकालाई धिमाल बालबालिकाहरू 'आंगे वांगे' या ताइसे वाङ्गे पनि भन्ने गर्दछन् । यो खेल खेल्दा कुनै एउटा बलियो खाँबो या थाममा पहिलोले समात्दछ र अरूहरू क्रमश: आफूभन्दा अगिको व्यक्तिको कम्मरमा दुवै हातले समात्दै दुई छेउमा खुट्टा पसारेर थ्याच्च बस्दछन् र सबैले –

आंगे वाँगे कोही न कोही

सातो सुतु मेपोन्दो

ताईसे वाँगे माउलाखे–भन्दै गाएर यसैको लयमा ताल मिलाएर यताउता नुहेर दुइतिर हल्लन्छन्। नब सेकाले पछि बसी या सबभन्दा पछि बसेको कुनै एकजनाले विभिन्न फलफूलको अक्सर केराको नाम लिएर पाक्यो पाकेन भनी खेलको क्रममा सोध्दै जान्छ । अरूहरू हल्लिन पुगेनपुगेको विचार गरेर 'काँचो' या 'पाको' भन्दछन् । सबैले 'पाको' भनिसकेपछि टिप्ने काम हुन्छ । पछिकाहरूले कम्मरमा समातेर सम्पूर्ण बल लगाई तान्दछन् । तान्दा थाम्न नसकी हात छाड्दछन्, ती सब टिपिएका ठहरिन्छन् । टिप्नेलाई तान्न सहयोग चाहिए मागेजतिको सहयोग अगि टिपिएका-हरूले दिन्छन् । अर्थात् अन्त्यमा सब मिलेर मूल खाँबोमा समात्ने अन्तिम बालकलाई टिप्दछन् र खेल सकिन्छ ।

आइथिरी बाईथिरी घाका

आइथिरी बाइथिरी खेलको प्रारम्भमा एउटा मूलीले हातमा एउटा छडी लिएर दुवै खुट्टा अगिल्तिर पसारेर एक लहरमा मिलेर बसेका बालबालिकाहरू सबैको खुट्टा पालैपालो छुँदै –

आइथिरी बाइथिरी कोइना कोइ

शाली शाता मेपोन्दो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
ओकिम कोकासार मेगान्दो– भनेर ओहिर-दोहिर गर्दछ । ऊ कुनै एकलाई सङ्केत गर्दै–

इदि हाथि उम्–मूइका उम (मसिनो धान)

इदि हाथि उम–लिकिति उम (बर्नी धान)– भनी धानको प्रकार छुट्याउँछ र सुकाउँछ । धान सुकाएको बेला बसेका सबैले पसारेको खुट्टा फाट्दछन् । मूली लाटोलाई धान हेर्न लगाई कतै जान्छ । मौका पारेर सबै दुवै हातले अगि ल्याएर औंलाहरू चालेर कुखुराको धान खाएजस्तै गर्दछन् र मूलीले हा. . . .हा. . . गर्दा दुवै हात पछाडि लगी लुकाउँछन् । ऊ लाटालाई सोद्धछ–

मूली– ऐ लाटा नांका उम् रूंका इदोङ ?

(ऐ लाटा धान रूंगेको यही हो)

लाटा– का उम चा दोङ धाखा

(म भात खाँदै थिएँ)

कालो सारो उम्चाली लुही

(रूप्पीहरू आएर खाइ दिएछ)–भनी जवाफ दिन्छ । जे होस्, खाइहाल्यो अर्को चोटि हेर्दा ध्यान दिनू भनेर सबैको फाटेका खुट्टाहरू जोड्दै सुकाएको धान उठाउँछ र दाहिने हातले देब्रे खुट्टा, देब्रे हातले दाहिने खुट्टा समातेको अरूहरूलाई समातेर हल्लाउँदै निफन्छ र कुट्दछ । धान कुट्दा उनीहरू झाक्रम-झाक्रम भनी ओखली र मुस्लीमा कुटेजस्तो गर्दछन् र मूली हात र खुट्टा समाएर "चेख्खोलोई चेख्खोलोइ फासिङ खोलाइ" भन्दछन् भने हात र कान चलाएर–

न्हतोङ बातोङ बडा पातोङ–र नाक समातेर–

चिखटी निकटी नापु धिधिला–भन्दछ अनि रक्सी पार्ने काम हुन्छ । रक्सी पार्दा बसेका सबै केटाकेटीहरूको देब्रे खुट्टाका औंलामाथि माथि दाहिने खुट्टाको कुर्कुच्चा अडचाइन्छ र मूलीले एउटा गाग्रोमा पानी ल्याउँदै खन्याउँछ । ऊ गाग्री बनेको केटोलाई बोकेर ल्याई हातखुट्टा समातेर सबै भाँडोमा खान्याए झैं गर्दछ । लाटो हेरेर बस्छ । मूली पानी लिन जाँदा कोही सुत्दछन् । रक्सी पोखेको पाएर उ फर्केर लाटालाई फेरि गाली गर्छ–

हाविली माखांना गोतांग गोरा हुई

शाले बाज्या आरौ मा खान्तो

(के हेरिरहेको सबै रक्सी पोखी सकियो) भन्दछ । लाटो भने 'एला खानांका' (अब हेर्छु अब हेर्छु) भनी कपाल कन्याउँछ । मुख्य मान्छे ढलेकाहरूलाई उठाउँदै फेरि पानी ल्याउँदै भाँडोमा खन्याउँछ र रक्सी पार्न सकिन्छ । ऊ बसेकाहरूको पाइताला छुंदै मुखमा लाँदै चाख्दछ र मीठो-नमीठो छुट्याउँदछ । लाटालाई पनि दिंदै–

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हूदे ताही

(यो मीठो भो)

तेतो लाटा चाखे तो ताही माताह्री

(लौ लाटा चाख त मीठो छ कि छैन) भनी चाख्न लगाउँछ। लाटा चाख्दै यो मीठो त्यो नमीठो भन्दछ र खेल सकिन्छ। (एइदे बेताही मेनेंग ते मातान्ही)। कहिले कहीं खेल अरू लम्बिन्छ, मूली रक्सी पारेर आफू नुहाउन जान्छ। यही मौका पारी लाटो मीठो चाहिं रक्सी कतै लुकाउँछ। त्यो सबै कुरा खान आएको कागले हेरिरहेको हुन्छ। मूली फर्केर खोज्दा थाह नपाए झैं गर्छ र अरूहरूलाई देखाउँछ। तर कागले लुकाएको ठाउँ देखाइदिन्छ र रहस्य खुल्छ। लाटाले पनि बदलामा कागले पाकेको केरा खाएको भनिदिन्छ र खेल सकिन्छ।

आइथिरी वाइथिरी पूर्णतः धिमाल बालबालिकाहरूको अभिनयात्मक नाटकीय खेल हो। यो खेलको आकर्षण र मनोहारिता यसमा भागलिने खेलाडी-हरूको विशेषता र प्रतिभामा भर पर्छ। केटा-केटीहरू आफ्ना अभिनयात्मक खेलमा प्रायशः आफ्ना अग्रजहरूको अनुकरण गर्ने गर्दछन्। यसरी अनुकरण गर्दा व्यक्ति विशेषको चरित्र मात्रको सामान्यीकरण हुँदैन, व्यक्ति सम्मिलित समाजको सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि र तिनको विकास पनि प्रष्टिने हुन्छ। आईथिरी वाइथिरी खेलमा धिमाल केटाकेटीहरूले धान सुकाउने, कुट्ने, रक्सी बनाउनेजस्ता धिमालि-हरूका प्रचलनलाई सुन्दर ढङ्गले लाटो, कागजस्ता मूल पात्रहरूको सन्तुलित चरित्र-निर्माण गरेर रोचक ढंगले प्रस्तुत गरेका हुन्छन्। तिनीहरूको सम्वाद, अभिनय, आवश्यकतानुसारको शारीरिक मुद्राले खेललाई जीवनदान गरेको हुन्छ। यथार्थमा यो खेल धिमाल केटा-केटीहरूको अत्यन्त रोचक लघु लोकनाटक हो।

शिकारी घाका–

शिकारी घाकामा धिमाल बाल-बालिकाहरू कोही मान्छे, कोही कुकुर, कोही हरिण भएर तिनीहरूको चरित्र र स्वभावलाई खेलमा चित्रित गर्दछन्। कृषि-देखि वाहेक धिमालहरू माछा मार्न र शिकारमा पनि रुचि लिन्छन्। उनीहरू शिकारमा कुकुरलाई अति आवश्यक साथी मान्दछन्। त्यसैले खेलमा पनि शिकार गर्दा बालकहरू कुकुरसमेत भएर या लिएर खेल्दछन्।

छासा

छासा खेल्दा धिमाल बालबालिकाहरू घर बनाएर खेल्दछन्। धिमाल भाषामा सा (छा) भनेको घर हो। घर बनाएर खेल्दा केटाकेटीहरू घर, बारी, पशुपक्षी, रूखपात, इनार आदि धिमाल-घरमा हुने सबैको ख्याल गरी तयार गर्दछन्।

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
उनीहरू खेलमा पनि घर केवल माटोको मात्र बनाएर बाँस आदिको सानसाना सिटा आदिको प्रयोग गर्दछन् । यो खेलको कुनै क्रम र सिलसिला हुँदैन, बाल-बालिका-हरूको स्वाभाविक इच्छाअनुसार हुन्छ ।

भोतेंग भोतेंग धाका

भोतेंग-भोतेंग धाका लुकामारी खेल हो । यस खेलमा गीत या सम्वाद समष्टिमा वाणी-विलासको सर्वथा अभाव हुन्छ । केटा-केटीहरू दुई समूहमा बाँडिएर पालै-पालो लुक्ने र भेट्टाउने गर्दछन् । यो खेल घरमा खेल्दा कुनाकाप्चीमा लुक्ने गरे तापनि जङ्गल, चौरमा खेल्दा भने दुवै हातले आफूलाई छेकेर, पोथ्रापोथ्रीमा लुकेर खेलिन्छ । पहाडमा घरवरिपरि खेल्ने यस खेललाई "डचाम" भनिन्छ ।

डोम घाका

डोम धाकामा–

आम्माल डाम्बाल खैले पुस

चोपिको लौरा गोपी गाइ

गोपीको वाबु थाह –पूर्ण बीस–भनेर मेला भएका शिशुहरूलाई छुटचाउने या कुनै एकलाई डोम बनाई कुनै वस्तु खम्बा आदि साँध बनाएर भाग्ने र छुने गरी खेलिन्छ । साँध नभए यो खेल आफैं लुकेर या भूइँमा बसेर पनि खेले हुन्छ ।

ढकुमुकु र पिन्से घाका

पिन्से घाका पिनसियो लुकाएर खेल्ने खेल हो । ढकुमुकुमा पनि कसैको काखमा घोप्टिएर ढकुमुकु भनी भोटे कुकुर भुकेर, भागेर, समातेर खेलिन्छ । यी दुवै खेल नेपालका अन्य जातिका बाल-बालिकाले पनि खेल्ने गर्दछन् ।

उपसंहार

धिमाल बालबालिकाहरूमा प्रचलित मुख्य खेलहरू प्रतिस्पर्धात्मक नभएर अभिनयात्मक तथा नाटकीय छन् । आइथिरी बाइथिरी, शिकारी, छासा, सबै यस्तै खेल हुन् । त्यसैले यी खेलहरूमा धिमाल जातिको जातीय पेशा, जीवन-यापनको पद्धति,खाना पकाउने, घर बनाउने तरीका आदि पक्षको चित्रण भेटिन्छ । उनीहरू आफ्ना अग्रजहरूको सामाजिक तथा पारिवारिक क्रिया-कलापलाई कसरी अपनाउँछन् भन्ने कुराको अध्ययनका निमित्त यी खेलहरू निकै महत्त्वपूर्ण छन् । यस्ता खेलहरूमा हार्ने र जित्ने हुँदैनन् । अर्का थरीका प्रतिस्पर्धात्मक खेलहरूमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
पनि चलाखी तथा बल-विशेषको प्रदर्शन एवं कसरत मात्र नभएर मेलमिलाप तथा सहयोगको भावना बढाउने, नेतृत्व लिने व्यक्तिमा हुनुपर्ने आवश्यक गुणको विकास गर्न पनि सहयोग गर्ने खालका छन् । यी खेलहरूले बालकहरूको चरित्र, स्वभाव र व्यक्तित्वको निर्माणमा अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोक देवी-देवताहरू

धिमाल देवी-देवताका समूहमा केही स्थानीयकरण भएका बृहत् हिन्दू-परम्पराका देवी-देवताहरूका साथै आफ्नै प्रकारका अनेक लोकदेवी-देवताहरू छन् । धिमाल लोकदेवी-देवताको समूहमा मृत पूर्वजहरू, ऐतिहासिक नायकहरू, स्थानीय प्रसिद्ध व्यक्तिहरू, प्राकृतिक वस्तुहरू, देवी-देउराली, बाटा-दोबाटा खोला-दोभानहरू दयालु र रिसाहा अन्य ससाना देवी-देवताहरू र स्थानीय प्रसिद्ध धामीहरू पर्दछन् । रुख-बिरुवा, पशुपक्षी, खोलानाला, नाग-नागिनीको पूजा पनि धिमाल समाजमा प्रचलित छ । लोकदेवी-देवताहरूलाई गाउँ-घरमा सामान्यतया खस्रा ढुंगा, काठ, ईंट माटो आदिका मूर्तिले प्रतिनिधित्व गरेको पाइन्छ । तर धिमाल जातिका देवी-देवताहरू साधारणतः आकारहीन, निराकार तथा भावनात्मक छन् । तिनका मूर्ति तथा तस्वीरहरू हुँदैनन्, तर कहिलेकहीं चाहिं तिनीहरूको प्रतिनिधित्व माटाका स-साना ढिस्काहरूले गरेको देखिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्राचीनकालदेखि नै जङ्गल र जङ्गलको छेउछाउमा आफ्नो जीवन-निर्वाह गर्ने हुनाले धिमालहरूको लोक-जीवनमा दुष्ट र सहयोगी भावले गहिरो प्रभाव पारेको पाइन्छ । बसोबास गरिएको क्षेत्र वरिपरिको प्राकृतिक पर्यावरणको क्रिया-प्रक्रिया अनात्म-वस्तुको हंसले सिर्जिएको भन्ने ठानिन्छ । वास्तवमा यी अनेक हंस प्रतिका भय र त्रासका प्रवल धारणाहरू नै धिमाल-समाजमा मान्य र पूज्य देवी-देवता र अनेक प्रवृत्ति (Cult) हरूको उत्पत्तिका मूल कारणहरू हुन् । फलतः कालक्रमानुसार तिनै धारणा र विश्वासहरू धिमाल-मानसिक संस्कृति अर्थात् धर्मको रूपमा विकसित भएका छन् ।

धिमाल समाजमा पूजित विभिन्न देवी-देवताका विभिन्न प्रकारका शक्तिहरू हुन्छन् । धिमाल-विश्वासअनुसार पूजा-कर्मले ती देवी-देवताहरूलाई खुशी बनाएर आफ्नो पक्षमा लिइन्छ र सम्बन्धित कामहरू सम्पन्न गराउन लगाइन्छ । यिनीहरू मध्ये धेरैजसो देवताहरू धिमाल गाउँमा जताततै समान रूपले पुजिन्छन्, केही मात्रै कुनै स्थानविशेषमा सीमित छन् । केही खास देवताहरू बाहेक, कुनै धिमाल थरका आफ्नै प्रकारका देवताहरू पनि हुने गर्छन् । यसैगरी एउटै देवी या देवतालाई पनि विभिन्न थरका धिमालहरूले विभिन्न ढङ्गले मान्ने, पूजा गर्ने, बलि तथा उपहार चढाउने पनि गर्दछन् । धिमालहरू आफ्ना देवी-देवताहरूलाई मूलतः दुई समूहमा पारेर पुज्ने गर्दछन् । उनीहरू घरका देवतालाई (१) 'शाको दिर' र गाउँका देवतालाई (२) 'ग्रामको दिर' भन्दछन् । धिमाल भाषामा 'शाको दिर' भनेको घरका देवता र 'ग्रामको दिर' भनेको गाउँको देवता भन्ने अर्थ बुझिन्छ । यी दुई थरीका देवताहरूको बेग्ला-बेग्लै विवरण अब प्रस्तुत गरिन्छ ।

शाको दिर (घरेलु देवी-देवता)

घरभित्र पुजिने देवी-देवताहरूलाई धिमालहरू "शाको दिर" भन्दछन् । तर व्यवहारमा "शाली" शब्द नै बढी प्रचलित र लोकप्रिय देखिन्छ । कोही धिमालहरू 'शाली' भनेको कुलदेवता हो पनि भन्दछन् । 'शाली' सदा नै मूल घरमा हुन्छन् । तर धिमाल लोक-विश्वास अनुसार शाली भएको मूल घर जहिले पनि सूर्योदय हुने दिशा-पूर्वपट्टि फर्केको हुनु अनिवार्य छ । शुभ-कार्य आदि संपादन तथा संचालन गर्दा सूर्य झुल्कने दिशातिर पीठ फर्काउनु हुँदैन भन्ने धारणाले धिमालहरूलाई निकै प्रभावित पारेको बुझिन्छ ।

बहुधा धिमालहरू चारै दिशामा चार घर बनाएर बीचमा सामूहिक या वैयक्तिक शालिङ्ग (आँगन) निकाल्दछन् । पूर्व फर्केको हुनु आवश्यक भएको हुनाले देवताहरू भएको मूल घरलाई पश्चिमपट्टिको घर पनि भनिन्छ । वास्तवमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
देवी-देवताहरू यही पश्चिमपट्टिको घरमा भएपनि उत्तर-पूर्व-कुनामा दक्षिण फर्काएर राखिएका हुन्छन् । यो घर तथा कोठामा परिवारका सदस्यहरूदेखि वाहेक अरूहरूले जथाभावी पस्न नहुने मात्र होइन, ढोकामा कतै या अगाडि उभिनु पनि खतरापूर्ण हुन्छ। देवीदेवताहरू ओहर-दोहर गर्ने स्थानमा उभिनाले उनीहरूलाई बाधा पर्नु र अप्ठचारो हुनुको साथै जूठो हुन सक्ने हुनाले देवता बस्ने घर र मान्छे बस्ने घर फरक-फरक हुनु आवश्यक ठानिएको हो। अर्कोतिर धिमालहरू पूजाआजा गर्दा या नगर्दा पनि देवी-देवताहरूको सम्बन्धमा जूठो-चोखोको खूब विचार गर्दछन्। शाली भएका स्थानमा पुजिने देवी-देवताहरूको संख्या-अनुसार केही माटाका ढिस्काहरू उठाइएका हुन्छन् ।

एउटा मूल घर फुटेर परिवारका सदस्यहरूले आ-आफ्नै घर बनाई छुट्टिए पनि शाली विशेषतः मूल घरमा अर्थात् ज्येष्ठता-क्रमले नातामा मानिने व्यक्ति बाबु, बाजे या दाजुसँग रहने गर्दछ । यसरी छुट्टिएका परिवारका सदस्यहरू सबै-जसोले आफ्नो घर-परिवारका कुनै सदस्यलाई शाली लागी बिगार परेको पत्तो लागेमा आफू छुट्टिएर आएको मूल घरमा नै पुगी मनाउनुपर्ने हुन्छ। तर धिमालहरू घरका यी देवीदेवताहरूलाई मान्ने र पुज्नेभन्दा बढी पाल्ने गरेको कुरा गर्दछन् । त्यसैले कसै-कसैकहाँ यी देवी-देवताहरू दाजुभाइ छुट्टिंदा अंशबण्डामा भाग लागेर आउँछन् भने कसै-कसैकहाँ मावलीबाट आमाको दाइजो भएर पनि आउँछन् । रिगुवाको तुतुमलाल धिमालको भनाइअनुसार उनले काली-देवी मसान बाहेक चाम्सारी या चम्पासारी पनि घरमा पालेका छन् । यी देवता उनकहाँ मावलीबाट दाइजो आएका रहेछन् । यो कुरा उनले पहिले थाह पाएका थिएनन् तर उनका घरका कुनै एक सदस्यको आँखा दुखेर पाक्दा उनले ओझा लगाएछन् र तिनै ओझाले उक्त रहस्य पत्ता लगाएर निको पारेकाले उनले 'चाम्सारी' लाई पनि घरेलु देवता बनाई पालेका रहेछन् । बुधवारे बहादुरगंजका रामलाई धिमाल (मुलिंग) ले आफूकहाँ चम्पासरी पालेका रहेछन् । उनले आफ्नो नानी बिरामी हुँदा देखाएको ओझाले अरूले चम्पासरी उठाएर लाइदिएकोले घरमा पालेका रहेछन् । यसै गरी सुनझोराको चेपुलालको बाबुले सन्तान नभएकोले सन्तानको आशा गरी ओझाको सल्लाहअनुसार 'चम्सारी' आफ्नो घरमा पालेको कुरा भनेका छन् । उनको भनाइमा 'चम्सारी'लाई बाजेले नै तुल्याएको हो । अर्थात् चम्सारी बाजेका पालादेखि नै उनका घरमा पालिएका छन् ।

घरमा यी कुल देवी-देवताहरू परिवारका प्रत्येक सदस्यको सुस्वास्थ्य तथा दीर्घायुको निमित्त बढ्ता मानिने र पालिने हुन्छन् । माथि उल्लेख गरिए झैं दाजुभाइ छुट्टिंदा कहिलेकहीं यी देवताहरू पनि अंशबण्डामा भाग लागेर जान्छन् । तर ती बहुधा घरको मूल मान्छेकै भागमा पर्ने हुनाले नातामा सबैभन्दा जेठो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हुनेको घरमा नै पालिएका हुन्छन् । यी देवी-देवताहरू रिसाए, उनीहरूको चित्त नबुझे, जूठो-चोखोको ख्याल नगरी छोइछिटो परे घरका कुनै सदस्य या छुट्टिएर गएका अन्य सदस्यहरूलाई समेत पिर्ने गर्दछन् । यिनले पिर्दा कसैका आँखा पाक्ने, कसैलाई जरो आउने, कसैका हातखुट्टा या मुटु खाने, कसैको भुंडी दुख्ने, छेर्ने या छाद्ने हुन्छ । अतः छुट्टिएर गएको हारा (वंशज) ले पनि परिवारको शान्ति, सुरक्षा र स्वास्थ्य-लाभका निमित्त ओझाको निर्देशनअनुसार मूल घरमा गएर आफ्ना कुलदेवी-देवताहरूलाई मान्ने गर्नुपर्छ । यस्तो मान-मनितो नगरेमा जीउ-ज्यानको समेत नोक्सानी हुने धेरै सम्भावना रहन्छ । यसै कारण धिमालहरू जीवन पाउन या लिन जीवन दिने पनि गर्दछन्, यस अर्थमा धिमाल समाजमा बलि-प्रथा प्रचलित छ । आफ्ना देवी-देवतालाई मनाउन र रिझाउन धिमालहरू तिनको प्रकृति तथा स्वभाव हेरी रुचिअनुसार पाठा, परेवा, कुखुरा, हाँस, सुंगुर आदि बलि दिने गर्दछन् ।

बलि दिएर देवी-देवता मनाउने कार्य तत्काल गर्न नसके धिमालहरू 'टाका वान्धा' गरेर मानता (भाकल) गर्ने गर्दछन् । तर यसरी मानता गर्दा अवधि तोकी यति समयमा दिने भनी भनेको भए सोही समयभित्र सो कार्य सम्पन्न गर्नुपर्दछ, अन्यथा देवी-देवताहरू अरू रिसाउने र अरू क्रोधित हुने कुरा अनुहारमा तर्सिएको या डराएको भाव ल्याएर धिमालहरू भन्दछन् । यस्ता क्रुद्ध देवी-देवताको असर विशेषतः घर तथा परिवारका सदस्यहरूमै सीमित हुन्छ, तर कहिलेकहीं ती घर वरिपरि हिंडडुल गर्ने अन्य घर तथा जातिका मान्छेहरूमाथि पनि पर्ने हुन्छ । यसको कारण धिमाल-विश्वास अनुसार यिनीहरूको दिसा-पिसाव गर्ने, सुत्ने-उठ्ने र हिंडडुल गर्ने विशेष समय हुन्छ, त्यस्तो वेलामा कोही पनि मान्छे सामुन्नेमा परे ती सहँदैनन् र बिगार गरिहाल्छन् ।

कुनै कुनै थरका धिमालहरूका आफ्नै विशेष 'शाली' भए पनि बहुसंख्यक धिमालहरू काली, देवी र मसानलाई बढी पुज्दछन् र मान्दछन् ।

काली

धिमालहरूले घरमा मान्ने कालीहरू पनि विभिन्न प्रकारका हुन्छन् । ती सामान्यतया तीन प्रकारका छन्:– अन्धा काली, सोझीकाली र रणकाली । घरको मूली एवं ओझाहरूको भनाइअनुसार अन्धकाली लागे व्यक्तिको आँखा दुख्ने या तुरुन्त ऊ अन्धो हुने हुन्छ भने सोझी काली लागे जीउ-पेट दुख्ने गर्दछ । अन्धा कालीको तुलनामा सोझी काली धेरै बेइमानी नगर्ने सोझी हुन्छे । ऊ झडंग रिसाउँदिन, त्यसैले खास खराबी र बिगार पनि गर्दिन ।

कालीहरूको उत्पत्ति र स्वरूपका विषयमा बूढापाका धिमालहरू मात्र होइन,

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)
ओझा र धामीहरू पनि निश्चित गरी केही बताउन सक्तैनन्, अकमकिन्छन् । कोही-कोहीले 'काली'लाई वायुको रूपमा मान्ने गरेको कुरा भनेका छन् भने कसैले दुर्गाका रूपमा पुज्ने गरेको कुरा पनि गरेका छन् । वास्तवमा कालीलाई घरमा पुज्दा या मान्दा धिमालहरू रूप र प्रकार पनि छुट्याइरहँदैनन् । काली रिसाएको बुझिए मनाउने अवसर हेरी तुरुन्त पूजा गर्नु जाती हुन्छ । अन्यथा घरमा केही अनिष्ट आइलाग्ने या केही बिगार पर्ने निश्चित हुन्छ । कालीलाई मनाउन अवसर फूल-अक्षता-पातीका साथै आवश्यकता हेरी कुखुरा अथवा परेवा भोग चढाउने चलन छ । तर यस्तो भोग दिई कालीलाई चढाउने पक्षीको रंग जहिले पनि कालो हुनु अनिवार्य मानिन्छ ।

कालीहरूलाई सिरीजात (असारे पूजा) र पार्वा (तिहार)मा वर्षको दुइपल्ट अनिवार्य रूपले पूजा गर्नुपर्दछ । अरू बेला माथि उल्लेख गरेझैं केही बिगार परेमा या मानता (भाकल) गरेमा पनि पूजा गरेर कालीलाई रिझाउने काम हुन्छ । यसरी खुशी पार्ने या पूजा गर्ने कार्य अक्सर घरमूलीको वा ओझाको कार्य क्षेत्रभित्र पर्दछ ।

देवी

धिमालहरू देवीलाई पनि कालीलाई जस्तै असारे पूजा र पार्वामा विशेष रूपले मान्दछन् । तर अन्य बेला घरमा केही बिगार भई कोही बिरामी परे पनि देवीको मान-मनितो भइरहनुपर्छ । धिमाल सूचकहरूको भनाइअनुसार घरमा मानिने देवी र ओझाहरूले खेलाई हिंड्ने देवीहरूमा अन्तर छ । अतः ओझाहरूले खेलाईहिंड्ने जलदेवी र सिंहदेवीहरू घरमा पुजिने देवी होइनन् । ती मूलतः पानी या खोला-नाला र वन-जङ्गलका देवी हुन् । कोही-कोही देवीलाई पार्वती पनि भन्दछन् र देवी तथा पार्वतीमा कुनै भिन्नता देख्दैनन् । ती एकै हुन् भन्ठान्दछन् । तर धिमाल समाजमा पार्वती विशेषतः बोक्सीको रूपमा 'दरागेलाई' भनेर बढी मानिन्छ । देवीको उत्पत्ति स्वरूप र प्रकृतिको सम्बन्धमा पनि बहुसंख्यक धिमालहरू अनभिज्ञ र अपरिचित छन् । तर देवी बिगार परी लागेमा कपाल दुखेर तान्ने, ज्वरो आउने र वाक्वाकी लाग्ने कुरा उनीहरू निश्चित रूपले भन्दछन् । देवीको पूजा गर्दा फूल-अक्षता गरी बत्ती बाल्ने गरिन्छ । यसो गर्दा नमाने बिरामीको अवस्था हेरी भोग चढाउन आवश्यक हुन्छ । देवीलाई पनि कालीलाई झैं प्रायशः कालो कुखुरो या परेवा चढाउने चलन छ ।

मसान

धिमालहरूले घरमा मान्ने मसान र ओझाहरूले खेलाइहिंड्ने मसान एकै

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
होइनन्,अलग-अलग हुन् । घरमा पुजिने मसान देवता हुन् भने ओझाहरूले मनाउने मसानहरू तर्साउने हुन् र ती धेरै प्रकारका हुन्छन् । मसानको उत्पत्ति र स्वभावको विषयमा पनि धिमालहरूको आफ्-आफ्नो भनाइ छ । कोही, घरमा पुजिने मसान-लाई पानीका देवता ठान्दछन् भने कोही कालीको वाहन पनि मान्दछन् । महिषासुर नामक राक्षसलाई नाश गर्न लाग्दा उसका जीउबाट बगेका रगतका प्रत्येक थोपाबाट पुनः राक्षस व्युँतने भएकोले कालीलाई निकै मुश्किल परेको थियो । तर वाहन मसानले उक्त रगतका थोपालाई भुईंमा पर्न नदिई बीचमा खाई सहयोग गरेकोले कालीलाई महिषासुर मार्न त्यति गाह्रो भएन । त्यसैले धिमालहरूले मसानलाई पनि कालीका साथै घरैमा देवता पुज्ने गरेका हुन् ।

मसानलाई पनि काली र देवीसँगै असारे पूजा र तिहार बाहेक अन्य वेला समेत आवश्यकतानुसार पूजा-आजा गरिरहनुपर्दछ, अन्यथा रिसाएर लाग्ने र व्यक्तिको पेट दुख्ने आँखा फुलो पर्ने हुन्छ । उसको कोप र क्रोधबाट बच्न कहिले-कहीं उसलाई अक्षतापातीले पुग्दैन र जीव चढाउनुपर्ने हुन्छ । यस्ता जीव अक्सर परेवा अथवा कुखुरा हुन्छन् तर ती सदा नै राता हुनु आवश्यक मानिन्छ ।

चाम्सारी

धिमालहरू चाम्सारीलाई चम्पासरी तथा चाम्पासरी पनि भन्दछन् र घरका देवीकै रूपमा काली, देवी र मसानकै साथमा मान्दछन् । कोही कोही चाम्सारीलाई कालीकै एक रूप पनि मान्दछन् । चाम्सारी रिसाएर लागे ज्यादा दिसा लगाउने र कहिले-कहीं आन्द्राभुंडी समेत निकाली दिने गर्दछ । यस्तै गरी ऊ मुखमा लागे मुखै बंग्याउने, आँखामा लागे आँखै फुलो पार्ने पनि गर्दछ । यस्ता सबै रोगहरू फूलपाती चढाएर या केही भाकल गरेर पनि जाती हुनसक्छ, तर उसले भोगै खोजेको रहेछ भने उसलाई पनि रातो भाले या भर्खर काडेको चल्ला दिनुपर्दछ ।

नानी बिरामी हुँदा, आँखा दुख्दा, चाम्सारी नै कारण भएको चर्चा माथि भइसकेको छ । सन्तानको आशाले पनि चाम्सारीलाई घरमा पाल्ने गरिन्छ । तर चाम्सारी काली, देवी, मसान झैं सबैकहाँ समान रूपले पालिदैनन् ।

कोही-कोहीले घरमा पुज्ने देवी-देउताको रूपमा विसावरीको नाम पनि लिएका छन् । उनीहरूको भनाइमा बिसावरी सर्प सम्बन्धी देवता हुन् ।

बिशेष थरका शाली

केही केही विशेष थरका धिमालहरूकहाँ काली-देवी-मसान घरेलु देवी-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
देवताका रूपमा पुजिदैनन् अरू नै देवता मानिन्छन् । बलायती थरका धिमालहरू रासती महाराज र लक्ष्मी बेराङलाई भाकार (ढिकुटी) मा स्थापना गरी मान्दछन् । उनीहरूकहाँ काली-देवी, मसान आदि हुँदैनन् । उनीहरूले रासती महाराजहरूलाई चढाएको छतर (छाता), धारी (धोती), खाट, जनै अकसर धातुको विशेषत चाँदीको हुन्छ । यसैगरी लक्ष्मी वेरांगलाई चढाउने वोना (पेटानी) खाली पेटमा बसी मुखले बुनेर थानमा या रोटी नामका माटाको भाँडामा राखिएको हुन्छ । उनीहरूको असारे-पूजा तथा पार्वामा दुइपल्ट अनिवार्य रूपले विशेष पूजा हुन्छ । यस्तो बेलाको पूजा ती जहाँ राखिएका छन् त्यहींको भ्रिकुवामा निकालेर गरिन्छ । तर "कबोला" (भाकल) गरेको बेलामा भने ननिकाली तिनलाई यथा-स्थानमा मनाउने चलन छ । यसै गरी लक्ष्मी दोङ्गे थरका धिमालहरू पनि लक्ष्मी एवं भीमसिं महाराजलाई शालीको रूपमा पुज्दछन् । उनीहरू पनि आफ्ना देवी-देवतालाई पेटानी, छत्तर आदि चढाउने गर्दछन् र चढाइएका मालसामानहरू रोटी-हाँडीमा राखेर झुन्ड्याउने गर्दछन् । यस्तै तेग्रे थरका धिमालहरू पनि आफ्ना कुल-देवतालाई हाँडीमा राखी घरछेउको कुनै रूखमा झुण्याएर राख्ने गर्दछन् । यसरी घरका देवी-देवतालाई अलग्ग राख्नुको कारण छोइ-छिटो नपरोस्, जूठो अशुद्ध नहोस् भन्ने नै हो । यसो हुँदा ती रिसाउँदैनन् र कुनै बिगार गर्दैनन्, फलस्वरूप घर-परिवारमा शान्ति-सुरक्षा कायम रहन्छ भन्ने उनीहरूको आफ्नो विश्वास छ ।

उपर उल्लिखित सबै घरेलु देवी-देवतालाई मनाउने या खुशी पार्ने काम घर-मूली अथवा ग्रोझाको हो । घरमूलीले तिनीहरूलाई मनाउने कार्य वर्षको दुइपल्ट असारे-पूजा र पार्वामा गर्ने गर्दछन् । पार्वामा पूजापाकाको दिन सबभन्दा पहिले शालीकै पूजा हुन्छ । अरू वेला पनि ग्रोझाको सल्लाहअनुसार घरमूलीले तिनलाई मनाउने काम चलाउन सक्तछन्, तर घरमूली र ग्रोझाले मनाउने विधि फरक फरक हुन्छन् । घर-परिवारमा केही अनिष्ट भई कोही बिरामी भएमा ग्रोझाले जोखाना हेरी आफ्नो या अरू कसैको घरको कुन देवी-देवता लागेको हो छुट्ट्याउँछ । उसले फलानो देवतालाई फलानो वस्तु चढाउनुपर्छ भनेर तोक्ने समेत गर्छ र सोही अनुसार घरमूलीले मनाउनुपर्दछ । तर यति गर्दा पनि केही नलागे स्वयं ग्रोझाले नै एउटा अलग थान स्थापना गरी मनाउनुपर्ने हुन्छ । उसले यस्तो वेलामा अकसर केराको पात ग्रोछ्याएर पूजा गर्ने गर्दछ ।

वहुसंख्यक धिमालहरूले मान्ने काली-देवी-मसान पनि सबै एकै प्रकारका हुँदैनन्, ती भिन्न-भिन्न घरमा भिन्न-भिन्न प्रकारका हुन सक्छन् । त्यसले उनीहरूको पूजाविधिमा पनि केही अन्तर पर्न सक्तछ । जे भए पनि, घरमा देवी-देवता हुनुको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अर्को विशेष कारण धिमालहरूसँग छ। उनीहरू खेत बेच्दा या किन्दा पनि घरका देवीदेवता लाग्ने कुरा बताउँछन्। यस्तो वेलामा कहिलेकहीं किन्ने मान्छेले बेच्ने मान्छेका घरको देवतालाई आफ्नो घरको देवता बनाएर पाल्नुपर्ने पनि हुन्छ। यो रहस्य प्रायशः ओझा अथवा धामीले नै पत्तो लगाउने गर्दछन्।

(२) ग्रामदिर (ग्राम-देवता)

कुनै एक गाउँका सबै धिमाल गाउँलेहरू मिली पुज्ने देवताहरू धिमालहरूका ग्राम-देवता हुन्। ग्राम-देवतालाई धिमालहरू 'देराको दिर' पनि भन्दछन्। ग्राम-देवताहरूलाई वेला-वेलामा गाउँलेहरू सबै मिली पुज्ने गर्छन्, पूजा सधैं नै घरबाहिर आँगनको कुनै छेउ या ग्राम-थानमा हुन्छ।

ग्राम-देवता मान्नाका कारणहरू

धिमाल गाउँका ग्राम-देवताहरू गाउँका इष्टदेवताहरू हुन्। यी देवताहरूले गाउँलेहरूलाई ठूल-ठूला महामारी, माई, हैजा, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि, बाढी, अनिकाल आदि संकटहरूबाट जोगाउँछन् भन्ने विश्वास धिमाल-जातिमा पाइन्छ। त्यसैले उनीहरू प्रतिवर्षको निश्चित समय आषाढ र कार्तिकको सिरिजात र पार्वाको चाडमा र वेला-वेलामा आवश्यकतानुसार धामी र ओझाको सल्लाहअनुसार देवी-देवता पुज्ने गर्दछन्। विवाह र यस्तै अन्य खुशीका तथा मङ्गलका अवसरहरूमा पनि यी देवीदेवताहरूका थानमा गएर पुज्ने र परिक्रमा गर्ने गरिन्छ। दीर्घ रोगबाट छुटकारा पाउन, खेतमा सह डाक्न, निःसन्तान स्वास्नीमान्छेले सन्तान पाउन र आफ्ना अनेक आपद्-विपद् टार्न पनि यी देवी-देवताहरू पुजिन्छन्। तर यसरी पुजेपछि तिनीहरूलाई अन्य आवश्यक वस्तुहरूका साथ बलि चढाउनुपर्ने हुन्छ।

ग्रामथान

हरेक ठूला-साना धिमाल गाउँमा एक न एक गाउँका देवताहरूको सामहिक देवस्थान हुन्छ, यसलाई धिमालहरू ग्रामथान या महाराजको थान या थान मात्र पनि भन्दछन्। एक-दुई स्थानीय देवतावाहेक धिमाल गाउँहरूका ग्रामथानका देवताहरू प्रायशः समान हुन्छन्। धिमाल गाउँ, केही धिमाल-समुदाय बस्ने ग्रामीण क्षेत्र मात्र नभएर, त्यस क्षेत्रमा पुजिने देवताहरूको क्षेत्र पनि हो। ग्रामथान धिमाल-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

[illegible]
झारपात र रूखहरू भएको पारिलो एवं समतल जग्गाभन्दा केही अग्लो उठेको ढिस्कोमा हुने गर्छ । यस्तो स्थानको जग्गालाई सरकारले ऐलानी घोषित गरी मालपोत नलिने गरेको कुरा धिमालहरू बताउँछन् । ग्रामथानवरिपरि कतै बर-पीपल, कतै बाँसको झ्यांग त कतै सखुवा एवं सिमलका रूखहरू भेटिन्छन् । ग्रामथानको क्षेत्रभित्र ३ देखि ५ संख्यासम्मका अनेक सानसाना थानहरू हुन्छन् । ती थानहरू वहुधा चारैतिर खम्बा गाडेर बनाइएका खर या टिनले छाइएका हुन्छन् । तिनको निर्माण र पुर्ननिर्माण गाउँका सबै सदस्यहरूबाट चन्दा उठाई गरिन्छ । धिमाल ग्रामथानमा पुजिने देवताहरूको मूर्ति पाइँदैनन्, केवल केही गाडिएका फलामे त्रिशूलहरू, केही फलामे सिक्री या काठको सानो खम्बामा झुण्ड्याइएका पित्तले घण्टीहरू, केही टाँगिएका राता-सेता-काला धागा र ध्वजा-पताकाहरू देखिन्छन् । कतै-कतै पूजामा चढाइएका सिन्दूरका धर्साहरू र बलि दिइएका पशुपक्षीका रगतका पुराना टाटाहरू पनि भेटिन्छन् । ग्रामथानका नाउँहरू गाउँको नाम अगि जोडेर भन्ने चलन धिमाल-समाजमा छ । तर कतैकतै ग्रामथानका आफ्नै विशेष नाम पनि छन् । उदाहरणको लागि ढुकुरे, जम्बुझार, र दापगाछीका ग्रामथानहरू क्रमशः जिमीग्राम, तामाग्राम, तुलसीग्राम आदि नामले पनि चिनिन्छन् ।

तेलकुण्डी गाउँको ग्रामथान गढीमा छ । गढीको वरिपरि पाको ईंटको पर्खाल छ । त्यहाँ जंगलै छ । त्यहाँको काठ काटेर हरैंचा हात्तीसारको निमित्त लगेको भनिन्छ । त्यहाँ ७ वटा पोखरी छन्, जहाँका देवता साक्षात् मानिन्छन् । त्यहाँको राजा धनपाल र बलुवाहीको महाराज चाहिं राजभण्डार हुन् । वलुवाई गाउँको पुरानो थान हालको गाउँको उत्तर पूर्वमा थियो, हाल सो ठाउँ आवादी भैसकेको छ । त्यहाँ जोत्दा मान्छेले ठूल-ठूला माटाका हात्ती-घोडा पनि भेटेका छन् ।

कुनै-कुनै ग्रामथानमा सिरिजातको वेला हात्तीसार, सुँगुरको खोर, कुखुराको खोर, टुंगघर, भकारी, पोखरी, चूल्हा आदि पनि बनाइन्छन् । ग्रामथानमा मेला या जातिरी छैन, केवल पूजा मात्र छ भने गाउँका स्वास्नीमानिसहरू जाँदैनन् । धिमाल-समाजमा पूजा-आजा गर्ने, देवी-देवता मनाउने सम्पूर्ण अभिभारा लोग्ने-मान्छेहरूको काँधमा पर्दछ । अचेल खोथुली र अठियावाडीको थानमा पूजा हुन छाडिसकेको छ । यसको कारण जङ्गल घटेको र पहाडी गाउँ-ठाउँका अन्य मान्छे-हरूको आवादी बढेको हो भन्ने छ ।

ग्रामदेवताको पूजा

धिमाल-गाउँमा ग्राम-देवताको पूजा वर्षको दुईपल्ट अनिवार्य रूपले हुन्छ—एकपल्ट असारे पूजाको समयमा अक्सर मेला लगाएर ग्रामथानमा र अर्कोपल्ट

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कार्तिकमा पार्वाको बेला अस्थायीथान बनाएर घरको आँगनको एक छेउमा। असारे पूजामा ग्राम-देवताहरू सारा गाउँलेहरूबाट सामूहिक रूपले वृहत् रूपमा प्रशस्त खर्च गरेर पुजिन्छन् भने पार्वामा ता घर-घरमा तर केवल पारिवारिक रूपमा व्यक्ति-विशेषबाट पुजिन्छन्। यी अवसरहरूमा विविध स्थानमा पुजिने तथा मानिने धिमालहरूका ग्रामीण देवी-देवताहरू निम्न प्रकारका छन्:—

काकोम

(क)

१. राजा थुप्रिसिं
२. राजा धरम
३. राजा सती महाराज
४. राजा धनपाल
५. राजा जोला
६. बूढा ठाकुर (भीम सिं)
७. चौमाझी
८. कावा धामी
९. ठाठुल धामी
१०. सवारी धामी
११. लक्ष्मी वेराङ
१२. पार्वती वेराङ
१३. जलकुमारी
१४. शिकारी

दोघरे

(ख)

१. बूढा ठाकुर
२. रासती महाराज
३. जेका र दाका भोनाइ
४. राथुम
५. शिकारी (स्येहा, भूमि दिमे)
६. चौमाझी
७. तुलसी तथा दूधगैया
८. चौधरी
९. उर्चु र वाचा धामी
१०. जाउरागेलाइ
११. लक्ष्मी वेरांग
१२. लाटी वेरांग
१३. तिष्ठी वेरांग
१४. मेन्ची वेरांग
१५. कनकाइ माइ ठकुरानी
१६. पार्वती

बुलुवाही

(क)

१. राज भण्डार
२. राथोर सिं
३. रासती
४. राघम्पाल
५. राजा गोम्पाल
६. बूढा ठाकुर

दावंगाछी

(ख)

१. रा धरम
२. बूढा ठाकुर
३. चौमाझी
४. महाराज
५. राधम्पाल
६. लाशमी वेरांग

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

७. चौमाझी
८. रा धरम्
९. राजा रूमाल
१०. धामीहरू
११. ख्वकाली
१२. टुङसुङ सुव्वा
१३. शिकारी
१४. एकेले शिकारी

७. माइ वेरीङ
८. जाउरा गेलाइ
९. भोनाइ
१०. धार्नी वारांग । वेरांग
११. टिष्टा वेरांग
१२. घाटु-घटवार
१३. देरागेलाई
१४. द्वारे
१५. कुप-कुपैनी (जलकुमारी)
१६. संसारी आदि

रिंगुवा

(क)

१. चौमाझी
२. बूढा ठाकुर
३. दात वाराङ्ग / वेरांग
४. रासती
५. शिकारी
६. मसान
७. राथुम
८. रा धरम
९. लसमी
१० कनकाई
११. राजा रूमाल
१२. संसारी
१३. धामीहरू झुले धामी
१४. कोशी–महाकाली
१५. बहादुर चौधरी
१६. उधौली-उभौली
१७. रणकाली
१८. वावाजी

रिंगुवा

(ख)

१. चौमाझी
२. बूढा सुव्वा (ठाकुर)
३. दन्तराजा
४. रासती
५. रा थपरसिंह
६. रा धम्पाल
७. राधरम
८. धरम ठाकुर
९. लक्ष्मी
१०. कन्काई
११. मेची
१२. तिष्ठा
१३. वालासन
१४. राजा रूमाल
१५. संसारी
१६. जाउरा (कुल-कुल्यान)
१७. बहादुर चौधरी
१८. रणकाली
१९. कोशी महाकाली
२०. देवी-देउराली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२१. मसान (जल, सुके, रक्ति)
२२. महादेव
२३. गौरा पार्वती
२४. शिकारी (चकमके, सिंरिग, वगाले, विशेष ओझाले मान्ने)

सिरिजात र पार्वाको वेला विविध स्थानमा पुजिने माथिका धिमाल देवी-देवताको विभिन्न सूचीको अध्ययन गर्दा धिमालहरूले मान्ने मुख्य ग्रामीण देवी-देवताको सूची निम्नअनुसार वन्दछः–

१. महाराज	२. रासती महाराज
३. राधरम	४. राधम्पाल
५. राजा थुप्री सिं	६. राजा जोला
७. राजा रूमाल	८. राजा भण्डार
९. बहादुर चौधरी	१०. बूढा ठाकुर
११. चौमाझी	१२. लक्ष्मी
१३. दन्त राजा-रानी	१४. जाउरागेलाइ
१५. देरागेलाइ	१६. धामीहरू
१७. शिकारी	१८. माइ तथा अन्य वेरांगहरू
१९. गैंयाहरू	२०. संसारी
२१. भोनाइ	२२. द्वारे
२३. मूलीदेउ	२४. ग्वाल राजा-रानी
२५. वाट-बटुवार	२६. कुप-कुपैनी
२७. धामी वारांग र वेरांग	२८. मिचि वारांग-वेरांग
२९. घाट-घटुवार	३०. वावाजी तथा टुङसुङ सुव्वा

ग्राम-देवताका समूह : तागाधारी र मतवाली

धिमालहरूका उपर उल्लिखित ग्राम देवी-देवताहरू पनि उनीहरूका भनाइ-अनुसार दुई प्रमुख समूहका छन्ः– तागाधारी र मतवाली । तागाधारी देवताहरू-लाई उनीहरू फूल-प्रसाद हाँस, परेवा, पाठा चढाउँछन् भने मतवाली देवताहरूलाई जाँड-रक्सी, सुँगुर, कुखुरा आदि चढाउँछन् । धिमालहरू आफू मतवाली भए पनि तागाधारी देवताहरूलाई नै विशेष महत्त्व दिई पुज्दछन् र प्रायशः राजा या महाराज भनी मान-मानितो गरी सम्वोधन गर्दछन् । यी तागाधारी देवताहरू पनि विभिन्न

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
नाम र प्रकारका छन् । तिनलाई यहाँ महाराज र राजाको समूहमा पारेर चर्चा गरिएको छ। त्यसैले पहिले तागाधारी र पछि मतवाली मानिने अन्य देवी-देवताहरूको चिनारी क्रमशः प्रस्तुत गरिन्छ। धिमालहरूबाट पुजिने महाराजहरू महाराज र रासती महाराज हुन् ।

१. महाराज

ग्राम-थानलाई धिमालहरू महाराजको थान पनि भन्दछन् । उक्त भनाइबाट थानका अनेक देवताहरूमा उनीहरूले महाराजलाई विशेष महत्वपूर्ण स्थान तथा ध्यान दिएको तथ्य प्रष्टिन्छ । धिमालहरूका तागाधारी देवताहरूमध्ये महाराज सबैभन्दा प्रमुख हुन् । धिमालहरूसँग "महाराज" को उत्पत्ति तथा आकार-प्रकार र स्वरूपसम्बन्धी खास धारणा छैन , तथापि उनीहरू महाराजलाई तागाधारी मानी सुँगुर, जाँड-रक्सी नखाने र पाठा तथा परेवा खाने देवता मान्दछन् । यसरी चढाइने परेवाको रङ्गमा उनीहरू उति वास्ता गर्दैनन् तर पाठा भने अवश्य सेता हुनुपर्छ भन्दछन् । महाराजलाई पूजा गर्दा धिमालहरू आफ्नो घरमा सुरक्षा होस्, सुख-सम्पत्ति प्राप्त होस् भनी पुकारा गर्दछन् । महाराजलाई नमाने, पूजा आदि नगरे घर-गाउँमा दुःख-कष्ट हुने, आपद्-विपद् आइलाग्ने तथा अनिष्ट हुने कुरामा उनीहरू विश्वस्त देखिन्छन् । महाराजलाई पूजा गर्ने धामीको पहिरन र बलि चढाइने पशुपक्षीको रंग सबै सेतो हुनुपर्ने कुरामा उनीहरू जहिले पनि जोड दिन्छन् ।

२. रासती महाराज

रासती महाराज ग्राम देवताका रूपमा मात्र होइन, घरका कुल-देवताका रूपमा पनि पुजिन्छन् । बंलायती थरका धिमालहरूले त 'रासती' महाराजलाई ढिकुटीमा राखेर कुलदेवताको रूपमा पुज्दै छत्तर (छाता), धारी (धोती), खाट, जनै आदि चढाउँछन् । काकोम गाउँ असारे पूजामा रासतीलाई माटोको कालो घोडा चढाइन्छ । सनवरिसको मेलामा पनि उनको पूजा हुन्छ । त्यहाँको पुजारी धिमालै छ । त्यहाँको मेला वैशाख १ गते लाग्छ । यसलाई राजवंशीहरू "सिरूवा पावनी" भन्दछन् । लेटांग पोखरीमा यसको भोलिपल्ट उसको भाइ रासतीको मेला लाग्ने गर्छ ।

धिमालहरूले पुज्ने अन्य देवताहरूमा महाराज शब्द केवल रासती महाराजलाई मात्र प्रयोग गरिएको देखिन्छ । राजा सतीलाई उनीहरू राजा साथसाथै महाराज पनि भन्दछन् । राजा सतीलाई पनि स्थान-स्थानमा उच्चारण विभेदले राहसती महाराज (भालखुँडी), रासती महाराज (दोघर), राजासती महाराज (काकोम) र रासती (रिंगुवा र वालवाही) भनेको भेटिएको छ । रासती महाराज र महाराजको सम्बन्धमा धिमालहरू आफैं पनि त्यति स्पष्ट छैनन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यी दुवै तागाधारी देवता हुन् भन्ने कुरामात्र उनीहरू वताउँछन् । यी दुवै एउटै देवता पनि हुन सक्तछन् । रासती महाराजलाई पनि महाराजलाई झैं नै सेतो वोका चढाउनुपर्छ । उनी पृथ्वी थाम्ने, नपुगेको पुऱ्याइदिने, सबैलाई हेर्ने ठूला राजाका रूपमा पूजित छन् । यसरी विचार गर्दा रासती महाराज र महाराज कतै एउटै देवता त होइनन् भन्ने मनमा लाग्छ । कोहीकोही राठु महाराज (संभवतः राज थुघर सिं) रासती महाराजकै सन्तान हुन् पनि भन्दछन्। रासती महाराजलाई कोही जनै लाउने वाहुन देवता मान्दछन् । बादर झुल्ला ग्राम थानका देवी-देवताहरूमा पहिले त्यहाँ पूजा चलाउने धिमाल धामीले रानी सतीको नाम पनि उल्लेख गरेका छन् । उनको भनाइअनुसार रानी सती राजा सतीकै रानी हुन्, उनलाई पाठा नचढाएर पाठी चढाउने गरिन्छ ।

राजाहरू

धिमालहरूबाट पूजित राजा देवताहरू पनि विभिन्न नामका छन् । यी हुन्ः–

१) रा धरम या धरम ठाकुर या राजा धरम
२) राधम्पाल या राजा धनपाल या राजा गोम्पाल
३) राजा थुप्रि सिं या रा थोर सिं या राथुपुर सिं या रा थुम या रा थपर सिं या राठुमहाराज ।
४) राजा जोला
५) राजा भण्डार
६) राजा रूमाल ।

धिमालहरूमा प्रचलित धारणाअनुसार यी राजाहरू कुनै स्थान-विशेषका प्रसिद्ध पुरुषहरू, ठूलाठालु, मान्यजनहरू हुन्, तर ती कहाँका र कहिलेका हुन् त्यो प्रष्टसँग भन्न सक्तैनन् । यो अनभिज्ञताले राजाहरूप्रतिको उनीहरूको मनमा रहेको श्रद्धा, विश्वास र आदरमा कुनै प्रकारको असर पारेको भेटिंदैन । उनीहरूलाई यी परम्परागत रूपमा पूजित राजाहरूको ऐतिहासिकता वा तिथि-मितिसँग यति वास्ता नभएको वुझिन्छ ।

३. राधरम

राधरमको 'रा' राजा शव्दकै छोटकरी रूप हो । राधरमलाई धिमालहरू 'राजा धरम भन्नुको साथ 'धरम ठाकुर' पनि भन्दछन् । धिमालहरू विशेष देवता जनाउन महराज, राजाका साथै ठाकुर शव्द पनि प्रयोग गर्ने गर्दछन् । धरम ठाकुरलाई धिमाल क्षेत्रका अन्य जाति राजवंशी एवं सतारहरूले पनि मान्ने गर्दछन् । पश्चिम वंगालमा भने उनलाई पहिले तल्ले जातका विशेषतः वाग्दी, बाउरी, डोम, हारीहरूले

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

[illegible] सम्प्रदायमा धरम ठाकुरले स्थान पाएकोले माथिल्ला जातिहरूले पनि मान्न पुज्न थालेका कुरा सम्बन्धित क्षेत्रका विद्वान्हरुले प्रकाशमा ल्याएका छन्। बंगालमा धरम सम्प्रदायको थालनी नवौं-दशौं शताब्दीतिर भएको थियो। त्यहाँ प्रचलित धरम सम्प्रदायसम्बन्धी प्रसिद्ध पुस्तकहरू हुन्–"सूर्य-पुराण" धरम पूजा-विधान र धरम मङ्गल-काव्य। उतातिर धरमलाई शिव, वरुण, यम, सूर्य, हनुमान आदिको रूपमा पुज्ने परम्परा पाइन्छ।[१] यथार्थमा धरम ठाकुर स्थानीय गाउँलेहरूका लोकदेवता हुन्। उनीहरूको धारणाअनुसार उनी पानी, उर्वरता तथा ग्रौषधोपचारका देवता हुन्। धिमाल-समाजमा राधरम यही अर्थमा बढी मान्य छन्। धिमालहरूको भनाइअनुसार थालनीदेखिकै उनीहरूका मुख्य देवता 'राधरम' हुन्। मान्छे बिगार्ने, सपार्ने, संसारको सृष्टि गर्ने, आदि देवता भएकाले उनलाई माझमा राखी मानमनितो गरी सबैभन्दा पहिले पूजा गर्ने चलन धिमाल-समाजमा भएको कुरा धिमाल बूढापाकाहरू बताउँद-छन्। पूजा गर्दा उनलाई सेतो परेवा या सेतो भाले कुखुरा चढाउने गरिन्छ। काकोमका शाखारू धिमालको भनाइअनुसार काकोम ग्रामथानका असारे पूजाका बेला माटोका दुइटा काला हात्तीमध्ये एउटा उनलाई चढाइन्छ।

४. राधम्पाल

धिमाल-समाजमा राधम्पालको नाममा पूजित देवता पूर्वाञ्चल तराई प्रदेशमा लोकप्रसिद्ध सांस्कृतिक नायक, राजा धनपाल नै हुन्। तर यस तथ्यबारे बहुसंख्यक धिमालहरूलाई ज्ञान छैन। उनलाई कतैकतै राजा धोम्पाल पनि भन्ने गरिन्छ। राजा धनपाल धिमाल-समाजमा जस्तै थारू एवं राजवंशी-समाजमा पनि समान रूपले पूजित छन्। उनीसँग सम्बन्धित अनेक लोकगीति कथा, लोकगीत, लोककथाहरू पूर्वाञ्चल तराई प्रदेशमा जतातर्तै प्रचलित छन्।[२] धिमालहरूबाट भने राधम्पालका विषयमा यस्ता कुनै लोक साहित्यिक स्वरूपहरू संकलित हुन सकेनन्। तर दोधरेका मावुलाल राजदोंग धिमालको भनाइअनुसार राजा धनपाल पूर्वी तराईतिर राजा थिए। उनको मन्दिर पश्चिम दुवीतिर पाइन्छ। उनलाई प्रायः थारूहरूले पुज्दछन्। धनपाल (दत्त) मोरङ्गका राजा मानिएका छन्। यिनलाई कालान्तरमा किराँत राजा मुरहाङले जितेर उक्त राज्य आफ्नो राज्यमा मिलाएको कुरा सुब्बा प्रेमवहादुर लिम्बूले आफ्नो 'संक्षिप्त नेपाली इतिहास' पृ. ७९–८० मा लेखेका छन्। राधम्पाललाई पूजामा भोग दिंदा धिमालहरू कि परेवा कि बोका चढाउँदछन्।

---

(१) महापात्र, १९७२–१४५
(२) मौन, १९६८–६६

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बोका या परेवा नभए हाँसको फुल चढाए पनि हुन्छ, तर रक्सी भने चढाउन हुन्न भन्ने भनाइ छ ।

५. राजा थुप्री सिं

राजा थुप्री सिंको पनि उच्चारण-विभेदले गर्दा धिमाल समाजमा अनेक नामहरू प्रचलित छन् । राथोर सिं, राथुपर सिं, राथुम, राथपर सिं, सबै राजा थुप्री सिंकै नाम हुन् भन्ने अनुमान छ । सम्भवत: रासती महाराजका सन्तान भनिने राठ महाराज पनि राजा थुप्री सिं नै हुन् । राजा थुप्री सिंलाई काकोममा आषाढे पूजा हुँदा कालो हात्ती चढाइने कुरा शाखारू धिमालले बताएका छन् । उनलाई पूजामा हाँस अथवा परेवा चढाइन्छ, तर चढाइने हाँस भाले हुन जरूरी मानिन्छ । राजा थुप्री सिं, के विषयका, कस्ता देवता हुन् प्रष्ट हुन सकेको छैन ।

६. राजा जोला

काकोमका शाखाहरू धिमालले आफ्ना थानका देवताहरूको नाम बताउँदा 'राजाजोला' को पनि नाम उल्लेख गरेका छन् । यस प्रसंगमा धिमाल ओझाहरूले खेलाईहिंड्ने जोला मसान पनि विचारणीय देखिन्छ ।

७. राजा रूमाल

राजा रूमाल बलुवाही र रिगुवाका ग्रामथानमा पुजिएको कुरा उक्त स्थानका सूचकहरूले बताएका छन् । छविलाल लेम्बाङ्ग धिमालको भनाइअनुसार राजा रूमाल बाघ तथा सिंहका देवता हुन् । उनलाई आफ्नो मालताललाई सुबिस्ता होस्, जङ्गलको बाटोघाटो गर्दा बाघसिंह आदिसँग भेट नहोस् भनी पुज्ने गरिन्छ र यस पूजामा पनि अन्य राजा देवताहरूलाई जस्तै परेवा वा हाँस भोग दिइन्छ। राजा रूमाललाई कहीं राजा अरूमाल पनि भनेको सुनिएको छ ।

८. राजा भण्डार

बलुवाहीका ग्रामथानका मुख्य-देवता राजा भण्डार हुन् भन्ने भनाइ छ । मद्रासिं बंलायती धिमालको भनाइमा राजा भण्डार बलुवाही वरिपरिका नाम चलेका प्रसिद्ध व्यक्ति हुन् । पहिले उनकै राज भएकोले उनै मालिक भई पुजिएका हुन् । राजा भण्डारलाई कोही अगेनाका र कोही भकारीका देवता पनि भन्दछन् ।

९. बहादुर चौधरी

बहादुर चौधरीलाई धिमालहरू कोही चौधरी ठाकुर, कोही बडा चौधरी, कोही चौधरी महाराज त कोही चौधरी मात्रै पनि भन्दछन्। तर उनी बहादुर

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)
[illegible] छन् । धिमालहरू उनलाई जङ्गलको परिस्थिति मिलाउने देवता पनि मान्दछन् । त्यसैले जङ्गल जाँदा शिकारको निमित्त उनको स्मरण गरी पुज्ने चलन पनि छ । तर उनलाई विशेषतः गाडा चलाउँदा या हलो जोत्दा गोरुलाई केही नहोस्, गाडा-जुवा आदि नभाँचियोस्, मान्छेलाई बाटो दोबाटोमा धोका नहोस् भनेर असारे पूजामा अरू महाराज राजाहरूलाई जस्तै चार टीका सहित भाले हाँस अथवा "तामैले पाखे" (टाटेपाङ्ग्रे परेवा) दिने गरिन्छ । कोही कुखुरा पनि चढाइन्छ भन्छन्, तर रङ्गको त्यति वास्ता गरिंदैन, तर भालुखुडीका सानुमान धिमालको भनाइमा भने कालो पाठा नभए कालो हाँस चाहिन्छ भन्ने छ ।

"बहादुर चौधरी थारू देवता हुन् । उनको थान राजघाटमा छ, त्यहाँ उनको वंशावली पनि पाइन सक्छ" भनी भावुलाल धिमालले संकेत गरेका छन् ।

१०. बूढा ठाकुर

धिमालहरू तागाधारी इतर अन्य मतवाली देवी-देवताहरूमा सबैभन्दा बढ्ता महत्त्व बूढा ठाकुरलाई दिन्छन् । कोही धिमालहरू बूढा ठाकुरलाई, बूढा सुब्बा मान्दछन् भने कोही बूढा ठाकुर र बूढा नीलकण्ठ एउटै हो भन्दछन् । कोही त बूढानीलकण्ठको मन्त्री चौमाझी रहेको र उनको राजदरवार विजयपुरमा रहेको कथा बताउँदै उनलाई मात्र राजा मान्दछौं भन्दछन्, । हुन पनि धरान विजयपुरमा बूढा सुब्बाको मठ आजसम्म पनि विद्यमान छ । उनलाई कोही स्थानीय मगर बूढा मान्दछन् भने कोही बुद्धिकर्ण राई मान्दछन्– जो एकपल्ट विजयपुरका राजा नै थिए ।[३] यसैगरी धिमाल नाच टोली काठमाडौंमा नाच्न लाग्दा सुतिरहेको बूढानील कण्ठको पानी चलमलाएर उठेकोले ननचाई फर्केको कुरा पनि उनीहरू गर्छन् ।

धिमालहरू बूढा ठाकुरलाई राजा भीम सिं या भीम सिं पनि भन्दछन् । भीम सिंको पूजा नेपालको पहाड र तराई दुवै क्षेत्रमा प्रचलित छ । नेपालमा महाभारतका प्रसिद्ध नायकहरू पाँच पाण्डवमा माइला महाबली भीमलाई मात्र लोक-विश्वास तथा प्रचलनले देवत्व प्रदान गरेको छ । आफ्नो महाबल र पौरुषको निमित्त प्रसिद्ध उनी काठमाडौंको प्रचलनमा नेवारहरूका इष्ट देवता भई बन्द-व्यापारका देवता वनेका छन् भने तराईतिरका लोक साहित्यमा उत्तरतिरको दिग्पति या सप्तरीका प्रतापी राजाका रूपमा चित्रित र पूजित भेटिन्छन् ।[४] तर धिमालहरूचाहिं भीम सिंहको सम्बन्ध र धारणा यी पाँच पाण्डवी भाइसँग केही नभएको कुरा

---

३. नेपाली लोक कथा केही अध्ययन, तुलसी दिवस, ने. र. प्र. स.

४. थारू लोकगीत, प्रफुल्ल कुमार मौन, पूर्वाञ्चल पुस्तक भण्डार, विराटनगर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
खूदै बताउँछन् । उनीहरूको कथनअनुसार 'पार्वती' अर्थात् गौराले संसार खान लाग्दा बाटामा महादेवले गौराको बाटो छेकी ठूलो भीमकाय शरीर धारण गरेको हुनाले उनलाई 'भीमसेन' भनेको र पुजेको भन्ने छ ।

यसरी धिमाल-जातिमा प्रचलित र लोकप्रिय बूढा ठाकुर संप्रदाय हिन्दू बैष्णव तथा शैव संप्रदायसँग पनि सम्बन्धित देखिन्छ तर उनी बढ्ता स्थानीय लोक-देवता तथा धिमाल जातिकै इष्ट देवताका रूपमा स्वीकृत छन् । बूढा ठाकुरले न खासमा ढोल, उर्नी, गोमना, आदि बाजा बनाउन, गीत गाउन र नाच्न सिकाएको हो भन्दै धिमालहरू मुक्त कण्ठले उनको कथा हालेर उनको पूजा नगर्दा सबलाई टाउको दुखेको, जरो आएको, रोगव्याध लागेको कुरा बताउँछन् । उनीहरूको भनाइ-अनुसार बूढा ठाकुरको पूजा धरम ठाकुर र लासमीको भन्दापछि शुरू भएको भन्ने छ । सबैभन्दा पहिले मुसहरका जीउमा चढेर उनले फलाकेको कुरा उनका कथामा उल्लिखित छ । उनलाई मान्दा र पुज्दा धिमालहरू कुखुरा अथवा सुंगुर जे चढाए पनि हुन्छ भन्दछन् । रोधव्यास लगाएर धिमालहरूलाई आफ्नो पूजा गराउन लगाएकोले उनी रोधव्याध हटाउने देवताका रूपमा देखिन्छन्, तापनि उनी खेतको सह एवं उर्वरताका पनि देवता हुन् । असारे पूजाका वेला थानमा पूजा सकेर 'चे चे वे वे' गीत गाउँदै फर्केको टोलीले माझीको घर आँगनमा पुगेपछि 'लक्ष्मी विती बूढा ठाकुरसँग पोइलो जाउ'–लाछमी बूढा ठाकुर कुले कुलै भन्दै इतरिन्छन्। वास्तवमा धिमाल बूढापाकाहरूले यसरी बूढा ठाकुर र लक्ष्मीलाई सहवासको निमित्त उकासेर मनोरञ्जन मात्र नगरी खेत तथा मान्छेको उर्वरताको पनि कामना गरेका हुन् । किनभने यसवेला तिनीहरू काम-वासनासम्बन्धी छाडा गीतहरू थामबाटै गाउँदै फर्कन्छन् ।

११. चौमाझी

धिमाल भाषामा गाउँको मुखियालाई माझी भनिन्छ । यो माझी शब्दको माछा मार्ने माझी, नाउ चलाउने वोटे या माझी थरसंग कुनै सम्बन्ध प्रष्टिदैन । माझी शब्द किराँत प्रदेशमा विशेषतः राई जातिमा प्रचलित मझिया शब्दको छोटकरी रूप हो जस्तो लाग्छ । परम्परादेखि प्रचलित माझी संस्था धिमाल समाजमा निकै प्रबल छ । माझीलाई अझै पनि गाउँमा धिमालहरू आदर र सम्मानका दृष्टिले हेर्दछन् । व्यवहारमा माझी स्थानीय गाउँका रजौटा नै हुन् । न्याय-अन्याय, ठीक वेठीक, उचित-अनुचित, पाप-धर्म आदि औंल्याएर गाउँलेको सामाजिक परम्परालाई कायम गरी नेतृत्व गर्नु माझीको कर्तव्य हो । उनी गाउँका पंचहरूसंग राय लिई दोषीलाई दण्ड पनि दिन्छन् । केही ठूलो समस्या परे, दण्ड गरेका पैसा भेला गरेर चौरासी (भोज-भत्यार) लगाउँछन् । यस्तो वेलामा चारैतिरका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
माझीहरू भेला हुने गर्छन् । उनीहरूलाई एक शब्दमा धिमालहरू चौमाझी भन्दछन् । यी चौमाझीको, देवताका रूपमा पुजिने चौमाझीसँग के-कस्तो सम्बन्ध छ प्रष्ट हुँदैन, तापनि असम्बन्धित छ भन्न सकिदैन । माझी मान्ने या पुज्ने प्रचलन अझै पनि धिमाल लोक-जीवनमा जीवितै छ । उनीहरू वेला-बखत चाडपर्व सामाजिक अनुष्ठान आदिका अवसरमा माझीलाई मानेर, फिला, रक्सी, दाउरा आदि उपहारस्वरूप चढाउने गर्छन् । त्यसैले गाउँका नेता माझीको मृतपुर्खा चौमाझीलाई पितृरूपमा गाउँको रक्षाको निमित्त पुजेको पनि हुनसक्छ ।

धिमालहरू चौमाझीका जम्मा सात भाइहरू छन् भन्ने विश्वास गर्दछन्, त्यसैले सात टीका चढाएर सात पूजा गर्दछन् । उनीहरू चौमाझीलाई अक्सर सेतो भाले, नभए सुंगुर चढाउँछन् । तर सात भाइका नाम प्रष्ट बताउन सक्तैनन् । धिमालहरू कथामा एकातिर चौमाझीलाई बूढा ठाकुरको मन्त्री वताउँछन् भने अर्कोतिर चौमाझी र बूढा ठाकुर एक अर्कामा साढु भाइको नाता भएको जनाउँदै लासमीलाई कोही बूढा ठाकुरको, कोही चौमाझीको जोई मान्दछन् ।

१२. लक्ष्मी

धिमालहरू लक्ष्मीलाई लाछमी पनि भन्दछन् । लक्ष्मीको पूजा राजवंशीहरू पनि गर्दछन् तर राजवंशीहरू लक्ष्मीलाई अक्सर लक्ष्मी ठकुरानी मान्दछन् भने धिमालहरू लक्ष्मी वेंरांग भन्दछन् । वेरांगको अर्थ धिमाल भाषामा बूढी भन्ने हुन्छ । धिमालहरू आफ्ना ग्रामीण देवी-देवताहरूलाई राजा, महाराजा, ठाकुरका साथै वारांग-वेरांग (बूढा-बूढी) पनि भनेर सम्वोधन गर्ने गर्दछन् । यसबाट धिमाल समाजमा बूढा-बूढीहरू परम्परागत रूपमा सम्मानित तथा आदरणीय रहिआएको तथ्य प्रष्टिनुको साथै बूढा सुब्वा (बूढा ठाकुर)सँग बूढी सुब्वेनी (लक्ष्मी)को पनि पूजा भएको रहेछ भन्ने अडकल काट्न सकिन्छ ।

हिन्दू परम्परामा जस्तै धिमाल-समाजमा पनि लक्ष्मी धनधान्य तथा सम्पत्तिको देवीका रूपमा पूजित छन् । त्यसैले उनीलाई कोही भकारीकी देवी पनि मान्दछन्, सत्ययुगमा लक्ष्मीले गाईवस्तु बाँड्दा उनीहरू ढीलो पुगेकोले आफूहरूका भागमा लुला-लंगडा, दुब्ला-पातला तथा थोरै परेको कारण कथाहरूमा भन्दछन् ।

धिमाल-जातिमा प्रचलित संसार-सृष्टिको अर्को कथाअनुसार जलामय संसारमा ढुंगा-माटाका पृथ्वी वनाउने देवी लक्ष्मी नै हुन् । उनैले मनुष्यहरूको पुकारा सुनी गँगटाको अवतार लिई पातालबाट माटो ल्याएर जलमा मथन गरेर दूध-दही बनाए झैं गरी पृथ्वी जमाएकी हुन् । त्यसैले धिमालहरूले लक्ष्मीको भक्तिभाव गरेका हुन् । वास्तवमा धिमाल समाजमा लक्ष्मीको मान-मनितो विशेष रूपले हुन्छ । असारे पूजा तथा तिहारको पार्वामा उनको गीत गाएर विशेष आराधना गरिन्छ । वर्षै

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पिच्छे लक्ष्मीलाई पार्वामा पूजा गर्दा चाँदीको छाती (छाता) तथा बोना (पेटानी) दिनुपर्छ । उनलाई चढाउने पेटानीको रंग अनिवार्यरूपले कालो भुइंको हुनुपर्छ, बुनेको पेटानी नभए सेतो कपडा भए रंगाएर पनि कालो गर्ने चलन छ। उनलाई 'तिकली झोपा' र प्रजाती (फुर्काहरू) पनि चढाइन्छ। सबभन्दा ठूली देवी लक्ष्मीलाई घरका बाख्रा-खसी, गाई-वस्तु आदिको संरक्षाका लागि पनि मानिन्छ। उनलाई नमान्दा गोठमा चितुवा-बाघ पल्कन्छ । धिमालहरूका लक्ष्मीलाई मान्ने रिवाज तथा अनुष्ठानलाई ध्यानमा राख्दा उनी पृथ्वी माता तथा माताका रूपमा तथा उर्वरताकी देवीका रूपमा पनि पूजित देखिन्छिन् । उनको पूजा बाली-नाली सप्रोस्, सुख-सुविस्ता होस् भनेर पनि गरिन्छ ।

लक्ष्मीको नामबाट धिमाल जातिमा गीत मात्र होइन, ढोलमा वजाउने पोदो (ताल) पनि छ। यसलाई उनीहरू लक्ष्मी पोदो भन्दछन् । यसलाई असारे पूजामा वजाउन अनिवार्य मानिन्छ । लक्ष्मी पोदो तथा गीत धिमालहरू विशेषतः पूजा थानबाट लक्ष्मीलाई बलि चढाएको सुंगुरको टाउको उठाउँदा गाउने र वजाउने गर्दछन् । लक्ष्मी देवी हुनाले उनलाई बलि चढाइने पशुपक्षी कुखुरा, सुंगुर आदि पोथी हुनुपर्छ भन्ने धिमालहरूको विचार छ, र उनीहरू त्यसै गर्दछन् ।

लक्ष्मी धिमाल-समाजमा ग्राम देवीका रूपमा मात्र पूजित नभएर, घरकी देवीको रूपमा पनि पूजित छन् । वंलायती थरका धिमालहरू लक्ष्मी र महाराजलाई आफ्ना कुलदेवता मान्दछन् र धन्सार अर्थात् भकारीमा राखेर पूजा गर्दछन् । लक्ष्मी दोङगेहरूको थर लक्ष्मी दोङगे भएको कारण लक्ष्मीलाई कुलदेवीको रूपमा पुजेकाले नै हो भन्ने विश्वास छ ।

बूढा ठाकुर र चौमाझी साढुभाइ हुन् भन्ने कुरा माथि नै उल्लेख गरिसकिएको छ । बूढा ठाकुरकी जहान लक्ष्मी भए, लक्ष्मीको दिदी-बहिनी पनि हुनुपर्ने, तर उनीहरू लक्ष्मीको दिदी-बहिनीहरूका विषयमा केही थाहा पाउँदैनन् ।

१३. वन्तराजा

दन्तराजालाई धिमालहरू जङ्गलका देवता मान्दछन्, त्यसैले वनको पनि भन्दछन् । जङ्गली मुलुकमा वस्ने धिमालहरू जङ्गली देवता दन्तराजाबाट अत्यन्त त्रस्त र भयभीत देखिन्छन् । उनीहरू दन्तराजाले हरबखत पीर गर्छन् भन्छन् र सामान्यतया जरो आए, पखाला चले, हड्डी दुखे, कपाल दुखे पनि दन्तराजाको खेल मान्दछन् । उनलाई पूजा गर्ने काम धामीको तथा घरमूलीको भए पनि कुखुराको भाले दिएर अक्सर ओझाले नै मनाउने गर्छन् । दन्तराजासँगै कसै-कसैले दन्तरानीको पनि उल्लेख गरेका छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

१४. जाउरागेलाई

धिमालहरू पार्वामा, औंसीको भोलिपल्ट , पूजापाकाको दिन वर्षको एकपल्ट अनिवार्य रूपले आफ्ना मरेका पिता-पुर्खाहरूलाई संझी पुज्दछन् । आफ्ना मृतक वंशजहरूलाई धिमालहरू जाउरा-गेलाइ भन्दछन् । धिमाल भाषामा जाउराको खास अर्थ 'गुयलो' भए पनि मृतसंस्कारमा मलामीहरूले गुयलोको पात चढाएर मृतकलाई मृत्युलोकमा जान आग्रह गर्ने हुँदा मृतक भन्ने पनि लगाउने गरिन्छ । गेलाई शब्द बहुवचन-बोधक प्रत्यय हो । यसरी जाउरा-गेलाइको अर्थ ध्वनिले सम्पूर्ण पिता-पुर्खाहरू, मृतकहरू भन्ने लागे पनि जाउरा गेलाइको नामले धिमालहरू गाउँका सम्पूर्ण मृतकहरूको या आफ्ना आदिम पूर्खाहरूको पूजा नगरी आफ्नै एकाथरका मृत 'हारा' अर्थात् दूध र रगतका नातेदारहरूको पूजा गर्दछन् । मर्नेहरू आइमाई र लोग्ने मान्छे दुवै थरी हुने हुनाले धिमालहरू 'जाउरा-गेलाई' लाई पुज्दा आइमाईको निमित्त एउटा पोथी र लोग्ने मान्छेको निमित्त एउटा भाले चढाउने गर्छन् । उनीहरू आफ्ना पितृलाई अन्य ग्राम-देवी-देवताका साथै देवताकै रूपमा मान्दछन् । र पूजा अनुसारको सुख सुविस्ताको आग्रह गर्दछन् । 'जाउरा-गेलाइ' रिसाएर भुँडी दुख्ने, खाएको नपच्ने हुन्छ । त्यसैले उनीहरूलाई आवश्यकतानुसार अन्य समयमा पनि ओझाको सल्लाहअनुसार मनाउने गरिन्छ ।

१५. देरागेलाइ

धिमाल भाषामा 'देरागेलाइ'को सोझो शाब्दिक अर्थ गाउँलेहरू भन्ने हुन्छ । तर धिमालहरू 'देरागेलाई' भनेको खासमा महादेव-पार्वती हुन् र तिनीहरूलाई नै बोक्सा-बोक्सी मानी पूजा गरिन्छ भन्दछन् । कडा र काम बिगार्ने खालका भएका हुनाले हरेक पूजा-आजामा यिनीहरूको भाग छुटयाई मनसाउने गरिन्छ । देरा-गेलाइको खास पूजा पार्वामा हुन्छ, तैपनि आवश्यकतानुसार अन्य वेलाहरूमा विशेष विमार भई तँरिन नसक्दा अन्तमा २ वलि दिने अथवा मानता राख्ने चलन छ । उनको मानता अथवा भाकल बुझाउँदा, दुवै गाउँका बोक्सा-बोक्सी मानिएकोले, गाउँका सबैजसो गाउँलेहरूलाई निम्तो दिने गरिन्छ ।

बहुसंख्यक धिमालहरू देरागेलाइलाई पार्वतीया गौरी मान्दछन् । पार्वतीलाई, धिमालहरू गौरा-पार्वती, पार्वतीवेराङ्ग आदि पनि भन्दछन् । उनीहरूको विचारमा देरागेलाइ र गौरा एकै हो । गौरालाई डाकिनीको रुपमा पनि हेरिन्छ । देरागेलाइ अत्यन्त कडा हुन्छ, ऊ जतिवेला जहाँ पनि लाग्न सक्छ । जहिले पनि व्यथा चलाउन सक्ने भएकोले उसलाई नमनाई धरै छैन । उसलाई मनाउँदा जहिले पनि ठूलो फुल पार्ने पोथी चढाइन्छ ।

देरागेलाइलाई पार्वामा घरको मूली मान्छेले पूजा गर्दछ तापनि उसलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मनाउने या पन्साउने काम भने सँधैं ओझाको हुन्छ। वैशाख १ गते मनाइने सिरूवामा पनि महादेव-गौराको पूजा हुने गर्छ।

१६. धामीहरू

धिमालहरू माझी पछि धामीलाई मान्दछन्। धामीको काम गाउँको हित र कल्याणका निमित्त थानका सबै देवी-देवताहरू पुज्नु हो, त्यसैले धामी खासमा धिमाल गाउँका ग्रामथानको पुजारी हो। उसले अकाल खेडेरी माई-हैजा आदि संक्रामक रोगबाट गाउँलाई बचाउने गर्छ। अतः धिमाल समाजमा उसको स्थान महत्त्वपूर्ण छ।

हरेक धिमाल गाउँमा एक-एक धामी हुन्छन्। उनीहरू अत्यन्त पुरुषार्थी र प्रतापी हुन्छन्। धिमालहरूको लोक-विश्वासअनुसार धामीहरू खोला फर्काउने, पानी असिना पार्ने तथा रोक्ने, रूख-बिरुवा सुकाउने, जिताउने, बाघलाई बोलाउने, र फर्काउने समेत गर्न सक्छन्, यसैले उनीहरू पनि देवी-देवता समान पूजित छन्। धिमाल समाजमा बिहे-बटुलो, पूजा-आजा आदिमा माझी तथा धामी रीत बुझाउने या उनीहरूलाई मानी रक्सी फिला आदि चढाउने चलन अझै जीवित छ।

काकोमबाट कावा धामी, ठाठुल धामी, सवारी धामी, दोघरेबाट उर्चु धामी र बाचा धामी, बलुवाहीबाट अर्जुन धामी र पिर्थु धामी, रिगुवाबाट झुले धामी गरी अनेक नामहरू संकलित भएका छन् र यिनीहरू तत्-तत् स्थानका जीवित धामीहरूका पूर्वजहरू हुन् भन्ने धिमालहरूको भनाइ छ। उनीहरूलाई धान, तोरी, पटुवा आदिको बाली-नाली सप्रोस् कोही बिमार नहोस् भनेर बास्ने भाले सहित रक्सी पनि चढाइन्छ। धामीलाई रक्सी जति चढाए पनि हुन्छ। उनीहरू मातेर लडीबुडी खेले उनीहरूको इच्छा पुगेर खुशी हुन्छन् भन्ने विश्वास छ।

१७. शिकारी

शिकारीलाई धिमालहरू खासगरी वन जङ्गलका देवता मान्छन्। यी स्यहा, भूमि, दिमे, सिरिङ्ग, बगाले, चकमके, सिं, एकले गरी अनेक प्रकारका हुन्छन्। धिमाल ओझाहरू शिकारीका जम्मा १६ भाइ हुन्छन् भन्दछन्। तर असारे पूजा गर्दा सबैलाई एउटै या सात वटा भाले चढाएर एकै ठाउँमा मानिन्छ। ३, ३ वटा गरी जम्मा २१ वटा टीका यिनलाई दिइन्छ। शिकारी लाग्दा फाँसी लागेर थुक निल्न नहुने, बाटैमा कक्रक्कै पार्ने, पानी प्यास लाग्ने, तुरुन्त मर्ने हुन्छ। अतः हत्त न पत्त शिकारीले शिकार खोजे झैं ओझालाई जोखना हेराएर मनाउन या मन्साउन लाउनुपर्छ। शिकारीलाई मनाउँदा अक्सर भालेको भोग दिने चलन छ। भोग दिंदा पनि भोग दिएको प्राणीको मुटु-कलेजो र जीउ समेत पोलेर दिनुपर्छ र मात्र खान्छ भन्ने विश्वास छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल लोक-विश्वासमा टुङ सुङ सुब्बा पनि शिकारी नै हुन् । असारे पूजाको वेला थानमा पूजा गर्दा उनलाई छुट्टै एउटा टुङघर बनाई दिएर धनु-काण पनि चढाउनुपर्छ ।

१८. माई वेराङ्ग तथा अन्य वेराङ्गहरू

धिमाल वसोवास भएका क्षेत्रका वरिपरिका खोला-नालाहरूलाई धिमालहरू खास नाम या वेराङ्ग शव्द थपेर पुज्दछन् । वेराङ्गको अर्थ माथि भनिएकै धिमाल भाषामा "वूढी" भन्ने हुन्छ । अतः धिमालहरू प्रायशः सबैजसो खोला तथा नदीलाई देवताको रूपमा होइन, देवीको रूपमा मान्दछन् । आफ्नो राजमा भएका ठूल्ठूला नदी भनेर महाकाली कोशीको नाम पनि उनीहरूमध्ये कोही कोहीले लिएको भेटियो, तर व्यवहारमा उनीहरूले कोशीदेखि पूर्वका क्रमशः चिसाङ्ग (तिसाङ्ग) कनकाइ, मेची, तिष्ठी वालासनलाई बढी पुजेको पाइन्छ । धिमालहरू इमाइ वेराङ्ग, तिमाइ वेराङ्ग, लासे वेराङ्ग, गोठने वेराङ्ग (?) लाटी वेराङ्ग (?) आदिको नाम पनि लिन्छन् । तर यिनीहरूको विषयमा स्पष्ट हुने तथ्याङ्क संकलन हुन सकेन, धिमालहरू आफैं पनि स्पष्ट वताउन सक्तैनन्, बाबु-बराजुहरूले पुज्दै ल्याएकाले आफूले पनि पुजेको मात्र भन्दछन् ।

नदी या खोलालाई धिमालहरू माईका रूपमा या भगवतीका रूपमा मान्दछन् । आफूहरूले पुज्ने सबैभन्दा ठूलो माई उनीहरू कनकाइ माईलाई मान्दछन् । त्यसैले कनकाइलाई उनीहरू कनकाइमाई ठकुरानी पनि भन्दछन् । धिमालहरूको भनाइ अनुसार माईहरू जम्मा सात बहिनी छन् । जसमध्ये सबैभन्दा ठूली कनकाइ हुन् । कनकाइ, तिष्ठा, वासाहन लागे मर्को लाग्ने, पाता दुख्ने हुन्छ, अतः तुरून्त ओझालाई जोखाना हेराएर टुंगो लगाई मनाउनुपर्छ र आफूले परेवा, पाठी, हाँस आदि भाकल गरेको भए तुरून्त पुऱ्याउनुपर्छ । धिमालहरू भन्छन्– कनकाइलाई नाम लिएर घरैमा बोलाए पनि आउँछिन् । कनकाइ माईलाई सबै चलेका पशुपक्षी चले पनि सुंगुर चल्दैन, तर अक्सर पोथी हाँस चढाइन्छ । उनलाई पूजा गर्दा खान लाउन पुगोस्, आराम-संचो होस्, खोलानाला तर्दा केही नहोस् नवगाओस् भनेर ४ टीका र अरूलाई ३,३ टीका र पान फूल-सुपारी तथा सण्ठीको फूल घोडा आदि चढाउने गरिन्छ । उनलाई बली दिंदा सदा पाठी या कुखुरी या पोथी हाँस चढाउनुपर्छ । कनकाइको पूजा गर्दा नदीमै जान नसके त्यहाँको पानी तथा बगरको ढुंगा घरमा ल्याएर पनि गर्न सकिन्छ । कनकाइ माईसंग धिमालहरू विहेवारीमा वल शक्ति खोज्दछन् भने चाडवाडमा सुख-सुविस्ता माग्दछन् ।

सबैजसो नदीहरू उत्तरी क्षेत्रवाट आई दक्षिणतिर वगेका छन् । कोही-कोही पृथ्वी वनाएर लक्ष्मी अल्पेकाले खोलालाई पुजेको पनि भन्दछन् । नदीहरूलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पुज्दा पनि, धिमालहरू अरू देवी-देवताहरूलाई झैं तागाधारी र मतवाली भनेर छुट्टयाई पुजिन्छ, भन्दछन् । उनीहरूको विचारमा सानसाना खोला चिसांग, वेतेनी, सीताम्वर, भालो झोरा आदि मतवाली र ठूला कनकाइ, कोशी, ब्रह्मपुत्र आदि तागाधारी हुन् ।

१९. गैयाहरू

धिमालहरूमा प्रचलित परम्परागत विश्वासअनुसार गैयाहरू (ग्राम नाम धारण गरेका) 'देरा ताका' (गाउँ राख्ने) वीर तथा पुरूषार्थी पुरुषहरू हुन् । उनीहरू जंमा ७ भाइ छन् । ती हुन्:–दूध, हुल, फूल, सुल, तामा, तारण (धनिया) धुल्या । कोही तुलसी गैयाको पनि नाम लिन्छन् । कोही-कोही राजवंशीहरूले गैया भन्नेलाई धिमालहरू धामी भन्दछन् भनी वताउँछन् । यिनीहरूको असारे पूजाको वेला क्रमैसँग पूजा गरिन्छ र इच्छा माफिक पान-प्रसाद चढाइन्छ ।

२०. संसारी

घाउ, खटिरा, हैजा, माई, रूगाखोकी आदि विशेष संक्रामक महामारी फैलाएर संसारैलाई विरामी बनाउने हुनाले 'संसारीलाई' धिमालहरू विशेष रूपमा मान्ने गर्दछन् । टाका बान्धागरी गरिने माई या संसारीको पूजालाई धिमालहरू वयर पूजा पनि भन्दछन् । यस्तो पूजा पंचबलि दिई सेता-काला राता धागाहरू दुई कीलामा टाँगी गर्ने गरिन्छ । संसारीको पूजा विशेषतः असारे पूजामा हुन्छ । उनलाई तीन टीका लगाई परेवा या कुखुराको भाले या पोथी जे चढाए पनि हुन्छ भन्ने धिमालहरूको भनाइ छ ।

२१. धरती (भोनाइ)

धरतीलाई धिमालहरू भोनाइ भन्दछन् र धरतीको नाममा उनीहरू आफ्नो खेत तथा जमीनलाई पृथ्वीमाता संझेर पुज्दछन् । पृथ्वीले आफू बसेको ठाउँको रक्षा गर्ने, चिताएको पुऱ्याइदिने हुनाले आफ्नो खुशी अनुसार पान, प्रसाद, फल, केरा, परेवा आदि दिए हुन्छ । तर सुंगुर, हाँस दिने चलन छैन । धरतीको पूजा अक्सर असारे पूजा पार्वामा हुन्छ । अरू वेला केवल धूप धुंवार मात्र हुन्छ । कोही कोही दाका भोनाइ (कालो पृथ्वी) र जेका भोनाइ (सेतो पृथ्वी) भनी पृथ्वीको कालो र सेतो दुई रूप पनि बताउँछन् ।

२२. द्वारे

बाटामा हिंड्दा वर्दा नठोकियोस्, घरभित्र वोक्सी, भूतप्रेत आदि दुष्ट वृत्तिहरूले प्रवेश नपाऊन् भन्ने उद्देश्यले द्वारे या ढोके देउको पूजा सिंदूर अक्षताले हुन्छ । यी देवता

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एक प्रकारले धिमाल घरका चौकीदार नै मानिन्छन् । उनको पूजा धिमालहरू मूल घरको दैलोमा गर्दछन् । लेटाङको राजारानी पोखरीको छेउमा भएको पुरानो ग्राम-थानमा द्वारेदेउको एउटा थानका साथै मूर्ति पनि भएको कुरा बताइएको छ ।

२३. मूलीदेउ

धिमालहरू घरको मूल खाँवोलाई अत्यन्त महत्त्व दिन्छन् । घरको फाप-अफाप सबै मूल खाँवोमै भर पर्ने विश्वास गर्दछन्, मुलिङ्ग घरका धिमालहरूले विहे आदि सामाजिक अनुष्ठान सबै मूल-खाँवो अगाडि नै सम्पन्न गर्दछन् । घर-निर्माणको वेलामा पहिलोपल्ट गाडिएको मूल खाँबोलाई यता-उता सार्न चलाउन तथा अग्लो-होचो गर्न पटक्कै हुँदैन, वरु मूलखाँबो अनुसार अरूहरू सार्न मिलाउन भने हुन्छ । त्यसैले धिमालहरू मूल खाँबोलाई मूली देउ भनेर पुज्दछन् ।

२४. ग्वाल राजारानी

धिमालहरू ग्वाल राजा-रानीलाई गोरे राजा-रानी भनेर पूजा गर्दछन् । यसलाई ग्वाली पूजा भनिन्छ । ग्वाली-पूजामा खासमा महादेवको पूजा हुन्छ । उनी धिमालसमाजमा ग्वाली या पिसालको (गोठ) देवता मानिन्छन् । उनलाई हाँस या कुखुरा जेको भएपनि एउटा फुल चढाएर गाई-गोरु सप्रन्, सन्तान बढ्न्, रोग व्याधि नलागोस् भनी सिन्दूर अक्षताले ग्वालीको मूल खम्बामा पूजा गरिन्छ । धिमालहरू सिरूवा (नयाँवर्ष) मनाउँदा पनि ग्वाली-पूजा गर्दछन् ।

२५. वाट-बटुवार

वाट-वटुवार बाटोका देवता मानिन्छन् । उनलाई अक्सर दोबाटो-चौवाटोमा कतै केही लिपी, दीयो वाली सिन्दूर-अक्षताले पूजी कुखुराको भोग दिइन्छ र कैले काहीं रात-विरात हिंड्दा, ठुटा-बुटामा नठोकियोस्, डाइनी वोक्सी, भूतप्रेत आदि नलागोस्, अपजस नआओस्, चिताएर हिंडेको काम फत्ते होस् भनी प्रार्थना गरिन्छ । उनको पूजालाई धिमालहरू दामा (वाटो) पूजा भन्दछन् । उनलाई नयाँ वर्षको पहिलो दिन 'दोबाटे' देउता भनेर बाटोको छेउमा लिपेर धूप-धुंवार गर्ने चलन पनि छ ।

२६. कुपकुपेनी

कुप-कुपेनीलाई धिमालहरू जल-कुमारी या ची-कुमारी पनि भन्दछन् । उनी इनार तथा कुवाका देवता हुन् । उनको पूजा कुवाको पानी राम्रो होस्, रक्सी जाँड-वनाउँदा कहिल्यै नबिग्रोस्, खूव रक्सी निस्कोस्, पानीले खोकी-सर्दी नलागोस्,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
बिगार नपरोस् भनेर गरिन्छ। उनको पूजा इनारैंमा सिन्दूरको थोपा दिई अक्षता-पातीले गरिन्छ। कोही कोही उनलाई 'फूल–घोडा' या 'माली-घोडा' पनि चढाउने गर्दछन्। 'चुवा' या 'च्वा' को अर्थ धिमाल भाषामा इनार भन्ने हुन्छ। त्यसैले कुपकुपैनीको पूजालाई धिमालहरू च्वा–पूजा पनि भन्दछन्। च्वा-पूजा गर्दा धिमाल घरको मूलीले निम्न प्रकारले फलाक्दछः–

चिताकाको
रोगव्याज माज्याको
तामा मासुपाको
सोपालो, हापालो मागोयाको
वाली-बच्चा रेम्पा ह्याको–आदि

२७. धार्नी बाराङ्ग-वेराङ्ग

धार्नी वारांग र वेरांगलाई धिमालहरू आखा (चुलो) को देवी-देवताका रूपमा पुज्दछन्। त्यसैले उनको पूजालाई आखा पूजा भनिन्छ। कोही-कोही त उनीहरूलाई भान्से देवी-देवता पनि ठान्दछन्। अतः उनको पूजा गर्दा दुवै आगो र भान्सेको पनि पूजा गरिएको मानिन्छ र भान्सामा सधैं आगो वलोस् भनी अनुरोध गरिन्छ। आखा पूजामा धिमालहरू चल्ला वलि दिएर यसो भन्दछन्ः–

सिकाइ मिं पाका,
माताका तापाका
न्यालाइदोङ
धार्नी वाराङ्ग–देराङ्ग
चापाली आम्पाली
पुगिपाली गोइका–आदि

२८. मिस्त्री वाराङ्ग-वेराङ्ग

हलो-कोदालो आदि कृषि-औजारलाई चोख्याई पूजा गर्दा धिमालहरू वास्तवमा वनाउने मिस्त्री वारांग-वेरांगको पूजा गरिरहेका हुन्छन् तापनि कोही हलपति राजा र रानीको नाम पनि लिन्छन्। हलपति राजाको पूजालाई हले-पूजा भनिन्छ। हले-पूजा गर्दा धिमालहरू पार्वाको तीनै दिन हलो वार्छन्, जोत्दैनन्। उनीहरूको विशेष पूजा पार्वामा नै हुन्छ।

२९. घाट-घटुवार

घाट-घटुवारलाई कोही-कोही बाटोका देवता भन्दछन्। वास्तवमा घाट-घटुवार खोला-नालाका देवता हुन्। धिमाल भाषामा खोलालाई झोरा भनिन्छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अतः घाट घट्टुवारको पूजालाई झोरा-पूजा पनि भनिन्छ । कसै-कसैको भनाइमा यो पूजा झोरा-पूजा नै हो, झोरा-पूजा गर्दा घाट घट्टुवारलाई अक्षता पिंधेको धूलो चढाइन्छ । झोरामा नुहाइ-धुवाइ गरी शुद्धिने हुनाले पनि झोराको पूजा भएको हो ।

(३) अन्य हिन्दू देवी-देवताहरू

धिमालहरू यी 'शाली' र 'ग्राम-देवता' बाहेक अन्य देवी-देवताहरूलाई पनि मान्दछन् । ती मूलतः बृहत् हिन्दू-परंपरा र अन्य जातिबाट धिमाल समाजमा भित्रिएका छन्। तर तिनीहरूको स्वरूप, प्रकृति र परिचायक व्यक्तित्व यथावत् छैन । ती संस्कृतीकरणको प्रक्रियाबाट गुज्रँदा स्थानीयकरण भई बदलिएका छन् ।

पूर्वतिरका धिमालहरू विष्णु तथा कृष्णलाई ठाकुर भनेर पनि पुज्दछन्, तर ती सत्गुरु ठाकुर र चेतन ठाकुर भनी चिनिन्छन् । ठाकुरको स्थापना गरी पुज्ने स्थानलाई ठाकुर-बाडी भनिन्छ । यो जहिले पनि पूर्व घरको दक्षिणपट्टि बाहिर हुन्छ । यहाँ ग्राम-थानमा जस्तै टिन तथा खरले छाएको साना-साना देवताको संख्या अनुसारका थानहरू हुन्छन् । ठाकुरलाई पूजामा केवल धूप-दीप-नैवेद्य मात्र चढ्दछ । ठाकुरलाई धिमालहरूले पुज्न थालेको इतिहास त्यति लामो छैन । उनीहरूले यथार्थमा हिन्दूधर्मावलंबी राजवंशीहरूको प्रभावबाटै ठाकुरलाई मानेका हुन् ।

यसैगरी धिमालहरूले मान्ने अन्य हिन्दू प्रभावित देवी-देवताहरूमा उल्लेखनीय छन्— नाग-नागिनी, हनुमान्, इन्द्र, कामिनी । नाग नागिनीलाई उनीहरू विसहरी पनि भन्दछन् । वायुपुत्र हनुमानलाई उनीहरू हावा-पानी मात्र राम्रो होस् भनेर मात्र होइन असिना परेर वाली-नाली नबिग्रोस् भनेर पनि माग्दछन् । कृषि-जीवी धिमाल-समाजमा पुग्दा हनुमान् वायुका साथै पानीको देवता पनि हुन पुगेका छन् । यसैगरी उनीहरू ब्रह्म देउलाई आगोका देवता मान्दछन् भने इन्द्रलाई आकाशका देवता ठान्दछन् । तर इन्द्रको पूजा हुँदा कामिनीको पूजा हुनु पनि अनिवार्य हुन्छ । किनभने कामिनी उनीहरूका विचारमा आकाशकै देवी हुन् । कामिनीको उत्पत्तिको प्रसंगमा धिमालहरू भन्छन्: देवकीका कोखबाट वासुदेवका जति वच्चा जन्मिए पनि कंसलाई मार्न दिनुपर्थ्यो, अन्य कुनै उपाय थिएन । यसक्रममा आठौं बच्चा कन्या थिइन् । तिनलाई मार्न माथि उचालेर जमीनमा पछार्न खोज्दा तिनी माथिवाटै आकाशमा उडेर गइन् र कामिनी भइन् ।

धिमालहरूले आफ्ना बूढा ठाकुर र लाछमी बेरांगलाई लिम्बूहरूको इष्ट देवता बूढा सुब्बा र बूढी सुब्बेनी मानेर पुज्ने गरेको प्रसंग माथि नै उठाएर चर्चा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गरिसकिएको छ । तराईको जङ्गलमा वाटो बिराएर अलमलिई. लिम्बूको एक भाइको सन्तान धिमाल भएकाले इष्ट देवता उनै हुन् भनी धिमालहरू भन्छन् र तिनलाई मान्न ती धरान विजयपुरसम्म पुग्दछन् । तर अर्कातिर बूढा ठाकुर र लासमीलाई ती महादेव-पार्वतीको रूपमा होइन, विष्णु र लक्ष्मीका रूपमा पनि मान्दछन् ।

यसरी यिनीहरू आजकल गाउँका सीमा पार गरेर बराह, पशुपति आदिको दर्शन मात्र गर्दैनन्, उनीहरूको नाममा भाकल पनि गर्दछन् । उनीहरूले धार्मिक पूजा-आजा तथा सामाजिक संस्कारहरू सम्पन्न गर्न बाहुन पुरोहित लगाउनुको साथै रूद्री पाठ, सप्ताह, सत्यनारायणको पूजा गर्न समेत थालिसकेका छन् । यसरी धिमालहरू क्रमशः धार्मिक तथा सांस्कृतिक दृष्टिले हिन्दू धार्मिक प्रक्रियातिर आकर्षित हुँदैछन् तथापि तिनीहरू अन्य हिन्दूहरूले विशेष उत्साह र तयारीकासाथ मनाउने गरेका साउने संक्रान्ति, दशैं, तिहार, माघे-संक्रान्ति, होली आदि चाडहरू उसै गरी मनाउँदैनन् । यिनीहरूबारे विशेष चर्चा धिमालहरूको चाडपर्वका परिच्छेद मा गरिएको छ ।

उपसंहार

उपर उल्लिखित धिमालहरूले मान्ने देवी-देवताको विवरणबाट धिमाल लोक-धर्मको प्रमुख तत्त्व अतिमानवीय एवं प्राकृतिक शक्तिहरू माथिको विश्वास हो भन्ने कुरा स्पष्ट हुन्छ । उनीहरूको विचारमा तिनीहरूले नै मान्छेको भाग्य तथा शारीरिक र मानसिक दुवै अवस्थालाई नियन्त्रित र प्रभावित पार्दछन् । त्यसैले देवी-देवता तथा भूत-प्रेत रिसाउँदा र बिग्रँदा धिमाल धामी, ओझा तथा घर-मूलीहरूले मध्यस्थ भई सामान्य पूजा-आजा प्रार्थना र आवश्यकतानुसार अनेक धार्मिक तथा जादूयुक्त रीति-रिवाज एवं अनुष्ठानहरू संपन्न गर्न आवश्यक ठानिन्छ ।

हिन्दू धर्मबाट केही प्रभावित भए पनि धर्मलाई आध्यात्मिक रूपमा अनुभव गरी मुक्ति र निर्वाण खोज्ने प्रवृत्ति धिमालहरूमा भेटिंदैन । भौतिक वस्तुसंग सम्वन्धित सुख-सुविधा तथा शान्ति-सुरक्षाको निमित्त नै ती 'मान्ता' टाका बान्धा 'निउता' 'पूजा' आदि गर्ने गर्दछन् । यसका निमित्त आवश्यक परे, ती विजातीय देवी-देवताहरूको मान-मनितो गर्न पनि पछाडि पर्दैनन् । त्यसैले धिमालहरूले राजवंशी, थारू, लिम्बू-राई तथा क्षेत्री-वाहुन र नेवारहरूका जातीय देवताका साथै हिन्दू देवीदेवताहरूलाई पनि आफ्ना देवी-देवताका समूहमा भित्र्याएका छन् । तर ती सवैजसो स्थानीकरण भई धिमाल धार्मिक लोक-विश्वासअनुसार ढालिएका छन् । वहुसंख्यक देवी-देवतालाई उनीहरू आशीर्वाद खोजेर होइन,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिनीहरू बिग्रन्छन् र रिसाउँछन् कि भनेर नै बढी मान्ने गर्दछन् । यसरी मान्दा तिनीहरूले मनाउने, पन्साउने, बुझाउने मात्र गरेका छैनन्, देवताहरूलाई अंशबण्डामा भाग लाएर या दाइजोको रूपमा समेत स्वीकार गरेर पाल्ने पनि गरेका छन् ।

धिमालहरूको धार्मिक प्रचलनमा उनीहरू बढी व्यावहारिक लाग्दछन् । त्यसैले धिमालहरूका देवता पनि धिमालहरू जस्तै छन् । ती धिमालहरू जस्तै सोच्ने, व्यवहार गर्ने र खाने-पिउने खालका छन् । उनीहरू मतवाली देवताहरूलाई मनाउँदा सुंगुर-कुखुरा आदि मात्र भोग दिंदैनन् , रक्सीले पनि नुहाइदिन्छन् ।

धिमालहरूले तागाधारी देवताहरूलाई राजा-महाराजा भनी खूबै माने पनि ती धेरैजसो उनीहरूले अन्य जातिको संपर्कमा आएर पुज्न थालेका पछिका देवता हुन् भन्ने अनुमान हुन्छ । किनभने धिमालहरूले पुज्ने गरिएका राजा-महाराजाहरूलाई धिमाल-बसोबास भएका क्षेत्रका अन्य जातिहरू, विशेषत: राजवंशी, थारू आदिले पनि त्यसरी नै पुज्ने र मान्ने गरेको भेटिएको छ । तर, यसबाट ती त्यस क्षेत्रमा कुनै समयका प्रसिद्ध ऐतिहासिक पुरुष वा प्रसिद्ध स्थानीय व्यक्ति थिए होलान् भन्ने कुरा पनि देखिन आउँछ ।[५]

धिमालको जातीय समूहभित्र तागाधारी र मतवाली भन्ने जातीय विभेद व्यवहारमा देखिंदैन । तर उनीहरूले आफ्ना देवी-देवताको समूह छुट्टयाउँदा तागाधारी र मतवाली भनेर छुट्टयाई सोही अनुसार पूजा गरेको तथ्यवाट तिनको मानसिक संस्कृतिमा जातीय विभेदले जरो गाड्दै लगेको तथ्य पनि प्रष्टिन्छ ।

धिमालहरूका परंपरागत देवताहरू प्रायश: मतवाली छन् । यिनीहरूका मतवाली देवी-देवताहरूको र पहाडका लिम्बू-तराईका देवी-देवताहरूको साइनो पनि केलाउन सकिने देखिन्छ । यस प्रसङ्गमा बूढा-सुब्बा, बूढा ठाकुर, शिकारी, दन्तराजा दन्तरानी, देवी-देवराली, सिमे-भूमे आदि उल्लेखनीय र विचारणीय लाग्दछन् । धनकुटा वजार वरिपरिका आठपहरिया राईहरूको प्रसिद्ध कुल-देवता मार्गा हो । मार्गालाई मान गर्दा उनीहरू पनि धिमालहरूले झैं राजा-महाराजा भन्दछन् । तर मार्गा धिमालहरूको शव्दावलीमा तागाधारी देवता होइनन्, मतवाली देवता हुन् । किनभने उनलाई रक्सी, कुखुरा, सुंगुर सवै चल्दछ ।

धिमालहरूको देवी-देवता सम्वन्धी धार्मिक गतिविधि विशेषत: सामुदायिक र पारिवारिक स्तरमा संपन्न हुने हुनाले तिनले पारिवारिक एकता, सामाजिक संगठन तथा ग्रामीण सामुदायिक हितलाई वढी प्राथमिकता दिएको भेटिन्छ । यसले एकातिर धिमाल जातिको जातीय-संगठनलाई कायम राख्नमा मद्दत पुऱ्याएको छ भने, अर्कातिर उनीहरू वीचको हामी र हाम्रो दश धिमाल भन्ने भावनालाई

---

५. सांकृत्यायन, १९६०–११

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बलियो बनाई फैलाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यो तथ्यसंग परिचित हुन हामीलाई धिमाल-जातिमा प्रचलित यिनै देवी देवतासँग सम्वन्धित अन्य विशेष पूजा र चाडपर्वहरूको विवरण र विश्लेषणले अझ मद्दत पुऱ्याउनेछ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पूजा-आजा

पूजा शव्दको प्रयोग अर्चनाको अर्थमा हुन्छ । सभ्यताका विभिन्न तहमा विभिन्न जातीय समाजमा स्वीकृत शिष्ट आचरणले विविधवत् अर्चना गर्नु नै पूजा गर्नु हो । मानव-समाजमा प्रचलित सवैभन्दा प्राचीन एवं सरल पूजा-पद्धति प्रार्थना मानिन्छ । लोक-जीवनमा प्रचलित मन्त्र, 'गुन' एवं फलाकाहरू वास्तवमा प्रार्थनाका विभिन्न रूप हुन् । लोकले यिनै स्तुति एवं मन्त्रको उपयोग गरेर सम्वन्धित देवीदेवताहरूलाई खुशी एवं प्रसन्न गराई सुख- समृद्धि र संरक्षाको आशा र विश्वास गर्दछन् ।

मानव-सभ्यताका प्रारंभिक चरणहरूमा मन्दिर तथा मूर्ति-पूजाको प्रचलन थिएन । सामान्य मान्छे प्रकृतिको अकल्याणकारी र कल्याणकारी दुवै शक्तिलाई साक्षात् दर्शन गरेर अनुभव गर्ने गर्दथे । फलत: डर र त्रासले अकल्याणकारी प्राकृतिक वृत्तिलाई पन्छाउने र मन्साउने परम्पराका साथै कल्याणकारी वृत्तिलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भने पूजा, अर्चना र आराधना गरेर खुशी पार्ने प्रचलनको सूत्रपात भयो । लोक-मानस सदा-सर्वदा आफ्ना इष्ट देवी-देवताप्रति आस्थावान् रहिआएको छ ।[१] धिमाल लोक-जीवनमा पनि यसको गहिरो प्रभाव देखिन्छ । प्रारम्भमा निराकार देवी-देवताहरूको पूजा निराकार भावले मन र वाणीले-अर्को अर्थमा भक्तिभाव, मन्त्र, गायन तथा स्तुति पाठबाट गर्ने गरिन्थ्यो । कालान्तरमा यही परम्परा साकार मूर्ति पूजामा विकसित भएको हो । तर धिमालहरू भने अझै पूजाको दृष्टिकोणले पहिलो अवस्थामै छन्, उनीहरू अझै पनि मन र वाणीले निराकार देवी-देवताको पूजा-आजा गर्दछन् । मूर्ति-पूजाको प्रचलन उनीहरूसँग एक प्रकारले छैन नै भने पनि हुन्छ। प्रत्येक धिमाल गाउँमा आफ-आफ्नो ग्राम-थान हुन्छ। तर त्यहाँ मन्दिरहरू हुँदैनन्, केवल घंटा, त्रिशूल, छत्री र केही राता-सेता कपडाका टुक्राटाक्री मात्र हुन्छन् । आफू, आफ्ना परिवार र गाउँको विशेष हित गर्ने पारिवारिक ग्रामीण देवी-देवताहरूलाई धिमालहरू बढ्ता पुज्दछन् । पूजामा धिमालहरू अक्षता, सिन्दूर, बत्ती, धूप चलाउँदछन् तर "फूल" को प्रचलन भने अत्यन्त कम देखिन्छ । देवी-देवताहरूलाई प्रसन्न गर्न उनीहरू अनेक प्रकारका पशु-पक्षीहरू पनि बलि दिन्छन् । यस विषयमा धिमाल लोकदेवी- देवताको परिचय दिंदा विशेष उल्लेख भइसकेको छ।

घरेलु र ग्रामीण देवी-देवताहरूभित्र पर्ने र नपर्ने अनेक प्राकृतिक वस्तुलाई पूजा गर्ने चलन पनि धिमाल-समाजमा पाइन्छ । तिनीहरूमा पशुपूजा, पृथ्वी-पूजा, वृक्ष-पूजा, नदी-पूजाका साथै पितृ-पूजा र कृषिकर्मसँग सम्बन्धित अन्य पूजाहरू क्रमशः 'बान्धा पूजा' 'गुठीसेंका पूजा' 'गावा पूजा' 'उम्चेका जात्रा' 'मैझार पूजा' 'न्वागी पूजा' आदि उल्लेखनीय छन् । त्यसैले यिनीहरूका विषयमा हामी अलग-अलग चर्चा गर्दैछौं ।

पशु-पूजा

धिमाल-समाजमा केही अंशमा भए पनि पशु-पूजा प्रचलित छ । विद्वान्हरूको मतअनुसार लोकले पशु पूजाको प्रचलनको प्रारम्भ भयावह पशुहरूबाट स्वयं आफूलाई जोगाउन गरेका हुन् । 'टोटेमिक' विश्वासअनुसार विविध आदिम जातिहरूले विविध पशु-पक्षी आदिलाई आफ्ना पूर्वज स्वीकारेका छन् । यसैले पशु-पूजालाई पितृ-पूजाको अंशकै रूपमा पनि हेर्न नसकिने होइन। धिमालहरू अस्पष्ट रूपमा भएपनि रूख-बिरुवासँग आफ्नो उत्पत्तिको सम्बन्ध जनाउन खोज्छन्, तर पशुपक्षीलाई भने उनीहरू पूर्वजको रूपमा उति स्वीकार्दैनन् । तथापि

---

१. रोहतगी, १९७१–४५८

Digitization by Hindu-Heritage-Foundation of America: HHFA(USA)

धिमाल लोक-जीवनमा गाई-गोरुको भूमिका महत्त्वपूर्ण छ । यसको मूलकारण उनीहरूको कृषि-जीवन नै हो । धिमाल-समाजमा गाई-गोरु सम्पत्तिको रूपमा पनि स्वीकृत छन् । आफ्नो गोठमा रहेको गाईवस्तुको संख्याले उनीहरू आफ्नो सम्पन्नता जनाउन खोज्दछन् । अतः पशु-पूजाको रूपमा उनीहरू गाई-गोरुलाई विशेष पुज्दछन् । पार्वा नामको हिउँदे चाडमा त उनीहरूले हले पूजा मनाएर हलोको समेत पूजा गर्दछन् । चारकोसे झाडीको छेउछाउ, सर्पको गुंड जस्तो स्थान उनीहरूको बसोबासित क्षेत्र भएकोले उनीहरू बाघ, हात्ती र नागको पनि पूजा गर्दछन् । तराईका अन्य जातिहरूमा प्रचलित 'विसावरी' र 'बेहुलाको कथा' धिमालहरूमा पनि केही प्रचलित देखिन्छ ।

पृथ्वी-पूजा

कृषिजीवी धिमालहरू खेत तथा जमीनलाई पृथ्वीमाता तथा धरती संझेर पनि पूजा गर्दछन् । पृथ्वीको पूजामा उनीहरू विशेषतः धूप-धुंवार गर्दछन् । धरतीलाई उनीहरू आफ्नो भाषामा भोनाइ भन्दछन् । उनीहरूको विश्वासअनुसार भोनाइको रूप सेतो र कालो दुई प्रकारको हुन्छ, जसलाई जेका भोनाइ र डाका भोनाइ भनेर पुज्ने गरिन्छ । भोनाइको पूजा धिमालहरू आफ्नो बर्खे र हिउँदे चाड क्रमशः सिरीजात र पार्वा दुवैमा नबिर्सी गर्ने गर्दछन् । धिमाल-जातिमा प्रचलित पृथ्वीको यस पूजालाई नेपाल-पहाडमा प्रचलित सिमेभूमे पूजासँग दाँज्न सकिन्छ ।

वृक्ष-पूजा

सृष्टिको प्रारम्भदेखि नै रूख-विरुवा मानव मात्रको अभिन्न मित्र रहिआएका छन् । समयका क्रमिक चरणहरूमा रूखका टोडकामा बसेर फलफूल खाएर, रूखको बोक्राको लुगा लगाएर, रूखका दाउरा बालेर, मूलथामको घर बनाएर रूखबाट मान्छेले आफ्नो प्राण-रक्षा र स्वास्थ्य-रक्षा मात्र नगरी अनेक प्रकारका फाइदा पनि उठाएको छ । रूखको संसर्गले मान्छेको अकल्याण र कल्याण दुवै भएको छ । अतः रूखको जन्म, विकास र मृत्युको रहस्यात्मक क्रम र भयभावले गर्दा रूख-विरुवाले लोक-विश्वासमा देवी देवताको स्थान प्राप्त गरेका छन् । रूखले लोक-जीवनमा पारिवारिक देवी-देवताको रूपदेखि लिएर ग्रामीण देवताको रूपसम्म धारण गरेको पाइन्छ । तर धिमाल समाजमा यो उत्ति लोकप्रिय देखिँदैन । दोंगे थरकाले सिमलको रूखसँग, तेङमालीले तेङसिङसँग आफ्नो सम्बन्ध जनाउने गर्छन् । तेग्रे थरका धिमालहरूले आफ्नो थरका इष्ट देवताहरू सखुवाको रूखमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बाँसको लिंग गाडी राख्ने चलन पनि छ। रूख कटहरको वोट र बाँससँग सम्वन्धित धिमाल-विश्वासहरू धेरैजसो नराम्रा र हानिकारक छन् भने केराको वोट र पातसँग सम्वन्धित विश्वास भने राम्रा छन्। धिमालहरू संजोगले कुनै देवी-देवता वर-पीपल र सिमलको रूखमा आई वसोवास गरे पुज्ने गर्दछन्। तर उनीहरूको विचारमा वर-पीपलका देवताहरू अलग हुन्। तिनीहरू धिमालका आफ्ना देवता होइनन्, पराइ देवता हुन् भनी कोही कोही धिमालहरूले वताएका छन्।

नदी-पूजा

धिमाल-क्षेत्र वरपरका सबै नदीहरू पवित्र ग्राम-देवीको रूपमा पूजित छन्। उनीहरू कोशी, लोहन्द्रा, चिसांग, कनकाइ, तिष्टा, वालासन आदि अनेक नदीहरूमा सवैभन्दा वढ्ता माईलाई पुज्दछन्। कनकाइ माईको पूजालाई धिमालहरू केवल माईपूजा मात्र भन्दछन्। धिमाल वूढा-पाकाहरू प्रतिवर्ष अथवा निश्चित वर्षहरूमा बाजा सहित माईको पूजा गर्दछन्। माईपूजामा उनीहरू प्रायशः पंचवली दिने गर्छन्। यो पारिवारिक रूपमा हुन्छ। माईको पूजा भाकल र मान्ताले पनि गरिन्छ। धिमाल लोक-विश्वासअनुसार माईमा पूजा गर्न गए पनि नगए पनि माईको पानी भने एकदमै आवश्यक रूपले ल्याउनै पर्दछ। माईपूजा गर्दा राता, सेता, काला तीन प्रकारका धजा माईलाई अनिवार्य रूपले चढाउनुपर्दछ।

पितृ-पूजा

पुर्खाहरूलाई पार तार्ने र उनीहरूको दया-माया तथा सहानुभूति एवं दिशा-निर्देशनबाट आफूहरूलाई संभावित अनिष्टबाट जोगाउने क्रम विभिन्न मानव-समाजमा पितृपूजाको प्रचलनको रूपमा देखिन्छ। धिमालहरू आफ्ना पूर्वजहरूलाई 'जाउरा-गेलाई' भन्दछन्। धिमाल-भाषामा जाउराको खास अर्थ 'गुयलो' हुन्छ। वास्तवमा धिमालहरू मृत व्यक्तिको लास गाड्दा या जलाउँदा अन्त्यमा मृतात्मा-लाई जीवलोक छाडेर मृत्युलोकमा जान आग्रह गर्दै गुयलोको पात चढाउँछन्। तसर्थ धिमालहरू 'जाउरा' शव्द मृत पूर्वजहरूको निमित्त प्रयोग गर्दछन् र उनीहरूलाई समष्टि रूपमा 'जाउरागेलाई' भन्दछन्। आफ्ना पितृ पुज्ने चलन धिमाल समाजमा पनि प्रवल छ। उनीहरू 'जाउरा' लाई आवश्यकताअनुसार विभिन्न समयमा ओझाको सल्लाहले मनाउने गर्छन् तापनि वर्षको एकपल्ट पार्वाको वेला अरू देवताहरूको साथै औंसीको भोलिपल्ट पूजापाकाको दिन सम्पूर्ण 'हारा' मृतकहरूलाई संझेर अनिवार्य रूपले पुज्दछन्। धिमाल-समाजमा 'जाउरा-गेलाई'

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पनि देवतासरी नै पुजिन्छन् र उनीहरूवाट सुख-सुविस्ताको आग्रह गरिन्छ।

यस बाहेकका कृपि जीवनसँग सम्बन्धित धिमाल जातिमा प्रचलित पूजाहरू अनेक छन्। ती सबैजसो वर्षभरिका कृषि-चक्रका आनुष्ठानिक अङ्गको रूपमा गरिन्छन्। तिनीहरू हुन्:

बान्धा-पूजा वा बाँध-पूजा

अक्सर असारे पूजाको भोलिपल्ट बान्धा–पूजा गर्ने चलन धिमाल जातिमा प्रचलित छ। कोही यसलाई असारे पूजाकै एक अंग पनि मान्दछन्। अरूहरू जाँड-रक्सीले मातेर झुम्ने हुनाले एउटा सानो केटो साथी लिएर गाउँको धामीले आफैं बाँधमा गई पूजा गर्ने गर्छन्। यो पूजा जुन खोलावाट पानी ल्याएर खेतमा लगाएको हो, त्यही खोलाको नाम जपेर गरिन्छ। धामीले बाँध नभत्कोस्, पानी नसुकोस्, सधैं चलिरहोस्, ल्याएको जिनिसमा बिगार नपरोस् भनी गाउँले-हरूको प्रतिनिधित्व गरी हाँस, कुखुरा आदि भोग दिएर उक्त पूजा गर्दछन्। बाँध-पूजा, घाट-घटुवारको पनि हो भन्ने भनाइ छ। यो पूजा प्रतिवर्ष गर्न आवश्यक छ। बाँध-पूजा गर्न छोडेकोले लोहन्द्रा खोला प्रतिवर्ष बढेर चिसाङ भएको र शनि-श्चरेबाट धामीहरूले फूल-अक्षताले पूजा गरी केही हटाउन भोग दिएकोले पूर्वतिर गएको कुरा अझै धिमालहरू भन्दछन्।

गुठीसेंका पूजा

आफ्-आफ्नो खेतमा धान रोप्न थालेपछि गरिने पूजालाई धिमालहरू गुठीसेंका पूजा भन्दछन्। यो पूजा गर्दा उनीहरू कुखुरा तथा परेवाहरू पनि बलि दिने गर्छन्। बूढा-पाका धिमालहरूको भनाइअनुसार यो पूजा खेतलाई नै गरिएको हो। यस्तो पूजामा नाचगान चलाइँदैन।

गावा-पूजा

रोपाइँ गरिसकेपछि धानको वालीमा सेते नलागोस्, लागे पनि छोडोस् भनी गाउँका सबै गाउँले धिमालहरू मिली मान्ता नराखी एकै पटक पूजा गर्ने गर्दछन्। यसलाई गावा-पूजा भनिन्छ। गावा-पूजा अक्सर बाँध-पूजा झैं जुन खोलाबाट पानी ल्याएर खेतमा लगाइएको हो, त्यसैको बाँधमा अथवा केही तल पैंनीमा गरिन्छ। गावा पूजा गर्दा हाँस, परेवा, कुखुरा आदि भोग दिइन्छ, कहिले कहीं त पंचबली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पनि हुने गर्छ । गावा-पूजाको मुख्य अनुष्ठानको रूपमा धामीको सहयोगी हान्वाले नदीभित्र डुबेर मुखले बालुवा टिपेर बाहिर ल्याउँछ र सबैको खेतमा आफैंले छर्किने या छर्कन बाँडिदिने गर्छ । धिमाल लोक-विश्वासमा यसो गर्नाले बाली-नाली बिग्रन पाउँदैन भन्ने छ । गावा-पूजा सामूहिक पूजा भएकोले सो गरिसकेपछि धामीको घरमा आएर प्रसाद खाने गरिन्छ र उपस्थित नहुनेहरूलाई उनीहरूको भाग पठाइदिने चलन छ ।

उम्चेका जात्रा

धिमालहरू आफ्नो खेतमा रोपेको धान पाकेर काट्ने वेला भएपछि काट्नु-अगि घरका सबैजसो सदस्यहरू भेला भएर धूप-धुंवार गर्ने गर्दछन् । यसलाई उनीहरू उम्चेका जात्रा भन्दछन् र पारिवारिक तहमा मनाउने गर्छन् ।

उमपूंजी पूजा या मैझार पूजा

पाकेको धानबाली काटेर खलामा लगाएको रासलाई धिमालहरू पूंजी भन्दछन् । उनीहरू यस्तो धानको पहिलो थुप्रोमाथि दीयो बालेर पुज्दछन्, यसलाई मैझार पूजा पनि भनिन्छ । माटाको दीयोलाई धिमालहरू बहुधा चेराक भन्ने गर्छन् । उम पूंजी पूजाको बेलामा बाल्ने चेराक अक्सर पार्वा चाडको बेलामा खेतमा बाल्ने चेराक नै हुन्छ । उक्त चिराक निकै बेर बलोस् भनेर केराको दाम्सा चारैतिर चारकुने पारेर ठूला-ठूला पारी छोप्ने गरिन्छ । चेराक लामो समयसम्म बले धिमालहरू शुभ ठान्दछन् र सह ल्याउने विश्वास गर्दछन् ।

न्वागी-पूजा

साधारणतया उम्चेका जात्राभन्दा अगावै बाली पाकेपछि न्वागी पूजा गर्ने चलन धिमाल समाजमा छ । न्वागी-पूजा धिमाल गाउँमा दुई तहमा गरिन्छः– सामूहिक र पारिवारिक । सामूहिक न्वागी-पूजा गाउँका सबै मान्छेहरू मिलेर गरिन्छ तर गाउँलेहरू पूजाको निमित्त तुरून्त चन्दा दिन सक्ने र नसक्ने दुवै थरीका हुने हुनाले 'टाका बान्धा' गरी सबैले धान काटिसकेपछि सामूहिक न्वागी-पूजा ग्रामथानमा ग्राम-धामीले गर्ने गर्छ । न्वागी-पूजा गर्दा धिमालहरू प्रत्येक घरले आफ्नो खेतको धानको बाला र नयाँ धान ल्याउँदछन् र थानमा चढाउँछन् । यस वेलाको पूजामा ७ परेवा, एउटा सुंगुर नभए पाठा, हाँस, कुखुरा आदि चाहिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पनि देवतासरी नै पुजिन्छन् र उनीहरूबाट सुख-सुविस्ताको आग्रह गरिन्छ।

यस बाहेकका कृषि जीवनसँग सम्बन्धित धिमाल जातिमा प्रचलित पूजाहरू अनेक छन्। ती सबैजसो वर्षभरिका कृषि-चक्रका आनुष्ठानिक अङ्गको रूपमा गरिन्छन्। तिनीहरू हुन्:

बान्धा-पूजा वा बाँध-पूजा

अक्सर असारे पूजाको भोलिपल्ट बान्धा–पूजा गर्ने चलन धिमाल जातिमा प्रचलित छ। कोही यसलाई असारे पूजाकै एक अंग पनि मान्दछन्। अरूहरू जाँड-रक्सीले मातेर झुम्ने हुनाले एउटा सानो केटो साथी लिएर गाउँको धामीले आफैं बाँधमा गई पूजा गर्ने गर्छन्। यो पूजा जुन खोलाबाट पानी ल्याएर खेतमा लगाएको हो, त्यही खोलाको नाम जपेर गरिन्छ। धामीले बाँध नभत्कोस्, पानी नसुकोस्, सधैं चलिरहोस्, ल्याएको जिनिसमा बिगार नपरोस् भनी गाउँले-हरूको प्रतिनिधित्व गरी हाँस, कुखुरा आदि भोग दिएर उक्त पूजा गर्दछन्। बाँध-पूजा, घाट-घटुवारको पनि हो भन्ने भनाइ छ। यो पूजा प्रतिवर्ष गर्न आवश्यक छ। बाँध-पूजा गर्न छोडेकोले लोहन्द्रा खोला प्रतिवर्ष बढेर चिसाङ भएको र शनि-श्चरेबाट धामीहरूले फूल-अक्षताले पूजा गरी केही हटाउन भोग दिएकोले पूर्वतिर गएको कुरा अझै धिमालहरू भन्दछन्।

गुठीसेंका पूजा

आफ्-आफ्नो खेतमा धान रोप्न थालेपछि गरिने पूजालाई धिमालहरू गुठीसेंका पूजा भन्दछन्। यो पूजा गर्दा उनीहरू कुखुरा तथा परेवाहरू पनि बलि दिने गर्छन्। बूढा-पाका धिमालहरूको भनाइअनुसार यो पूजा खेतलाई नै गरिएको हो। यस्तो पूजामा नाचगान चलाइँदैन।

गावा-पूजा

रोपाइँ गरिसकेपछि धानको बालीमा सेते नलागोस्, लागे पनि छोडोस् भनी गाउँका सबै गाउँले धिमालहरू मिली मान्ता नराखी एकै पटक पूजा गर्ने गर्दछन्। यसलाई गावा-पूजा भनिन्छ। गावा-पूजा अक्सर बाँध-पूजा झैं जुन खोलाबाट पानी ल्याएर खेतमा लगाइएको हो, त्यसैको बाँधमा अथवा केही तल पैनीमा गरिन्छ। गावा पूजा गर्दा हाँस, परेवा, कुखुरा आदि भोग दिइन्छ, कहिले कहीं त पंचवली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पनि हुने गर्छ । गावा-पूजाको मुख्य अनुष्ठानको रूपमा धामीको सहयोगी ह्रान्वाले नदीभित्र डुबेर मुखले बालुवा टिपेर बाहिर ल्याउँछ र सबैको खेतमा आफैंले छर्किने या छर्कन बाँडिदिने गर्छ । धिमाल लोक-विश्वासमा यसो गर्नाले वाली-नाली बिग्रन पाउँदैन भन्ने छ । गावा-पूजा सामूहिक पूजा भएकोले सो गरिसकेपछि धामीको घरमा आएर प्रसाद खाने गरिन्छ र उपस्थित नहुनेहरूलाई उनीहरूको भाग पठाइदिने चलन छ ।

उम्चेका जात्रा

धिमालहरू आफ्नो खेतमा रोपेको धान पाकेर काट्ने वेला भएपछि काट्नु-अगि घरका सबैजसो सदस्यहरू भेला भएर धूप-धुंवार गर्ने गर्दछन् । यसलाई उनीहरू उम्चेका जात्रा भन्दछन् र पारिवारिक तहमा मनाउने गर्छन् ।

उमपूंजी पूजा या मैझार पूजा

पाकेको धानबाली काटेर खलामा लगाएको रासलाई धिमालहरू पूंजी भन्दछन् । उनीहरू यस्तो धानको पहिलो थुप्रोमाथि दीयो बालेर पुज्दछन्, यसलाई मैझार पूजा पनि भनिन्छ । माटाको दीयोलाई धिमालहरू वहुधा चेराक भन्ने गर्छन् । उम पूंजी पूजाको बेलामा बाल्ने चेराक अक्सर पार्वा चाडको बेलामा खेतमा बाल्ने चेराक नै हुन्छ । उक्त चिराक निकै बेर बलोस् भनेर केराको दाम्सा चारैतिर चारकुने पारेर ठूला-ठूला पारी छोप्ने गरिन्छ । चेराक लामो समयसम्म बले धिमालहरू शुभ ठान्दछन् र सह ल्याउने विश्वास गर्दछन् ।

न्वागी-पूजा

साधारणतया उम्चेका जात्राभन्दा अगावै बाली पाकेपछि न्वागी पूजा गर्ने चलन धिमाल समाजमा छ । न्वागी-पूजा धिमाल गाउँमा दुई तहमा गरिन्छः— सामूहिक र पारिवारिक । सामूहिक न्वागी-पूजा गाउँका सबै मान्छेहरू मिलेर गरिन्छ तर गाउँलेहरू पूजाको निमित्त तुरून्त चन्दा दिन सक्ने र नसक्ने दुवै थरीका हुने हुनाने 'टाका बान्धा' गरी सबैले धान काटिसकेपछि सामूहिक न्वागी-पूजा ग्रामथानमा ग्राम-धामीले गर्ने गर्छ । न्वागी-पूजा गर्दा धिमालहरू प्रत्येक घरले आफ्नो खेतको धानको वाला र नयाँ धान ल्याउँदछन् र थानमा चढाउँछन् । यस वेलाको पूजामा ७ परेवा, एउटा सुंगुर नभए पाठा, हाँस, कुखुरा आदि चाहिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुनै-कुनै गाउँमा घरै पिच्छे १ चल्ला या फुल चढाउने चलन पनि छ । न्वागी-पूजा गर्दा थानैमा खाना खाइन्छ । यो वेलामा भने प्रसाद बाँड्न हुँदैन र उब्रेको खाना पनि घरमा लान हुँदैन भन्ने विश्वास धिमाल समाजमा चर्को छ । थानमा आउनेहरूलाई भने सबैलाई पेटभरी ख्वाइन्छ । कोही धिमालहरू भने सबै नाम जपेर नयाँ फलफूल चढाएर खान्छन् । पार्वामा भने पाकेको अन्न नै चढाई खाने चलन छ ।

नावा उम्चाका

सामूहिक रूपमा गाउँलेहरू सबैले मिलेर न्वागी-पूजा गरी सकेपछि गच्छे अनुसार घर-घरमा पनि गर्ने चलन धिमाल समाजमा देखिन्छ । यो वेलामा घरका सबै परिवारले भाले तथा सुंगुर आदि काटेर, नयाँ धान कुटेर भात खाने गर्छन् । अन्य निम्तारूहरू प्रायशः हुँदैनन् । नयाँ धानको भात खाने हुनाले नै धिमालहरू यसलाई नावा उम्चाका भन्दछन् । धिमाल भाषामा 'नावा उम्चाका'को अर्थ नयाँ भात खानु भन्ने हुन्छ।

वयर-पूजा

संसारी तथा माईको पूजालाई धिमालहरू बयर-पूजा पनि भन्दछन् । वयर-पूजा बहुधा 'टाका बान्धा' राखेर सामूहिक रूपमा गरिन्छ । यो पूजा गर्दा १ जोर परेवा, १ जोर कुखुरा, एउटा कालो पाठी र एउटा हाँस चढाउनको साथै सेतो, कालो, रातो जम्मा तीन किसिमको धागो अनिवार्य हुन्छ । ती धागाहरूलाई दुइटा कीला दुईतिर गाडेर टाँग्ने चलन छ । यो अवसरमा नाच-गान हुँदैन । उपस्थित सबैले पूजा-स्थलमै खाना खान्छन्, प्रसाद घर ल्याउने चलन छैन । 'टाका-बान्धा' सामूहिक नभएर पारिवारिक भए देरागेलाईको अर्थात् पार्वतीको पनि पूजा हुन्छ । पार्वतीलाई धिमाल-समाजमा बोक्सीको रूपमा लिइन्छ ।

प्रासंगिक रूपले यी विविध पूजाहरूसँग सम्बन्धित देवी-देवता तथा अनुष्ठान-हरूको उल्लेख अन्य स्थानहरूमा गरिएको भएपनि ती यहाँ धिमालहरूको प्रचलित पूजाविधि तथा प्रवृत्तिहरूको परिचय गराउने उद्देश्यले गरिएका छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोक चाडपर्वहरू

धिमालहरूका देवी-देवता तथा तिनलाई पुज्ने विधि र विशेष पूजाहरूको उल्लेखपछि अब हामी तिनीहरूसँग सम्बन्धित विशेष चाडपर्वहरूको चर्चा गर्दैछौं। वर्षको विशेष अवसर र बेलामा मनाइने धिमाल-चाडपर्वहरूले तिनीहरूका सामाजिक र धार्मिक जीवनका वहुविधि पक्षमाथि विशेष प्रकाश पार्दछन्। तिनले ग्रामीण तथा पारिवारिक तहमा विविध थर र उपथरका धिमालहरू बीच सामूहिक जातीय एकतालाई कायम राखेर अगाडि बढाउने महत्त्वपूर्ण कार्य गरिरहेका हुन्छन्। त्यसैले ती जातीय समुदायको हित र कल्याणलाई ध्यानमा राखेर मनाइएका भेटिन्छन्।

धिमालहरूको चाडपर्व उपत्यकाका नेवारहरूको जस्तो संख्यामा धेरै छैनन्; तर ती थारूहरूको जस्तो मूलतः उनीहरूको कृषि-जीवनसँग प्रत्यक्षरूपले सम्वन्धित छन्। मान्छेका वैयक्तिक जीवनसंग सम्वन्धित जन्म, विवाह, मृत्यु जस्ता संक्रामक

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अवस्थामा झैं कृषि-चक्र अन्तर्गत पर्न आउने बिरुवा छराइ, रोपाइँ तथा दाइँ गराइ आदि कार्य तथा अवस्थाहरूलाई धिमालहरू सदा नै अज्ञात र जोखिमपूर्ण ठान्दछन्।[1] त्यसैले उनीहरू व्यक्तिको जीवन-चक्रमा पर्ने विविध संस्कारको बेला, विविध सामाजिक विधि-विधान तथा धार्मिक अनुष्ठान संपन्न गरे झैं बाली छर्ने र काट्नेछ समय अगिपछि पनि वर्षे र हिउँदे चाडका रूपमा ग्रामीण पारिवारिक तहमा मनाउने गर्दछन्। यस्ता वेलामा ती धार्मिक अनुष्ठानको रूपमा पूजा मात्र संपन्न गर्दैनन्, मेलाको आयोजना गरेर रमाइलो नाचगानका साथै विशेष भोज पनि गर्ने गर्दछन्। भोजमा धिमालहरू सदा नै दाल-भात बाहेक सुंगुरको मासु, रक्सी र आफैंले घरमा बनाएको जाँड या 'भात्या' चलाउँछन्। यी देखि बाहेक अन्य फुटकर चाडहरू पनि धिमालहरूसंग छन्। त्यसैले धिमालहरूका चाडपर्वलाई पनि हामी तिनीहरूको देवी-देवताहरूलाई झैं (क) सामूहिक (ग्रामीण), (ख) पारिवारिक (घरेलु) तथा (ग) अन्य पर्वहरू भनी तीन अलग-अलग वर्गमा बाँड्न सक्तछौं।

(क) सामूहिक चाड : सिरिजात र नवांगी

धिमालहरूका मुख्य सामूहिक चाडहरू हुन्:– (१) सिरिजात र नवांगी। यी चाडहरू गाउँका गाउँलेहरू सबै मिलेर ग्रामीण तहमा विशेषतः ग्रामथानमा मनाइन्छन्, त्यसैले यिनीहरूमा धिमाल गाउँमा बसोबास गर्ने विविध थरका धिमालहरूका साथै अन्य जातिका मान्छेहरूले पनि भाग लिने गर्दछन्। नवांगीलाई धिमालहरू केवल पूजा मात्र भन्दैनन्, एउटा विशेष चाडको रूपमा पनि मनाउँछन्। यसको विषयमा केही प्रकाश धिमाल पूजा नामक परिच्छेदमा पारिसकिएको छ। त्यसैले अब हामी यहाँ धिमालहरूका महत्वपूर्ण सामूहिक चाड सिरिजातमा केन्द्रित हुन्छौं।

सिरिजातका विविध नाम

धिमालहरूको सर्वाधिक महत्वपूर्ण सामूहिक चाड 'सिरिजात' हो। सिरिजात वर्षको पहिलो चाडको रूपमा धिमाल समाजमा स्वीकृत छ। यो चाड वर्षा शुभारम्भको समय बैशाख-जेठ-आषाढ भित्रै मनाइने गरिन्छ। विशेषतः असारमा मनाइने हुनाले सिरिजातलाई धिमालहरू 'अखाडिया' अर्थात् 'असारे-पूजा' पनि भन्दछन्। असारे पूजा सम्पूर्ण ग्राम-वासीहरूको 'ग्राम-पूजा' हो, जसलाई धिमालहरू

---

१. श्रीवास्तव, १९५८–१९१

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

'ग्राम-सेवा' पनि भन्ने गर्दछन् । ग्राम-पूजा सदा-सर्वदा धिमाल गाउँको ग्रामथानमा सम्पन्न गरिन्छ । यो चाड मनाउने तिथि या दिन गाउँका मान्छेहरू मिली निश्चित गर्ने या ग्राम धामीले नै तोकी दिने पनि गर्छ । ग्राम-पूजा भएकोले यो चाड मनाउन ग्रामभरिका गाउँलेहरू सबैबाट चन्दा उठाइन्छ । धानवाली लगाउँदा शुरूमा संपन्न गरिने यो चाड एक अर्थमा भूमि-पूजा पनि हो ।

चाडको अवधि र स्थान

यो चाड खास तीन दिनसम्म मनाइन्छः– पहिलो दिन मुखियाकहाँ, दोस्रो दिन ग्राम-थानमा र तेस्रो दिन पुनः मुखियाकहाँ । तर कहिलेकहीं लम्बिएर यो १५ दिनसम्म पनि तन्किन सक्तछ ।

(१) यो चाडको रचना-विधान अन्तर्गत विभिन्न आनुष्ठानिक अङ्गहरू छन्; ती मध्ये पहिलो दिन संपन्न गरिने अंगहरू हुन्: 'नारिया-वयापूजा' र 'जागवान' ।

नारिया वया (हात्ती घोडा) **पूजा**

ग्राम-पूजाको निमित्त केही दिन अगावै माटाका हात्ती, घोडाहरू ल्याई माझी (मुखिया) या धामी (पुजारी')को भाकार (ढिकुटी)मा राखिएका हुन्छन् । सामान्यतया दुईवटा हात्ती र अरू वाह्रवटा घोडा गरी ती जम्मा १४ वटा हुन्छन् । तिनीहरूमध्ये दुई हात्ती र दुई घोडा काला रङ्गका हुनु आवश्यक मानिन्छ । ती बाँधेका बाँध्यै किनिएका स्थावट ल्याएअनुसार यथावत् यथास्थितिमा राखिएका हुन्छन् । भोलिपल्ट ग्राम-थानमा हुने पूजामा लगी चढाउन अगिल्लो दिन साँझ हात्ती-घोडा भएको पोको या भारलाई भाकारवाट पनि यथावत् नफुकाई झिकेर आँगनको एक छेउमा लिपेको स्थानमा केराको पातमाथि राखिन्छ र तिनको पूजा-आजा गरिन्छ । यसैवेलातिर ओझा वा धामी दुवै नभएको साधारण मान्छेलाई आँगमा देउता चढाएर ग्रामधामीले कमाउँदै ग्राम, लक्ष्मी, वूढाठाकुर कुन कुन देवता आए सोद्धै, हामीले रीतबातगरी पूजा-आजा गरेका छौं, पुग्यो पुगेन, हाम्रो हेर-विचार सुविस्तागरी दिनुपर्छ, गाउँ-घरमा दुःख नहोस् । रोग-व्याध आदिले बाली नाली नबिग्रोस्, माल-तालमा हानि नहोस् (किनभने अगाडि ग्वाली या घर छेउमै बाघ हात्तीले आएर दुःख दिने गर्दथ्यो) भनेर सम्पूर्ण ग्राम र ग्रामवासीको सुस्वास्थ्य, संवृद्धिको निमित्त कामना र प्रार्थना गर्दछन् । काम्नेले 'हुन्छ पुग्यो' भनेपछि मात्र देवताको चित्त बुझेको मानिन्छ । यस्तो वेलामा गाउँ-घरमा अरू मान्छेहरूलाई हराएको, बिमार भएकोमा काम्नेले 'फलानो धामी या ओझा लगाए ठीक हुन्छ, पक्का हो मलाई के दिन्छस्'–भन्दा कुखुरा, परेवा आदि कवोल्ने पनि गरिन्छ । यसरी जोखना देखाउन या आफ्नो स्वास्थ्य सुरक्षा गर्न कहिले कहीं अन्य

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाउँका मान्छेहरू पनि आउने गर्छन् ।

ग्रामधामीले यसरी कमाएर पूजा गरिसकेपछि माझीका छोरी या चेलीबेटी जो कन्ने केटी छन्–ले केश कोरेर, हात-खट्टा धोएर शुद्ध भई धान, दूबो, केरा आदि सहितको नाङ्लोमा चेराक (दीयो) बालेर काँधमा सेतो कपडा राखी सबैभन्दा पहिले हात्ती, घोडालाई घुँडा टेकेर ढोगदिन्छे । त्यसपछि धामी, हान्वा (धामीको सहायक), बाबु, अन्य इष्टमित्र, मान्यजनलाई क्रमशः ढोगेर एक घ्याम्पा जाँड र एक सेर रक्सी प्रसाद-स्वरूप अगाडि चढाउनुपर्छ र जसले पहिले बोकेर ल्याएको हो, उसैलाई नै हात्ती-घोडा बोकाएर ढोल बजाउँदै थानमा लगिन्छ । थानमा लगेर पनि त्यसरी नै अर्को नयाँ केराको पातमा राखी फेरि पूजा गरिन्छ र एउटा भाले चढाइन्छ । भाले बलि दिने काम कतै हात्ती घोडा थान पुऱ्याएपछि साँझमा त, कतै बिहान उज्यालो हुन आँट्दा गर्ने गरिन्छ । केही रीत नपुगे, बिगार परे, पुनः धामी काम्दछ । र काम्नेले भनेअनुसार थानको मूल-पूजा हुनअगि सबै सच्याउनु-पर्ने, पुऱ्याउनुपर्ने हुन्छ । यी ग्राम-थानमा चढाइने हात्ती घोडाहरू गाँवैमा आफैंले बनाएर अगाडि आमगाछीनामक स्थानबाट किनेर ल्याउने गरिन्थे, तर ती आजभोलि हरैंचामा पनि बनाउन थालिएका छन् ।

जागवान

यो रात गाउँका प्रत्येकजसो घरबाट एक-एक जना मान्छे थानमा आएर 'जागवान' (जागराम) बस्न अनिवार्य मानिन्छ । जागवान बस्न आउने घरको प्रत्येक मान्छेलाई 'जातुवार' या 'जातवार' भनिन्छ । अझ त्यो वर्ष बिहेवारी गर्ने दुलहाहरूले त झन् अनिवार्य रूपले आउनै पर्ने हुन्छ, यो चलन छ । अन्यथा केही खति हुने विश्वास गरिन्छ । जागराम बस्न नआउने मान्छेहरूलाई हेरी हेरी १।२ रूपियाँ दण्ड लाग्ने हुन्छ । दण्ड थानको धामीले तोक्ने या को आयो, को आएन मुखियाकहाँ पुगेर विचार गर्ने पनि गरिन्छ । यथार्थमा रातभर नाच-बजान हुन्छ । यस अवसरमा गीत नगाई केवल ढोल बजाइन्छ । यसरी जागवान बस्दा कोही पनि घर तथा अन्य ठाउँमा सुत्न जान पाउँदैन, न त थानमा नै सुत्न पाइन्छ । सुत्न पटक्कै पाइँदै-पाइँदैन, सुत्नेहरूलाई अरूहरूले आम्बइ (बेको) लाइदिने या पानी छर्किदिने गर्दछन् ! उनीहरूले रिसाउन पनि पाइँदैन । बिहान भएपछि जागवान बस्ने सबै नै न्वाइ-ध्वाइगरी चोखिन्छन् । जागवान बस्दा खेत-आली प्वाल पारेर धोन्द्रो नहोस्, गँगटा, मूसाले दुःख नदिउन्, धान नोक्सान नहोस् भनेर मूसा र आफ्नो पैंनी-खोलामा ज्यादा माछा होस् भनेर माछा चढाउने या जिउँदै झुण्ड्याइदिने पनि गरिन्छ । कोही उर्नी बजाउने विद्या पाउन पनि जिउँदो गँगटा झुण्ड्याउने गर्दछन् । पहिले पहिले जागवानको दिन थानको मल-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ढोकामा केटाहरू जिउँदो गँगटा हात खुट्टा नभाँचीकन धागोमा झुण्डयाएर राखिदिन्थे। भनाइ छ–त्यही गँगटाको हात-खुट्टा चलाएको नक्कल गरेर धिमालहरूले उर्नी बजाउन सिकेको हो। अतः उर्नी बजाउन पाऊँ भनेर पनि यसरी चढाइन्छ। थानमा मूसो नलागोस् भनेर बुइजु (जङ्गली मूसा) मूसाको राजा पनि चढाउने चलन छ। पश्चिमतिर त हिले माछा पनि झुण्डयाउने गरिन्छ। चेंगा हाया (माछाको प्रकार) चढाउने गाउँमा सिदला (सिध्रा) कुट्न हुँदैन भन्न निषेध पनि छ।

(२) दोस्रो दिन सम्पन्न गरिने असारे पूजाका अङ्गहरूमा 'धारी चुर्का' 'जातिरी' 'ढोल प्रतियोगिता' पूजापाका, चे चे वे वे र चिजुराइका हुन्।

धारीचुर्का

खास पूजा शुरू हुनअगि थानमा जागवान बसेका प्रत्येक घरको एकजना व्यक्तिको धारी (धोती) निचोर्ने काम हुन्छ। धोती निचर्दा पानी ननिस्के, नचुहे उक्त व्यक्ति दण्डित हुन्छ। संभवतः 'धारी' निचर्नुको अर्थ उपस्थित जागवान बसेका मान्छे नुहाए नुहाएनन् जाँच्नु हो। अगाडि-अगाडि थानमै पोखरी हुँदो हो, तर आजकल पोखरी नभए पनि थानको अगाडि एउटा सानो पोखरी पूजा गर्ने याममा (वेलामा) खनिन्छ, या भनौं पोखरीको नक्कल तयार गरिन्छ। उक्त खाडी (खाडल)मै धारी निचर्ने काम हुन्छ।

जातिरी

असारे-पूजा सँगसँगै कतै-कतै महाराजको थानमा मेला पनि लाग्ने गर्छ। यो मेला केवल एक दिन त्यो पनि केवल २।३ घण्टा मात्र लाग्ने गर्दछ। मेला या वजारलाई धिमालहरू जातिरी भन्दछन्। संस्कृत भाषाको यात्रा शब्द जात्रा भएर पछि जातिरी भएको अनुमान हुन्छ। यस्तो जातिरीमा गाउँका आइमाईहरू पनि भेला हुन्छन्। वास्तवमा जवान धिमाल केटा-केटीको निमित्त एक अर्कालाई देख्ने र छान्ने यो सुवर्ण अवसर हो। यस्तो मेलाभर्न एक गाउँका युवक युवतीहरू हूल बाँधी ढोल बजाउँदै अन्य गाउँमा पनि जाने गर्छन्। जम्बुझार दापगाछीका केटा-केटीहरू जातिरी भर्न लहडअनुसार बेलवारी, काकोम, कारेकोशी, सोना-पुरसम्म पनि जान्छन्। जातिरी लागेको वेला गाउँमा निकै पाहुनापात तथा मेजवानी पनि हुन्छ।

जातिरी खेल्न जाँदा केटीहरू विशेष प्रकारले लुगा गरगहना आदिले सजिन्छन्, कोही कोही साडी पनि लगाएर आउँछन्। तर उनीहरू सिंगार-पटारका बाह्य साधनहरू उपयोगमा उति ल्याउँदैनन्, टीका समेत लाउँदैनन्, गाजल पनि आँखामा हुँदैन। उनीहरू खाली नयाँ सोना र भए भरका गहनाहरू लगाउँदछन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल आइमाईहरूको गहना लगाएर ठाँटिएर निस्कने वर्षभरिको एउटै दिन जातिरीको दिन हो । सामान्यतया यो जातिरी दिनको १ बजेदेखि ४ बजेसम्म मात्र लाग्छ । जातिरीमा आँप, कटहर, चिचिरी, मुरई, भाका, आदि बेच्ने र किन्ने गरिन्छ । बजारको विशेष आकर्षण सदा झैं धिमालहरूको निमित्त जाँड-रक्सी नै हुन्छ । जाँड-रक्सी बेच्न ल्याउनेहरू धिमालेतर जातिहरू नै हुन्छन् । कुनै पनि प्रकारको मासु पकाएर राखिएको हुँदैन । खिस्री-मिस्रीको दोकान भने पहाडे-मदिसे-धिमाल सबैले नै राख्ने गर्छन् ।

ढोल प्रतियोगिता

मेला गाउँ-गाउँको आफ्-आफ्नो हुन्छ, तापनि टाढा-टारेंका मान्छेहरू पनि आउने-जाने गर्छन् । साधारणतया एक गाउँ र अर्को गाउँका मान्छेहरूलाई मेला लाग्ने दिन थाहा हुने गर्छ । अतः गाउँ-गाउँका केटाकेटीहरू हूल बाँधी ढोल बजाउँदै मेला भर्दछन् । त्यो दिन महाराजको थानमा प्रत्येक हूलको ढोल बजाउने पालो बाँधिएको हुन्छ । सबै ढोल बजाउनेहरू लहर मिलाएर यताउता घुम्दै ढोल बजाउन-लाई खाली राखेको ठाउँमा भेला भई बजाउँदछन् । केटीहरू ढोल बजाएको ठाउँमा उति जाँदैनन्, तर केटाहरू भने प्रशस्त धुरिन्छन् र ढोल बजाउने प्रति-योगितामा भाग लिन्छन् । यस्तो वेलामा गाउँका मान्छेहरू मिलेर कुन गाउँको ढोल राम्ररी वज्दछ, उनीहरूलाई इच्छाअनुसार ५।– १०।– रूपैया प्रशंसामा उपहार दिने पनि गर्छन् । मेलाको सम्पूर्ण वातावरण ढोल बजेको ध्वनि र प्रतिध्वनिले घन्कने हुनाले यसलाई 'ढोङ्ग ढोङ्गे मेला' या बजार पनि भन्ने गरिन्छ ।

पूजा-पाका

बाहिर ढोल बज्दा-बज्दैभित्र थानमा पूजा प्रारम्भ हुन्छ । धिमालहरू सिरिजातको वेला थानमा विशेषतः रासती महाराज, राजा थुप्रिसिं, राधरम, राजा भँजार, बहादुर चौधरी, बूढाठाकुर, चौमाझी, लक्ष्मी, धामीहरू, देरागेलाई शिकारी, दन्त राजा-रानी, संसारी, जाउरा गेलाइ जलकुमारी, भोनोइ आदिको पूजा गर्दछन् । पूजा गर्दा धामी या राज-धामीले गाउँको प्रतिनिधित्व गरेर यी सबै देवी-देवताहरूलाई आवश्यकतानुसार तोकिएको फूल-प्रसाद, धूप-दीप, पशु-पक्षी भोग दिने गर्दछ । भित्र पूजा सकिएपछि बाहिर किल्ला गाडेका ठाउँमा पनि हुन्छ । पूजाको समाप्तिमा त्यही गाउँका गाउँलेहरू मात्र बाँकी रहन्छन्, अरू अन्य टाढा-टाढाका गाउँवाट मेलाभर्न आउनेहरू भने जसरी आएका थिए, उसैगरी ढोल बजाउँदै जान्छन् र आफ्ना चिनारीहरू तथा नातेदारहरूकहाँ खाने-पिउने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गर्दछन् । अझ मेला भर्न आउने आइमाईहरूलाई भने विशेष आफैंले बोलाएर निम्त्याइने र खुवाएरै पठाउने गरिन्छ ।

पूजाको क्रमिक आनुष्ठानिक अङ्गको रूपमा थानमा बोका, सुंगुर या कुखुरा आदि काट्न लगाइन्छ । काट्न नसके पञ्चले तोकेअनुसार काट्नेले दण्ड दिनुपर्ने हुन्छ ।

चे चे बे बे

लक्ष्मी वेराङ्ग, बूढा ठाकुर आदि ग्राम-देवी-देवताहरूलाई बलि दिएर चढाएका पशु-पक्षीका नअटाएका टाउकाहरू बाहिर भात पकाउने चुल्लामा काट्दै फाल्ने काम पनि गरिन्छ । पकाई खाने काम सकेपछि बाँकी रहेका स्थानीय गाउँलेहरू पूजाथालीसहित बलि दिएका टाउकाहरू उठाउने काम गर्दछन् । सबैभन्दा पहिले लक्ष्मी वेराङ्गलाई चढाएको सुंगुरको टाउको लक्ष्मीको गीत गाउँदै साह्रै गह्रुँगो भए झैं गरी ३,४ जनाले मिलेर डाली उठाउँछन् । यसको कारण धानको बोझा पनि फलेर एकदमै भारी होस् भन्ने उद्देश्य हो । अनि बाँकी रहेका, उब्रे-पाब्रेका हाँडाभाँडा, पशुपक्षी, पेरूङ्गो-टपरी, काट्ने हात-हतियार खुकुरी खोडासहित नाच्दै-गाउँदै सबै मुखिया कहाँ फर्कन्छन् । यो बेला गाइने र नाचिने गीत र नाचलाई चे चे बे बे भनिन्छ । 'चे चे वे वे' गीत र नाचमा ढोलमा 'चे चे वे वे' पोदो बजाइन्छ । चे चे बे वे नाम उक्त अवसरमा बजाइने ढोलको पाराअनुसार रहेको हो । यसलाई धिमालहरू लक्ष्मी-नाच र लक्ष्मी-पोदो पनि भन्दछन् । यो नाच हातमा नांगो खुकुरी खुंडा लिई कहिले उफ्रेर, कहिले घुँडा धसेर नाच्ने गरिन्छ । उक्त नाचको गीतमा पूर्ववाट साहित, पश्चिमबाट ज्वाइँ छोरीले ल्याउने कोसेली स्वरूप पीठो, उत्तरवाट मकैको सह, दक्षिणबाट लत्ता-कपडा ल्याइने विवरणको उल्लेख पाइन्छ। तर यस बाहेक थान छोडेदेखि मुखियाको घर या गाउँको छेउ-छाउसम्मै काम-वासनाका अनेक थरीका गीतहरू गाउने गरिन्छन् । यथार्थमा यस्तो काम-वासनाका भावले निश्रुक्क भएका गीतका गेडाहरू गाएर धिमालहरूले आफ्नो गाउँमा सह डाकेका हुन् । यो गीत-गायन-प्रचलन प्रसिद्ध उर्वरतासम्बन्धी रिवाज र विश्वाससंग घनिष्ठ रूपले सम्बन्धित देखिन्छ ।

थानबाट फर्केर मुखियाकहाँ पुगेपछि सबै मालताल थन्क्याइन्छ र मुखियाको आँगनमा पनि एक छिन नाचगानको रमाइलो हुन्छ । उक्त अवसरमा पनि गाउँलेहरू प्रशस्त मजाक गर्दछन्, मौका चुकाउँदैनन् । धिमाल-विश्वासअनुसार लक्ष्मी चौमाझीका जोई हुन्, यसरी उनी बूढा ठाकुरी जेठी सासू पर्दछिन् । भाउजू राख्न छूट दिइएको धिमाल समाजका सदस्यहरू लक्ष्मी तिमी बूढा ठाकुरसँग जाऊ भन्ने भावले 'वूढाठाकुर लक्ष्मी कुलै कुलै' भन्ने गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमालहरूको भनाइअनुसार चे चे वे वे गीत गायनका दुइ कारण छन्। पहिलो कारण अन्तर्गत धेरै अगि लडाईंमा शत्रुहरूको हमलालाई निष्फल बनाई एक जूट भएर उनीहरूसँग लड्न यो गीत गाइएको हो। दोस्रो कारण वर्षाका आकाशदेव र पृथ्वीका भूमि देवीलाई काम-वासनाका निमित्त उत्तेजित पारेर सह डाक्नु हो।

चि जुराइका

मुखिया-कहाँ नाच्ने गाउनेहरूलाई जाँड-रक्सी दिएर स्वागत गर्ने या कृतज्ञता-ज्ञापन गर्ने गरिन्छ। मुखियाकहाँ उनीहरूको स्वागत-सम्मान विशेष प्रकारले हुने गर्दछ। घरका दुई जना आइमाईहरू अक्सर कन्ने केटीहरूले काँधमा सेतो रूमाल भिरी लोहोटामा चोखो पानी ल्याएर विशेषतः बूढापाका नाच्ने-गाउँलेहरूको पाउ पखालेर ढोग दिन्छन्। नर्तक र गायकहरूले भने आफ्नो तर्फबाट ढोग दिनेलाई बदलामा आशीर्वाद दिने गर्दछन्।

समय भएमां सोही दिन नभए अर्को दिन मुखियाको घरबाट सो टोली गाउँको प्रत्यक घरमा नाच्दै गाउँदै घुम्ने गर्दछ। सो टोलीमा मुखियाको उपस्थिति अनिवार्य हुन्छ। उनी नआए या आउन नसके उनको घरको एउटा सदस्य उनको प्रतिनिधित्व गरेर टोलीमा सामेल हुनै पर्दछ। उनको काम महाराजको थानबाट ल्याएको लोहोटाको पानी प्रत्येक घरको छानामा लाइदिनु या छर्किदिनु हो। यसलाई धिमालहरू 'चि जुराईका' भन्दछन्। यो वेलाको नाच्ने गाउने टोलीमा थानमा जागवान बस्दा झैं हरेक घरको एक-एक जना प्रतिनिधि मान्छे हुन आवश्यक हुन्छ। अन्यथा समाज या पञ्चले दण्ड लगाउने गर्दछन्। दण्ड लगाउने कामलाई धिमालहरू 'दाण्डाइका' भन्दछन्। रक्सीले मातेर अति भए पनि केही हुँदैन, धिमाल-समाज त्यसलाई क्ष्यम्यं मान्दछ। तर आफ्नो घर गएर सुत्न भने पाइँदैन। वेलामा सकिए मुखियाकै घरमा जाने गरिन्छ, नभए रातभरि पनि सो नाच 'चि जुराइका' सहित चलिरहन्छ। तेस्रो दिन सुसम्पन्न गरिने ग्रङ्गहरू हुन् पुरिचाका, वान्सा धाका, देरा घुराइका र बिन्दा हर्का।

पुरिचाका

खास पूजाको भोलिपल्ट, रातभरि नाचेर बिहान भएपछि मुखिया, धामी या हान्वाको घरमा भेला भएर थानबाट ल्याएका, बाँकी रहेका विशेष गरेर टाउकाहरू र अन्य दण्ड गरिएका रूपियाँ-पैसाले सुंगुर, कुखुरा रक्सी किनी अरू थपी जम्मा गरेर सबैले मिली खाने गरिन्छ। उक्त भोजमा सबैभन्दा पहिले आगो-पानी आदि गरी दुःख गर्ने भएकोले गाउँभरका केटीहरू या स्वास्नी मान्छेहरूलाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बोलाएर भेला गराई ख्वाउने काम हुन्छ । यो बेलामा भिनाजुले सालीलाई, गाउँका केटाहरूले केटीहरूलाई कर लगाई-लगाई प्रशस्त ख्वाउने या पियाउने गर्दछन् । विशेष गरेर टाउकाहरू पकाएर खाने हुनाले यसलाई धिमालहरू 'पुरिचाका' भन्दछन्, किनभने धिमाल भाषामा 'पुरि'को अर्थ टाउको र चाकाको अर्थ खानु हुन्छ ।

पुरिचाकाको दिन गाउँका हरेक जस्तो घरका व्यक्तिहरूलाई कुखुरा या परेवा, थानमा जस्तै नै भुत्ते खुकुरीले काट्न लगाई अरू रमाइलो गरिन्छ । एकै पटकमा काट्न या छिन्न नसके उक्त व्यक्तिले दण्डको भागी हुनुपर्छ । तर जसले हिजो थानमा काटी सकेको छ, उसलाई भोलिपल्ट पनि काटिरहन आवश्यक हुँदैन । किनभने उसको पालो हिजै सकिसकेको मानिन्छ । यस्तो बेला काट्ने व्यक्ति रक्सीले मातेको हुन्छ, उसमाथि उसलाई काटिने कुखुरा छुन दिइँदैन । फेरि कुखुरा समात्नेले काट्न लाग्दा थुत्त निकाली दिने हुँदा उसलाई झन अप्ठ्यारो पर्ने गर्छ । यसरी उक्त दिन हाँस-खेल रमाइलो गरी स्वास्नीमान्छेहरूले खाइसकेपछि मात्र अरूहरूले खाने गर्छन् । बाँकी रहेको भाग भने प्रसादको रूपमा घर-घरमा बाँड्ने गरिन्छ । किनभने उक्त पूजा ग्रामको पूजा भएकोले प्रत्येक घरबाट यथाशक्य चन्दा उठाइएको हुन्छ । कसै-कसैको भनाइअनुसार चन्दा उठाउँदा परिवार ठूलो सानो हेरिंदैन, सबै एकसरो हुन्छ । यसरी खाएको मासुलाई 'चोखाइका' अर्थात् 'चोखिने मासु' भनिन्छ र बाँडेको प्रसादलाई 'वाखाइका' भनिन्छ ।

बान्साघाका

'पुरिचाका' भइसकेपछि पुनः उक्त टोलीका केही सदस्यहरू या सबै नै 'बान्साघाका' अर्थात् मेजवानी खान माझी र धामी कहाँ जाने गर्छन् । बान्साघाकाको शाब्दिक अर्थ मेजवानी खेल्नु हुन्छ । यथार्थमा धिमालहरू मेजवानी खानुलाई भन्दा रमाइलो गर्नु या खेल्नुलाई नै विशेष महत्त्व दिने गर्दछन् । त्यसैले मेजवानी खानु नभनी उनीहरू मेजवानी खेल्नु भन्ने शब्दको प्रयोग गर्दछन् । वास्तवमा 'बान्साघाका' गरेर धिमाल गाउँलेहरूले आफ्ना समाजका माझी र धामीलाई सम्मान र आदर गरेका हुन् । सो कामको निमित्त विहान टाउको या मासु पोल्दा-पोल्दै दुइटा फिला र दुई सेर रक्सी छुट्याएर राखिएको हुन्छ । मुखिया (माझी) कहाँ जाँदा एउटा फिला र एक बोतल रक्सी लगी प्रसादस्वरूप दिइन्छ। माझीले पनि बदलामा पुनः १ सेर रक्सी र १ घ्याम्पा जाँड टोलीलाई कृतज्ञता-स्वरूप प्रतिदान दिने गर्छन्, जो सबैले बाँडेर खान्छन् । यसैगरी धामीकहाँ पनि १ सेर रक्सी र एउटा फिला लगेर दिइन्छ । धामीकहाँ भने त्यही मासु एक एक चोक्टा भए पनि पोलपाल गरी सबैले बाँडेर खान्छन् । मुखियाकहाँ जस्तै धामीकहाँ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पनि १ बोतल रक्सी र एक घ्याम्पा जाँड प्रत्युत्तरमा उक्त टोलीलाई दिने चलन छ। यसरी खान-पान भएपछि 'बान्साधाका' को काम टुंगिन्छ।

देरा घुराइका

त्यसपछि गाउँघर डुल्ने या घुम्ने काम थालिन्छ, यस कार्यलाई धिमालहरू आफ्नो भाषामा "देरा घुराइका" भन्दछन्। असारे पूजा सम्पूर्ण ग्रामकै पूजा या सेवा भएकोले धिमालहरू उक्त अवसरमा नाचगानसहित 'चिजुराइका' गर्दै गाउँका सबै घरहरूलाई थानको पानीले चोख्याएर गाउँघर घुम्नु आवश्यक ठान्दछन्, अनि हिजो बाँकी रहेका घरहरूमा 'चिजुराइका'सहित देरा घुराइका' गर्ने काम हुन्छ ।

बिन्दा हेर्का

'देरा घुराइका' गर्दा हिलो खेलेर नाच्ने काम शुरू हुन्छ। हिलो खेल्दा ढोलमा 'बिन्दा हेर्का' पोदोको प्रयोग हुन्छ । हिलो खेल्ने काम या हिलो खेलेर नाचिने नाचलाई धिमालहरू बिन्दा हेर्का भन्दछन् । यो नाच नाच्दा धिमालहरू पहिले घरको आँगनमा पानी ल्याएर घोप्टचाई हिलो बनाई घरको मान्छेलाई लटपट गर्ने र आफैं पनि हिलोमा लडीबुडी गर्ने गर्दछन् । धामी, हान्वा तथा अन्य सबैलाई हिलो छ्याप्ने या मुछेर टीको लगाई दिने र मान्य इष्टमित्र छन् भने ढोग दिने पनि गरिन्छ । यस वेलामा कोही पाउना गाउँमा आए या भेटिए उसलाई समेत हिलोको टीका लगाइदिने चलन छ । वास्तवमा 'आखाडिया' धिमालहरूको ठूलो बर्खे चाड हो। यो वेलामा हिलोको फागु खेलिन्छ। हिलो खेलेर धिमालहरू पानी माग्दै खेतको उर्वरताको कामना गर्दछन् । बिन्दा हेर्कासहितको देरा घुराइकाको क्रम दुई सातासम्म पनि चल्न सक्तछ। यसरी गाउँघर घुम्दा घुमन्तेहरूलाई प्रत्येक घरले (कमसेकम) १ घ्याम्पा जाँड, १ बोतल रक्सी दिने चलन छ। जाँड-रक्सी दिन ढिलाई गरिए सिकुवामा खन्तीले ठोकेर इतरिने या ढोलले ठोक्ने पनि गरिन्छ। तर यस्तो काम विशेषतः रक्सीले मात्दा मात्र बेसी हुन्छ।

सिरिजातको बेला ग्राम-थानमा बनाइने विविध निर्माणका कारण

सिरिजातको वेला ग्रामथानमा अक्सर हात्तीसार, सुँगुरको खोर, कुखुराको खोर, टुङ घर, भकारी, पोखरी, चुला आदि खन्ने-बनाउने गरिन्छ। यसको कारण खोतल्दा धिमालहरूबाटै प्राप्त भएको जवाफ निम्नअनुसारको छ :

लुइँचे कालिज आदि जङ्गली कुखुराहरू धानबालीमा आउने हुनाले ग्राम-देवताहरूलाई खोरमै राख भनी खोर बनाइएको हो । यस्तैगरी पायाको खोर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

(सुँगुरको खोर) पनि बँदेल लागी धानवाली बिगार्ने, पट्वा नाश गर्ने भएकोले उक्त समयमा थुन्न आग्रह गरिएको हो। हात्तीले पनि बाली-नाली विगार्ने, मकै, धान मास्ने, घरै भत्काउने र ज्यानसमेत बिगार गर्ने भएकोले बाँधियोस् भनी हात्तीसार वनाइएको हो। टुङघर टुङसुङ सुब्वा या शिकारीलाई बनाइदिएको हो। उनलाई धनुकाँड पनि चढाइन्छ। शिकारीबाट उपर उल्लिखित सबै पशुपक्षीको हेर-चाह हुने विश्वास गरिन्छ। बाँदरले दुःख दिने भएकोले कोही-कोही शान्ति-रक्षाको निमित्त हनुमान्को ध्वजा पनि गाड्ने गर्दछन्। भकारी, भकारीअनुसार भरिपूर्ण होस् भनेर चढाइएको हो भनिन्छ। पोखरी घामी र माझीहरू तथा गाउँलेहरूले नुहाउने शुद्ध हुन खनिएको हो, आजकल त्यहाँ नुहाएको धोती निचोर्ने काम हुन्छ। चुलाका देवता घामी वारांग हुन्। खानाहरू नबिग्रियोस् भनी उनलाई चुलैको रूपमा एउटा फुल चढाई ३ टीकाले पुजिन्छ।

कोही भने थानमा पुजिने महाराजलाई दैनिक जीवनमा आवश्यक सर-सामान र स्थान हुन् भन्दछन्। यसैगरी चढाइने माटाका हात्ती-घोडा पनि उनकै लावा-लस्कर, सेना-मेनाको निमित्त हो भन्ने भनाइ छ।

(ख) पारिवारिक चाड : पार्वा

पार्वा धिमालहरूको अर्को ठूलो चाड हो। पार्वा शव्दको सम्बन्ध संभवतः पर्वसँग छ। यो चाडलाई धिमालहरू 'आउँसी' पनि भन्ने गर्छन्। वास्तवमा पार्वा अन्नबाली पाकेपछि रमाइलो गरी मनाउने हिउँदे चाड हो। यो चाड गाउँका धिमालहरू सबैले मनाए पनि घर-परिवारमा सीमित हुन्छ, अतः पार्वालाई सामूहिक सिरिजातको तुलनामा घरेलु र पारिवारिक चाड भन्न उपयुक्त हुन्छ।

पार्वा प्रतिवर्ष तिहारको वेला लक्ष्मी-पूजादेखि भाइटीकासम्म खासगरी तीन दिन मनाइन्छ। तर अगि-अगि नाचगान भई गाउँघर डुल्ने हुँदा पूर्णिमासम्म जम्मा १५ दिन लम्विने गर्थ्यो। उपर उल्लिखित तीन दिनलाई धिमालहरू क्रमशः (१) आउँसी (२) पूजापाका (३) पिया बाखरको दिन भन्दछन्। यी दिनहरूमा सम्पन्न हुने आनुष्ठानिक अङ्गहरू पनि पृथक्-पृथक् छन्।

(१) आउँसी

लक्ष्मीपूजाको दिनलाई धिमालहरू औंसी पर्ने हुनाले 'आउँसी' नै भन्दछन्। उक्त दिन विहान विशेषतः सबैले आफ्नो घर विभिन्न रङ्गको माटोले लिपपोत गरी सिंगारी सफा-सुग्घर गर्दछन्। त्यसैले औंसीको दिनलाई उनीहरू 'छा चोलया साचील' पनि भन्दछन्। घरको मालिकनी आइमाई हुने हुनाले घर लिप-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पोत गरी सिंगार्ने काम पनि धिमालहरू आइमाईहरूकै ठान्दछन् । बेलुकी घरभित्र एवं बाहिर ग्वाली, ढिकुटी, कुवा, इनार आदिमा बत्ती वालिन्छ । कोही मैनबत्ती, बालेर झक-मक्क पार्दछन् । वाङ्माली, तेउ माली, चोइमाली र पाङ्वाली आदि लातेर थरका धिमालहरूले भने नयाँ फलफूल चढाउने विशेष पूजा गर्दछन् । यो बेलाको पूजामा उनीहरू चिचिरी वाराङ्ग-वेराङ्ग, खासतो वाराङ्ग-वेराङ्ग लातेर वाराङ्ग वेराङ्गलाई रातो भालेपोथी (?) चढाउनुका साथै ग्रौला (अमला); यङखे (अदुवा) योङगाई बेसार, भोजाई ((?) हारिया (हर्रा,) तरूल; (वन-घर सबै) पनि चढाउँछन् ।

कोही-कोही पहाडको गिठ्ठा-भ्याकुरको दीयो बनाउने र त्यसमा धागो तेलमा भिजाएर वाल्ने गर्दछन् । लातेरहरू असार लागेपछि नयाँ फलफूल देवतालाई नचढाई खाँदैनन्, वार्दछन्, खाएमा आफ्नै घरमा बिरामी हुने, दु:ख-कष्ट आइलाग्ने कुरा उनीहरू वताउँछन् । ग्रौंसीको राती या भोलिपल्ट एका-विहानै अदुवा, हर्दी तथा अमलाको बोट या हाँगा साथै कुखुराको एउटा फुल लिएर लाजगालका अनेक शब्दावलीहरू प्रयोग गर्दै सुँगुरलाई बोलाई "लौ लौ लौ" भन्दै भरसक कसैलाई थाह नदिई खोला या पोखरीमा जान्छन् । साथमा लगेको बिरुवा रूख या हाँगा भाँचेर खोलाको डिलमा पूजा गर्छन्, त्यसपछि हातमा फुल लिएर यता-उता खेलाउँदै कसैले थाह नपाउनेगरी आफू सट्ट पानीमा डुबेर फुल गाडी घर फर्कन्छन् । पानीमा डुबाएको उक्त फुल लातेरहरूले खान हुँदैन भन्ने निषेध धिमाल-समाजमा प्रचलित छ, खाएमा घाउ-खटिरा आउने कुरामा धिमालहरू विश्वस्त छन् ।

ग्रौंसीको बेलुकी बत्ती बाल्नुअघि धिमालहरू आफ्नो गाई-गोरुलाई पुज्ने गर्दछन् । उक्त दिन रातो-सेतो-हरियो-पीठोले गाईबस्तुलाई सिंगार्ने, तेल लगाइदिने गर्छन्, र पूजा नगरी केटा-केटीसमेत नखाई बस्तछन् । यस अवसरमा नाङ्लोमा धान दूवो, केरा (एक काँगियो) दियो-कलस राख्ने र घरमूलीले दूवोले पानी छर्किदिने गर्छन् । पानी पहिले खुट्टामा छर्किदिने र कन्येकेटीलाई गाई-गोरु सबैको पाउ पर्न लगाउने काम हुन्छ । कन्ये केटी नभए आफ्नै घरकी जहानवाट पनि काम चल्दछ । तर उक्त वेलामा कन्येकेटीले नयाँ पेटानी लगाएर चोखिनुपर्दछ । कन्येकेटी अथवा घरकी जहानले पूजा गरिसकेपछि चढाएको केरा खान हुँदैन भन्ने निषेधात्मक विश्वास छ। खाएमा उनीहरूबाट हुने केटा-केटी लाटा-लाटी हुने विश्वास गरिन्छ । अत: काँगियो केरा अरू फाल्टो केटाहरूलाई खान दिइन्छ, तर खाएको वोक्रा चाहिं ग्वालीमाथि राखिन्छ । यसो गर्दा गाईबस्तुको संख्यामा अभिवृद्धि हुन्छ भन्ने विश्वास छ ।

वलिपूजाको दिन राथुम थरका धिमालहरूमध्ये जेठाजुले नाङलो ठटाउने र भाइ-बुहारीले नाच्ने पनि गर्दछन् । यो चलन आजभोलि हट्‌दै जान थालेको छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल-भाषामा 'रा' को अर्थ नाङ्लो हुन्छ, कोहीकोही राथुम थर हुनाको कारण यही हो पनि भन्दछन्।

(२) पूजापाका

पार्वाको मुख्य 'पूजापाका' को दिन ग्रौंसीको भोलिपल्ट परेवाको दिनमा पर्छ। यसलाई धिमालहरू बलिपूजा पनि भन्दछन् यो दिन धिमाल-परिवारका सबै सदस्यहरू आफ्-आफ्नो घर तथा मूलघरमा भेला हुन्छन् र घरेलु र ग्रामीण दुवै थरीका देवीदेवताहरूलाई क्रमशः घरभित्र र बाहिर पूजा गर्ने गर्छन्। घरभित्र र बाहिरका देवी-देवताहरूलाई पूजा गर्ने विधि केही फरक हुन्छ।

धिमालहरू पूजापाकाको दिन पहिले आ-आफ्नो घरको 'शाली' मसान, देवी, काली, चाम्सारी, विसरी आदिई पूजा गर्दछन् र आवश्यकतानुसार कुखुरा-परेवा आदि बलि दिन्छन्। धिमालहरू अक्सर कालीलाई कालो परेवा, देवीलाई काली पोथी र मसानलाई रातो परेवा बलि दिने गर्छन् र चम्सारीलाई पनि रातो भाले चाहिन्छ भन्दछन्। पूजा केही नखाई, नुवाइ-धुवाइ गरी खाली पेटमा विहान गर्ने गरिन्छ। बलि दिइएका पशुपक्षीका टाउकाहरू घरबाहिर ल्याइँदैनन्, अझ लातेर थरका धिमालहरूले त तत्-तत् देवी-देवताअगाडि त्यहीं नै गाडिदिने गर्दछन्।

भित्रको पूजा सकिनासाथ घरबाहिर आँगनको कुनै एक छेउमा लिपपोत गरी सण्ठी या सेतो कपडाले बेरेर स्थापना गरिएका विभिन्न ग्रामीण देवी-देवताहरूले पूजा हुने गर्छ। यथार्थमा पार्वाको वेला धिमालहरू ग्राम-देवी-देवताहरूलाई ग्रामथानमा नपुगी आफ्नै घर आँगनमा अस्थायी रूपले थान बनाई पुज्दछन्। तयार गरिएको अस्थायी थानमा पस्ने ढोका पश्चिमतिर फर्केको हुन्छ। उक्त दिन पुजिने देवी-देवताहरू राधरम, रासती, राधम्पाल, राथुप्रिसिं. रारूमाल, बूढा-ठाकुर; चौमाझी, बहादुर चौधरी, लक्ष्मी, जाउरा-गेलाई, देरागेलाई (पार्वती) कनकाई र अन्य नदी नालाहरू, संसारी, शिकारी, धरती र आफ्-आफ्ना क्षेत्रका प्रसिद्ध धामीहरू हुन्छन्। उक्त दिन यिनीहरू प्रत्येकलाई एक-एकवटा 'ढिकाउरी' माटोको सानो ढिस्को उठाएर स्थापना गरिएको हुन्छ, र एक-एक वटा 'मुन्झाई' अथवा खर या सिरूको डाँठमा सेतो धागो (भरसक काँचो) टाँगेर चढाइन्छ। यसैगरी कुनै जाति देवता छन् त्यति वटै चिराक (दीयो) आवश्यक मानिन्छ। पार्वाको अवसरमा धिमालहरू गृह तथा ग्रामीण देवी-देवताहरूको साथमा आफ्ना जाउरागेलाई पितृहरूको पनि पूजा गर्छन्। हरेक देवीदेवतालाई परंपरागत चलनअनुरूप चढाइआएका खास पशु या पक्षी विशेषतः सुँगुर, भाले या पोथी, कुखुरा, भाले या पोथी हाँस, परेवा अझ पाठा-पाठी आदि चढाइन्छन्। उनीहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बलि चढाउनुअगि पनि सबै पशुपक्षीलाई पर्साएर मनाउने गर्छन्। धिमाल-समाजमा पूजा लोग्नेमान्छेले गर्ने चलन छ। पार्वाको पूजा पनि घरको मूली लोग्ने-मान्छेले नै गर्ने गर्दछ।

भित्र र बाहिरको सबै पूजा समाप्त भएपछि करीब ४,५ बजेतिर बलि दिएका पशुपक्षीका टाउकाहरूलाई पूजा-अक्षता गरी सबै उठाइन्छ तर सुँगुरको टाउकोमा भने चेराक (दीयो) बालेर डालो या नाङ्लो या पातमा उठाएर लक्ष्मीको गीत गाउँदै घरमा सारिन्छ र मूलढोकाको मूल-खाँबामा रातभरि बत्ती बालेर राखिन्छ। त्यो रात कुनै पनि टाउकाहरू पोलेर पकाएर खान हुँदैन, तर भोलिपल्ट विहान उज्यालो भएपछि ती सबै पुनः आँगनमा ल्याई पोली सबै मिली खाने काम हुन्छ।

पूजापाकाको दिन बेलुकी सण्ठी बालेर सारो सारो नाङको उम् पिताम, काङको खाली उङखु जेङ भन्दै सह डाकेर फुस्को होइन भरिलो धान होस् भनी आ-आफ्ना खेतवरिपरि घुम्ने पनि गर्दछन्।

(३) पिया बाखर

भोलिपल्ट पिया बाखरको दिन सबैभन्दा पहिले घरका आवश्यक सरसामान भाँडा-वर्तन र हात-हतियारहरू हले (हलो), जुङले (जुवा), दाविया, बाँसिला, रूखान (रांमो), काचिया, दुफे (बञ्चरो), कोदालो, छुरी, ठुकुनीं (चकमक); गुल्ठाइ (धनुं) खेर (कांड), खापर (माला), सिमखोन्दी (ग्रोखली र मुस्ली); खोरम्दी (चुलेसी), आरा, खोन्ता (खंती) कानाइला (अनौ), दांदे (दादे), दाउ (खुर्पी) तरवाल र तानासाल, कोनोरस, दादलाङ्ग, बाउफला, बइना, चार्खी, जर्खा, केर्खा, पिसीनी आदि तान बुन्ने सरजामसमेत सबैलाई धोएर सुग्घर गरी एक स्थानमा एकत्रित गरी पूरा गरिन्छ र घरेलु वस्तु-भाउहरूलाई सिंगारी जम्मा गरी खाना ख्वाइन्छ। यसअघि कन्येकेटीद्वारा ढोगभेट गर्ने काम हुन्छ। उक्त दिन गाई-बस्तुलाई ख्वाउने खाना विशेष प्रकारको हुन्छ। त्यसै दिन हरियो धान (पसाएको या नपसाएको जस्तो छ) र कालो दाल वोटसँगै काटेर ल्याइन्छ र त्यसमाथि टुक्रा-टुक्रा पारेर शुद्ध नचलाएको जाँड, काँचो चामलको पीठाको डल्लो, नून सबै एक ठाउँमा मिसाई मुछिने गरिन्छ। उक्त खानामा 'बाखर' (भाले मधु)को जरा अनिवार्य रूपले आवश्यक हुन्छ। धिमालहरू भाले मधुको जरा घरमा नभए पैंचो लिएर या जङ्गलमा गई खोजेर पनि ल्याई मिसाएर ख्वाउने गर्दछन्। गाई, गोरु, भैंसी, बाख्रा, पाठा, हाँस, कुखुरा आदि घरेलु पशुपक्षी सबैलाई तोरीको तेल लगाइदिने र रातो-सेतो-कालो आदि पीठोले रङ्गाइदिने गरिन्छ। अझ कन्येकेटी सयपत्री या जमराको माला पनि लाइदिन्छन्। कन्येकेटीले विशेषतः गाईगोरुलाई ढोग दिएपछि सबैलाई खोलेर एकै ठाउँमा ख्वाई छोडिदिने गरिन्छ। उक्त दिन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाईहरू मातले खूब झुल्दछन् । कोही-कोही धिमालहरू पार्वामा पूजा पर्न ६ दिन-अगावै माटाको भाँडामा अथवा खाल्डोमा मकै छर्छन् र जमरा उमारेर पूजापाकाको दिन देवी-देवतालाई चढाउने र पियाँ वाखरको दिन गाई-गोरुलाई माला लगाइदिने पनि गर्छन् । मकैको जमरा केटीहरूले कपालमा लाउने पनि गर्दछन् ।

बूढापाका धिमालहरूको भनाइअनुसार गाई-बस्तुलाई ख्वाउने चीज-बीजको रास अगि-अगि कतै-कतै ३–४ मुरीसम्मको पनि हुन्थ्यो । यी चीज-बीजहरू साधा भूइँमा नराखी संधैं नै केराका पातमा राखेर ख्वाउने चलन छ । उक्त दिन गाई-बस्तु-लाई मात्र होइन, तिनीहरूको हेरचाह गर्ने गोठालासमेतलाई सिंगारी रमाइलो गर्ने चलन पनि केही अगिसम्म थियो ।

कतै-कतै घेरा (घिरौला)का चार वटा खुट्टाहरू जोडी दिएर कुभिण्डोको खसी बोका बनाई सिंगारेर काट्ने चलन पनि छ । सिंगार्दा वरिपरि 'तोले गुण्डा' (काँचो पीठो) लगाइदिएर एउटा ठाउँ छाडी सबै काटी टुक्रा-टाक्री बनाएर छाडिन्छ ।

सोही दिन बेलुकी घरभित्रका र सेरोफेरोका विभिन्न स्थानहरू द्वार, ढिकुटी, अगेना, गोठ, इनार, खोला, नाला, बाटो, दोबाटो, आदिको पनि पूजा हुन्छ । यी विभिन्न स्थानका देवी-देवताहरूलाई बलि चढाउने र पुज्ने विधि एवं उद्देश्य फरक-फरक हुन्छन् ।

भाकार पूजा

धिमालहरू पिया वाखरको दिन भाकार (ढिकुटी)को पनि पूजा गर्दछन् । भाकारको देवताको रूपमा उनीहरू कोही लासमीलाई त कोही राज-भण्डारलाई मान्दछन् । भाकार पूजा भकारी या ढिकुटी या धनसारमै गरिन्छ र एउटा कालो कुखुरा या परेवा भोग दिइन्छ ।

धिमालहरू आउँसी (लक्ष्मीपूजा)को दिन बेलुकी गाईलाई केवल ढोगभेट गर्दछन् तर खास पूजा पिया वाखर भाइटीका' को दिन गर्छन् । उनीहरू गाई-गोरुलाई मात्र नपुजी, साथ-साथै सबै घरेलु पशुपक्षीसमेतलाई पुज्दछन् । पिया वाखरको दिन वास्तवमा धिमालहरू घरेलु पशुपक्षीहरूलाई पुज्दछन् र गाइपूजा गर्दछन् । तर दिदी-बहिनीहरूबाट टीका लगाउँदैनन् । साथै गाउँका सबैजसो धिमालहरूलाई कुनै घरले निम्तो दिएर घरमा बोलाउने, तोरीको तेल घस्ने, पीठोको टीका लगाइदिने, सबैलाई छुट्ट्याएर खानाको भाग दिने चलन छ भन्ने सूचना पनि प्राप्त भएको छ । यस बेलामा अक्सर घरकी बूढी आइमाईले मात्र टीका लगाइदिने गर्दछे । सबैलाई खुवाउने-पिआउने चलन घरको प्रतिष्ठा र मर्यादाको निमित्त मात्र हो, अन्यथा अनिवार्य मानिंदैन । पहिला नभए पनि अचेल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
दिदी-बहिनीहरूले टीका लगाई दिने चलन केही शुरू हुन थालेको छ।

अगि-अगि पार्वामा गाउँघरका इष्टमित्र र रउसेहरू भेला भएर पूर्णिमा-सम्मै जम्मा १५ दिन नाच-गान गरेर रमाइलो गर्थे। यस्तो वेलामा प्रशस्त जाँड-रक्सी खाएर लोग्नेमान्छे-स्वास्नीमान्छे दुवै थरी नाचगानमा भाग लिन्थे। तर आज-भोलि स्वास्नीमान्छेहरू उति सक्रिय भेटिँदैनन्। तिहारमा खेलिने भैलो धिमालहरू-सँग नभए पनि देउसी छ। धिमाल देउसेहरू भटचाएर 'देउसी' खेल्दैनन्, केराको दाम्सा पट्काउँदै देउसी भन्दछन् र पुऱ्याउँदछन्, अनि घरको धनीलाई ढोग दिन्छन्। अचेल त बजारमा पाइने पटाकाहरू पनि पटकाउन थालिएका छन्। घरवालाहरूले आफ्-आफ्नो गच्छेअनुसार देउसेहरूलाई भेटी या सीदा दिइहाल्नु-पर्दछ। देउसी खेल्दा देउसेहरू यसो पनि भन्दछन्:–

पिरे कात्तिको दान
एपैसा, द्वे पैसा
नाङ धर्म होइ-आदि

पार्वाको वेला कुनैकुनै धिमाल-गाउँमा माझी या आफूले मान्नुपर्ने साइनोमा माथि भएकाहरूलाई एक भारी दाउरा दिने चलन पनि छ।

(ग) अन्य चाडहरू

पार्वावाहेक अन्य पारिवारिक धिमाल चाडहरू हुन्: (१) सिरूवा (२) साउने संक्रान्ति (३) बडा-दशैं (४) माघे-संक्रान्ति र (५) होली (फगुवा)।

(१) सिरूवा

सिरूवा नयाँ वर्ष लागेको पहिलो दिन वैशाख १ गते 'चैतपकाइलो बैशाख खाइलो' भन्दै मनाइन्छ यो दिन एकातिर ठाउँ-ठाउँमा सिरूवा मेलामा बजार लाग्छ भने अर्कोतिर विशेष हौसलाका साथ धिमाल पुरुषहरू केटाकेटीसहित हूलहूल भएर माछा मार्न या शिकार खेल्न जङ्गलमा जान्छन्। किनभने यो दिन उनीहरूकै विश्वास-अनुसार देवी-देवतासाथ वनदेवता पनि मेला भर्न जान्छन् र जङ्गलका पशुपक्षी सवै छाडा भई घुम्छन्। त्यसैले शिकार खेल्न गएका कसैले पनि खाली हात फर्कनु पर्दैन। अगाडि जङ्गल घना भएको वेला शिकार सजिलै पाइँदो हो, आजकल भने शिकार त्यति सजिलै उपलब्ध हुँदैन। तर शिकार नपाए चुनसार (निग्रो) टिपेर पनि शिकार गएका धिमालहरू वनभात खाएर मात्र घर फर्किन्छन्। यस्तो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

वेलामा शिकार पाएमा खाई बाँकी रहेको भाग गाउँघरका स्वास्नीमान्छेहरूलाई पनि ल्याइदिने चलन छ। कतैकतै त स्वास्नीमान्छेहरूसहित परिवारका सबै सदस्य वन-भोजमा गएर पनि मनाउँछन्।

गाउँ-गाउँका मान्छेहरू पालै-पालो सुँगुर-खसी पाठा आदि काटेर रक्सी खाँदै भेला भएर सिरूवा कतै २।३ दिनसम्म पनि मनाइन्छ। यस्तो चलन पूर्वेली धिमालहरूमा वढी प्रचलित छ।

वैशाख १ गतेको दिन विहानै उठेर चोखो पानी ल्याएर सबैभन्दा पहिले पीपल तथा वरको बोटमा जलधारा दिइन्छ र हिलो छेपा-छेप गरेर धूमधामसँग हिलोको उत्सवको रूपमा पनि मनाइन्छ। यसरी सिरूवाको उपलक्ष्यमा गोवर, हिलो आदि खेल्ने चलन पूर्वी तराईमा विशेषतः राजवंशी एवं थारूहरूमा वढी छ। यस्ता वेलामा थारूहरू आफूभन्दा सानालाई कादो (हिलो) लगाउँछन् भने राजवंशी-हरू ज्यादा गोबर चलाउँछन्। धिमालहरू चाहिं प्रायशः माटो छापेर केवल टीका लाइदिने गर्दछन्। सिरुवामा धिमालहरू ग्वालीपूजा' गर्नु साथै दोबाटे देवतालाई पनि पुज्दछन्।

(२) साउने संक्रान्ति

संक्रान्तिको वेला पूजा-आजा गर्ने कुनै खास विधि या चलन धिमाल समाजमा छैन, तर यो दिन उनीहरू हलो वार्ने र मासु जाँड-रक्सी खाने गर्दछन्।

(३) दशैं

दशैं नेपालका अन्य हिन्दूहरूले झैं, धिमालहरू खास तयारीसाथ विशेष उत्सवको रूपमा मनाउँदैनन्। उनीहरू विनापूजा-आजा केवल एकदिन मात्र दशैं मनाउँछन्। त्यसैले खर्च पनि खास हुँदैन। दशैंमा तिनीहरू संक्रान्तिमा झैं गाउँमा कतै खसी सुँगुर काटेको भए किनेर ल्याई सबैले खाने, नभए केही घर मिलेर आफ्नै दामासाहीमा काटेर मासुभात खाने गर्दछन्। कोही-कोही घरैमा कुखुरा काटेर पनि दशैं मनाउँछन्।

अगाडि दशैंमा टीका लगाउने चलन धिमालहरूसँग थिएन। आजकल भने केही तिनीहरू आफूले मान्ने ठूलावडाकहाँ टीका लगाउन जान थालेका छन्। तर धेरै-जसो उनीहरू अझै पनि अन्यत्र जाँदैनन्, घरैमा मनाउँछन्। माई पारिका धिमाल-हरू भने भाकल भए दशैंमा दुर्गा-पूजा लगाउने गर्दछन्। यस्ता वेलामा उनीहरू कुभिण्डोको मार हानेर मात्र बोका, सुँगुर आदिको वलि चढाउँदछन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

(४) माघे-संक्रान्ति

अगि-अगि माघे-संक्रान्ति मनाउने चलन थिएन, तर आजकल यस दिनमा सुठुनी-तरूल आदि खाने चलन बढ्न थालेको छ ।

(५) होली या फगुवा

फाल्गुन पूर्णिमाको दिन तराईका अन्य जातिका मान्छेहरूले झैं धिमालहरूले पनि फागु मनाउँछन् । फागुलाई उनीहरू फगुवा या होली पनि भन्दछन् । तर धिमालहरू 'फागु' खेलेर भन्दा बढ्ता खाएर या पिएर मनाउने गर्दछन् । उनीहरू रङ्ग उति चलाउँदैनन्, केवल अवीर खेल्दछन् । अवीरको खेलमा पनि विशेषत: केही केटाकेटीहरू नै बढी भाग लिन्छन्, ठूलावडा, हुर्केकाहरू त खानमै व्यस्त हुन्छन् । मासु-भात वाहेक यस अवसरमा धिमालहरू पुवा, वावर, छेली (सेल) आदि पकाएर खान्छन् ।

भाकल भएमा फगुवाको आठ दिनपछि पूर्वतिरका धिमाल्नीहरू सबै मेला भएर गाउँ-गाउँ, घर-घर घुमी वैशाख १ गतेसम्मै तिष्ठी बुरीको गीत गाएर डुल्दछन् । उनीहरूले गाउने गीतको भाषा राजवंशी हुन्छ । उनीहरूको भनाइ अनुसार यसो गरेर उनीहरूले तिष्ठी बुरीको लोग्ने ठाकुर बुरालाई खोजिदिएका हुन् । यस्तो वेलामा गीत गाउने आइमाईहरूलाई पूजाको लागि भेटी दिन मन लागे यथाशक्य दिइन्छ, तर खान दिनुपर्ने वाध्यता भने गाउँलेहरूलाई हुँदैन ।

उपसंहार

धिमाल समाजमा प्रचलित उपर उल्लिखित विभिन्न चाडपर्व, पूजा-आजा तथा मेला आदिको संक्षिप्त सिंहावलोकन तथा अध्ययनले उनीहरूको चाडहरूमा संपन्न गरिने विविध धार्मिक रीति-रिवाज एवं अनुष्ठानहरूभित्र निश्चित अभिप्राय निहित देखिन्छ । यो कुनै एक परिवारको, गाउँको, र अन्तमा सम्पूर्ण समुदायको संरक्षा, सुस्वास्थ्य, संपन्नताको चाहनालाई निश्चित गरी तिनीहरूलाई अदृश्य र अज्ञात ठूलो खतरा, तथा कठिनाइहरूवाट जोगाउनु नै हो ।[1] धिमालहरू राम्रो बाली-नाली वनाउने, वर्षभरिको दुर्भावना र दुर्घटनाबाट सुरक्षित हुने, संक्रामक रोग र महामारी तर्काउने, वाढी र खडेरी जस्ता अतिवृष्टि र अनावृष्टि-वाट जोगिने, पशुपक्षीको वृद्धिको कामना गर्ने अभिप्रायले नै आफ्ना चाड पर्वहरू मनाउने गर्दछन् । यी सवै अभिप्रायहरूमा सामूहिक हित र कल्याणको कामना

---

१. श्री वास्तव, १९५८-२०७

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निहित भएकाले तिनले चाडबाडको वेलामा सामूहिक सहभागलाई उत्प्रेरित मात्र गर्दैन आग्रह पनि गर्दछ ! यसवाट जातिको सामूहिक भावनालाई अझ मजवुत र वलियो हुने अवसर प्राप्त हुन्छ ।

धिमाल चाडपर्वमा पूजा-विधिहरू थारूहरूका झैं सामुदायिक र पारिवारिक मात्र छैनन् गोप्य र खुला पनि देखिन्छन् । पारिवारिक घरेलु देवी-देवतासँग सम्बन्धित चाड मूलत: पारिवारिक तहमा संपन्न गरिएका छन् र तुलनात्मक रूपमा यसका पूजाविधि केही गोप्य छन् भने ग्रामीण देवी-देवताको पूजासँग सम्बन्धित चाडहरू सामूहिक रूपले मनाइने र केही खुला छन्। त्यसैले यस्ता चाडहरूले धिमाल जातिको वीचमा सामाजिक एकता र सामुदायिक भावनाको वृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

सामूहिक चाड सिरिजात कुनै एउटा धिमाल गाउँको ग्राम थानमा मनाइए पनि त्यो एउटा गाउँ र एउटै जातिको परिधिमा मात्र सीमित देखिंदैन। किनभने यो चाडको वेलामा गरिने पूजा सम्पूर्ण ग्रामवासीको हित र कल्याणलाई ध्यानमा राखेर गरिएको हुन्छ र यस्तो वेलामा गाउँमा वस्ने अन्य जातिका मान्छेहरूका साथै टाढा-टाढाका आफ्ना नाता-गोता र इष्टमित्रहरू पनि आमन्त्रित भई भेला हुन्छन् र भाग लिने गर्दछन्। यसरी हेर्दा धिमाल चाडपर्वको निम्नलिखित उपयोगिता र विशेषता देखिन्छ :

(क) जातीय सामाजिक संगठनलाई सक्रिय र क्रियाशील तुल्याउन धिमाल जातिमा प्रचलित चाडपर्वहरूको धार्मिक तथा सामाजिक विधि तथा अनुष्ठानहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् र खेल्ने गर्दछन् ।

(ख) अन्तर जातीय र अन्तर ग्रामीण तहमा मनाइने भएकोले सामूहिक उत्सवको बेला देवी-देवतालाई खुशी पारी आशीर्वाद माग्ने प्रक्रियामा गाउँलेहरूको वीचमा एकै गाउँको भन्ने भावना सिर्जित भई एकातिर ग्रामीण एकता कायम भई अझ वलियो हुने गर्दछ भने अर्कोतिर अन्तरग्रामीण सम्वन्ध पनि नवीकृत हुने गर्दछ ।

(ग) सामूहिक चाडले गाउँलेहरूलाई आफू-आफूमा बाँध्ने तथा विविध जातिका सदस्यहरूका वीचमा पनि भेटघाट र विचार आदान-प्रदान गर्ने अवसर प्रदान गरी सामाजिक विरेचनले ग्रामीण सहयोगको भावनालाई पुनर्जीवित तुल्याउँदछ भने पारिवारिक चाडले एक घरका 'हारा' तथा 'होकवाला' धिमाल समूहका सदस्यहरूको एकतालाई सुदृढ बनाउने गर्दछ । यसवाट नाता-कुटुम्बको सम्बन्धलाई अर्थपूर्ण उपयोगी आयाम प्राप्त हुने गर्दछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

संक्षेपमा, धिमालहरूको चाडबाडमा गरिने धार्मिक गति-विधि प्रकृति तथा अदृश्य अति प्राकृतिक शक्तिसँग घनिष्ठ रूपले सम्बन्धित देखिन्छ। तिनीहरूले वर्ष-भरिको कृषि चक्रको विविध चरणमा तिनै अतिप्राकृतिक शक्तिबाटै आशीर्वाद र सरसहयोग खोजेर एकातिर बाली नाली र पशुपक्षी सुधार्न र सपार्न खोजेका छन् भने अर्कोतिर आफ्नो परिवार र समुदायको सुस्वास्थ्य र संपन्नताको कामना पनि गरेका भेटिएका छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोकगीत

लोकगीत लोकजीवनको अत्यन्त महत्त्वपूर्ण अङ्ग मानिन्छ । लोकगीतभित्र लोकको मौखिक परंपराका अलिखित गीतहरू पर्दछन् । कुनै पनि जातिको परंपरागत सामाजिक सांस्कृतिक बनौट र मूल्यहरूको अध्ययनको निमित्त लोकगीत अत्यधिकरूपले सहायक र महत्त्वपूर्ण हुन्छ । किनभने लोकगीतमा लोकको हर्ष-विस्मात, उमङ्ग र उल्लास, रीति-रिवाज, धार्मिक विश्वास र सामाजिक प्रचलन एवं इच्छा-आकांक्षा समेत अङ्कित हुने गर्दछन् । अतः धिमाल लोकजीवन अध्ययनको क्रममा धिमाल चाडपर्वको उल्लेख पछि लोकगीतको विषयमा चर्चा गर्नु आवश्यक र अनिवार्य हुन्छ ।

लोकगीतलाई मूलतः प्रबन्धात्मक र फुटकर गरेर विभाजन गर्ने प्रचलन छ । प्रबन्धात्मक लोकगीतमा गाएर कथा भन्ने चलन छ भने फुटकर लोकगीतमा मान्छेको माया, प्रेम, दुःख, पीडा, आशा, निराशा, हर्ष, विस्मात, इच्छा र विश्वासका कुनै

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एक अथवा मिश्रित भावहरू पेशागत परिस्थिति र पृष्ठभूमिहरूमा अङ्कित हुन्छन् ।[1] एतदर्थ प्रबन्धात्मक लोकगीत कथात्मक तथा विवरणात्मक भएर लामो समय लिने खालका हुन्छन् भने फुटकर लोकगीतहरू छोटा र छरिता हुन्छन् । तर कुनै पनि क्षेत्रको जातिको लोकगीतलाई वर्गीकरण गर्दा त्यस जातिमा प्रचलित लोकगीतका विविध स्वरूप र भाका, तिनलाई गाउने अवसर, सामाजिक संस्कार, चाडपर्व र तिनको पृष्ठभूमि तथा तिनलाई गाउने गायकहरूका वय, पेशा र लिङ्ग-भेद आदिलाई आधार बनाउनुपर्ने हुन्छ। यसरी गाउने व्यक्तिको उमेर, लिङ्ग, संख्या, गीत गाइने अवसर र बेला, गीतको लम्बाइ र छोटोपन तथा विविध भाकाहरूलाई ध्यानमा राख्दा सङ्कलित धिमाल लोकगीतको पनि हामी माथि भनिए झैं सर्वप्रथम दुई समूह बनाउन सक्तछौं:–

१) **फुटकर लोकगीत** र (२) **प्रबन्ध लोकगीत**

धिमालहरू सामान्यतया फुटकर लोकगीत र प्रबन्धात्मक लोकगीतलाई साइनो बेगरको र साइनो लगाउने गरी छुट्टयाउँछन् । धिमालहरूका फुटकर लोकगीतमा दोहरी खूब चले पनि साइनो लगाएर गाउने प्रचलन अत्यन्त कम छ । तर प्रबन्धात्मक लोकगीतहरू भने देवी-देवताको स्तुतिदेखि वाहेक सबैमा एउटा न एउटा साइनो नलगाएर गाउने गरिंदैन । त्यसैले फुटकर लोकगीत र प्रबन्धात्मक लोकगीत भन्दा हामीले धिमाल जातिको व्यावहारिक प्रचलनअनुसार साइनो रहितका र साइनो सहितका लोकगीत भन्ने बुझ्नुपर्दछ। साइनो बेगरका फुटकर साना-साना लोकगीतहरूलाई धिमालहरू विविध नामले गाउँदछन् भने साइनो सहितका प्रबन्धात्मक लोकगीतहरूलाई केवल 'जारीसोना' भन्ने गर्दछन् ।

(१) फुटकर लोकगीत

साइनो नलगाउने फुटकर धिमाल लोकगीतको समूहमा विभिन्न अवसरमा यिनै विभिन्न वय, लिङ्गका गायकहरूले गाउने गीतहरू समावेश छन् । यी लोकगीत-हरू स्वरूपको दृष्टिले छोटा र छरिता छन् भने संगीतको दृष्टिले चाखिला र फुर्तिला छन् । बहुधा तिनीहरू कुनै एक वा केही भावानुभूतिहरूको अभिव्यक्तिमा स्पन्दित हुने हुनाले तिनलाई वर्गीकृत गर्ने काम सरल छैन । फेरि तिनीहरू भाव, विषय-वस्तु, ध्वनि, शैली एवं अनुभूतिका दृष्टिले एक अर्कासँग मेल खाँदैनन्, फरक फरक छन् ।

गीत-गायनमा सहभागिताको संख्यात्मक आधारमा विषयवस्तुको दृष्टिले

---

१. कोफिन र कोहेन, १९६६–४७

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

वन-जङ्गलमा एक्लै आफ्नो लहडबाजीमा गाइने उताङ्गे र इष्टमित्रहरू बसेर साली भेनाले जिस्का-जिस्की गर्ने रहुसे गीत दुवै धिमालहरूसँग छन् । यसै गरी उनीहरू असार; सावन, कार्तिक र फागुन आदि महीनामा गाइने कृषिजीवनसँग सम्बन्धित ऋतुकालीन गीतहरू पनि भएको कुरा बताउँदछन् । अर्कोतिर उनीहरूसँग विवाह आदि सामाजिक उत्सव एवं असारे तथा पार्वा आदि चाड-पर्वका वेला विशेषरूपले गाइने गीतहरू पनि केही छन् । यी विविध गीतहरूका आफ्-आफ्नै विविध नामहरू छन् ।

अन्य केही फुटकर गीत-लोकगीतहरूलाई, पहाडतिर झ्याउरे गीतलाई सांगितिक स्वरूपको आधारमा लम्बरी र चुटके तथा तेर्सो र ठाडो भाका भने झैं,धिमालहरू पनि रिंका, तुरिया या पोटोका र कटुवा आदि भन्ने गर्दछन् ।

वय र लिङ्गको दृष्टिअनुसार फुटकर धिमाल-लोकगीतलाई (क) बाल-बालिकाहरूका गीत र (ख) वयस्कहरूका गीतमा विभाजित गरी उपर उल्लिखित गीतहरूमध्ये संकलित भएकाहरूको छुट्टा-छुट्टै परिचय प्रस्तुत गरिन्छ ।

(क) बाल-गीत

धिमाल जातिमा प्रचलित बाल-बालिकाहरूको गीत पनि दुई प्रकारका छन् । एउटा बाल-बालिकाहरूले खेल खेल्दा आफैं गाउने गीत र अर्का उनीहरूका निमित्त वयस्कहरूले गाउने गीत । यिनलाई धिमालहरू क्रमशः (क) घाका लेह (खेलको गीत) र (का) चान दोइका (बच्चा फकाउने) भन्ने गर्दछन् ।

(क) (अ) घाका लेह

धिमाल केटाकेटीहरूले खेलमा गाउने गीतहरू अत्यन्त छोटा हुन्छन् । उनीहरू एक लाइन या केही शब्दहरू पटक-पटक दोहऱ्याउने गर्दछन् । तिनीहरूले केटाकेटीहरूलाई खेलकूदको मनोरञ्जनबाट उपलब्ध हुने क्षणिक अथवा अस्थायी आनन्द दिन्छन् । यी बालगीतका ग़ेडाहरू सामान्यतया समान छन् । केटाहरूले र केटीहरूले गाउने भनी स्पष्ट छुट्टिएका बहुत कम हुन्छन् । तिनीहरूले गाउने बालगीतका केही नमूना यस्ता छन्ः–

आङ्गः वाङ्गः कोही ना कोही
सातो सुत् मेपोन्दो
ताइसे वाङ्गः माउलाखे (डोलाइ मोलाइ घाका)

*

आइथिरी बाइथिरी कोइना कोइ
शालिशाता मेपोन्दो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ओकाम कोकाशार मेगोन्दो (आइथिरी बाइथिरी घाका)

*

इति इति पानी-घंगौरा
इति इति पानी-घंगौरा (घंगौरा)

*

आम्बाल डाम्वल खेल पुस
पोपीको लौरा गोपी गाई
गोपीको बाबु थाह ठूपूर्ण वीस (डोम घाका)

उपर उल्लिखित बाल खेलगीतका गेडाहरूको अध्ययनले धिमालहरूको घाका लेहमा अर्थभन्दा वेसी लय अर्थात् शब्दानुप्रासको प्रधानता रहेको तथ्य प्रष्टिन्छ। यथार्थमा लयात्मक गति एवं समान ध्वनि संसारैभरिका बालबालिकाहरूका निमित्त मनोरञ्जन र आनन्ददायक हुन्छन् र तिनले उनीहरूलाई सजिलै आकर्षित गर्दछन्। यी गीत गाएर खेलिने खेलको चर्चा अन्य परिच्छेदमा गरिएको छ।

(क) (आ) चान दोइका

साना-साना बाल-बालिकाहरूले रोएर, खाना नखाएर या ननिदाएर दुःख दिए भने धिमालहरू फकाउन-फुल्याउन चान दोइका गाउँदछन्। 'चान दोइका' धिमाल समाजमा प्रायशः स्वास्नीमान्छेहरूले गाउने चलन छ। किनभने बालवालिकाहरू हेर्ने र हुर्काउने अभिभारा धिमाल-परिवारमा स्वास्नीमाँन्छेको मानिन्छ। अतः वज्यै, आमा, फुफू, दिदीहरू नै साना-साना नानीहरूको निमित्त "चान दोइका" गाउने गर्दछन्। यथार्थमा चान दोइका धिमालहरूका लल्लोरी अथवा निदरी गीत नै हो।

धिमाल्नीहरू आफ्ना-आफ्ना सान-साना बाल-बालिकाहरूलाई फकाउने र फुल्याउने क्रममा चान दोइकामा बाबु-आमा तथा बाजे-बजै भनी आदरपूर्वक सम्बोधन गर्ने गर्दछन्। र बच्चा बच्चीलाई खाने पिउने वस्तुको लोभका साथै बिरालो, स्याल, चितुवा, बाघ आदिको डर पनि देखाउँदछन्। खाने पिउने वस्तुमा उनीहरू विशेषतः मासु-भातलाई प्राथमिकता दिएर केटाकेटीहरू लोभ्याउने काम गर्दछन्। गीतको बीच-बीचमा धिमाल्नीहरू गाउन छोडेर सामान्य भाषामा "चूप लागेर सुत", "नत्र स्याल आउँछ," "मेरो भात पकाउने बेला भैसक्यो।" "हेर अरू माछा मार्न जाँदैछन्, हामी पनि छिटै भात पकाएर जानुपर्छ" "मेरो पानी लिन जान बाँकी नै छ, कति रोएको ?" "किन निद्रा नआएको ?" आदि आफ्नो कामको कुरा गर्दछन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल चान दोइका दुइ नमूनाहरू तल दिइएका छन्:–

क (आ) १

लहइ लहइ लहइ........	लहइ लहइ रे लहइ
आमाको निन्दा ल्यावा लहइ लहइ	आमाको नीद आउँछ लहइ लहइ
स्याइले लोखेरे मेङकाङ लोखरे	स्याल आउँछ विरालो आउँछ
काङ आजइको निन्दा ल्यावा	मेरी वज्यैको नींद आउँछ लहइ लहइ
लहइ लहइ	
लोक्रा लोखेरे मेङकाङ लोखेरे	वाघ आउँछ, विरालो आउँछ
(जीम शिकार्पा)	(सुत चुप लागेर)
आमाइ नोइ नोइ क्षामाइ दोइ दोइ	आमा लैलै आमा लैलै (हल्लाउँदै)
आमाको निन्दा ल्यावा लहाइ लहाइ	आमाको नीद आउँछ लहइ लहइ
लोक्रा लोखे रे स्याइले लोखे रे,	वाघ आउँछ, स्याल आउँछ
आमाइको निन्दा ल्यावा लहाइ	आमाको नीद आउँछ लहइ लहइ
लहाइ रे	मेरी आमाको नीद आउँछ
काङ आमाइको निन्दा ल्यावा	
(आं शिपाका स्याइले लोखे)	(अँ चुपलाग स्याल आउँछ)
आमाइ नोइ नोइ आमाइ दोइ दोइ	आमा लै लै आमा लं लै (हल्लाउँदै)
काङ आमाइको निन्दा ल्यावा रे	मेरी आमाको नीद आउँछ लहइ लहइ
लहइ लहइ	
स्याइले लोखेरे लोक्रा लोखे रे	स्याल आउँछ,वाघ आउँछ लहइ लहइ
लहइ लहइ	
आमा नोइ नोइ आमाइ दोइ दोइ	आमा लै लै, आमा लै लै
स्याइले लोखेरे लोक्रा लोखेरे	स्याल आउँछ वाघ आउँछ लहइ
लहइ लहइ	
(शिकापा, उम्गाली बेला लोहोइ)	(चुप लागें, भात पकाउने वेला भयो)
काङआमाइकोनिन्दाल्यावा लहइ लहइ	मेरी आमाको नीद आउँछ लहइ लहइ
आमाइ दोइदोइ आमाइ नोइ नोइ	आमा लै लै आमा लै लै
काङ आमाइको निन्दा ल्यावा रे	मेरी आमाको नीद आउँछ लहइ
लहइ लहई	लहइ
(शिकापा ओवालाई हाया मह्लाखे	(चुप लाग अरू माछा मार्न जाँदैछन्।
मात्या उम गाली चाली)	छिटो भात पकाइ खान पर्छ)
आमाई नोई नोई आमाइ दोइ दोइ	आमा लै लै, आमा लै लै
आमाई बेराङ्गको निन्दा ल्यावा	आमै वूढीको नीद आउँछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्याइले लोखेरे लोक्रा लोखेरे–	स्याल आउँछ, बाघ आउँछ
(शिकापा का ची नाह्लाङ्का)	(चूपलाग म पानी लिन जान्छु)
आमाइ नोइ नोइ आमाई दोइ दोइ	आमा लै लै आमा लै लै
काङ आमाइको निन्दा ल्यावा लहाइ	मेरी आमाको नीद आउँछ लहइ
लोक्रा लोखेरे स्याइले लोखेरे–	बाघ आउँछ, स्याल आउँछ
काङ आमाई वेराङ निन्दा ल्यावा रे लहइ लहइ	मेरी आमै बूढीको नीद आउँछ लहइ लहइ
(शिकापा ए गोरा निन्दा मा लेखे)	(चुप लाग अलिकति पनि नीद आउँदैन)
आमाइ बेराङ नोई नोई पाङको रे	आमा बूढीलाई लै लै हल्लाउँछु रे
काङ आमाईको निन्दा ल्यावा रे लहई लहई	मेरी आमाको नीद आउँछ लहइ लहइ
	–भुनि धिमाल्नी, दोघरे

क (आ) (२) हजुर-आमाले नाति-नातिनीलाई फकाउँदै गाउने लोरी

आजाई वाराङको निन्दा ल्यावा रे	हजुर आमा बूढीको निन्द्रा आउँछ
काङको आजाई वेराङको लहई लहई लहई	मेरी हजुर आमा बूढीको लहै लहै
आजाई वाराङको निन्दा ल्यावा लहई	हजुरबाको निन्द्रा आउँछ लहै
स्याइले लोखेरे लोक्रा लोखेरे लहाई लहाई	स्याल आउँदैछ. . . चितुवा आउँदैछ
काङको आजाई वेराङको रे लहई लहई	मेरी हजुर आमाको रे लहाई
काङको आजाई वेराङ वाराङको रे एलाङ	मेरो हजुरआमा बाको अहिले
ल्यावा आमामा	आउँछ आमा
आमामा खा खा नाह्निही लहई लहई	आमा पानी लिनु जानु भएको छ
काङको आजाई वाराङको रे	मेरो हजुर वाको रे
निन्दा ल्यावारे	निन्द्रा आउँछ रे
लोक्रा लोखेरे स्याईले लोखेरे लहई लहई	चितुवा आउँछ स्याल आउँछ लहै लहै
काङको आजाई वेराङको रे	मेरी हजुर आमाको रे
निन्दा ल्यावारे काङको आजाई वेराङको	निन्द्रा आउँछ मेरी हजुर आमाको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लहई लहई	लहै लहै
काङको आजाई वेरांङकोरे आमामा रे	मेरी हजुर आमाको आमा रे
एलाङ कोकोम पिपावा	अहिले भात ल्याई दिनु हुन्छ
चिची पिपावा	मासु ल्याइदिनु हुन्छ
लाहाई लाहाई	लहै. . . .लहै. . . .
आजाई वेराङको आमामा आवावा ल्यावा	हजुर आमाको आमा वा आउनुहुन्छ
ल्यावा कोकोम पिपावा काङको	आउँछ भात मासु ल्याइदिन्छ
आजाई हेङ	मेरी हजुर आमालाई
(हेथे खार्ही निन्दा मालौखे हाईपाहीको वाका)	(कति रोएको निन्द्रा आउँदैन के भयो वा)
लोहोई लोहोई लौ लौ लौ	लहइ लहई लौ लौ लौ
काङको आजा वेराङको निन्दा ल्यावा	मेरी हजुरआमाको निन्द्रा आउँछ।
स्याइले लोखेरे लोत्रा लोखेरे	स्याल आउँछ, चितुवा आउँछ।
काङको आजाइ हेङ एलाङ चिकावा रे	मेरी हजुरआमालाई अहिले टोक्छ
लाहाई लाहाई	लहई लहई
काङको आजाई वेराङको निन्दा एलाङ ल्यावारे	मेरी हजुर आमाको निन्द्रा आउँछ रे
लाहाई लाहाई रे	लहई लहई रे
काङको आजाईको आमामा	मेरी हजुर आमाको आमा
एलाङ ल्यावा लाहाई लाहाई	अहिले आउँछ लहई लहई

धिमाल बाल-बालिकाहरू ठूलाबडाहरूबाट सिकेका गीतहरू उत्सवपर्वहरूमा उनीहरूसँग मिसिएर या छुट्टै पनि गाउने गर्दछन्। उनीहरूका परंपरागत खेलका गीतहरू बिस्तारै हराउँदै जाँदैछन्। उनीहरू वीच केही नेपाली झ्याउरे गीतहरू पनि लोकप्रिय हुँदै आउँदै छन्। उनीहरूले झ्याउरे गीत विशेषगरी विवाहको बेला जन्तीको बाटो छेक्दा गाएका भेटिएका छन्।

(ख) वयस्कहरूको लोकगीत

वयस्कहरूको फुटकर लोकगीतलाई गाउने व्यक्तिको लिङ्गको आधारमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्वास्नीमान्छेहरूले गाउने र लोग्ने मान्छेहरूले गाउने गीत भनी छुट्टयाइने गरिन्छ। तर धिमाल-समाजमा स्वास्नीमान्छेहरूले मात्र गाउने गीत भने उपलब्ध भएनन्। अघि-अघि धिमाल समाजमा स्वास्नी मान्छेहरू र लोग्ने मान्छेहरू गीतमा जुहारी खेल्ने गर्दथे। तर यो चलन पनि घटेर अचेल हराई सक्न लागेको छ। अतः तिनलाई स्पष्टरूपमा विभाजित नगरी वयस्कहरूले गाउने गीतहरू अन्तर्गत छुट्टा छुट्टै रूपमा चिनाउने काम हुन्छ।

(ख) (अ) चे चे वे वे

चे चे वे वे धिमालहरूको आनुष्ठानिक नृत्य-गीत हो। यो सधैं नै असारे-पूजाको वेला ग्राम थानमा विभिन्न ग्रामीण देवी-देवताहरूलाई वलि चढाइएका पशु-पक्षीका टाउकाहरू, उब्रेको हाँडा-भाँडा, पेरूङ्गो, टपरीहरू सवै उठाएर नाङ्गो हात-हतियार खोडा, खुकुरीहरू हातमा नचाउँदै, आफूहरू पनि फुर्तिले नाच्दै माझीको घरतिर फर्कंदा वाटामा गाउने गरिन्छ। अरू वेला गाइँदैन। चे चे वे वे गीतमा जहिले पनि चे चे वे बे नाच नाच्ने गरिन्छ। उक्त वेला ढोलमा बजाइने पोदोलाई पनि चे चे वे वे पोदो नै भन्ने गरिन्छ। कोही-कोही चे चे वे वे लाई चैता-वैता पनि भन्दछन्।

चे चे वे वे गीतमा पूर्ववाट सैनिकहरू, पश्चिमवाट पीठोको परिकार तोले, उत्तरवाट मकैको सह र दक्षिणवाट लत्ता-कपडा आउने उल्लेख गरेको विवरण पाइन्छ। यसवाट पूर्वतिरकाहरूसँग झै-झगडा र पश्चिमकाहरूसँग विहेवारी हुनुका साथै उत्तर पहाडतिरवाट अन्न-पात, मकै र दक्षिण भारततिरवाट लत्ता-कपडाहरू धिमालहरूले ल्याउने गरेको कुरा थाहा हुन्छ।

धिमालहरू यो गीत गाउँदा वीच-वीचमा जोश झिकेर "चेउला रे चेउला" र "हुला रे हुला" भन्ने थेगाहरू उच्च स्तरमा भन्ने गर्दछन्। यी थेगाहरूलाई गीतमा प्रायशः निश्चित स्थानमा एकपछि अर्को गरेर पालै-पालो दोहऱ्याउने गरिन्छ। यी थेगाहरूको उपयुक्त प्रयोगले गर्दा चे चे वे वे गीतलाई अझ अरू रसिलो र चाखिलो तुल्याउने गर्दछ।

चे चे वे वे गीतको एउटा नमूना यस्तो छ :

चेङ चेङ बेङ बेङ पैसा मागुला	चेङ चेङ वेङ वेङ
नुहेसो लोखेरे साईसाम्पा–२	पूर्ववाट आउँछ साइसम्पा (सैनिक)
चेउला रे चेउला...	चेउला रे चेउला
दोहेशो लोखेरे माकाई झावारा	उत्तरवाट आउँछ मकै झुप्पा
दिहे सो लोखेरे तोले-तोपाला	पश्चिमवाट आउँछ पिठोको पोका
हुलारे हुला...	हुला रे हुला

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

माहेसो लोखेरे लात्ता कपडा–२	दक्षिणबाट आउँछ कपडाहरू
चेहुला रे चेहुला	चेउला रे चेउला
चेङ चेङ बेङ बेङ पैसा मागुला	चेङ चेङ वेङ वेङ
नुहेसोङ लोखेरे साइसाम्पा	पूर्ववाट आउँछ साइसाम्पा (सैनिक)
हुला रे हुला	हुला रे हुला
दामा धाइखेरे धाई धाई पा	बाटो फाड्छ सिनिक्क
माखाङ सुरे आमाइगेलाई भाङ भाङपा	नहेर आमाहरू एकोहोरो
सिकाउती लिमुन्ची ताइराङ ओम्पी	सिकाउती[1] लिमुची[2] झिंगोमाछा तारिदेऊ
ना वा घोल्टोङ ताउवोङपी–२	तिम्रो बाबु घोल्टोङ खुल्केको

ग्राम-थान छोडेर माझीको घर तथा गाउँघरसम्म पुगुन्जेल यो वेला धिमालहरू चे चे बे बे को रूपमा अनेक थरीका काम-वासनाका गीतहरू जोस्सिएर गाउने गर्दछन् । सही अर्थमा धिमालहरूले यस्तो अश्लील लाग्ने गीतहरू गाएर आफ्नो गाउँमा कृषिजीवनको आरम्भमै सह डाकेका हुन् । अतः चे चे बे बे-गीत-गायन प्रचलनको उर्वरता सम्वन्धी संसारैभरिका प्रसिद्ध रिवाज र विश्वाससँग घनिष्ठता देखिन्छ । किनभने धिमालहरू यो वेला "लक्ष्मी तिमी वूढा ठाकुरसँग जाऊ ।" भन्ने भावले वूढा ठाकुर लक्ष्मी कुलै कुलै भन्ने पनि गर्दछन् । यसको चर्चा हामीले अन्य सम्वन्धित परिच्छेदमा पनि गरिसकेका छौं ।

(ख) (आ) भोका

"भोका" सबैले गाउने सामूहिक गीत होइन, धिमाल ओझाले रोगको खोजी गरेर गाउने प्रार्थना-गीत अथवा धामीको फलाको र मन्त्र दुवै हो । यो ओझा-भोका गर्दा सधैंनै लहरै खोलाका ढुंगाहरू राखेर एउटा कान्छी औंलामा बाँधी हल्लाउँदै जोखाना हेर्दा गाइने गरिन्छ । भोकाहरू पनि विभिन्न तरहका हुन्छन् । यिनीहरूलाई गाएर रोग टुङ्गो लगाउने र खोजी गर्ने काम धिमाल ओझाहरूको हो । त्यसैले कहिले-कहीं भोका ओझाले शुरूदेखिकै वासन चलाएर दिनभरि पनि गाउनुपर्ने हुन्छ । यस्तो स्थितिमा ओझाहरू रक्सी खाँदै-जिराउँदै भोका गाउने गर्दछन् ।

भोका गाएर ओझाहरू रोग मात्र टुङ्गो लगाउँदैनन्, रोगको उपचार पनि

---

१ र २ तरकारी विशेष

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गर्ने गर्दछन् । त्यसैले उनीहरू झोका गाएर मासिक रजस्वला नियन्त्रण गर्ने, लोग्ने मान्छेको वीर्य र स्वास्नीमान्छेको फुललाई कावुमा राख्ने र छोराछोरी नहुनेलाई हुने समेत बनाउन सक्तछन् ।

झोका गाउँदा आवश्यकताअनुसार ओझाहरू लिङ्ग र योनिको सम्बन्ध र सम्पर्क सहवासको वेलामा तिनीहरूको अवस्था र स्थिति, वीर्य र फुलको भेट र गर्भमा बच्चाको विकासको विषयमा स्पष्ट बखान गर्ने गर्दछन् । खासमा झोका गरेर सानासाना बाल-बालिकाहरू र स्वास्नीमान्छेहरूको रोग हेर्ने र उपचार गर्ने गरिन्छ ।

झोका गीतमा ओझाहरू रोगअनुसार पूजा पाती, सिन्दूर आदि गरी धरती, अग्नि र जल समेतलाई साक्षी राखी देवी-देउताको नाम लिई दूधको दूध पानीको पानी गर्न प्रार्थना गर्दछन् र अर्काको चुक्लीमा, लहै-लहैमा लागेर नचाउने, उफार्ने दुःख दिने गर्न हुँदैन भनी जाँड-रक्सी चढाउने र बलि दिने समेत गर्दछन् ।

झोकाको भाषा सँधैं धिमाली नै भए पनि प्रायशः त्यो अस्पष्ट र बुझ्न नसकिने खालको हुन्छ । यो गाउँदा उनीहरू स्पष्ट उच्चारण पनि गर्दैनन् ।

भोकाको एउटा उदाहरण प्रस्तुत छः

हे..........आमाई	हे.......... आमै
ह्लापाली मागोइ तेम्पाली मागोइरे आमाई	नचाउन हुँदैन उफार्न हुँदैन आमा ।
नाङ सोनाको केर्खा रूपाको जार्खा	तपाईंको सुनको चर्खा चांदीको कपास पेल्ने
ह्लापाली मागोई तोम्पाली मागोई	नचाउन हुँदैन उफार्न हुँदैन
ए..........आमाई	ए..........आमै ।
नाङ कानकान्नी नाङ झान्झानी	तपाईंको कन कन झन झन
ना नाउलीकोङ नानाउली वे आमाई	अनेक थरिको अनेक हैं आमै
पालि मागोई सोना आमाई	गर्नु हुँदैन सोना आमै ।
ए ....आमाई	ए .... आमा ।
दूधको दूध पानीको पानी	दूधको दूध पानीको पानी ।
ज्याकोरे इदोइ बालखको	होवोस् यही बालखको
ए......आमाई......	ए......आमा ।
बोमिको चुवलीता बोमिको नुवलीता	अर्काको चुक्लीमा अर्काको लहै लहैमा
ह्लाली मागोइ तोङ लि मागोइ रे आमाई	नाच्न हुँदैन उफ्रिन हुँदैन
ए..........आमाई	ए आमा ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नाङ्को नामाइ घोरिखारे आमाई	तपाईंको नाम लिंदैछु आमा
सिन्दुर फोता प्यानीङ्रे आमाई	सिन्दुर थोपा दिन्छु आमा
पुजा-पाती प्यानीङ्रे आमाई	पूजा-पाती दिन्छु आमा
इदोइ धरती माता साक्षी तातेङ्रे आमाई	यही धरती आमा साक्षी राखेर
अग्नि साक्षी जलसाक्षी तातानिङ्खे आमाई	अग्नि साक्षी जल साक्षी राखेर ॥

(ख) (इ) तुरिया

धिमालहरू झ्याउरे चुड्के जस्तो भाकाको गीतलाई आफ्नो भाषामा 'तुरिया' भन्दछन्। यो भाका विशेषतः धिमाल युवक-युवती बीच प्रसिद्ध छ। तुरियामा अक्सर केटा र केटीहरूको दोहरी चल्दछ। तुरिया भाकाको गीत गाएर धिमालहरू हाँस-खेल-ठट्टा मनोरन्जनका साथै नाच पनि गर्दछन्। अतः तुरिया गीतमा वहुधा प्रेम र शृङ्गार-भाव बढी अंकित भेटिन्छन् :

केटी– **बाकालारे झोराको मारानाकी लोकता**
होला म्याना जोलाको धेङा लेङगा हायावाम्
शरशराइमा ताङखे. . . . . .शरशराइपा तुङगखे
हेमानाइको दाइ हेला
मनता राजी हिनुखे, दिलता खुशी हिनुखे
मर्दा जनम जेङना तें, कम्मर कसे मानाईको
– (जसरी) बाढी आएर खोलाको छेउ कुनामा भङगालो छुट्दा
बगेको पानी काटिएर सान साना खाल्डामा माछाका भुराहरू
छोडिएर यताउता सलवलाउँछन् ।
त्यसरी नै हामी नारीहरू पनि माया मोहमा बगिरहेछौं
मन राजी छ भने, दिल खुशी छ भने
(र) मर्द जुनिको हो भने किन कम्मर कस्दैनौ ?

केटा– **चिस्याङ लेना नदीको बाला ताना पोङ पाङ**
तेतेरेउना हाङजा उडाइनाको निङ शोना
उडाइपाया निङ र शोना
हेङ कालाउ झिकी ग्याना
– (तिमी त्यसो भन्छौ भने, कम्मर नकस्ने त केही छैन)
चिस्याङ खोलाको बालुवा (वगर)मा बसिरहेका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तेतेरेउ चराहरू (मान्छे जाँदा) हर्केर उडे (झैं)
म पनि तिमीलाई (हर्काएर) उडाउँछु ।
केलाइ फिक्री (सुर्ता) गर्छ्यौं ?

(ख) (ई) पोटोका

पोटोकाको अर्थ धिमाल भाषामा छोटो या पुड्को भन्ने लाग्दछ । यो भाका झ्याउरे ठाडो भाकासँग मिल्दो-जुल्दो छ । त्यसैले छिटो-छरितो र फूर्तिलो हुन्छ । पोटोका गीत सांगीतिक स्वरूपले तुरियासँग केही मिले पनि लय तथा भाकाको दृष्टिले फरक छ, यद्यपि तुरियाको अर्थ पनि धिमाल भाषामा छोटो नै भन्ने लाग्दछ । पोटोका भाका पनि विभिन्न प्रकारको हुन्छ ।

पोटोका भाषाको गीत धिमालहरू पोयामारी अथवा पोया वोका ह्लाकामा पनि गाउँदछन् । त्यसैले स्थान-स्थानमा पोयामारी अथवा पोया वोका गीत पनि भन्ने गरिन्छ ।

पोयामारी नाच शुरूमा प्रायशः उनीहरू गाउँछन्ः—

पोयामारी रेम्फालो, चुइति भाकाना
रेम्का तोलि मागेनु, धर्पी धेताना

पोटोका एकलैले गाए पनि हुन्छ, तर यो सदा नै समूहमा दोहरी खेलेर गाउने गरिन्छ । त्यसैले धिमाल युवक-युवतीहरू यो गीतको भाकामा आफ्नो पिरतीको भक्कानो फुटाउँदछन् र ध्वन्यात्मक रूपमा आफ्नो भावना साटासाट गर्दछन् ।

धिमाल युवक वैंसले भरिएकी धिमाल्नी युवतीलाई जीवनमा सोचविचार गरेर काम नगरे दुःख पाइने कुरा अत्यन्त सरल वाक्यबाट व्यक्त्याउँदै उकास्छः—

दादा—**रेम्फालो रे ओनोइ खोन्चाहाना**
रेम्फा तेली मागेनु धर्पी धेताना
रे ओनोइ धर्पी धेताना
—राम्ररी (हिंडे) है वैनी ठेस लाग्छ
राम्ररी हिंड्न नजाने चोट लाग्छ ।
वैनी चोट लाग्छ

धिमाल युवती पनि पछि पर्दिन । अँध्यारो छैन, सबै बुझदैछु, टक-टकाउँदो जूनमा विचारै गरेर हिंड्दै छु भन्दै आफ्नो कोही नभएको कुरा स्पष्ट गर्छे :

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ओनोइ–दुनिया धाका ताली जोल्काता
रेम्का रेम्का खान्तेङ ते दोङखा
दादा रेम्का रेम्का खान्तेङ ते दोङखा
–दुनिया ढाक्ने जून वलेको (लागेको) वेला
राम्ररी (विचार गरी गरी) हिंड्दै छु,
दाजु राम्ररी (विचार गरी) हिंड्दै छु।

उपयुक्त मौका पाएर युवक, केटाकेटीदेखि नै हाँसखेल, ठट्टा, उठवस गर्दै आएकोले, आफूले सोधपूछ गरेकोमा नरिसाई अन्यथा नसोच्न आग्रह गर्दछ।

दादा–लाम्फा सो लोका घाका योम्का
राउ पाखा काबुङ माङखा मापा
वनाई माङखा मापा
–उहिलेदेखि नै खेलेको वसेको (हाँसखेल गरेको)
ख्याल गर्छु म पनि केही नगर (नरिसाऊ)
वैनी केही नगर

युवती पनि मायाले केही तानिएर यो जुनी एकै वारको हो, फेरि फेरि आउँदैन, रामरस गरेर रमाइलोसँग बिताउनुपर्छ, हाँसखेल गर्दैमा के हुन्छ र भनेर युवकलाई हौसल्याउँदै जीवनप्रतिको धिमालजातिको विचार तथा धारणा स्पष्ट गर्दछे :

ओनोई–ए बारको जुनि एङ निङ नाही
हाउसा राङ्गा पाकाताङ्ग हाई ज्यावा
–एक वारको जुनी हो के छ र (केही छैन)
हँसी मज्जा गर्दैमा के (पो) हुन्छ (र) ?
दाजु हँसी मज्जा गर्दैमा के (पो) हुन्छ (र) ?

एक अर्का प्रकारको पोटोका भाषाको गीतमा पनि नुवा हुल्मे अर्थात् भेना र सालीको दोहरी भेटिन्छ। गीतको प्रसंगमा भेना पारी भएको पेटानी वुन्दै केटाहरूलाई देखी मुस्कुराई रहेकी सालीलाई जिस्क्याउँछ र उनलाई इताङ्गी वोना (पेटानी) नसुहाएको तर दावोना (पारी भएको पेटानी) खूबै सुहाएको वताउँदछ। साली नपाएसम्म ज्यू ज्यू गर्ने, पाएपछि नाक-मुखै नदेखाउने स्वभाव भएको भिनालाई ऐले सुन तौले झैं महत्त्व दिने तर लगेपछि भने मैह्ला दिनैमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाली गर्न थाल्ने लोग्नेमान्छेको स्वभावको पूर्व-संकेत गर्दै मन छानेर साँचो कुरा बोल्नु भन्ने कुरा जरूवा पानी पिउने क्रियाबाट ध्वनित गर्दछ। भिनाभने परेवाको प्वाँख जस्तो कलिलो उमेरलाई छेकेर थुनेर न राख्न सल्लाह दिंदै लाजगालले छोपेर राखेको सालीको मनभित्रको दमित रमाइलो चाहनालाई अरू उदाँग्याउन कोशिश गर्दछ :

नुवा–बाजालाई तिनाना मुचुपा लेनाना	केटाहरू देख्दा मुसुक्क हांस्छयौं
बाजालाई फोम्पानु सेङ खुरूइना–२	केटाहरू संझिदा सुर्ताउछायौं।
हुल्मे–मानिङपा धाउ नुवा शोनातोलापाना	नपाएसम्म भेना सुन
चुम्पु लिनिङनु महिनादिनना मेनाङ–	तौले जस्तो गर्छौ
चेराना–२	लगे पछि महिना दिनमै गाली गर्छौ
नुवा–चाकापिका बोना तानापाना	पारी भएको पेटानी तान गर्छौ (बुन्छौ)
बाजालाई तिनाना मुचुपा लेनाना–२	केटाहरू देख्दा मुसुक्क हाँस्छौ
हुल्मे–मानिङपाधाउ नुवा शोनातोलापाना	नपाएसम्म सुन तौले जस्तो गर्छौ
चुम्पु लिनिङनु माहिनादिनता मेनाङ–	पाएपछि महिना दिनमै गाली गर्छौ
चेराना–३	
नुवा–इताङ्गी बोताना तेलेलेउताना	इताङ्गी लगाउँदा सुहाउँदिनौ'
दाबोना बोताना मेनाङ शोबाइमाना	दावोना लगाउँदा एकदम सुहाउँछ्यौ
हुल्मे–टाइफिटिङ लागाइना मेनाङ	टाइटफिटिङ लगाउँदा एकदम
सोवाईमाना–	सुहाउँनेछौ
हिगिल्का वेला मेनाङ शोवाईयाना	हिंडडुल गर्दा एकदम सुहाउँछौं
नुवा–पारेउको मुईसा नाङको बोईसा	परेवाको भुत्ला तिम्रो उमेर
मामरे माथुम्रे नाङको बोईसा	नछेक न छोप तिम्रो उमेर
हुल्मे– मुर्तिको चिसोना पितेङ खाङतो	उम्रेको जरूवा पानी दिएर हेर
नाङमनता नुवा तितेङखाङतो	तिम्रो मनमा भेना छामेर हेर
ए नुवा	–दम्के धिमाल

(ख) (उ) शाल्बो शाय-शाय

शाल्बो शाय-शाय गीत धिमाल जातिको अत्यन्त लोकप्रिय एवं प्रसिद्ध नृत्य-गीत हो। यो गीतमा सदा नै नाच हुन अनिवार्य हुन्छ, मानिन्छ। बिना नाचको यो गीत कहिलेकहीं गाइहाले पनि पूर्ण मानिंदैन। यो गीत गाउने निश्चित अवसर र वेला पार्वा (तिहार) हो। तिहारमा धिमालहरू २ हप्तासम्म यही गीतको परामा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नाच लगाउने पनि गर्दछन् ।

"शाल्वो शाय-शाय" शब्दावलीको धिमाल भाषामा खास अर्थ खुल्दैन; तर यो गीतको निश्चित स्थानमा पटक-पटक दोहोरिने रहनी एवं थेगो दुवै हो । यसै अनुसार गीतको नाम निश्चित भएको देखिन्छ । धिमाल गायकहरू प्रत्येक चरणको दुई लहर गाइसकेपछि "शालबो शाय-शाय" भन्ने गर्दछन् । कोही-कोही धिमालहरू श र छ को उच्चारण साम्यले गर्दा 'शाल्वो शाय शाय'लाई शाल्वो छाय-छाय या "छाल्वो छाय छाय" पनि भन्ने गर्दछन् । यो गीत एक्लै नगाएर समूहले गाउने सामूहिक गीत हो । तर यसमा पनि धिमालहरूका अन्य फुटकर गीतहरू तुरिया, पोटोका आदिमा झैं केटाकेटी बीच या केटाकेटा बीच दोहरी खूब चल्दछ ।

धिमालहरू यो गीत गाएर तिहारमा नाच मात्र नाच्दैनन् देउसी पनि खेल्दछन् । त्यसैले कोही त्यो गीतलाई धिमाल देउसे गीत पनि भन्दछन् । तर गीतको यो नाम धिमालहरूले भन्दा धिमालेतर जातिले दिएका हुन् । अतः यसलाई धिमाल देउसे भन्दा 'शाल्वो शायशाय' नै भनेर परिचय गर्नु-गराउनु उपयुक्त हुन्छ । तर मावुलालले भने यो गीतलाई जुठचार भाषाको गीत भनी जनाएका छन् । उनको भनाइअनुसार यो गीतमा सधैं नै साली-भेनाको ठोका-ठोक र जिस्का-जिस्की हुन्छ ।

नाचमा "शाल्बो शाय-शाय" जहिले पनि ढोल उर्नी बाजाको पारामा गाइने गरिन्छ । यो गीतमा उमेर, लिङ्ग-भेदको बदला धिमालहरूका केटाकेटी, युवक-युवती, बूढा-बूढी सबैले समान रूपमा भाग लिने गर्दछन् । तर ख्याल गर्न पर्ने कुरा के छ भने गीत-गायनमा धिमाल स्वास्नीमान्छेहरू आजकाल अत्यन्त कम भाग लिन्छन् ।

'शाल्बो शाय-शाय' गीतको मूल विषय माया, प्रेम भए पनि यो गीत केवल हाँस-खेल ठट्टा र मनोरन्जनमा मात्र केन्द्रित या सीमित भएको पाइँदैन । तर यो गीतमा केटाहरूले केटीहरूलाई र केटीहरूले केटाहरूलाई अनेक तरहले जिस्क्याएर तङ्ग गरेको बेसी भेटिन्छ ।

गीतको प्रसंगमा केटाहरू, केटीहरूले मेचीको पल्लोपट्टि (केटा) दुलाहा खोज्ने, पीपलको पात झैं यता उता फर्किरहने, मिचिकिरीको रूख जस्तो कीरा परेकोलाई कसले लान्छ र भन्दै छानेको जाँड र पानी नमिसाएको मीठो रक्सी खान माग्दछन् । केटीहरू पनि केटाहरूलाई बाटो-बाटोमा लहरा लाग्ने वयरसंग तुलना गरी उनीहरूलाई लान त जोर हाँसुली (गहना विशेष) आवश्यक भएको कुरा प्रष्ट्याउँछन्ः—

मिचिकिरी मिचिकिरी पेशापेतानाङ्ग	मिचिकिरी रूख जस्तो कीरा परेकी
नीभएका वेजाने हासु किचानाङ्ग	केटीलाई कसले पो लान्छ र ?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शाल्वो शाय शाय	शाल्वो शाय शाय
पाखे सिंको लाफा फिंरफिंराइखे	पिपलको पात फरफराइरहेछन्
बजारको बेजालाइ गिंरगिंराइखे	बजारका केटी दुगुरिरहेछन्
शाल्वो शाय-शाय	शल्वो शाय शाय
कोकोलिङ्गको भाखा ता कौडी गान्धाइने–	जुरेलीको गुडमा कौडी गन्ने
मेंचिको उदय पार केदुङ्ग भोकाइने	मेची पल्लोपट्टि केटा खोज्ने
शाल्वो शाय-शाय	शाल्वो शाय-शाय
चेचेका मेमेका धिंसी घोरा–	पानी नहाली छानेको जांड
चुमासुरे बेजालाइ रोसी गोरा	लेऊ केटीहरू मीठो रक्सी
शाल्वो शाय-शाय	शाल्वो शाय-शाय
चन्सेको भार शोना मेंन्शेको भार	शिमीको फूल शोना तीलको फूल
दिया खाए माउसी लोकन्दींको भार	भैंसी बोलाइ आमाले (खान) शिमलको फूल
शाल्वो शाय-शाय,	शाल्वो शाय-शाय
दामा दामा रोइका रोइ बागुरी	बाटो बाटो लहरा लाग्ने वयर
चुमासुले बाजालाई जोर हांसुली	ल्याउनु केटाहरू जोर हांसुली
शाल्वो शाय-शाय	शाल्वो शाय-शाय

(ऊ) लाम्फे पारा:–

"लाम्फा" शब्दको अर्थ धिमाल भाषामा पहिलेको वा पुरानो या प्राचीन भन्ने लाग्दछ। हुन पनि धिमालहरू लाम्फे पाराको गीतलाई पहिलेको परंपरागत गीत नै मान्दछन्। यसलाई धिमालहरू गायन पद्धतिको तेर्सो पाराले गर्दा कतै कतै रिका पनि भन्ने गर्दछन्। रिकाको अर्थ भने धिमालीमा लामो हुन्छ। त्यसैले कोही कोही यसलाई लाम्फे पारा पनि भन्दछन्। अत: लाम्फे पाराको गीत, उत्पत्तिको दृष्टिले परंपरागत रूपमा प्राचीन र सङ्गीत-रचना तथा गीतको भाकाको दृष्टिले लामो लेग्रो तान्ने खालको तेर्सो हुन्छ। यथार्थमा, लाम्फे पाराका गीत, धिमालहरूको आफ्नो जातिको प्रसिद्ध गीत 'जारी शोना' यता उताका छरिएका अंशहरू हुन्।

सन्दर्भ हराएका र प्रसङ्ग छुटेका कतिपय, जारी सोना गीतका टुक्रा अंशहरू लाम्फे पाराको गीतको नामले धिमाल गायकहरू एक्लै-दोक्लै गाउने गर्दछन्। त्यसैले फुटकर लोकगीतको समूहमा यही लाम्फे पाराको पनि चर्चा गरिएको हो। अन्यथा जारी शोना र लाम्फेपाराका गीतको संगीत रचना, गायन-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पद्धति र विषय वस्तुमा समेत खास अन्तर पाइँदैन । ती एकै लय र भाकाका गीत हुन् ।

लाम्फे पाराको नाममा गाइने "जारी शोना" गीतमा विशेषतः साली भेना या बावुछोराको गीति-संवाद हुन्छ । यस्ता गीतमा धिमाल गायकहरूको प्रायशः जातीय रीतिथितिप्रतिको आफ्नो आस्थामा दुई दिनको जिन्दगीमा मरेर केही लानु छैन, सत्य कुरो त जसरी भए पनि मेल-मिलाप गरी हाँस-खेल ठट्टा गर्नु पर्छ आदि भन्ने जीवन-दृष्टि र कर्ममा लिएर आएपछि, भन्ने भाग्यवादी सोचाइ भेटिन्छ ।

लाम्फे पाराको गीतको एउटा नमूना यस्तो छः

नुवा- माकु माकु । आनाउ सावाल–२	होइन होइन वैनी
हिसा पाना कुएला–२	के गर्नु अब ?
नाङ भासिङ सोनारे–२	तिम्रोलागि सोना
न्हुम्मी जोरिखारे आनाउ सावाल–२	पर्खेर बसेको छु वैनी सावाल
पारेउँको ना मुङ्सा	परेवाको प्वांख
चाका आम्का बोईसा	खाने लाउने उमेर
मा थिपिकी रे आनाउ काङको	न दबाउ वैनी मेरो
मा बहेपापिरे आनाउ काङको	त बगाउ वैनी मेरो
बसा पनि जेङ होई	वैंस पनि भयो
उमेर बैंस ताङ होई	उमेर बैंस भयो
हाईंको फिक्री पाखेना	केको फिक्री गर्छ्यौं ?
हाईको लागि कमिङ खेना	के को लागि सोच्छयौ ?
ईदोई जिन्दगी भरि	यो जिन्दगीभरि
ईदोई हांसा भरि	यो हंसभरि
जिदोई चालि किका	जे खानु मन लागेको
जिदोई आम्लि किका	जे पिउनु मन लागेको
चालि आम्ली मानिङनु-दे . . .	खानु पिउनु पाएन भने दे . . .
जारी शोना चालि आम्लि मातिङनु	जारी सोना खान पिउनु पाएन भने
हुल्मे- माकु माकु नुवा सवाल–२	होइन होइन
जेङनुते जेङ मानाईको–२	हुन त हो
नाङ वार्का काथा वुङ	तिमीले भनेको कुरा
चि ता थाल्लाउ मा जोका	पानीमा फ्याँक्दा नबग्ने
मेता थाल्लाउ मा ओका	आगोमा लगाउँदा नजल्ने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ईदै जुनिभरी–२	यो जुनीभरि
जुङली गोईखे ढाराङ्को	हुनु पर्छ सबैको
पाली चाली गोइखे संसारता	गर्नु खानुपर्छ संसारमा
संसारको प्रकृति–२	संसारको प्रकृति
ता ताई जातको रितिथिति–२	आ-आफ्नो जातको रीतिथिति
एलासोङ माको कालाउदोङ	अहिलेदेखि होइन
पुखेनिको लेखा	पुर्खादेखि आएको
पुखेनिको जेङका	पुर्खादेखि भएको
ताईमिसोना काङको–२	आफैं सोना मेरो
हानिलिवुङ गोईका	जानु पर्ने
करम ईमिका–२	कर्म यस्तै
चुम्तेङ लोना माईसो	लिएर आएपछि
तिरीया जुनिको–२	स्त्रीको जुनीको
करमा पोतोकारे दे . . .	कर्म छोटो दे . . .
नुवा- सावाल करम पोटोकारे	भेना कर्म नै छोटो

अन्य फुटकर गीतहरू

शोनाकांको

उपर उल्लिखित विभिन्न फुटकर लोकगीतहरूदेखि बाहेक धिमालहरूसँग, शोनाकांको, नामको थेगो भएको गीत पनि छ । "शोनाकांको' गीतको भाका देउसी र भैलोसँग निकै मिल्दछ। देउसी र भैलोमा भने गीत भट्ट्याउने र छोप्नेहरू हुन्छन्। तर शोनाकांको गीतमा गायक एकले या समूहले नै छुट्टा-छुट्टै भट्याउने र छोटो नगरी एक्कैसरो गाउने गर्दछन् । यो गीत कहाँ, कहिले, कसले गाउने हो स्पष्ट थाह लाग्न सकेन :

कोङपाते खानु शोनाकांको
संझिते खानु शोनाकांको
गालिति मोन्दोङ शोनाकांको
आलेखि मोन्दोङ शोना्कांको
हाइ धुइताङ कांको
हाइ वार प्याङ कांको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भियको निन्दाङ शोनाकांको
भियता शेते शोनाकांको
नानावली पोलावुङ शोनाकांको

काट्वा

यसैगरी एक दुई धिमाल सूचकहरू तुरिया र पोटोकाभन्दा अझ अरू काटेर गाउने काट्वा या टुकरा गीत पनि भएको बताउँछन्, तर काट्वा गीतको नमूना खोज्दा, कुनै पनि धिमाल गायकहरूले यही हो भनी भन्न सकेनन्। त्यसैले काट्वा गीतको नमूना यहाँ प्रस्तुत गर्न सकिएन।

फुटकर गीतको रूपमा धिमालहरूले गाउने अन्य भाषाका गीत

धिमालहरू आफ्ना जातिका परंपरागत गीतहरूदेखि बाहेक राजवंशी, नेपाली लोकगीतहरू पनि गाउँदछन्। राजवंशी गीतहरू उनीहरू प्रायशः लोक-नाटक, शास्त्र र पचली गर्दा गाउँछन् भने नेपाली गीतहरू विहे-बटुलो तथा स्कूलको कार्यक्रमहरूमा गाउने गर्दछन्। नेपाली लोकगीतहरू मध्ये धिमालहरू बीच लोकप्रिय भएका गीतहरू हुन्– शिलोक, जुहारी र ठाडो भाकाका झ्याउरेहरू।

पहाडवाट ओर्ली तराईमा बसोबास गरेकी एउटी किशोरी र धिमाल युवक-बीच भएको ठाडो भाकाको जुहारीको एउटा उदाहरण प्रस्तुत छः

हरियो दुवो, लगाको माया न उँधो उँभो
गाई कटेरैमा, हिंडेर जाउँ है रेल मोटरैमा
पानीको दह, दाजुको जोवन के लहलह
नेपाले धागो, दाजु धरान जाँदा रुन मन लागो
वरको छायांले, वरर आंसु दाइको मायाले

हरियो रिविन, वैनी र हाम्रो एउटै हो जीवन
गाई चटारिन्छ, दाजुलाई देख्ता मन बटारिन्छ
गाई चटारिन्छ, वैनीलाई देख्दा मन बटारिन्छ
गाई गो वारीमा, फेरि पो आउ है यै चौतारीमा
गाई चर्यो वृन्दा, वैनीको सुर्ताले आउँदैन निन्द्रा
गाई चर्यो भीरमा, ढाकाको टोपीलाई राख शिरमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाई चर्‍यो भीरमा, के मया लाउँछौ मदेशै ठाउँमा
सावा खोलै खोला, दाइ तिम्रो हाम्रो भेट कहिले होला
गाई हिमालैमा, वहिनीको मन त छ रुमालैमा
सावा खोलै खोला, दाइ, तिम्रो हाम्रो भेट कैले होला
गाई कटेरैमा, (हुरूरू) जाउँ हैं रेल मोटरैमा
हरियो दुवो, लगाको माया न उँधो उँभो
गाई चर्‍यो भीरमा, के फिक्री मान्छौ पैसा छ वेगमा
गाई चर्‍यो वृन्दा , मायाले गर्दा लाग्दैन निन्द्रा
ठेकीमा घिउ छ, जाल माया नलाउ कलिलो जीउ छ
दुई खोला दोभान, खेलाउँदै लैजाउ कलिलो जोवन
हरियो रिविन, वहिनी तिम्रो हाम्रो एउटै हो जोवन
हरियो तुल छ, नचलाउन दाजु बैंसैमा फूल छ
गाई गोदावरी, राम राम छ बैंनी मैं विदावारी
कागतै ठेला, गुराँस फुल्ने चैत यो वेला
फूल माला उन्दै, जाउं बैनी धरान रेडियो सुन्दै
रावा खोला लम्ती, वावरी फूलको वासनै कम्ती
रेल छक छक, वैनीको केशमा फूल ढक मक
रेल छचछक, दाजुको शीरमा फूल ढक मक
हरियो दह, बैनीको जोवन के लह लह
हरियो दह, दाजुको जोवन के लह लह

आजकल धिमालहरू रेडियोमा सुनेका प्रसिद्ध आधुनिक गीतको लय टिपी धिमाली गीतको गेडा पनि गाउने गर्दछन् । उनीहरूमा नेपाली गीतको गेडालाई यथावत् अनुवाद नगरी आफैं रचना गरी गाउने प्रवृत्ति बढी छ । अचेल स्कूलमा पढे-लेखेका विद्यार्थीहरूले धिमाली भाषामा राष्ट्रिय भाव भरेर राजभक्ति र देशभक्तिको गीत पनि गाउन थालेका छन् ।

(२) जारीशोना धिमाल-प्रबन्धगीत

धिमालहरूको प्रबन्धात्मक लोकप्रिय गीत "जारी-शोना" हो । यसलाई धिमालहरू आफ्नो परंपरागत जातीय गीत मान्दछन् । त्यसैले यी गीतका फुटकर अंशहरूलाई धिमालहरू "लाम्फे पारा" पनि भन्दछन् । उनीहरू गीतलाई आफ्नो भाषामा 'लेह' भन्दछन्, तर लेह शब्द उनीहरू फुटकर गीतहरूको निमित्त प्रयोग

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नगरेर 'जारी-शोना' को निमित्त मात्र गर्दछन् । अतः प्रचलनमा "लेह्" ले धिमाल समाजमा "जारीशोना" भन्ने गीतलाई बोध गराउँछ। धिमालहरू "जारी-शोना" देखिबाहेक अरूलाई गीत भन्न उति मन पनि पराउँदैनन् ।

धिमालहरू गीत गाएर कथा भन्दैनन्, न कसैको जीवनी नै गीत गाएर भन्दछन् । वरु गीतमा आवश्यक अवसर र स्थितिअनुसार साइनो लगाएर दोहरी कुराकानी गर्दछन् । त्यसैले जारी शोना कथात्मक र विवरणात्मक नभएर संवादात्मक हुन्छ। यथार्थमा धिमालहरू विना अभिनय केवल गीतमा मनको आन्तरिक भाव पोखेर नाटक गर्दछन् र संवादात्मक शैलीमा विशुद्ध जुहारी खेल्दछन् । यसै कारणले "जारी शोना" गीतले वेला-वेलामा प्रश्न-उत्तर शैलीको स्वरूप पनि लिने गर्दछ ।

"जारी शोना" एक्लै या एकसरो गाइने गीत होइन । यसलाई कमसेकम २जना, नभए सदा नै ४ जनाको एक-एकजोडी दुइतिर बाँडिएर दुइ-समूह भई दोहरी रूपमा गाउने गरिन्छ । यसमा गायकहरूले स्थापित गरेको साइनोअनुसार विषयगत विविधता भएपनि लयात्मक विविधता भने पटक्कै हुँदैन, पाइँदैन । अर्थात् यो सदा नै एउटै भाका र लयमा गाइन्छ । त्यसैले विविध "जारी शोना" गीतको गायन पद्धति, शैली र भाकामा खास अन्तर दृष्टिगोचर हुँदैन ।

यसको कारण खोतल्दा धिमालहरू जारीशोना गीतको उत्पत्तिको रोचक कथा भन्ने गर्छन्, जो यसप्रकार छः–

उहिले कसैको पनि आफ्नो गीत थिएन । एक दिन सरस्वतीले सबैलाई गीत बाँडिदिने भइन् । गीत थाप्न पहाडेहरू डोको लिएर गए भने मधेसेहरू बोरा लिएर गए, त्यसैले उनीहरूसँग प्रशस्त गीतहरू भए । तर धिमालका पुर्खाले भने रक्सी खाने चिण्डो लिएर गई गीत मागे र त्यो पनि जाँडले मात्तिदा थाम्न नसकी बाटोमा ठेस लागी सबै पोखियो । यही वेला उसको मुखबाट 'जारी-शोना' भन्ने शब्द निस्क्यो। रक्सी पोखिए पनि उसले सोरसार गऱ्यो, तर सबै बटुल्न सकेन ।

कोही-कोही, गीत चिण्डोमा भमरा भएर बसेको, उसैबाट जारी-शोना मात्र के सिकेको थियो, ठेस लागी चिण्डो फुटी भमरा उडेर गएको पनि बताउँछन् ।

अतः जारी-शोना गीत उत्पत्तिको यो कथाले धिमालहरू आफहरुसँग थोरै गीत भएको कारणलाई मात्र स्वीकार गर्दैनन्, गीतहरू सबै पोखिएर या उडेर केवल जारी-शोना मात्र बाँकी रहेकोले गीतको शुरू र अन्त्यमा जहिले पनि 'जारी-शोना' थेगो रहेको र भमरासँग सिकेको हुनाले गाउँदा भमरा भुनभुनाए झैं भुन-भुनाउने गरेको कारण पनि जनाउँदछन् । हुन पनि 'जारी-शोना' गीत सुन्दा भमराहरू भुनभुनाएकै भान पर्दछ।

"जारी-शोना" गाउन थालेपछि धिमाल-गायक गायिकाहरू समयको परवाह

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गर्दैनन्, दिन-रात एक बनाउँदछन् । लेखक आफैंले पनि गीत संकलनको क्रममा सहभागी भएर निकै रात उनीहरूसँग काटेको छ । जारी-शोना अक्सर कसारे पूजा र बिहेवटुलो आदि रमाइला सामाजिक पूजा-आजाका बेला बढी गाउने गरिन्छ । तर यो गीतसँग न कुनै बाजा-गाजा बजाउने चलन छ, न त नाच नै नाचिन्छ। गीत गाउँदा पनि गायकहरू सदा नै पलेंटी कसेर या टुक्रुक्क बसेर गाउँदछन् । त्यसैले जारी-शोना धिमालहरू बीच बैठांगीको रूपमा पनि प्रसिद्ध छ ।

धिमाल-प्रबन्धगीत 'जारी-शोना' गीतमा गायकहरू प्रायः नै आफ्नो कथोपकथन "जारी शोना" थेगोबाट आरम्भ गर्ने गर्दछन् । यो थेगो कहिले कहीं कथनको अन्तमा पनि आउने गर्दछ । तर गायकहरू आफ्नो कथन सकिएको संकेत अन्तमा 'दे . . .' भनेर गाउँदै एक अर्कोलाई दिने गर्दछन् । प्रायशः यस गीतमा कथनहरू छोटा नभएर लामा हुने गर्दछन् । धिमाल गायक र श्रोताहरू गीत-गायनको बीच-बीचमा रसविभोर भई रहुसिएर 'च्यापत्ति च्यापत्ति!' 'हाइ विष्णु!' 'श्यावास श्यावास', 'छ्यावाश छ्यावाश', 'च्यावारी च्यावारी', 'वाका वाका' आदि भनेर गीतमा व्यक्त भावले आफूलाई घत लागेको तथ्य जनाउँदै प्रसन्नता प्रकाश गर्दछन् र गायकहरूलाई अरू हौसल्याउँदछन् ।

माथि उल्लेख गरेअनुसार जारी-शोना गीत गाउँदा देवी-देउताको विषयमा बाहेक अन्यमा दुई समूहमा विभाजित भई धिमाल गायकहरू आपस्तमा आवश्यकता र स्थितिअनुसार नाता-सम्बन्ध स्थापित गरेर गाउने गर्दछन् । यही सम्बन्ध र नाताहरूमा प्रायशः बाबुआमा-छोराछोरी, दाजु-बैनी, साथी-भाइ, ज्वाईं-ससुरा, साली-भेना, जेठाजु-बुहारी, देवर-भाउजू, आदिको साइनो बढी प्रचलित भेटिन्छन् र जारी-शोना गीतका विविध्र प्रकारहरू पनि यिनै नाता हेरी छुट्टयाइन्छन् । तिनमा संकलित गीतअनुसार निम्न गीतहरू मुख्य छन् :

(क) सरस्वती (हे देवी दुर्गा) । (ख) पितामाता—बालिबच्चा (ग) दादावने (दाजु-बैनी) (घ) ज्वाइँ चेला-ससुराजा (ङ) नुवा-हुल्मे (भेना-साली) । (च) शोम-भाया (साथी-भाइ) (छ) नामा-बावाइ (बुहारी-जेठाजु) ।

यी मध्ये केही गीतको चिनारी प्रस्तुत छ––

(क) सरस्वती (हे देवी दुर्गा):–

धिमालहरू वर्षको दुईपल्ट मुख्यरूपमा असारे पूजा र पार्वामा आआफ्ना ग्रामीण तथा घरेलु देवी-देवताको पूजा गरेर आराधना गर्दछन् । सरस्वती (हे देवी दुर्गा) गीतमा उनीहरू यसरी देवी-देवताहरूलाई कसरी, किन पूजा गर्दछन्, त्यसको पद्धति र कारण व्यक्त गरिनुको साथै उनीहरूमा प्रचलित धार्मिक मान्यता तथा प्रचलन र परंपराहरूको स्पष्ट झलक भेटिन्छ, यथार्थमा 'सरस्वती' जारी-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सोनाको रूपमा गाइने धार्मिक प्रार्थनागीत हो। यो विशेषतः असारेपूजा र पार्वाको बेला पूजा-आजा गर्दा गाइन्छ।

गीतको प्रसङ्गमा उल्लेख गरिएका प्रमुख-देवीहरू सरस्वती, लक्ष्मी, गौरा, पार्वती, धरती, कनकाई माई, मेची, तिष्ठी (तिष्ठा) आदि छन्। देउ-देउताहरूमा, धरम राजधरम ठाकुर, रासति, रासति महाराज, बूढा ठाकुरका साथै राम, विष्णु र ईश्वर, महादेव पनि छन्।

सरस्वती, महादेव, गौरा, पार्वतीहरू स्वर्गपुरी र बैकुण्ठपुरीमा खेल्ने-उफ्रने मानिएका छन् जसबाट धिमालहरूको स्वर्ग, वैकुण्ठ, मर्त्य र नरकको अस्तित्वमा विश्वास र आस्था व्यक्त हुन्छ। तर धिमालहरूको यो धारणामा बृहत् हिन्दू परंपराको विस्तार र प्रभावको असर देखिन्छ। गीतमा पुरुष देव-पिता र प्रकृति देवी-माता मानी पुजिएका छन्। संसारको गति-संचालन र नियन्त्रणमा माथि उल्लिखित विभिन्न देवीदेवताहरूको भूमिका सर्वोपरि रहन्छ। गीतमा संसार यिनै देवीदेवताको खेल हो भन्ने चिन्तन-धारा प्रष्ट छः—

दुनियाँ नेलाइको, संसार नेलाइको
सोना संसार दोङ नेलाइंको
किङ माशा ममानावाको दे... ...
हाइदोङ कि सोना माईखे
—दुनियाँ तपाईंहरूको, संसार तपाईंहरूको
शोना संसार नै तपाईंहरूको
हाम्रो मानवको त
केही पनि छैन

मानिस देवी-देवताको अपेक्षा निमुखा, निर्धा र अजान छन। मानिसले संसारमा दुःख पाएको कारण नजानेर, नवुझेर हो।

पेत भरी नर्क (पाप) शोना
मुख भरी थुक
\+ \+
मागितेङ शोना
मागितेङ शोना
—नजानेर सोना
नजानेर सोनालाइ...

जतिसुकै जानें-बुझे पनि मान्छे देवताको तुलनामा हीन र मूर्ख छः

किङ मनुवा मुरखे शोना
ईदे आजान मुरख शोना

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

इदैं आजान मुरख एङ...
–हामी मानव मूर्ख सोना
यैं आजान मूर्ख सोना
यैं अजान मूर्खलाई....

त्यसैले देवी-देवतासँग अकिल-बुद्धि पाउन आग्रह गरिन्छ :–

इदैं अकिल बुद्धि शोना
इदैं उन्यार बुद्धि शोना
–यैं अकिल बुद्धि सोना
यैं सुबुद्धि सोना

अतः देवीदेवताहरूलाई अनेक तरहले खुशी पार्न अनिवार्य छ। उनीहरूले नचाहे, उनीहरू खुशी नभए मान्छेले आफ्नो जीवन निर्बाध रूपले चलाउन सक्तैन। देवी-देवताहरू दुनियाँ देख्ने, दुनियाँ ढाक्ने हुन्छन्। उनीहरूको नाम समातेर मान्छे पार हुन्छ।

किङ माशा मानावाको दे ..
हाइ दोङ किसोना भाइखे
नेलाइ दोङ शोना
दुनियाँ तिङका, दुनियाँ धाका
आमाइ पारवती
किङ मानुवा मुरूख शोना
निङ नाम धोरेगा
विन्ति गुवार चढाइगे रे दे ..
–हाम्रो मानवको त
केही पनि छैन
तपाईंहरू नै सोना
दुनियाँ देखेको, दुनियाँ चाहेको
आमा पार्वती
हामी मानव मूर्ख सोना
तपाईंको नाम समाते
बिन्ति चढाए....

मान्छे देवको अपेक्षा शक्तिहीन र नादान भए पनि पलायन हुँदैन। ऊ आफ्नो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जीवनलाई सुन्दर र सुरक्षित बनाउन सदा-सर्वदा देवी-देवताको सहयोग र निगरानीको आग्रह गर्दछ । वास्तवमा धिमालहरू देवीदेवतालाई पुजेर खुशी पारी उनीहरूबाट जीवनमा सफलता, सम्बृद्धि र सुरक्षा खोज्दछन् ।

हे देव दुर्गा. . . .२
शोना को को खेती बाली ता. . . . .
जीउ माको ज्यानता
वालले बच्चा ता (हाई-विष्णु)
रक्षा पाली गोइरे हे ..
राधरम ठाकुर, रक्षापाली गोईरे रे
–हे देव दुर्गा
सोना मेरो खेती वारीमा
जीउ होइन ज्यानमा
बाल बच्चामा (हाइ विष्णु)
रक्षा गरिदिनुपर्छ
राधरम ठाकुर रक्षा गरिदिनुपर्छ
\+ \+
किङ जाहान बालिबच्चा सोना
जीउ जहान कोङ हजुराको सोना
खेती, बाली, बच्चा सोना
जीउ धन माले माता
साई सुविस्ताज्वावा पातेङ . . .२
जाम्ला हात दोङ जेरिखे सोना
–मेरो जहान बाल-बच्चा सोना
जीउ जहान नै हजुरको सोना
खेती बाल-बच्चा सोना
जीउ-धन, माल-सामानको
सुविस्ता होस् भनेर
जम्ल्या हात जोड्दै छु सोना
\+ \+
सोना खेती बाली
जीउले जाहान
चान रे चु सोना
आशैले फसाइपा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हिली निना कारे दे. . .बूढा ठाकुर
–सोना खेती पाती
जीउ जहान
छोरा नाति सोना
राम्ररी (हुर्कन)
हिंड-डुल गर्न पाम्रोस्, बूढा ठाकुर

देवीदेवतालाई खुशी पार्न उनीहरूको उपयुक्त ढङ्गले आवश्यक आदर, मान र भोग बलिसहित पूजा हुनुपर्दछ। गायकहरूले पूजा गर्दा वासमती धरतीमा चढाएको एक लोटा, पानी, धरतीमा सुहाउने सिंदूर थोपा, एक मूठी अक्षताको पान, सुपारी, धूप, फूल-पानी, साथै सुनको छाता र टीकाको समेत उल्लेख गरेको पाइन्छ। यसै गरी कुखुराको भाले-पोथी, विशेष गरेर कोरली पोथी र बासेको भाले, बोकाको रगत चढाएको पनि उल्लेख आउँछ। धिमालहरूले देवीलाई पोथी र देवतालाई भाले भोग दिने प्रचलन भएको तथ्य प्रष्टिन्छ।

गीतको क्रममा गायकहरू देवी-देवतालाई दूधको दूध पानीको पानी गर्नुपर्छ, भन्दै दाहिनाको दाहिना, बायाँको बायाँ होम्रोस् भनेर 'यथास्थान यथास्थिति-न्यायको न्याय र अन्यायको अन्याय यथार्थ फल भोग्न दिनपर्ने कुरा जोड दिएर स्पष्ट पार्दछन्।

२. (२) पितामाता-बालिबच्चा

प्रस्तुत गीतमा पितामाता र बालबच्चा बीच आपस्तको कुराकानी छ। एउटै परिवारको सदस्य भएको नाताले बाबु-आमाको छोरा-छोरीमाथि र छोरा-छोरीको बाबु-आमामाथि के कस्तो कर्तव्य र उत्तरदायित्व छ– त्यसको लेखाजोखा तथा छलफल यहाँ भएको छ। पितामाता र बालबच्चा दुवैले एक अर्कालाई आफ्-आफ्नो समस्या र बाध्यता मात्र देखाउँदैनन्, तिनलाई समाधान गर्ने उपाय पत्ता लगाउँदै समझदारी पनि विकसित गर्दछन्।

दुःखलाई केवल आफैंमा सीमित गर्न हुँदैन। दुःख परेपछि ननिकाली हुँदैन। दुःखको कुरा गर्दा मान्छेको मन गल्दछ र यता-उति उड्न खोज्दछ। त्यसैले दुःखी वालबच्चाहरू आफ्नो दुःखको भारी बिसाउन पितामाताको सहारा खोज्दै गुहार्ने गर्दछन्। तर अनाहकमा उनीहरूलाई पनि आफ्नो दुःखको अभिव्यक्तिले दुःखी वनाउनुपरेकोमा आफ्नो मन र घरसमेत थोत्रो भएको तथ्य जाहेर गर्दै उनीहरू माफ गरिदिन दुइ हात जोड्दछन्।

जीवनमा आकस्मिक दुःख आइपरेर वाल-बच्चाहरू अन्योलमा हुन्छन्, तर माता-पिताहरू हामी छँदैछौं भनी ढाढस दिन्छन्। कसरी खाऊँ, कसरी पिऊँ भन्ने धन्दा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सुर्ता त बूढा-बूढीलाई पनि हुन्छ। मन पनि घोव्रो घर पनि थोव्रो भनेर मन मार्नहुँदैन । मर्दको जुनि भएपछि त आँट गर्नै पर्छ– समस्यासँग लडेर समाधान खोज्नुपर्दछ। संसार हेरेर जीवन चलाउनुपर्छ।

भाखार भाखार बालिका बक्चा
नांग पितामाता दोङ हि दोङखा
–नरोऊ नरोऊ वालबच्चा
तिम्रो पिता माता नै छँदै छौं
\+ \+
घर भन्दा न भोतरो
मान्छे भन्दा भोतरो
थोतरो म:ज्यांखा रे बालिबच्चा
किंग मरदा जुनी जेङतेङ
आट दोङ कि पाली गोइखेरे
बालीबच्चा आरदोङ पाली गोइखेरे
घर भन्दा थोतरो
मान्छे भन्दा थोतरो
थोव्रो हुँदैन वालबच्चा
हाम्रो मर्दको जुनि भएर
आँट गर्नुपर्छ
बालबच्चा आँट नै गर्नुपर्छ

राजाको बोली नै कानून हुन्छ तापनि राजाले पनि एक दिन संसार छाड्नै पर्दछ। दुनियाँ संसारमा जे हुन लेखेको छ, त्यो नभई छाड्दैन, त्यही मात्र हुन्छ "त्यसैले धेरै धन्दासुर्ता मान्न अनावश्यक छ" भनी पितामाता संझाउँछन् । तर धन्दा-सुर्ता नगरीकन पनि घर छैन । वालबच्चाहरू धन नभएर नै धन्दा सुर्ता हुन्छ भनी स्पष्ट गर्दछन् । त्यसैले उनीहरू आलाकाँचा भएकाले पितामातावाट के गर्नुपर्ने हो? आवश्यक सरसल्लाह, आवश्यक वुद्धि, ज्ञान, अकिल माग्दछन् । ती आवश्यक कुरा स्पष्ट गरेर पनि पितामाताहरू भने दुनियाँको व्यवहार जसरी चल्छ त्यसरी नै चल्नुपर्ने कुरामा वढी जोड दिन्छन् । आफूसँग माया छँदैछ । अत: संसारको काममा खेलाँची मानेर ख्याल-ख्याल गर्न हुँदैन भन्दै मातापिता आफ्नो कृषि पेशालाई चलाएर अरू विकसित गर्न आफूसँग भएको मोहियानी खेतीमा नाना किसिमका वाली लगाउने सल्लाह दिन्छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जारी शोना कोकाङ बाल बच्चा
बंदै खिनिङ मोयानीखेती ता
शोना कांको उब्जा बाली
नाना किसिमका बाली
लगाइली गोइखेरे बालिबच्चा
–जारी सोना मेरो बालबच्चा
यो मोहियानी खेतीमा
सोना मेरो उब्जावारी
नाना किसिमको बाली
लगाउनुपर्छ बालबच्चा

बालबच्चाहरू पितामाताको कुरा बुझ्दछन्, संसार चलाउने साँचो पाउँदछन्, त्यसैले मनको कुरालाई मनमैं राख्ने कवोल गर्दछन् र माफी माग्दछन् । तर पिता-माताहरू सधैं सबैको चित्त बुझ्दैन, दुनियाँ संसारको सबैको चित्त बुझाउन पनि सकिंदैन, केवल मनको लहड हो भन्ने कुरा प्रष्ट गर्दछन् ।

२. (३) दादा-ओने (दाजु-बैनी)

दादा-ओने गीतमा धिमाल गायकहरू एक अर्कामा दाजु-बैनीको नाता जोडेर संवाद गर्दछन् । तर दाजु र बैनीको नाता यहाँ केवल संबोधनको निमित्त मात्र प्रयोग हुन्छ, यथार्थमा यी दाज्यू-बैनी प्रेमी-प्रेमिकाका रूपमा अवतरित हुन्छन् ।

ओनेलाई भेटेर दादा आफ्नो मनमा उर्लिएको माया र प्रेमको भावलाई यो चोला (जीवन)मा विविध किसिमका स्थितिहरू हुन्छन्, तापनि आखिर मनको कुरा नै भएर जान्छ भन्दै पूर्व उड्ने, पश्चिम उड्ने, बाढी आउने, उर्लिएर आउने, स्वतः बडबडाउने, केही हराएजस्तो भई मन उड्नेजस्ता कुरा आफ्नो शारीरिक तथा मानसिक स्थितिबाट प्रष्ट गर्दछ ।

ओने दादालाई जन्त बूढा र जन्त बूढी झैं जोडा-जोडी भेट भएकोले अलिकति पनि नसोची, नहेरी आफ्नो मनको विरक्ति अभिव्यक्ति गर्न अनुरोध गर्दछे र र उसको स्थिति एवं अवस्थालाई नबुझे झैं गरी मन चलेको र वहेको, जलेको कारण खोतल्दै नचलाउने र नजलाउने सल्लाह दिन्छे ।

ऊ आफ्नो स्थितिमाथि आफ्नो नियन्त्रण नभएको तथ्य प्रमाणित गर्न मन चलाउँदिन भन्दा पेटमा नअडेको, आफ्नो मन नथामिएको स्पष्ट गर्दछ । ऊ प्रष्ट भन्छ– उसलाई चारै दिशा चारै कुना गए पनि मनमा शान्ति छैन, ऊ चिन्तित भई रोएर बस्दछ । उसको मन सुकेको तोरीकै डाँठ डढे झैं डढिरहेछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्नो स्थितिमा सहानुभूतिपूर्ण व्यवहार पाउँदा दादा आफ्नो मनको कुरा भन्न उत्प्रेरित हुन्छ ऊ यसो भन्यो, उसो भन्यो, भनेर नरिसाउन आग्रह गर्दै प्रष्ट गर्छः–

सोना काको आनाउ
लेखाको जोखा सोनाई
मिलिना माइहि
करमा भागीक सोना
करमको भाग कि
पातेङ साङ हानेखे
–सोना मेरी बैनी
लेखा-जोखा
मिले पछि सोना
मिले नै पछि
कर्म भाग यो सोना
कर्मको भाग
भएर जान्छ !

श्रोनेले दादालाई मनमा शंका नगरी, धक नमानी आफ्नो कुरा अरू भन्न हौसल्याउँछे । आफ्नो मनको खलबललाई हुक्काको गुड्गुडसँग तुलना नगर्न आग्रह गर्दा दादा सुर चढाएर फूलको माला गलामा लगाइदिन केको वेर त भनी सोद्धछ। ऊ आफूले पहिल्यैदेखि नै मनमा साँचिराखेको कुरा भए पनि राम्रोसँग अभिव्यक्त गर्न नसकेको, नजानेको, तथ्य मुर्चुङ्को ताल राम्रोसँग बजाउन नसकेको कुरालाई प्रतीक बनाएर जनाउँदछ। तर बनाउँदा नबनिने, पोत्दा नपोतिने, उमार्दा नउम्रिने, मायाको प्रकृतिलाई स्पष्ट गरी श्रोने उसलाई मनको कुरा मनमै राखेर सन्तोष गर्न अनुरोध गर्दछे । ऊ सन्तोष गरेर पनि नहुने, मनको विरक्ति चल्न नछोड्ने, रातदिन पूर्व र पश्चिमको हावाजस्तो सदा चलिरहने, नअड्ने आफ्नो अवस्थालाई अरू स्पष्ट गर्दछ । श्रोने भने माया प्रेम रोएर-चिच्याएर हुँदैन भनी आफूसँग त्यस्तो भाव नभएको जनाउँदै आफ्नो घर जाने कुरा झिक्दै उड्ने पखेंटा उडेर जान्छु भन्दछे । ऊ दादाको आफैं नपरी, आफैंले अनुभव नगरी यस्तो कुरा बुझ्न सकिदैन भन्ने भनाइलाई नबुझेपछि नजानेपछि, के लाग्छ र फेरि यस्तो स्थिति पनि सँधै रहँदैन, महीना दिनभित्रै ठीक भइहाल्छु भन्दै आफूले फुटानी नगरेको, घमण्ड नगरेको कुरा स्पष्ट गर्दछ ।

बिस्तारै छुट्टिने वेला हुन्छ । पूर्वी र पश्चिमी हावा झैं दुवैको मन बहकिन्छ,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दु:ख र चिन्ता, प्रेम र संयोगलाई कर्म या भाग्य संझेर। वनको कुरा वनैमा र मनको कुरा मनैमा राखी घर फर्किने योजना बन्दछ, ग्रोनेले अहिले तत्काल आफ्नो कलेजोले प्रेमको भावलाई नखाए पनि आफ्नो सुनको कानमा गलाइराखेको या मनमा लिइराख्ने भावचाहिं अन्त्यमा प्रष्ट गर्दछे ।

२.(४) ज्वाई-ससुरा राजा

धिमाल-समाजमा बिहे-बटुलोमा विशेष गरेर जन्ती आइसकेपछि दुलहा र दुलहीपट्टिका मान्छेहरूले आफ्नो-आफ्नो समूहको प्रतिनिधित्व गरी ज्वाइँ र ससुरा भई दोहरी गीत गाउने चलन छ यो गीत विवाहको कुरा चलाउन सिगरेट, सुपारी, पान आदि लिएर केटी माग्न जाँदा पनि गाउने गरिन्छ । यस्तो गीतमा खस, छेत्री वाहुनको विवाहको वेला गाइने श्लोक र कविता (कविज) मा जस्तै ज्ञानगुन र विद्वताको प्रदर्शन र परीक्षण नभई सामाजिक तथा आर्थिक पृष्ठभूमिमा निर्मित दैनन्दिन जीवनको व्यावहारिक पक्षको उद्घाटन बढी भेटिन्छ। अतः यी गीतहरू यथार्थमा छोरीलाई विदा अथवा विदाइ गर्दा ज्वाइँ र ससुराको दोहरी संवादको माध्यमले खिचिएका धिमाल कौटुम्बिक जनजीवनका चित्रहरूजस्ता लाग्दछन् ।

धिमाल-समाजमा कोहीकोही लोग्ने मरेका धनी स्वास्नीमान्छेहरूले दोस्रो विवाह गरी घरमा 'डाङवा' राख्ने चलन छ तापनि वहुधा स्वास्नीमान्छेहरू विवाह-पछि आफ्नो लोग्नेको घर जान्छन्, अतः मागी विवाह गर्दा केटी माग्न गएका ज्वाइँ-चेलाले भमराको रूप लिएर दुनियाँ संसार घुमी ससुराको फूलवारीमा फलेको फलफूलको आस गरी माग्न आउँदा ससुरा आफ्नो कोठेवारीको एक थुंगो फूल आफ्नी एक्ली छोरी घर-सल्लाह गरेर दिन राजी हुन्छः–

लोकतेङ लोही ना
भोमराको रूप होई
हे जुहाइ चेला
किङ खेती बाली ताङ
किङ कोथे वारी ता
ए थङ्गे फूल ता
भोमराको रूप होई
घुन्याईली फिन्याईली
लोहना ज्वाइ चेला
निङ ज्वाइ चेला
ताई घोर बारी ता

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ताईं शोरी चेलो एङ
घोर सल्ला पाना ही
राजी खुशी जेङ ही
–आउनु त आउनु भयो
भमराको रूपमा
हे जुहाइ चेला
मेरो खेती बारीमा
मेरो कोठेबारीमा
एक थुङ्गे फूलमा
भमराको रूपमा
घुम्न फिर्न
आउनु भयो, ज्वाइँ चेला
तपाईंको ससुरा राजाले पनि
आफ्नो घरबारीमा
आफ्नी छोरी चेलीलाई (सँग)
घर-सल्लाह दियो
राजी खुशी भयो।

तर बाबु भएको नाताले उसलाई चिन्ता छ–कतै उसकी छोरीले दुःख वा हेला पाउँछे कि, छोरी ज्वाइँलाई दिइसकेपछि उसको आफ्नो केही लाग्दैन, त्यसैले छोरी दिन ऊ स्पष्ट भन्दछ –

धार्नीको चेलीएङ
बिसौली बानाइखे बे
–धार्नीको चेलीलाई
बिसौली बनाउनु हुन्छ कि ?

कतिपय ज्वाइँचेलाहरू आफू मात्र सधैं हाट-बजार घुमी जाँड-रक्सी खाई स्वास्नी हप्काउने गर्दछन् । विवाहिता छोरीहरू जुवाइँहरूको हेलाको पात्र भई माइत रुँदै फर्केर आएको ससुरा हेर्न चाहँदैनन् । त्यसैले ऊ भन्दछः–

खार्तेङ नुईतेङ
भाखिनिङ मालाको रे दे

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

–रोएर गाली गरेर
मात्र न आवस्, है
\+ \+

तर, कम्मरमा नैनसुतको पटुका कसेको, शिरमा फेटा गुथेको र गलामा गंछा भिरेको, विवाहको लुगा लगाएको ज्वाइँ चेला, मर्द भएको नाताले झगडा नगरी मेलमिलाप गरी बस्ने कुरा हात जोडी विनम्रतापूर्वक भन्दै आशीक माग्दछ। ससुरा आसीक दिन, अर्ति, बुद्धि दिन तयार छ। ऊ काखभरि भएर जोईपोइ जुग-जुग बस, टाउको र अम्लाहरू झैं मिलेर बस, सदा हँसी-खुशी होस्, काख-भरि बाल-बच्चा होऊन्, भन्दै शुभकामना गर्दै सुखी परिवारप्रतिको आफ्नो धारणा र दाम्पत्य जीवनको सौन्दर्यलाई धिमाल विश्वास अनुरूप छर्लङ्ग्याउँछ।

तर अझै पनि उनको शंका निवारण भएको छैन, उससँग अझै केही गुनासोहरू बाँकी नै छन्, एकातिर लाएको लुगाले सामाजिक स्तर कायम गर्ने झूटो सामाजिकता-सँग ऊ परिचित छ भने अर्कोतिर उसलाई आफ्नी छोरी चेली बेटीले सँधै च्यातेको फाटेको लुगा लाउन पर्ने हो कि ? अरूले के भन्लान् भन्ने चिन्ता पनि छ। त्यसैले ऊ दश पंच तथा पंच भलादमीका अगाडि ज्वाइँ चेलालाई आफ्नो कन्ट्रोल गर्न या चित्त बुझाउन आग्रह गर्दछ।

चेलीको कर्म, राख्दा नराखिने हुन्छ–उनलाई थाहा छ, तर उसले अनेक बुद्धि चालेर, आवश्यकतानुसार धामी ओझाहरू लगाएर, अनेक कष्टले आफ्नी छोरी हुर्काएको छ। अतः ऊ ज्वाइँसित भन्छः–

पानीमा आगोमा नफालिदिनुहोस्
मनलाई बुझाउनुहोस्
\+ \+
धार्नीको बिसौली नहोस्।

छोरी बिदाइ गर्दा विदीर्ण हृदय भएको ससुराले ज्वाइँचेलालाई गीतको क्रममा यताउता गरी खूब खेर्दछ। जति अन्कनाएर भए पनि छोरी दिन पर्थ्यो र त्यसैले ऊ ज्वाइँलाई भावीले लेखेको, कर्ममा नापेको पाउनु भयो भन्दै दिन्छ र आफ्नो कर्तव्यप्रति सचेत भएर भन्दछः–

कोरम चले पानाहि
ते तो कुनु ज्वाई चेला
किङ कोनु चेलि हेङ
हिदोइ पारकी पोस्याना

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हिदोइ कोना तानाना
–कर्म चलाइ दियौ
लौ त ज्वाइँ चेला
हाम्री चेलीलाई
कुन पाराले पाल्नुहुन्छ ?
कुन कुनामा राख्नुहुन्छ ?

ऊ फेरि सोना दिनु त दिइहालें, भन्दै दिइसकेपछिको आफ्नी छोरी-प्रतिको अधिकार र कर्तव्य सीमित भएको विवशता जनाउँछ र आफू त केवल मायाको मूर्ति मात्रै हुने स्पष्ट गर्दछ.।. ऊ छोरीको सुख, संवृद्धि, कल्याणको निमित्त एक प्रकारले लाचार भएर जुवाइँको शरण पर्दछः–

निङ ससुरा राजा सोना
मायाकोङ मुख खिनिङग सोना
जिङ पालाउ निङ कोङ
धन पालाउ निङ कोङ
जन पालाउ निङ कोङ
हाइ पाङको ज्वाइँ चेला
–तपाईंको ससुरा राजा सोना
मायाको मुख मात्र सोना
जीउ भने पनि तपाईंको
धन भने पनि तपाईंको
जन भने पनि तपाईंको . .
के गरूँ ? ज्वाइँ चेला

ज्वाइँले पनि गीतको क्रममा ससुराको विश्वास पाउन स्पष्ट भन्दछ– मर्दको जुनि भए पनि गरेर खान पर्छ, म कस्सिएको छु । उनीहरू दम्पती भएपछि मिलेर हँसीखुसीले पारिवारिक जीवन बिताउन पर्छ भन्ने कुरामा ऊ स्पष्ट छ । त्यसैले छोरी दिने ससुराप्रति आफ्नो कृतज्ञता जनाउँदै ऊ भन्दछः–

. . . .निङ आशीरवाद सो
जुग जुग चाली सोना
जुग जुग आम्ली . . .

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निनाको ससुराजा
निङ पाखिूसिको शायाता
योम्तेङ साङ कि रे सोना
नाङ मुरतीको चिकुनिङ
दही पानिङ सोना
इदे दही ठण्डा
जुरी आशीरवाद सो की
राम राम या वा
होइ ससुरा राजा
चातेङ शाङ ह्या कोरे दे......
–तपाईंको आशीरवादले
जुग जुग खानु सोना
जुग जुग पिउनु
पाउ ससुराजा
तपाईंको पिपलको रूखको छायामा
बसेर सोना
तपाईंको मुहानको जरूवा पानी
उमाल्नेछु सोना
यदि ठण्डा भए
जुरायो भने
तपाईंको आशीरवादले
राम्रो राम्रो हुन्छ ससुराराजा
खाएर बस्छौं है......

ससुराले गरेको शंकाको निवारण गर्न ऊ भाग्य, कर्म र लेखनलाई पनि देखाउँछः–

लेखिकाङ ईबोङ झोको
लेखिपिना भाइसो
पढिपिना माईशो
लेखेकाङ सम्म
पढे पिकाङ सम्म
झोकेलिङ गोइ खंरे...

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

–लेखेको यति नै छ।
लेखिदिएपछि
लेखेकोसम्म
यदि दिएसम्म
भोग्नै पर्दछ।

अन्तमा ज्वाइँले छोरी लाने नै टुंगोमा पुगेर कुरा टुंगो लाग्दछ।

संक्षेपमा, ज्वाइँ चेला-ससुराराजा गीतमा ससुरा र ज्वाइँको आदर्श, कर्तव्य, उत्तरदायित्व, र भाषा-भाव आदिले मात्र अभिव्यक्ति पाएका छैनन्, सुखी परिवारको आदर्श स्वरूप र लोग्ने-स्वास्नी बीच हुनुपर्ने समझदारी र प्रेमको झलक पनि स्पष्ट भएको छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोकनृत्य

धिमालहरू आफ्नो भाषामा नाचलाई 'ह्लाका' भन्ने गर्दछन्। धिमाल ह्लाकाहरू विविध छन्। धिमाल ह्लाकाहरूको विषयमा चर्चा गर्दा नाचको उत्पत्ति र यिनका प्रकारहरूको उल्लेख गरेर मात्र विशेषताहरू खुट्याउन उपयुक्त हुन्छ।

धिमाल-ह्लाकाको उत्पत्तिको कथा

धिमालहरू बीच धिमाल नाचको उत्पत्तिको विषयमा एउटा संक्षिप्त कथा निकै प्रचलित छ। कथानुसार एकदिन धिमाल वाराङ्हरू (बूढाहरू) एक ठाउँमा भेला भएर गफ गरेर बसिरहेका थिए। त्यस वेला बाहिर केही हावा चलिरहेको थियो। उनीहरूले अचानक बाहिर बारीमा उभिएको केराको बोटको पात

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हावामा विस्तार हल्लेको देखे । त्यसको धीमा गतिले उनीहरूको हृदयलाई छोयो। उनीहरू थाहै नपाई त्यसबाट प्रभावित भएर आल्गी (वर्को)ले मुख मात्र छोपी दुवै हातमा तन्काएर केराको हल्लिएको पातको नक्कल गर्न थाले । यसैबाट पछि धिमालहरूको ह्लाका (नाच) विकसित भयो । धिमाल नाचको उत्पत्तिको यो कथाले हामीलाई चित्त बुझ्दो कारण प्रस्तुत नगरे पनि धिमाल-नाचको केही विशेषताहरूसँग परिचित हुन भने निश्चय नै मद्दत प्रदान गर्दछ । यसको चर्चा पछि उपयुक्त स्थानमा प्रस्तुत गरिने नै छ ।

धिमालहरू बीच बूढा ठाकुरसम्बन्धी अर्को एउटा कथा पनि प्रचलित छ । उक्त कथाको कथा प्रसंगमा धिमालहरूलाई नाच्न बाजा बजाउन यथार्थमा बूढा ठाकुरले सिकाएका हुन् भन्ने कथन स्पष्ट उल्लिखित छ । चर्चित कथामा धिमालहरूले बूढा ठाकुरबाट नाचहरू मात्र सिकेका होइनन्, बूढा ठाकुरको पूजा गर्न थालेको प्रसंग पनि प्राप्य छ । धिमालहरू यथार्थमा बूढा ठाकुरलाई नाटेश्वरको रूपमा पनि पूजाआजा र आराधना गर्ने गर्दछन् । बूढा ठाकुरले धिमाल देवी-देवताहरूको क्षेत्रमा खास र विशेष स्थान ओगटेको पाइन्छ । कोहीकोही बूढा ठाकुरलाई किराँतेश्वर बूढा सुब्बा पनि मान्दछन् ।

धिमाल-लोकनाचका प्रकारहरू

धिमाल-जातिमा प्रचलित लोकगीतजस्तै लोकनाचमा पनि नृत्य विषयक विविधता कम देखिन्छन् । तथापि ती विभिन्न प्रकारका विभिन्न नामका छन् । अगि-अगि धिमाल-नाचका निश्चित नियमहरू थिए, तर तिनको आजकल उति पालन गरिएको पाइँदैन । धिमालहरू विशेषतः नाच चाडपर्वहरूमा गर्ने गर्दछन् । अतः धिमाल-नाचलाई (क) सिरिजातमा नाचिने (ख) तिहारमा नाचिने र (ग) विवाहमा नाचिने गरी तीन समूहमा पारी चर्चा गर्न सकिन्छ ।

क) सिरिजातमा नाचिने नाचहरू

सिरिजातमा नाचिने नाचहरू सबैजसो धार्मिक र आनुष्ठानिक खालका छन् । यी नाचहरूमा उर्नीको भन्दा ढोलको प्राधान्य हुन्छ । चैंता वैता आदिदेखि बाहेक अन्य नाचहरूमा गीतको प्रयोग पनि कमी हुने गर्छ । यिनीहरू मनोरञ्जनको भावनाभन्दा बेशी धार्मिक भावनाले ओतप्रोत छन् । सिरिजात अर्थात् असारे पूजाको बेला लगाइने नाचहरूमा सम्पूर्ण ग्रामीण देवी-देवताहरूलाई ग्राम थानमा पुजेर उनीहरूबाट सुरक्षा, आवश्यक वर्षात्, सहकालको आराधना गर्ने अभिप्रायले अन्तरधाराको रूपमा सूक्ष्म रूपले काम गरिरहेको पाइन्छ । अतः यस बेला गरिने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाल लोकनाचको मूल अभिप्राय धिमाल लोकविश्वाससँग घनिष्ठ देखिन्छ । यी नृत्यहरू स्वान्तः सुखायको निमित्त नाचिने वैयक्तिक नभएर सामूहिक या सामाजिक हितका पक्षपाती खालका छन् । अतः यस्ता धिमाल-नृत्यहरू सरल र सहज भए पनि भावोद्रेकसँग सहज रूपमा श्रद्धा र कर्तव्यको सूक्ष्म चेतना मिश्रित हुने हुनाले केही गंभीर हुन्छन् । यी नाचहरूमा अनियोजित शारीरिक भाव भंगिमाले नियोजित र नियमित भएर सामाजिक स्वरूप प्राप्त गरेका हुन्छन् । धार्मिक श्रद्धा र परंपरागत सामाजिकतासँग घनिष्ठ रूपले सम्बन्धित हुने हुनाले तिनमा स्थायित्व मात्र नआएर ती जातीय एवं सामुदायिक, पर्वहरूकै जीवन्त प्रतीक हुन पुगेका छन्। यथार्थमा सिरिजातको पूरा विवेचना गर्न यी नाचहरूमा अभिव्यंजित भावनाहरूको नृत्यस्वरूप सूक्ष्मरूपले अध्ययन गर्न अनिवार्य हुन्छ । यी नृत्यहरू धार्मिक साथ सार्वजनिक पनि भएकोले केही गंभीर, केही विस्तारित गुणहरूले परिपूर्ण देखिए पनि बढ्ता रूढ लाग्छन् । असारे पूजामा सम्पन्न गरिने विविध रीतिरिवाज तथा परंपरागत प्रचलनहरूसँग संमिश्रित भएर ती बढी रूढीगत हुन पुगेका हुन् । त्यसैले तिनमा वैविध्य र रसमयताको अभाव खट्किने खालका छन् ।

सिरिजातको बेला नाचिने यी नाचहरूमा वादन, नर्तन, गायन नृत्यका सबै सम्बन्धित क्षेत्रहरूमा केवल लोग्नेमान्छेहरूले मात्र भाग लिने गर्दछन् । धार्मिक भावसँग बढी सम्बन्धित भएकाले पनि तिनमा स्वास्नीमान्छेहरूको सहभागिता कम भएको हो भन्ने लाग्दछ । धार्मिक पूजाआजामा धिमाल स्वास्नीमानिसहरू उति भाग नलिने मात्र होइन, लिंदैलिंदैनन् भने पनि हुन्छ । सिरिजातको बेलामा नाचिने मुख्य धिमाल-नाचहरूमा दिरह्लाका, ढोलह्लाका, चैता वैताह्लाका, विन्दा-हेर्काह्लाका आदि प्रमुख छन् ।

(क) १ दिरह्लाका

धिमालहरू देउतालाई आफ्नो भाषामा 'दिर' भन्ने गर्दछन्, त्यसैले देउतासँग सम्बन्धित नाचलाई उनीहरू दिरह्लाका नामले पुकार्दछन् । दिरह्लाका सँध नै असारे पूजाको बेलामा ग्राम थानमा मूलपूजा गर्दा गरिने चलन छ । दिरह्लाका गर्दा ढोलमा सदा नै दिर पोदों वजाइन्छ । यो नाचमा अक्सर धिमाल धामी (पूजारी) र उनको सहायक हानवा (गणेश) हरूले भाग लिने गर्दछन् । यथार्थमा धिमाल-हरूको दिरह्लाका पूजा गर्ने केही मुद्राहरूको सामूहिक नाम नै हो । कोहीकोही धिमालहरूको भनाइअनुसार धामीहरूले पूजाको थालनीमा माझीको घरमा या ग्राम थानमा केही पुग्यो-पुगेन, चोखो-नितो भयो भएन, भनेर कसैको आङमा देवता चढाएर कमाएकोलाई पनि दिरह्लाका भन्ने गरिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

(क) २ ढोलह्लाका

कोहीं कोही धिमालहरू दिरह्लाका र ढोल ह्लाकामा खास अन्तर छैँन, दिरह्लाका भनेकै ढोलह्लाका हो भन्दछन् । तर ढोलह्लाकाको केही सम्वन्ध दिर-ह्लाकासँग भए पनि त्यो दिरह्लाका मात्रै होइन । यथार्थमा असारे पूजाको बेला कतै कतै गाउँमा ग्राम थानैमा जातिरी (मेला) लाग्ने गर्दछ। यस्तो वेलामा गाउँका केटाकेटीहरू हूल बाँधी ढोल बजाउँदै वातावरणै रन्काएर भेला हुने गर्दछन् । त्यो दिन महाराजको थानभित्र पूजा हुँदाहुँदै बाहिर विशेषतः तोकिएको स्थानमा प्रत्येक टोलीको ढोल, बजाउने पालो बाँधिएको हुन्छ । ढोल बजाउने यो क्रमलाई टोलीका सदस्यहरूले प्रतिस्पर्धात्मक रूपमा स्वीकारेर लहर मिलाएर अगाडि-पछाडि सर्दै यताउता घुम्दै नाच्ने पनि गर्दछन् । धिमालहरूको ढोल नाचको नचाइने पारा राईहरूको च्याब्रुङ नाच र लिम्बूहरूको ढोलनाचसँग निकै नै मेल खान्छ । राई-लिम्बूहरू ढोलनाच नाच्दा प्रायशः केटाकेटी मिलेर ढोलसँगै झ्याम्टा बजाएर गीत गाउँछन् र नाच्ने गर्दछन् भने धिमालहरू केवल केटाहरूमात्रै जम्मा भएर लहर लागी ढोल मात्रै बजाई नाच्ने गर्दछन्। धिमालहरूको ढोलनाच प्रतियोगातमक हुने हुनाले बजाइ र नचाइ निश्चय नै फूर्तिलो हुन्छ, तर त्यो सँधै नै विना गीतको हुन्छ।

(क) ३ चे चे वे वे ह्लाका

असारे पूजाको वेला ग्राम थानमा विशेष गरेर लक्ष्मी वेराङ्ग र बूढा ठाकुर आदिलाई बली चढाएको पशुपक्षीका टाउकाहरू, उब्रेका-पात्रेका हाँडा-भाँडाहरू, पशुपक्षी ल्याइएको पिरुङ्गा-टपरीहरू सबै उठाएर डालोमा राखी र काट्ने हात-हतियार खुकुरी खुँडासहित हिंड्दै फूर्तिले नाच्दै गाउँका माझीको घरतिर फर्कने गरिन्छ। यो बला नाचिने नाचलाई चे चे वे वे ह्लाका भनिन्छ । चे चे वे वे नाचमा चे चे वे वे गीत र पोदो बजाइन्छ । कोही कोही चे चे वे वेलाई चैतावैता मात्रै होइन लक्ष्मी नाच पनि भन्दछन् । चे चे वे वे नाम उक्त अवसरमा बजाइने ढोलको पाराअनुसार रहन गएको हो । चे चे वे वे नाचमा नर्तकले हातमा नाङ्गो खुकुरी खुँडा, तरवार ली कहिले वुर्लुक्क उफ्रेर कहिले जमीनमा घुँडा धसेर हिंड्दा-हिंड्दै वरपर कुदेर नाच्ने गर्दछ। उक्त नाचको थालनीको गीतमा पूर्वबाट अन्नपातको सह, पश्चिमबाट पीठोको परिकार, उत्तरबाट मकैको सह र दक्षिणबाट लत्ताकपडा ल्याइने परंपराको उल्लेख गरिएको पाइन्छ। यसबाट परंपरागत रूपमा तत्तत्‌दिशा-हरूबाट तत्तत् वस्तु धिमालहरूले ल्याउने गरेको प्रचलनको बोध हुन्छ ।

चे चे वे वे नाचको वेला थानवाट फर्केर माझीको घरसम्म पुगुन्जेल नै तराईका अन्य बहुसंख्यक जातिले होली तथा फगुवाको वेला झैं धिमालहरू अनेक थरीका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कामवासनासँग सम्वन्ध राख्ने अश्लील गीतका गेडाहरू गाउने गर्दछन् । उनीहरू माझीको आँगनमा पुगेर पनि नाचगानको रमाइलो कायम राख्दछन् । चे चे वे बे नाचका मुद्रा र भाव वीररसपूर्ण देखिए पनि अभिप्राय भने सहवासको भावले निथ्रुक्क पाइन्छ ।

(क) ४ विन्दा हेर्काह्लाका

सिरिजातको क्रममा थानको पूजा सकेर देरा घुराइका (गाउँघर डुल्ने काम) गर्दा माझी या धामीको घरवाट ल्याइएको चोखो पानी छर्कंदै घुमेर प्रत्येक घरका छानामा वर्षभरको शुभकामना गर्दै धिमालहरू हिलो छेपाछेप गरेर खेल्ने गर्दछन्। यही हिलो खेलेर नाचिने नाचलाई धिमालहरू विन्दा हेर्काह्लाका भन्दछन्। हिलो खेल्दा ढोलमा सँधै नै विन्दा हेर्का पोदो बजाइने गरिन्छ । यो नाचको क्रममा अगि-अगि धिमालहरू घरको आँगनमा पानी ल्याएर हिलो वनाई सबभन्दा पहिलो घरको मूल मान्छेलाई लटपटाई लडाउने र आफैं पनि हिलोमा लडीबुडी खेल्ने गर्दछन् । यस्तो वेलामा धामी हान्वा तथा अन्य सवैलाई क्रमैसँग हिलो छ्याप्ने या मुछेर टीका लगाइदिने र मान्यजनहरू छन् भने ढोगभेट दिने चलन पनि छ। यो क्रम दुई सातासम्म पनि लम्बिन सक्तछ। वास्तवमा विन्दा हेर्कानाचको विधिलाई पूरा गरेर प्रत्येक वर्ष धिमालहरू वर्षारम्भमा पानी माग्दै खेतको उर्वरताको कामना गर्दछन् । यो सिरिजातको एक अनुष्ठानिक अङ्गकै रूपमा रूढ हुन पुगेको छ । यो नृत्यको जादूई असरमा धिमालहरू परंपरागत रूपले विश्वास राख्दछन् र यसलाई सवै ग्रामवासीहरूले मिलेर सामूहिक रूपमा सम्पन्न गर्दछन् ।

(ख) तिहारमा नाचिने नाचहरू

तिहारलाई धिमालहरू पार्वा भन्दछन् । पार्वाको बेला नाचिने धिमाली लोक-नाचहरू पर्वसँग सम्वन्धित छन् तापनि ती आनुष्ठानिक नभएर मनोरञ्जनात्मक र श्रृङ्गारिक वेशी छन्। ती मौसम-मौसममा नाचिने नाचहरूजस्तै रसमयता र श्रृङ्गारिकताले परिपूर्ण छन्। ती सामाजिक त छन् तापनि तिनले सामाजिकतालाई भन्दा वेशी समाजका सदस्यहरूको वैयक्तिक हर्ष-उल्लास, आनन्दसँग बढी सम्बन्ध स्थापित गरेको पाइन्छ । त्यसैले ती रूढीगत र नियमित नभएर अङ्ग भङ्गिमाको प्राञ्जल स्थानीयताको वावजुद पनि वैविध्यपूर्ण, रसप्लावित गर्ने रङ्गीन लाग्दछन्।

पार्वाको नाचहरूमा एउटा सिलसिलावद्धता या क्रम रहेको तथ्य सत्य प्रमाणित हुन्छ । अझै पनि धिमालहरू यसलाई किञ्चित् मात्र भए पनि कायम राख्न चाहन्छन् । अगि अगि यो नाच औंशीमा थालेर पूर्णेमा लगेर तुरिने गरिन्थ्यो । धिमालहरूसँग यसपछि यो पोदो वा यो नाच भन्ने क्रम पनि थियो । त्यसैले पार्वाको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धिमाली नाचहरूका विविध मुद्रा र अवस्थाहरू आज पर्यन्त जीवित देख्न पाइन्छ। पार्वाको नाचमा दुवै धिमाल महिला र पुरुषहरूले समान अनुपातमा भाग लिने गर्दछन्, पार्वाको नाचमा ढोल नवज्ने होइन तापनि उर्नी र गोमानाको भूमिका प्रभावशाली रहन्छ।

पार्वाको नृत्यहरूमा धिमाल नर्तकहरूले बाह्य आडम्बरको एकदमै बेवास्ता गरेर स्थानीय अङ्गभङ्गिमालाई कायम गर्न कोशिश गरे पनि नृत्यको क्रममा अङ्ग भङ्गिमाको क्षेत्रमा पूर्ण स्वतन्त्रता उपभोग गर्ने गर्दछन्। उनीहरू नदी झैं स्वाभाविक रूपमा वगेर सहज आनन्दको सृष्टि गर्न सफल देखिन्छन्। यी नाचहरू सामाजिक हित र जादूई उद्देश्यले भन्दा वढ्ता समाजका सदस्यहरू वीच हुने सामाजिक अन्तर-प्रतिक्रिया, विचार आदानप्रदान, घनिष्ठ सम्पर्कको स्थापनाको दृष्टिले बढी महत्त्वपूर्ण र सक्षम छन्।

पार्वाको वेला नाचिने प्रसिद्ध जीवित धिमाल नाचहरूमा पोयामारीह्लाका, देउसेह्लाका, बोनाबोकाह्लाका, राथुमह्लाका, तोङ्काह्लाका, खाइलोह्लाका, तिरेउ ठोकाह्लाका, घाउ घाउकाह्लाका, चोरघाकाह्लाका आदि प्रमुख मानिन्छन्।

(ख) १ बोनाबोकाह्लाका

बोना बोकाको अर्थ धिमाल भाषामा गुन्यू लाउने या ओढ्ने भन्ने हुन्छ। गुन्यू लाएर घरवुनाको वर्कोले सम्पूर्ण अनुहार गम्लङ्ग छोपेर माथि सार्दै हात फैलाएर धीमा गतिले हावामा केराको पात हल्लेको नक्कल गरिने नाच बोनाबोका नाच हो। बोनाबोका नाचमा धिमालहरू वहुधा उर्नी वजाउँदछन्। यो वेला बजाइने उर्नीको पोदोलाई पनि बोनाबोका पोदो नै भन्ने गरिन्छ। यो नृत्यमा शरीर र पाउभन्दा दुवै हात र शिरको संचालन वेशी हुन्छ। यो नृत्यको क्रममा गति विस्तार चर्काउँदै नर्तक नर्तकी या वादक गायकहरूले कहिलेकहीं गोलाकार या अर्धगोलाकार स्वरूप निर्माण गर्दै केही उफ्रने र घुम्ने पनि गर्दछन्। तर यसको प्रमुख विशेषता दुवै हात फैलाई केराको पात हावामा हल्ले झैं मन्द गतिले नाच्नु नै हो। धिमाल नाच उत्पत्तिको कथा यही नाचको प्रसङ्गमा वढी व्यावहारिक र उपयुक्त लाग्दछ। वोनावोका नाच यथार्थमा धिमालहरू वीच प्रसिद्ध मात्र होइन लोकप्रिय पनि छ। यो नाचमा दुवै स्त्री पुरुषले भाग लिन सक्ने छन्। कहिलेकहीं धिमाल केटाहरू केटीको लुगा लगाएर केटी भएर पनि यो नाच नाच्ने गर्दछन्। नाच्ने वेलामा नेपर, पैंजनी र पेटानी लगाएर सेतो कपडाले मुख छोपी नाच्ने गरिन्छ। पाउमा लगाइएको नेपरको चाल उर्नी या ढोलको तालअनुसारको हुन्छ।

(ख) २ पोयामारी अथवा पोयाबोकाह्लाका

कृषिजीवी धिमालहरू केवल खेती मात्र गर्दैनन्, फुर्सदको बेला शिकार जाने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

र सामूहिक रूपले माछा मार्ने काम पनि निकै रहुसले गर्ने गर्दछन् । तीनकुने जालमा परेको लामो तुना भएको लाम्चे माछा बटुल्ने या सोहोर्ने पारा धिमालहरूको भनाइ-अनुसार विशेष प्रकारको हुन्छ । पोया पोका नृत्यमा यही मुद्राको प्रधानता हुन्छ । त्यसैले पनि यो नाचको नाम पोयापोका रहन गएको हो । पोयापोकालाई कोही कोही पोयामारी पनि भन्ने गर्दछन् । यो नृत्यमा धेरैजसो ३ जना नाच्ने २ जना बजाउने र ४ जना थपडी मार्ने गरेर जम्मा ६ जनाजति व्यक्तिहरूले भाग लिएका हुन्छन् । तर अरू गाउँलेहरूले भाग लिएर यो संख्या केही बढ्न पनि सक्छ । यो नाचमा खास नाच्ने काम केटीहरूको भए पनि अन्य कामको अभिभारा केटाहरूको हुन्छ । पोया माछा सोहोरे झैं गरेर नाचिने हुनाले नर्तकीहरू यसमा घुँडा टेकी टेकी, हिलो या पानीमा परे झैं गरी नाच्दछन् । यो नाच गीतसहित र गीत रहित केवल उर्नीको पोदोमा मात्र पनि हुने गर्छ । यो नाचमा गाइने प्रसिद्ध धिमाल गीतको एक चरण यस्तो छ–

पोयामारी रेम्फालो चुईती भाकाना,
रेम्फा तेली मगिनु धर्पि घेताना

यो नाचमा बज्ने उर्नीको पारालाई पोया पोका पोदो भनिए पनि गीतको भाकालाई भने धिमालहरू पोटोका (ठाडो) भाका भन्नै रुचाउँछन् । यो नाचमा नाच्ने केटीहरू वीचमा राखेर त्यसको वरिपरि केटाहरू उभिएर उर्नी मुर्चुङ्गा र थपडी वजाउने गर्दछन् । यसै नाचमा केटा-केटीहरू गलेर जिराएपछि बूढाहरू पनि हाम्रो पालो आयो भन्दै फूर्ति निकालेर अझ घुँडा धसेर नाच्दछन् । यसरी पालै पालो गरेर नाची रात काटिन्छ ।

(ख) ३ तोङकाह्लाका

धेरै भेला भएर सामूहिक रूपमा थपडी मार्दै उफ्रने नाचलाई धिमालहरू तोङका भन्दछन् । तोङका शब्दको अर्थ नै धिमाल भाषामा उफ्रने या उफ्रेको भन्ने लाग्दछ । तोङका नाचमा धिमालहरू सधैं नै उर्नीमा तोङका पोदो बजाउने गर्दछन् । तोङका नाचमा नर्तक-नर्तकीहरू नाचको बीच-बीचमा बसेर वुर्लुक्क-वुर्लुक्क हलुका चालले उफ्रेर नाच्ने गर्दछन् । यो नाचमा गीतको प्रयोग उत्तिको हुँदैन, नाचमा उफ्रनेहरू प्रायशः वरिपरि छेकारा मारेर अर्ध या पूर्ण गोलाकार रूपमा उभिएर वस्नेहरू हुन्छन् । यी नाचमा लोग्नेमान्छे र स्वास्नीमान्छेहरू दुवै थरीले उत्तिकै भाग लिने गर्दछन् ।

(ख) ४ खाईलोह्लाका

खाइलोनाचमा वीचमा तरुनी केटीहरू भेला भएर घुम्दै नाच्दछन् भने लाठे

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

केटाहरूले वरिपरि उभिएर छेकारा मार्दै उर्नी बजाउने र थपडी मार्ने गर्दछन् । खाइलोनाचमा बजाइने उर्नीको पारालाई खाइलो पोदो भनिन्छ । यो नाच नाच्दा धिमाल जातिमा गीत गाउने प्रचलन देखिंदैन । यो नाचमा थपडीको विशेष महत्त्व हुन्छ भन्ने धिमाल बूढापाकाहरूको भनाइ छ ।

(ख) ५ राथुमह्लाका

धिमाल जातिको सदस्यहरूको अनेक थरहरूमध्ये एउटा थर राथुम पनि हो । धिमाल भाषामा 'रा' को अर्थ नाङ्लो भन्ने हुन्छ । राथुम नाच नाङ्लो ठटाएर नाचिन्छ। यो नाच केवल राथुम थरका धिमालहरू बीच मात्र प्रचलित छ । राथुम नाचमा राथुम थरका जेठाजुले नाङ्लो ठटाउने र बुहारीचाहिं नाच्ने हुन्छ । यो नाच प्रत्येक वर्ष पार्वामा (तिहारमा) अनिवार्यरूपले गर्नुपर्दछ । कोही कोही त राथुम थर नै हरेक वर्ष नाङ्लो ठटाएर नाच्ने गरेकैले नै हुन गएको हो पनि भन्दछन् । कुनै एक थर विशेषमा सीमित भएको यो नाच आनुष्ठानिक भएर रूढ हुन पुगेको छ । त्यसैले आजकल प्रचलनमा उति देखिंदैन । हराउँदै गइरहेछ ।

(ख) ६ तिरेउ ठोकाह्लाका

तिरेउ ठोकाको अर्थ धिमाल भाषामा घुँडा धस्नु भन्ने हुनाले तिरेउ ठोकानाच सदा नै घुँडा धसेर नाच्ने गरिन्छ । यो नाच अलि ठट्यौलो पाराको हुन्छ। यसमा केही बूढोबूढो धतौरेजस्तो केटो अचानक केटीहरूको हूल भएको बीचमा पसेर भाले भएर फूर्तिले घुमीघुमी नाच्ने गर्दछ । यो नाच नाचिंदा गीत गाइँदैन, उर्नीमा बज्ने तिरेउठोका पोदोको भरमा नाचिन्छ । तरूना तन्नेरीहरू बीचको रमाइलो र हाँसखेलले परिपूर्ण हुनाले यो नाच धिमाल धाना धानी (तरुना तन्नेरीहरू) बीच निकै लोकप्रिय छ ।

(ख) ७ धाउ धाउकाह्लाका

उर्नीको धाउ धाउका पोदोमा नाच पनि नाचिने गरिन्छ । यसैलाई धाउ धाउकाह्लाका भनिन्छ । धाउ धाउका नाम धाउ धाउ गरेर बजाइने उर्नीको धाराअनुसार रहन गएको भन्ने विश्वास धिमालहरूमा बलियो छ । धाउ धाउका-नाचमा नाच्ने टोली र घरपट्टिको बीचमा विदावारी लिने दिने प्रचलन छ । त्यसैले यो नाचमा रक्सी मागेर नाचको क्रममा आफ्नो बाटो लाग्न अगिनै गर्ने गरिन्छ । यो नाच विना गीत उर्नीको धाउ धाउका पोदोको पारामा नाचिन्छ । कोही कोही यो नाचलाई वेदाङ्गी (विदालिने) नाच पनि भन्न मन पराउँदछन् ।

(ख) ८ चोर धाकाह्लाका

चोर धाकाह्लाकाको नामकरण कसरी रहन गयो उपयुक्त सूचना तथा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विवरणको अभावमा यकीन गर्न सकिएको छैन। चोर धाकाह्लाकामा धिमालहरू अक्सर २ जोर उर्नी, १ जोर गोमना, र १ जोर ढोल बजाउने गर्दछन् भन्नेसम्म थाहा पाइएको छ। चोर धाका नाच खाना नखाई चोरधाका पोदोको पारामा गाउँगाउँ डुलेर गर्ने गरिन्थ्यो । तर आजकल यो नाच नाच्न जान्ने र यो पोदो बजाउन जान्ने धिमालहरू पाउन एकदमै दुर्लभ भइसकेको छ।

(ख) ६ देउसेह्लाका

धिमाल जातिमा देउसेह्लाका भन्ने कुनै खास विशेष नाच भएको बुझिदैन तर तिहारमा गाउँघरमा देउसे खेल्दा धिमालहरू नाचगान पनि गर्ने गर्दछन्। यसैलाई कोही देउसे नाच पनि भन्ने गर्दछन्। देउसे नाचको आफ्नो विशेष नृत्य मुद्रा हुँदैन। माथि उल्लिखित विभिन्न नृत्यका मुद्राहरू नै प्रयुक्त हुन्छन्। देउसे नाचमा अक्सर दोहरी गीतको बहार चल्दछ।

पार्वामा नाचिने माथि उल्लिखित विभिन्न नाचहरू विशेषतः पोयामारी, बोनाबोका, तोङका, खाइलो, तिरेउ ठोका, धाउ धाउका, चोरधाका एउउटै सिलसिलावद्ध नाचको क्रमिक अङ्गहरूजस्ता देखिन्छन्। किनभने हरेक नाचमा कुनै एक आंगिक नृत्यमुद्राको प्रधानता स्पष्ट दृष्टिगोचर हुन्छ। यिनै खास एक मुद्राको प्रमुखताले कालान्तरमा एउटा विशेष नाचको शैलीको रूपमा विकसित भएर विभिन्न नामहरू प्राप्त गरेको अनुमान हुन्छ। यसलाई सत्य प्रमाणित गर्न ढोल र उर्नीमा वजाइने पोदोहरूको सिलसिला निश्चय नै अत्यन्त सहयोगी छ।

पार्वाका नाचहरू औंशीदेखि शुरू भएर पूर्णेसम्म नाच्ने गरिन्छन्। दाबगाछीका डाकमान तेङमाली धिमालको भनाइअनुसार पार्वाको निश्चित परम्परागत रिवाज-हरू सम्पन्न गरिसकेपछि कुनै एक घरमा पुनः ख्वाउने पियाउने हुन्थ्यो। यस्तो वेलामा निम्ता गरिएका या जम्मा भएकाहरूलाई कपडाले वेरेर छुट्याइएको स्थानमा केराको पात ओछ्याएर खूव जाँड रक्सी ख्वाइन्थ्यो, अतः हाँसखेल ठट्टा खूव चल्दथ्यो, केटाहरू केटीहरूलई जिस्काएर खूब उकास्दथे। बेलुका खाइसकेपछि ढोल र उर्नी वजाएर नाच्दथे, अलि अलि लागेको वेला केटीहरू पनि नाच्न खूब रहुसिन्थे। यो सवै जसो काम धिमाल जातिमा प्रचलित परम्परागत सामाजिक नियमअनुसार पैले माझीकहाँ गरेर मात्र पछि अरू गाउँका ठूला ठालुहरूकहाँ हुने गर्दथ्यो। आजकल पनि यो प्रचलन केही अंशमा ठाउँ ठाउँमा विद्यमान छ।

(ग) विवाहमा नाचिने नाचहरू

(ग) १ ह्लाकालाई ह्लाका–विवाहको अवसरमा धिमाल जन्ती आउँदा दुलही-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पट्टिका विभिन्न उमेर समूहका मान्छेहरूले नाच गरेर बाटो छेक्ने या थुन्ने काम सम्पन्न गर्दछन् । त्यसरी बाटो छेक्नेहरूलाई धिमालहरू ह्लाकालाई (नाच्नेहरू) भन्दछन् यस्तो बाटो छेक्ने पहिलो समूहमा साना-साना बालक हुन्छन् । यिनीहरू अघि अघि १ जोर गोमना, १ जोर ढोल, १ जोर तुम्झाई आदि बजाई बाटो छेक्ने गर्दथे । तर आजकल स्कूलका केटाहरू मादल, हारमोनियम बजाई नेपाली गीत गाएर झ्याउरे नाच्दछन् । र बाटो छेक्दछन् । यस्तो बाटो छेक्ने साना-साना केटाकेटीहरूको नाच अक्सर युगल हुन्छ । उनीहरू दुलाहापट्टिका मान्छेबाट बाटो छोडे वापत ५।–,१०।– रू. पाउँदछन् ।

(ग) २ **बाजालाई ह्लाका**–साना-साना बाल-बालिकाहरूपछि भरखरका नाच्ने युवकहरूको बाटो छेक्ने पालो हुन्छ । अघि युवकहरू एक जोर केटाकेटी नचाएर माथि उल्लेख गरिएअनुसारैका बाजाहरू बजाउँदै नाच्ने गर्दथे । आजकल भने हारमोनियम ढोलकीको वेशी प्रयोग भएको देखिन्छ । बाजालाई ह्लाकामा युवकहरू अक्सर समवेत स्वरमा राजबंशी गीत बेशी गाउँदछन् र केटालाई केटी बनाएर छोकडा-छोकडी नचाउँछन् । यो नाचमा कम्मर हल्लाइ, हात हल्लाइ, साथै टाउको झुकाइको प्रधानता हुन्छ । मारुनी भएको केटाले सारी लाएर कपाल रिबनको फूलले सिगार्ने र हातमा रूमाल लिने गर्दछ । यिनीहरू दुलहापट्टिकाहरूसँग ३।– रू. र २ बोतल रक्सी साटासाट गरी मिलेर रक्सी खाई बाटो छोड्दछन् ।

(ग) ३ **वाराङ्गेलाई ह्लाका**–युवकहरूपछि बाटो छेक्ने पालो बूढाहरूको आउँछ । उनीहरू नाचको क्रममा एक या दुई घ्याम्पा जाँड दुलहापट्टिका जन्तीसँग साटासाट पनि गर्दछन् । धिमाल बूढाहरू भने अझै पनि 'शाल्वशाय शायै' भन्दै धिमाल देउसे गीत (शाल्वा शाय-शाय) गाएर धिमाल्नीको वोना (पेटानी) लगाई, सेतो आल्गी धावा (बर्को)ले मुख छोपेर मन्द गतिले नाच्दछन्, नाच्दै नै छन् । यो नाचमा अक्सर ढोल र उर्नी बजाइने गरिन्छ ।

(ग) ४ **वेदाङ्गीह्लाका**–विवाहका सबै रिवाजहरू संपन्न गरिसकेपछि अर्थात् दुलही अन्माएर पठाएर सबै कामपछि जन्त फर्केको दिनमा या भत्यार खाई सकेपछि विवाहको काम सघाउन आएका सहयोगी केटाकेटीहरू सबै मिलेर अन्त्यमा नाच गान गर्ने गर्दछन् । विदावारी हुने हुनाले पनि यसलाई वेदाङ्गी नाच भनिएको हो । वेदाङ्गी उर्नी र ढोलको पारामा थपडी बजाएर ५,६ जनाले नाच्ने समूह नाच हो । कोही कोही त वेदाङ्गीलाई चोवोर फोतेङ ह्लाइने (थपडी मारेर नाच्ने) नाच पनि भन्दछन् । यो नाचमा अघि केटाकेटीहरू सबै मिलेर नाच्दथे । तर आजकल भने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बहुधा केटाहरूले मात्र नाचमा भाग लिने गर्दछन् । नाच गान सकिएपछि घरपट्टिले भाग लिनेहरूलाई कृतज्ञतास्वरूप १ घ्याम्पा जाँड, एक सेर रक्सी दिएर विदा गरेपछि नाच मात्र होइन विवाह पनि सकिएको मानिन्छ ।

विवाहको अवसरमा नाचिने नाचहरू नाचको शैलीको दृष्टिले अन्य माथि उल्लिखित नाचहरूबाट भिन्न छैनन् । यिनका नामहरू पनि प्रस्तुत गर्ने नर्तकहरूका वयअनुसारका छन् । विवाहको बेलामा नाचिने यी नाचहरू विवाहको अनुष्ठानिक अंगको रूपमा प्रस्तुत गरिन्छन् ।

धिमाल लोक नाचका केही विशेषताहरू

धिमाल लोकनाचका प्रकार, उत्पत्ति, चिनारी र लोकसंस्कृति र धर्मसंगको सम्बन्धको संक्षिप्त सिंहावलोकनको आधारमा केही विशेषताहरू औंल्याउन सकिन्छ । ती हुन् :

क) सामाजिकता तथा सामूहिकताको स्पष्ट विद्यमानताले धिमाल लोकनाचहरू जटिल र विकट नभएर अत्यन्त सरल र सहज छन् । तिनलाई सिक्न र बुझ्न कुनै विशेष प्रशिक्षणको आवश्यकता हुँदैन । अतः ती खास रूपले सिकाइँदैनन् या सिकिँदैनन् । स्वतः समाजको सदस्यको नाताले जन्मजात परंपरागत कलाहरूको उत्तराधिकारी भएर व्यक्तिले विभिन्न संस्कारहरू पचाउँदै र पार गर्दै सहजरूपमा बालककालदेखि नै परिचित हुन्छन् ।

ख) धिमाल लोकनाचहरू वैयक्तिक रचना नभएर सामाजिक सिर्जनाको रूपमा बढी स्वीकृत छन् । एदतर्थ तिनमा व्यक्तिविशेषको व्यक्तित्वको प्रछापको सर्वथा अभाव नभए पनि सामाजिकताको प्रछाप प्रखर हुने हुन्छ । यसैले पनि ती लोकनाचका समान विषताहरू सर्वगम्यता, सर्वसुलभता र सर्वग्राह्यताले परिपूर्ण छन् । तिनमा नाच प्रस्तुतीकरणको क्रमिक सिलसिला प्राप्त भए पनि कथात्मकताको भने नितान्त अभाव देखिन्छ ।

ग) धिमाल लोकनाचहरू अत्यन्त सहज र स्वाभाविक लाग्छन् । लोकनाचका अनिवार्य अङ्गहरू ताल लय र अङ्गभंगिमाको दृष्टिकोणले ती एकरूप छन् । तिनमा आवश्यक एकरूपताको लागि नर्तकहरूले एक अर्काको हस्त, ग्रीवा, पाउ, कटी आदिको संचालनको निमित्त सह-नर्तकहरूलाई पटक पटक दृष्टि परीक्षणले र गायक तथा वादकहरूले एकै लयबद्धता र समान तालबद्धताको निर्वाहको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निमित्त आफ्ना सह-कर्मीहरूलाई चनाखो श्रवण परीक्षणको पूर्णत अभावमा पनि धिमाल-लोकनाचमा नृत्यका सबै अंगहरू स्वाभाविक रूपमा संपृक्त भेटिन्छन् ।

घ) धिमाल-लोकनाचमा धिमाल-लोक-जीवनमा प्रचलित परंपरा, रीतिरिवाज, लोक-धर्म विश्वास जातीय विचारधारा एवं संस्कारहरू संमिलित र प्रतिविम्वित छन् । ती अनुष्ठानिक र मनोरञ्जनात्मक दुवै छन् । त्यसैले ती काल स्थान, र परिस्थितिबाट केही प्रभावित भए पनि परंपराकै रूपमा बढी प्रतिष्ठित र मर्यादित छन् । तिनको प्रदर्शनमा हीनतावोधभन्दा बढी जातीय गौरव वोध र लक्षित उद्देश्य प्राप्तिको आतुरता देखिन्छ ।

ङ) धिमाल-लोकनाचहरू सबैजसो धार्मिक एवं सामाजिक उत्सव चाढ तथा पर्वहरूसँग सम्बन्धित भए पनि तिनमा विशेष परिधान र विशेष अलंकरणको प्रयोग पाइँदैन । यसो हुनाको कारण धिमालहरू मनोरञ्जन र आडम्बर, र देखावटी पनलाईभन्दा नाचको अनुष्ठानिक एवं जादूई पक्षलाई विशेष महत्त्व प्रदान गर्ने गरेको पनि हुन सक्तछ धिमालहरू नाचमा पनि सामान्य शृङ्गार र दैनन्दिन पोशाककै प्रयोग गर्दछन् र वहुधा 'आल्गी' (सेतो धर्को)ले मुख छोप्ने गर्दछन् ।

च) धिमाल-लोकनाचमा कण्ठसंगीत र वाद्यसंगीत दुवैको समान प्रयोग र समान महत्त्व देखिन्छ । धिमाल-नृत्यगीत ताल र लयको दृष्टिकोणले सरल, सहज र आकर्षक छन् । तर तिनमा एकरसता र एकरूपताको बढी प्रधानता देखिन्छ –

छ) धिमाल-लोकनाचमा बढी प्रयोग हुने लोकवाजाहरू हुन्– ढोलक, उर्नी र गोमना । यी बाजाहरूमा बज्ने 'पोदो' कै आधारमा धिमाल-लोकनाचहरू नाचिन्छन् । धिमालहरू धिमाल-लोकनृत्यमा प्रयुक्त कुनै पनि वाद्यको जोडी मिलाउन आवश्यक मान्दछन् । विशेषतः एक जोडी ढोल एक जोडी उर्नी र एक जोडी मुर्चुङ्गा वजाउँदछन् । यी बाजाहरूको जोडी मिलाउँदा पनि उनीहरू डाँका (भाले) तथा माइनी (पोथी) स्वरको सन्तुलन तथा समन्वय कायम गर्ने गर्दछन् ।

ज) धिमाल-लोकनाचहरूमा नृत्यको विविध मुद्रा केही भए पनि निश्चित नाचमा निश्चित मुद्राको प्रधानता र प्रमुखता पाइन्छ । एक प्रकारले प्रधान अङ्गभंगिमा तथा मुद्राकै आधारमा धिमाल-लोकनाचहरूको नामकरण भएको पाइन्छ । धिमाल-नाचमा नाचका संचालित

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अङ्गभङ्गिमाहरूमा चपलताभन्दा मन्दता भए पनि लयवद्धताले गर्दा आकर्षक छन् । धानमा वहुत केराको पात चलेको नक्कल गर्ने प्रवृत्तिको प्रदर्शन हुने गर्छ । नृत्य गठन विधिको सम्बन्धमा धिमाल लोक-नाचमा गोलाकार र अर्ध गोलाकार रूपको गठन अधिक मात्रामा पाइन्छ ।

धिमाल नाचका क्षेत्रमा आएको परिवर्तन

समय-परिस्थितिकाच पेटामा परेर धिमाल-लोकनाचको क्षेत्रमा केही परिवर्तन-हरू देखिन थालेका छन् । धिमालहरू अझै पनि आफ्ना परंपरागत नृत्यहरू गर्दछन् तापनि तिनीहरू सांस्कृतिक दृष्टिले हीनतावोधबाट पीडित हुन थालेकाले आफ्ना सम्पर्कमा आउने अन्य जाति विशेष गरेर कमलाई (राजवंशी)हरूको नाच र गीतहरूबाट अत्यन्त प्रभावित छन् । अघि स्वास्नीमान्छेहरूले समानरूपमा भाग लिन्थे तर आजभोलि लोग्नेमान्छे नै स्वास्नीमान्छे भएर नाच्ने प्रचलन वढी छ । परंपरागत नाचहरू क्रमशः घट्दै छन् । उक्त तथ्य उपर उल्लिखित विहेको अवसरमा नाचिने तीन विभिन्न उमेर समूहका नाचहरूलाई हृदयंगम गर्दा स्पष्ट हुन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धामी एवं ओझा परम्परा

धिमाल धामी र ओझामा अन्तर छ। उनीहरूको कर्म स्वास्थ्य-सुधार, संरक्षा र अभिवृद्धिसँग सम्बन्धित भए पनि क्षेत्र र कार्यविधि फरकफरक छन्। धामी शब्दको प्रयोग धिमालहरू पुजारीको निमित्त गर्दछन्। धिमालहरूकै भनाइअनुसार पनि धिमाल धामी खास ग्रामथानको पुजारी हो, तर ओझा भने औषधोपचार गर्ने झाँक्री हो।

धिम.लहरूको धामी र ओझाप्रतिको धारणामा खास अन्तर थाह पाउन भन्दाँसि धिमालको भनाइ निकै महत्त्वपूर्ण छ। उनको भनाइअनुसार धिमालहरू ढुंगा हल्लाउनेलाई 'दिरधामी' र पूजा चलाउनेलाई 'ग्रामधामी' भन्दछन्। उनीहरूका चक्र पनि दुई थरीका हुन्छन्—दिरचक्र र ग्रामचक्र—जसअनुरूप मन्त्र पनि फरकफरक हुन्छन्। दिरचक्र हुनेले ग्रामका पूजा-सामानहरू चलाउन नसक्ने र ग्रामचक्र हुनेले ढुंगा हल्लाएर देवताहरू खेलाई हिंड्न नसक्ने मानिन्छ। काल-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

क्रमानुसार धिमालहरूले यिनै ग्रामचक्र हुने ग्रामधामीलाई 'धामी' र दिरचक्र हुने दिरधामीलाई ओझा भनेका हुन् ।

धामी-कर्म

धिमाल धामीको कर्म सम्पूर्ण गाउँको सुरक्षा र अभिवृद्धिसँग सम्बन्धित छ। उसले गाउँको सामूहिक हित र संरक्षाका निमित्त गाउँका प्रमुख देवी-देवताहरूलाई ग्राम-वासीहरूका तर्फबाट पूजा दिएर रिझाउने र मनाउने गर्दछ। उसले गाउँको गाउँलेहरूको रोग-व्याध मात्र होइन, खेती-पाती र गाई-बस्तुहरूको पनि हेरविचार गर्दछ। त्यसैले उसको क्षेत्र ओझाको भन्दा केही फराकिलो छ।

धामीको स्थान

धामीको कर्म लोक-धर्मसँग सम्बन्धित लोकहितकारी भएकाले धिमाल गाउँमा उसको स्थान "माझी" (मुखिया) पछिको दोस्रो मानिन्छ । त्यसैले धिमाल-समाजमा पार्वाको बेला सामूहिक पूजा गर्दा धामीको पनि पूजा गर्ने चलन छ। धामीको यो पूजा धिमालहरूको विचारमा धामीहरूको प्रसिद्ध पुर्खाहरूको सामूहिक पूजा हो, त्यो उनीहरूप्रतिको कृतज्ञता-ज्ञापन र ग्राम संरक्षाको आग्रह पनि हो। धिमाल-विवाहको वेला सम्पन्न गरिने रीतहरूमा एउटा धामी रीत पनि छ। धामी रीत बुझाउँदा १ रूपैंया र १ बोतल रक्सी दुलहीका गाउँका धामीलाई दुलहापट्टिका जन्तीले बुझाउने गर्दछन्। धिमालहरूको असारे पूजा धामीविना असम्भव हुन्छ। पूजा गर्ने चाँजो र बन्दोबस्त माझीले मिलाए पनि पूजा सम्पन्न गर्नका निमित्त भने धामीको उपस्थिति नै अनिवार्य हुन्छ।

हान्वा: धामीको सहयोगी

धामीहरूलाई सहायता गर्ने सहायक पनि हुन्छन्, जसलाई उनीहरू हान्वा भन्दछन्। हान्वा कहिलेकहीं अरू कोही भए पनि बहुधा आफ्ना नातादार, भाइ, छोराहरू हुन्छन्। धामीहरू हान्वालाई सहभागी अवलोकन-विधिले भविष्यको धामीको निमित्त प्रशिक्षण गरिरहेका र अभ्यास गराइरहेका हुन्छन्। धामी काम धिमाल-जातिमा प्रशिक्षण र अभ्यासले भन्दा पैतृक रूपले छोरा-नातिमा गर्दै सर्दै जाने चलन बढी छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धामीका प्रकार

प्रचलनअनुसार धिमालहरूका धामी पनि दुई प्रकारका छन्:– राजधामी र ग्रामधामी या धामी । ग्रामधामीले आफ्नो धामी कर्मलाई एउटै गाउँमा लगाएर एउटै गाउँलाई हेर्दछ तर राजधामीले भने एउटा गाउँमा सीमित नभएर धेरै गाउँहरू भ्याउने गर्दछ । ग्रामधामी कुनै एक ग्रामको थानको पूजा गर्ने पुजारी हो । उसँग अन्य विशेष धामी शक्ति हुँदैन, त्यसैले ऊ केवल एउटै गाउँमा केन्द्रित हुन्छ तर राजधामी आफ्नो गाउँमा मात्र होइन, वरिपरिका अन्य गाउँमा पनि उत्तिकै मानिन्छ । उसको प्रसिद्धि चारैतिर फैलिएको हुन्छ । धिमालहरूको विश्वास-अनुसार ठूलठूला राजधामीहरू प्रायशः दुवै आँखाका अन्धा हुन्छन् ।

राजधामी हुनाको कारण

कोही-कोही धिमालहरू राजधामी राजाबाट पाएको पद हो भन्दछन् । पहिला पहिला राजा-महाराजाहरू धिमालहरूको बसोबास भएको इलाकातिर शिकार खेल्न निकै आउने गर्दथे । यसरी शिकार खेल्न आएका वेलामा कुनै एक धिमाल धामीलाई तोकिएको समयमा तोकिएको स्थानमा वाघ ल्याउन लगाउँदा मन्त्र फुकेर उसले एक हाँजै बाघ ल्याइदिएकोले महाराज खुशी भएर उसले राजधामी पद पाएको हो । यिनैका सन्तान मोतीलाल र ठेकलाल हुन् । मोतीलालको शेखपछि ठेकलाल राजधामी छन् । यिनी अझै पनि दशैं तिहारमा हरैंचा (बथान) हात्तीसारमा पूजा गर्दै नै छन् भन्ने सुनिएको छ । तर आजकल भने धेरै ग्रामको हेरविचार गर्ने धामीलाई राजधामी भन्ने गरिन्छ ।

राजधामीहरुको विशेषता र शक्ति

धिमालहरूको भनाइमा राजधामीहरू अत्यन्त पराक्रमी र पुरूषार्थी हुन्थे । उनीहरू जङ्गली पशु, वाघ, भालू , हात्ती, अर्ना, आदिलाई कुनै एउटा निश्चित इलाकाभित्र मन्त्रले बाँधेर या थुनेर राख्न र बोलाउन सक्तथे । आफ्नो मन्त्रबलले उनीहरू आकाशबाट परिरहेको पानी थाम्ने, खोलाको बाटो वदल्ने या फर्काउने रूख सुकाएर जगाउने, ढुंगा फटाएर जोड्ने, गर्दथे । कोही-कोही राजधामी त बाघ चढेर जङ्गलबाट घर फर्कने पनि गर्दथे । तर आजकल त्यस्ता शक्ति भएका धामीहरू छैनन् । आजकलका धामीहरू खालि देवताका नाम लिन्छन् र पूजा गर्दछन्, ठूलो 'गुन' भएका छैनन् । केही प्रसिद्ध राजधामीहरू मोतीलालका सन्तानबाहेक वसुर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धामी, सवारी धामी, कावा धामी आदि मानिन्छन् ।

कालो वादल लागेर घनघोर हुँदा अब पानी पर्छ भनी कसैले धामीहरूलाई "लौ रोक" भनी रोक्न लगाउँदा धामीहरूले १।२ घण्टासम्म पर्ने पानी रोकिदिन्थे । गाउँका धिमालहरू अझै आँखामा तेज ल्याएर सगौरव भन्दछन् । तर शांसुला काना धामी भने पानी पार्ने र बज्र रोक्ने काम त लामाहरूको विद्या हो , धिमाल धामीहरू सक्तैनन् भनी आफ्नो असमर्थता सजिलै स्वीकारेका छन् ।

धामी लगाउने उद्देश्यहरू

धिमालहरू धामीलाई असारे पूजादेखिबाहेक, सुख्खा जर्ति लाग्दा, सामूहिक रूपले अन्न वाली बिग्रँदा, संक्रामक रोगले बस्तु-भाउ सताइँदा, माई-हैजा आदि ठूल-ठूला संक्रामक रोगहरू फैलँदा लगाउँदछन् । अन्न बाली कीरा आदि लागेर नबिग्रोस् भन्ने उद्देश्यले धिमालहरू धामी वा हान्वाले पूजा गरी नदीमा डुबी मुखले ल्याएको बालुवा आफ्ना खेतका वालीमा ल्याई छर्कन्छन् । असारे पूजाको क्रममा माझीहरूवाट ल्याइएको चोखो पानी कल्याण र भलाइका निमित्त गाउँका प्रत्येक घरका छानामा छर्किदिने काम पनि धामीकै हो । अघि धामीहरू हैजा र माईजस्ता ठूल-ठूला संक्रामक महामारीहरू चर्कंदा आफ्नो गाउँ बाँधेर पस्न नदी बाहिरवाटै तर्काएर पठाउँदथे ।

ग्राम-बन्धन

गाउँ बाँध्न धामीहरूले सम्पन्न गर्ने विधिलाई "ग्राम-बन्धन" भनिन्छ । ग्राम बन्धन गर्दा धामीहरू काँचो चामल तथा तोरीको गेडाले गाउँको चारै दिशा, चारै बाटो, रोगलाई पस्न नदिन बाँद्धछन् । पहिले-पहिले यस्तो वेलामा गाउँलेहरू धामीले मन्तर गरेको तोरीको दाना जीउमा कतै बाँधेर लाउँथे । आइमाईहरू आफ्नो मालामा लाउँथे भने लोग्नेमान्छेहरू कन्दनी र हातमा लाउँदथे । यसैगरी तोरी र चामल पनि सबैको घरमा लगेर मुछेर धूप-धुँवार गरी चारै दिशा ढाकेर बाँधिन्थ्यो । ग्राम-बन्धनको वेला गाउँलेहरूले विशेष निषेध बारेर एउटा अधीन तथा शासनमा बस्न पर्दथ्यो । धिमाल लोग्नेमान्छेहरू माछा मार्न जाँदैनथे भने स्वास्नीमान्छेहरू कपाल कोर्दैनथे । गाउँलेहरू सबै लापर्वाही नगरी तेलको भुटन वन्द गर्ने, लसुनको गन्ध नलचाउने, ७ दिनसम्म मासु-मंस पनि नखाने गर्दथे, लोग्ने-स्वास्नीहरू पनि एकै ठाउँमा सुत्दैनथे । यसैगरी शिकार जान, गीत गाउन, सुसेली हाल्नसमेत निषेध हुन्थ्यो । ग्राम-बन्धन गरेर धामीहरू ठूल-ठूला

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सरुवा रोगहरू सजिलै तर्काउने र पन्साउने गर्दथे । तर दासुर धामीका छोरा सवारी धामी बाबुजस्तै प्रसिद्ध भए पनि आठ मौजामा हैजा चलेको वेला ग्राम बाँध्न जाँदा समार्न नसकेर आफैं हैजाले मरेका रहेछन् ।

निषेध र वर्जनहरू

धिमालहरू देवी-देवताको पूजाको निमित्त शुद्धता र पवित्रताको अत्यन्तै विचार गर्दछन् । त्यसैले यस्तो कार्य सम्पादन गर्ने धामीले मान्नुपर्ने केही विधि तथा निषेधहरू पनि निश्चित छन् । धिमाल सूचकहरूको भनाइअनुसार पहिले-पहिले धामी खालका धिमालहरू बुनेको लुगा नलाउने, लोखन (भोटो) पनि र धारी (धोती) पनि सेतो रङ्गबाहेक अरू नचलाउने, घोडा नचढ्ने, छालाको दाप भएको खुकुरी नभिर्ने, वेदा (नलको जुत्ता)देखि बाहेक अरू जुत्ता नलगाउने गर्दथे । धामी खालका आइमाईहरू पनि कोचेनी (राजवंशी) वोना लगाउँदैनथे तर आजभोलि त्यत्तिको वास्ता गरिंदैन । त्यसैले उनीहरूले खास रूपमा लाउने धामी-लुगा आजकल देखिंदैन ।

अरूलाई कमाउने धामी

धिमाल धामीहरू आफैं काम्दैनन्, तर उनीहरू अरूहरूलाई आँगमा देवता चढाएर कमाउन समर्थ मानिन्छन् । उनीहरू अक्सर असारे पूजाको वेला थानमा माटोको हात्ती-घोडा चढाउन लान लाग्दा मुखियाकहाँ कुनै एक सामान्य मान्छेलाई कमाएर जूठो-चोखो भए नभएको मात्र होइन, पुगे-नपुगेको समेत सबै विचारेर भूल-चूक भएमा सुधार्ने गर्दछन् । यस्तै गरी कहिलेकाहीं उनीहरू ग्राम-थानमा पनि मान्छे कमाएर देवता बुझे-नबुझेको छुट्याउँदछन् ।

धामी-खन

धामी-कार्य सम्पादन गरे बापत धिमाल-गाउँमा धामीलाई वर्सेनी प्रत्येक घरले केही अन्न विशेषतः धान दिने चलन छ, त्यसलाई धामी-खन भनिन्छ । धिमाल सूचकको भनाइअनुसार पहिले ४ कठ्ठा (५ पाथीजति) दिने गरिन्थ्यो । तर अचेल घटेर २ कट्ठामात्र हुन पुगेको छ । त्यो पनि धिमाल-गाउँमा बसोवास गर्ने थारू र तराईका अन्य जातिले मात्र दिंदैछन्, पहाडबाट ओरालो लागेकाहरूले भने दिंदैनन् । यसरी धामी-खन पाउने धामीले धामी लगाउनुको उद्देश्यमा उल्लेख

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भएअनुसार गाउँमा आइपर्ने दु:ख-कष्ट, बिमारी आदि हेर्नुपर्ने, बालीनाली बिग्रे, गाईबस्तुलाई रोग लागे, खोला, बाँध, कुलो आदि बिग्रिए अगाडि सरी सुल्झाई मनाई, बुझाई गर्नुपर्ने हुन्छ। धामीले आवश्यकताअनुसार वेला-वेलामा थानमा या गाउँमा टाँका-बान्धागरी ग्राम-महाराज, पितृ-धामी आदिलाई पुकारी भाकल पनि गर्ने गर्दछन्। धिमाल-जातिमा धामीप्रतिको विश्वास अझै पनि बलियो देखिन्छ।

ओझा

धिमालहरू परिवारको कुनै सदस्य केही गरी बिमारी परे बिमारीको अवस्था हेरी तुरुन्तै या केही समयपछि ओझालाई बोलाएर ल्याई देखाउँदछन् । ओझाले बिमारीको लक्षण विचारेर जोखाना हेरी, रोगको कारण पत्तो लगाई, झार्ने, फुक्ने, मन्साउने, पन्साउने, मनाउने र सार्ने काम गर्दछन् । अत: ओझा धिमाल-समाजमा प्रचलित अतिमानवीय शक्ति र मान्छे बीचको सम्वन्ध सुधार्ने मध्यस्थ मात्र होइन, धिमालहरूको स्वास्थ्य र जीवनको हेरविचार गरी लोक-औषधोपचार गर्ने महत्त्वपूर्ण व्यक्ति पनि मानिन्छ। सम्पूर्ण गाउँको सामूहिक हित र रक्षाको अभिभारा धिमाल धामीको भए पनि आफ्नो जातिको कुनै सदस्य वा व्यक्तिविशेषको औषधि-उपचार गर्न भने धिमालहरू ओझाकै सहयोग लिन्छन्, ओझालाई नै गुहार्दछन् ।

झाँक्री

धिमाल-गाउँमा ओझादेखि बाहेक अन्य धामी, झाँक्री, बिजुवाहरू पनि हुन्छन्। धिमाल सूचकहरूको भनाइमा धामीले या झाँक्रीले ढ्याङ्ग्रो ठोक्ने गर्दछन् । ढ्याङ्ग्रो नपाए थाल भए पनि बजाएर फलाक्दै चिन्ता बस्दछन् यस्तो वेलामा उनीहरू अक्सर पहाडे भाषाकै बेसी प्रयोग गर्दछन्। धिमालहरू धामी र झाँक्रीमा कुनै अन्तर देख्दैनन्।

बिजुवा

धिमालहरूका विचारमा राई-लिम्बूको देवा खेलाउने व्यक्ति बिजुवा हुन् । विजुवाहरू अदुवा, खोर्सानी काटेर, अमलिसो खुकुरीले खुर्केर झुप्पा-झुप्पा पारी अगाडि-पछाडि पार्दै नाच्दै जोखाना हेर्दछन् । धिमालहरू ठूल-ठूला बिजुवाहरू पहाडतिरै भएको कुरा बताउँदछन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ओझाका प्रकार

धिमालहरू औषधोपचार गर्ने व्यक्तिलाई धामी र बिजुवाभन्दा बढी ओझा भन्ने गर्दछन् । धामी र बिजुवाको प्रचलन धिमाल-समाजमा निकै पछिको हो । पहाडे धामी र बिजुवालाई पनि उनीहरू ओझा नै भन्ने गर्दछन् । धिमाल ओझाहरू खासमा ढुंगा हल्लाउने र नहल्लाउने गरी दुई थरीका हुन्छन्–जसलाई सामान्यतया धिमालहरू ओझा भोका र ओझा भन्दछन् ।

ओझा भोका

ओझा भोका गर्दा ओझाले भूईंमा लहरै ढुंगाहरू राखेर एउटा कान्छीऔंलामा धागोले बाँधी हल्लाउँदै भूत-प्रेत, देवी-देवता वा के लागेको हो गीत गाउँदै फलाकेर छुट्टयाउँछन् । उनीहरू अक्सर स्त्री-रोग तथा बाल-बच्चाहरूको रोगका विशेषज्ञ मानिन्छन् र तिनै रोगको निवारण गर्न भोका फलाक्दै गाउँछन् । सामान्य ओझा प्रायशः अक्षता केलाउँदै आफ्नो मुन्दुम चलाएर रोग-लागो छुट्याउँछन् । उनीहरू भूत-प्रेत, डाइनी-बोक्सी लागेको, घर गाउँका देवी-देवताहरू रिसाएको, अरू कसैले वाण हानेको या केही उठाएर लगाइदिएको, सातो गएको आदि सबै हेर्दछन् । ओझाहरू स्यें, जागिन्न आदि विचारी धिमाल, थारू, बंगाली (राजवंशी), पहाडे (नेपाली) भाषाको प्रयोग गर्दछन् । धिमाल सूचकहरूको सूचनाअनुसार मदिशे (थारू) तथा बङ्गाली (राजवंशी) ओझाहरूले थाल तथा ढ्याङ्ग्रो ठटाउँदैनन्, रातो फूल र अक्षता थालमा राखी केलाउँदछन् । ओझाको यो पारालाई धिमालहरू आफ्नो भाषामा "आँखिरी योङ्का" भन्दछन् र कोहीकोही यस्तै पनि गर्दछन् ।

रोग पैल्याउने जोखाना : खोरी खान्का

कोही-कोही धिमाल ओझाहरू पहाडतिरका धामीहरू झैं ढ्याङ्ग्रो ठोकेर काम्छन् तर फलाक्ने र चिन्ता बस्ने गर्दैनन् । विभिन्न प्रकारको लागो तथा रोग छुट्याउन उनीहरू अनेक प्रकारका जोखाना हेर्ने उपायहरू प्रयोग गर्दछन्, त्यसलाई "खोरी खान्का" भनिन्छ । जोखाना हेर्ने धिमाल ओझाहरू आवश्यकतानुसार सिन्का, चामल, तुलसीका पात, ढुंगा आदिको उपयोग गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सिन्टाका खोरी खान्का

सिन्काको सहयोगले जोखाना हेर्दा १२ वटा सिन्काहरू विभिन्न देवीदेवताहरूको नाम लिएर राखिन्छन् । सम्बन्धित सूचकको भनाइअनुसार सिन्काको संख्या बेसी भएमा दोष भएको, नत्र नभएको मानिन्छ ।

उंखु आउ खोरी खान्का

चामलबाट जोखाना हेर्दा धिमाल ओझाहरू आफ्ना गुरुलाई संझी माग्ने गर्दछन् । उनीहरू प्रायः थालमा चामल केलाएर जोर-बिजोर छुट्याउँछन् । "यस्तो गर्दा तीन पल्टसम्म दोहऱ्याई यही हो भनी पैल्याइन्छ र उपचार गरिन्छ, तर २० को १९ पनि नभए अर्को होला, छलेछ भनी यो पो रहेछ भनी अर्को लाईन लिइन्छ, घट्दै गएमा सोही लाईन अपनाइन्छ ।"

कोहीकोही ओझाहरू चामल तीन ठाउँमा तीन थुप्रो पारी जोर-बिजोर छुट्याएर पनि जोखाना हेर्ने गर्दछन् ।

माटिया खोरी खान्का

कोही कोही धिमाल ओझाहरू माटो भएको जमीनमा जथाभावी ठाडा र तेर्सा धर्काहरू कोरेर पनि जोर र बिजोर छुटयाई जोखाना हेर्दछन् ।

तुलसीपत्ता खोरी खान्का

तुलसीका सातवटा पत्ता र तीन वटा ढुङ्गाको सहायताले पनि जोखाना हेर्ने गरिन्छ । यसरी जोखाना हेर्दा सातै वटा पातमा सिन्दूर, अक्षता चढाएर आफू पूर्वतिर फर्की पूर्वमा चारवटा र दक्षिणमा तीनवटा क्रमशः विभिन्न देवीदेवताहरूका नाममा चढाएर क्रमैसँग राखिन्छ । तीन वटा ढुंगामा २ वटा उतरतिर, पूर्व-पश्चिम लाईनमा राखी एउटा हातमा लिएर आफूले चिताएका देवी-देवताअनुसार चारै दिशा ढुंगा हल्लाएर फलानो देवता लागेछ भनी अनुमान लगाइन्छ । यस्तो प्रकारले जोखाना हेर्दा ढुङ्गा हल्लेको खूब विचार गरिन्छ। धिमाल ओझाको सूचनाअनुसार आफ्नै गुरुको दखल भए ढुंगा गुरु-घरमा ठोकिन्छ । रामबहादुर नूनिया धिमालका भनाइमा पूर्वतिर राखिएका चार पातहरू र दक्षिणतिर राखिएका तीन पातहरूले क्रमशः बूढीबज्यै, थाङ्ने (भोका पाही) कनकाई, तिष्टा, संसारी, नुहेको बेरांग

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मैदाने (माहेको दैरागेलाई) आदिको प्रतिनिधित्व गर्दछन् भने उत्तरतिरका दुई ढुंगाले गुरु-घर जनाउँदछन् ।



माथि उल्लेख गरिएका "खोरी खान्का" हरू सबै सामान्य ओझाले जोखाना हेर्दा अपनाइने विधिहरू हुन् । ओझा भोकाको तरीका या पारा भने केही भिन्न प्रकारको छ । ओझा भोकालाई धिमालहरू आफ्नो सबै-भन्दा पुरानो र मौलिक जोखाना हेर्ने र उपचार गर्ने तरीका मान्दछन् । ओझा भोकाबाट धिमालहरू एकै पल्ट जोखाना हेर्ने र उपचार गर्ने गर्दछन् ।

ओझा भोका : थप परिचय

ओझा भोका गर्दा भुइँमा लिपी विभिन्न खोलाका विशेष प्रकारका ढुंगाहरू लहरै राखेर एउटा खास चिल्लो र राम्रो ढुंगा कान्छी औंलामा डोरीले झुण्ड्याएर हल्लाउँदै भोका गाउने गरिन्छ । ओझा भोका गर्दा प्रयोग गरिने ढुंगाहरू बाँदरले खेलाएका या सत्ययुगका मान्छेले चलाएका भेंटेर ल्याई चलाउने गरिन्छ । यस्ता ढुंगाहरू सत्को हुने र बढ्ता गुन लाग्ने विश्वास छ । "ढुंगाहरू लहरै राख्दा ठूल-ठूला खोलाहरू कोशी, माई, रतुवा, वक्राह, आदिका पनि एक-एक वटा राखी तिमी फलाना खोला, तिमी ढिस्काना खोला भनेर राख्ने गरिन्छ ।"

कान्छी औंलामा राखेर हल्लाउने ढुंगा बाँदरले माटोमा खनेको राम्रो चिल्लो वज्रजस्तो कालो लाम्चो र सुल्पाजस्तो मोटो हुन्छ, यसलाई चिलिम भनिन्छ । यो कन्ने केटीले खाली पेटमा कातेको या बाटेको डोरीले कान्छी औंलामा बाँधेर हल्लाइन्छ र जोखाना हेरिन्छ । वास्तवमा ढुंगा हल्लाइँदैन, धिमाल ओझाको भनाइमा देवताले हल्लाउँछन् र स्वतः हात नकमाई ढुंगा आफैं हल्लन्छ । यसैलाई विचार गरेर धिमाल ओझाले लागो या रोग छुट्याउँछन् ।

भोका गर्न ओझालाई काम शुरू भएदेखि अन्तसम्म "घ्याङ सिं" (भाते जाँड) या 'चुहाइका गोरा' (रक्सी) दिने गरिन्छ । उनी देवतालाई पनि चढाउँदै

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफू पनि खाँदै गर्दछन् । तर ओझा भोका गर्दा रोगको खास टुंगो नलागुन्जेल खान हुँदैन भन्ने पनि चलन छ । आधी-उधी थाहा भइसकेपछि मात्र उनी खान्छन् र उपस्थित अरूहरूलाई पनि बाँड्दछन् । कहिले कहीं ओझा भोकाले दिनभरि नै लिने गर्दछ । किनभने भोका गाउने ओझाले विभिन्न तर्फका भोका गाएर टुंगो लगाउन पर्ने हुन्छ । त्यसैले उनी एक थाक गाउँदै जिराउँदै रक्सी खाँदै गर्दछन् ।

डाकमान धिमालको भनाइअनुसार ढुंगा हल्लाउने ओझाहरूमा पहिले तीन तोपले भन्ने ओझा अत्यन्त प्रख्यात थिए । उनी पश्चिमको भएपनि पूर्वतिरबाट आउने गर्दथे । उनीसँग ८०।९० वटा ढुंगाहरू थिए । उनी कौरी एक लहरी, ढुंगा एक लहरी राखेर विहानदेखि गीत गाएर बेलुकीसम्म फलाक्दथे ।

आइमाईहरूले पेट बोक्दा, पेट दुख्दा, कोखा हान्दा र अन्य स्त्रीरोगहरू लाग्दा 'भोका' गरेर हेर्ने र निको पार्ने गरिन्छ । यसैगरी नानी रुने, छेर्ने, तर्साउने रोगहरू पनि भोका गरेरै निको पारिन्छन् । ओझा भोका विशेषत: साना-साना नानीहरूको र आइमाईहरूको रोगमा केन्द्रित छ । लोग्नेमान्छेसम्वन्धी रोगहरूको ओझा भोका गरेर हेर्ने या उपचार गर्ने गरिंदैन । मोच मार्ने काम बाल-रोगसँग सम्वन्धित मानिएकाले ओझा भोका गर्नेहरूले पनि हेर्दछन्, तर उनीहरूको र अन्य साधारण ओझाहरूको मोच मार्ने र सार्ने विधिमा खास अन्तर हुँदैन ।

ओझा भोकाले छोरा-छोरी नभएका, फुल रहने तर नानी रहन नपाएका स्थितिमा पनि भोका गरी काम फत्य गर्दछन् भन्ने धिमालहरूको विश्वास छ । उनीहरू मासिक रजस्वलालाई नियन्त्रित गरी गर्भ रहन सक्ने या फुललाई कावुमा रहने मात्र तुल्याउँदैनन्, शत्रुले बिगारेको कोखलाई लगानी फेरेर ठीक पनि पार्दछन् । पहिले-पहिले यस्तो वेलामा धिमाल भाषाको भोकामा उनीहरू–

"यसो नगर्नु पर्ने थियो, तिमीले यसो गऱ्यौ (तिमीले त) जस्तो किसिमले आँप फल्छ, कटहर फल्छ त्यस्तै (किसिमले) फलाउन पर्छ., फल जस्तो फल्छ, त्यस्तै काखमा वालकलाई आमाको दूध खुवाउनुपर्छ आदि भनेर अगाडि (शुरू) देखिको वासन चलाउँदै अनेक देवी-देवताको नाम लिएर फलाक्दै गीत गाउँथे र गाइसकेपछि चार भाइ मान्छे बसेर फलाना ठाउँमा यस्तो भाको थियो, देवताहरूको पालामा पनि यस्तो भाको थियो, ऐले पनि त्यस्तै हुँदैछ (हुनुपर्छ) भनी फलाउन लाउँथे । यस्तो शुरूदेखि बासन चलाएर भोका गाउने धामीहरू अचेल छैनन्, फटाहा ओझाले सवतैन, शिक्री फिक्री, कतिको गर्छ थाह छैन । रिंका बूढा तोपला भोका निमित्त नाम चलेका (हुन्) तर अचेल त्यस्तो उति चलाउँदा पनि चलाउँदैनन्" (डाकमानसँगको अन्तर्वार्तावाट)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ओझा झोका-एक प्रत्यक्ष

पंपलाल धिमालको घरमा उनको भरखरै जन्मेको छोराको निमित्त अठियावारी निवासी सिकिरी फिकिरी ओझालाई डाकी झोका कर्म गर्दाको प्रत्यक्ष विवरण यस्तो छ । सपक्क लिपेको जमीनमा दुई लहर पारी ढुङ्गाहरू राखिएका थिए । पहिलो लहरमा १५ वटा काला रङ्गका शालिग्राम जस्ता चिल्ला ढुङ्गाहरू एकै लहरमा राखिएका थिए भने दोस्रो लहरमा डोरीले बाँधिएका ढुंगा अर्को एउटा सानो ढुंगासँग राखिएका थिए । तिनीहरू सबैजसोलाई सिन्दूरले पोती सालधूप राखी धुपौरो दिइएको थियो । घरका मान्छेले ओझा भेटी ५ रु. रएउटा डल्लो सुपारी राखेका थिए ।

ओझाले झोका थाल्दा एउटा कालो परेवा लिई मन्तरेर शिरको भुत्ला उखेली पहिला ढुंगामा राखेका (शायद चढाएका) थिए र पछि पर्सेर काटी रगत सबै ढुंगामा छर्केका थिए । ढुंगामा रक्सी र सुपारी पनि चढाइएको थियो । भोग दिइएको परेवाको टाउको स्थापित स्थानमै छाडिएको थियो । चढाएको रक्सी पहिले उपस्थित भएका मान्छेहरूलाई 'नमस्तेपाली' गरी थोरै खाएपछि ओझाले दाहिने हातको कान्छी औंलामा बाँधिएको ढुङ्गाको डोरी अड्याई शुरूमा धुपौरोमाथि र क्रमैसँग ढुङ्गामाथि हल्लाएका थिए । ढुङ्गा माथि हल्लाउँदा ओझाले मनमनै मन्त्र गुनी हे. . . .हे गर्दै फलाकी सकेपछि पश्चिमतिर फर्की थालमा अक्षता राखी जोडी-जोडी गर्दै जोखाना हेरेका थिए । जोखाना सकेपछि उनले धुपौरामा धूप हाली तुलसीको पात समेत ढुङ्गा छेउ राखी पुनः एकपल्ट पूजा गरेका थिए ।

पूजा सकेपछि ओझा पुनः झोका (फलाक्ने) गर्न थाले । यसपल्ट उनले फलाक्दै ढुंगा हल्लाएका थिए । उनको फलाको स्पष्ट थिएन, केवल ए. . .ए. . . गर्दै लेग्रो तानेको मात्र सुनिन्थ्यो (धिमाल झोकाको एउटा उदाहरण चिनारीको निमित्त माथि प्रस्तुत गरिसकिएको छ)। यो झोकापछि प्रचलनअनुसार घरका मान्छले कुखुरा अथवा तामाको पैसा जे भएपनि बच्चाको नाममा चढाउन पर्दो रहेछ । कुखुरा उठाउँदा पनि नारंगी (नौ रंगी) भाले उठाउनुपर्ने रहेछ । तर यहाँ भने नारङ्गी नउठाई तामाको पैसा चढाइएको थियो ।

ओझा झोका गराउँदा धिमाल जातिमा कुनै ओझालाई उपयुक्त साइत हेराउन आवश्यक मानिन्छ । पंपलालले ओझा झोका गराउने साइत रामवहादुर ओझालाई देखाएका रहेछन् । उनको भनाइअनुसार ओझा झोकाको निमित्त उपयुक्त दिन शनिश्चरवार र मङ्गलवार हो । यी दुवै खरा वार भएकाले ओझाको गुन लाग्ने दिन हुन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पंपलालले ओझा लगाउनाको मूल कारण भर्खरै जन्मेको नानी रातभर रोएर नसुतेकोले रहेछ । उनले ओझा झोका लाउनभन्दा अगि ओझा देखाएका थिए । ओझाले देवता लागेको कारण बताई ओझा लाउने साइत जुराइदिएकाले उनले ओझा झोका लगाएका रहेछन् ।

रोग छुट्टचाउन अनुभव पनि सहायक

धिमाल ओझाहरू अनुभवबाट पनि स्यें, जागिन्न, शिकारी आदि लागेको या लगाइदिएको छुटचाउन सक्ने कुरा भन्दछन् । उनीहरू गुरुलाई संझी जोखाना हेरेर यही हो भनी रोगको कारण पत्तो लगाएर उपचार गर्दछन् । तर डाकमान ओझा भन्दछन् –२० को १९ पनि नभए, अर्कै रहेछ, छलेछ भनी आफ्नो अनुभवको आधारमा फलानो पो रहेछ भनी अर्कै लाईन लिइन्छ र घट्दै गएमा सोही प्रकारको लाइन अपनाइन्छ ।

ओझा-झोकाको विशेष प्रकारको साधन: जावी

ओझा झोका गर्नेहरूको आफ्नो खास प्रकारको 'जावी' (झोला) हुन्छ । यसैमा १ रूपैयां सहित ओझा झोका गर्दा आवश्यक पर्ने ढुंगाहरू, ओझाको जडिबूटी, सुर्ती, कंकट आदि राख्ने गरिन्छ । यो 'जावी' ओझालाई वोलाउन र पुऱ्याउन जाने व्यक्तिले आफैंले वोक्नुपर्ने चलन छ । त्यो उसले नबोकी हुँदैन । अन्यथा ओझाको गुन नलाग्ने विश्वास गरिन्छ । यो जावी सँधैं नै कन्ने केटीले कपासको धागोबाट केही नखाई खाली पेटमा बुनेको हुनु आवश्यक मानिन्छ ।

धिमाल ओझाहरूको ढाल र हतियार: धर्म गुन र पाप गुन

धिमालहरू ओझाहरूले चलाउने मन्त्रलाई गुन भन्दछन् । धिमाल ओझाहरूसँग दुई प्रकारका गुन हुन्छन्– धर्म गुन र पाप गुन ।

धर्म गुन भलो गर्ने खालको हुन्छ । यो गुनको प्रयोग गरेर धिमाल ओझाहरू अरूहरूको भलाइ र कल्याण गर्दछन् । यो गुनको उपयोग उनीहरू स्वास्थ्य-उपचारको निमित्त गरिने औषधोपचारमा गर्दछन् ।

पाप गुन भएका ओझाहरू अरूलाई दुःख कष्ट दिएर आफ्नो कार्य सिद्ध गर्ने र स्वार्थ-पूर्ति गर्ने गर्दछन् । उनीहरू साना-साना नानीहरूलाई पाप गुनको सहयोगले आफैंले रुवाउने, तर्साउने, दुःख कष्ट दिने गरेर वोलाउन आए आफैं गएर निको पार्ने

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गर्दछन् । यस्तो वेलामा यति भए मात्र निको पार्न सक्तछु, नभए त सक्तिन भनी उनीहरू अत्तो थाप्दछन् र सर्वसाधारण धिमालले निको पार्न विवश भएर दिनुपर्ने हुन्छ । अतः पाप गुन भएका ओझाहरू "आफैं बोक्सी आफैं धामी" हुन्छन् । उनीहरू यसैगरी पैसा रूपैयाँ खाने गर्दछन् ।

पाप गुनसम्पन्न ओझाहरू केवल केटा-केटीहरूलाई मात्र दुःख नदिएर ठूल-ठूलाहरूलाई पनि दुःख दिन सक्तछन्, कोही कोही त सिकिस्त समेत तुल्याउन सक्तछन् । उनीहरू मान्छेहरूलाई हात-खुट्टामा साह्रै ताप दिन्छन् । जङ्गल, खोलाको दोष आदि अनेक बिमार उठाएर लगाइदिन्छन् । दोख, लागो, देवी-देवता, भूत प्रेत लगाउँदा पाप गुनी ओझाहरू बाणको प्रयोग गर्दछन्, वाण लाग्दा मान्छेको हात खुट्टा सुनिने र हिंड्न नसक्ने स्थिति हुन्छ ।

सूचना संकलन गर्ने क्रममा रामबहादुर धिमालको घरमा पुग्दा, उसकी सानी छोरी बिमारी भएर सुनिएकी देखेर लेखकले कारण सोद्धा, उनले कसैले उठाएर "फूले मसान"लाई दिएकोले सुनिएको कुरा वताएका थिए । उनको भनाइअनुसार "सुके मसान" लाइदिएको भए, सुकेर जाने थियो, उनको विचारमा यो पाप गुनी ओझाको या बोक्सीको कर्तुत हो । धिमालहरूको विचारमा कोही-कोही धामी (ओझाहरू) अरूलाई बिगार गर्ने काममा बोक्सीभन्दा चौगुना हुन्छन् । टुना-मुना गर्ने बोक्सा या जादूवालको छुट्टै धारणा धिमाल समाजमा पाइँदैन । एउटै ओझासँग धर्म गुन र पाप गुन दुवै हुन सक्तछ । यस्ता ओझाहरूले गाउँघरमा निकै फट्‌चाइँ गर्ने गर्दछन् । यसरी अनेक फट्‌चाइँ गरी हिंड्दा पनि उनीहरूको गुन लाग्छ त भनी सोधनी गर्दा धिमाल सूचकहरू-'लाग्छ' भनी जवाफ दिन्छन् । धिमाल लोक-धारणाअनुसार पापलाई फलिफाप हुँदैन । पाप गुनी ओझाहरू बहुधा अपुता हुन्छन् । छोरा-छोरी या सन्तान नभएकाले पनि उनीहरू अझ वढी ईर्ष्यालु भएर फट्‌चाइँ (दुष्ट्‌चाइँ) गर्दछन् ।

डाकमान लगायत अन्य धिमालहरूका विचारमा पाप गुनी ओझाहरू पश्चिमतिर ब्रेसी छन् । तर पाप गुनी धिमाल ओझाहरू कमै छन्, केही भएका पनि मरिसकेका छन् । यस्ता ओझाहरू अन्य जाति, वातर, मुसहर, राजवंशी, थारू, पहाडे आदि पनि हुन्छन् ।

ओझा ओझाको प्रतिस्पर्धा

पापगुनी ओझाहरू यथार्थमा अत्यन्त डरलाग्दा र खतरापूर्ण मानिन्छन् । उनीहरू रोग लगाउने मात्र होइन, लम्व्याउने र मार्ने पनि गर्दछन् । उनीहरू सामान्य मान्छेलाई मात्र होइन, आफ्नै सहधर्मी ओझाहरूलाई पनि सताउन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

र दुःख दिन समर्थ हुन्छन् । ओझा-ओझाको बीचमा पनि ठूलो हानथाप हुन्छ । पाप गुनीहरू (ओझाहरू) आफ्नो क्षेत्रमा अरू ओझा ल्याएको या आएको पटक्कै सहन सक्तैनन् । यस्तो वेलामा मौका हेरी ढ्याङ्ग्रो फुटाउने, वाण चलाउने, विमार पार्ने, घाउ वनाउने आदि काम हुन्छ ।

वाण हान्दा ओझाहरू अक्सर कुखुराको फुल, चामल आदि फुकेर पठाउँछन् ।

अतः पाप गुन नभएका केवल धर्म गुन भएका ओझाहरूले दुःख पाउने गर्छन्, तथापि उनीहरू डराएर पछाडि हट्दैनन् । वरू आफ्नो काम थाल्ने र गर्ने गर्दछन् । उनीहरू अन्य ओझा साथीहरूलाई हेराएर फलानालाई चित्त दुखेछ, फलाना ठाउँमा जाँदा यस्तो भएछ भनी थामथुम गर्ने गर्दछन् । अन्यथा उसँग अपझ्झट परिहाले उपयोग गर्ने, लड्न सक्ने मन्तर (गुन) चाहिन्छ, त्यसैले पनि धिमाल ओझाहरूको आफ्नो खास क्षेत्र हुने गर्दछ ।

ओझा र बोक्सीको प्रतिस्पर्धा

धिमाल ओझाहरू अन्य नयाँ गाउँमा गएर ओझा-कर्म भरसक गर्दैनन्, पन्छाउँछन् । यो कार्य जहिले पनि उनीहरूको निमित्त खतरापूर्ण र जोखिम हुन्छ । किनभने उनीहरूले पाप गुन भएका ओझाहरूको मात्र होइन बोक्सीहरूको पनि सामना गर्नुपर्ने हुन्छ । बोक्सीहरू आफूले स्वतन्त्र रूपले विचरण गरिरहेको राज्यमा अरूहरूको पदार्पणलाई अतिक्रमण संझन्छन् । उनीहरू मेरो हिंड्ने,डुल्ने खेल्ने ठाउँमा आएर तैंले काम गर्ने, तैंले जस लिने भनी बिगार गर्न सक्तछन् । किनभने धिमालहरूमा प्रचलित बोक्सीको धारणाअनुसार उसले अज्ञात डाह, ईर्ष्या, लोभ तथा द्वेषले गर्दा आफ्नो पाप गुन प्रयोग गर्न वाध्य हुनुपर्दछ ।

ओझा-ओझा र ओझा-बोक्सीका बीचको हानथापको प्रसंगमा कारेकोशी गाउँमै कति ओझाहरूलाई ओझाहरूले नै सिध्याएको कुरा धिमालहरू वताउँछन् । उनीहरूको विचारमा बोक्सीले त झन् एक्लै सिध्याउन सक्तछन् । यस्तो खतरापूर्ण भएपछि, ओझाहरू जीउ बाँधेर आत्म-सुरक्षा गर्दैनन् त भनी सोधिएको प्रश्नको जवाफमा धिमाल-सूचक भन्दछन्:—धामीलाई कामकै निमित्त बोलाएको वेला पो जीउ बाँधी, बूटी सहित हिंडिन्छ तर कहिलेकाहीं कतै मेजवानी जाँदा ओझाहरूले काम जानेको हुँदा फुकफाक गराउँछन् । त्यतिखेर जीउ बाँधेको हुँदैन र अप्ठ्यारो पर्छ । पाप गुन नलागोस् भनेर जीउ या घर बाँध्ने गरिन्छ, तैंपनि झुक्कल-पुक्कलमा परिहाल्दछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बन्धन आत्म-सुरक्षाको साधन

अतः धिमाल ओझाहरू काम गर्नका लागि घरबाट निस्कँदा पाप गुनको असरबाट वच्न आफ्नो शरीर या घर बाँध्न आवश्यक ठान्दछन् । जीउ बान्ने काम अन्य नयाँ गाउँमा जाँदा त अनिवार्य नै हुन्छ । ओझाहरू कहिलेकहीं आफ्नो मात्र होइन, आफूले हेरेको बिमारीको शरीर र घर पनि बाँध्ने गर्दछन् ।

शरीर-बन्धन

तन्त्र-मन्त्रले शरीर बाँध्न धिमाल ओझाहरू गुरुलाई स्मरण गरेर "लहै म हिड्दै छु, शरीरमा शत्रु दुश्मन लाग्ला, वाण हान्ला तिमीले हेरिदिनुपर्छ, रक्षा गर्नुपर्छ, कामले फलाना ठाउँमा जाँदैछु" भनी मन्तर गरेका अक्षता साथमा राख्दछन् । कहींकहीं शत्रुले वाण हान्दा नलागोस् भनी औषधी (बूटी) पनि साथमा राख्ने गर्दछन् ।

रामबहादुर ओझाको सूचनाअनुसार कोही ओझाहरू भने निम्न शरीर-बन्धन मन्त्र पढ्दछन्:–

शिरी बाँधु सिरी सरी
जंग बाँधु जंग सरी
आँग बाँधु आँग सरी
हदाया बाँधु डाइनी बोक्सी
भूतप्रेत देशान मशान सवघाट
(कोही छेर्दे मरेको वायु बतास
कोही जाइ
जागित्र स्यें भूमि
उतर बाँधौं दक्षिण बाधौं)

कुन कुन घाट आकाश बाँधौं, पाताल बाँधौं
धरती बाँधौं ओझाघाट, विजुवाघाट
संसारीघाट, लगानीघाट
शिकारीघाट सवघाट,
हामी वन्देश करिछे
नही झरिछे ईश्वर महादेव गौरा
पार्वतीका दुहाइ

यो मन्त्र पढिसकेपछि घरबाट हिंड्दा पाइतालाको माटो दुवै काँधमा राखेर बूढी औंलाको टीका लाएपछि जस्तै राती जहाँ भएपनि जान ओझाहरू डराउँदैनन् भन्ने छ।

घरबाध (बन्धन)

घर बांढा ओझाले अष्ट (रातो) भालेवको ५ वटा हाँगा काटेर तिखार्दछन् र

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

र सबैमा फलामको टोपी ठोकिदिन्छन् । सफासँग लिपेको ठाउँमा ती पाँच-वटा हाँगा राखेर सिन्दूरअक्षता, धूपदीप आदि गर्दछन् र आवश्यकतानुसार परेवा या कुखुराको भोग दिएर बाँध्नुपर्ने घरको चारै सुरमा चार ओटा र माझमा एउटा हाँगा गाड्दछन् र बन्धन गरिन्छ । घर बाँढ्दा ओझाले–

"मैले यति दिनसम्म यिनको घर बाँधेको छु, मलाई शक्ति दिन पर्‍यो ।–स्यें जागिन्न भूत पिसाच आदि भए या कसैले लगाइदिए हटाइदिनुपर्‍यो, चार सुरमा सत्य वाचा राखेर बाँधेको छु ।"

–भनी शक्ति माग्न गुरुलाई पुकार्नुको साथै आफूले मानेका सिंह देवी, दन्तकाली, भगवती (माइ) आदिसँग पनि शक्ति माग्ने गर्दछन् ।

टाका बान्धा

धिमाल ओझाहरू आफूलाई पाप-गुन सम्पन्न बोक्सीहरूभन्दा निर्बलिया स्वीकार्दछन् । त्यसैले अनेक उपाय गरेर केही नलागेपछि अन्त्यमा गाउँका मान्छे-हरूलाई भेला गराएर उनीहरू देरागेलाइ (बोक्सी) लाई मानता (भाकल) गरी बिमारी निको पार्ने प्रयत्न गर्दछन्, यसलाई टाका बान्धा भनिन्छ ।

टाका वान्धा गर्दा धिमाल ओझाले मान्छेहरू भेला गराएर गाउँको माझी (मुखिया) लाई आफ्नो कुरा बताएर पार्वती (बोक्सी) लागेकोले, एक जोर पोथी र एक टाका (रूपैंया) राखेर, निको भएमा सुँगुर भोग दिने भाकल गरेर, पार्वती-लाई अब छाडिदेऊ भनी, अवधि तोकेर अनुरोध गर्दछ । बिमारी निको भएमा गाउँका सबैलाई डाकेर बेलुकी पूजापाती गरी सुँगुरको मासु पकाई ख्वाउने र खाने गरिन्छ ।

धिमालहरू बोक्सीलाई जनाउँदा, पार्वती, देरागेलाई र माँचाका शब्दहरू समान रूपमा प्रयोग गर्दछन् । उनीहरूको विश्वासअनुसार पार्वती बोक्सी-विद्याका आदि देवी हुन् । गाउँमा बोक्सी फलानो भनेर औंल्याउनु या तोक्नु कठिन मात्र होइन, अत्यन्त जोखिमपूर्ण पनि हुन्छ । त्यसैले धिमालहरू बोक्सीलाई "देरागेलाइ" भन्दछन् । देरागेलाईको अर्थ नेपालीमा "गाउँलेहरू" भन्ने लाग्दछ । संभवतः, त्यसैले टाका वान्धा गर्दा गाउँलेहरू सबैजसोलाई बोलाई स्पष्ट रूपले पंच भलाद्मीको सामू भाकल गरी पूर्ण भएमा भोग दिई भत्यार गर्ने गरिएको हो ।

ओझा-कर्मको प्रशिक्षण र ओझा पद-प्राप्ति

बहुसंख्यक धिमाल ओझाहरू ओझा-कर्मको प्रशिक्षण आफूले सपनामा पाएको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बताउँदछन् । रामबहादुर नूनिया धिमालले पनि ओझा काम सपनाबाट सिकेका रहेछन् । उनी भन्छन्–

"आफ्नो बाजे ओझा, बाबु पनि ओझा, म पनि ओझा (मैले) बाजे खसेको वेला बाबु हुँदै धामी काम गर्न गर्न थालेको हुँ । आफ्नो बाजे नै सपनामा जोगीजस्तो भएर आई सिकाउने (गर्थे) तर विपनामाा भने बाबुलाई गुरू मानेको थिएँ ।"

"गुरु मान्दा एउटा भाले एउटा धोती र लिनेलाई रु. ५।– सम्म दिएर आजदेखि तपाईंलाई गुरु मानेको छु, मलाई केही यता-उता तल-माथि परे तपाईंले सँभाल्नुपर्छ भन्दै गुरुलाई खुट्टामा निधार या हातले ढोग्नुपर्छ, मेरा आफ्ना चेलाहरू अहिलेसम्म छैनन् ।"

दापगाछीका डाकमान तेङमाली धिमालको भनाइभने यस्तो छ– "बाबुको नाम दिहारू धिमाल हो । बाबुले ओझा कामसहित झाँक्री काम पनि गरेका थिए तर ती पाराहरू मैले आफूले सिकेको छैन । चौरपाडा, अनिमाल, डाकिनी, तारावारी आदि गाउँ-ठाउँमा बाबुले नै ओझा काम गर्ने गरेका थिए । (म) आफू सानो बालकमा साथी-भाइसँग लागेर अर्कै लाईनमा परेको (थिएँ)। बाबु खसे र मान्ता सुघ्न (मलाई) २ वर्ष लागेको (थियो) । बाबु मरेपछि को गर्छ, आफैंले गर्न पर्‍यो ।"

"बाबुलाई पहिला धूप दिएर तिमीले कुन कुन अरू देवता मानेका थियौ, भाकल गरेका थियौ, म दिंदैछु, मान्दैछु भनी पूजा गर्‍यो बलि काट्यो अनि मासु खायो । यसो गर्दागर्दै सिक्न कर लाग्यो, पूजा मान्ताले छुन थालेपछि गाउँलेहरूले यो पनि धामी भएछ भने । अनि त झन् नसिकी भएन ।"

डाकमान विपनामा आफ्ना कुनै खास गुरु नभएको तथ्य जनाउँदै अझ अगाडि भन्दछन्:–

"विपनामा खास गुरु छैनन्, बाबुले नै सपनामा आएर सिकाएको, यस्तो वेला, यस्तो ठाउँमा यस्तो काम गर, यसो भन भनी चिनाउने, सिकाउने र तैंले फट्याइँ काम गरिस् , आफूलाई समाल्नपर्छ, यस्तो दवाई गर भनी बाबु सपनामा एक दुइ खेप आएर गएका छन् ।"

"बाबु आएर कहिले रिसाउने, कहिले ठीकै छ भन्ने, कहिले यस्तो लाईनको गर है भनी अलिअलि गरी सिकाउँदै लाने । यसरी ओझा-काम थालेको, पछि अनुभवले पनि निकै सिकिंदो रहेछ । विपनामा एउटा गुरु थापेर सिकेको राम्रो, तर विपनामा भन्दा सपनामा सिकेको गुन बढ्ता लाग्छ । सपनामा सिक्नेहरूलाई भुइँफुट्टा भन्छन्, यस्ताको कुनै खास गुरु हुँदैन । त्यस्ताहरू आफैं काम्ने हुन्छन् । उनीहरू बढ्ता औंसी-पूर्णिमामा काम्ने गर्दछन् "।

भद्रसिंहको भनाइमा ओझा मरेपछि उसका माल-सामान सबै फाल्ने गरिन्थ्यो। ओझा-काम उसलाई जसलाई दिने इच्छा छ, उसैलाई दिइन्थ्यो, तर ऊ अक्सर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्नै छोरा नातिहरूलाई (नातादारहरू) सपनामा आएर दिने गर्दछ। तर उसले गाउँका मान्छेलाई सपनामा बाबु आएर मुन्द्रुम सिकाए भन्यो भने उसले सिक्न पाउँदैनथ्यो, तर नभनी राखे सबै सिक्न पाउँदथ्यो। आफू मरेपछि ओझा धिमालहरू सपनामा आएर मन्त्र-हस्तास्तरण गर्ने कुरा भद्रसिंह धिमालको भनाइबाट प्रस्टिन्छ।

माथिका दुवै ओझाहरूको स्वविवरणलाई केलाउँदा ओझा-कर्म धिमाल-समाजमा सन्तान, दर-सन्तान सर्दै आउने गरेको प्रचलन देखिन्छ। तर प्रत्येक ओझाले आफूले सपनामा ओझा-काम सिकेको तथ्य स्पष्ट भनेका छन्। उनीहरू सपनामा पनि आफ्नै बाबु या बाजेबाट सिक्दछन्। यसरी सपनामा प्राप्त निर्देशनअनुसार आफ्नो कार्य-सम्पादन गर्ने भुइँफुट्टा ओझाहरूले आफ्नो इच्छाले भन्दा, अन्य कारण-विशेषतः बाबुबाजेको कारणबाट ओझाकाम सिकेको या नसिकिनभएको अवस्था स्पष्टिन्छ। विपनामा भन्दा सपनामा सिकेको गुन (मन्त्र)बढी लाग्ने प्रवल विश्वासले गर्दा विपनामा गुरु थापी सिक्नेभन्दा सपनामा स्वतः सिक्ने ओझाहरू नै ठूला मानिनु अत्यन्त स्वाभविक छ। तर अचेल सपनामा सिक्ने ओझाहरू कम छन्, विपनामा सिक्नेहरू पनि अरू जातका ओझा-धामीसँग सिक्ने बढ्ता छन् भनी धिमालहरू बताउँदछन्।

ओझा-कर्मसँग सम्बन्धित विशेष शासन र निषेध

आफ्नो ओझा-शक्तिलाई आफूमा कायमै राख्न गुरु थापेर सिकेका धिमाल ओझा-हरूको एउटा विशेष शासन (अनुशासन) हुन्छ। उनीहरू त्यहीअनुसार आफ्नो कार्य सम्पादन गर्ने गर्दछन्। अमुक अवस्थामा अमुक कार्य गर्नू भनी लागुअनुसार गर्नुपर्ने नियम र विधिहरूबाहेक उनीहरू आइतवारलाई गुरुवार भनी बार्ने गर्दछन् र त्यो दिन घाम छउन्जेल जोखाना हेर्ने र औषधिमूलो शुरू गर्ने गर्दैनन्।

सपनाबाट सिक्ने भुइँफुट्टा ओझाहरूको भने यस्तो खास शासन हुँदैन। भुइँफुट्टा ओझाहरू गुन, दवाई, सबै सपनामै सिक्दछन्। त्यसैले उनीहरूले सपनामा सिकेका या पाएको कुरा खूबै याद गरेर राख्नुपर्ने हुन्छ। तर उक्त सपनाको रहस्य उनी-हरूले अरू कसैलाई भन्न र खोल्न नहुने हुन्छ। यसलाई कडा निषेधकै रूपमा उनीहरू मान्दछन्, कदाचित् अरूलाई आफ्नो सपना भने, गुन नलाग्ने र हराउने हुन्छ भन्ने उनीहरूको विश्वास छ।

धिमाल धामीहरूले जस्तो, ओझाहरूले खास रङ्गको लुगा जुत्ता बार्नुपर्ने नियम हुँदैन।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रोगव्याध र लोक औषधोपचार

धिमालहरू विविध रोगव्याध, मृत्यु तथा दुर्भाग्यलाई प्राकृतिक घटनाको रूपमा भन्दा बढी परामानवी दुष्टशक्तिको खेल र आफ्नै भूल भन्ठान्छन् । त्यसैले उनीहरू परिवारको कुनै सदस्य केही कारणले अचानक बिमारी भएमा या रोग बिग्रिएर सिकिस्त भएमा अतिप्राकृतिक शक्तिलाई उत्तरदायी ठानी कारणहरू खोतल्दछन् । ती कारणहरू तल उल्लेख गरिएअनुसार कुनै एक वा केही हुन सक्तछन् ।

१) **देवी-देवताको कोपः–**

(क) ग्रामीण देवी-देवता

(ख) घरेलु देवी-देवता

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२) **दुष्टशक्तिहरू:–**

(क) मानवीय (क) अ. पैतृक (जाउरागेंलाई) आत्मा (क) आ. मृत-प्रेतात्माहरू स्पें जागिन्न, डाकिनी, मसान, मुण्डाकाटा

(ख) अतिमानवीय (ख) अ. रोगका प्राकृतिक शक्तिहरू (नौली, गैली, बनको, शिकारी) (ख) आ. अतिमानवीय योनिहरु

३) **टुनामुना तथा पापपुण्य**

४) **बोक्सी-विद्या-(देरागेलाई, गौरा), म्हाचाका, पार्वती**

५) **निषेध-भंग**

यी अतिप्राकृतिक शक्तिहरू धिमालहरूको दैनिक जीवनमा प्रतिविम्बित लोक-विश्वासअनुसार अत्यन्त भयावह, क्रोधी, अतृप्त, डाही र कडा छन् । यिनैले व्यक्ति-विशेषको या समूह-विशेषको स्वास्थ्य र जीवनमा गंभीर खतरा उत्पन्न गरेर सदा त्रस्त र भयभीत तुल्याइराख्दछन् ।

(१) देवी-देवताको कोप

धिमालहरू देवी-देवताहरूलाई खूब मान्दछन् । कारण उनीहरूको विचारमा देवी-देवताहरू ग्रामवासीहरूको स्वास्थ्यसँग सम्बन्धित छन् । उनीहरू देवी-देवताको उपयुक्त मानमनितो पूजा-आजा नभए, वेवास्ता गरिए ती अत्यन्त रिसाउँछन् भन्ठान्दछन् । उनीहरूका रिस तथा क्रोध, रोग-व्याधका वीउहरू हुन् । ती मान्छेका जीउमा परेर उम्रन्छन् र मान्छेको मन र शरीर दुवैलाई बिगार्दछन् । फलतः जीवनको समाप्ति अर्थात् मृत्युको अदृश्य तर सशक्त निमित्त-कारण बन्दछन्, त्यसैले धिमालहरू आफ्ना दुवै ग्रामीण र घरेलु देवी-देवताहरूलाई वर्षको दुइपल्ट संझी-संझी मान्दछन् । व्यक्तिगत स्वास्थ्य र ग्रामको रक्षाको खातिर, वर्षको दुइपल्ट आषाढ र कार्तिकमा नबिर्सी संझी-संझी पुज्दछन् ।

(क) ग्रामीण देवी-देवता

धिमालहरूका ग्रामीण देवताहरूका समूहमा महत्त्वपूर्ण स्थान ग्रोगटेका बूढा ठाकुरको पूजा वास्तवमा विशेषतः ग्रीष्म-ऋतुमा लाग्ने झाडा-बान्तालगायत अन्य रोगहरू हटाउने उद्देश्यले गरिन्छ । यसैगरी शीतला अर्थात् माईबाट बच्न धिमालहरू संसारी या माईको पूजा अनिवार्य मान्दछन् र शरीरमा कतै घाउ उम्रे, दाँत दुखे या मर्की लागे खोलाका देवता बिग्रेको, रिसाएको भन्ठानी विशेषतः माई खोलाको पूजा गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

(ख) घरेलु देवी-देवता

धिमालहरूका ग्रामीण देवी-देवताभन्दा घरका देवता कडा हुन्छन् । घरका देवी-देवता काली, देवी, मसान, चाम्सारी बिग्रे या लागेमा रगत छाद्ने, जीउ पेट दुख्ने, मुख वाङ्गो पार्ने, आँखा राता हुने, दुख्ने र अन्धो पार्ने कुरा ती वताउँछन् । उनीहरू घरबाट छुट्टिएर गएका मान्छेहरूलाई पनि पिर्दछन् । उनीहरूलाई मनाउन शुरूमा घरका मान्छेहरूले कोशिश गर्दछन्, नमाने ओझाहरू लगाइन्छ र देवी-देवता हेरी हाँस, कुखुरा, परेवा, बलि दिने या मान्ता (भाकल) राख्ने गरिन्छ । 'मानता' पनि उपयुक्त समयमा सम्पन्न नगरे सम्वन्धित देवी-देवताहरू बिग्रने कुरामा धिमालहरू अझै विश्वस्त छन् ।

(२) दुष्ट-शक्तिहरू

धिमालहरू जन्मेदेखि मृत्युपर्यन्त सधैं नै विविध प्रकारका प्रेतात्माहरूले आफूलाई पछ्याइरहेको या घेरिरहेको अनुभव गर्दछन् । त्यसैले उनीहरूले जीवनको निमित्त सदा खतरा मोलेर फुकी-फुकी हिंड्नुपर्ने हुन्छ । उनीहरू प्रेतात्मा-हरूबाट अत्यन्त त्रस्त र भयभीत छन् । किनभने यी दुष्ट प्रेतात्माहरूले कुनै वेला पनि व्यक्तिलाई ओछ्यान पार्न र टिपेर लान सक्तछन् । उनीहरू दुष्ट प्रेतात्माहरूको आक्रमणबाट बच्ने अनेक उपायहरूका निमित्त ओझा लगाउँछन् ।

धिमाल-जातिमा प्रचलित यी प्रेतात्माहरू पनि उत्पत्तिको दृष्टिकोणले दुई प्रकारका छन्:– मानवीय र अतिमानवीय । धिमालहरू आफैं भने यस्तो समूह बनाउँदैनन्, तर प्रस्तुत प्रसंगको क्रममा भने निश्चय नै यो विभाजन सहायक सिद्ध हुन्छ ।

(क) मानवीय प्रेतात्माहरू

मानवीय प्रेतात्माहरू मान्छेकै मृत्युपछिका आत्माहरू हुन् । यिनलाई पनि अरू दुई उपवर्गमा बाँडेर चर्चा गर्न सकिन्छ:– गति परेका प्रेतात्मा र अगति परेका प्रेतात्माहरू ।

गति परेका

प्रेतात्माहरू मृत पुर्खाका पैतृक आत्मा हुन् । यसलाई धिमालहरू आफ्नो भाषामा 'जाउरागेलाई' भन्दछन् । धिमालहरू अन्य जनजाति झैं मृतकहरूको संसारको अस्तित्व मान्दछन् । मृतकहरूको संसार उनीहरूको निमित्त धेरै टाढा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

छन । पुर्खाका मृतात्माहरूले व्यक्तिको जीवनमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । तिनीहरूको भनाइअनुसार ती सपनामा आएर, आफ्ना सन्तानहरूलाई ठीक-वेठीक, उचित-अनुचित, सर-सल्लाह दिने गर्दछन्, त्यसैले तिनको हेरविचार मान-मनितो भइरहनुपर्दछ । अन्यथा आफ्ना परिवारका सदस्यहरूको जीउमा पसेर तिनीहरूले दुःख-कष्ट दिने गर्दछन् । जाउरागेलाई लागेमा धिमालहरू भुँडी दुख्ने र खाएको नपच्ने कुरा बताउँछन् । त्यसैले जाउरागेलाई प्रत्येक वर्ष पार्वामा अन्य देवी-देवताकै साथमा सुख-सुबिस्ता र हेर-विचारको निमित्त प्रार्थना गरेर मनाउने गरिन्छ भने अत्य वेलामा ओझाको सर-सल्लाह खोजिन्छ ।

अगति परेका

मृत्युको विशेष कारण या खराब आचरणले गर्दा दोस्रो प्रकारका मानवीय प्रेतात्माहरू स्वभावैले दुष्ट र खराब हुन्छन् । यिनलाई धिमालहरू स्येँ, जागित्र (जागेर आउने), डाकिनी, मुण्डाकाटा, भूत-प्रेत, मसान भन्दछन् । धिमाल-विश्वासअनुसार सर्पले टोकेर, आगोले पोलेर, पानीमा डुबेर, रूखबाट खसेर वहुलाएर, नानी पाउन नसकेर, आत्महत्या गरेर प्रायशः अकालमा अकारण मर्नेहरू अतृप्त र असन्तुष्ट प्रेतात्माहरू हुन्छन् । यिनीहरू खोलानाला, चिहान, झार-जङ्गल, कोप्चा-काप्चीमा दिउँसै पनि डरलाग्ने स्थानहरूमा मौका हेरेर वस्दछन् र अनेक तरहले जीवितहरूलाई दुःख-कष्ट दिने गर्दछन् । यी आफैं नलागेर कहिले-कहीं अन्य धामी तथा बोक्सीहरूले उठाएर पनि लगाइन्छन् । नुइपिका (लागो), जीउखाका (सातो) र मोच आदि यिनीहरूसँग सम्बन्धित रोग हुन् ।

धिमालहरूको भनाइअनुसार भूतप्रेत विभिन्न प्रकारका हुन्छन् । यिनीहरू-मध्ये कोही रूख भाँचेर आउने, कोही भुमरी पर्दै आउने, कोही तर्साउने तर नदेखिने खालि अनुभव हुने खालका छन् । मसान अक्सर सेतो हुने र सानोबाटो ठूलो हुँदै बाटो सबै ढाकेर छेक्ने हुन्छ । मुण्डाकाटाको भने जीउ हुँदैन, केवल टाउको मात्र हुन्छ । त्यो पहेंलो आगोजस्तो बलेर उफ्रदै हिंड्छ र पहिले एउटा मात्र देखिएर पछि विस्तार धेरै हुँदै जान्छ । त्यसले मान्छेलाई भेटे तर्साएर सातो लिने, छोए बिस्तार-बिस्तार खाने र मार्ने गर्दछ । धिमालहरूको विचारमा सें, जागित्र र वायुमा खास अन्तर छैन एक हुन्, केवल शव्दावलीमा मात्र फरक छन्, ती सबै असन्तुष्ट र अतृप्त आत्मा हुन्—जो वेलावेलामा जागेर आउँछन् ।

चुंडेल या किचकन्नीलाई भने धिमालहरू डाकिनी भन्दछन् । यो दुई जीउकी स्वास्नीमान्छे अथवा बच्चा पाउन नसकेकी सुत्केरीको प्रेतात्मा हो । अगाडिबाट हेर्दा यो जति सुन्दरी हुन्छे, पछाडिबाट हेर्दा त्यति नै कुरूप देखिन्छे । यसले भेटे

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रगत छाद्ने र बौल्लाउने हुन्छ । यसलाई पुजर मनाउने होइन, पन्साउने गरिन्छ । यसको निमित्त ओझाको सहयोग अनिवार्य हुन्छ ।

(ख) अतिमानवीय शक्तिहरू

अर्काथरी अतिमानवीय प्रेतातमाहरूको उत्पत्तिको सम्वन्ध मान्छेको जीवन र मृत्युसँग केही छैन । तिनीहरू प्रकृतिका विभिन्न, वस्तु, तत्त्व र स्थानका हंसका रूपमा स्वीकृत छन् । त्यसैले ती खूवै रोग र व्याधको हंस पनि मानिन्छन् । धिमालहरूले यस्तो धारणा अन्य जातिको सम्पर्क र संसर्गवाट पनि केही विकसित गरेका छन् । "नौलु", "गैली", "वनको शिकारी" आदि यस्तै प्रकारका अतिमानवीय आत्माहरू हुन् । धिमालहरू पहाडको देवता अर्थात् पहाडको आत्मालाई "पहान्यादिर" भन्दछन्, कसैकसैले पहान्यादिरलाई नै "वनको" भनेको पनि भेटियो । ऊ वनको आत्मा हो, जो बूढी वजुको रूप लिएर जङ्गलमा पोथी कुखुराको आवाज निकाली चल्लाहरू डाकी हिंड्छ । शिकारीलाई उनीहरू यसको हंस भनेर स्पष्ट गर्न सक्तैनन्, तर उसको कार्यक्षेत्र पनि जङ्गलै मानिन्छ । उनीहरू जलको देवीलाई पानीको देवीको रूपमा मान्दछन् तापनि कनकाइ माई बढी प्रसिद्ध छन् । गैलीलाई भने धिमालहरू मधेसका देवता अर्थात् मधेसेहरूको 'वायु' भनी चिनाउँछन् । यो लाग्दा या कसैले उठाएर लगाई दिंदा व्यक्तिको स्वास्थ्य बिग्रने र मर्ने कुरामा बहुसंख्यक धिमालहरू विश्वास गर्दछन् । यी अतिमानवीय आत्माहरूको उत्पत्तिको सम्वन्ध मान्छेको अस्तित्वसंग प्रत्यक्ष नभए पनि यिनीहरूको क्रियाकलापले मान्छेको स्वास्थ्य र जीवनलाई प्रत्यक्ष रूपले प्रभावित पारेको पाइन्छ ।

(३) टुना-मुना तथा पाप-पुण्य

धिमालहरू दुष्ट खराब प्रेतातमाहरूसँग डराए झैं आफ्नो प्रतिद्वन्द्वी शत्रुहरूको जादूपूर्ण कार्य र पाप गुनबाट पनि त्रस्त छन् । यी शत्रुहरू आफ्ना छिमेकी, नातादार, साथी-भाइ कोही पनि हुन सक्तछन् । यिनीहरू ओझा या वोक्सी भए आफैले नभए पाप गुन भएको अन्य ओझा या बोक्सीहरूको सहायता लिएर टुनामुना गरी दुःख-कष्ट दिने गर्दछन् । धिमाल ओझाहरू धर्मगुन र पापगुन भएका दुई प्रकारका हुन्छन् । धर्मगुन भएकाले झारफुकमा मान-मनितो गरेर बिमारी निको पार्दछन् भने पापगुन भएकाले टुनामुना गरी विभिन्न देवी-देवता, प्रेतातमाहरू उठाएर रोग लगाउने, लागेको रोगलाई अझ लम्व्याउने गर्दछन् । स्थिति बुझेर उपयुक्त उपचार नगरिए रोगी मर्न पनि सक्तछ । धर्मगुन र पापगुनको यो भेदलाई फ्रेजरका शव्दावलीमा 'सेतो जादू' र 'कालो जादू' भनिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्ना शत्रुहरूलाई दुःख-कष्ट दिन या बिमारी पार्न फ्रेजरको विचारअनुसार 'कालो जादू' अन्तर्गत सादृश्यता र सम्बद्धताको सिद्धान्तले काम गरेको हुन्छ। जसलाई उनकै शब्दावलीमा क्रमशः Imitative magic (होम्योपेथिक पनि) र Contagious magic भनिन्छ।

इमिटेटिभ म्याजिकमा तुल्य तथा सदृश वस्तुद्वारा तुलनीय वस्तुमा प्रभाव पार्ने गरिन्छ। शत्रुलाई मार्न उसको पुतला वनाएर आगो लाउने, खराब आचरण गर्ने, वाणहरूले छेड्ने काम यस्तै हुन्। यस्तो प्रचलन धिमाल जातिमा भएको सूचना एवं तथ्याङ्क-सङ्कलन भएनन्। धिमालहरू रिवाजमा भन्दा मन्त्रशक्ति अर्थात् गुनमा वढी विश्वस्त देखिन्छन्। काँचो चामल या कुखुराको फुल फुकेर सीधै शत्रुलाई भेद गरी उनीहरू बान चलाउँछन्, तर नेपालका अन्य भागका धामी-झाँक्रीहरूले जस्तै पुतला वनाई रहँदैनन्। त्यसैले पनि ओझाहरू ओझाकर्मको लागि निस्कँदा शरीर बाँधेर या घर बाँधेर निस्कन आवश्यक मान्छन्। उनीहरू आफ्नो मात्र होइन, आफूले हेरेको रोगीको घर र शरीर पनि बाँध्न आवश्यक ठान्दछन्।

कण्टाजिअस म्याजिकमा भने अंशीलाई उसकै अंशले प्रभाव पार्ने गरिन्छ। त्यसैले ओझा या वोक्सी या वोक्साले भेद गर्न खोजिएको व्यक्तिको शरीरको कुनै एक अंश, विशेष गरेर केश, नङ, लुगा, खाना, उसको संसर्गमा आएको खाना, पदचिह्नको माटो, जे भए पनि संकलन गर्दछ र गुनहरूको सहयोगले व्यक्तिलाई विमारी बनाउने र गरेको काम सफल हुन नदिने प्रयत्न गर्दछ। यो प्रचलन धिमाल-जातिमा निकै प्रचलित भएको पाइन्छ। अझै पनि धिमाल आइमाईहरू केश कोर्दा काँगियोमा अड्केको वा झरेको केश तथा चितरा थाङ्ना लुगा मिल्काउँदा केही नलागोस् भनी थुथुगरी जूठो पारेर मिल्काउने गर्दछन्। तरुणी केटीहरू त विशेष अवसरहरूमा कपालमा लाएको फूल या वोजोको हरियो पात फाल्नु परे पनि आँखा नलागोस् भन्ने अभिप्रायले थुथु गरेर फाल्दछन्।

वस्तु-आरोपण र लगानी

लागोलाई धिमालहरू 'लगानी' भन्दछन्। लागो आफैं लागेको र अरूहरूले उठाएर लगाई दिएको गरी दुई प्रकार हुन्छन्। कालो जादू अर्थात् पाप गुन चलाएर प्रक्षेपण गरी व्यक्तिलाई बिमारी वनाउने या मार्ने तरीका धिमाल-समाजमा आंशिक रूपमा अझ केही भएपनि, देवी-देवता, भूतप्रेत, प्राकृतिक (अतिमानवीय) आत्मालाई उठाएर लगाउने चलन वढी प्रचलित छ। धिमालहरू यी लगाइएका लगानीहरूलाई, झार्ने, पन्साउने र मन्साउने गर्दछन्। कोही धिमाल ओझाहरूले रोगीको शरीरबाट मुखले टोकेर, प्रक्षेपण गरिएको अक्षतामा आफूले केश या नङ निकालेको कुरा वताएका छन्। लामो समयमा नझारे या आरोपित वस्तु

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

समयमा ननिकाले व्यक्ति वढी रोगी मात्र हुने होइन, मर्न पनि सक्तछ।

जिउखाका (सातो हराउनु)

आफ्नो शत्रुलाई रोगी बनाउने या मार्ने अर्को उपाय उसको शरीरबाट आत्मालाई छुटट्याउनु हो। यो उपायलाई नेपालीमा सातो लिनु या सातो हराउनु र धिमाल-भाषामा 'जीउखाका' भनिन्छ। सातो लिने र हराउने विश्वास धिमाल-जातिमा अत्यन्त प्रचलित छ। यो विश्वासअनुसार आत्माले शरीरलाई छाडेर आफ्नो यात्रा गर्न सक्तछ। निंदमा यस्तो घटना घटे मान्छे सपना देख्दछ। अतः सपना अचानक भङ्ग भए, रोकिए आत्मा फर्कन नसकी व्यक्ति सिकिस्त हुन सक्तछ। संथाल, निकोबार नागाहरूमा यस्तो विश्वास चर्को हुने तथ्य विद्वान्हरूले प्रकाशमा ल्याएका छन्।[१] धिमालहरू भने आत्मा कतैं डुल्न जाने, केही समय कतै वस्ने कुरा मान्दछन्। उक्त कुरा थाहा पाएर समयमा फर्काउन नसके व्यक्ति विमारी भएर विस्तारै मर्दछ। धिमाल-समाजमा अधिकांश पापगुन भएका ओझा, वोक्सी र दुष्ट प्रेतात्माहरूले सातो लिने, खोस्ने, लुकाउने गर्दछन्। ठूला-वडाभन्दा वढी केटा-केटीहरू यो रोगले सताइन्छन्। सातो जाँदा केटा-केटीहरू निन्द्रामा झस्किने, रोएर उठ्ने र टोल्हाउने हुन्छन्।

(४) बोक्सी-विद्या

प्रचलित विश्वासअनुसार धामी (ओझा) विशेषतः परहित पर-कल्याणमा आफ्नो ज्ञानको उपयोग गर्दछन् भने वोक्सीहरू अरूलाई दुःख कष्ट दिन ईर्ष्या, द्वेष, डाहले आफ्नो विद्या खर्चन्छन्। प्राकृतिक संसारमाथि पराप्राकृतिक सामर्थ्य भएका सधैं-जसो अरूको कुभलो तथा खराव चिताउने र गर्ने वोक्सी-विद्याको प्रचार-प्रसार सभ्यताको आदि-कालदेखि आजपर्यन्त भूमण्डलमा यत्रतत्र व्याप्त पाइन्छ। पर-पीडिक, पर-संहारक, धेरैजसो अरूको अहित, अमंगल गर्ने पापगुन भएका दुष्टात्मासँग घनिष्ठ सम्पर्क कायम राख्ने स्त्री-पुरुष दुवै वोक्सी-विद्याका साधक मानिन्छन् र बोक्सा तथा वोक्सीको नामले चिनिन्छन्, तर आजकल वोक्सी-विद्या केवल स्त्रीजातिमा मात्र केन्द्रित हुन गएको छ।

धिमालहरू वोक्सीलाई देरागेलाई भन्दछन्। उनीहरूको निमित्त देरागेलाई, गौरा र पार्वतीमा खास अन्तर छैन। हिन्दू-समाजमा झैं धिमालहरूमा पनि वोक्सीविद्याका अधिष्ठाता तथा साधक पार्वती नै मानिन्छन्। देरागेलाई अत्यन्त कडा र काम विगार्ने खालको हुन्छ। ऊ रूप परिवर्तन गर्ने र गराउने, अदृश्य हुने र बनाउने, आकाश-मार्गमा सजिलै उड्ने, जतिवेला जहाँ पनि लाग्न

१ जग्गी, १९७३-२५

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सक्ने , पुग्न सक्ने, जहिले पनि व्यथा लगाउन सक्ने खालको मानिन्छ।

नेपाली अन्य जाति झैं धिमालहरू पनि सुत्केरीको दूध सुकेर गए, लैनी गाईले दूध दिन छाडे, अचानक कोखे बालकको भोक हराए,घरका स्वस्थमान्छे या गाई-वस्तु मरे बोक्सीले कर्तव्य गरेको ठान्दछन् र अझै पनि गाउँ-घरमा दूध फाटे पकाएको रोटी, मासु आदि खाद्य-वस्तु बिग्रिए, अचानक आँधीले बालीनाली बिगारे बोक्सीले आँखा लाएको कुरामा विश्वस्त भएर तुरुन्त धामी-बिजुवा लगाउँदछन् । अज्ञात ईर्ष्या, डाह, लोभ तथा द्वेषले गर्दा बोक्सीहरू आफ्नो विद्याको प्रयोग गर्न बाध्य हुन्छन् । उनीहरू आफ्ना शत्रुहरूलाई अनेक प्रकारले दुःख दिन्छन् । बोक्सी प्रत्यक्ष र अप्रत्यक्ष दुवै तवरबाट आफ्नो शक्तिको प्रयोग गर्न सक्षम हुन्छन् । उनीहरू आँखा (नोजर) लगाउन सक्छन्, सराप दिन सक्छन्, या दुष्ट प्रेतात्मालाई रोगव्याध ल्याउन लाएर मान्छेहरूमा रोप्ने र उमार्न सक्छन् । उनीहरू आफैं पनि रोग रोप्न सक्छन्, यक्ष बाण हानेर पठाउन सक्छन् । वाण हान्दा बोक्सीहरू विशेषतः फूल या अक्षता फुकेर पठाउँछन् ।

बोक्सीले आफ्नै स्वरूपमा आएर पनि अचानक झल्याक-झुलुक गर्दै मानिसलाई आक्रमण गर्न सक्तछन् । उनीहरूले मान्छेको हात-खुट्टा बाँध्नअघि मान्छेको वाक्-शक्तिलाई बाँध्छन् । पहिले नै बोली फुटाउन नसके बोक्सीको आक्रमणबाट बच्न सकिँदैन भनी धिमाल ओझा भन्दछन् ।

धिमाल-बोक्सीहरू निकै डरलाग्दा हुन्छन् । कहिलेकहीं बोक्सीले ठाउँको ठाउँ नै मान्छे मार्ने पनि गर्दछन् । धिमाल-बोक्सीहरूले सानो घाउलाई ठूलो पार्ने, व्यथा चर्काउने र लम्ब्याउने पनि गर्दछन्, अथवा धिमालहरू ओझा, धामी, डाक्टर (कम्पाउण्डर या हेल्थ असिस्टेन्ट) लगाएर थाकेपछि सिकिस्त बिमारी परे अन्त्यमा केही नलागी गाउँका ठूला-ठालु, मुखियालाई बोलाएर ओझाकै सल्लाह-अनुसार देरागेलाई संझेर निको भएमा फलानो जीव र भोग दिन्छु भनी पंचहरूको सामू भाकल गर्दछन् र निको भएमा भोग दिई भतेर गर्दछन् । देरागेलाईको पूजा वर्षको एकपल्ट पार्वामा खास रूपले हुन्छ । यो वेलामा बोक्सीलाई घरको मूलीले मनाउने गर्दछ तापनि अरू वेला भने मनाउने र मन्साउने काम ओझाकै हुन्छ ।

(५) निषेध-भंग

कार्यहरूसँगको संलग्नता सदा फलदायी हुँदैन, कहिलेकहीं त्यो खतरापूर्ण र अलाभदायक हुन्छ र निषेध तथा वर्जनको रूपमा स्वीकृत हुन्छ । निषेध गरिएको कार्य गरिएमा व्यक्ति वा जातिले दुर्भाग्यका साथसाथै रोग-व्यथा पनि खप्नुपर्ने हुन्छ । धिमाल-जातिमा पनि अनेक प्रकारका वर्जनहरू प्रचलित छन् । तिनीहरू-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मध्ये कुनै-कुनै व्यक्तिको स्वास्थ्य र जीवनसँग सीधै सम्वन्धित छन्। त्यसैले धिमालहरूको प्रचलित विश्वासअनुसार कति रोगहरू निषेध-भङ्ग भएका कारणवाट पनि उम्रन्छन्।

धिमालहरू कुचोले हिर्काएमा हिर्काउने मान्छे सुके-रोगले सुक्तै जाने, चाल्नोमा वसे पीलो आउने, आगो बालेको मूढामा वसे कपाल दुख्ने, नांगलोमा वसे नींदमा तर्सने, दाल या तरकारी पकाएको कन्तीमा भात खाए लोग्ने या स्वास्नी छिटै मर्ने, इन्द्रेनीलाई माइली औंलाले देखाए कुहुने, आँगको खटिरा खुला राखे नजर लाग्ने, जाल या पोङ (तीनकुने जाल) ले आँखा ढाके रतन्धो हुने, फुल चोरे पाण्डु रोग लाग्ने, दिनमा गाउँखाने कथा या कथा भने छोराछोरीको गाँड आउने या लाटा-लाटी हुने, घरको छेउ-छाउ कटहरको वोट रोपे आयु छोटिने विश्वास गर्दछन्।

सवैजसो निषेध तथा वर्जनहरू कुनै न कुनै रोगका देवी-देवता, भूत-प्रेत आदिसँग सम्वन्धित मानिन्छन्। ती कुरा भङ्ग भएमा तिनै देवी-देवताहरूले भङ्गकर्तालाई दण्ड दिने गर्दछन्। निषेध-भङ्ग थाहा पाएर या नपाएर दुवै प्रकारले हुन सक्तछ। थाहा नपाई भएमा ओझाले जोखाना हेरेर पत्ता लगाई, भूलसमेत स्वीकार गराई मन्साउने र पन्साउने काम गर्दछन्।

धिमाल-जातिमा प्रचलित विशेष रोग-व्याध र तिनको निराकरण-विधि

धिमाल-जातिमा प्रचलित रोगका कारणहरूको उल्लेखपछि केही विशेप रोगहरूको परिचय र तिनको निराकरणसम्बन्धी चर्चा गर्नु आवश्यक छ।

रोगको निराकरण या औषधोपचारको निमित्त रोगको कारण पत्ता लगाउन अनिवार्य हुन्छ। धिमालहरू जोखाना हेरेर या बिमारीको लक्षण विचारेर रोगको पहिचान गर्दछन् र सोहीअनुसार औषधोपचार गर्न (झार्ने, फुक्ने, मन्साउने, मनाउने) विभिन्न परम्परागत विधिहरूको उपयोग गर्दछन्। पुनराक्रमणवाट जोगिन धिमाल-ओझाहरू प्रतिरक्षात्मक उपायहरूको पनि अवलम्वन गर्दछन्। अतः धिमाल-जातिमा प्रचलित रोग निराकरण-विधिमा जडी-वूटी, जादू, तन्त्र-मन्त्र आदिको संमिश्रित रूप देखिन्छ। तिनलाई एक अर्कासँग पूर्णरूपले छुट्टचाउन सम्भव देखिंदैन।

धिमाल-जातिलाई लाग्ने केही विशेप रोगहरू उनीहरूका शव्दावलीमा लगानी, नुइपिका, डाकिनी, स्यें, जागित्र, जिउखाका, शिकारी, नौली, मोच, मसान, फान (फाँसी) आदि हुन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लगानी

धिमाल-विश्वासअनुसार लगानीका बाहनहरू सदा स्वतन्त्र रूपले हिंड-डुल गरिरहन्छन् । तिनीहरू आफैं र अरूहरूले उठाएर लगाइदिने खालका हुन्छन् । लगानीका कारणहरू घरेलु तथा ग्रामीण देवी-देवताहरू, स्यें, जागित्र, डाकिनी, असन्तुष्ट मृतात्माहरू, मसान, शिकारी, वनको आदि परामानवीय शक्तिहरू तथा धामी तथा बोक्सीका वाण र फान जे पनि हुन सक्तछन् ।

लगानीको प्रभाव-क्षेत्र विस्तृत छ । तैपनि लगानी लाग्दा विशेषत: मूर्च्छा पर्ने, घाउ खटिरा आउने, बहिरो हुने, आँखा कम्जोर हुने, हात खुट्टा नचल्ने, रगत छाद्ने कुरा धिमालहरू बताउँदछन् । लगानीको प्रभावबाट रोगीलाई मुक्त गर्न रोगीको शरीरबाट आरोपित वस्तु टोकेर निकाल्नुका साथै फुक्ने,झार्ने,मन्साउने पनि गरिन्छ । यी सबै गर्ने काम घरका स्वास्नीमान्छेहरू र ग्रोझाका मानिन्छन् ।

ग्रोझाले लगानी हटाउन अक्सर कारणअनुसार कालो कुखुरा, कालो परेवा उठाई भोग दिई सिन्दूर-सुपारी आदि केराको पातमा राखी काँचो धागोको सात-सलेदोले गुन भनेर मन्साउने गर्दछ ।

लगानी विशेषत: पापगुन भएका धामी र बोक्सीहरूले ईर्ष्या, डाह र लोभले आफैं या अरूहरूको साधन भएर लगाइदिने विश्वास धिमालहरू गर्दछन् ।

नुइपिका

नुइपिका लगानीकै विशेष प्रकार हो । यो अगति परेका मान्छेहरूको प्रेतात्मा लागेर हुन्छ । नुइपिकाले अक्सर सानसाना नानीहरूलाई सताउने, रुवाउने र पेट दुखाउने गर्दछ । नुइपिका अरूहरूले उठाएर लगाइदिने होइन, बढ्ता आफैं लाग्छ भन्ने विश्वास छ ।

नुइपिका लागेमा तोरीको पीठो, मार्चा र खरानी मिसाएर खूब रिसाउँदै नानीको नाइटोमा दल्ने गरिन्छ "तेरो आमाको किरिया, तेरो बैनीको किरे, यस्तो नाबालकलाई समातिस्, छोड्दे आफ्नो ठाउँमा बस्" भन्दै आमाचाकली-बाचाकली गाली गरिन्छ । नुइपिकाको असरबाट बालक-बालिकाहरूलाई जोगाउन धिमालहरू पन्साउने र मन्साउने होइन, गाली गरेर तर्साउने गर्दछन् । उनीहरूका विश्वास-अनुसार मनपरी गाली गरेमा नुइपिकाले हाड नाताको दोष नलाग्ने डरले छोड्छ भन्ने छ । यो कार्य पहिले घरका आइमाईहरूले गर्दछन्, तर नलाग्ने भएमा पछि ग्रोझाको सहायता लिने गरिन्छ ।

डाकिदी (डाइनी)

भरखरकी सुत्केरी या दुई जीउकी स्वास्नीमान्छेको प्रेतात्मालाई धिमालहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

डाकिनी भन्दछन् । डाकिनी रूखमा बस्दछे र राती-राती सानो नानी रोए जस्तो गरी कराएर हिंड्दछे । सुत्केरी हुँदा यसले कमाउने, अरन्याउने, रगत छदाउने र वौल्लाउने हुन्छ । डाकिनी अक्सर ठूलो मान्छेलाई लाग्ने गर्छ ।

डाकिनीलाई धपाउन ग्रोझाले गाउँमा त्यसरी मरेकाहरू सबैको नाम लिएर मन्साउँछ या हल्लुँड धोएर पानी ख्वाउँछ या हल्लुँड, द्वाली, गालामा राखेर माला लाइदिन्छ । अन्त्यमा केही नलागे नुइपिका लाग्दा झैं अनेक नराम्रो गाली गरेर "तँ किन आको ? तँलाई के नपुगेको ? जा तुरुन्त निस्की" भनी निकालिन्छ ।

स्यें-जागित्र वायु

धिमालहरू स्यें, जागित्र वायुमा अन्तर मान्दैनन् । ती सबैलाई अगति परेर मरेका अतृप्त-आत्मा भन्ठान्दछन् । तिनीहरु बेला-बेलामा जागेर आउने भएकाले जागित्र भनिएका छन् । जागित्र लाग्दा छेराउने, छदाउने र जस्तो-जस्तो भएर मरेको छ त्यस्तो त्यस्तै गर्ने गराउने गर्छ ।

स्यें जागित्र लाग्दा अक्षताले झारिंदैन, एउटा थाङना अथवा झुम्रो सल्काएर झार्ने गरिन्छ । झार्दा ग्रोझाहरू भन्छन्ः–

"हेर यो टाउँ नराम्रो (छ) मान्छे (पनि) फोहर छ, यो झुम्रोको किरिया, यो अग्नि साक्षी छोडी देऊ ।'

हो त भनी जागित्रले छोड्छ भन्ने विश्वास धिमालहरू गर्दछन् । जागित्र लाग्दा अक्षताले झार्न सकिन्छ, तर धिमाल-ग्रोझा शुरूमा अक्षताले नझारी अगति परेर मरेको गाउँका मान्छेहरूको नाउँ लिएर पुकार्दछ र एक लोहोटा पानी, खरानी र हँसियाको उपयोग गर्दछ । ऊ क्रमानुसार पानीमा खरानीलाई कचिया (हँसिया)ले कोर्दै फुक्ने फलाक्ने गर्छ । ऊ फलाक्दा–

"तँ फलाना (गाउँमा त्यसरी मरेको कुनै व्यक्ति) लागे पनि, छाड, नत्र तेरी आमाको पोइ हुन्छस्, तेरो बहिनीसँग लसपस होस्" भन्छ र अनेक हाडनातामा पर्ने गाली-चाकली गरेर छुटाउने कोशिश गर्दछ ।

जिउखाका

सातो गएकोलाई धिमालहरू जिउखाका भन्दछन् । यसले ठूला-ठूर्काहरूलाई भन्दा बढ्ता साना केटाकेटीहरूलाई सताउँछ । नानीहरू निन्द्रामा झस्किने, रोएर उठ्ने या टोल्लाउने भए 'जिउखाका' लागेको अडकल काटिन्छ । उनीहरू सातो वोलाउन थालमा राखिएको लावा एवं सिकाउती (सुकाएको पटुवाको मुण्टा) पूर्व, पश्चिम, उत्तर र दक्षिणका विभिन्न देवी-देवताहरूको नाम लिएर चढाउँछन् र लोहोटाको मुखमा सुकेको पटुवाको मुण्टा राखेर आगो लगाउँदै

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पानी राखेको थालमा घोप्टचाउँछन् । घोप्टचाउँदा चुंई. . .आवाज आउँछ र कुचो या हँसियाले ट्वाक्-ट्वाक् हिर्काउँदै—

"आइज, आइज, कता गइस्, एक्लै-एक्लै हिंड्न डुल्न हुँदैन, खोला-नाला नजा, कति घुमिरहन्छस्" भनिन्छ र लोटा उठाएर मुखमा लगी हो भन्ने काम ५ पल्टसम्म गर्ने गरिन्छ। यसरी लोहोटा घोप्टचाउँदा पानी ताने सातो आएको, नताने नआएको या अन्य लागो लागेको मानिन्छ । कोही-कोही त नफलाकी केवल विधि मात्र पनि गर्दछन् । उल्लिखित विधि गरिए सातो फर्कन्छ भन्ने धिमाल-स्वास्नीमान्छेहरूको विश्वास छ । आफ्नो केही नलागेपछि उनीहरू आखिर ओझाकै सहयोग लिने गर्दछन् ।

शिकारी

शिकारीलाई धिमालहरू वन-जङ्गलका देवता मान्दछन् । विभिन्न धिमाल ओझाहरूले दिएका शिकारीका नामावली अनुसार ती अनेक प्रकारका छन्ः—

१) सिरिंग शिकारी
२) बगाले शिकारी
३) चकमके शिकारी
४) कुरूंग शिकारी
५) सिं शिकारी
६) रन शिकारी
७) भूमि-शिकारी
८) एकले शिकारी
९) जल-शिकारी
१०) सुर्जे शिकारी
११) लगानी शिकारी
१२) धिमे शिकारी

यीदेखि बाहेक कसै-कसैले जागिन्न शिकारी, स्यें शिकारी, सात भाइ शिकारी आदिका नाम पनि लिएका थिए । तर शिकारी जम्मा गरी १६ भाइ हुन्छन् भन्ने विश्वास छ । ती १६ भाइको चिनारी र नाम निश्चित गरी उपलब्ध हुन सकेन, तथापि केही सूचनाअनुसार सिरिंग (छिरिंग) शिकारी आदि शिकारी मानिएका छन् । बगाले शिकारी हूल-हूल गरेर हिंड्छन् भने एकले शिकारी एक्लै हिंड्दछ । जमीनमा हिंड्ने जिमी या भूमि-शिकारी हो भने जलमा हिंड्ने जल शिकारी हो । कोही-कोही जल-शिकारीलाई मसान-शिकारी पनि भन्दछन् । जागेकोलाई जागिन्न र लगाइदिएकालाई लगानी शिकारी भनिन्छ । डाकमानको भनाइअनुसार शिकारीहरू पनि लाइन-लाइनका हुन्छन् । तर ती मुख्य दुई लाइनका हुन्छन्— बुढेनी लाइनका र मसान लाइनका । उनको भनाइअनुसार वढेनीका अङ्गरक्षक या पुलिस शिकारीहरू हुन् ।

शिकारी लाग्दा सामान्यतया जीउ कटकट खाने, जरो आउने, सुनिने, फाँसी लागेर थुक निल्नै नहुने हुन्छ। तर १६ भाइ शिकारी हुने हुनाले विशेष शिकारी लाग्दा विशेष प्रकारको रोग पनि लाग्दछ । जल-शिकारी लाग्दा अत्यन्त पानी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्यास लाग्ने हुन्छ भने सुर्जे शिकारी लाग्दा हात खुट्टा कक्रक्कै पार्छ, चकचके शिकारी लाग्दा भने खुट्टा नै चलाउन नहुने हुन्छ।

शिकारीहरू बाण चलाएर पनि मान्छेलाई दुःख दिन्छन् । यी वाण पनि अनेक प्रकारका हुन्छन्—अग्नि-बाण, खोर्सानी बाण, अदुवा-बाण, जोला-वाण, शिकारी वाण आदि । वाण अन्य लाग्ने खालका देवी-देवताहरूको पनि हुन्छ । ती जम्मा १८ प्रकारका हुन्छन् र अन्य धामी तथा बोक्सीहरूले पनि चलाउन सक्तछन् ।

अग्नि-बाणले तताएको फलामले झैं एकदमै तातो भएर घोच्ने गर्दछ भने अदुवा बाणले विस्तारै पोल्दै ल्याउँछ तर खोर्सानी बाणले भने घोच्ने र पोल्ने दुवै गर्दछ । यसैगरी शिकारी बाणले घोच्ने मात्र गर्दछ भने जोला वाणले गानो फुल्ने, पाक्ने, सुन्निने गर्दछ र यो अवसर हिंड्दा-डुल्दा लाग्दछ।

शिकारी लागेको र अरू देवता लागेको छुट्टयाउने उपाय उपर्युक्त रोग र वाणको प्रभावदेखि बाहेक अर्को एउटा उपाय पनि छ र त्यो हो-नाडीको चाल । १६ भाइ शिकारी लाग्दा विशेष गरी नाडी फुतफुत उफ्रन्छ भने अरू देवता लाग्दा मझौला किसिमले चल्छ। शिकारी केटाकेटीदेखि लिएर ठूलठूला हुर्केका बूढाबूढी-हरूलाई समेत लाग्न सक्तछ ।

शिकारी लागेको थाहा पाउने बित्तिकै ओझालाई मनाउन या मन्साउन लाउनुपर्छ । शिकारी मनाउन अक्सर भालेको भोग दिन आवश्यक मानिन्छ । भोग दिंदा पनि केवल रगत मात्र नछर्की, भोग दिएका प्राणीको मुटु, कलेजो र शरीरै समेत सबै पोलेर दिए मात्र मान्दछ, अन्यथा मान्दैन तर शिकारीहरूलाई मनाउँदा डाकमान या रामबहादुर भन्दछन्ः—

"आइमाईहरूले (कपाल कोरेको) कांगियोले जीउबाट कोर्दै टपरीमा राखेर काँगियो समेत दोबाटोमा फाल्छन् । धनुकाण जस्तै चलाउने हुनाले तेरो सर्जाम लैजा भनी दिएको, (हो) कुखुराको प्वाँख (भने) मासुको गन्ध आओस् भनेर टुप्पा जलाई खरानी लाई दिइन्छ (र) सबै एकै पल्ट गरेर फालिन्छ ।

कुखुराको प्वाँख जलाएर दिने चलन, सिंगो कुखुरा पोलेर दिने चलनकै अवशेष या थालनी दुवै हुन सक्तछ । शिकारी सदा नै धनुकाण सहितको हुन्छ । काँगियोले जीउमा कोरेको, धिमाल ओझाले शिकारीको दोख झारेको हो।" धिमाल ओझाहरू शिकारीलाई मनाउने गुन (मन्त्र) पर्वते (नेपाली) भाषामै भन्दछन्ः—

"लहै शिकारी (फलाना) तिमी भयौं, तिमीले फलानालाई (भरसक रोगीको नाम लिएर) हिंड्दा डुल्दा लागेछौ । तिम्रो छाया परेको रछ, भएतापनि फलानालाई दुःख नदेऊ। लहै पैरमसान ! (परमेश्वर) शिकारी फलाना ! तिमीले (तिमीबाट) फलानाको रक्षा होस् । यसको दुख्ने, हग्ने पनि रक्षा होस्, तिमीले झिकी देऊ । तिम्रो अग्नि बाण, खोर्सानी वाण लागेको भएपनि, फाँसी लागेकोभए पनि झिकी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

देऊ, फुकाई देऊ, रक्षा गर यस बालकलाई। यो घाँस खानुको दु:खले भएको अन्न खाने पशु प्राणी हो। यसलाई रक्षा गर, तिमी परेमसान आफ्नो ठेगानामा बस।"

धिमालहरू असारे पूजाको वेला ग्राम-थानमा ग्रामीण देवी-देवताहरूको सामूहिक पूजा चलाउँदा कतै सिकारी नै भनेर कतै तुङ तुङ सुब्वा भनेर टुङ बनाई धनु काण चढाएर ग्राम-रक्षको खातिर देवताको रूपमा पनि पुज्दछन्।

बनको, बुढेनी र नोलु

वनको भनेको जङ्गलको देवी हो। यसलाई बुढेनी या बजैनी पनि भनिन्छ। शिकारी झैं बुढेनीहरू पनि लाटी बुढेनी, चम्के बुढेनी, नौली, काली बुढेनी, सेती बुढेनी, कटकटेनी बुढेनी आदि गरेर जम्मा सात बहिनी हुन्छन्। यिनीहरूलाई सामूहिक रूपमा वनको बुढेनी पनि भन्ने गरिन्छ।

लाटी बुढेनी लाग्दा मान्छे लाटो-बहिरो हुन्छ। चम्के बुढेनीले मान्छेको कन्चटको रौं र परेला तानेर चम्काउँछे। कालीले नीलो-कालो पार्छे भने सेतीले मान्छेको नसाहरू तन्काउने र खुम्च्याउने गर्दछे। कटकटेनी बुढेनीलाई "बुढी बजु" पनि भन्ने गरिन्छ र ऊ जङ्गलमा पोथी कुखुराको आवाज निकाली चल्लाहरू डाकी हिँड्दछे र मान्छेलाई बेसुरे बनाई बौलाहा बनाउँछे।

वनको जसलाई पनि जहिले पनि लाग्न सक्छ। वनकोले लिंग-भेद र वय-भेदको कुनै अर्थ राख्दैन। उपर उल्लिखित बुढेनीहरू मोरङ्ग ओर्लेपछि नौलु (नौली) भएका हुन्। धिमाल ओझाहरूका भनाइअनुसार अघि-अघि मोरङ्गमा यी बुढेनी तथा बजैनीहरू थिएनन्, तर जब पहाडबाट मान्छेहरू ओर्लन लागे, उनीहरूसँग पहाडका धामी, झाँक्री, बिजुवा (आदि) पनि मधेस झरे र वनको बुढेनीहरू खेलाउन थाले, त्यसैले पछिबाट मोरङ्गमा पनि बनको लाग्न थाल्यो। अतः कोही-कोही धिमालहरू वनकोलाई नौलु मात्र नभनी पहाडबाट ओर्लेको हुनाले पहाऱ्यादिर अर्थात् पहाडको देवता पनि भन्ने गर्दछन्। हुन पनि बनकोलाई मनाउँदा धिमाल ओझाहरू नेपाली भाषामै आफ्नो गुन भन्ने गर्दछन्।

मसान

मसानलाई धिमालहरू घरेलु देवताका रूपमा मात्र नपुजी, अनेक रोग,-व्याधका कारण र स्रोत पनि मान्दछन्। घरमा पुजिने मसान र ओझाहरूले खेलाउने मसानको बीचमा कस्तो सम्बन्ध छ, प्रष्ट हुन सकेन, स्वयं धिमालहरू पनि यस बारेमा स्पष्ट छैनन्। तर घरमा पुजिने मसानलाई मनाउन पनि घरको मूली थाकेपछि ओझालाई नै गुहार्ने प्रचलनचाहिं तिनीहरूका बीच सम्बन्ध रहेको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तथ्य केही खुल्दछ।

ओझाहरूले खेलाउने मसान, शिकारी र बुढेनी झैं अनेक प्रकारका छन्:–

१) सुके मसान	२) फुले मसान
३) जल-मसान	४) खोले-मसान
५) दाद-मसान	६) अग्नि-मसान
७) तिलौटी मसान	८) वंगाल-मसान
९) चाम्के मसान	१०) कैले-मसान
११) काले मसान	१२) मुठे-मसान
	१३) राँके मसान आदि-आदि

तर यी यति नै प्रकारका हुन्छन् भनेर कसैले पनि किटान गरेर बताएनन्। कोही खोले मसान र जल-मसानमा अन्तर छैन, एकै हुन् भन्दछन् भने, कोही दाह मसान र अग्नि-मसानमा अन्तर देख्दैनन्।

फुले मसान र सुके मसानले क्रमश: फुलाउने र सुकाउने गर्दछ भने जल-मसान र खोले मसानले छेर्ने-छदाउने गर्दछ। यसैगरी दाह मसानले पोलेर ल्याउने र वेला बखत रुवाउने गर्दछ भने सिलौटी मसानले हरवखत जरो ल्याउने र वेला बखत रुवाउने गर्दछ। वगाले मसान भने ५।६ जनाको हूलमै हुन्छ। त्यसैले यसले टाउको दुखाउने, जरो ल्याउने, हात खुट्टा कटकटी खाने, खाना-दाना नरुचाउने जे पनि गर्ने हुन्छ। वीरमसान अझ कडा र अत्यन्त डरलाग्दो मानिन्छ। ऊ जहाँ पठायो, त्यहीं जान सक्तछ, यथार्थमा सवैजसो मसानहरूलाई उठाएर लगाउन सकिन्छ।

मसानलाई मन्साउँदा ओझाहरू सबैभन्दा पहिले शुरुमा सिरूको खर र चामलले फुक्ने गर्दछन्। पछि आफूले जाने जतिको देवी, दुर्गा, काली स्यें, जागित्र, शिकारी, मसान र विमारी भएका व्यक्ति सबैको नाम लिएर फलफूल तथा खाजा, चाम्रे, माछा, मासु, सुकुटी आदि सहित माटोको मान्छेको मूर्ति बनाएर "तिमी जुन बाटो आएको (हो) त्यही बाटो जाऊ, तिमीलाई खाजा चाम्रे दिएकै छौं, आफ्नो, वाट्टो लाग" भन्दै अक्षता-पानीले घुमाएर फुकी वाटोमा-अक्सर दोबाटोमा फ्याँक्ने लान्छन्। भोलिपल्ट केही कम नभए, त्यतिले नमानेको अडको खेल भए, आफूले नसके, अरूलाई हेराउन सल्लाह दिन्छन्। डाकमान स्पष्ट भन्छन्–

"वलगरी मान्ता राखी कोशिश गर्ने, नमाने उठाएर लाउने मान्छेले नै निको पार्छ। (किनभने) लाउने मान्छेले छुटाउन पनि जानेको हुन्छ। (केही गरी) नसक्दा फलानासँग साइत (हेराएर) फलानालाई लाऊ भनेर लाउन लगायो। वास्तवमा फलानाले लगाएको भन्न नमिल्ने (र) भन्न पनि गाह्रो हुन्छ।"

डाकमानको उक्त भनाइले पापगुन भएका ओझा गुनी आदिलाई संकेत गर्दछ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

किनभने दुश्मनी हुँदा यी पाप विचार गरेर पैसा कमाउन खोज्दा पापगुनीहरू मसान्हरू मात्र लगाउने होइन, वीर-मसान समेत लगाएर दुःख दिने गर्दछन् । मन्साउने विभिन्न विधिहरूको क्रममा उनी अरू भन्छन्:–

"टपरी दोबाटोमा राख्नुको कारण ओहोरदोहोर गर्ने मान्छे, कुनलाई इच्छा छ, र त्यहीं जाऊ, या बिमारीलाई छाडेर आफ्नो बाटो लाग भनी बाटोमा राखेको हो। यसले (माटाको मूर्ति बनाएर मन्साउँदा) पनि नभए मान्ता (भाकल) राखिन्छ ।"

मान्ता राख्दा तामाको पैसा, तुलसीको ७ वटा पत्ता, सिन्दूर, पानी र एक लोहोटा र धूप चाहिन्छ , अनि भनिन्छ:–

"तँलाई अगि नै फुलेको फूल तथा अरू (चीज) चढाएको थे, गएस्, अब तँलाई यस्तो (दिइने वस्तु) जिनिस, जीउ ज्यान आदि इच्छाअनुसार दिन्छु" भनी- कबुल गरी मसानहरू तथा बिमारी समेतको नाम जपी तामा-तुलसी छोई ओझाले किरिया खाए जस्तो गर्दछ । उनको भनाइअनुसार तामा तुलसी चढाएको होइन, वास्तवमा कबुल गर्न पर्दा साक्षी राखिएको हो । यति गर्दा पनि नभएपछि ओझाको आफ्नो केही लाग्दैन र उसले माथि भने झैं अरूलाई देखाउन सल्लाह दिने गर्दछ ।

फान या फाँसी

फान या फांसी भनेको कसैले बाँधेर लगाइदिएको बन्धन हो । मार फान, देउ-फान, शिकारी-फान र जल-फान गरी यिनीहरू जम्मा चार प्रकारका हुन्छन् ।

मार-फान लाग्दा समयमा काट्न नसके अपझंट मर्ने हुन्छ र देउ-फान, जल-फान भने बिस्तार बिस्तार लाग्ने गर्दछ । शिकारी-फान लाग्दा भने शरीर सबै कटकट खाने गर्दछ । अगि-अगि यस्तो फान कार्तिक महीनामा बढ्ता लाग्ने गर्दथ्यो । यसको मूल कारण बोक्सीहरू नै मानिन्छन् । उनीहरू कहिले रूखमा काँचो धागोले बाँधेर बाटो छेक्दछन् भने, कहिले कतै माटोमा छोपेर बाटो थुन्छन् । यो हटाउन थापेको फान काट्न आवश्यक हुन्छ । अन्यथा फानले भेट्ने मान्छे मर्ने सम्भावना धेरै हुन्छ । फान काट्ने काम ओझाहरूले गर्ने गर्दछन् । फान काट्दा काँचो धागोलाई मन्त्रले फुकेर कचियाले काट्ने गरिन्छ । त्यसैले राईहरूको अदुवा-बारीमा देवाको डर भए जस्तै कार्तिक महीनामा धिमाल गाउँमा पस्न हुँदैन भन्ने भनाइ छ ।

मोच

साना-साना गर्भे तथा दुधे बालो मरेको अतृप्त आत्मा या प्रेत-हंस लागेमा मोच लागेको मानिन्छ । धिमालहरू साना-साना भरखरै जन्मेका या तुहेका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बच्चाहरू मरेमा सामान्यतया बाटो-दोबाटोमा लगेर गाड्ने गर्दछन् । त्यसैले बाटो-घाटो हिँड्दा, मोचले पहिले आमालाई समात्छ र पछि आमाको शरीरबाट सरेर बालकहरूलाई पनि लाग्ने हुन्छ ।

मोच लाग्दा सामान्यतया बाल-बालिकाहरू झस्किने, छाद्ने, छेर्ने, नखाने, रोएको रोयै हुने आदि-आदि हुने गर्छ ।

मोचहरू पनि मर्ने बच्चाको अवस्था र स्थिति अनुसारै विभिन्न प्रकारका हुन्छन्:

(क) अन्धा मोच-गर्भमा महीना नपुगी मरेको, महीना पुगी या मरेरै जन्मेको या जन्मेर पनि आँखा खोल्न नपाई मरेकाहरूको मोच ।

(ख) फुल मोच-गर्भमा महीना नपुगी मरेका या आइमाईहरूले त्यसै फ्याँकेको बच्चाहरूको मोच ।

(ग) दूध मोच-आमाको दूध खाएर मरेको बच्चाहरूको मोच ।

(घ) सरुवा मोच-हिँडडुल गरी मरेका बच्चाहरूको मोच ।

फुल-मोच र अन्धा-मोच लागे केटाकेटीहरूलाई रूवाउने र एकोहोऱ्याउने गर्दछ भने दूध मोच र सरुवा मोचले झस्काउने, दूध, खान नहुने, छदाउने-छेराउने असर-पसर आदि गर्दछ । अन्धा-मोचले नानीलाई सुकाएर पनि साह्रो पार्छ । यसलाई समयमै सार्न नसके नानीलाई टिप्न पनि बेर गर्दैन । सरुवा मोचलाई धिमालहरू बटुवारी या बाल-मोच पनि भन्ने गर्दछन् । नभन्दै मरेका र जन्मेर पनि संसारलाई राम्रोसँग नभोगी छिटै मरेका यी असन्तुष्ट प्रेत-हंसहरू अत्यन्त ईर्ष्यालु डाही हुन्छन् । त्यसैले उनीहरू पछि जन्मेका या जीवित बच्चाहरूलाई दुःख दिने र पिर्ने हुन्छन् ।

"अरूका भुराभुरीबाट पनि मोच लाग्छ । बाटो हिँड्दा-डुल्दा, दोबाटोमा गाडेको बच्चाको हंस राती-बिहान हिँड्दा डुल्दा आमालाई लाग्छ (र) आमाको दूधबाट बच्चालाई लाग्छ र पीर दिन्छ । त्यसैले पहिले मोचलाई बच्चाबाट छुट्ट्याएर अरूलाई बोकायो र पछि आमाबाट छुट्ट्याएर फेरि मन्सायो"—यो भनाइ डाकमान धिमालको हो । यस्तो काम धामी झाँक्री तथा ग्रोझाले गर्ने गर्दछन् । खासमा मोच हेरी-हेरी मार्ने या सार्ने काम हुन्छ । सार्ने काम ग्रोझाले र मार्ने काम विशेषत झाँक्रीले गर्दछ । सरुवा मोचलाई मार्न सकिए पनि फुल मोच र अन्धा मोच मर्दैनन् र मार्न पनि सकिँदैन । अतः तिनलाई अनिवार्य रूपले अन्य वस्तुमा सार्नु पर्ने हुन्छ । तर धिमालहरू मोच मारेर कहिले पनि मार्न सकिँदैन भन्ने कुरामा विश्वस्त छन् । त्यसैले मोच मार्ने भन्दा बढ्ता सार्ने काम हुन्छ । मोचलाई मार्न भन्दा पहिले सार्ने र सार्न भन्दा पहिले सर्न नदिइने विधिहरू अपनाउने गरिन्छ । मोच लाग्दा, आमाको दूध पनि सर्ने डरले खान दिइँदैन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मोच सार्ने विधि

मोचहरू अक्सर कुखुरा र कुखुराको फुलमा सार्ने गरिन्छ। धिमाल ओझाहरू फुल-मोच र अन्धा मोचलाई सार्न कुखुराको फुल प्रयोग गर्दछन् भने दूध मोच या सरुवा मोचलाई सार्न कुखुराको भाले या पोथी खोज्दछन्।

अतः फुल-मोच र अन्धा-मोचले भेट्दा ओझाले धूप दिएर फुलमा फुकेर सार्ने गर्दछ र हिंड्ने-डुल्ने सरुवा-मोच लागे पोथी या भाले चल्ला जेमा भएपनि सारी बालक तथा आमालाई समेत राखी अथवा बालकलाई आमाको काखमा राखेर पन्साउने गर्दछ। अन्यथा आमा-नानी दुवैबाट त्यसरी नै दुईपल्ट मन्साउनुपर्ने हुन्छ।

फुल-मोच र अन्धा-मोच सार्दा भनिन्छः

"यसै फुलमा तिमी बस्नु, यही फुलमा खेली-डुली हिंड्नु, यस्तो बालकलाई तिमीले फुल-मोच भएतापनि (अन्धा मोच भएतापनि) निन्द्रामा झस्काउने, निन्द्रामा तर्साउने, निन्द्रामै हात नचाउने, रुवाउने आदि नगर्नु, फुलैमा गर्नु आदि।

यसैगरी दूध मोच या हिंड्ने-डुल्ने सरुवा मोच लाग्न नदिन या सार्दा यहीः कुखुरामा तिमी हिंड्नु, यसैबाट चित्त बुझाउनु, तिमीलाई ज्यानको बदली ज्यान दिएको छ, शिरको बदला शिर राखी दिएको छ, यो बालकलाई छोडी दिनु, यसैमा चर्लिहिंड्नु, यसलाई केही नगर्नु, तिमीले यसलाई ३ महीनासम्म केही-केही नगर्नु, नरुवाउनु, नझस्काउनु, नतर्साउनु। यो बालकलाई रक्षा गरी देऊ। तिमीलाई यही सुनको पंखी भयो। यसैमा तिमी चढी हिंड" आदि।

ओझाहरू मोच सार्ने काम निश्चित वेला या समयावधिमा हुन आवश्यक ठान्दछन्। उनीहरू अक्सर झुल्के घाम र पहेंलो घाममा अथवा दिन र रातको बदला साँझ र बिहानमा मोच सार्न उपयुक्त मान्दछन् र सार्दछन्। नानी हिंड्न डुल्न सक्ने एक वर्षको भइसकेपछि मोच लाग्दैन भन्ने विश्वास छ। एक वर्षसम्म नानीहरूलाई मोचबाट जोगाउनुपर्दछ। त्यसैले मोचवाट जोगाउन धिमालहरू ओझालाई डाकेर कुखुरा उठाउँछन्-पहिले ३ महीनाका लागि, त्यसपछि ६ महिनाका लागि र क्रमशः १ वर्षका लागि। धिमाल ओझाले कुखुरा उठाएर अवधि तोकी मान्ता (भाकल) गरेको बीचमा मोचले भेटे त्यसै कुखुरामा सारी मन्साउने गर्दछ। तर केही नभए तोकेको निश्चित अवधि ३ महीनापछि कुखुरा काटिन्छ। '६ महीनासम्म बालकलाई रक्षा गरिदेऊ। तिमीलाई पूजा तथा बलि दिएको छ', भन्दै वर्ष दिनलाई फेरि कुखुरा उठाएर मान्ता छुट्याउँछ। माथि भनिए झैं हिंड्ने-डुल्ने भइसकेपछि नानीहरूलाई मोच उति लाग्दैन र मान्ता गरिरहनु या मोच सारिरहनु आवश्यक हुँदैन। तर कहिले कहीं यसरी उठाउँदा पनि मोच लागी रोए,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दूध नखाए, राति झस्कने, छेर्ने, छाद्ने, टाउको हल्लाउने, हात नचाउने भए फेरि फेरि धूप-धुंवार गरी कुखुरामा सारी मन्साउने काम जारी रहन्छ । मन्साउँदा आमा तथा नानी दुवैबाट त्यसरी नै मन्साउने आवश्यकता पर्छ र ओझाहरू भन्छन:–

"हे परमेश्वर, यसको शरीरमा तिमी आयौ, अन्धा मोच भयो, सरुवा मोच भयो, वटवारी मोच भयो, रुन्चे मोच भयो (जेभयो) यसको आमाको शरीरमा आका रहेछौ । आमाको शरीरमा वसेर तिमीले नानीलाई (पनि) दु:ख दिएको रहेछौ । अनेक किसिमले सताउने रहेछौ, जोर-ताप दिने रहेछौ । हरेक गरी निन्द्रामा हँसाउने रहेछौ, रुवाउने रहेछौ । यस्तै किसिमले रुवाएर झस्काउने रहेछौ । परमेश्वर, तिमीले यो बालकलाई अरू धेरै दु:ख नदेऊ, यसकी आमाको शरीरमा भए तापनि आफ्ना ठाउँमा तिमी जाऊ, तिमीलाई मन्साई पन्छाईगरी दिएको छु। झार फुकगरी दिएको छु, लहै परमेश्वर ।" . . .

मोच मार्ने विधि

मोच मार्ने काम केवल झाँक्री र विजुवाहरूले मात्र गर्न सक्तछन् । कोही-कोही धिमाल-ओझाहरू विजुवा-पारा र झाँक्री पारा पनि जान्ने हुन्छन् । त्यसैले उनीहरू मोच मार्ने काम पनि गर्न सक्तछन् । डाकमानले मोच मार्ने पारा आफूले नजानेको नगरेको कुरा बताउँदै जान्ने ओझामा भावुलालको नाम प्रस्तुत गरेका थिए । उनको भनाइअनुसार भावुलाललाई झाँक्री पारा र विजुवा पारा दुवै आउँदछ ।

कुनै पनि मोच मार्न पर्दा सवैभन्दा पहिले मोच लागेको नानीको घरको मूल दैलोमा एउटा जिउँदै कुखुरा नाथ्रीमा डोरीले बाँधेर झुण्डचाइन्छ । त्यस मुनि दैलो अगाडि एउटा खाडी (खाडल) खनिएको हुन्छ, जहाँ मरेको कुकुरको खप्पर राखेर झाँक्री चिन्ता बस्दछ । त्यही कुकुरको खप्परमाथि बालकले खाने-पिउने दही, भात, मासु, माछा, पानी आदि विभिन्न खाद्य-पदार्थ साना-साना दुनाहरूमा राखेर दिइन्छ ।

झुण्डिएको कुखुराले दु:ख तथा कष्टले खुट्टा तल-माथि गर्दै विस्तारै पखेटाहरू चलाएर भट्भट्गरी फटफटाएपछि मोच आएर पर्खेको र खान वसेको भन्ने मानिन्छ र यसैवेला झाँक्रीले ढ्यांग्राको पारामा फलाक्दै खान भनी धत-धत गर्दछ । ठीक त्यसैवेला एकजनाले कुखुराको मुण्टो चुंडेर खाडलमा राख्छ । कन्तीमा भएका तातो खरानी घोप्टचाएर तातो खरानीले छोपेपछि मोच मरेको मानिन्छ र माटाले छोपछाप गरिन्छ । कोही झाँक्रीहरू आफैं त्यसलाई लातले हिर्काई मन्त्र पनि पढ्दछन् ।

मोच मार्न कसै-कसैलाई कुकुरको टाउकोले नभएर, गोरुको टाउको पनि चाहिने हुन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मोच जन्तर

मोच मार्दा, सार्दा या जरोसरो आउँदा अगि-अगि धिमाल समाजमा जन्तर लाउने चलन पनि थियो। मोचको जन्तर र जरोको जन्तर ओझा या झाँक्रीहरूले बनाउने गर्दथे। जन्तर पहाडी काँचो कागतमा विभिन्न जडीबूटी राखेर चारपाटे पारी काँचो धागोले नफुक्ने गरी बाँधेर फेरि कपडाले छोपेर बनाइन्छ र आमा तथा बच्चा दुवैलाई लाइदिने गरिन्छ। धिमाल-ओझाहरू जरोमा जरैको र मोचमा मोचैको जडीबूटी राख्ने गर्दछन्। मोचको जन्तरमा उनीहरू बाघको नसा, भालुको नङ्ग्रा र जङ्गलमा हुने चेप्टेको पात पहाडबाट ल्याएका ४।५ थरीका झारपात मिसाएर राख्दछन्।

मोचको जन्तर अक्सर कुखुराका सानसाना चल्ला भोग दिएर लाउने चलन छ। डाकमानको विचारमा यसरी लाउन अगि भोग दिनुको खास कारण मोच मार्न या पन्छाउन गुरुसँग शक्ति मागेको हो। धिमाल ओझाहरू जन्तरबाट मोच मार्ने भन्दा सार्ने काम वेसी हुन्छ भन्दछन्, जन्तरमा मन्त्र या गुन पनि पहिले राखिन्थ्यो तर त्यो थाहा पाउने ओझाहरू अचेल भेटिँदैनन् अत्यन्त कम छन्।

विविध देवी-देवताहरू र तिनको प्रशमन

अन्य घरेलु ग्रामीण देवी-देवताहरू विशेषतः काली, देवी, मसान, संसारी, माई, ठाकुर आदि लागेर हुने रोगहरूको प्रचलित खास नाम नभई केवल फलानो लागेको भन्ने भए पनि माथि आवश्यक स्थानहरूमा तिनको चर्चा भइसकेको छ। यी देवी-देवताहरूलाई मनाउन धिमालहरू सधैं नै बिमारीको अवस्था र कुन देवताको खेल हो हेरी वुझी धूप-धुंवार अक्षता-पाती र आवश्यकतानुसार पशुपक्षी भोग दिने गर्दछन्। अन्यथा रोग झन् वढ्ने र उल्टिने डर हुन्छ। अतः तिनीहरूलाई सके आफैंले, नसके ओझालाई लगाएर भए पनि मनाउने गर्नुपर्दछ। अरू ठूला संक्रामक सरुवा रोगहरू भए धामीलाई भनेर सामूहिक रूपमा सारा गाउँलेहरूले पुजेर मान्ता राख्दै, 'टाका वान्धा' गर्ने या ग्राम बाँध्ने काम हुन्छ।

औषधि-मूलो

धिमालहरू रोग-निराकरणको निमित्त उपर उल्लिखित मन्साउने, पन्साउने धपाउने विभिन्न विधिहरू प्रयोग गर्दा-गर्दै पनि भौतिक साधन र वस्तुहरूको प्रयोग गरेर औषधिमूलो पनि गर्ने गर्दछन्। यद्यपि औषधि-मूलोको निमित्त उनीहरू जडीबूटी, झारपात र पशुपक्षीका शरीरका विशेष अङ्गहरू प्रयोग गर्ने गर्दछन्। तथापि खास रोगका निमित्त खास औषधी निश्चित गरिएका हुन्छन्। ती

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निम्न प्रकारका छन्–

(क) (घांटी)भित्र घाउ भए या आए 'लावामुरी' को झारले निको हुन्छ। यो झारलाई औषधिको रूपमा चपाएर खाई सेवन गर्नुपर्दछ।

(ख) गलफुलो आए निको पार्न पाङ्ग्रा घोटेर लाउनुपर्छ।

(ग) औले जरो आएमा वेसरी मून (चिउरा) कुटी धोएर खानुपर्छ।

(घ) पिसाबको रोग लागी कम या ज्यादा भई बिग्रेमा राजबृक्षको गुदी खाए ठीक हुन्छ।

(ङ) सुनिने र फुल्ने भएमा गैंडाको खाग काम लाग्दछ।

(च) काखीमा सुन्निएर आए बाघको हाड घोटेर तातो पानी लगाए निको हुन्छ।

(छ) नाइटो फुलेर आए बाघको बोसो दलेर ओझालाई फुक्न लाउनुपर्छ।

(ज) सुके रोग लागेमा अजिंगरको बोसोको दवाई लाग्छ।

(झ) रूघा, खोकी चिसो लागे वेसरी मरिच चपाएर खानुपर्छ।

(ञ) साँपले टोकेमा टोकेको ठाउँमा 'झारमौरी' राखिदिनुपर्छ। साँपको विष नसकिउन्जेल त्यो रहिरहन्छ। "झारमौरी" जङ्गलमा पनि पाइन्छ, तर त्यो राम्रो हुँदैन राम्रोचाहिं विशेषतः साँप खेलाउने नचाउनेहरूसँग किन्न पाइन्छ।

चानमारा झारको जरा पनि विषलाई फैलनबाट रोक्दछ। त्यसैले पहिला यो प्रयोग गरेर झारमौरी लगाउनु बेस हुन्छ। कोही कोही सर्पको विष चुसेर पनि निकाल्दछन्। तर मुखले सर्पको विष नतान्नु, ताने मुटुमा परी आफैं मर्ने डर हुन्छ।

उप-संहार

उपर उल्लिखित औषधी-मूलोका उपायहरू, हाम्रो अनुभव विज्ञानले परीक्षण गर्ने हो भने तर्कसम्मत एवं विचारशील लाग्न सक्छन्। तर धिमालहरूको निमित्त भने यी पनि मिश्रित मन्त्र, जादू, धर्मयुक्त छन्। उनीहरू रोगको कारण खोतल्दा प्राकृतिक कार्य कारणलाई भन्दा अति प्राकृतिक कार्य-कारणलाई बढी महत्त्व दिन्छन् र सोही अनुसार निराकारण-विधि अपनाउँदछन्।

माथिको धिमाल-जातिमा प्रचलित विभिन्न रोग र रोगको निराकारण सम्बन्धी संक्षिप्त चर्चाले उनीहरूको जीवन-प्रक्रियाको तथ्यलाई स्पष्ट पारेको छ। चार-कोशे झाडीको वरिपरि जीवन-यापन गर्ने धिमालहरूलाई पहिले-पहिले बाल-बालिकाहरूलाई बचाउन र हुर्काउन अत्यन्त कठिन थियो –ऐलेसम्म पनि छ- 'बाल-बालिकाहरूलाई बचाउन र हुर्काउन अत्यन्त कठिन थियो' त्यसैले उनीहरूको जनसंख्याको बृद्धि पनि उचित अनुपातमा हुन सकेन' किनकि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बालबालिकाहरू धेरैंजसो गर्भैंमा खेर गए, कोही जन्मिहाले पनि धेरै बाँच्न पाएनन् । औले-जरो , काल-जरो, माई, सुकेनास आदिलाई उनीहरू अलौकिक शक्तिको खेल मात्र ठान्दैनथे, तिनीहरूबाट आफ्ना सन्तानहरूलाई जोगाउन अनेक उपायहरू पनि अपनाउँथे । त्यसैले उनीहरूको परम्परागत औषधोपचार गर्ने विधि विशेषत: बाल-बालिका र स्त्री-रोगमा वढी केन्द्रित भएर विकसित भएको पाइन्छ। लगानी, नुइपिका, जिउखाका, मोच, मसान आदि सब विशेषत: साना-साना नानीहरूलाई लाग्ने रोग हुन् । उनीहरू, ओझाभोका गरेर गर्भे बाली, काखे-वाली र दूधे बालीको मात्र स्वास्थ्यसंरक्षण गर्दैनन्, बरु स्वास्नीमान्छेको जीउ खोलिएको र जीउ बाँझिएकोलाई पनि ठीक पार्दछन् । यथार्थमा धिमाल ओझाले सृष्टिको परम्परा थाम्न र मानव जीवनलाई बँचाउन मौका पारी आनुष्ठानिक प्रार्थना गर्ने गरेका हुन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोक विश्वास

धिमालहरू आफ्नो धार्मिक विश्वास एवं प्रतिकूल प्राकृतिक, पर्यावरणको प्रभावले गर्दा सामान्यतया चिन्तित र दुःखी छन् । उनीहरू थोरै भाग्य र धेरै दुर्भाग्य लिएर जन्मन्छन् । त्यसैले अज्ञात भविष्यको पर्दा उघार्न अनेक उपायहरू अपनाउँदछन् । यस्ता उपायहरू प्रायशः अदृश्य शक्तिसँग सम्बद्ध र जादुयुक्त हुन्छन् । यिनै उपायहरूको सहयोगले ती ज्ञातलाई अज्ञातसँग र अज्ञातव्यलाई ज्ञातव्यसँग जोड्दछन् र आफ्नै प्रकारको सोचाइको प्रक्रिया तथा पद्धतिको निर्माण गर्दछन् ।[१] उनीहरूको यस्तो सोचाइ र तर्क सदा नै मूलतः खेतीपाती, शिकार तथा पशु-पालनको क्रममा अर्जित निजी भावनात्मक अनुभव तथा ज्ञानमा आधारित भेटिन्छन् ।

---

१. क्रुक, १९२५–३०९

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दैनन्दिन जीवन-संचालनमा कुनै अदृश्य र आकस्मिक विघ्न-बाधाहरू आई नपरून् भन्ने उद्देश्यले ती सतर्क र होशियार छन् । यस क्रममा ती भविष्य संकेत र लक्षणहरूको विचार मात्र गर्दैनन् अनेक विधिविधान अपनाएर निषेधहरू पनि बार्दछन् । त्यसैले ती दुर्भाग्यसँग सम्बन्धित हरेक क्रियाकलापलाई पन्छाउने गर्दछन् र शुभ, कल्याण तथा लाभ आदिसँग सम्बन्धित रीति-रिवाजलाई तत्परतासाथ संपन्न गर्ने गर्दछन् । यसकारण उनीहरू साना-ठूला घटना, आंगिक क्रियाकलाप, प्राकृतिक सूचना, भावीसंकेत तथा सपनाहरूलाई केलाएर अर्थ्याउने गर्दछन् । यिनैले धिमालहरूको लोक जीवनमा अनेक लोक-विश्वासका रूप लिएका छन् । ती विविध क्षेत्र एवं विषयसँग संबद्ध छन् :

१) शुभ तथा कल्याणको निमित्त गरिने कर्मकाण्डी विश्वासहरू,
२) पशु-पक्षी विषयक विश्वासहरू,
३) आंगिक क्रिया विषयक विश्वासहरू,
४) शारीरिक चिन्ह विषयक विश्वासहरू,
५) साइत-विसाइत विषयक विश्वासहरू
६) वस्तुको निर्माण र उपयोग विषयक विश्वासहरू
७) भविष्य सूचना विषयक विश्वासहरू
८) स्वप्न विषयक विश्वासहरू
९) निषेध विषयक विश्वासहरू

१· शुभको निमित्त गरिने कर्मकाण्डी विश्वासहरू

धिमाल समाजमा प्रचलित अनेक लोक विश्वासहरूमा शुभ तथा कल्याणको निमित्त संपन्न गरिने विश्वासहरू विशेष प्रकारका छन् तिनले कर्मकाण्डी स्वरूप लिएका छन् । त्यसैले तीं (क) सम्बृद्धि (ख) सफलता, शुभलाभ (ग) र संरक्षाका निमित्त संपादन गरिनु पर्ने विधिका रूपमा देखिन्छन् ।

(क) सम्बृद्धिका निमित्त संपन्न गरिने लोक विश्वासहरूमा हाँस-कुखुरा बढाउन, बालबच्चा हुर्काउन तथा लसुन आदि फलाउन गर्नुपर्ने विधिको उल्लेख छ :

–हाट बजारमा बेच्न लगेको अन्नपात एकमुठी जिलो बचाई ल्याएर कुखुरालाई चारो दिएमा कुखुरा फैलन्छ ।

–नानी पाएपछि सुत्केरीका आङ खोलिएको रोक्न उपयोग गरेको ढुङ्गो, नाइटो झरेको दिन अगेनाका खरानी सहित बोरामा पोको पारेर बाटो-दोबाटोमा राख्नुपर्छ । उक्त वस्तु बाटो हिंड्ने यात्रु कसैले देखी सरापे, गाली गरे बच्चालाई

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

राम्रो हुन्छ ।

–हाँस-कुखुरा-परेवाको भुत्ला तथा विष्टा पनि बाटो-दोबाटोमा फ्याँकिन्छ । यसमा कुनै बटुवाले सरापे, गाली गरे हाँस-कुखुरा फैलने-बढ्ने हुन्छ ।

–लसुन रोप्न केलाएको खोष्टा बाटो-दोबाटोमा फाले छरे राम्रो हुन्छ, फैलन्छ ।

(ख) सफलता र सुभलाभसँग सम्बन्धित विश्वासहरूमा मालसामान छिटो बिकाउन, आँखा लाग्नबाट जोगाउन, माछा धेरै पार्न र सौभाग्य अटल राख्न गरिनु पर्ने कार्यहरूको उल्लेख भेटिन्छ:

–हाटबजारमा बेच-बिखन गर्न जाँदा बयरको पात टिपेर लगे छिटो बिक्छ, र कसैको आँखा पनि लाग्दैन ।

–हाट-बजार, मेला-पात आदि धेरै मान्छे भेला भएको ठाउँमा धागो लगेर जाल बुने माछा मार्न जाँदा धेरै पर्छ ।

–चोका (गोदना) माइतीमा खोप्न हुँदैन, विवाहपछि पोइको घरमा खोप्न पर्छ । यसो गर्नाले सौभाग्य जिन्दगीभर अटल रहन्छ ।

(ग) संरक्षासंग सम्बन्धित लोक विश्वासहरूमा विशेषत: पशुपक्षीलाई लाग्ने रोगहरूबाट जोगाउने, ग्वालीको रक्षा गर्ने, बाली-नालीमा अरूको आँखा लाग्न नदिने, अति वृष्टिलाई रोक्ने, पापगुनी ओझा र बोक्सीबाट बच्ने, चल्लाहरूलाई काग-चीलबाट बचाउने, घरको सहलाई अन्यत्र जान नदिने अनेक विधिहरूको चर्चा गरिएका छन्:

–मौरीको चाको ग्वाली या खोरको छेउ–छाउ राख्नुपर्छ । यसो गर्नाले गाई-वस्तु तथा हाँस कुखुरालाई खोरेत, देशान आदि रोग नलाग्ने हुन्छ ।

–कर्मी चराको उँधोमुण्टो गुँड ल्याएर ग्वालीमा झुण्ड्याए गोठको रक्षा हुन्छ, गाउँमा कतै केही पशु-रोग लागेको, फैलिएको सुने, थाह पाए त्यसको धूवाँ आफ्ना वस्तु भाउलाई सुंघाए रोग लाग्दैन ।

–मरेको मान्छेको टाउकोले खेंदे लखेटे खोला तर्नुपर्छ, टाउको खोला तर्न सक्तैन र बाँचिन्छ ।

–मरेको गोरुको टाउको बारीमा ठड्याएर राखे बाली-नालीमा कसैको नजर लाग्दैन ।

–धेरै पानी परी रहे रोक्न हलो-जुवा उँधमुण्टो पारेर पाखामा ठड्याउने गरिन्छ।

–धामी ओझा बोक्सी आदिले उठाएर लगाउँदा चिथरा-थाङ्ना झरेको या

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कोरेको केशलाई आधार वनाउँछन् । अतः कपाल या थाङ्ना मिल्काउँदा-केही नलागोस् भनी थु थु गरेर मिल्काउने अथवा माटोमा गाड्ने चलन छ ।

–विशेषतः केटीहरू कपालमा लाएको फूल या वोजोको हरियो पात फाल्नु परे पनि आंखा नलागोस् भनेर थु थु गरेर फाल्दछन् ।

–चल्ला काडेको डिम्बाको खोष्टा काठमा सिउरेर वार या छानामा राखे चल्ला चील या कागले नलाने-नखाने विश्वास छ ।

–धान चामल आदि सरसापटी दिंदा दिएको भाँडाबाट अलिकति "दूमो" झिक्ने चलन छ । यसरी झिक्नुको अर्थ आफ्नो घरको सह अन्यत्र बाहिर नजाओस् भनेर हो ।

–हातमा या जीउमा कतै फलाम भए चटयाङ पर्दा लाग्दैन, त्यसैले धेरैजसो धिमालहरू वर्खामा सिरानीमुनि दाव्या, काच्या आदि राखेर सुत्दछन् ।

–भात्या (भातको जाँड)मा तोरी नमिसाएको भए जाँड पकाएको डालो माथि कचिया (हँसिया) र कुचो राख्ने गरिन्छ । यसो गर्नुको कारण जागित्र, स्यें लागेर जाँड बिग्रँदैन भनेर हो ।

२. पशु-पक्षी विषयक विश्वासहरू

पशुपक्षीहरूसँग सम्बद्ध धिमाल लोकविश्वासहरूलाई सजिलोको निमित्त हामी (क) पशुसँग सम्बन्धित र (ख) पक्षीसँग सम्बन्धित भनी दुई उपवर्गमा छुटयाएर चर्चा गर्न सक्तछौं ।

(क) पशुसँग सम्बन्धित धिमाल लोकविश्वासहरूमा उनीहरूको संपर्कमा आउने विविध प्रकारका घरेलु तथा जङ्गली पशुहरूमध्ये विशेषतः श्याल, कुकुर, बिरालो, फ्याउरो, हात्ती, बाघ-भालू आदिका उल्लेख भेटिन्छ । धिमालहरू उनीहरूकै आवाज, रुवाइ, कार्य-गराइ, भेट-घाट आदिबाट शुभ-अशुभ मात्र खुट्याउँदैनन्, गाउँका केटाकेटीहरूले एक अर्कासँग लसपस गरेको कुरा समेत अन्दाज गर्दछन् ।

धिमालहरू श्याल कराउँदै गाउँमा आएको नराम्रो ठान्दछन् । विशेषतः श्याल रोएको राम्रो मानिंदैन तर पनि ह्वा . . . ह्वा गरे नराम्रो र हुक्का . . हुक्का . . गरे राम्रो मानिन्छ । मान्छे बिरामी भै साह्रै हुँदा भने श्याल कराए अथवा कुकुर रोए बाँच्न मुश्किल पर्ने अनुमान गरिन्छ । यस्तै राती फ्याउरो कराउँदै मास्तिर लागे या विरालो कराउँदै घरमा आए पनि घरको कुनै सदस्य ओछ्यान पर्ने बिरामी हुने डर हुन्छ । धिमालहरू बिरालो कुटेर मारे मार्ने मान्छेको हात काम्ने, हात्ती हिंडेको पाइलाको डोबमा टेके पैतला सबै प्वाल पर्ने कुरा गर्दै दिउँसै

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गाउँमा बाघ-भालू आएर खसी-बोका बिगारे लगे गाउँमा कोही केटा-केटी बिग्रेको लसपस गरेको अन्दाज गर्दछन् । उनीहरूको विचारमा यसरी बाघ-भालूका रूपमा देवी-देवताहरूले गाउँमा पसेर, गाउँलेहरूलाई थाह दिएको हो। यो थाह भएपछि लसपस भएको केटाकेटीले तुरुन्त विहा नगरे खति हुँदै जाने र गरेमा साम्य हुने विश्वास छ–

(ख) पक्षीसँग सम्बन्धित धिमाल लोक-विश्वासहरू पनि धिमाल वसोवासित क्षेत्र वरिपरि देखिने र भेटिने पाल्तु तथा जङ्गली पक्षीहरूको आवाजको विविध ध्वनि, कराएको समय तथा स्थान, उडेको दिशा र अवधि आदिको आधारमा निर्मित र प्रचलित छन् ।

धिमालहरू कोइरालो, लाटोकोसेरो, हुचील रातविरातमा छानामा वसी या घरको तलमाथि गरी कराए अपशकुन मान्दछन् भने घरको छानामा आएर सुगा-मैना चील-गिद्ध, ढुकुर वसे केही आपद-विपद नजीकिँदै गरेको विश्वास गर्दछन् । यसैगरी ती काग बासेको समय, स्वरको उतार-चढाउ र तरिकाको आधारमा शुभ-अशुभ हुने विभिन्न लख समेत काट्दछन् । उनीहरूको विश्वास अनुसार बेलुकी काग 'का. . .का' गरी वसे परिवारको कुनै एक सदस्य परदेश लाग्नु पर्ने, बिहान त्यसरी नै स्वाभाविक रूपमा वासे घरमा कोही पाहुना आउने र दिउँसो कराए दुश्मन घरमा आउने, अथवा शत्रुता आइलाग्ने हुन्छ, तर बिहान-बेलुकी पनि अस्वाभाविक रूपले क्वार. . .क्वार. . .गरी कराए गाउँ-घरमा कोहीकोही बिरामी हुने आशंका गरिन्छ । यसै गरी कागले आफूलाई हेरेर बासे "ए कावा, उडाती हाने दही मुन चा थावै ले" (ए काग के भन्न आइस्, दही-चिउरा खा, ठाउँ सरी जा ।) भन्दा ठाउँ सरेर काँचो हरियो हाँगामा वसे स्वास्थ्य लाभ हुने कार्यमा सफलता हात लाग्ने हुन्छ तर सुकेको हाँगामा बसे असफलता भागमा पर्ने हुनाले अशुभ सूचना मानिन्छ । काग घर छेउमा आएर अथवा रूखका हरियो हांगामा वसेर कराए 'मेजवानी' आउने तर सुकेकोमा बसेर कराए आफ्नो नातामा कोही विग्रने पनि हुन्छ ।

लाटोकोसेरो, कोइरालो, तेतेरेउ, हुचिल आदि विशेषत: रातको समयमा चर्को स्वरले घरको छानामा बसेर या नजीकै तलमाथि गर्दै उडेर कराए बिरामी-लाई रोगले चाप्ने, निको नहुने अथवा गाउँमा कोही न कोही खस्ने कुरा धिमालहरू गर्दछन्; एकातिर उनीहरू घरमाथिको कराउँदै हिंड्ने लाटोकोसेरोलाई 'पहाडे दिर' (पहाडे देउता) मानी घर-परिवारका ठूला-साना सबैलाई तर्साउने, मूर्छा-पार्ने हुनाले कुखराको चल्ला या फुल उठाएर मन्साउन आवश्यक ठान्दछन् भने अर्कोतिर ढुकुर आएर छानामा वसे पनि, नराम्रो हुने लख काटे पनि वसेर कुर्ले आफ्ना मरेका पुर्खा तथा पितृहरू आएर हेरेको ठान्दछन् । यसैगरी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लास घाट नलाँदै छानामा आएर ढुकुर कुर्ले मरेको मान्छेले ढुकुरको जुनी लिएको विश्वास पनि उनीहरू गर्दछन् ।

यसरी पशु पक्षीसँग सम्बन्धित धिमाल लोकविश्वासको फलहरूमा विशेषत: रोग-व्याध, बिमारी, स्वास्थ्य लाभ आदिको उल्लेख भेटिएको छ ।

३. आंगिक क्रिया विषयक विश्वासहरू

अज्ञात र अनिश्चित भएकोले भविष्यमा के हुने हो भन्ने कुरा तत्काल जान्न या थाह पाउन मानव जाति आदिकालदेखि नै अत्यन्त जिज्ञासु र आतुर रही आएको छ । भविष्य थाह पाउने क्रममा मान्छेले विभिन्न उपायहरू अवलम्बन गरी आएको पनि छ । तिनलाई मान्छेले एकातिर विधि-अनुष्ठानका रूपमा संपन्न गर्दछ भने अर्कोतिर वस्तु व्यापारका रूपमा भावी संकेत भनी ग्रहण गर्ने गर्दछ । तर भविष्यसूचक यस्ता कति विश्वासहरू सिधै मान्छेको खास आंगिक प्रक्रियाहरूसँग पनि सम्बन्धित छन् । धिमालहरूसँग यस्ता आंगिक क्रियासँग सम्बन्धित अनेक विश्वासहरू प्रचलित छन् ।

धिमालहरू ओठ चले, दाँत चिलाए मासु खान पाइने, पाइताला चिलाए परदेश लाग्न पर्ने, कान बजे या चिलाए संचार सुन्न पाइने, निधार फर्फराए राम्रो हुने, कुरागर्दै बिरामीलाई 'हाइ' आए रोगले चाप्ने र छिंउ (छिउ)आए निको हुँदै-जाने विश्वास गर्दछन् । तर आंगिक क्रियासँग सम्बन्धित धिमाल लोकविश्वासहरू जसको अंगमा घटेको हो प्रत्यक्षत: उही व्यक्तिसँग बढी सम्बन्धित छन् । यस्ता विश्वासहरूमा फेरि व्यक्ति पुरुष तथा महिला को हो, दाँया तथा बाँया कतातिर घटेको हो सो अनुसारको फल पनि विचार गरिएको पाइन्छ । किनभने लोग्ने मान्छेको देब्रे आँखा फर्फराएको नराम्रो तथा दाहिने आँखा फर्फराएको राम्रो मानिन्छ भने आइमाईहरूको ठीक उल्टो देब्रे फर्फराएको राम्रो र दाहिने फर्फराएको नराम्रो ठानिन्छ । यसैगरी कतै हिंड्दा लोग्ने मान्छेको दाहिना ठक्कर लागे राम्रो र देब्रे-लागे नराम्रो मानिएको छ । तर स्वास्नी मान्छेको खण्डमा भने देब्रे लागे राम्रो र दाहिने लागे नराम्रो हुने सोचिएको छ । उनीहरू मान्छेको दायाँ तिग्रा फर्फराए बल आउने कुस्तीमा जित्ने तर बायाँ फर्फराए कुस्तीमा हार्ने निश्चित हुनाको साथै दाहिने हात चिलाए आम्दानी हुने र देब्रे हात चिलाए खर्च हुने अन्दाज पनि गर्दछन् । यस विवरणबाट धिमालहरूले प्रायश: लोग्ने मान्छेको दायाँतिर र स्वास्नीमान्छेको बायाँतिर घटेको आँगिक फल शुभ माने भेटिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

४. शारीरिक चिह्न विषयक विश्वासहरू

मान्छेको कुनै अंगमा घटेको अनियन्त्रित र अज्ञात आँगिक क्रियाहरूको साथै मानव शरीरमा जन्मजात तथा पछि विकसित केही शारीरिक चिह्नहरूको आधारमा व्यक्तिको स्वभाव र चरित्र विकसित, निर्मित र स्थिर हुने पनि विश्वास छ। यस्ता धिमाल विश्वासहरूमा कोठी, चक्र, छ अम्ला, घुंग्रिएको कपाल आदिको आधारमा लच्छिन-अलच्छिन छुट्याउने गरिन्छ। यस प्रसंगमा धिमालहरू रातो र कालो कोठीको रङ्ग विभेद गर्दैनन्, कोठीको स्थान र संख्या हेरी राम्रो र नराम्रो स्वभाव केलाउँछन् र आइमाईको देब्रेपट्टि र लोग्नेमान्छेको दाहिनेपट्टि कोठी भएको राम्रो मान्छन् । तर जीउ अनुहारमा धेरै कोठी भए मान्छे रिसाहा हुने छनक पाइन्छ।

धिमालहरू टाउकोमा हुने चक्र या भुमरीको संख्या घुमाइको दिशा तथा स्थानले पनि स्वभाव र प्रकृति पैल्याउँछन् । निधारकै सामू चक्र भएमा मूल्याहा, टाउकोको मध्य भागमा केही चक्र भएमा रिसाहा र पछाडि घुच्चुकमा भएमा अल्से हुने कुरा पक्का मानिन्छ। कोही-कोही चक्रको संख्याअनुसार एक भएमा एउटै, दुइ या तीन भएमा सोहीअनुसार दुइ तीन विहा गर्ने हुन्छ पनि भन्दछन् । यसैगरी शिरमा दाहिने घुमेको चक्र राम्रो र देब्रे घुमेको चक्र नराम्रो मानिन्छ।

साधारणतः हात या खुट्टाका पाँचवटा अम्ला हुन्छन् तर कसै कसैको छ वटा पनि हुने गर्छ। यस्तो लोग्ने मान्छेको भए राम्रो र स्वास्नीमान्छेको भए नराम्रो मानिन्छ। धिमालहरू आइमाईको त 'डोङ डोङ पुसुङ' (घुंग्रिएको कपाल) भएको पनि नराम्रो मान्दछन् । यसैगरी उनीहरू आँखा र जिब्रोको रङ्गलाई पनि उत्तिकै ध्यान दिन्छन् र क्रमशः विरालोको जस्तो फुस्रो र कालो भए नराम्रो र अलच्छिन ठान्दछन् ।

५. साइत-विसाइत (सकुन-अपशकुन) विषयक विश्वासहरू

भावी-जीवनको कौतुहलता प्रत्यक व्यक्तिमा अन्तर्निहित हुन्छ। मेरो भाग्य कस्तो छ, भविष्य के हुने हो ? भनी थाह पाउने उत्सुकता र चिन्ताले मान्छेलाई सदा नै जिज्ञासु तुल्याउँदछ। यही मूल कारणले गर्दा विविध मानव समाजमा संसारैभरि भविष्य-वाणीको परंपरा प्रादुर्भाव भएको हो। भविष्य-वाणीहरू एकातिर सदा नै भविष्यसूचक हुन्छन् भने अर्कोतिर ती शुभ र अशुभका द्योतक पनि बन्दछन्। शकुन शुभ-परिणामको द्योतक मानिन्छ भने अपशकुन अशुभ परिणामको द्योतक मानिन्छ। यथार्थमा शकुन र अपशकुनहरू दुवै वस्तु

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

व्यापारहरूद्वारा व्यक्तिलाई प्राप्त हुने भविष्यवाणीहरू हुन् ।[२]

शकुन-विचारबाट व्यक्तिले आफ्नो भाग्य मात्र पत्ता लगाउँदैन हुन सक्ने खतराको संकेत बुझेर बच्ने र बचाउने पनि गर्दछ।

धिमालहरूको व्यक्तिगत तथा सामाजिक जीवनमा शकुन तथा अपशकुन विचारले ठूलै स्थान ओगटेको छ । शकुन ओ अपशकुन दुवैले व्यक्तिको मनमा र परिणामतः जीवनमा गहीरो प्रभाव पर्दछ । यसको प्रभाव क्षेत्र धिमाल लोक जीवनमा फराकिलो छ। शकुन र अपशकुनको रूपमा निम्न मान्यताहरू प्रायः पाइन्छन्, जस्तै अदभुत आवाज, औजार, तसवीर, व्यक्तिगत घटना, शरीरको कुनै अङ्ग फरफराउनु, झर्नु, जङ्गली तथा घरेलु पशु-पक्षीको अनेक थरीको आवाज, सपना, कुनै रूखमा बेमौसममा फल लाग्नु, यात्राको समय र दिन आदिको विचार गर्नु आदि ।[३]

शकुन-अपशकुनसँग सम्वन्धित अन्य पक्षहरू अन्य वर्गमा उल्लेख गरिएका र गरिने छन् । यस वर्गमा भने हामी धिमालहरूले बाटो हिंड्दा-डुल्दा, परदेश लाग्दा केही काम थाल्दा या कतै-कहीं केही कामले जानपर्दा दृश्य वस्तुको व्यापार, गति एवं दिशा-निर्देशनबाट प्राप्त भविष्यसूचक शुभ-अशुभ संकेतलाई साइत-विसाइतको रूपमा प्रस्तुत गर्दै छौं। धिमालहरू पनि पहाडतिरका अन्य हिन्दू जाति झैं बाटो लाग्दा विधवा देखे, हातको लौरो फुस्के, रित्तो घैला भेटिए, विसाइत मान्दछन्। उनीहरू यसैगरी छेपारो तथा खिरखिरेले बाटो काटे, तेली कामी-सार्की भेटिए पनि अशुभ मान्दछन् । तर दही दूध, माछा, मरेको मान्छे भरी घैला एवं दमाई र बाहुन भेटिए खूब साइत परेका मान्दछन् । साइत-विसाइत सम्बन्धी अन्य केही धिमाल विश्वासहरू बाटो लाग्दा अनायास खुट्टा ठोकिए या ठेस लागे असाइत मानिन्छ । यस्तो असाइतको बेवास्ता गरी हिंडे बाटामा सर्पले ठुङने, कसैसँग बाझ्नु पर्ने या कुकुरले टोक्ने हुन्छ । यसरी ठेस लाग्दा कोही कसैले संझेछन् पनि भन्ने गर्दछन् । कुनै काममा कतै हिंड्दा विधवा देखे बिसाइत हुने कुरा माथि भनिएको, छ तर विधवा चिन्ने आधार धिमाल समाजमा स्पष्ट छैन ।

६. वस्तुको निर्माण र उपयोग विषयक विश्वासहरू

कुनै पनि वस्तुको निर्माण तथा पहिलोपल्ट उपयोग गर्दा धिमालहरू सतर्क भएर तिनबाट उपयोगमा ल्याउने व्यक्ति तथा वस्तुको विगार तथा खराबी नहोस्

२. डा. सत्येन्द्र, १९७१–४५४

३. रोहतगी, १९७१–५११

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भन्ने चाहन्छन् । धिमाल समाजमा प्रचलित वहुसंख्यक वस्तुको निर्माण तथा उपयोग विषयक विश्वासहरू कुनै विशेष वारसँग वढी सम्वन्धित भेटिएका छन् । आफ्नो जातिको पूजा-आजा तथा जीवन-चक्रका विविध संस्कारहरू संपन्न गर्दा ज्योतिषि र वाहुन पुरोहित आवश्यक नठान्ने धिमालहरू विशेषतः हिन्दू समाजमा प्रचलित शुभ साइत र शुभ दिनको धारणाले भने निकैनै प्रभावित देखिन्छन् । ती मङ्गलवार र शनिवारलाई खरोवार ठान्दछन्; त्यसैले वाँस काट्न, तान वुन्न र घरको छाना छाउन मान्दैनन् । ती वुधवार नयाँघरमा सर्ने सबैभन्दा राम्रो बार मान्दछन् भने त्यही वार छर-छिमेकीलाई केही आवश्यक वस्तु सापट दिन अन्कनाउँछन् । यसैगरी उनीहरू विहीवार र शुक्रवार सिएको नयाँ लुगा लगाउन उपयुक्त दिन ठान्दछन् भने मङ्गलवार नयाँ लुगा लाउन मान्दैनन् । वुधवार र सोमवार गाइवस्तु पशुपक्षी वेचविखन गर्दैनन् । यसवाट स्पष्ट हुन्छ उनीहरू कुनै एउटा काम गर्दा एउटा वार शुभ मान्दछन् भने अर्को कामको निमित्त त्यही वार अशुभ मान्ने गर्छन् । अतः निर्माण र उपयोग सम्वन्धी विश्वासहरू केवल वार तथा दिनसँग मात्र सम्वन्धित छैनन्, कार्यसँग पनि उत्तिकै घनिष्ठ देखिन्छन् । धिमाल समाजमा धार भएको फलामे वस्तुलाई उपयोगमा ल्याउन अगि प्रथम चरणमा एकपल्ट ढुङ्गामा दल्नु अनिवार्यरूपमा आवश्यक मानिन्छ । यसो गर्नाले धार छिटै भुत्तिदैन भन्ने उनीहरूको विश्वास छ ।

७. भविष्य सूचंना विषयक विश्वासहरू

धिमालहरूको लोकजीवनमा भविष्यसूचक विश्वासहरू विविध प्रकारका छन् । शकुन-विचारको विपयमा हामीले केही चर्चा साइत-विसाइतको वर्गमा गरिसकेका छौं । यसै गरी पशुपक्षीको आवाज र व्यवहारवाट भविष्यवाणी गर्ने प्रचलन पनि धिमाल समाजमा भएको तथ्य प्रष्टी सकेको छ । तर भविष्यसूचक विश्वासहरूले राम्रो-नराम्रो शुभ-अशुभलाई भन्दा "के हुँदैछ" त्यसको सूचना सम्वन्धित व्यक्तिलाई दिने गर्दछँ । धिमाल जातिमा प्रचलित यस्ता विश्वासहरू हावा पानी र पाहुनासँग सम्वद्ध वढी भेटिएका छन् । तर यस्ता कुरालाई संकेत गर्ने कार्यहरूमा भने कुखुरा जुधेको, कमीला वाटो लागेको, छिचीमेरा देखा परेका, पानी कीरा तथा चरा वथान भएर उडेको, आगो भर्भराएको, चन्द्रसूर्यको वरिपरि सभा वसेको, खोलामा इन्द्रेणी लागेको, झुण्ड्याएको कपडा खसेको, लगाएको फरिको ढलेको कुराहरू भेटिन्छन् ।

धिमालहरू कुखुराका चल्लाहरू आफू आफूमा जुधे, आगो भर्भराए घरको दैलो आफै अनायास ढले र झुण्ड्याइराखेको लुगा झरे पाहुना आउने लख

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

काट्दछन् भने कमीला बाटोमा ताँती लागेर लहरै हिंडे, पानी कीरोले भूइँ छोडेर हिंडे 'तीनताइज्ञो' (छिचिमीरा) देखा परे, गौंथली जस्तो एक प्रकारका सानो चरा बथान बथान गरी उडे पानी पर्ने अनुमान गर्दछन् । कमीलाको ताँतीबाट उनीहरू बाढी आउने लख पनि काट्दछन् ।

धिमाल विश्वासअनुसार इन्द्रेनीले खोलाको पानी पिउँछ । त्यसैले इन्द्रेनी लागेको खोलामा माछा धेरै हुने हुन्छ । तर चन्द्रमा तथा सूर्यको वरिपरि इन्द्रेनी (सभा) लागे ठूलो दर्जाको मान्छे मर्ने या मरेको अनुमान गरिन्छ ।

८. स्वप्न-विषयक विश्वासहरू

संसारका विविध जातिका धेरै मान्छेहरू सपनालाई निदाउँदा आत्माले गरेको रहस्यात्मक यात्रा मान्दछन् । उनीहरूको विश्वासअनुसार सपनाको सहयोगले व्यक्तिले मृतक तथा जीवित अन्य व्यक्तिको हंससँग सम्पर्क कायम गर्दछ र सपना भनेको तिनै मानव हंसहरूको संयोग हो ।[४] यसैकारणले गर्दा सपनामा देखिएका र गरिएका वस्तु र कार्यहरू शुभ-अशुभ सूचक हुन्छन् । तिनबाट मान्छेलाई विगत र भविष्यको सूचना प्राप्त हुन्छ किनभने सपनाबाट शिक्त संपन्न मृतकहरू आफ्ना चाहना तथा इच्छालाई सपनाबाट जाहेर गर्ने गर्दछन् । तर सपना कहिले-कहीं लामो, जटिल हुनका साथै तर्कपूर्ण नहुने हुनाले तिनको प्रतीकात्मक अर्थ निकाल्न निश्चित स्तर र पद्धति अपनाउन पर्ने हुन्छ । यो नियम प्रसिद्ध मनोवैज्ञानिक फ्रयायड र उनका समर्थकहरूले मात्र होइन धिमाल जस्ता कुनै पनि जातिका सपना अर्थ्याउने विशेष व्यक्ति धामी, ओझा, झाँक्री, बैद्य, लामा, पाँडे आदि सबैले नै स्थिर गर्न पर्ने हुन्छ र त्यसैअनुसार ती सपनालाई बुझ्ने र बुझाउने पनि गर्छन् ।

धिमाल समाजमा प्रचलित सपनासम्बन्धी विश्वास उनीहरूको धार्मिक तथा सामाजिक-सांस्कृतिक मूल्य, मान्यता, प्रचलन र जीवन पद्धतिसँग प्रत्यक्षरूपले सम्बन्धित छन् । त्यसैले धिमाल स्वप्नविश्वासको चर्चा र विश्लेषण गर्दा यिनै कुराहरूलाई ध्यानमा राखेर गरिनु उपयुक्त हुन्छ ।

धिमाल लोक-जीवनमा सपनाको प्रभाव क्षेत्र फराकिलो छ । उनीहरू सपनाबाट आफ्ना 'गाउरागेलाइ' को चाहना र इच्छा मात्र बुझ्दैनन्, आफ्नो घर बनाउने घेडेरी उपयुक्त छ कि छैन भन्ने कुरा पनि छुट्याउँछन् । यसैगरी सपनालाई ती शुभ अशुभ र भविष्य सूचक मात्र मान्दैनन् आफूले गर्नपर्ने विगतको बाँकी कार्यको

४. लिच, १९५०-३२४।४५

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्मरण गराउने पनि मान्दछन् । उनीहरू धिमालीहरूका सपनामा आफ्ना पूर्वजहरू आएर ओझा-विद्या मात्र सिकाउँदैनन् उनीहरू विभिन्न रूपमा, आफ्ना देवी-देवतालाई पनि देख्दछन् र सोहीअनुसार तिनको मान-मनितो पूजा-आजा पनि गर्ने गर्दछन् ।

धिमाल लोक-जीवन अध्ययनको क्रममा कार्य-क्षेत्रमा संकलित सपनासम्वन्धी लोकविश्वासहरू संख्यामा निकै छन् । सपनामा देखिने वस्तुहरूमा धिमालहरूले विशेषत: आगो-पानी , दूध-दही, माछा-मासु, रूख-विरुवा, फल-फूल, पशु-पक्षी, विविध व्यक्ति तथा जाति आदिको उल्लेख गरेका छन् । त्यसैले सपनासम्वन्धी धिमाल विश्वासहरूलाई हामी सपनाको फलको आधारमा होइन, देखिएका तिनै वस्तु र तिनसँग सम्बन्धित विविध क्रियाको आधारमा वर्गीकरण गरी प्रस्तुत गर्दछौं । यस अनुसार धिमाल स्वप्न विश्वासहरू निम्नलिखित समूहमा पर्दछन्:

(क) आगो-पानी सम्वन्धी स्वप्न विश्वास
(ख) रूख विरुवा सम्वन्धी ''
(ग) फल-फूल सम्वन्धी ''
(घ) पशु-पक्षी सम्वन्धी ''
(ङ) दूध-दही तथा माछा-मासु सम्बन्धी स्वप्न विश्वास
(च) व्यक्ति तथा जाति सम्बन्धी स्वप्न विश्वास
(छ) अन्य

(क) आगो-पानी सम्बन्धी स्वप्न विश्वास

मान्छेको सभ्यता, संस्कृति र धर्मको निर्माण तथा संचालनमा आगो र पानीको भूमिका जहिले पनि निर्णयक र महत्त्वपूर्ण रहेको छ । त्यसैले आगो र पानीसँग विविध लोक-अनुष्ठान, लोकाचार र लोकविश्वासहरू गाँसिएका छन् । धिमाल-हरूको सपनासँग सम्वन्धित विश्वासहरूमा आगो र पानीको प्रकृति, स्वरूप र प्रक्रियाको अलग अलग फलको कल्पना गरिएको छ । त्यसैले सफा-पानी स्वास्थ्यको र मैला पानी अस्वास्थ्यको स्वाभाविक प्रतीक मानिएका छन् भने नदीको संग्लो पानी मित्रको र धमीलो वाढी शत्रुको आगमनको सूचक ठानिएका छन् । यसैंगरी ती परेको पानीलाई रूने कियासँग गांसेर सपनामा रुझे या गीत गाए पनि विपनामा रुन पर्ने कुरा भन्दछन् । आगो लागेको भने धिमाल स्वप्नविश्वासको फल अनुसार, जहिले पनि कुटपीट, झैं झगडा, मुद्दा-मामिलाको सूचक भएको छ । धिमालहरू बाढी आएको देखे कोही पाहुना आउने या घरमा सुत्केरी हुने विश्वास पनि गर्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

(ख) रूख-बिरुवा सम्बन्धी स्वप्न विश्वास

रूख-बिरुवासँग संम्बन्धित सबैजसो धिमाल लोक-विश्वासले निषेध तथा स्वप्न-विश्वासको रूप लिएको छ। धिमाल जातिमा प्रचलित विभिन्न थरले मान्ने निषेधमा उनीहरूको विविध दुःखसँग घनिष्ठ संबन्ध रहेको तथ्य उद्घाटित भएको छ। यसैगरी धिमालहरूले सपनामा देखिने विविध रूख बिरुवामा विशेष गरेर केरा, बाँस, आँप, बेल, च्याउ, तरूल, कटहर आदि उल्लेखनीय छन्। धिमालहरूको स्वप्न विश्वासमा रूख जीवनको प्रतीक बनेको छ, त्यो ढले, लडे, उखेलिए त्यसको कुनै हाँगा भाँचिए मराउ-पराउ हुने निश्चित मानिएको छ। त्यसैले रूख चढेको, रूखवाट ओर्लेको क्रियालाई पनि सोहीअनुसार क्रमशः राम्रो र नराम्रो मानिएको छ। रूख काटेको देखे गाउँको कुनै न कुनै मान्छे बिग्रने निश्चित मानिन्छ।

रूखको आकार, प्रकार र ढलेको दिशाअनुसार धिमालहरूले फलको कल्पना गरेका छन्। यस अनुरूप केराको बोट ढलेको दिशाअनुसार मराउ-पराउ पर्ने, ठूलो रुख ढले ठूलै मान्छे बिग्रेको सुन्न पर्ने, बाँस ढलेको देखे छोरा र कटहर ढलेको देखे छोरी खस्ने डर हुने, आँप या वेलको रूख ढले हकवाला दाजु-भाइ खस्ने, केराको बोट राम्रो मानिए पनि ढलेको देखे बिमारी हुने तर आफ्नो बारीमा धेरै रोपे आर्थिक लाभ हुने फल सोचिएको देखिन्छ। यसैगरी धिमालहरू, च्याउ उखेलेको देखे कान उखेली माग्ने, वाली लहलहाएको देखे राम्रो बाली नहुने, तरुल खनेको देखे मासु खान पाइने कुरा पनि भन्दछन्।

(ग) फलफूलसम्बन्धी स्वप्न-विश्वास

धिमाल जातिमा प्रचलित सपनासम्बन्धी विश्वासहरूमा रूख बिरुवाको आकार-प्रकारअनुसार ती वयस्क र केटाकेटीको जीवनको प्रतीक हुन पुगेका छन्; तर फल-फूल भने सबैजसो गर्भाधान, जाइजन्म र पेटको बच्चाको लिङ्ग छुट्याउने कार्यमा भविष्यसूचक बनेर देखापरेका छन्। उनीहरू फर्सी तथा फल-फूल छानाबाट खसेको या झरेका देख्दा रहेको गर्भ तुहुने अन्दाज गर्दछन् र देखेको फूलको रंग अनुसार सेतो भए छोरा रातो भए छोरी हुने कुरा छुटयाउँदछन्। फूलवाट उनीहरू गाउँमा कोही कतै गर्भवती भएको या कतै जाइजन्म हुने लख काट्छन्। कपालमा लाउने फूल देखे त उनीहरू आफ्नै जहान गर्भवती भएको अन्दाज गर्दछन् तर पाकेको केरा खाएको देखे पीर, झैं झगडा, झंझट आइलाग्ने पक्का ठान्दछन्।

(घ) पशु पक्षी सम्बन्धी स्वप्न विश्वास

धिमालहरूका स्वप्न-विश्वासमा उनीहरूको संपर्कमा आउने तथा बसोबासित

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

क्षेत्रमा पाइने घरेलु वा जङ्गली पशु-पक्षीहरू देखिन्छन् । तिनीहरू मध्ये पशुहरूमा भैंसी, हात्ती, गाई, अर्ना, घोडा, गोरु, चितुवा, कछुवा र सुंगुर छन् भने पक्षीमा कुखुरा र कुखुराको फुलको उल्लेख छ। यी सबैजसो पशु-पक्षीसँग धिमाल धार्मिक तथा सामाजिक विश्वास र प्रचलन विपनैमा पनि गाँसिएको छ उनीहरू असारे पूजामा विविध देवी-देवतालाई माटाका हात्तीघोडा चढाउँछन् भने सुंगुर, कुखुरा, परेवाको वलि पनि दिन्छन्

धिमालहरूका स्वप्न विश्वासअनुसार भैंसी र घोडा जेमराजका प्रतीक हुन्। ती सपनामा देखिए अनिष्ट हुन्छ। तर गाई तथा हात्ती देखिए लाभ हुने गर्दछ, किनभने हात्ती गणेशको र गाई लक्ष्मीको द्योतक मानिन्छन् । तर बाघ-सिंह आदि-देवीको वाहन मानिए पनि उनीहरू सपनामा देखिए देवी-कालीलाई केही चित्त नबुझेको ठानिन्छ । यसैगरी उनीहरू 'बाघका मूला' मानिएका अर्ना तथा घोडा देखिए पनि देवी-देवतालाई गरेको भाकल भए तुरून्त बुझाउन पर्ने ठान्दछन् तर सर्पले ठुंगेको सपना देखे आग लागी खुट्टा सुनिन सक्ने भएकोले मन्साउन आवश्यक हुन्छ । उडेको कुखुरा सातो (हंस) को प्रतीक मानिए पनि कुखुराको फुल देखिए बोक्सीको वाण ठानिने भएकोले ओझासँग तत्काल संपर्क कायम गर्नु आवश्यक मानिन्छ ।

(ङ) दूध-दही तथा माछा-मासु सम्बन्धी स्वप्न विश्वास

धिमालहरू दैनिक जीवनमा प्रशस्त माछा-मासु चलाएर रुचाए पनि दही-दूध त्यति चलाउँदैनन् । तथापि यात्रा आरम्भमा झैं सपनामा पनि दूध-दही देखे फलिफाप हुने, अझ दुहेको घरमा ल्याएको या खाएको देखिए धन हात लाग्ने विश्वास उनीहरू गर्दछन् । दूध-दहीसँग गाँसिएको धिमाल लोक-विश्वासमा सपना र विपनाको खास विभेद पाइँदैन । तर पानीमा जन्मी हुर्कने माछालाई उनीहरू पानीकै घर ठान्दछन् र सपनामा देखिए रुगा-खोकी-सर्दी मर्की आदि रोग लाग्ने विश्वास गर्दछन् । रोग पनि माछाको ठूलो-सानो आकार अनुसार ठूलो-सानो नै हुने अडकल काटिन्छ । यसैगरी मासु-भात खाएको सपनाको फल पनि विरामी हुने संभावनासँग जोडिएको भेटिन्छ ।

(च) व्यक्ति तथा जाति संबन्धी स्वप्न विश्वास

धिमालहरूको स्वप्न-विश्वास केवल रूख-विरुवा, पशुपक्षी, फल-फूलसँग मात्र सम्बन्धित छैन विशेष व्यक्ति तथा जातिसँग पनि सम्बन्धित छ । उनीहरू देखिएको व्यक्तिको लिङ्ग, जाति तथा उसले लाएको लुगाको आधारमा सपनाको फलको विचार गर्दछन् । यस्ता विश्वासहरूमा उनीहरूको संपर्कमा आएका जाति-हरूप्रतिको सामाजिक दृष्टिकोण र धार्मिक भावना प्रतिविम्बित भएको भेटिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उनीहरू सेतो कपडा लाएको व्यक्ति या माझी देखे मसान या देशान, राम्री आइमाई देखे खोलाको देवता, थारू देखे घरको देवता, राजवंशी देखे मधेशको देउता 'गैली' (वायु), लिम्बू-राई देखे "पहान्यादिर' (पहाडे देउता) र छेत्री-बाहुन देखे ग्राम-थानको देवता (तागाधारी) मान्दछन् र तिनलाई क्रमशः आवश्यकतानुसार मन्साउने, राम्रो मान्ने, ओझा लाउन पर्ने, नराम्रो मान्ने, भावना राखेर मान मनितो गर्नुपर्ने कुरा वताउँछन् । यसबाट उनीहरूको संपर्कमा आएका पहाड र तराईका विभिन्न जातिका मान्छेहरूप्रतिको उनीहरूको मानसिक र मनोवैज्ञानिक सम्वन्ध कस्तो छ त्यो पनि खुल्दछ ।

यसैगरी उनीहरू सपनामा नचिनेको मान्छे घर आए, घरको मान्छे रिसाए, कोही नाचेको भेटिए, झगडा गरेको देखे, राम्री आइमाईसँग हाँस-खेल गरे अशुभ मानी विमारी हुने, गाउँमा कतै आगो लाग्ने सोच्दछन् तर मारेको, मराउ, पराऊ परेको, आफ्नै टाउको काटिएको देखे सिकार पाइने र मासु खान पाइने हुनाले राम्रो मान्दछन् ।

(छ) अन्य

उपर उल्लिखित समूहहरूमा समावेश नभएका अरू स्वप्न विश्वास पनि धिमालहरूसँग छ । यिनमा घर ढले या भत्केको देखे झै-झगडा हुने, पुरेको देखे धानको रास हुने, दाँत झरेको देखे तल र माथिको अनुसार नातामा ठूला र साना मान्छे विग्रने, गोवर तथा माटो देखे वाली-नाली सप्रने, हलो जोतेको देखे लामो वाटो हिँड्न पर्ने, फोहर मैला दिसा देखिए लाभ हुने, कसैसँग लसपस भए माछा-मासु खान पाइने, रोएको देखे हाँस्न पाइने र हाँसेको देखे रुन पर्ने कुराहरू उल्लेख गरिएका छन् ।

धिमालहरूको सपना सम्वन्धी लोक-विश्वासको संक्षिप्त सर्वेक्षण गर्दा ती उनीहरूको निमित्त केवल भविष्य सूचित गर्ने खालका मात्र छैनन्, विगतका वाँकी कार्यहरू विशेषतः विभिन्न देवी-देवताहरूसँग सम्वन्धित भाकल, मानता आदि स्मरण गराउने खालका पनि छन् । सपनाको फल शुभ अशुभ दुवै हुने हुनाले व्यक्तिमा सोही अनुसार मनोवैज्ञानिक प्रभाव पर्नु स्वाभाविक हो । त्यसैले धिमालहरू राम्रो सपना देखे प्रसन्न हुन्छन् भने, नराम्रो देखे चिन्तित हुन्छन् तर अशुभ सपनाको दोख मेट्न उनीहरू सपना देखेको समय विहान तथा दिउँसो पाइखाना जाँदा "कसैलाई नलाग नर्कमा जा," भन्दा छुटकारा मिल्दछ भन्ने विश्वास पनि गर्दछन् ।

धिमालहरूले सपनाको फल विचार गर्दा मूलतः दुइ दृष्टिकोणलाई अपनाएको देखिन्छ । पहिलोमा देखिएको वस्तु या क्रियाको सम्वन्ध त्यसको फलसँग गाँसिएको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

छ। राम्रो सांग्लो पानी देखे स्वास्थ्य लाभ हुने, नराम्रो फोहर पानी देखे अस्वस्थ हुने, घाउ खटिरा आउने सोचाइ यसैको उदाहरण हो। समान वस्तुबाट समान प्रभाव या असरको कल्पना गरिएकोले यसमा कार्य-कारणको सम्बन्धलाई कुनै न कुनै रूपमा प्रष्टचाउन सकिन्छ। तर दोस्रो प्रकारको फल विचारमा भने राम्रो वस्तु भए नराम्रो र नराम्रो भए राम्रो फल हुने कल्पना गरिएकोले उल्टो असर तथा प्रभावअनुसार विपरीत फल सोचिएको छ। वाली नाली राम्रा लह-लहाएका देखे नराम्रो हुने विश्वास यसको उदाहरण हो। यसमा कार्य-कारणको सम्बन्ध स्थापना गर्न नसकिने देखिन्छ। तर यस्ता विश्वासहरू नेपाल पहाड-तराईका अन्य जातिका सदस्यहरूमा पनि निकै प्रचलित भेटिएका छन्।

६. निषेध-विषयक विश्वासहरू

निषेधहरू थालनीमा मूलतः धार्मिक रीति-रिवाज, तथा अनुष्ठानहरूसँग वढी सम्वन्धित भेटिएका छन् तापनि तिनले व्यक्तिको सामाजिक तथा वैयक्तिक जीवनलाई पनि उत्तिकै प्रभावित तुल्याएका छन्। धिमाल समाजमा विभिन्न काल-परिस्थितिमा घटेका घटना तथा क्रिया कलापको आधारमा निर्मित लोक-विश्वासको रूपमा अनेक निषेधहरू प्रचलित छन्। तिनको हामीले अन्य वर्गहरूको क्रममा पनि अप्रत्यक्षरूपले केही प्रासंगिक चर्चा गरिसकेका छौं। तथापि यस वर्गमा हामी विशेष गरेर धिमालहरूले मान्ने निषेधात्मक विश्वासहरू के कस्ता छन् ती, कहाँ, को, केसँग सम्वन्धित छन्, तिनबाट कस्ता हानि नोक्सानी हुनेछन् आदि विषयमा परिचित हुने छौं।

धिमालहरूका निषेधात्मक विश्वासहरू असंख्य छन्। ती केवल धार्मिक मात्र नभएर, सामाजिक, सांस्कृतिक व्यक्तिगत मात्र नभएर पारिवारिक पनि छन्। तिनमा खास समयमा खास स्थानमा खास व्यक्तिले विविध विषयसँग सम्वन्धित खास कार्य गर्न हुँदैन भन्ने निषेध आदेश निहित छन्। निषेध भंग भएमा स्थिति र अवस्था हेरी सारा गाउँ तथा परिवारले समेत अनिष्ट भोग्नुपर्ने हुन्छ। त्यसैले धिमालहरू निषेधात्मक विश्वासहरूको सम्वन्धमा वढी कट्टर हुनु स्वाभाविक पनि छ। निषेध भङ्ग गर्दा व्यक्तिले अनेक विघ्न र मानसिक कष्ट मात्र खप्न पर्ने हुँदैन, जीउ ज्यानै समेत गुमाउनुपर्ने पनि हुन्छ। धिमाल जातिमा प्रचलित लोक औषधोपचारको क्रममा रोगका अनेक कारणहरू मध्ये एउटा निषेध भंग पनि मानिएको कुरा हामीले उल्लेख गरी सकेका छौं। यहाँ हामी निषेधहरूलाई समय, स्थान, दिशा, कार्य तथा भाषाको आधारमा परीक्षण गरेर चर्चा गर्दै छौं। यो चर्चालाई सजिलो र व्यवस्थित बनाउन संकलित धिमाल निषेधात्मक विश्वास-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हरूलाई निम्नलिखित उपवर्गमा पार्न सकिन्छ।

(१) घरेलु वस्तु तथा कार्यसम्बन्धी निषेधहरू
(२) विविध संस्कार सम्बन्धी निषेधहरू
(३) सामाजिक संबन्ध सम्बन्धी निषेधहरू
(४) समय तथा वार सम्वन्धी निषेधहरू
(५) थर विशेषले मान्ने निषेधहरू
(६) विविध निषेधहरू

(१) घरेलु वस्तु तथा क्रिया सम्बन्धी निषेधहरू

धिमाल समाजमा प्रचलित अनेक निषेधहरूमा घरेलु वस्तु तथा क्रियासित सम्वन्धित निषेधहरू संख्यामा वेशी छन् । तिनीहरूमध्ये कोही खान-पानसँग कोही लवाइ-खवाइसँग कोही आगो र दैनिक जीवनमा प्रयोगमा ल्याइने अन्य साधनहरूसित पत्ति सम्बन्धित छन्। त्यस्ता निषेधहरू कोही व्यक्तिले अपनाएको पेशासँग पनि सम्वन्धित छन्। त्यसैले तिनलाई निम्नलिखित विविध उपसमहमा पार्न सकिन्छः

(क) खाद्यवस्तुसित सम्वन्धित
(ख) पेय वस्तुसित सम्बन्धित
(ग) लवाइसित सम्बन्धित
(घ) बसांइसित सम्वन्धित
(ङ) आगोसित सम्बन्धित
(च) प्रयोगमा आउने साधनसित सम्बन्धित
(छ) व्यवसाय तथा विशेष कामसित सम्वन्धित
(ज) अन्य :–

(क) खाद्य वस्तुसित सम्बन्धित

खाद्य वस्तुसित सम्वन्धित धिमाल लोक-विश्वासहरूमा दाल, भात, मासु, फुल आदि कहाँ, कहिले, कसरी खानु हुन्न, खाएमा त्यसको के कस्तो असर पर्दछ भन्ने कुराको उल्लेख पाइन्छ। यी विश्वासहरू सामान्यतया वैयक्तिक र पारिवारिक छन्। यिनीहरूको असर र प्रभाव निषेध भंग गर्ने व्यक्तिमा मात्र मीमित छैन, सन्तान-दरसन्तानमा समेत फैलिन सक्ने छन् । कसैमा त पुनर्जन्ममा पर्न सक्ने प्रभावको पनि संकेत पाइन्छ।

धिमालहरू तरकारी या दाल पकाउने या पकाएको कन्ती (कराइ) मा भात

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खान नहुने खानेको लोग्ने या स्वास्नी छिटै मर्ने, नभए छोरा-छोरी काला हुने या उनीहरूको जिब्रो कालो हुने, भात पकाउँदै गरेको भाँडामा पन्यू राखिछाड्न नहुने राखेमा छोरा-छोरी जिब्रो झिक्ने हुने, तसलामा भात खान नहुने खानेको टाउको चेप्टो हुने र पन्यू चाट्न नहुने चाटे अनिकाल लाग्ने विश्वास गर्दछन् । उनीहरू बेलुकी भात-पकाएको तसला धुन-पखाल्न हुँदैन,जूठो नहाली चोखै राख्नपर्छ अन्यथा घरको देवता रिसाउने डर हुन्छ पनि भन्दछन् । यसैगरी ती खसीको कान खाए बैरो हुने, मुसाको कलेजो खाए जाडोले जिउ काम्ने, पशुहरूको खुर खाए खुट्टा वज्ने, पुच्छर खाए केटाकेटी बोधो हुने, बिरालोका जुठोखाए सास बढ्ने, लाटा-हाया (माछा विशेष) खाए छोराछोरी लाटा-लाटी हुने हुनाले खान नहुने कुरा गर्दछन् ।

उनीहरूको विचारमा बडरको भित्रको डल्लो (कोया) खान हुँदैन, गाँड आउँछ; खोर्सानी हातमा दिनु हुँदैन झगडा पर्छ; केराको बोक्रा चवाउन हुँदैन जुका पर्छ; जम्ल्याहा फलफूल खान हुँदैन जम्ल्यहा छोराछोरी हुन्छन् । यसैगरी खोल्लिएको फुल खान हुँदैन, शुद्धि बुद्धि हराउँछ,फुल एकलैले एउटा खान पनि हुँदैन पिलो आउँछ; चोरे पाण्डरोग लाग्छ । नून तथा दही कपालमा दल्न लाउन हुँदैन छिटै पाक्छ । पिनेको दाल काँचै खान हुँदैन अर्काको भनाइ पाइन्छ चोर्नु हुँदैन अन्धा होइन्छ, भने भात दैला थुनेर खान हुँदैन बोली फुट्दैन, मुख थुनिन्छ; चार पाउ या घुंडा धसेर पनि खान हुँदैन अर्को जन्ममा पशु होइन्छ, दक्षिणतिर फर्केर खान हुँदैन अशुभ हुन्छ ।

(ख) पेय वस्तुसित सम्बन्धित

धिमाल लोक जीवनमा प्रचलित निषेधहरू खाद्य पदार्थका साथै केही पेय वस्तुसँग पनि सम्बन्धित भेटिएका छन् । प्रायशः यिनीहरूमा पानी र रक्सीको उल्लेख आउँदछ । मानिसको संसर्ग र स्पर्शले एकातिर तिनमा विकार उत्पन्न हुन सक्ने कुरा छ भने अर्कोतिर स्वयं व्यक्तिमै पनि विकृति आउन सक्ने कुराको चर्चा भेटिन्छ ।

धिमालहरूको विचारमा गाग्रीमै मुख गाडेर पानी खान हुँदैन गाँड आउँछ, आइमाईहरूको चाकमा हातले हिर्काउन हुँदैन रक्सी अमीलो र नमीठो हुन्छ, रक्सी पार्दा पार्नेले वाहेक अरूले छुवाछुत गर्न हुँदैन, पारेको ठाउँमा समेत जान हुँदैन, छोए गएमा रक्सी अमीलो भई विग्रने डर हुन्छ; अझ रक्सी खांदा पोख्न या फाल्न हुँदैन, झन थपेर खानुपर्छ अन्यथा आगोमा "मेलेह" (आगाको फूल) उठ्दछ ।

(ग) लवाइसित सम्बन्धित

धिमालहरूले लाउने गर-गहना तथा वस्त्रसँग पनि निषेधात्मक विश्वासहरूको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सम्बन्ध जोडिएको छ। तिनमा विशेष अंगमा विशेष गहना लाउन नहुने प्रसंगका साथै अर्काको जुत्ता लाउनै नहुने कुराको पनि उल्लेख छ। धिमाल धामीले सेतो बाहेक अन्य रङ्गको लुगा लाउन नहुने पुरानो चलनको प्रसंग अन्य परिच्छेदमा पनि उठिसकेको छ।

तर लवाइसँग सम्बन्धित धिमाल निषेधहरूमा धामीहरूले रंगीचंगी लुगा लाउन नहुने मात्र होइन छालाबाट बनेका जुत्ता, दाप आदि समेत चलाउन नहुने कुरा छ। यसैगरी अरूले लाएको जुत्ता लाउन हुँदैन वार्न पर्छ अन्यथा अर्को जन्ममा घोडाको जुनी होइन्छ। माइली औंलामा औंठी लाउन हुँदैन कुकुरले टोक्ने या खाने डर हुन्छ त्यसैले धिमालहरू यो अम्लालाई 'खिया औंली' (कुकुर औंला) भन्ने गर्दछन्। उनीहरू मध्ये तालिपा थरकाहरूले टोपी लाउन हुँदैन भने विधवा धिमाल्नीहरूले कपालमा लाउने फूल लाउन हुँदैन।

(घ) बसाइसित सम्बन्धित

धिमालहरू चाल्नो, मुढो, धानको बोरा, नाङ्लो, ढुङ्गा, ओखली आदिमा बस्न मान्दैनन्। बसेमा तत्सम प्रकृतिको फल व्यक्तिले भोग्नु पर्ने कुरा बताउँदछन्। त्यसैले ती आगोले रन्किएको मुढोमा बसे आफ्नो कपाल पनि जरोले रन्किने विश्वास गर्दछन्। बसाइसँग सम्बन्धित धिमाल विश्वासहरू बसाइको तरिकासँग होइन बस्ने साधनसँग जोडिएको देखिन्छ। ती साधनहरू पनि सबै जस्ता घरेलु जीवनमा दैनिक रूपले प्रयोगमा आउने खालका छन्।

धिमालहरूको विचारमा धान हालेका बोरामा बस्न हुँदैन; बोराजत्तै ठूलो पेट हुन्छ; नांग्लोमा बस्न हुँदैन निद्रामा तर्सिने हुन्छ; ढुङ्गोमा बस्न हुँदैन, बोलाउँदा झट्ट उठ्न नसकिने हुन्छ; चाल्नोमा पनि बस्न हुँदैन, पिलो आउँछ। उनीहरू भाद्र महिनामा सिम खोन्दी (ओखली) मा बस्न त झन मान्दै मान्दैनन्। किनभने उनीहरूको विश्वासअनुसार यसरी बस्दा हाडनाता दाजु-बैनीमा बात लाग्ने डर हुन्छ भन्छन्। त्यसैले धिमाल केटाकेटीहरू यस सम्वन्धमा अत्यन्त सतर्क र सचेत छन्। तर कोही भने यसरी बस्ता अनिकाल लाग्ने विश्वास पनि गर्दछन्।

(ङ) आगोसित सम्बन्धित

आगो र पानीसँग सम्बन्धित अनेक विश्वासहरू संसारैभरि अनेक जातिमा प्रचलित भेटिएका छन्। तर ती विविध प्रकारका छन्। धिमालहरूको आगोसँग सम्बन्धित मनाही गरिएका विश्वासहरूमा जोडी मिलेर आगो फुक्न नहुने गाँड आउने; कदम या अमला आदिको दाउरा बाल्न नहुने, घरको कुखुराहरू अन्धा हुने; अर्काको घरबाट आगो घरमा ल्याउन नहुने, रिन लाग्ने नांगलोले हम्कन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नहुने अशुभ हुने, वयरको दाना तथा कुचो आगोमा पार्न नहुने कुखुराको आँखा फूलो पर्ने, खुरसोर्का (नङ्सुरी) लाग्ने कुराको उल्लेख मेटिएका छन् । यसवाट तिनीहरूको प्रभाव सम्वन्धित व्यक्तिलाई मात्र पर्ने होइन उनीहरूको घरेलु पशुपक्षीमासमेत फैलिएको देखिन्छ ।

(च) दैनिक प्रयोगमा ल्याइने साधनसित सम्वन्धित

दैनिक प्रयोगमा ल्याइने अन्य अनेक घरेलु वस्तुसँग पनि निषेधात्मक धिमाल विश्वासहरू गाँसिएका छन् । यिनीहरूमा विशेषतः कुचो, लौरो, पाथी, डोरी, दाम्लो आदिसँग सम्वन्धित क्रियाहरू वेसी छन् । यी क्रियाहरूमा कसैले हिर्काउन नहुने, कसैलाई नाघ्न र लाउन नहुने र कसैलाई ठाडो पारेर राख्न नहुने खालका छन् । त्यसैले तिनको प्रयोगमा धिमालहरू प्रायशः सतर्क हुने गर्दछन् ।

धिमालहरू एकातिर बढार्ने कुचोले कसैलाई पनि हिर्काउन हुँदैन, हिर्काउनेलाई सुके रोग लाग्ने कुरा गर्छन् भने अर्कातिर अमलाको लाठीले गाई, वाख्रा, आदि स्त्रीलिङ्ग वस्तु-भाउ स्वास्नीमान्छेलाई पटक्कै हिर्काउन हुँदैन ती वैला हुन्छन्, शाखा-सन्तान बढ्दैनन् पनि भन्दछन् । यसैगरी उनीहरू कुचो ठाडो पारेर राख्न हुँदैन शत्रु ठाडा भएर आउँछन्; चित्रे पाथी टाउकामा टोपी झैं लाउन हुँदैन मान्छे बढ्दैन पुडको हुन्छ; जाल या पोई (तीनकुने जाली)ले मुख ढाक्न हुँदैन, राती आँखा नदेख्ने रतन्धो होइन्छ; स्वास्नीमान्छेले घोडा बाँधेको 'पगाहा' (डोरी) नाघ्न हुँदैन १२ महिनाको गर्भ बस्छ भन्ने पनि ठान्दछन् ।

(छ) व्यवसाय तथा विशेष कामसँग सम्वन्धित

मूलतः धिमालहरू कृषिजीवी छन् तर ती सामूहिक माछा मार्न र शिकारमा पनि उत्तिकै रुचि लिन्छन् । उनीहरू विशेषतः स्वास्नीमान्छेहरू अझै पनि घरैमा लुगा वुनेर लाउँदैछन् । त्यसैले जीविका चलाउन गरिने यी कामहरूले धिमाल लोकजीवनमा विशेष स्थान लिएका छन् । एकप्रकारले ती धिमाल समाजमा घरेलु पेशा तथा व्यवसायका रूपले स्वीकृत छन् । यिनीहरूसँग सम्वन्धित आफ्नै प्रकारका केही निषेधात्मक लोक विश्वासहरू धिमालहरूसँग छन् । ती प्रायशः चर्खा, हलो, तान आदि वस्तुका साथै शिकार र माछा मार्नेसँग सम्वन्धित छन् । उनीहरू तेल माछा, पान चून आदि वेच बिखन गर्न हुँदैन भन्दछन् । यी विश्वास-हरूका निर्माणमा धिमालहरूका महिला र पुरुषको परंपरागत कार्य विभाजन पद्धति; आवश्यकता तथा व्यावहारिक उपयोगितावादी दृष्टिकोणले पनि निकै प्रभाव पारेको देखिन्छ किनभने उनीहरू लोग्नेमान्छेले चर्खा घुमाउन तान वुन्न हुँदैन, माछा मार्न जाँदा पाइँदैन भन्दछन् भने विशेष चाडपर्व र औंसी पूर्णमा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हलो जोत्दैनन्, वार्दछन्। माछा मार्न या शिकार खेल्न जाँदा पैसा लिएर जान हुँदैन माछा या शिकार पाइँदैन भन्ने पनि उनीहरूको विश्वास छ।

(झ) अन्य

उपर उल्लिखित वर्गहरूमा नपरेका अन्य घरेलु वस्तु र क्रियासँग सम्बन्धित अन्य निषेधात्मक लोकविश्वासलाई 'अन्य' समूहमा पारिएको छ। यिनीहरूमा केटाकेटीले रातो 'सेतो' फूल खेलाउन नहुने र दिउँसो कथा तथा गाउँखाने कथा हाल्न नहुने कुरा उल्लेखनीय छन्।

(२) संस्कार सम्बन्धी निषेधहरू

जन्म, विवाह र मृत्यु मानवजीवनका अत्यन्त महत्त्वपूर्ण घटनाहरू हुन्। यी संस्कारहरूसँग सम्बन्धित लोकविश्वासले अनेक विधि-निषेधको रूप लिएका छन्। प्रस्तुत उप-परिच्छेदमा हामीले निषेधसँग सम्बन्धित धिमाल विश्वासहरूको मात्र वर्गीकृत सर्वेक्षण गरेकोले यहाँ हामी तिनै मानव जीवनका विविध संस्कारसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपले गाँसिएका निषेधहरूको स्वरूप र प्रकृतिको चर्चा गर्दै छौं।

निषेध गरिएका खास कार्य गरे, या वस्तु खाएमा छोराछोरी लाटालाटी हुने कुराको प्रसंग अन्य स्थानमा परिसकेका छन् उनीहरू गर्भवती आमाका बच्चा-बच्चीलाई ओझा लाउन हुँदैन यस्तो वेलामा गुन लाग्दैन भन्दछन्।

धिमालहरूमा प्रचलित विवाह सम्बन्धी निषेधहरूमा एकैथरका सदस्यहरूका साथै मामा-चेला र फुपू-चेलाका बीचमा वैवाहिक सम्बन्ध स्थापना गर्न मनाही छ। उनीहरूको विश्वास अनुसार पर्ने विवाह गर्ने शुभकार्यहरू चैत्र महीनामा संपन्न गर्न हुँदैन। राति ऐना हेरेमा पनि अनमेल विवाहको बन्धनमा बाँधिनु पर्ने हुन्छ।

मृत्युसँग सम्बन्धित निषेधहरूले धिमालहरूको सामाजिक-सांस्कृतिक जीवनमा गहिरो प्रभाव पारेको देखिन्छ। यही मृत्युसंस्कारको वेला गर्न नहुने कति निषेध-हरूले धिमालहरूको विविध थर र उपथर छुट्याउने कार्यमा मद्दत गर्दछन्। मृत्यु सम्बन्धी निषेधहरूमा मैना-विरालो मार्न नहुने, मरेका मान्छेका खप्परमा पिसाव गर्न नहुने, बाँस-कटहर आदि खास उमेरका व्यक्तिले रोप्न नहुने कुराको पनि उल्लेख भेटिन्छ। उनीहरूको विश्वासअनुसार कटहरको बोटले धनी मरे मात्र म फल्छु भन्दछ र अन्य जातका मान्छेले उनीहरूको लास पनि छुनु हुँदैन। यसैगरी घरको दैलो अगि आँगनमा फरुवा (कोदाली) राख्न हुँदैन, कुलच्छिन हुन्छ (किनभने उक्त ठाउँमा मरेको लास राख्ने गरिन्छ) र शुध्याइँको दिन मरेको मान्छेको नाममा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चढाइने पशुपक्षी काट्न हुँदैन लौरो या सुइरोले हिर्काएर या घोचेर मार्नपर्छ।

(३) सामाजिक सम्बन्ध सित सम्बन्धित निषेधहरू

धिमालहरूमा पारिवारिक तथा सामाजिक सम्वन्ध भएको खास नाता-कुटुम्बहरू बीच निषेध गरिएका केही विश्वास र धारणाहरू पनि प्रचलित छन्। यी विश्वासहरूले धिमाल समाजमा उनीहरूको विशेष नाता-कुटुम्व वीच नहुनुपर्ने व्यवहार, कुराकानी, कार्यकलापलाई ग्रौंल्याएका छन्। यसक्रममा मामाले भानिजलाई हात छोड्न नहुने, हात काम्ने; पानी परेको वेला एकै स्थानमा वस्न नहुने, चटचाङ पर्ने; मीत-मीत एकै ग्रोछयानमा सुत्न नहुने, जेठाजु-बुहारीले कुराकानी गर्न नहुने, कुरा विशेष उल्लेखनीय छन्। माइतका मान्छेलाई पिर्ने र विगार्ने भएकोले धिमाल्नीहरू माइतमा चोका (गोदना) खोपाउन पनि हुँदैन भन्दछन्।

(४) समय तथा बारसित सम्बन्धित निषेधहरू

खास महीना खास दिन, खास समयमा गर्न नहुने धिमाल निषेधहरू विशेषतः खास कार्यसँग सम्बन्धित छन्। दिउँसो कथा हाल्न नहुने, राती ऐना हेर्न नहुने, चैतमा विवाह गर्न नहुने भाद्र महीनामा ग्रोखलीमा वस्न नहुने आदि सवै यस्ता विश्वासहरू हुन्। विशेष वारसँग सम्वन्धित निषेध विश्वासहरूको चर्चा हामीले भावी संकेतसूचक विश्वासहरूको क्रममा माथि नै गरिसकेका छौं। अन्य विश्वासहरूमा शनिवार आइमाईहरूले कपाल पखाल्न नहुने, तान बुन्न थाल्न नहुने,आदि छन्। यसदेखि वाहेक केही विश्वासहरू खास धार्मिक अवसरसँग पनि सम्बन्धित छन्।

शिरिजातको वेला विशेष गरेर ग्राम-थानमा पूजा गर्दागर्दै घरमा आइमाईहरूले कपाल कोर्न, नुवाइ-धुवाइ गर्न र पीरामा वस्न नहुने चर्चा भैसकेको छ। यसैगरी महामारी चली ग्राम-बन्धन गर्दा घरमा लसुन-मासु आदिका गन्ध चलाउन नहुने, आफ्नी श्रीमतीसँग पनि एकै स्थानमा सुत्न नहुने कुराको चर्चा पनि हामीले गरिसकेका छौं। यसैगरी दक्षिण फर्केर पनि भात खान नहुने र उत्तर फर्केर सुत्न नहुने निषेध पनि धिमालहरूसँग छ।

(५) थर विशेषले मान्ने निषेधहरू

धिमालहरू आफ्नो थर तथा उपथरहरू नामको पछाडि जोड्दैनन्। कति त आफ्नो खास थर के हो स्पष्ट भन्न पनि सक्तैनन्। तर उनीहरूका विविध थर र

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उपथरहरू छन्। ती उनीहरूले मान्ने विधि निषेधले छुट्टिन्छन् । तिनको चर्चा धिमालहरूको थर र उपथरको परिच्छेदमा विस्तारपूर्वक गरिएको छ। यसैगरी विविध थर तथा उपथरहरूले मान्ने विधि-निषेधहरूको प्रासंगिक चर्चा पनि त्यसै परिच्छेदमा गरिसकिएको छ । तथापि यहाँ तिनीहरूले मान्ने नकारात्मक विश्वासको रूपमा पुनः प्रस्तुत छन्:

–राजदोङ्ङे थरका धिमालहरूले राजभाका चामलको पिठोको बनेको एक परिकार पकाउन् चलाउन् हुँदैन।

–तेङमाली वाङमाली आदि लातेर थरकाहरूले असार लागेपछि कार्तिकमा पर्ने पार्वामा आफ्ना कुलदेवतालाई नचढाई कुनै पनि फलफूल खान हुँदैन।

–तेग्रे (जसलाई अवोनिया पनि भनिन्छ) थरमा मान्छेले मरेको लाश गाड्न हुँदैन, जलाउनु पर्छ। जलाउन नसके साह्रै गाह्रो परे दारी जुङा कपाल परेला मात्र भए पनि जलाउन अनिवार्य हुन्छ।

–तालिपा थरका धिमालले टोपी लाउन हुँदैन, उनीहरू फेटा समेत बाँध्दैनथे।

–तेङमाली थरकाले 'तेङ सिं' (खमारी काठ)का दाउरा पात चलाउन हुँदैन तर मरेको लास गाड्न भने अनिवार्य रूपमा बोक्रा चाहिन्छ।

–कासे थरका धिमालले कासे (टाटारीको) दाउरा पात चलाउन हुँदैन तर मर्दा भने वोक्रा गाड्न आवश्यक मानिन्छ।

–जोगी थरकाहरूले लौका फर्सी आफैंले रोप्न हुँदैन, अरूलाई ल्याएर रोपाउनु पर्छ, खान भने हुन्छ।

–तेग्रे थरका धिमालहरूले कुनै पनि नृत्य टोलीलाई निम्त्याएर आफ्नो आँगनमा नचाउन हुँदैन, घरमा कुनै न कुनै सदस्यलाई विगार गर्ने, मर्नपर्ने हुन्छ तर टोली आफैं आएमा केही हुँदैन।

–लातेर थरका (वाङमाली) ले ग्रौंशीको दिन लाज गालका शव्दहरू भनेर 'पाया' (सुँगुर) डाक्दछन्, र भोलिपल्ट पूजाको दिन कसैलाई थाह नदी फुल लिएर खोला वा पोखरीमा लुकाएर डुबाउँछन् र छोडेर आउँछन्। त्यो डुबाएको फुल वाङमालीले खान हुँदैन खाए घाउ आउने गर्छ।

–लातेरहरू पिया वाखरको दिन नाङलोमा लक्ष्मीलाई चढाएको केराको काँगियो वूढावूढीले खान हुने तर केटाकेटी, तरूना, तन्नेरीले खान हुँदैन–खाए छोरा छोरी लाटालाटी हुन्छन्।

(६) विविध

उपर उल्लिखित वर्गहरूमा नपरेका अन्य लोकविश्वासहरू पनि निकै छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिनलाई पनि वय तथा लिङ्ग भेद रूख बिरुवा आदिसँग सम्बन्धित तिनको फलको क्षेत्र आदिको आधारमा अरू वर्ग तथा उपवर्गहरू बनाएर पार्न सकिन्छन् । तर ती सबैलाई यहाँ 'विविध' समूहभित्र पारिएका छन् ।

यिनीहरूमा इन्द्रेणीलाई माइली अम्लाले देखाउन नहुने, हात कुहुने; आङको खटिरा आए नाङ्गो राख्न नहुने, काखे बच्चाले रातो सेतो फूल खेलाउन नहुने, बाटोमा पिसाब फेर्न नहुने, आँखा लाग्ने; दुइ जीउकी आमाका बच्चा-बच्चीलाई ओझा लाउन नहुने, गुन नलाग्ने; लाग्ने मान्छेले चोका (गोदना) खोपाउन नहुने, पूजा नचल्ने; साना बच्चाका अनुहारमा मोसो पोत्न नहुने, तर्सिने; बाटोमा पिसाब फेर्न नहुने, धुवाँले लखेटने; केटाकेटीले कुकुर घोडा चढ्न नहुने, पेट गडबडाउने निषेधहरू उल्लेखनीय छन् ।

धिमाल जातिमा प्रचलित निषेधहरू मूलतः दुइ प्रकारका देखिन्छन्: पहिलो धार्मिक गतिविधि, र अनुष्ठानसँग सम्बन्धित छन् । त्यसैले ती चाडपर्व तथा घर एवं ग्राम बन्धन जस्ता ओझाका कार्यहरूसँग र थर विशेषरूपले मान्ने विधिसँग सम्बन्धित छन् । तिनीहरू मध्ये एकथरीको निश्चित अवधि या समय हुन्छ भने अर्को थरी निश्चित समूहले मात्र मानिने छन् । तिनको समयावधि र थरको घेरा बाहिर भने ती सामान्य प्रयोगमा आउँदछन् । दोस्रो प्रकारका निषेधहरू अति मानवीय र प्राकृतिक शक्तिबाट संचालित छन् । ती सामान्यतया व्यक्तिको आचरण र व्यवहारसँग बढी सम्बन्धित देखिन्छन् । र एकैसाथ उनीहरूको व्यक्तिगत अनुभव, धार्मिक विश्वास, सामाजिक प्रचलनले गर्दा निर्मित र क्रियाशील भेटिन्छन् ।

यी निषेधहरूले व्यक्ति, वस्तु, स्थान, कार्य, समय कहिलेकहीं नाम समेत छुन नहुने, गर्न नहुने, भन्न नहुने गरी अलग्याउने गरेको भेटिन्छ । यसका अनेक कारणहरूमा तिनीहरूको पवित्रता, परंपरागत रहस्यात्मक शक्ति, अतिमानवीय शक्तिको संसर्ग, अशुद्धि, खतरापूर्ण असर-प्रभावका साथै संभावित विनाश, अतिक्रमण, विकृति र खराबीका विरुद्ध संरक्षा निश्चित गर्ने कार्यहरू पर्दछन् ।[५]

निषेध भङ्ग गर्ने व्यक्तिलाई सामाजिक वा समष्टिरूपले दण्ड सजाय दिने विशेष व्यवस्था हुँदैन । ती उनीहरूका दृष्टिकोण, भावना तथा मनोविज्ञानसँग सम्बन्धित छन् । उनीहरूको विश्वासअनुसार निधेष भंग गर्ने व्यक्तिलाई उसको आफ्नै कार्य कारण भई रोगव्याध लागी मृत्युले सजिलै टिपेर पनि लान सक्दछ ।

उपसंहार

धिमाल जातिमा प्रचलित उपर उल्लिखित विभिन्न लोक-विश्वासहरू तर्क

---

५. लिच, १९५०–१०६८

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तथा प्रमाण दिन सकिने र नसकिने गरी मूलतः दुइ प्रकारका छन् । यी दुवैप्रकारको विश्वासहरूमा उनीहरूको समान आस्था भए पनि, खास गरी दोस्रो प्रकारका अर्थात् कार्य-कारणको स्पष्ट सम्बन्ध स्थापना गर्न नसकिने विश्वासहरू क्रमशः समय र स्थानको सापेक्षतावाट हट्दै छन् र तिनीहरूमा निरर्थक वाह्य तत्त्वहरू आरोपित हुँदैथपिएर ती अन्ध विश्वासको रूप लिंदै छन् । प्रायशः अन्धविश्वासहरू लोक-विश्वासहरूसँग घनिष्ठ देखिन्छन्; तथापि सवै लोक-विश्वासहरू अन्धविश्वास होइनन् । त्यसैले लोक विश्वास र अन्धविश्वासलाई हामीले छुट्टचाएर अलग-अलग रूपमा हेर्न पर्ने हुन्छ । तर कति धिमाल लोक-विश्वासहरू अन्धविश्वासको रूपमा परिणत हुँदैछन्, कति क्रमशः हट्दै छन्, कति हिन्दू धार्मिक तथा सांस्कृतिक विश्वासहरूबाट अझ प्रभावित हुँदैछन् । तथापि लोक विश्वासहरूले धिमाल जातिको अतिप्राकृतिक धार्मिक, प्रवृत्ति, सामुदायिक सामाजिक जीवन पद्धति पशुपालन तथा कृषिजन्य सांस्कृतिक मान्यता तथा मूल्यहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपले प्रतिनिधित्व गरेका छन् । 'किनभने ती धिमालहरूको दैनन्दिन व्यावहारिक जीवनको तीतो-मीठो अनुभव, आवश्यकता, अतिप्राकृतिक धार्मिक मान्यता, ओझा परंपरा तथा अन्तरजातीय सामाजिक प्रक्रियावाटै विकसित र निर्मित देखिन्छन् । यसबाट धिमाल लोकविश्वासहरू उनीहरूको व्यक्तिगत अनुभववाट मात्र होइन, धेरै हिन्दू धार्मिक-सांस्कृतिक मान्यता र विश्वासका साथै उनीहरूको आफ्नै परंपरागत पैतृक विचार प्रवाह, देवी देवताको भय तथा त्रास-सँग घनिष्ठ रूपले सम्वन्धित देखिन्छन् ।

-o-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

परिशिष्ट

क. चित्र-सूची:

१. पूर्वेली धिमाल ढोग-भेट ।
२. सानो धिमाल गाउँ ।
३. गाउँ छेउको पैनीमा रमाइरहेका बाल-बालिकाहरू
४. "ची ताका शा"—पानी राख्ने घर
५. धिमाल घरको सामूहिक शालिङ्ग (आंगन)
६. ससुराली गइरहेको धिमाल जोडी
७. गोलो अनुहार, लामो पातलो कान, छोटो चेप्टो नाक र शरीरका रौं कम भएका धिमाल वाराङ्ग (बूढा)
८. थोदरा चिलिम पिइरहेकी धिमाल्नी (बूढी)
९. सिम-खुन्दी (ओखली) मा संलग्न धिमाल्नीहरू
१०. तान बुनीरहेका धिमाल्नीहरू
११. घंगौरा खेलीरहेका केटीहरू
१२. जुरखोपा: केश-विन्यासको प्रसिद्ध प्रकार
१३. धिमाल्नीहरूले लाउने विभिन्न प्रकारका चाँदीका गहनाहरू
१४. धिमाल्नीहरूले हातमा खोपेको चोका (गोदना)को एक प्रकार
१५. धिमाल गाउँको ग्राम-थान
१६. करीब सयवर्ष पुराना डागीहाट वलुवाहीका ग्रामथानमा चढाइएका माटाका घोडाहरू ।
१७. ढोल: धिमाल जातिको सबभन्दा मुख्य बाजा
१८. धिमाल लोक नृत्य टोली
१९. ढोल बजाई नाचिरहेका दाका धिमाल
२०. नाचिरहेका धिमाल तरुनीहरू
२१. उर्नी बजाई गाइरहेका जम्दार धिमाल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२२. मृत्यु संस्कारमा जूठो चोखिंदै गरेकी धिमाल किशोरी
२३. जन्त जाने पहिलो तयारी
२४. ओझा-भोका गरिरहेको धिमाल ओझा
२५. धिमाल लोकगीतको स्वरलिपि
(माकु माकु आनाउ सवाल र शाल्वु शाय शाय)
२६. अनुश्रुतिमा आधारित मंगोल वंशावलीमा धिमाल जातिको स्थान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१. पूर्वेली धिमाल ढोग-भेट

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



२. सानो धिमाल गाउँ



३. गाउँ छेउको पँनीमा रमाइरहेका बाल-बालिकाहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



४. "ची ताका शा"– पानी राखने घर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

५. धिमाल घरको सामुहिक शालिङ्ग (आँगन)

६. ससुराली गइरहेको धिमाल जोडी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१. गोलो अनुहार, लामो पातलो कान, छोटो चेप्टो नाक र शरीरका रौं कम भएका धिमाल वाराङ्ग (बूढा)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



८. थोदरा– चिलिम पिइरहेकी धिमाल्नी बूढी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



६. सिम-खन्दी (ओखली)मा संलग्न धिमाल्नीहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१०. तान बुनिरहेका धिमाल्नीहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

११. घंघौरा खेलिरहेका केटीहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१२. 'जुरखोपा': केश-विन्यासको प्रशिद्ध प्रकार

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

१३. धिमाल्नीहरुले लाउने विभिन्न प्रकारका चाँदीका गहनाहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१८. धिमाल्नीहरूले हातमा खोपेको चोका (गोदना)को एक प्रकार

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१५. धिमाल गाउँको ग्राम-थान

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१६. करीव सय वर्ष पुराना डागीहाट वहुवाहीका ग्राम-थानमा चढाइएका माटाका हात्ती घोडाहरू



१७, ढोल : धिमाल जातिको सर्वभन्दा मुख्य वाजा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



१८. धिमाल लोकनृत्य टोली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

१९. ढोल बजाई नाचिरहेका दाका धिमाल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



२०. नाचिरहेका धिमाल तरुनीहरू

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२१. उर्मी वजाई गाइरहेका जम्दार धिमाल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)



२२. मृत्यु संस्कारमा जुठो चोखिदैं गरेकी धिमाल किशोरी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२३. जन्त जाने पहिलो तयारी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

२४. ओझा-झोका गरिरहेको धिमाल ओझा।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

माकु माकु आनाउसवाल (Maku Maku AnauShawal)



साल्बु साय साय (Shalbu Shaye Shaye)



Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अनुश्रुतिमा आधारित मंगोल जातिको वंशावलीमा धिमाल जातिको स्थान



Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ख. विशेष सन्दर्भ ग्रन्थहरू:

दिवस, तुलसी	सं. नेपाली लोक संस्कृति संगोष्ठी, २०३५, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं,
	–नेपाली बाजाहरू, २०३४, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं
	–सं. प्रज्ञा (त्रैमासिक पत्रिका) अंक २४ र २५ नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौं
	–प्रदर्शनकारी धिमाल लोकसंस्कृति, २०३५, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौं
	–नेपाली लोककथा: केही अध्ययन, २०३३, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौं
दिवस, तुलसी र अन्य लेखकहरू	धिमाल लोक जीवन अध्ययन, २०३०, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौं
सामर, देवीलाल	लोकधर्मी प्रदर्शनकारी कलाएँ, १९६८, भारतीय लोक कला मण्डल
सुमन, रामनाथ	सं. संमेलन पत्रिका (लोक संस्कृति अंक) २०१०, हिन्दी साहित्य सम्मेलन
रोहतगी, डा. सरोजिनी	अवधी का लोक साहित्य, १९७१, नेसनल पब्लिसिङ्ग हाउस
सत्येन्द्र, डा.	लोक साहित्य विज्ञान, १९७१, शिवलाल अग्रवाल एण्ड कम्पनी एवं विक्रेता, आगरा ३

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आचार्य, बाबुराम	श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग–३,२०२४, श्री ५ को सरकार, प्रमुख संवाद सचिवालय राजदरबार, काठमाडौं
श्रेष्ठ, स्वम्यभूलाल	हामी नेपाली, २०२८, श्रेष्ठ प्रकाशन, ललितपुर
रेग्मी, डा. जगदीश चन्द्र	प्राचीन नेपालको राजनैतिक इतिहास, २०३३, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं
महतो, रामेश्वर	धिमाल समुदाय, (अप्रकाशित) पंचायत अग्रणी प्रशिक्षण केन्द्र, झापा ।
नेपाली, रोहित कुमार	दोघरे र कारेकोशीका धिमाल, २०३५, पंचायत प्रशिक्षण केन्द्र, झापा
दाहाल, डिल्लीराम	धिमाल लोक-जीवन अध्ययन, २०३६, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान कमलादी काठमाडौं
रेग्मी, ऋषि केशव राज	एक स्रोतः तीन धारा, २०३५, साझा प्रकाशन, ललितपुर ।
यादव, डा. शंकर लाल	हरियाणा प्रदेश का लोक साहित्य (?) हिन्दुस्तानी एकेडेमी, इलाहाबाद
मौन, प्रफुल्ल कुमार	थारू लोकगीत, २०२८, पूर्वाञ्चल पुस्तक भण्डार (नेपाल)
दाहाल, चिन्ता मणि	झापाका धिमाल जाति र तिनीहरूको सांस्कृतिक स्वरूप, २०३७, कीर्तिपुर बहुमुखी क्याम्पस, स्नातकोत्तर तहको शोध पत्र, इतिहास विभाग, काठमाडौं
राई, इन्द्र बहादुर	टिपेका टिप्पणीहरू, १९६६, नेपाली साहित्य परिषद, दार्जिलिङ्ग
सांकृत्यायन, राहुल	इतिहास पुरुष, (लेख) ज्ञानोदय, नवम्बर १९६०
उर्नी–	दमक गाउँ पंचायतको परिचय; उर्नी, २०३४ असार, दमक

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सूचना विभाग — मेचीदेखि महाकालीसम्म, २०३१, सूचना विभाग, संचार मन्त्रालय, श्री ५ को सरकार

राई, नवीन — प्रतिवेदन, २०३०, ने. रा. प्र. प्र.

Smith, B. S. — The Folk Games of the Children, Our Living Traditions: An Introduction to American Folklore, 1968, Basic Books, Inc. Publishers, New York, London.

Coffin, T. P. — Ed. Folklore in America Doubleday & Company, Inc. Garden City, New York

Dundes, Allen — The Study of Folklore, 1965, Prentice-Hall. Inc. Englewood Cliffs. N. J.

Krappe, Alexander H. — The Science of Folklore, 1950. London.

Bhattacharya, Sudhi B. — Ethno-Musicology & India, 1968, Indian Publications, India.

Diwasa, Tulasi — Musical Instruments of Nepal, 1977, Catalogue, Nepal Rajakiya Pragyan Pratisthan (Royal Nepal Academy, Kamaladi, Kathmandu.

Nettle, Bruno — Introduction to Folk Music in the United States, 1962, Detroit.

Leach, Maria — Ed. Standard Dictionary of Folklore, Mythology and legends, 1949–50, 1 & 2 Vols. New York, Funk & Wagnalls.

Emarich, Duncan — Folklore on the American land, 1972, Little Brown & Company, Boston, Toronto.

Chatterjee, S. K. — Kirat Janakriti, 1950, Journal Royal Asiatic Society of Bengal Letters Vol-XVI, No. 2

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

—Languages and Literatures of Modern India, 1963, Bengal Publishers, Calcutta.

Chemjong, Iman Singh — History & Culture of the Kirat People, 1966, Phidim, Limbuwan, Kathmandu.

Dahal, D. R. — An Ethnographic Study of Social Change among the Athpahariya Rais of Dhankuta, A Project Report Submitted to INAS, T. U., Kirtipur.

Hitchcock, John T. — The Magars of Banyan hill, 1965. Hott Rinehart and Winston, U.S.A

Hodgson, H. B. — "On the Koch, Bodo & Dhimal Tribes" in miscellaneous Essays relating to Indian Subjects, Vol 2, Sect. I, Part III, London.

Grierson, G. R. — Linguistic Survey of India, Vol. I, Part I, 1927, Central Publication Branch, Calcutta.

Dalton, Col. E. T. — Descriptive Ethonology of Bengal, 1874.

Nepali, G. S. — The Newars, 1965, United Asia Publication, Bombay, India.

Oto, Tokihiko, — Folklore in Japanese Life and Customs, 1963, Kokusai Bunka Shinkokai, Tokyo.

Shrivastava, S. K. — The Tharus a study in Culture Dynamics, 1958, H. K. Kapur Agra University Press, Agra (India).

Crooke, W. — Races of Northern India, 1973, Cosmo Publications, Delhi 6 India.

—Religion & Folklore of Northern India, 1925, S. Chand & Co. (Pvt.) L.T.D. Ram Nagar, New Delhi. 55.

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Stack, Edward	The Mikirs, 1908 (?) United Publishers, Pan Bazar, Gauhati.
Hori, Ichiro	Folk Religion in Japan, 1968, The University of Chicago Press, Chicago and London.
Jaggi, O. P.	Folk Medicine, 1973, Atma Ram & Sons, Delhi-Jaipur-Chandigarh-Lucknow.
Joshi, T. Diwasa & Cech, Crystyn	Birth Rites of the Newars of Nepal Asian Culture, No. 22, 1977 The Asian Cultural Centre for UNESCO, No. 6 Fukuromachi, Shinjuku-ku, Tokyo, Japan .
Joshi, T. Diwasa & Meena Baidya	Mythological Animals in Nepal, Asian Culture, No. 29, 1981 The Asian Cultural Centre for UNESCO.
Mahapatra, P. K.	The cult of Dharma Thakur in Folklore, Feb. 1972, XIII No. W. N. 145.
Hamilton, Francis B.	An Account of the kingdom of Nepal, and of Territories annexed to this dominion by the House of Gurkha, 1819, Edinburgh, A Constable.

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ग. विशेष धिमाल सूचकहरू:–

ज्ञानवहादुर धिमाल (तेग्रे)) ६६, जहदा
माबुलाल धिमाल (राजदोङ्गे) ४५, दोघरे, दमक
सुन्दरलाल धिमाल (तेङ्गमाली) ४४, तीनघरे, सुनझोरा
दम्केलाल धिमाल २६, दावगाछी, दमक
तुङ्गरू धिमाल ३५, दोकान, बालुवथान
बहादुर धिमाल ५६, धाङकुवा
भूमी धिमाली ३०, दोघरे, दमक
जम्दार धिमाल ५३, जम्बुझार, दमक
रामबहादुर धिमाल (दोङगेनुनिया) २८, जम्बुझार, दमक
डाकमान धिमाल (तेङ्गमाली) ५०, दाँवगाछी, दमक
दोमीलाल धिमाल (नुनिया दोङ्गे) ५५, पाथरी, राजमार्ग
मेचीलाल धिमाल (नुनिया दोङ्गे) बयर वना, छामकावा
दाका धिमाल ६३, लालभित्ती, तीनधारे
हेमलाल धिमाल (तेङ्गमाली) ६५, बोरोगाउँ, शान्ति नगर
अगमलाल धिमाल (ओगनिया) ४५, बोरोगाउँ, शान्ति नगर
अनारुसिं धिमाल (हर्दिया नुनिया) ५८, हडिया, बुधबारे
राधा धिमाल (राथुम) कन्चन बारी, बुधवारे
शेरवहादुर धिमाल (नुनिया दोङ्गे) काकोम, दागिहाट
बज्रसिं धिमाल,. दाँवगाछी, दमक
शाखारू धिमाल ५१, काकोम डागिहाट
भक्तिमान धिमाल (राजदोङगे) १८, दोघरे, दमक
लाहु धिमाल (राज दोङ्गे) ४३, दोघरे, दमक
तेल पाने धिमाल (तेग्रे) ५५, अर्नाखरी, दमक
जीतवहादुर धिमाल (तेग्रे) २१, अर्नाखरी, दमक
भद्र सिं धिमाल (वंगलायती) ५४, बाहुने डागी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रेसम लाल धिमाल (कुश्यार) ३५, वलुवाई
अगमलाल धिमाल (नुनिया दोंगे) ६०, वलुवाई
विरुलाल धिमाल (दिङ दोंगे) ५८, जहदा
भीमवहादुर धिमाल (लेम्वाङ) ३६, दोघरे
सर्वलाल धिमाल (वाङमाली) ४८, अठियावाडी
लाजुलाल धिमाल (हर्दिया दोङ्गे) ४७, नलवारी
फुइलाल धिमाल (सिमलदोङ्गे) ५०, आडियामल
रेसम लाल धिमाल (जोगी)) ५५, कारेकोशी
शलबहादुर धिमाल (हर्दिया) ४५, कारेकोशी
चेपुलाल धिमाल (नुनिया) ५५, तीनघरे, सुनझोरा
शोबिलाल धिमाल (काशे) (?) रिंगुवा, वयरवना ।
कर्ण बहादुर धिमाल (?) लालभित्ती, तीन धारे
महावीर धिमाल, ५५ (?), जम्वुझार, दमक

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)

घ. वर्गीकृत धिमाल शब्दावली

जाति परिचय र बसोबासित क्षेत्र

अनारमनी : धिमालहरू भएको झापाको एक पंचायत
अपालिवा : किरातइङवाका छोरा आठपहरिया राईका पूर्वज
अमरदह : धिमालहरू भएको मोरङ्गको एउटा पंचायत
आठपहरिया राई : धनकुटा बजार वरिपरिका राईको एक समूह
आसाम : हिन्दुस्तानको आसामसम्म पनि धिमालहरू फैलेका छन्
कमलाई : राजवंशीहरूलाई जनाउन प्रयोग गर्ने शब्द
कनकाई : पूर्व र पश्चिमका धिमालहरू छुट्टयाउने उल्लेखनीय नदी
कसैनी : धिमालहरू भएको मोरङ्ग जिल्लाको एक पञ्चायत
काशी गोत्र : दक्षिण (काशी)वाट आएकाहरूको गोत्र
क्िमादाङ : धिमालहरूमा पाइने दाजु-भाइ छुट्टिएको कथा भएको आंठपहरिया राईको एक थर
किरातइङगवा : मुनाइङवाका छोरा किरातीहरूका पूर्वज
कीर्तिमान फडानी : वि. सं. १९९४ सालमा कीर्तिमान धिमालको नाममा खुलेको जंगल-फडानी
केरकोई : इन्द्रको श्रापले 'हीरा' भई पृथ्वीमा झरेकी धिमालहरूकी आदिआमा
केरौन : धिमालहरू भएको मोरङ्गको एउटा पंचायत
गुरुक्पा : किरातइङवाका छोरा गुरुङ्गका पूर्वज
गोविन्दपुर : धिमाल वसोवासित क्षेत्रको दक्षिणी सीमाको पंचायत
गौरादह : धिमालहरू भएको झापाको एक पंचायत तथा गाउँ
चारकोशे झाडी : धिमाल वसोवासित क्षेत्रको प्रसिद्ध जंगल
चिसाङ : धिमाल वसोवासित क्षेत्रको उल्लेखनीय खोला
चोखुजोत, चेगाधारी : धिमालहरू भएको भारतीय गाउँहरू
जलपाइगुडी : धिमालहरू भएको नजीकको भारतीय क्षेत्र
ज्यामिर गडी : धिमालहरू भएको झापाको एक पंचायत
डागीहाट : धिमालहरू भएको मोरङ्गको एउटा पंचायत तथा गाउँ
ढे (धे) : छुट्टिएको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ढेमाल : मदेश (मा) छुट्टिएको

तप्त गिरी : हेमन्त भूमिमा भएको आगोको (ज्वालामुखी) पहाड

थाङदावा : किरातइङवाका छोरा, कोचे, मेचे, थारु दनुवारका पूर्वज

थिरुक्पा : थाङदावाका कान्छा छोरा, थारु, दनुवार शाखाका मूली

थोकतोक्पा : किरातइङवाका छोरा, थाकल थोकल, पुनेल, थिनेलका पूर्वज

थोवोइङवा : स्वयंभू मनु र सतरूपाका माइला छोरा

दमक : धिमाल लोकजीवन अध्ययन गरिएको झापाको मोरङसँग जोडिएको पंचायत तथा गाउँ

दश धिमाल : पहाडमा लिम्बू राईहरूले भने झैं दश जोडेर धिमाल इलाका जनाउने शव्दावली

दश माझी : धिमालहरूमा दश माझी (मुखिया) को भन्दा चौमाझीको प्रचलन छ।

दि : पानी (मेचे)

दिमापुर : धिमालहरूको प्राचीन थलो भनिएको आसामतिरको पुरानो वस्ती

दिमालीहरू : धिमालहरूको अर्को नाम

दुहागडी : धिमालहरू भएको झापाको एक पंचायत तथा गाउँ

धमला : पर्वतेहरूको एउटा थर

धरोहर : खेतलाई जनाउने पूर्वी तराईमा प्रचलित शव्द

धाइजन : धिमालहरूको वस्ती भएको झापाको एक पंचायत

धि : नदी छेउ

धिकोक्पा : थाङदावाका जेठा छोरा, धिमाल शाखाका मुली

धुलाबारी : धिमालहरू भएको झापाको एउटा बजार तथा पंचायत

धौले : जनश्रुतिमा उल्लिखित कुनै समयमा मदेश हान्न आउने पहाडी राजा

नकलवन्दा : धिमालहरू, भएको झापाको एउटा पंचायत तथा गाउँ

नेरकोई : इन्द्रको श्रापले 'मोती' भई पृथ्वीमा झरेकी लिम्बूहरूकी आदिमाता

परशुराम : जनश्रुतिअनुसार उनीसँग डराएर धिमालहरूले काशी छोडेको प्रसङ्ग जोडिएको छ

पश्चिमेली धिमाल : माई खोला पश्चिमका धिमालहरू

पाटाजोत : धिमालहरू भएको नजीकको भारतीय गाउँ

पाराखोपी : धिमालहरू भएको झापाको एउटा पंचायत तथा गाउँ

पूर्वेली धिमाल : माई खोला पूर्वका धिमालहरू

बयरबना : धिमालहरू भएको मोरङ्गको एक पंचायत या गाउँ

बनिया विर्ता : धिमालहरू भएको मोरङ्गको एक पंचायत या गाउँ,

बान्तवा : धिमालहरूसंग रीति-रिवाज मिल्ने याख्खा राईहरूको एउटा थर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बाँदर वस्ती : धिमालहरू भएको नजीकको भारतीय गाउँ
बाहुनडागी : धिमालहरू भएको झापाको एउटा पंचायत तथा गाउँ
बाहुनी : धिमालहरू भएको मोरङ्गको एउटा पंचायत तथा गाउँ
बोडो : धिमालहरूसँग सम्वन्धित एक उपजाति
भावर : चुरे फेदीको इलाका, धिमाल बसोवासित क्षेत्र
भीट : पाखावारी जनाउने पूर्वी तराईमा प्रचलित शब्द
मल्लिक : पूर्वेली धिमालहरू आफूलाई चिनाउँदा मल्लिक भन्दछन्
माइखोला : पूर्वेली र पश्चिमेली धिमालहरू छुट्याउने प्राकृतिक सीमा कनकाई नदी
मधुमल्ला : धिमालहरू भएको मोरङ्गको एक पंचायत तथा गाउँ
माल : मधेश, मैदान, तराई
मालावारी : धिमालहरू भएको भारतीय गाउँ
मालो : वेपत्ता
मुनाइङ्वा : स्वयंभू मनु र सतरूपाका जेठा छोरा
लाख : पहाड (?)
लोहन्द्रा : हालको धिमाल बसोबासित क्षेत्रको पश्चिमी सीमा जनाउने खोला
ह्लासा गोत्र : उत्तर (ह्लासा) तिरबाट आएकाहरूको गोत्र
शनिश्चरे : धिमालहरू भएको झापाको एक पंचायत या गाउँ
शान्ति नगर : धिमालहरू भएको झापाको एक पंचायत या गाउँ
शिलगुडी : धिमालहरू भएको मेचीपारिको भारतीय क्षेत्र
सतरूपा : मंगोलहरूकी आदिमाता
सतार : धिमालहरूको संपर्कमा आउने तराईको एक उपजाति
सप्तकोशी : एउटा कथनअनुसार धिमालहरू सप्तकोशीको गडतिर हुँदै तराई झरेका हुन्
सीमन्तभूमि : भारतीय उपमहाद्वीपको उत्तर र उत्तर पूर्वी हिमाली भेक
सुहाचेप्पा : किरातइङ्वाका छोरा, सुनुवार, हायु, चेपाङ्गका पूर्वज
स्वयंभू मनु : जनश्रुतिमा आधारित वंशावलीअनुसार धिमालहरूको आदिपूर्वज
मुसहर : धिमालहरूको संपर्कमा आउने तराईको एक उपजाति
मेची : अधिराज्यको धिमाल बसोवासित क्षेत्रको पूर्वी सीमाको नदी
मेचे : धिमालहरूको नजीकको मानिएको एक उपजाति
मंगोक्पा : किरातइङ्वाका छोरा, मगरका पूर्वज
याङखोवा : किरातइङ्वाका छोरा, याखा राईका पूर्वज
याङ फेवा : किरातइङ्वाका छोरा, याङफूका पूर्वज

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यमा : लिम्बूहरूकी कुलदेवी
योवो इङ्वा : स्वयंभू मनु र सतरूपाका कान्छा छोरा
रतुवा : धिमाल बसोबासित क्षेत्रको एउटा खोला
राजघाट : धिमालहरू भएको मोरङ्गको एक पंचायत या गाउँ
लुङफेवा : किरातइङवाका छोरा, किराती राईका पूर्वज
लेटाङ : धिमालहरू भएको मोरङ्गको एक ऐतिहासिक स्थल
लेम्वाङ : नेम्वाङ लिम्बूसंग सम्वन्धित धिमाल थर
हरैचा : धिमालहरू भएको मोरङ्गको एक पंचायत तथा गाउँ
हाइको : मेचेहरूले धिमालहरूलाई जनाउन प्रयोग गर्ने शव्द,
हीरामोती कोइना : लिम्बू र धिमालहरूको पूर्वजको उल्लेख भएको कथा
हेमन्त भूमि : मंगोलहरूको मूल स्थल संभवतः मंगोलिया

गाउँका केही नामहरू

आढियामाल
आढ्या वारी
आर्नाखाडी
काकोम
कारेकोशी
कुच्यामारी
कुस्याचौर
खरखरे
चरपाडा
जाहादा
जुरा
जोगी चौन
जाम्बु झार
झारकाहा
डाकिनी
डिमौठा
दावगाछी
पाथरी
पोर्ता घारी
पाङग्रे झालास
वयर वना
वालुवाही
बुट्टाबारी
भाते गौडा
मातीगाउँ
भुसी
मैनाघोपा
सोमपुका
संझर

घर

आखा : चुलो
उमगाकाशा : भान्साघर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उमनारा : पराल
किया खोतार : कुखुराको खोर
कोरा : डाँडा
खुन्ती : कुमको खाँवा
गिलाभेकाशा : गीलो माटोको घर
चाकी : खोपा
चिताकाशा : पानी राख्ने घर
चेवारी : गोलो धनसार
छेउका : बाता
झन्जौरी : मूल ढोकामाथिको बाँसको टाटीले बनेको आँखिझ्याल
थारनचाशा : टाँड उठाई बनाइएको घर
दिग्री : धुरीको बलो
धा : सिकुवा
पाइरो : लिस्नु या भऱ्याङ
पाया खोतार : सुंगुरको खोर
पुराङ्का शा : डल्ला माटो उठाई माटैले पुरेर बनाइएको घर
फिनु : दैलो
वाडाशा : ठूलो घर, मूल घर, पश्चिम घर
वाती : भाटा
वास घोराशा : हावाघर
वेरेम : बाँसको टाटीमा माटोले पुरेर बनेको भित्ता
भकार : चारकुने धनसार
भकार शा : धनसार, भकारी
मान्दल : कुमको बलो
मुख मारिका : मूल दैलोको तीनतिर माटो उठाई बनाइएको विशेष बुट्टा
मुलिङ्ग : मूल खाँवा
मेपोन्दो : आगोको धुनी
मेशाको खोतार : वाख्राको खोर
राम : माटाको ठूलो हाँडी या घ्याम्पा
रोटी : माटाको हाँडी
शा (छा) : घर
शाको दिर : घरेलु देवी-देवता
शिका : पराल तथा खर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शालिङ : आँगन तथा घरको चोक

होली : रोपाइँ गर्दा या घर बनाउँदा एकले अर्कालाई सघाउने काम

थर तथा उपथर

अघोनिया : तेग्रे थरको अर्को नाम

आवाल दोङ्गे : दोङ्गेको भनिएको एउटा उपथर

कस्यार / काँसे : काँसे (टाटारी)को रुखसंग संबन्ध भएको धिमाल थर

कासिया दोङ्गे : दोङ्गेहरूको एउटा उपथर

कोचेनी : कोच (राजवंशी) महिला

कोचेला थारु : थारु बाबु तथा कोचेनी आमाका संतान मानिएको धिमाल थर

कोलङुवा : कुलङुवाई कसैकी राँडी स्वास्नीको थर अपनाई 'घरलोग्ने' हुनजाने मान्छे

चोइमाली : लातेर तथा माखिमको भनिएको एउटा उपथर

जाउरा गेलाई : पुर्खाहरू, पितृहरू, मृतकहरू

जोगी : चिहानमाथि लौकाको बोट या पात राख्ने धिमाल थर

तागाधारी : जनै लगाउने छेत्री बाहुन

ताली : चन्द्रमा

तालिपा : चन्द्रमा टिप्न जाने धिमालका संतानहरूको थर

तेग्रे : लास जलाउनै पर्ने धिमालहरूको एउटा थर

तेङमाली : तेङसिसंग सम्वन्ध गाँसिएको लातेर थरको एउटा उपथर

तेङसि : खमारीको रुख या काठ

थारू : थारूको संतान मानिएको धिमाल थर

दिङ : पश्चिमबाट बसाइँ सर्दै पूर्वतिर आएको अनुमान गरिएको एउटा धिमाल थर

दिङ दोङ्गे : दिङ र दोङ्गे मिलेर बनेको उपथर

दिहे : पश्चिम

दोङ्गे : डुङ्गाजस्तो डोङमा मुर्दा लाने एउटा धिमाल थर

नुनिया : सिमलको बोक्रामा नून दलेर या छरेर लास लाने या गाड्ने धिमाल थर।

नुनिया दोङ्गे : डोङमा लास लाँदा नून छर्केर लाने दोङ्गेको उपथर

बाङमाली : लातेर थरको एउटा उपथर

बाइस दोङ्गे : दोङ्गेको भनिएको एउटा उपथर

बंगलायती : जूनकीरीको उज्यालोमा रात-बिरात हिंड्ने धिमालहरूको थर

माखी : मौरीको चाकाको कुट

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

माखिम् : माखी भनी थाह नपाई दिसा खानेको सन्तानको थर, लातेरहरूको अर्को नाम

मुलिङ : मूलखावाँ वरिपरि वैवाहिक रिवाज संपन्न गर्ने धिमाल थर

रा : नाङ्लो,

राजदोङ्गे : विशेष मानिएको दोङ्गेहरूको एउटा उपथर

राथुम : मर्दा नांग्लो ठटाउन पर्ने धिमाल थर

लक्ष्मी दोङ्गे : लक्ष्मीलाई कुलदेवी मान्ने दोङ्गेको उपथर

लातेर : माखिम थरका धिमालहरूको अर्को नाम

लिसी : मान्छेको दिसा

लेम्वाङ : लिम्बूका सन्तान ठानिएको एउटा थर

साइनो केराउनी : साइनो केलाउने धिमाल विवाहको एउटा रीत

सिमल दोङ्गे : सिमलको रुखसँग सम्वन्धित दोङ्गेको उपथर

सूर्य दोङ्गे : दोङ्गे थरको भनिएको अर्को उपथर

हकवाला : हकलाग्ने "हारा" सदस्यहरू

हारा : एकै थर तथा कुलका सदस्यहरू

हर्दिया (योङ याङ) : सिमलको बोक्रामा हर्दी दलेर लास लाने या गाड्ने एउटा थर

हर्दिया दोङ्गे : लास लाँदा डोडमा हर्दी दलेर लाने दोङ्गे थरको उपथर

हर्दिया नुनिया : हर्दी र नून दुवै छर्केर मुर्दा गाड्ने एउटा थर

वेश भूषा तथा रूपसज्जा

आल्गी धावा : घरबुनाको सवै जीउ छोप्ने बर्को

आँखुटी : औंठी

इकाधारी : कालो पारी भएको रातो लगौंटी या धोती

इन्जार : इजार

इताङ्गी : धर्के बुट्टा भएको बोनाको प्रकार

उण्ठुइ पिका : पत्थर भएको

काठी माला : चाँदीको गोटी भएको नौगेडी माला जसलाई गोज माला पनि भनिन्छ

कानैला : कानको माथि लाउने सानो मुन्द्री

कापाई : कपास

कोचेनी वोना : राजवंशी महिलाहरूले लाउने पेटानी

काब्रा धारी : कुनै पनि रङ्गको पारी भएको मृगको छालाको जस्तो थोप्ले बुट्टा भएको लगौटी ।

कोल्ली : कल्ली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खारुङ्ग : पाटे चुरा
खिया औंली : कुकुर औंलो, माइली औंला
खुण्टिला : केही उठेको कान्को माथिल्लो भागमा लगाउने छाताको आकारको मुन्द्री
खोपा : केशको जुरो
गाकुली : कुण्डल
गेन्द्रुपिका आल्गी : धर्के बुट्टा भएको वर्को
गोटा ठोका : धातुको चुरा
गोज या गोठ माला : ५ लर्कासम्म भएको सिक्री माला
गोली काठी : चाँदीको गोटी भएको नौगेडी माला
चाका चेउता : घरबुनाको साधा तथा चारखाने वर्को
चारखान्या आल्गी : चारखाने वर्को
चेवारी : वाटेको कपाल
चोका : गोदना, खोप
चोञ्चिका धावा : वर्कोको एक प्रकार
चोद्रोहार : चन्द्रहार
छापावाल आँखुटी : आफ्नो या देवीदेवताको नाम भएको औंठी
छामुठी वोना : ठूलो कोठे बुट्टा भएको वोनाको प्रकार
छोलाइ : कालो रंग तयार गर्ने विरुवा
जुर खोपा : दुवैतिर सुर्केनो पारी बनाइने प्रसिद्ध केशको जुरो
जेका : सेतो
जेका धारी : कालो पारी भएको सेतो लगौटी
टाका माला : धागोमा उनेको रुपियाँको माला
ठोका : छ पाटे धातुको चुरा
ठोका साधा : साँचो नभएको साधा छ पाटे धातुको चुरा
ठोका कोलवाला : साचो भएको छ पाटे धातुको चुरा
ढिकाउरी खोपा : ढिस्को झैं उठाएर बनाइने जुरोको प्रकार
तिसे : माला
तुप्री : टोपी
तेपाना : पटुका या विशेष अवसरमा धिमाल्नीहरूले लाउने 'एप्रोन' जस्तो सेतो कपडाको टुक्रा या रुमाल
तोसी : कांगियो
थाक्री : थाक्रो
दाकाधारी : रातो पारी भएको कालो लगौंटी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दाका वोना या दावोना : माझमा तेर्सो रातो पारी या पाटा भएको कालो वोनाको प्रकार

दान्धिङ : कन्दनी

धारी : लगौंटी या छोटो धोती

नथी : नथिया

नाको : सुनको कुण्डल

नाखा मुन्दी : नाकको फुली

नाखा मुन्दी योम्पाका आँखुटी : नाकको फुलीको फूल भएको औंठी

नादोई : कंपनी छाप भएको टप

नास्तारी : पूर्वतिर पाखुरामा लाउने गहनालाई जनाउने शब्द

नेपुर : अविवाहिताहरूले लाउने नूपुर,

ह्लाँका खोपा : नाचमा नाच्ने मारुनीले बनाउने जस्तो जुरो

नोसोई : किशोरीहरूले लाउने रंगीन पातलो देशी वर्की

पाकुटा : फेटा या पगरी

पाँत : पाखुरामा लाउने गहना

पातलोइ : सानो कोठे बुट्टा भएको वोनाको प्रकार

पुजाती : फुर्का

पैरी : विवाहिताहरूले लाउने कल्ली या नूपुरजस्तो गहना

पोट आँखुटी : पत्थर भएको औंठी

बिन्दा खोपा : वीड राखेर बनाउने जुरोको प्रकार

वेरेका आंखुटी : वेरुवा औंठी

विसमाला : चाँदीको दुइ लर्को भएको सिक्री

विसे : विसमालालाई छोटकरीमा भनिने शब्द

वेदा : खराउ, नलुको जुत्ता

वोना : करिव ५।६ हातको आफैंले तानमा बुनेको धिमालनीहरूले लाउने पेटानी

माझान्ती : रातो रंग तयार गर्ने विरुवा

मिका आोखुटी : आँखा भएको औंठी

मुगा तिसे : प्वालोको माला

लुइदा : पहेंलो रंग तयार गर्ने वस्तु

लुढाइका : थोरै उठाई बाँधिएको कपाल

लुंगी वोना : लुङ्गीको पेटानी

लोताङ खोपा : सुर्कनो पारेर बनाउने खोपाको प्रकार

सर्तिसार हारी : पुरानो रुपियाँको माला

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साइतर खोपा : केशको टुप्पा ननिकाली सतार्नीहरूले वनाउने केशको जुरो
सिकिली : सिक्री
सुरमा : गाजल
संखाई : पूर्वतिर सौभाग्य चिन्नको रूपमा लाउने शंखको चुरा
सोना या शोना : सुनको कुण्डल
हारी : सिक्रीमा उनिएको रुपियाँका माला
हासुली : घाँटीमा लाउने गहना विशेष

खान पिन

आम्का : पिउने
उङ या उम् : भात
कालाई : कालोदाल
कुरुङ्ग : भुटेको चामल जसलाई खट्टे तथा भुजा पनि भनिन्छ
कुरुङ्ग, गुण्डा : भुटेको चामल कुटेर वनाइएको पिठो
कुरुङ्ग सार : भुटेको चामलको दाल तथा तरकारी
कोशा : गोहोरो
खाका : चिराइतो
खाका सार : चिराइतोको तरकारी
खिङतेङ व्या : पकाएको मासु
गोरा : रक्सी या जाँड
घोगी : धिमालहरूले खाने चिप्ले कीराको एक प्रकार
घ्याङ सिंगोरा : पानी हालेको जाँड
चाका : खाना
चिचिरी : बाफले पकाइएको वर्नी धानको चामलको लिसाइलो भात
चिया : चिया
चुदुर : चिप्ले कीरा
चुहाइएका गोरा : रक्सी
चौरासी : ठूलो भोज
छेली : सेल
तारा वाम्वा : भाते जाँडको विशेष प्रकार
तुइ : अण्डा, फुल
तोले : पिठो, मैदा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तोलेलुङ : पिठोको डल्ला
दानागुर : गुड, सख्खर
दुधे : दूध
पाउना : माटोको भाँडा (हाँडी)
फान्दो : फांडो
फुङतेङ व्या : पोलेको मासु
वड-बडका : ठूलठूलो
वागिया : तीन औंलाको छापसहितको निश्चित आकारको पिठोको परिकार
वावर : वावर
वान्साघाली : मेजवानी
व्या : मासु
भाका : वाफले पकाएको पिठोको परिकार
भात्या : भाते जाँड
मागोरा : जाँड
मान्दी : खोले
मुइ-मुइका : सानसानो
मुन–चिउरा
मुराभाका : फुर्फुराउँदो भाका-पिठाको परिकार
मुन्ची : कनिका
मोहनी : मार्चा
राजभाका : राजदोङ्गेले चलाउन र बनाउन नहुने डल्लो भाका
रोगोरा : जाँड
लावा : मुरई
लुम्फीबेका : काचो केराको अचार
लेउ : (क) तोरीको डाँठ बालेर वनेको खरानी जो नूनको सट्टामा तरकारीमा प्रयोग हुन्छ
(ख) केराको दाम्साबाट पनि लेउ वन्दछ जो कनिकाको परिकारमा प्रयोग हुन्छ
लेउ मुन्ची : कनिकाको तरकारी या दाल
वतेङ खङका व्या : उसिनेर पकाएको मासु
वतेङ व्या : उसिनेको मासु
वायाको दिका : मह
सागवा : भर्लाको गेडा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सार : तरकारी

सारसिं : तिउन तरकारी (विशेषतः सागको)

सिकाउती : पटुवाको मुण्टो सुकाएर वनाइएको तरकारी

सिह्लाका : तखाला (तसला)

सिदला : सिद्रा

सिदला चानी : सिद्राको रोटी

सिदला छेना : सिद्राको चटनी

सिदिला सार : भुटेको सिद्राको तरकारी

सेम्पाका ब्या : सुकाएको मासु (सुकुटी)

हाया : माछा

हाया छेना : माछाको पिठोको चटनी

हाया सार : झोल राखेको माछाको तरकारी

हाया होंका सार : भुटेको माछाको तरकारी

सागसब्जी

कारैला : करेला

कुसी (?) : डुकु या मुण्टा

कुवुण्टा : कुभिण्डो

खिचिमिची : स्कुस

खार्साङ्ग : सुर्ती

गोलभेण्टा : गोलभेंडा

घेरा : तोरिया, घिरौंला

छोग्या : रामतोरियाँ

घोन्ताला : बोडी

चुन्सार : निउरो

चेन्से : शिमी

चेर्का : पिरो

जिन्से : तोरी

ताइसे : कात्रो

ताङ्घा : प्याज

तोकरा : लौका

तोकरा घारै : लौकाको मुण्टा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दुसार : कर्कला
दण्ठा : डाँठ
पाछाइ लाफा : पाछाइ साग
पाते : पेटुको कलिलो मुण्टा
पालक : पालुङ्गो
पिण्डालु : पिंडालु
फारसी : फर्सी
वथुंवा : वेथु
बेलाइती : आलु
बेङ्गाना : बैंगुन
भान्सारा (भान्छार) : लसुन
भोल : तरुल, सखरखण्ड
मार्ची : खोर्सानी
मुलाई : मुला
मुसार : च्याउ
याङखे : अदुवा
युङङि (योङ्याङ) : हर्दी
लाफा : लाफाको साग
सङघ्रराइती : अरचाल
सोम्झोइ : सोंप
स्यान्की : सिन्की

फलफुल

अमुला : अमला
आाइलेह : वाबरी
आन्दार-वान्दार : जंगली सुन्तला
कानैला लेह : कानमा लाउने पहेंलो फूल
कैंवा : जवाकुसुमको एक प्रकार
कुस्यार : उखु
गाल्फेङ : काफल
गोआाइ : सुपारी
चुवा लेह : चुवाको, फूल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चोइसे : ज्यामिरको एक प्रकार
जाम्विरी : ज्यामिर
जाम्बु : जामुना
ठोका लेह : सयपत्री
तिनतिली : तितिरी
तुलसी : तुलसी
तोर्से : आँप
दाम्से : रुख कटहर
दालदाली लेह : सुनाखरीको फूल
धारकावा : ज्यामिरको एक प्रकार
वागुरी : बयर
वाह्रमासे : जवाकुसुम
बोजले : बोजो
भाञ्जाई : बर्रा
मेशे : तिल
लुम्फी : केरा
लोकता : कुसुम (फलविशेष)
सितालु : आरु
सिं-बिलायती : अम्वा
सोजिनी : सजिवन
हरिया या हराइ : हर्रा
हुक्कागाता : नरिवल

लोकखेल तथा मनोरञ्जन

आइथिरी बाइथिरी घाका : केटाकेटीले रक्सी पारेर खेल्ने खेल
कपर्दी : दुइ दलमा बाँडिएर खेल्ने ख़ेल
कुर्जा : ढुकुर
खोपी : खोपी
गुलीडण्डा : डण्डी बियो
घाका : खेल
घंगौरा, घंघौरा : यति यति पानी भनी खेल्ने खेल
छासा : घर बनाएर खेल्ने खेल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

डोम घाका : एउटोलाई डोम बनाएर खेल्ने खेल
डोलाई मोलाई घाका : केरा पाकेनपाकेको सोधेर खेल्ने खेल
ढुकुमुकु घाका : ढुकुमुकु खेल
पिन्से घाका : धुलोमा सियो लुकाएर खेल्नेखेल
बाइधो पिंग : लिङ्गेपिङ्ग
बाघचाल : बाघचाल
भोतेङ्ग भोतेङ्ग घाका : लुकामारी गरी मार्ने 'ङ्चाम'खेल
शिकारी धाका : शिकारी खेल

लोक देवी–देवता

काली : एक घरेलु देवी
कामिनी : मार्नलाग्दा आकाशमा उडेकी भगवती
कुपकुपैनी : इनार तथा कुवाका देवता, चीकुमारी, जलकुमारी
गैयाहरू : वीर तथा पुरुषार्थी मानिएका सात भाइहरू
गौरा : पार्वती तथा बोक्सीको अर्को नाम
ग्राम थान : गाउँको सामूहिक देवस्थल
ग्रामदिर : गाउँका देवी-देवताहरू
ग्वाल राजारानी : गोरे राजारानी, गोठका देवता, महादेव/महादेवी
घाट-घटुवार : खोलानालाका देवीदेवता
घार्नी बाराङ/वेराङ्ग : चुलोका भान्से देवी-देवताहरू
चाम्सारी : घरेलु एक देवी
ची कुमारी : कुपकुपनीको अर्को नाम
चौमाझी : चारैतिरका मुखिया देवता
छत्तर : छाता
जाउरा : गुहेलो
जाउरागेलाई : पितृहरू, मृत पुर्खाहरू
जिमी ग्राम : टुकुरे डाँडाको ग्रामथानको नाम
जेका भोनाई : सेतो पृथ्वी
टुङसुङ सुब्बा : धिमाल विश्वासअनुसार एक थरी शिकारी
तामा ग्राम : जम्बु झारको ग्रामथानको नाम
तामेले पारेव : टाटे पांग्रे परेवा
तुलसीग्राम : दापगाछीको ग्रामथानको नाम

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दन्तराजा-रानी : जंगलका देवीदेवता
दाका भोनाइ : कालो पृथ्वी
दामा : बाटो
दिर : देवता
देवी : एकथरी धिमाल घरेलु देवी
देरा : गाउँ
देराको दिर : गाउँको देवता
देरागेलाई : बोक्सी, गौरा, पार्वती
देराताका : गाउँ बसाल्ने व्यक्ति
द्वारे : दुष्ट वृत्तिहरूलाई रोक्ने ढोके देऊ
धरम ठाकुर : राधरमको अर्को नाम
धामी : ग्रामथानका पुजारी,
पार्वती : बोक्सी
पोदो : बाजाको ताल
बहादुर चौधरी : जंगल तथा खेतका थारु ग्राम-देवता
बाट-बटुवार : बाटो-चौवाटोका देवता
बूढा ठाकुर : भीमको रूपमा पुजिने सबैभन्दा ठूला मतवाली देवता
भीमसेन : बूढा ठाकुर, बूढा सुब्बा मानेर पुजिने देवता
मोनोइ : पृथ्वी, धरती
मसान : घरमा पुजिने घरेलु एक देवता
महाराजा : सबैभन्दा ठूला तागाधारी देवता
माई : भगवतीका रूपमा पुजिने कनकाई माई
मूलीदेउ : मूल खाँवोका देवता
मिस्त्री वाराङ्ग-वेराङ्ग : हलपति राजारानी, हलो कोदालो कृषि औजारका देवी-देवता
राधम्पाल : मोरङ्गका राजा धनपाल, तराई प्रदेशका सांस्कृतिक नायक
राजा जोला : एक थरी तागाधारी देवता
राजा थुप्रिंसि : रासतीका संतान भनिएका राठु महाराज
राजा भण्डार : बलुवाहीका प्रसिद्ध व्यक्ति, अगेना तथा भकारीका देवता
राजा रुमाल : बाघ तथा सिंहका देवता
राजा सती : रासती महाराज
राधरम : राजा धरम ठाकुर
रासती महाराज : ठूला, तागाधारी ग्राम देवता

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शाको दिर : घरेलु देवी देवता
शाली : घरेलु देवी देवता, शाको दिर
शिकारी : वन जंगलका देवता
संसारी : संक्रामक महामारी फैलाउने देवता

चाड-पर्व तथा पूजा-आजा

अखाडिया : असारमा मनाइने हुनाले सिरिजातको अर्को नाम
असारे पूजा : असारमा गरिने सामूहिक बर्खे पूजा, सिरिजातको अर्को नाम
आँउसी : औंसीमा पर्ने भएकोले लक्ष्मी पूजालाई जनाउने शब्द
उम्चेका जात्रा : धान काट्नुअगि धूप-धुवार गरी गरिने पूजा
गावा पूजा : सेते नलागोस् भनेर रोपाइँपछि बाँधमा गरिने पूजा
गुठी पूजा : धान रोप्न थाल्दा गरिने पहिलो खेतको पूजा
गुन : मंत्र तथा गुण
ग्राम पूजा : सम्पूर्ण ग्रामवासीको पूजा, सिरिजातको अर्को नाम
ग्राम सेवा : ग्राम पूजाको अर्को नाम
चि जुराइका : थानबाट ल्याइएको चोखो पानी गाउँको प्रत्येक घरमा छर्कने अनुष्ठान
चे चे बे बे : थानको पूजा सकिएपछि हात-हतियार सहित गाइने अनुष्ठानिक गीत, नाचिने नाच तथा बजाइने ढोलको भाका (ताल)
चेराक : माटोको दीयो
चोखाइका : थानमा खाइने मासुको प्रसाद
जागवान : ग्राम पूजाको रातमा वसिने जागराम
जातिरी : असारे पूजाको वेला ग्राम थानमा आयोजित जात्रा या मेला
जातुवार : जागराम बस्न आउने प्रत्येक घरको प्रतिनिधि
दाण्डाइका : काम बिगार्दा दण्ड गरिएका पैसा, पशु, पंक्षी आदि
देरा घुराइका : थानको पानी छर्केर घर चोख्याउँदै गाउँ घुम्ने काम
धारी चुर्का : असारे पूजामा धोती निचोर्ने रिवाज
नामा उम् चाका : नयाँ धान कुटेर खाई घरमा गरिने न्वागीपूजा
नारिया-वया पूजा : ग्राम थानमा चढाइने माटाको हात्ती-घोडाको पूजा
न्वागी तथा नवाङ्गी पूजा : नयाँ धान थानमा चढाएर गरिने पूजा
पार्वा : कार्तिके चाड, तिहार, हिउँदे चाड
पिया वाखर : घरका गाईबस्तुलाई भाले मधुको जरा मिसाएर ख्वाई पूजा गर्ने दिन।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पूजापाका : (क) बाहिर ढोल वजाउन थालेपछि भित्र थानमा गरिने असारे पूजा
(ख) ग्रौंसीको भोलिपल्ट गरिने वलिपूजा

पुर्रिचाका : भोग दिइएका पशु पक्षीको टाउको पकाएर खाने भोज

फगुवा : फागुमा मनाइने चाड

वयर पूजा : संसारी तथा माईको पूजा

वान्धा पूजा : बाँध पूजा

बान्सा धाका : साधारणतः मेजवानी तर असारे पूजाको बेला भने माझी र धामीकहाँ खाइने मेजवानी

बाखाइका : पूजापछि गाउँले सबैलाई बाँडिने मासुको प्रसाद

विसावरी : नाग तथा सर्पसँग सम्वन्धित देवता

वुइजु : जंगली मुसा

वेहुला : नाग तथा सर्पसँग सम्बन्धित देवता

भाकार पूजा : भकारी या ढिकुटीको पूजा

मैझार पूजा : धानको रासमा दीयो बालेर गरिने पूजा जसलाई उम्पुजी पूजा पनि भनिन्छ ।

साचौल (छाचौला) : ग्रौंसीको दिन घर लिपपोत गरी सिंगार्ने हुनाले आउँसीको अर्को नाम

सिरुवा : नयाँसालको पहिलो दिन मनाइने चाड

हातहतियार

काचिया : हंसिया

कानाइला : ग्रनौं

कोदाला : कोदालो

काँइची : कैंची

खापर : भाला

खेर : काँड

खोरम्दी : चुलेसी

खोन्दा : खन्ती

गुल्टाइ : धनु

चोम्सुला : अचानो

छूरी : कर्दो

जाले : जाल

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जुङले : जुवा
जोरम्दी : दाम्लो
झुलो : झुलो
ठकुनी : चकमक
ठोका लाठी : टेक्ने लौरो
तरवाल : तरवार
दाउ : खुर्पी
दाबिया : खुकुरी
दुङरी : खोङ्गी
दुफे : वञ्चरो
दुवाली : कोर्रा
देहाम : घोडा बान्ने डोरी
पाधा : गोरु वान्ने डोरी
पोइ : चारखुट्टे या तीनखुट्टे माछामार्ने जाल
फान्ची : पासो
बाराजु : बारुद
वासिला : बोसिला
वञ्ची : बल्छी
मुठी : खुकुरीको वींड
रुखान : राभो
शोल्टी : माछा उघाउने साधन
हले : हलो

लोकगीत

काटुवा : काटेर गाउने गीतको भाका
घाका लेह : खेल खेल्दा गाइने गीत
चान दोइका : बाल-बालिका फुल्याउने लल्लोरी या निदरी गीत
चे चे वे बे : असारे पूजाको बेला गाइने र गरिने आनुष्ठानिक गीत तथा नृत्य
चैता वैता : चे चे वे वे को अर्को नाम
जारी शोना : जारी शोना थेगो भएको प्रश्न-उत्तर शैलीको लामो गीत
ज्वाइ-शसुराराजा : विवाहमा दुलहा र दुलही पट्टिका मान्छेहरूले ज्वाइ-ससुरा भएर गाउने जारीशोना गीत

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तुरिया : झ्याउरे चुडका जस्तो दोहरी गीत

दादा-ओने : दाजु-बैनीको नाता जोडेर गाइने जारी शोना गीत

नामा-बाबइ : बुहारी-जेठाजु, भएर गाइने जारी शोना गीत

तुवा-हुम्ले : शाली भेना भएर गाइने जारी शोना गीत

पिता-माता-बालिबच्चा : बाबु-आमा र छोरा-छोरी भएर गाइने जारी शोना गीत

पोटोका : शाब्दिक अर्थ पुड्को या छोटो तर गीतको सन्दर्भमा नेपाली ठाडो भाकासँग मिल्ने छरितो गीत

भोका : धिमालओझाको फलाको, मन्त्र अथवा प्रार्थना गीत

रिंका : तेर्सो भाकाको गीत

लेह : गीत

लाम्फे : प्राचीन गीतको प्रकार

लाम्फेपारा : लेग्रो तानेर गाइने जारी शोनाका छरिएका अंशहरू

सरस्वती (हे देवी दुर्गा) : देवी-देवताको आराधना गरी गाइने जारी शोना गीत

शाल्वो शाय शाय : लोकप्रिय प्रसिद्ध नृत्य एवं गीतको प्रकार

शोना कांको : शोना कांको थेगो भएको गीत

शोम भाया : साथीभाइ भएर गाइने जारी शोना गीत

लोकनृत्य तथा बाद्य

उर्नी : रेटेर बजाउने एकतारे बाजा

खाइलो ह्लाका : जेठाजुले नाङलो ठटाएर बुहारीले नाच्ने नाच

खोल : छालाको बाजा

गोमना : मुर्चुङ्गा या बिनायो

घडी : घंटी

घाग्रुङ्ग : घंघला

घाल्टिङ्ग : घंटी या घंट

चाकाचुई : मुजुरा

चे चे बे बे ह्लाका : चे चे बे बे नाच

चोर घाका ह्लाका : खाना नखाई चोरघाका पोदो (ताल) मा नाचिने पुरानो नाच

चोबोर फातेङ ह्लाइने : थपडी मारेर नाच्ने

झाल : झ्याली

डांका : भाले या पुरुष स्वर

ढोल : छालाको दुइमुखे प्रसिद्ध बाजा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ढोल नाच : ढोल बजाउने प्रतियोगिता गरेर नाचिने नाच
तिरेउ ठोका ह्लाका : घुँडा धसेर नाचिने नाच
तुम्झाई : चित्रे मान्द्रो झैं बुनेको डम्फुजस्तो बाजा
तोङ्का ह्लाका : थपडी मारेर उफ्रँदै नाचिने नाच
दिर ह्लाका : देवता चढाई अक्सर धामी या सहायकहरूले नाच्ने नाच
देउसे ह्लाका : देउसी खेलिदा नाचिने नाच
दोदरा : टुङ्नाजस्तो तालको बाजा
धाउ धाउका ह्लाका : उनीको धाउ धाउका पोदोमा नाचिने नाच
धाना-धानी : तरुना-तन्नेरीहरू
पोयामारी ह्लाका : पोया माछा सोहर्ने मुद्रा भएको नाच
बाजालाई ह्लाका : जन्तीको बाटो छेकेर युवकहरूले नाच्ने नाच
बासुली : बाँसुरी
बिन्दा हेर्का ह्लाका : हिलो खेलेर नाचिने नाच
बेदाङ्गी ह्लाका : विवाहको बेला सबै काम सकेर छुट्टिन लाग्दा नाचिने नाच
बोना बोका ह्लाका : गुन्यु लाएर नर्कोले सबै अनुहार छोपी हात फैलाई नाचिने नाच
माइनी : पोथी या नारी स्वर
मेर्दोङ : मृदङ्ग
राथुम ह्लाका : जेठाजुले नाङ्लो ठटाएर बुहारीले नाच्ने नाच
सनाइ : सहनाई
शेरेन्जा : सारङ्गीजस्तो बाजा
ह्लाका : नाच
ह्लाकालाई : नर्तकहरू
ह्लाकालाई ह्लाका : जन्तीको बाटो छेकेर केटाकेटीहरूले नाच्ने नाच

धामी एवं ओझा परंपरा

उंखु आउ खोरी खान्का : चामल केलाएर हेरिने जोखना
ओझा : जोखना हेरी औषधोपचार गर्ने व्यक्ति
ओझा भोका : कान्छी अम्लामा ढुङ्गा झुण्ड्याएर भोका गाउँदै रोग छुट्टचाउने ओझा या पारा
कठ्ठा : सवा पाथी जतिको परिमाण
खोरी खान्का : जोखना

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ग्राम चक्र : ग्राम देवताको पूजा आजा गर्ने चक्र (विधि)

ग्राम धामी : पूजा चलाउने ग्रामचक्र भएको थानको पुजारी

घर बाँध : अनिष्टबाट जोगाउन घर बाँधिने कार्य

जाबी : खाली पेटमा कन्नेकेटीले बुनेको श्रोझाको विशेष झोला

झाक्री : ढयाङ्ग्रो ठोकी चिन्ता बस्ने विशेष व्यक्ति

टाका बान्धा : रुपियाँ राखी विशेषतः बोक्सीलाई भाकल गरी मनाउने कार्य

तुलसी पत्ता खोरी खान्का : तुलसीको पात र ढुङ्गाको सहयोगले हेरिने जोखना

दिर चक्र : ढुङ्गा हल्लाएर देवता खेलाउने धामीको विधि

दिर धामी : ढुङ्गा हल्लाउने दिरचक्र भएको धामी (श्रोझा)

धामी : थानको पुजारी

धामी खन : धामीकार्य गरे बापत गाउँलेबाट पाउने अन्न

धर्मगुन : भलो गर्ने धामीको मन्त्र

पाप गुन : कुभलो गर्ने धामी तथा बोक्सीको मन्त्र

बन्धन : अनिष्ट शक्तिलाई पस्न नदिन श्रोझाबाट बाँधिने काम

बिजुवा : अदुवा, खोर्सानी काटेर अगिपछि गर्दै देवा खेलाउने व्यक्ति

भोका पाही : शायद थाङने

माटिया खोरी खान्का : भुँइमा धर्का कोरेर हेरिने जोखना

शरीर बन्धन : पाइतालाको माटो दुवै काँधमा राखेर शरीरमा कसैको वाण, बाहन आदि नलागोस् भनेर बाँध्ने कार्य

सिन्टाका खोरी खान्का : सिन्का भाँची संख्या गनेर हेरिने जोखना

हान्वा : धामीको सहायक

रोग र लोक श्रौषधोपचार

अग्नि मसान : मसानहरू मध्येको एक

अन्धा मोच : गर्भमा तुहेको या आँखा नउग्रेको बच्चाको मोच

एकले शिकारी : एकलै हिंड्ने शिकारी

कटकटेनी बूढेनी : पोथी कुखुराको आवाजले चल्ला बोलाउँदै वेसुरे बनाउने बूढेनी

काली बूढेनी : कालो नीलो बनाउने बूढेनी

कुरुङ शिकारी : १६ भाइ शिकारी मध्येको एक भाइ

खोले मसान : छेराउने छदाउने मसान

गैलु : मधेशेहरूको बायु, मधेशका देवता

चकमके शिकारी ; १६ भाइ शिकारीमध्येका एक भाइ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चम्के बूढेनी : रौं या परेला तानेर चम्काउने बूढेनी
चाम्के मसान : एक प्रकारको मसान
जल मसान : छेराउने-छदाउने मसान
जल शिकारी : पानीमा हिंड्ने शिकारी, मसान शिकारी
जागित्र : जागेर आउने प्रेत
जागित्र शिकारी : जागेका प्रेत शिकारी
जिउ खाका : सातो हराउने रोग
डाकिनी : किचकन्नी, चुडेल, सुत्केरीको मृत हंस
दूध मोच : दूध खाँदा खाँदै मरेको बच्चाको मोच
धिमे शिकारी : १६ भाइ शिकारी मध्येको एक भाइ
नुइ पिका : लागोको एक प्रकार
नोजर : नजर या आँखा लाग्ने क्रिया
नौलु : मधेश झरेपछि बूढेनीलाई भनिने शव्द
पहान्या दिर : पहाडको हंस भएको पहाडे देवता
फान : फाँसी, बांधेर लगाइदिएको बन्धन,
फुलमोच : महिना नपुगी मरेको या फ्याकेको बच्चाको मोच
फुले मसान : जीउ फुलाउने मसान
वगाले मसान : हुल हुल भई हिंड्ने मसान
वगाले शिकारी : हुल हुल गरी हिंड्ने शिकारी
बनको : बनको हंस, बूढेनी, पहान्यादिरको अर्को नाम
बायु : अगति परेको प्रेतको बायु रूप
बूढेनी : बनकोको अर्को नाम
भूमि शिकारी : जमीनमा हिंड्ने शिकारी
मसान : ओझाहरूले खेलाउने धेरै प्रकारका मसान
मुण्डाकाटा : मर्कुट्टा
मोच : केटाकेटीको प्रेत लाग्ने केटाकेटीको रोग
मोच जन्तर : मोच लाग्दा लाउने जन्तर
रन शिकारी : १६ भाइ शिकारी मध्येको एक भाइ
लगानी : कुनै पनि प्रकारको लागो
लगानी शिकारी : लगाई दिएको शिकारी
लाटी बूढेनी : मान्छे बैरो वनाउने बूढेनी
सरुवा मोच : हिंडडुल गरी मरेको बच्चाको मोच

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शिकारी : वन जंगलको १६ भाइ देवता

सुके मसान : सुकाउने मसान

सेती बूढेनी : नसाहरू तन्काउने र खुम्च्याउने बूढेनी

स्यें : असन्तुष्ट प्रेतात्मा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शुद्धि पत्र

पृष्ठ	हरफ	भएको	हुनुपर्ने
११	६	दैविक	जैविक
३१	१	दोङ्ग	दोङ्गे
३१	१३	चुनिया	नुनिया
३५	१४	कस्थार	कस्यार
५३	१७	प्रर्मी	गर्मी
५६	२	बागिबा	वागिया
७८	२३	दरागेलाई	देरागेलाई
८५	२३	धार्मी	घार्नी
८५	२३	मिचि	मिस्त्रि
८७	६	थुघर सिं	थुपर सिं
८७	३१	तल्ले	तल्लो
८९	७	राठ	राठु
९०	६	पाखे	पारेव
९१	१७	बिती	तिमी
९३	४	प्रजाती	पुजाती
९३	२५	वन्तराजा	दन्तराजा
९४	२३	अन्तमा २ वलि	अन्तमा वलि
९४	२६	पार्वतीया	पार्वती या
९६	२०	बाहासन	बालासन
९८	१४	सप्रन	सप्रून्
११४	१		गाउँका मान्छेहरू
११६	६	टाढा-टारेका	टाढा-टाढाका
१२२	३	तेउमाली	तेङमाली
१२२	५	खासतो	खासती
१२३	१०	आदिइ	आदि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)